सत्यमेव जयते

# भारतको संविधान

# THE CONSTITUTION OF INDIA

नेपाली
Nepali

**2025**

भारत सरकार
विधि अनि न्याय मन्त्रालय
विधायी विभाग
राजभाषा पक्ष

GOVERNMENT OF INDIA
MINISTRY OF LAW AND JUSTICE
LEGISLATIVE DEPARTMENT
OFFICIAL LANGUAGES WING

सत्यमेव जयते

# भारतको संविधान

[*नोभेम्बर २०२५-सम्म*]

# THE CONSTITUTION OF INDIA

[*As on November, 2025*]

# 2025

**भारत सरकार**

**विधि अनि न्याय मन्त्रालय**

**विधायी विभाग, राजभाषा पक्ष**

**GOVERNMENT OF INDIA**
**MINISTRY OF LAW AND JUSTICE**
**LEGISLATIVE DEPARTMENT, OFFICIAL LANGUAGES WING**

# PREFACE

*It is with great pride that we present the second edition of the Constitution of India in the Nepali language. This edition has been prepared by the National Translation Mission (NTM), Central Institute of Indian Languages (CIIL), Mysuru on behalf of the Official Languages Wing of the Legislative Department, Ministry of Law and Justice.*

*The translation of the Constitution of India into Nepali is a conscious step towards making available of the Constitution of India in the language which manifests the linguistic heritage of the country.*

*In this edition, the text of the Constitution of India has been brought up-to date by incorporating therein all the amendments up to the Constitution (One Hundred and Sixth Amendment) Act, 2023. The footnotes below the text indicate the Constitution Amendment Acts by which such amendments have been made. The Constitution (One Hundred Amendment) Act, 2015 has been provided in Appendix I. The Constitution (Application to Jammu and Kashmir) Order, 2019 and the declaration under article 370(3) of the Constitution have been provided respectively in Appendix II and Appendix III for reference.*

*We believe that this edition will serve as an invaluable resource for scholars, students and academicians as well as for those who have interest in Nepali language. This second edition of the Constitution of India in Nepali stands as a testament to India's rich linguistic legacy and our enduring commitment to the values of our Constitution.*

New Delhi,<br>November, 2025

**Dr. Rajiv Mani**<br>Secretary to the Government of India

# प्राक्कथन

भारतको संविधानको दोस्रो संस्करण नेपाली भाषामा प्रस्तुत गर्न पाउँदा हामीले धेरै गर्व अनुभव गरेका छौँ। यो संस्करण विधि तथा न्याय मन्त्रालयको विधायी विभागअन्तर्गत राजभाषा पक्षका तर्फबाट राष्ट्रिय अनुवाद मिसन (एनटिएम), भारतीय भाषा संस्थान (सिआइआइएल), मैसुरुले तयार पारेको हो।

भारतको संविधानको नेपाली अनुवाद देशको भाषिक परम्पराको अभिव्यञ्जना भएका भाषामा भारतको संविधान उपलब्ध गराउने दिशामा चालिएको सचेत पाइला हो।

यस संस्करणमा संविधान (एक सय छैटौँ संशोधन) अधिनियम, २०२३ सम्मका सबै संशोधनहरू समावेश गरी भारतको संविधानको पाठलाई अद्यावधिक गरिएको छ। पाठमुन्तिर राखिएका पादटिप्पणीहरूले संविधान संशोधन अधिनियमहरूलाई सङ्केत गर्दछन् जसद्वारा यस्ता संशोधनहरू गरिएका हुन्। संविधान (एक सयौँ संशोधन) अधिनियम, २०१५ परिशिष्ट-१ मा राखिएको छ। संविधान (जम्मू र कश्मीरमा अनुप्रयोग) आदेश, २०१९ र संविधानको अनुच्छेद ३७०(३) अन्तर्गत गरिएको घोषणा क्रमशः परिशिष्ट-२ र परिशिष्ट-३ मा सन्दर्भका लागि राखिएको छ।

विद्वान्, विद्यार्थी र शिक्षाविद्हरूसँगै नेपाली भाषामा रुचि राख्नेहरूका लागि यस संस्करणले अमूल्य स्रोतका रूपमा काम गर्ने कुरामा हामी विश्वस्त छौँ। नेपाली भाषामा भारतको संविधानको यो दोस्रो संस्करण भारतको समृद्ध भाषिक परम्परा र हाम्रो संविधानका मूल्यहरूप्रति हाम्रो अटुट प्रतिबद्धताको दसी हो।

नयाँ दिल्ली,
नोभेम्बर, २०२५

**डा. राजीव मणि**
सचिव, भारत सरकार

# Preface to the First Edition

This is the Nepali translation of the Constitution of India. In this edition, the text of the Constitution has been brought up-to-date by incorporating therein, all the amendments up to and including the Constitution (Seventy-eighth Amendment ) Act, 1995.

The work relating to the printing of Nepali version of the Constitution was entrusted to the Government of West Bengal. We are thankful to the Government of the West Bengal. We are thankful to the office of the Official Language Branch (Nepali), Government of West Bengal and the Advisory Committee(Nepali), Government of West Bengal for timely production of the present text.

New Delhi
The 3rd December, 1999

**Dr Raghbir Singh**
Secretary to the Government of India

# पहिलो संस्करणको प्राक्कथन

यो भारतको संविधानको नेपाली अनुवाद हो। यस संस्करणमा भारतका संविधानको पाठलाई संविधान(अठहत्तरौँ संशोधन) अधिनियम, १९९५ सहित यहाँसम्मका सम्पूर्ण संशोधनहरूलाई सम्मिलित गरी अद्यावधिक गरिएको छ।

संविधानको नेपाली अनुवादको मुद्रणसम्बन्धी कार्य पश्चिम बङ्गाल सरकारलाई जिम्मा दिइएको थियो। प्रस्तुत पाठ समयमै निकाल्न सकेकामा पश्चिम बङ्गाल सरकारको सरकारी भाषा शाखा(नेपाली) को कार्यालय अनि परामर्शदाता समिति (नेपाली), पश्चिम बङ्गाल सरकारलाई हामी धन्यवाद दिन्छौँ।

नयाँ दिल्ली
३ दिसम्बर, १९९९

**डा. रघबीर सिंह**
सचिव, भारत सरकार

# Message

The Constitution of India is a comprehensive and detailed document which lays down the framework defining the political principles, structure of government and rights and duties of the citizens.

The first edition of the Nepali translation of the Constitution of India was published in 1999, following the inclusion of Nepali in the Eighth Schedule of the Constitution in 1992. This work was accomplished by eminent scholars of Nepali and Law. An important component of their work was creation of new terminology in Nepali.

The Government decided to update the Nepali translation of the Constitution along with the amendments that were enacted during the last twenty-six years. The task of translation and updating was assigned to National Translation Mission (NTM), Central Institute of Indian Languages (CIIL), Mysuru, as the Mission has been assisting various Ministries and Government agencies in various translation-related works.

It is a matter of great pleasure that this Nepali translation is being published incorporating the one hundred and sixth amendment. Adoption and creation of new terminology was inevitable even in this work of translation. Care has been taken that this new translation remains aligned with the existing one and is compatible for future Amendments.

As part of its mandate, NTM has been translating and publishing Knowledge Texts from English into all 22 languages listed in the VIII Schedule of the Constitution of India with a vision of making knowledge accessible to all by transcending language barriers.

It is my firm belief that this edition of the Constitution of India will strengthen the Nepali language and its users and also expand the spirit of law and justice.

**Prof. Shailendra Mohan**
Director, CIIL, Mysuru

# सन्देश

भारतको संविधान राजनीतिक सिद्धान्तहरू, सरकारको संरचना र नागरिकका अधिकार तथा कर्त्तव्यहरू परिभाषित गर्ने ढाँचा निर्धारण गर्ने एक व्यापक र विस्तृत प्रलेख हो ।

इसवीय १९९२-मा नेपाली भाषा भारतका संविधानको आठौँ अनुसूचीमा समावेश भएपछि इसवीय १९९९-मा संविधानको नेपाली अनुवादको पहिलो संस्करण प्रकाशनमा ल्याइएको हो । संविधानको नेपाली अनुवाद भाषा र विधिका प्रसिद्ध विद्वान्हरूले सम्पन्न गरेका थिए । नेपाली भाषामा नयाँ पारिभाषिक शब्दावली निर्माण गर्नु उनीहरूका कार्यको एउटा महत्त्वपूर्ण अङ्ग थियो ।

सरकारले पछिल्ला छब्बीस वर्षमा अधिनियमन गरिएका संशोधनहरू सहित संविधानको नेपाली अनुवाद अद्यावधिक गर्ने निर्णय गऱ्यो । अनुवाद र अद्यावधिक गर्ने कार्य राष्ट्रिय अनुवाद मिसन, भारतीय भाषा संस्थान, मैसुरुलाई सुम्पिइएको थियो किनभने उक्त मिसनले विभिन्न मन्त्रालय र सरकारी निकायहरूलाई अनुवादसम्बन्धी कार्यमा सहयोग गर्दै आएको छ ।

संविधानको एक सय छैटौँ संशोधन समावेश भएको नेपाली अनुवाद प्रकाशन हुनु बडो हर्षको कुरा हो । यस अनुवाद कार्यमा पनि नयाँ पारिभाषिक शब्दावलीको अङ्गीकरण र सिर्जना अपरिहार्य थियो। यो नयाँ अनुवाद पुरानो संस्करणसँग सुसङ्गत रहोस् र भविष्यका संशोधनहरूसँग पनि मेल खान सकोस् भन्ने कुरामा विशेष ध्यान पुऱ्याइएको छ ।

आफ्ना उद्देश्यको भागका रूपमा राष्ट्रिय अनुवाद मिसनले अङ्ग्रेजीबाट संविधानको आठौँ अनुसूचीमा सूचीकृत सबै २२ भाषाहरूमा ज्ञानात्मक पाठ्यसामग्रीहरूको अनुवाद र प्रकाशन गर्दै आएको छ जसको लक्ष्य भाषागत अवरोधहरू पार गर्दै ज्ञान सबैका लागि सुलभ बनाउनु हो ।

भारतको संविधानको यस संस्करणले नेपाली भाषालगायत यसका प्रयोगकर्ताहरूलाई सुदृढ पार्ने छ र विधि तथा न्यायको भावना विस्तार गर्न सहयोग पुऱ्याउने छ भन्ने कुरामा म दृढ विश्वास गर्दछु ।

**प्रा. शैलेन्द्र मोहन**

निर्देशक, भारतीय भाषा संस्थान, मैसुरु

# Translation and review experts
## (alphabetically arranged)

**ANUPAMA DEVI**
The Guahati High Court, Guwahati

**BHABANI PRASAD SHARMA**
University of Bongaigaon, Bongaigaon

**BIDHAN GOLAY**
Sikkim University, Gangtok

**DIL KUMAR PRADHAN**
Birpara College, Alipurduar

**DIPESH LAMA**
Government General Degree College, Pedong

**GHANASHYAM NEPAL (RETD.)**
University of North Bengal, Darjeeling

**JAYANTA KRISHNA SARMAH**
Gauhati University, Guwahati

**KABI BASNET**
Darjeeling Government College, Darjeeling

**KHEMRAJ TIMSINA**
National Translation Mission, Mysuru

**KRISHNA KUMAR SAPKOTA**
Khangchendzonga State University, Gangtok

**KRISHNA MAYA MANGER**
University of North Bengal, Darjeeling

**PADAM NEPAL**
St. Joseph's College, Darjeeling

**PAMCHUILA BHUTIA**
Sonada Degree College, Sonada

**RITU CHHETRI**
Munshi Premchand Mahavidyalaya, Siliguri

**SARDA CHETTRI**
Nar Bahadur Bhandari Government College, Tadong

**SHIBEN SHARMA**
University of North Bengal, Darjeeling

**SUCHAN PRADHAN**
Khangchendzonga State University, Gangtok

**UDAI CHETTRI**
Nar Bahadur Bhandari Government College, Tadong

**UPENDRA ADHIKARI**
Kurseong College, Kurseong

**VINOD PRADHAN**
Southfield College, Darjeeling

**YOGESH KHATI**
Kurseong College, Kurseong

# Translation Project Coordinators

**JNANA MURTHY B. R.**
National Translation mission
Mysuru

**WINSTON CRUZ S.**
National Translation Mission
Mysuru

**TARIQ KHAN**
National Translation Mission
Mysuru

**Page Layout:** SEETHALAKSHMI M. L.
National Translation Mission
Mysuru

**Cover Design:** NANDAKUMAR L.
National Translation Mission
Mysuru

# भारतको संविधान

## विषय सूची

**प्रस्तावना**

### भाग १
### सङ्घ अनि यसको राज्यक्षेत्र


| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| १. | सङ्घको नाम अनि राज्यक्षेत्र | 2 |
| २. | नयाँ राज्यको अन्तर्भुक्ति वा स्थापना | 2 |
| [२क. | [सिक्किम सङ्घसँग सम्बद्ध हुनु– त्यक्त] | 2 |
| ३. | नयाँ राज्यहरूको निर्माण अनि वर्तमान राज्यहरूका क्षेत्र, सीमा अथवा नामहरूमा परिवर्तन | 2 |
| ४. | पहिलो अनुसूची अनि चौथो अनुसूचीको संशोधन तथा अनुपूरक, आनुषङ्गिक अनि पारिणामिक विषयहरूको प्रावधान गर्नाका लागि अनुच्छेद २ अनि अनुच्छेद ३ अन्तर्गत बनाइएका विधिहरू | 3 |


### भाग २
### नागरिकता


| | | |
|---|---|---|
| ५. | संविधान लागु हुँदा नागरिकता | 4 |
| ६. | पाकिस्तानबाट भारतमा बसाइँ सरेका केही व्यक्तिहरूका नागरिकताका अधिकार | 4 |
| ७. | पाकिस्तानमा बसाइँ सरेका केही व्यक्तिहरूका नागरिकताका अधिकार | 4 |
| ८. | भारत बाहिर बसोबास गर्ने भारतीय मूलका केही व्यक्तिहरूका नागरिकताका अधिकार | 5 |
| ९ | विदेशी राष्ट्रको नागरिकता स्वेच्छाले प्राप्त गर्ने व्यक्तिहरू नागरिक नहुनु | 5 |
| १०. | नागरिकताका अधिकारहरूको निरन्तरता | 5 |
| ११. | संसद्ले नागरिकताको अधिकार विधिद्वारा विनियमन गर्नु | 5 |

**अनुच्छेद** **पृष्ठ**

## भाग ३
# मौलिक अधिकार

*सामान्य*


| | | |
|---|---|---|
| १२. | परिभाषा | 6 |
| १३. | मौलिक अधिकारसँग असङ्गत अथवा तिनको न्यूनीकरण गर्ने विधिहरू | 6 |


*समानताको अधिकार*


| | | |
|---|---|---|
| १४. | विधिसमक्ष समानता | 6 |
| १५. | धर्म, जाति, जात, लिङ्ग अथवा जन्मस्थानका आधारमा गरिने विभेदमाथि प्रतिबन्ध | 6 |
| १६. | सरकारी रोजगारका विषयमा अवसरको समानता | 8 |
| १७. | अस्पृश्यताको उन्मूलन | 9 |
| १८. | उपाधिहरूको उन्मूलन | 9 |


*स्वतन्त्रताको अधिकार*


| | | |
|---|---|---|
| १९. | वाक् स्वतन्त्रता आदि विषयक कतिपय अधिकारहरूको संरक्षण | 9 |
| २०. | अपराध गर्दा हुने दोषसिद्धिका सम्बन्धमा संरक्षण | 11 |
| २१. | प्राण अनि व्यक्तिगत स्वतन्त्रताको संरक्षण | 11 |
| २१क. | शिक्षाको अधिकार | 11 |
| २२. | कतिपय अवस्थाहरूमा पक्राउ अनि थुनाबाट संरक्षण | 11 |


*शोषणविरुद्धका अधिकार*


| | | |
|---|---|---|
| २३. | मानव तस्करी गर्न अनि बलपूर्वक काम लगाउन निषेध | 14 |
| २४. | कारखाना आदिमा बालबालिकाको नियोजनमा निषेध | 14 |


*धार्मिक स्वतन्त्रताको अधिकार*


| | | |
|---|---|---|
| २५. | अन्तःकरणको अनि स्वतन्त्र रूपमा धर्म अपनाउने, आचरण गर्ने र प्रचार गर्ने स्वतन्त्रता | 14 |
| २६. | धार्मिक कार्यहरू प्रबन्ध गर्ने स्वतन्त्रता | 14 |
| २७. | कुनै विशिष्ट धर्मको प्रवर्धनका लागि कर तिर्ने सम्बन्धी स्वतन्त्रता | 15 |
| २८. | कतिपय शैक्षिक संस्थानहरूका धार्मिक शिक्षा वा धार्मिक उपासनामा उपस्थित हुने सम्बन्धी स्वतन्त्रता | 15 |

**अनुच्छेद** **पृष्ठ**

### *सांस्कृतिक अनि शैक्षिक अधिकार*


२९. अल्पसङ्ख्यक वर्गका हितको संरक्षण 15
३०. अल्पसङ्ख्यक वर्गको शैक्षिक संस्थान स्थापना अनि परिचालन गर्ने अधिकार 15
[३१. सम्पत्तिको बाध्यतामूलक अधिग्रहण ।] 16


### *केही विधिहरूको संरक्षण*


३१क. सम्पदा आदिको आर्जनको प्रावधान गर्ने विधिहरूको संरक्षण 16
३१ख. केही अधिनियम अनि विनियमहरूको विधिमान्यकरण 18
३१ग. केही निर्देशक तत्त्वहरूलाई प्रभावकारी बनाउने विधिहरूको संरक्षण 18
[३१घ. राष्ट्र विरोधी क्रियाकलाप विरुद्ध विधिहरूको संरक्षण–*त्यक्त*] 18


### *संवैधानिक उपचारहरूको अधिकार*


३२. यस भागद्वारा प्रदान गरिएका अधिकार लागु गराउनका लागि उपचार 19
[३२क. राज्यका विधिहरूको संवैधानिक विधिमान्यतामाथि अनुच्छेद ३२ अन्तर्गत गरिने कार्यवाहीमा विचार *नगरिनु–त्यक्त*] 19
३३. सैन्य बल आदिमा लागु हुने यस भागले प्रदान गरेका अधिकार परिमार्जन गर्ने संसद्को शक्ति 19
३४. कुनै क्षेत्रमा सैनिक विधि लागु रहँदा यस भागद्वारा दिइएका अधिकारहरूमाथि प्रतिबन्ध 20
३५. यस भागका प्रावधानहरूलाई प्रभावकारी बनाउने विधान 20


## भाग ४

# राज्यनीतिका निर्देशक सिद्धान्तहरू


३६. परिभाषा 21
३७. यस भागमा भएका सिद्धान्तहरूको अनुप्रयोग 21
३८. राज्यले लोक कल्याणको संवर्धनका लागि सामाजिक व्यवस्था सुनिश्चित गर्ने 21
३९. राज्यद्वारा अनुसरणीय केही नीतिसम्बन्धी सिद्धान्तहरू 21
३९क. समान न्याय र निःशुल्क विधिक सहायता 22

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| ४०. | ग्राम पञ्चायतहरूको गठन | 22 |
| ४१. | कतिपय स्थितिमा काम, शिक्षा एवम् लोक सहायतता पाउने अधिकार | 22 |
| ४२. | कामका न्यायसङ्गत अनि मानवोचित अवस्थाहरू तथा प्रसूति सहायतताको प्रावधान | 22 |
| ४३. | श्रमिकहरूको निर्वाहका लागि ज्याला आदि | 22 |
| ४३क. | उद्योग प्रबन्धनमा श्रमिकहरूको सहभागिता | 22 |
| ४३ख. | सहकारी संस्थाहरूको संवर्धन | 23 |
| ४४. | नागरिकहरूका लागि समान नागारिक संहिता | 23 |
| ४५. | छ वर्षमुनिका शिशुहरूको प्रारम्भिक शैशव हेरचाह अनि शिक्षाको प्रावधान | 23 |
| ४६. | अनुसूचित जाति, जनजाति तथा अन्य कमजोर वर्गका शिक्षा अनि आर्थिक हितको अभिवृद्धि | 23 |
| ४७. | पौष्टिक आहार एवम् जीवन स्तरको गुणवत्ता वृद्धि गर्ने तथा सार्वजनिक स्वास्थ्य सुधार गर्ने राज्यको कर्त्तव्य | 23 |
| ४८. | कृषि तथा पशु पालन व्यवस्थापन | 23 |
| ४८क. | पर्यावरणको संरक्षण अनि संवर्धन तथा वन अनि वन्यप्राणीको सुरक्षा | 23 |
| ४९. | राष्ट्रिय महत्त्वका स्मारक, स्थान अनि वस्तुहरूको संरक्षण | 24 |
| ५०. | कार्यपालिकाबाट न्यायपालिकाको पृथक्करण | 24 |
| ५१. | अन्तर्राष्ट्रिय शान्ति अनि सुरक्षाको अभिवृद्धि | 24 |

### भाग ४क

## मौलिक कर्त्तव्य

| | | |
|---|---|---|
| ५१क. | मौलिक कर्त्तव्य | 25 |

### भाग ५

## सङ्घ

## अध्याय १– कार्यपालिका

*राष्ट्रपति अनि उपराष्ट्रपति*

| | | |
|---|---|---|
| ५२. | भारतका राष्ट्रपति | 26 |
| ५३. | सङ्घको कार्यपालिका शक्ति | 26 |
| ५४. | राष्ट्रपतिको निर्वाचन | 26 |

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| ५५. | राष्ट्रपतिको निर्वाचनको रीति | 26 |
| ५६. | राष्ट्रपतिको पदावधि | 27 |
| ५७. | पुनर्निर्वाचनका लागि योग्यता | 28 |
| ५८. | राष्ट्रपतिका रूपमा निर्वाचित हुनका लागि योग्यताहरू | 28 |
| ५९. | राष्ट्रपति पदका सर्तहरू | 28 |
| ६०. | राष्ट्रपतिद्वारा शपथ अथवा अभिपुष्टि | 28 |
| ६१. | राष्ट्रपतिमाथि महाअभियोग चलाउने प्रक्रिया | 29 |
| ६२. | राष्ट्रपतिको रिक्त पद पूर्तिका लागि निर्वाचन गर्ने समय अनि आकस्मिक रिक्तता पूर्तिका लागि निर्वाचित व्यक्तिको पदावधि | 29 |
| ६३. | भारतका उपराष्ट्रपति | 29 |
| ६४. | उपराष्ट्रपति राज्यसभाका पदेन सभापति हुने | 29 |
| ६५. | राष्ट्रपतिको पद आकस्मिक रूपमा रिक्त हुँदा अथवा उनका अनुपस्थितिमा उपराष्ट्रपतिले राष्ट्रपतिका रूपमा कार्य गर्ने तथा उनका कार्यहरूको निर्वहन | 30 |
| ६६. | उपराष्ट्रपतिको निर्वाचन | 30 |
| ६७. | उपराष्ट्रपतिको पदावधि | 31 |
| ६८. | उपराष्ट्रपतिको रिक्त पद पूर्तिका लागि निर्वाचन गर्ने समय अनि आकस्मिक रिक्तता पूर्तिका लागि निर्वाचित व्यक्तिको पदावधि | 31 |
| ६९. | उपराष्ट्रपतिद्वारा शपथ तथा अभिपुष्टि | 31 |
| ७०. | अन्य आकस्मिकताहरूमा राष्ट्रपतिका कार्यहरूको निर्वहन | 32 |
| ७१. | राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनसित सम्बन्धित अनि संलग्न विषय | 32 |
| ७२. | क्षमादान आदि अनि कतिपय मामिलाहरूमा दण्डादेश स्थगन, परिहार अथवा दण्डलघु गर्ने राष्ट्रपतिको शक्ति | 32 |
| ७३. | सङ्घको कार्यपालिका शक्तिको विस्तार | 33 |
| | ***मन्त्री– परिषद्*** | |
| ७४. | राष्ट्रपतिलाई सहायता अनि परामर्श दिनाका निम्ति मन्त्रीपरिषद् | 34 |
| ७५. | मन्त्रीहरूका विषयमा अन्य प्रावधान | 34 |
| | ***भारतका महान्यायाधिवक्ता*** | |
| ७६. | भारतका महान्यायाधिवक्ता | 35 |

**अनुच्छेद** **पृष्ठ**

### *सरकारी कार्यको सञ्चालन*


| | | |
|---|---|---|
| ७७. | भारत सरकारको कार्यको सञ्चालन | 35 |
| ७८. | राष्ट्रपतिलाई जानकारी दिने आदि सम्बन्धमा प्रधानमन्त्रीको कर्त्तव्य | 36 |


## अध्याय २– संसद्

### *सामान्य*


| | | |
|---|---|---|
| ७९. | संसद्को गठन | 36 |
| ८०. | राज्यसभाको संरचना | 36 |
| ८१. | लोकसभाको संरचना | 37 |
| ८२. | प्रत्येक जनगणनापछि पुनःसमायोजन | 38 |
| ८३. | संसद्का सदनहरूको अवधि | 39 |
| ८४. | संसद् सदस्यताका लागि योग्यता | 39 |
| ८५. | संसद्को सत्र, सत्रावसान अनि विघटन | 40 |
| ८६. | सदनहरूमा अभिभाषण तथा त्यहाँ सन्देश पठाउने राष्ट्रपतिको अधिकार | 40 |
| ८७. | राष्ट्रपतिको विशेष अभिभाषण | 40 |
| ८८. | सदनका सम्बन्धमा मन्त्री तथा महान्यायाधिवक्ताका अधिकार | 40 |


### *संसद्का अधिकारी*


| | | |
|---|---|---|
| ८९. | राज्यसभाका सभापति अनि उपसभापति | 41 |
| ९०. | उपसभापतिका पदको रिक्तता, पदत्याग अनि उनलाई पदबाट निष्कासन | 41 |
| ९१. | सभापति पदको कर्त्तव्य पालन अथवा सभापतिका रूपमा कार्य गर्ने उपसभापति वा अन्य व्यक्तिको शक्ति | 41 |
| ९२. | सभापति अथवा उपसभापतिलाई पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहँदा उनीहरूले अध्यक्षता नगर्ने | 41 |
| ९३. | लोकसभाका अध्यक्ष अनि उपाध्यक्ष | 42 |
| ९४. | अध्यक्ष तथा उपाध्यक्षको पदको रिक्तता, पदत्याग अनि उनलाई पदबाट निष्कासन | 42 |
| ९५. | अध्यक्ष पदका कर्त्तव्यहरूको पालन अथवा अध्यक्षका रूपमा कार्य गर्ने उपाध्यक्ष वा अन्य व्यक्तिको शक्ति | 42 |

**अनुच्छेद** **पृष्ठ**

९६. अध्यक्ष अथवा उपाध्यक्षलाई पदबाट हटाउने कुनै निर्णय विचाराधीन हुँदा उनीहरूले अध्यक्षता नगर्ने 43
९७. सभापति अनि उपसभापति तथा अध्यक्ष अनि उपाध्यक्षको वेतन र भत्ता 43
९८. संसद्को सचिवालय 43

*कार्य सञ्चालन*

९९. सदस्यहरूद्वारा शपथ अथवा अभिपुष्टि 44
१००. सदनहरूमा मतदान, आसनहरू रिक्त भए तापनि सदनहरूको कार्य गर्ने शक्ति तथा गणपूर्ति 44

*सदस्यहरूको अयोग्यता*

१०१. आसनहरू रिक्त हुनु 44
१०२. सदस्यताका लागि अयोग्यताहरू 46
१०३. सदस्यहरूको अयोग्यतासम्बन्धी प्रश्नका सम्बन्धमा निर्णय 46
१०४. अनुच्छेद ९९ अन्तर्गत शपथ वा अभिपुष्टि गर्नअघि अथवा योग्यता नहुँदा वा अयोग्य प्रमाणित भइसकेपछि पनि उपस्थित भएकामा वा मतदान गरेकामा दण्ड 47

*संसद् अनि संसद् सदस्यका अधिकार, विशेषाधिकार अनि रक्षाकवचहरू*

१०५. संसद्का सदन तथा तिनका सदस्यहरू अनि समितिहरूका अधिकार, विशेषाधिकार इत्यादि 47
१०६. सदस्यहरूका वेतन अनि भत्ता 48

*विधायी प्रक्रिया*

१०७. विधेयकहरू पुरस्थापन अनि पारित गरिने सम्बन्धमा प्रावधान 48
१०८. केही स्थितिहरूमा दुवै सदनको संयुक्त बैठक 48
१०९. धन विधेयकसम्बन्धी विशेष प्रक्रिया 49
११०. "धन विधेयक" को परिभाषा 50
१११. विधेयकहरूमाथि अनुमति 51

*वित्तीय विषयसम्बन्धी प्रक्रिया*

११२. वार्षिक वित्तीय विवरण 51
११३. संसद्मा हुने आकलनसम्बन्धी प्रक्रिया 52
११४. विनियोग विधेयक 53

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| ११५. | अनुपूरक, अतिरिक्त वा अधिक अनुदान | 53 |
| ११६. | लेखानुदान, प्रत्ययानुदान अनि अपवादानुदान | 54 |
| ११७. | वित्त विधेयकहरूबारे विशेष प्रावधान | 54 |
| | *सामान्यतः प्रक्रिया* | |
| ११८. | प्रक्रियाका नियम | 55 |
| ११९. | संसद्मा वित्तीय कार्यसम्बन्धी प्रक्रियाको विधिद्वारा विनियमन | 55 |
| १२०. | संसद्मा प्रयोग गरिने भाषा | 56 |
| १२१. | संसद्मा चर्चामाथि प्रतिबन्ध | 56 |
| १२२. | न्यायालयद्वारा संसद्का कार्यवाहीहरूको जाँच नगरिनु | 56 |

## अध्याय ३– राष्ट्रपतिका विधायी शक्तिहरू

| | | |
|---|---|---|
| १२३. | संसद्को विश्रामकालमा अध्यादेश जारी गर्ने राष्ट्रपतिको शक्ति | 56 |

## अध्याय ४– सङ्घको न्यायपालिका

| | | |
|---|---|---|
| १२४. | सर्वोच्च न्यायालयको स्थापना अनि गठन | 57 |
| १२४क. | राष्ट्रिय न्यायिक नियुक्ति आयोग | 58 |
| १२४ख. | आयोगका कार्यहरू | 59 |
| १२४ग. | संसद्को विधि बनाउने शक्ति | 59 |
| १२५. | न्यायाधीशहरूको वेतन इत्यादि | 59 |
| १२६. | कार्यकारी मुख्य न्यायाधीशको नियुक्ति | 60 |
| १२७. | तदर्थ न्यायाधीशहरूको नियुक्ति | 60 |
| १२८. | सर्वोच्च न्यायालयका बैठकमा सेवानिवृत्त न्यायाधीशहरूको उपस्थिति | 60 |
| १२९. | सर्वोच्च न्यायालय अभिलेखको न्यायालय हुनु | 61 |
| १३०. | सर्वोच्च न्यायालयको स्थान | 61 |
| १३१. | सर्वोच्च न्यायालयको अधिकारक्षेत्र | 61 |
| [१३१क. | *केन्द्रीय विधिको संवैधानिक वैधतासित सम्बन्धित प्रश्नका सन्दर्भमा सर्वोच्च न्यायालयको विशेष अधिकार–त्यक्त*] | 61 |
| १३२. | कतिपय मामिलामा उच्च न्यायालयबाट आएका पुनरावेदनबारे सर्वोच्च न्यायालयको पुनरावेदनसम्बन्धी अधिकारक्षेत्र | 61 |
| १३३. | उच्च न्यायालयबाट आएका दिवानी मामिलासम्बन्धी पुनरावेदनबारे सर्वोच्च न्यायालयको पुनरावेदनसम्बन्धी अधिकारक्षेत्र | 62 |
| १३४. | फौजदारी मामिलाका सम्बन्धमा सर्वोच्च न्यायालयको पुनरावेदनसम्बन्धी अधिकार | 62 |

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| १३४क. | सर्वोच्च न्यायालयमा पुनरावेदनका लागि प्रमाणपत्र | 63 |
| १३५. | विद्यमान विधिअन्तर्गत सङ्घीय न्यायालयको क्षेत्राधिकार अनि शक्ति सर्वोच्च न्यायालयद्वारा प्रयोज्य हुनु | 63 |
| १३६. | पुनरावेदनका लागि सर्वोच्च न्यायालयको विशेष अनुमति | 63 |
| १३७. | सर्वोच्च न्यायालयद्वारा निर्णय अथवा आदेशहरूको पुनरवलोकन | 63 |
| १३८. | सर्वोच्च न्यायालयको अधिकारक्षेत्रको विस्तार | 64 |
| १३९. | सर्वोच्च न्यायालयलाई कतिपय रिट जारी गर्ने शक्ति प्रदान | 64 |
| १३९क. | कतिपय मामिलाहरूको स्थानान्तरण | 64 |
| १४०. | सर्वोच्च न्यायालयका आनुषङ्गिक शक्तिहरू | 64 |
| १४१. | सर्वोच्च न्यायालयद्वारा घोषित विधि सबै न्यायालयका लागि बाध्यकारी हुनु | 65 |
| १४२. | सर्वोच्च न्यायालयद्वारा जारी गरिएका डिक्री अनि आदेशहरूको प्रवर्तन एवम् प्रकटीकरण आदि विषयक आदेश | 65 |
| १४३. | सर्वोच्च न्यायालयसित परामर्श गर्ने राष्ट्रपतिको शक्ति | 65 |
| १४४. | दिवानी अनि न्यायिक प्राधिकारीहरूले सर्वोच्च न्यायालयलाई सहयोग गर्न कार्य गर्ने | 65 |
| [१४४क. | विधिको संवैधानिक वैधतासम्बन्धी प्रश्नहरूको निराकरणका सम्बन्धमा विशेष प्रावधान–*त्यक्त* ।] | 65 |
| १४५. | न्यायालयका नियम इत्यादि | 65 |
| १४६. | सर्वोच्च न्यायालयका अधिकारी अनि कर्मचारीहरू तथा खर्च | 67 |
| १४७. | व्याख्या | 68 |


## अध्याय ५– भारतका नियन्त्रक-महालेखा परीक्षक


| | | |
|---|---|---|
| १४८. | भारतका नियन्त्रक-महालेखा परीक्षक | 68 |
| १४९. | नियन्त्रक-महालेखा परीक्षकका कर्त्तव्य र शक्तिहरू | 69 |
| १५०. | सङ्घ अनि राज्यहरूका लेखाहरूको प्ररूप | 69 |
| १५१. | लेखापरीक्षण प्रतिवेदन | 69 |


## भाग ६

## राज्यहरू

## अध्याय १– सामान्य


| | | |
|---|---|---|
| १५२. | परिभाषा | 70 |

**अनुच्छेद** **पृष्ठ**

## अध्याय २– कार्यपालिका

*राज्यपाल*


| | | |
|---|---|---|
| १५३. | राज्यका राज्यपालहरू | 70 |
| १५४. | राज्यको कार्यपालिका शक्ति | 70 |
| १५५. | राज्यपालको नियुक्ति | 70 |
| १५६. | राज्यपालको पदावधि | 70 |
| १५७. | राज्यपाल नियुक्त हुन चाहिने योग्यताहरू | 71 |
| १५८. | राज्यपाल पदका सर्तहरू | 71 |
| १५९. | राज्यपालद्वारा शपथ अथवा अभिपुष्टि | 71 |
| १६०. | कतिपय आकस्मिकताहरूमा राज्यपालका कृत्यहरूको निर्वहन | 72 |
| १६१. | क्षमा आदि गर्ने अनि कतिपय मुद्दाहरूमा दण्डादेश निलम्बन, परिहार अथवा कम गर्ने राज्यपालको शक्ति | 72 |
| १६२. | राज्यका कार्यपालिका शक्तिको विस्तार | 72 |


*मन्त्रीपरिषद्*


| | | |
|---|---|---|
| १६३. | राज्यपाललाई सहयोग गर्न र परामर्श दिनका निम्ति मन्त्रीपरिषद् | 72 |
| १६४. | मन्त्रीहरूका सम्बन्धमा अन्य प्रावधान | 72 |


*राज्यका महाअधिवक्ता*


| | | |
|---|---|---|
| १६५. | राज्यका महाअधिवक्ता | 74 |


*सरकारी कार्य सञ्चालन*


| | | |
|---|---|---|
| १६६. | राज्य सरकारको कार्य सञ्चालन | 74 |
| १६७. | राज्यपाललाई जानकारी दिने आदिका सम्बन्धमा मुख्यमन्त्रीको कर्त्तव्य | 75 |


## अध्याय ३– राज्यको विधायिका

*सामान्य*


| | | |
|---|---|---|
| १६८. | राज्यका विधायिकाको गठन | 75 |
| १६९. | राज्यहरूमा विधानपरिषद्हरूको उन्मूलन अथवा सृजन | 76 |
| १७०. | विधानसभाहरूको संरचना | 76 |

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| १७१. | विधानपरिषद्हरूको संरचना | 78 |
| १७२. | राज्यका विधायिकाहरूको अवधि | 79 |
| १७३. | राज्यका विधायिकाको सदस्यताका निम्ति योग्यता | 79 |
| १७४. | राज्यका विधायिकाका सत्र, सत्रावसान अनि विघटन | 80 |
| १७५. | सदन वा सदनहरूमा अभिभाषण गर्ने तथा सन्देश पठाउने राज्यपालको अधिकार | 80 |
| १७६. | राज्यपालको विशेष अभिभाषण | 80 |
| १७७. | सदनका सम्बन्धमा मन्त्री अनि महाअधिवक्ताको अधिकार | 81 |

*राज्यको विधायिकाका अधिकारी*

| | | |
|---|---|---|
| १७८. | विधानसभाका अध्यक्ष र उपाध्यक्ष | 81 |
| १७९. | अध्यक्ष अनि उपाध्यक्षको पद रिक्त हुनु, उनीहरूले पदत्याग गर्नु अनि उनीहरूलाई पदबाट हटाइनु | 81 |
| १८०. | अध्यक्ष पदका कर्त्तव्य पालन गर्ने अथवा अध्यक्षका रूपमा कार्य गर्ने उपाध्यक्ष वा अन्य व्यक्तिको शक्ति | 81 |
| १८१. | अध्यक्ष अथवा उपाध्यक्षलाई पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहँदा उनले अध्यक्षता नगर्ने | 82 |
| १८२. | विधान परिषद्का सभापति अनि उपसभापति | 82 |
| १८३. | सभापति अनि उपसभापतिको पद रिक्त हुनु, उनीहरूले पदत्याग गर्नु तथा उनीहरूलाई पदबाट हटाइनु | 82 |
| १८४. | सभापति पदका कर्त्तव्य पालन गर्ने अथवा सभापतिका रूपमा कार्य गर्ने उपसभापति अथवा अन्य व्यक्तिको शक्ति | 82 |
| १८५. | सभापति अथवा उपसभापतिलाई पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहँदा उनले अध्यक्षता नगर्ने | 83 |
| १८६. | अध्यक्ष अनि उपाध्यक्ष तथा सभापति अनि उपसभापतिका वेतन अनि भत्ता | 83 |
| १८७. | राज्यका विधायिकाको सचिवालय | 83 |

*कार्य सञ्चालन*

| | | |
|---|---|---|
| १८८. | सदस्यहरूद्वारा शपथ वा अभिपुष्टि | 84 |
| १८९. | सदनमा मतदान, रिक्तता रहँदा तथा गणपूर्ति नहुँदा पनि सदनको कार्य सञ्चालन गर्ने शक्ति | 84 |

*सदस्यहरूको अयोग्यता*

| | | |
|---|---|---|
| १९०. | आसनहरू रिक्त हुनु | 85 |

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| १९१. | सदस्यताका लागि अयोग्यता | 86 |
| १९२. | सदस्यहरूको अयोग्यतासम्बन्धी प्रश्नबारे निर्णय | 86 |
| १९३. | अनुच्छेद १८८ अन्तर्गत शपथ वा अभिपुष्टि गर्नअघि वा योग्यता नभई अथवा अयोग्य प्रमाणित हुँदा उपस्थित हुँदा वा मतदान गर्दा दण्ड | 87 |

*राज्यका विधायिकाहरू अनि यसका सदस्यहरूको शक्ति, विशेषाधिकार र रक्षाकवचहरू*

| | | |
|---|---|---|
| १९४. | विधायिकाको सदन, त्यसका सदस्य एवम् समितिहरूका शक्ति र विशेषाधिकार आदि | 87 |
| १९५. | सदस्यहरूका वेतन र भत्ताहरू | 88 |

*विधायिकी प्रक्रिया*

| | | |
|---|---|---|
| १९६. | विधेयकहरू पुरस्थापन अनि पारित गरिने सम्बन्धमा प्रावधान | 88 |
| १९७. | वित्त विधेयकभन्दा भिन्न विधेयकबारे विधान परिषद्को शक्तिमाथि निषेध | 88 |
| १९८. | धन विधेयकका सम्बन्धमा विशेष प्रक्रिया | 89 |
| १९९. | “धन विधेयक” को परिभाषा | 90 |
| २००. | विधेयकहरूलाई अनुमति | 91 |
| २०१. | विवेचनाका लागि आरक्षित विधेयक | 91 |

*वित्तीय विषयहरूका सम्बन्धमा प्रक्रिया*

| | | |
|---|---|---|
| २०२. | वार्षिक वित्तीय विवरण | 92 |
| २०३. | विधायिकामा प्राक्कलनसम्बन्धी प्रक्रिया | 92 |
| २०४. | विनियोग विधेयक | 93 |
| २०५. | अनुपूरक, अतिरिक्त वा अधिक अनुदान | 93 |
| २०६. | लेखानुदान, प्रत्ययानुदान र अपवादानुदान | 94 |
| २०७. | वित्त विधेयकहरूका सम्बन्धमा विशेष प्रावधान | 95 |

*सामान्यतः प्रक्रिया*

| | | |
|---|---|---|
| २०८. | प्रक्रियाका नियम | 95 |
| २०९. | राज्यका विधायिकामा वित्तीय कार्यसम्बन्धी प्रक्रियाको विधिद्वारा विनियमन | 96 |

| **अनुच्छेद** | | **पृष्ठ** |
|---|---|---|
| २१०. | विधायिकामा प्रयोग गरिने भाषा | 96 |
| २११. | विधायिकामा चर्चामाथि निषेध | 97 |
| २१२. | न्यायालयद्वारा विधायिकाका कार्यवाहीहरूको जाँच नगरिनु | 97 |

## अध्याय ४– राज्यपालको विधायिकी शक्ति

| | | |
|---|---|---|
| २१३. | विधायिकाका विश्रामकालमा अध्यादेश जारी गर्ने राज्यपालको शक्ति | 97 |

## अध्याय ५– राज्यहरूमा उच्च न्यायालय

| | | |
|---|---|---|
| २१४. | राज्यहरूका लागि उच्च न्यायालय | 99 |
| २१५. | उच्च न्यायालयहरू अभिलेखका न्यायालय हुनु | 99 |
| २१६. | उच्च न्यायालयहरूको गठन | 99 |
| २१७. | उच्च न्यायालयका न्यायाधीशको नियुक्ति र तिनका पदका सर्तहरू | 99 |
| २१८. | सर्वोच्च न्यायालयसँग सम्बन्धित केही प्रावधानहरूको उच्च न्यायालयहरूमा अनुप्रयोग | 101 |
| २१९. | उच्च न्यायालयका न्यायाधीशहरूद्वारा शपथ वा अभिपुष्टि | 101 |
| २२०. | स्थायी न्यायाधीश बनेपछि विधि व्यवसायमाथि निषेध | 101 |
| २२१. | न्यायाधीशका वेतन आदि | 101 |
| २२२. | कुनै न्यायाधीशको एउटा उच्च न्यायालयबाट अर्को उच्च न्यायालयमा स्थानान्तरण | 102 |
| २२३. | कार्यकारी मुख्य न्यायाधीशको नियुक्ति | 102 |
| २२४. | अतिरिक्त र कार्यकारी न्यायाधीशहरूको नियुक्ति | 102 |
| २२४क. | उच्च न्यायालयहरूका बैठकमा सेवानिवृत्त न्यायाधीशहरूको नियुक्ति | 103 |
| २२५. | विद्यमान उच्च न्यायालयहरूको अधिकारक्षेत्र | 104 |
| २२६. | कतिपय रिट जारी गर्ने उच्च न्यायालयको शक्ति | 104 |
| [२२६क. | केन्द्रीय विधिको संवैधानिक वैधतामाथि अनुच्छेद २२६ अन्तर्गत कार्यवाहीमा विवेचना नगरिनु– *त्यक्त*] | 105 |
| २२७. | सबै न्यायालयहरूको अधीक्षण गर्ने उच्च न्यायालयको शक्ति | 105 |
| २२८. | उच्च न्यायालयमा कतिपय मामिलाहरूको स्थानान्तरण | 106 |
| [२२८क | *राज्य विधिको संवैधानिक वैधतासम्बन्धी प्रश्नहरूको निराकरणसम्बन्धी विशेष प्रावधान– त्यक्त*] | 107 |

**अनुच्छेद** **पृष्ठ**


२२९. उच्च न्यायालयहरूका अधिकारी अनि कर्मचारी तथा व्यय 107
२३०. उच्च न्यायालयको अधिकारक्षेत्रको केन्द्रशासित प्रदेशहरूमा विस्तार 107
२३१. दुई वा अधिक राज्यका लागि एउटै उच्च न्यायालयको स्थापना 108
[२३२. अनुच्छेद २३०,२३१ र २३२-लाई अनुच्छेद २३० र २३१-द्वारा प्रतिस्थापन] 108


## अध्याय ६– अधीनस्थ न्यायालय


२३३. जिल्ला न्यायाधीशहरूको नियुक्ति 108
२३३क. कतिपय जिल्ला न्यायाधीशका नियुक्ति अनि उनीहरूद्वारा गरिएका निर्णय आदिको विधिमान्यकरण 109
२३४. न्यायिक सेवामा जिल्ला न्यायाधीशहरूभन्दा भिन्न व्यक्तिहरूको नियुक्ति 109
२३५. अधीनस्थ न्यायालयहरूमाथि नियन्त्रण 110
२३६. व्याख्या 110
२३७. कतिपय वर्ग वा वर्गका न्यायिक अधिकारीमा यस अध्यायका प्रावधानहरूको अनुप्रयोग 110


### [भाग ७– त्यक्त]

## पहिलो अनुसूचीको भाग ख-मा भएका राज्यहरू


[२३८. *त्यक्त*] 111


### भाग ८

## केन्द्रशासित प्रदेश


२३९. केन्द्रशासित प्रदेशको प्रशासन 112
२३९क. कतिपय केन्द्रशासित प्रदेशका लागि स्थानीय विधायिका वा मन्त्री परिषद् वा दुवैको सृजन 112
२३९कक. दिल्लीका सम्बन्धमा विशेष प्रावधान 113
२३९कख. संवैधानिक तन्त्र विफल भएका स्थितिमा प्रावधान 115
२३९ख. विधायिकाको विश्रामकालमा अध्यादेश जारी गर्ने प्रशासकको शक्ति 116
२४०. कतिपय केन्द्रशासित प्रदेशका लागि विनियम बनाउने राष्ट्रपतिको शक्ति 117
२४१. केन्द्रशासित प्रदेशका लागि उच्च न्यायालय 118
[२४२. कुर्ग– *त्यक्त*] 118


### भाग ९

## पञ्चायत


२४३. परिभाषाहरू 119

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| २४३क. | ग्रामसभा | 119 |
| २४३ख. | पञ्चायतको गठन | 119 |
| २४३ग. | पञ्चायतको संरचना | 119 |
| २४३घ. | आसनहरूको आरक्षण | 121 |
| २४३ङ. | पञ्चायतहरूको अवधि आदि | 122 |
| २४३च. | सदस्यताका लागि अयोग्यता | 122 |
| २४३छ. | पञ्चायतका शक्ति, प्राधिकार अनि उत्तरदायित्व | 123 |
| २४३ज. | पञ्चायतद्वारा कर अधिरोपण गर्ने शक्ति अनि पञ्चायतका कोषहरू | 123 |
| २४३झ. | वित्तीय स्थितिको पुनरवलोकनका लागि वित्त आयोग गठन | 123 |
| २४३ञ. | पञ्चायतहरूका हरहिसाबको लेखापरीक्षण | 124 |
| २४३ट. | पञ्चायतहरूका लागि निर्वाचन | 124 |
| २४३ठ. | केन्द्रशासित प्रदेशहरूमा अनुप्रयोग | 125 |
| २४३ड. | यो भाग कतिपय क्षेत्रहरूमा लागु नहुने | 125 |
| २४३ढ. | विद्यमान विधिहरू अनि पञ्चायतको निरन्तरता | 126 |
| २४३ण. | निर्वाचनसम्बन्धी मामिलाहरूमा न्यायालयको हस्तक्षेपमाथि रोक | 126 |


## भाग ९क

# नगरपालिका


| | | |
|---|---|---|
| २४३त. | परिभाषाहरू | 127 |
| २४३थ. | नगरपालिकाको गठन | 127 |
| २४३द. | नगरपालिकाहरूको संरचना | 128 |
| २४३ध. | वार्ड समिति आदिको गठन अनि संरचना | 129 |
| २४३न. | आसनहरूको आरक्षण | 129 |
| २४३प. | नगरपालिकाको अवधि आदि | 130 |
| २४३फ. | सदस्यताका निम्ति अयोग्यता | 131 |
| २४३ब. | नगरपालिका आदिको शक्ति, प्राधिकार अनि उत्तरदायित्व | 131 |
| २४३भ. | नगरपालिकाद्वारा कर अधिरोपण गर्ने शक्ति अनि तिनका कोषहरू | 131 |
| २४३म. | वित्त आयोग | 132 |

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| २४३य. | नगरपालिकाहरूको हरहिसाबको लेखापरीक्षण | 132 |
| २४३यक. | नगरपालिकाका निम्ति निर्वाचन | 133 |
| २४३यख. | केन्द्रशासित प्रदेशहरूमा अनुप्रयोग | 133 |
| २४३यग. | यो भाग कतिपय क्षेत्रहरूमा लागु नहुने | 133 |
| २४३यघ. | जिल्ला योजनाका निम्ति समिति | 133 |
| २४३यङ. | महानगर योजनाका लागि समिति | 134 |
| २४३यच. | विद्यमान विधि अनि नगरपालिकाहरूको निरन्तरता | 136 |
| २४३यछ. | निर्वाचनसम्बन्धी मामिलाहरूमा न्यायालयहरूको हस्तक्षेपमाथि रोक | 136 |

## भाग ९ख
## सहकारी संस्था

| | | |
|---|---|---|
| २४३यज. | परिभाषाहरू | 137 |
| २४३यझ. | सहकारी संस्थाहरूको समायोजन | 137 |
| २४३यञ. | समितिका सदस्य र पदाधिकारीहरूको सङ्ख्या र कार्यकाल | 138 |
| २४३यट. | समितिका सदस्यहरूको निर्वाचन | 139 |
| २४३यठ. | समितिको अधिक्रमण र निलम्बन अनि र अन्तरिम व्यवस्थापन | 139 |
| २४३यड. | सहकारी संस्थाको हरहिसाबको लेखापरीक्षण | 140 |
| २४३यढ. | साधारण निकायको सभा बोलाउने कार्य | 140 |
| २४३यण. | सदस्यको सूचना प्राप्त गर्ने अधिकार | 141 |
| २४३यत. | विवरणी | 141 |
| २४३यथ. | अपराध अनि दण्डहरू | 141 |
| २४३यद. | बहुराज्यीय सहकारी संस्थाहरूमा अनुप्रयोग | 142 |
| २४३यध. | केन्द्रशासित प्रदेशहरूमा अनुप्रयोग | 142 |
| २४३यन. | विद्यमान विधिको निरन्तरता | 142 |

## भाग १०
## अनुसूचित अनि जनजाति क्षेत्र

| | | |
|---|---|---|
| २४४. | अनुसूचित क्षेत्रहरू अनि जनजाति क्षेत्रहरूको प्रशासन | 143 |
| [२४४क. | असमका कतिपय जनजाति क्षेत्र समावेश गरेर एउटा स्वशासित राज्य गठन अनि सो राज्यका निम्ति स्थानीय विधायिका अथवा मन्त्री–परिषद् अथवा दुवैको सृजना | 143 |

**अनुच्छेद** **पृष्ठ**

## भाग ११

# सङ्घ अनि राज्यहरूमाझ सम्बन्ध

## अध्याय १– विधायी सम्बन्ध

*विधायी शक्तिहरूको वितरण*


| | | |
|---|---|---|
| २४५. | संसद् अनि राज्यका विधायिकाद्वारा बनाइएका विधिहरूको विस्तार | 145 |
| २४६. | संसद् अनि राज्यका विधायिकाद्वारा बनाइएका विधिहरूको विषयवस्तु | 145 |
| २४६क. | वस्तु तथा सेवा करका सम्बन्धमा विशेष प्रावधान | 145 |
| २४७. | केही अतिरिक्त न्यायालयहरूको स्थापनाको प्रावधान गर्ने संसद्को शक्ति | 146 |
| २४८. | अवशिष्ट विधायी शक्तिहरू | 146 |
| २४९. | राष्ट्रहितमा राज्य सूचीमा परेका विषयसम्बन्धी विधि बनाउने संसद्को शक्ति | 146 |
| २५०. | आपातकालको उद्घोषणा प्रवर्तनमा रहँदा राज्यसूचीको कुनै पनि विषयका सम्बन्धमा विधि बनाउने संसद्को शक्ति | 147 |
| २५१. | अनुच्छेद २४९ अनि २५० अन्तर्गत संसद्द्वारा बनाइएका विधि अनि राज्यका विधायिकाद्वारा बनाइएका विधिहरूमाझ असङ्गति | 147 |
| २५२. | दुई वा अधिक राज्यहरूका निम्ति सहमतिपूर्वक विधि बनाउने संसद्को शक्ति तथा अन्य कुनै राज्यद्वारा यस्तो विधिको अङ्गीकरण | 147 |
| २५३. | अन्तर्राष्ट्रिय सम्झौताहरूलाई प्रभावकारी बनाउनाका निम्ति विधान | 148 |
| २५४. | संसद्द्वारा बनाइएका विधि अनि राज्यका विधायिकाद्वारा बनाइएका विधिहरूमाझ असङ्गति | 148 |
| २५५. | सिफारिस अनि पूर्व स्वीकृतिसम्बन्धी आवश्यकतालाई केवल प्रक्रियाको विषय मान्नु | 148 |


## अध्याय २– प्रशासनिक सम्बन्धहरू

*सामान्य*


| | | |
|---|---|---|
| २५६. | राज्य अनि सङ्घको बाध्यता | 149 |
| २५७. | कतिपय अवस्थामा राज्यमाथि केन्द्रको नियन्त्रण | 149 |
| [२५७क. | सङ्घका सशस्त्र बल अथवा अन्य बलहरूको नियोजनद्वारा राज्यहरूलाई सहायता– *त्यक्त*] | 150 |
| २५८. | कतिपय अवस्थामा राज्यहरूलाई शक्ति प्रदान गर्ने आदि विषयमा सङ्घको शक्ति | 150 |

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| २५८क. | सङ्घलाई कार्य सुम्पिने राज्यको शक्ति | 150 |
| २५९. | [पहिलो अनुसूचीको भाग ख–का राज्यहरूमा सशस्त्र बल– *त्यक्त*] | 150 |
| २६०. | भारत बाहिरका राज्यक्षेत्रहरूका सम्बन्धमा सङ्घको अधिकारक्षेत्र | 150 |
| २६१. | सार्वजनिक कार्य, अभिलेख अनि न्यायिक कार्यवाहीहरू | 151 |

*जलसम्बन्धी विवाद*

| | | |
|---|---|---|
| २६२. | अन्तरराज्यिक नदीहरू अथवा नदी उपत्यकाका जलसम्बन्धी विवादहरूको अभिनिर्णय | 151 |

*राज्यहरूमाझ समन्वय*

| | | |
|---|---|---|
| २६३. | अन्तरराज्यिक परिषद्सम्बन्धी प्रावधान | 151 |

## भाग १२
## वित्त, सम्पत्ति, अनुबन्ध अनि मुद्दा
## अध्याय १– वित्त

*सामान्य*

| | | |
|---|---|---|
| २६४. | व्याख्या | 152 |
| २६५. | विधिको प्राधिकारबिना करारोपण नगरिने | 152 |
| २६६. | भारत अनि राज्यका सर्वसञ्चित कोषहरू अनि सार्वजनिक लेखाहरू | 152 |
| २६७. | आकस्मिकता कोष | 152 |

*सङ्घ अनि राज्यहरूमाझ राजस्वहरूको वितरण*

| | | |
|---|---|---|
| २६८. | सङ्घद्वारा उद्गृहीत तर राज्यहरूद्वारा सङ्कलित अनि विनियोजित महसुल | 153 |
| [२६८क. | सङ्घद्वारा उद्गृहीत अनि सङ्घ र राज्यहरूद्वारा सङ्कलित र विनियोजित सेवा कर– *त्यक्त*] | 153 |
| २६९. | सङ्घद्वारा उद्गृहीत र सङ्कलित तर राज्यहरूलाई सुम्पिइएका कर | 154 |
| २६९क. | अन्तरराज्यिक व्यापार वा वाणिज्यका क्रममा वस्तु अनि सेवा करको उद्ग्रहण र सङ्कलन | 154 |
| २७०. | सङ्घ र राज्यमाझ उद्गृहीत र वितरित कर | 155 |
| २७१. | सङ्घको प्रयोजनका लागि केही महसुल र करहरूमा अधिभार | 156 |
| [२७२. | सङ्घद्वारा उद्गृहीत र सङ्कलित अनि सङ्घ र राज्यहरूमाझ वितरण गर्न सकिने कर– *त्यक्त*] | 156 |
| २७३. | पाट अनि पाट उत्पादनमाथि निर्यात महसुलको साटो अनुदान | 156 |
| २७४. | राज्यहरूको हितसँग सम्बन्धित करारोपणलाई प्रभाव पार्ने विधेयकहरूका निम्ति राष्ट्रपतिको पूर्व सिफारिसको आवश्यकता | 157 |

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| २७५. | कतिपय राज्यलाई सङ्घबाट अनुदान | 157 |
| २७६. | वृत्ति, व्यापार, आजीविका अनि नियोजनहरूमाथि कर | 158 |
| २७७. | छुट | 159 |
| [२७८. | पहिलो अनुसूचीको भाग– ख मा रहेका राज्यहरूसँग कतिपय वित्तीय मामिलाका सम्बन्धमा सम्झौता– *त्यक्त*] | 159 |
| २७९. | "खास आयस्ता" आदिको गणना | 159 |
| २७९क. | वस्तु अनि सेवा कर परिषद् | 160 |
| २८०. | वित्त आयोग | 162 |
| २८१. | वित्त आयोगका सिफारिसहरू | 163 |

***विविध वित्तीय प्रावधान***

| | | |
|---|---|---|
| २८२. | सङ्घ अथवा राज्यले आफ्नो राजस्वबाट गर्नसक्ने व्यय | 163 |
| २८३. | सर्वसञ्चित कोष, आकस्मिकता कोष अनि सार्वजनिक लेखाहरूमा जम्मा गरिएका धनराशिहरूको संरक्षण आदि | 163 |
| २८४. | सरकारी कर्मचारी अनि न्यायालयहरूद्वारा प्राप्त वादीहरूले जम्मा गरेको धनराशि तथा अन्य धनराशिहरूको संरक्षण | 163 |
| २८५. | सङ्घको सम्पत्तिलाई राज्यका करहरूबाट छुट | 164 |
| २८६. | वस्तुको क्रय अनि विक्रयमाथि कर अधिरोपणका विषयमा प्रतिबन्ध | 164 |
| २८७. | बिजुलीमाथि लगाइने करहरूबाट छुट | 164 |
| २८८. | कतिपय स्थितिहरूमा पानी अथवा बिजुलीका सम्बन्धमा राज्यहरूद्वारा गरिने करारोपणबाट छुट | 165 |
| २८९. | राज्यको सम्पत्ति अनि आयलाई केन्द्रको करारोपणबाट छुट | 165 |
| २९०. | कतिपय व्यय अनि पेन्सनका सम्बन्धमा समायोजन | 166 |
| २९०क. | केही देवस्वम् निधिहरूलाई वार्षिक भुक्तानी | 166 |
| [२९१. | शासकहरूको राजभत्ता राशि– *त्यक्त*] | 167 |

## अध्याय २– सापटी

| | | |
|---|---|---|
| २९२. | भारत सरकारद्वारा सापटी लिइनु | 167 |
| २९३. | राज्यहरूद्वारा सापटी लिइनु | 167 |

**अनुच्छेद** **पृष्ठ**

## अध्याय ३– सम्पत्ति, अनुबन्ध, अधिकार, दायित्व, बाध्यताहरू अनि मुद्दा

| | | |
|---|---|---|
| २९४. | कतिपय स्थितिमा धन, सम्पत्ति, अधिकार, दायित्व अनि बाध्यताका उत्तराधिकार | 167 |
| २९५. | अन्य स्थितिमा धन, सम्पत्ति, अधिकार, दायित्व र बाध्यताका उत्तराधिकार | 168 |
| २९६. | सरकारका दखलमा  गएकाले, अधिकारको अवसान भएकाले वा स्वामीविहीन भएकाले उपार्जित सम्पत्ति | 168 |
| २९७. | राज्यक्षेत्रीय सागर खण्ड वा महाद्वीपीय जलमग्न तटभूमिमा स्थित बहुमूल्य वस्तु अनि अनन्य आर्थिक क्षेत्रका सम्पत्ति स्रोत सङ्घमा निहित हुनु | 169 |
| २९८. | व्यापार आदि गर्ने शक्ति | 169 |
| २९९. | अनुबन्धहरू | 170 |
| ३००. | मुद्दा एवम् कार्यवाहीहरू | 170 |

## अध्याय ४– सम्पत्तिको अधिकार

| | | |
|---|---|---|
| ३००क. | विधिको प्राधिकारबिना व्यक्तिलाई सम्पत्तिबाट वञ्चित नगरिनु | 170 |

### भाग १३

## भारतको राज्यक्षेत्रभित्र व्यापार, वाणिज्य अनि मेलजोल

| | | |
|---|---|---|
| ३०१. | व्यापार, वाणिज्य अनि मेलजोलको स्वतन्त्रता | 171 |
| ३०२. | व्यापार, वाणिज्य अनि मेलजोलमाथि निषेध आरोपण गर्ने संसद्को शक्ति | 171 |
| ३०३. | व्यापार अनि वाणिज्यसम्बन्धी केन्द्र अनि राज्यको विधायी शक्तिमाथि निषेध | 171 |
| ३०४. | राज्यहरूमाझ व्यापार, वाणिज्य अनि मेलजोलमाथि निषेध | 171 |
| ३०५. | विद्यमान विधिहरू अनि राज्यको एकाधिकारको प्रावधान गर्ने विधिको संरक्षण | 172 |
| [३०६. | व्यापार अनि वाणिज्यमाथि निषेध आरोपण गर्ने पहिलो अनुसूचीको भाग ख मा भएका कतिपय राज्यको शक्ति– *त्यक्त*] | 172 |
| ३०७. | अनुच्छेद ३०१-देखि अनुच्छेद ३०४-सम्मका प्रयोजनहरूको कार्यान्वयनका निम्ति प्राधिकारीको नियुक्ति | 172 |

### भाग १४

## सङ्घ अनि राज्यअन्तर्गत सेवाहरू

## अध्याय १– सेवाहरू

| | | |
|---|---|---|
| ३०८. | व्याख्या | 173 |

**अनुच्छेद** **पृष्ठ**


| | | |
|---|---|---|
| ३०९. | सङ्घ अथवा राज्यको सेवा गर्ने व्यक्तिहरूको नियुक्ति अनि सेवाका सर्तहरू | 173 |
| ३१०. | सङ्घ अथवा राज्यको सेवा गर्ने व्यक्तिहरूको पदावधि | 173 |
| ३११. | सङ्घ अथवा राज्यअन्तर्गत नागरिक सेवामा नियुक्त व्यक्तिलाई पदच्युत गर्नु, पदबाट हटाउनु अथवा पदावनत गर्नु | 174 |
| ३१२. | अखिल भारतीय सेवाहरू | 175 |
| ३१२क. | कतिपय सेवाका अधिकारीहरूका सेवाका सर्तहरू परिवर्तन गर्ने अथवा ती सर्तहरू रद्द गर्ने संसद्को शक्ति | 175 |
| ३१३. | सङ्क्रमणकालीन प्रावधान | 177 |
| [३१४. | कतिपय सेवाका विद्यमान अधिकारीको संरक्षणका निम्ति प्रावधान–*त्यक्त*] | 177 |


## अध्याय २– लोकसेवा आयोग


| | | |
|---|---|---|
| ३१५. | सङ्घ अनि राज्यहरूका निम्ति लोकसेवा आयोग | 177 |
| ३१६. | सदस्यहरूको नियुक्ति अनि पदावधि | 177 |
| ३१७. | लोकसेवा आयोगको कुनै सदस्यको अपसारण अथवा निलम्बन | 179 |
| ३१८. | आयोगका सदस्यहरू अनि कर्मचारीवर्गका सेवाका सर्तका सम्बन्धमा विनियम बनाउने शक्ति | 179 |
| ३१९. | आयोगका सदस्यहरूद्वारा यस्तो सदस्य नरहेका खण्डमा पद धारण गर्ने सम्बन्धमा प्रतिबन्ध | 180 |
| ३२०. | लोकसेवा आयोगका कार्यहरू | 180 |
| ३२१. | लोकसेवा आयोगका कार्यहरू विस्तार गर्ने शक्ति | 182 |
| ३२२. | लोकसेवा आयोगका व्ययहरू | 182 |
| ३२३. | लोकसेवा आयोगहरूका प्रतिवेदन | 182 |


### भाग १४क

## न्यायाधिकरण


| | | |
|---|---|---|
| ३२३क. | प्रशासनिक न्यायाधिकरण | 183 |
| ३२३ख. | अन्य विषयहरूका निम्ति न्यायाधिकरण | 184 |

**अनुच्छेद** **पृष्ठ**

## भाग १५
## निर्वाचन


| अनुच्छेद | विषय | पृष्ठ |
|---|---|---|
| ३२४. | निर्वाचनहरूको अधीक्षण, निर्देशन र नियन्त्रण निर्वाचन आयोगमा निहित हुनु | 186 |
| ३२५. | धर्म, जाति, जात अथवा लिङ्गका आधारमा कुनै व्यक्ति कुनै विशेष मतदाता सूचीमा समाविष्ट हुन अयोग्य नहुनु अथवा उनीद्वारा सो मतदाता सूचीमा आफूलाई समावेश गरिनाका लागि दाबी नगरिनु | 187 |
| ३२६. | लोकसभा अनि राज्यका विधानसभाका निम्ति निर्वाचन वयस्क मताधिकारका आधारमा हुनु | 187 |
| ३२७. | विधायिकाहरूका निम्ति गरिने निर्वाचनका सम्बन्धमा प्रावधान गर्ने संसद्को शक्ति | 187 |
| ३२८. | कुनै राज्यको विधायिकाका निम्ति गरिने निर्वाचनसम्बन्धी प्रावधान गर्ने त्यस्तो विधायिकाको शक्ति | 188 |
| ३२९. | निर्वाचनसम्बन्धी विषयहरूमा न्यायालयको हस्तक्षेपमाथि रोक | 188 |
| [३२९क. | प्रधानमन्त्री अनि अध्यक्षका विषयमा संसद्का लागि गरिने निर्वाचनका सम्बन्धमा विशेष प्रावधान–*त्यक्त*] | 188 |


## भाग १६
## कतिपय वर्गका सम्बन्धमा विशेष प्रावधान


| अनुच्छेद | विषय | पृष्ठ |
|---|---|---|
| ३३०. | लोकसभामा अनुसूचित जाति अनि अनुसूचित जनजातिका निम्ति आसनहरूको आरक्षण | 189 |
| ३३०क. | लोकसभामा महिलाका लागि आसन आरक्षण | 190 |
| ३३१. | लोकसभामा आङ्ग्ल-भारतीय समुदायको प्रतिनिधित्व | 190 |
| ३३२. | राज्यका विधानसभामा अनुसूचित जाति अनि अनुसूचित जनजातिका निम्ति आसन आरक्षण | 190 |
| ३३२क. | राज्य विधानसभाहरूमा महिलाका निम्ति आसन आरक्षण | 192 |
| ३३३. | राज्यका विधानसभामा आङ्ग्ल-भारतीय समुदायको प्रतिनिधित्व | 192 |
| ३३४. | निश्चित अवधिपछि आसन आरक्षण र विशेष प्रतिनिधित्वको समाप्ति | 192 |
| ३३४क. | महिलाहरूका लागि आसनहरूको आरक्षण प्रभावकारी हुनु | 193 |
| ३३५. | सेवा अनि पदहरूका निम्ति अनुसूचित जाति अनि अनुसूचित जनजातिहरूका दाबी | 193 |

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| ३३६. | कतिपय सेवामा आङ्ग्ल-भारतीय समुदायका निम्ति विशेष प्रावधान | 194 |
| ३३७. | आङ्ग्ल-भारतीय समुदायको लाभका निम्ति शैक्षिक अनुदानसम्बन्धी विशेष प्रावधान | 194 |
| ३३८. | राष्ट्रिय अनुसूचित जाति आयोग | 195 |
| ३३८क. | राष्ट्रिय अनुसूचित जनजाति आयोग | 196 |
| ३३८ख. | राष्ट्रिय पछौटे वर्ग आयोग | 198 |
| ३३९. | अनुसूचित क्षेत्रको प्रशासन अनि अनुसूचित जनजातिहरूको कल्याणमाथि केन्द्रको नियन्त्रण | 200 |
| ३४०. | पछौटे वर्गको अवस्था अनुसन्धान गर्न आयोगको नियुक्ति | 200 |
| ३४१. | अनुसूचित जाति | 200 |
| ३४२. | अनुसूचित जनजाति | 201 |
| ३४२क. | सामाजिक र शैक्षिक रूपमा पछौटे वर्ग | 202 |


## भाग १७

## राजभाषा

## अध्याय १– सङ्घको भाषा


| | | |
|---|---|---|
| ३४३. | सङ्घको राजभाषा | 203 |
| ३४४. | राजभाषाका सम्बन्धमा आयोग अनि संसद्को समिति | 203 |


## अध्याय २– प्रादेशिक भाषाहरू


| | | |
|---|---|---|
| ३४५. | राज्यको राजभाषा अथवा त्यहाँका राजभाषाहरू | 204 |
| ३४६. | एउटा राज्य अनि दोस्रो राज्यमाझ अथवा कुनै राज्य अनि सङ्घमाझ सञ्चारका लागि राजभाषा | 204 |
| ३४७. | कुनै राज्यको जनसङ्ख्याको कुनै वर्गद्वारा बोलिने भाषाका सम्बन्धमा विशेष प्रावधान | 205 |


## अध्याय ३– सर्वोच्च न्यायालय, उच्च न्यायालय आदिको भाषा


| | | |
|---|---|---|
| ३४८. | सर्वोच्च न्यायालय र उच्च न्यायालयहरूमा अनि अधिनियम, विधेयक आदिका निम्ति प्रयोग गरिने भाषा | 205 |
| ३४९. | भाषासँग सम्बन्धित केही विधिहरूको अधिनियमनका निम्ति विशेष प्रक्रिया | 206 |

**अनुच्छेद** **पृष्ठ**

## अध्याय ४– विशेष निर्देश


| | | |
|---|---|---|
| ३५०. | गुनासो निवारणका लागि अभ्यावेदनमा प्रयोग गरिने भाषा | 206 |
| ३५०क. | प्राथमिक स्तरमा मातृभाषामा शिक्षाका सुविधाहरू | 206 |
| ३५०ख. | भाषिक अल्पसङ्ख्यक वर्गका लागि विशेष अधिकारी | 207 |
| ३५१. | हिन्दी भाषाको विकासका लागि निर्देश | 207 |


### भाग १८

## आपातकालीन प्रावधान


| | | |
|---|---|---|
| ३५२. | आपातको उद्घोषणा | 208 |
| ३५३. | आपातको उद्घोषणाको प्रभाव | 210 |
| ३५४. | आपातको उद्घोषणा प्रवर्तनमा रहँदा राजस्व वितरणसम्बन्धी प्रावधानहरूको अनुप्रयोग | 211 |
| ३५५. | बाह्य आक्रमण र आन्तरिक अशान्तिबाट राज्यको सुरक्षा गर्ने सङ्घको कर्त्तव्य | 211 |
| ३५६. | राज्यमा संवैधानिक तन्त्र विफल भएका स्थितिमा प्रावधान | 211 |
| ३५७. | अनुच्छेद ३५६ अन्तर्गत जारी गरिएका उद्घोषणा अन्तर्गत विधायी शक्तिहरूको प्रयोग | 214 |
| ३५८. | आपातकालीन स्थितिहरूमा अनुच्छेद १९-का प्रावधानहरूको निलम्बन | 215 |
| ३५९. | आपातकालीन स्थितिहरूमा भाग ३-द्वारा प्रदत्त अधिकारहरूको प्रवर्तन निलम्बन | 216 |
| [३५९क. | पन्जाब राज्यमा यस भागको अनुप्रयोग–*त्यक्त*] | 217 |
| ३६०. | वित्तीय आपातका सम्बन्धमा प्रावधान | 217 |


### भाग १९

## विविध


| | | |
|---|---|---|
| ३६१. | राष्ट्रपति, राज्यपाल अनि राजप्रमुखहरूको संरक्षण | 219 |
| ३६१क. | संसद् तथा राज्यका विधायिकाका कार्यवाहीहरूका प्रकाशनको संरक्षण | 220 |
| ३६१ख. | लाभप्रद राजनैतिक पदमा नियुक्तिका लागि अयोग्यता | 220 |
| [३६२. | देशीय राज्यका शासकहरूको अधिकार तथा विशेषाधिकार– *त्यक्त*] | 221 |
| ३६३. | कतिपय सन्धि, सम्झौता आदिद्वारा उत्पन्न भएका विवादहरूमा न्यायालयको हस्तक्षेपमाथि रोक | 221 |
| ३६३क. | देशीय राज्यका शासकहरूलाई दिइएका मान्यताको समाप्ति अनि राजभत्ताको अन्त | 221 |

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| ३६४. | मुख्य बन्दरगाह एवम् विमान क्षेत्रहरूका सम्बन्धमा विशेष प्रावधान | 222 |
| ३६५. | सङ्घद्वारा दिइएको निर्देश पालन गर्न अथवा यसलाई प्रभावकारी बनाउन विफल हुँदाको प्रभाव | 222 |
| ३६६. | परिभाषाहरू | 222 |
| ३६७. | व्याख्या | 227 |

## भाग २०

# संविधानको संशोधन

| | | |
|---|---|---|
| ३६८. | संविधान संशोधन गर्ने संसद्‌को शक्ति अनि संशोधनको प्रक्रिया | 228 |

## भाग २१

# अस्थायी, सङ्क्रमणकालीन र विशेष प्रावधान

| | | |
|---|---|---|
| ३६९. | राज्य सूचीमा भएका कतिपय विषयहरूलाई समवर्ती सूचीमा रहेका विषय झैं मानेर विधि बनाउने सम्बन्धमा संसद्‌लाई दिइएको अस्थायी शक्ति | 230 |
| ३७०. | जम्मू अनि कश्मीर राज्यका सम्बन्धमा अस्थायी प्रावधानहरू | 231 |
| ३७१. | महाराष्ट्र अनि गुजरात राज्यका सम्बन्धमा विशेष प्रावधान | 233 |
| ३७१क. | नागाल्यान्ड राज्यका सम्बन्धमा विशेष प्रावधान | 233 |
| ३७१ख. | असम राज्यका सम्बन्धमा विशेष प्रावधान | 236 |
| ३७१ग. | मणिपुर राज्यका सम्बन्धमा विशेष प्रावधान | 237 |
| ३७१घ. | आन्ध्र प्रदेश वा तेलङ्गना राज्यका सम्बन्धमा विशेष प्रावधानहरू | 237 |
| ३७१ङ. | आन्ध्र प्रदेशमा केन्द्रीय विश्यविद्यालयको स्थापना | 241 |
| ३७१च. | सिक्किम राज्यका सम्बन्धमा विशेष प्रावधान | 241 |
| ३७१छ. | मिजोरम राज्यका सम्बन्धमा विशेष प्रावधान | 244 |
| ३७१ज. | अरुणाचल प्रदेश राज्यका सम्बन्धमा विशेष प्रावधान | 244 |
| ३७१झ. | गोवा राज्यका सम्बन्धमा विशेष प्रावधान | 245 |
| ३७१ञ. | कर्नाटक राज्यका सम्बन्धमा विशेष प्रावधान | 245 |
| ३७२. | विद्यमान विधिहरूको प्रवर्तनमा निरन्तरता र तिनीहरूको अनुकूलन | 246 |
| ३७२क. | राष्ट्रपतिको विधिहरूको अनुकूलन गर्ने शक्ति | 247 |

| अनुच्छेद | | पृष्ठ |
| --- | --- | --- |
| ३७३. | कतिपय स्थितिहरूमा निवारक थुनामा राखिएका व्यक्तिसम्बन्धी आदेश जारी गर्नसक्ने राष्ट्रपतिको शक्ति | 248 |
| ३७४. | सङ्घीय न्यायालयका न्यायाधीश र सङ्घीय न्यायालयमा वा सपरिषद् महामहिमसमक्ष थातीमा रहेका कार्यवाहीका सम्बन्धमा प्रावधान | 248 |
| ३७५. | संवैधानिक प्रावधानहरूका अधीनमा रही न्यायालय, प्राधिकारी अनि अधिकारीहरूले कार्य गरिरहनु | 249 |
| ३७६. | उच्च न्यायालयका न्यायाधीशहरूका सम्बन्धमा प्रावधान | 249 |
| ३७७. | भारतका नियन्त्रक-महालेखा परीक्षकका सम्बन्धमा प्रावधान | 249 |
| ३७८. | लोकसेवा आयोगका सम्बन्धमा प्रावधान | 250 |
| ३७८क. | आन्ध्र प्रदेश विधानसभाको अवधिका सम्बन्धमा विशेष प्रावधान | 250 |
| [३७९. | अस्थायी संसद् तथा यसका अध्यक्ष अनि उपाध्यक्षका सम्बन्धमा प्रावधानहरू –*त्यक्त*] | 250 |
| [३८०. | राष्ट्रपतिका सम्बन्धमा प्रावधान – *त्यक्त*] | 250 |
| [३८१. | राष्ट्रपतिको मन्त्रीपरिषद् – *त्यक्त*] | 250 |
| [३८२. | प्रथम अनुसूचीको भाग क-मा रहेका अस्थायी विधायिकाका सम्बन्धमा प्रावधान – *त्यक्त*] | 250 |
| [३८३. | प्रान्तका राज्यपालका सम्बन्धमा प्रावधान – *त्यक्त*] | 250 |
| [३८४. | राज्यपालहरूको मन्त्रीपरिषद् – *त्यक्त*] | 251 |
| [३८५. | प्रथम अनुसूचीको भाग-ख मा रहेका राज्यमा अस्थायी विधायिकका सम्बन्धमा प्रावधान – *त्यक्त*] | 251 |
| [३८६. | प्रथम अनुसूचीको भाग-ख मा रहेका राज्यका लागि मन्त्री परिषद्– *त्यक्त*] | 251 |
| [३८७. | कतिपय निर्वाचनका प्रयोजनका लागि जनसङ्ख्या निर्धारणका सम्बन्धमा विशेष प्रावधान – *त्यक्त*] | 251 |
| [३८८. | अस्थायी संसद् र राज्यका अस्थायी विधायिकाका आकस्मिक रिक्त पदहरू भर्ना गर्ने सम्बन्धमा प्रावधान – *त्यक्त*] | 251 |
| [३८९. | अधिराज्यका विधायिका र प्रान्त अनि देशी राज्यका विधायिकामा थातीमा रहेका विधेयकका सम्बन्धमा प्रावधान – *त्यक्त*] | 251 |

| अनुच्छेद | | पृष्ठ |
|---|---|---|
| [३९०. | यो संविधान लागु हुनअघि ३१-मार्च १९५०-भित्र प्राप्त गरिएको वा जुटाइएको वा व्यय गरिएको राशि – *त्यक्त*] | 251 |
| [३९१. | कतिपय आकस्मिक अवस्थामा पहिलो अनि चौथो अनुसूची संशोधन गर्ने राष्ट्रपतिको शक्ति – *त्यक्त*] | 251 |
| ३९२. | कठिनता हटाउने राष्ट्रपतिको शक्ति | 251 |


## भाग २२
## सङ्क्षिप्त नाम, लागु, हिन्दीमा प्राधिकृत पाठ अनि निरस्तीकरण


| | | |
|---|---|---|
| ३९३. | सङ्क्षिप्त नाम | 252 |
| ३९४. | लागु | 252 |
| ३९४क. | हिन्दी भाषामा प्राधिकृत पाठ | 252 |
| ३९५. | निरस्तीकरण | 252 |


## अनुसूचीहरू

### पहिलो अनुसूची


१. राज्यहरू 253

२. केन्द्रशासित प्रदेशहरू 260


### दोस्रो अनुसूची


भाग–क–राष्ट्रपति अनि राज्यका राज्यपालका सम्बन्धमा प्रावधानहरू 263

भाग–ख–[*त्यक्त*] 263

भाग–ग–लोकसभाका अध्यक्ष र उपाध्यक्ष अनि राज्यसभाका सभापति र उपसभापति अनि राज्यको विधानसभाका अध्यक्ष र उपाध्यक्ष तथा विधानपरिषद्का सभापति र उपसभापतिका सम्बन्धमा प्रावधानहरू 264

घ–भाग– सर्वोच्च न्यायालय अनि उच्च न्यायालयका न्यायाधीशहरूका सम्बन्धमा प्रावधानहरू 265

ङ–भाग–भारतका नियन्त्रक-महालेखा परीक्षकका सम्बन्धमा प्रावधानहरू 268

**तेस्रो अनुसूची**– शपथ अथवा अभिपुष्टिका ढाँचा 269

अनुच्छेद पृष्ठ

**चौथो अनुसूची–** राज्यसभामा आसनहरूको आवण्टन 273

**पाँचौं अनुसूची–**

अनुसूचित क्षेत्र अनि अनुसूचित जनजातिहरूको प्रशासन अनि नियन्त्रणका सम्बन्धमा प्रावधानहरू 276

क–भाग–सामान्य 276

ख–भाग–अनुसूचित क्षेत्र अनि अनुसूचित जनजातिहरूको प्रशासन अनि नियन्त्रण 276

ग–भाग–अनुसूचित क्षेत्रहरू 278

घ–भाग–अनुसूचीको संशोधन 279

**छैटौं अनुसूची–**

असम, मेघालय, त्रिपुरा अनि मिजोरम राज्य]-का जनजाति क्षेत्रका प्रशासनका सम्बन्धमा प्रावधान। 280

**सातौँ अनुसूची**

सूची I– सङ्घ सूची 310

सूची II– राज्य सूची 317

सूची III– समवर्ती सूची 321

**आठौँ अनुसूची–** भाषाहरू 325

**नवौँ अनुसूची–** कतिपय अधिनियम अनि विनियमहरूको विधिमान्यकरण 327

**दसौँ अनुसूची–** दल परिवर्तनका आधारमा अयोग्यताका सम्बन्धमा प्रावधान 345

**एघारौँ अनुसूची–** पञ्चायतहरूका शक्ति, प्राधिकार अनि उत्तरदायित्वहरू 349

**बाह्रौँ अनुसूची–** नगरपालिकाहरूका शक्ति, प्राधिकार अनि उत्तरदायित्वहरू 350

## परिशिष्टहरू

**परिशिष्ट १–** संविधान (एक सयौँ संशोधन) अधिनियम, २०१५ 351

**परिशिष्ट २–** संविधान (जम्मू अनि कश्मीरमा अनुप्रयोग) आदेश, २०१९ 370

**परिशिष्ट ३–** संविधानको अनुच्छेद ३७० (३) अन्तर्गत घोषणा 371

# भारतको संविधान

## प्रस्तावना

हामी भारतका जनता भारतलाई एउटा [1][सार्वभौमसत्ता सम्पन्न समाजवादी धर्मनिरपेक्ष लोकतन्त्रात्मक गणराज्य] बनाउनका लागि तथा यसका सबै नागरिकलाई

सामाजिक, आर्थिक अनि राजनैतिक **न्याय,**

विचार, अभिव्यक्ति, विश्वास, आस्था अनि उपासनाको **स्वतन्त्रता,**

प्रतिष्ठा अनि अवसरको **समानता**

प्राप्त गराउनका लागि तथा उनीहरूबिच व्यक्तिको गरिमा

अनि [2][राष्ट्रको एकता अनि अखण्डता] सुनिश्चित गर्ने **भ्रातृत्व** बढाउनका लागि

दृढसङ्कल्प भएर हाम्रो यस संविधान सभामा आज इसवीय मिति २६ नोभेम्बर १९४९-मा यसद्वारा यो संविधान अङ्गीकरण, अधिनियमन अनि आत्मार्पण गर्दछौँ।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २-द्वारा (३.१.१९७७-देखि) ‘‘**सार्वभौमसत्ता सम्पन्न लोकतन्त्रात्मक गणराज्य**’’ का स्थानमा प्रतिस्थापित।

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २-द्वारा (३.१.१९७७-देखि) ‘‘राष्ट्रको एकता’’-का स्थानमा प्रतिस्थापित।

# भाग १

# सङ्घ अनि यसको राज्यक्षेत्र

**१. सङ्घको नाम अनि राज्यक्षेत्र**– (१) भारत अर्थात् इण्डिया राज्यहरूको सङ्घ हुने छ।

[1][(२) राज्य अनि यसका राज्य क्षेत्रहरू पहिलो अनुसूचीमा विनिर्देश गरिएअनुसार हुने छन्।]

(३) भारतका राज्यक्षेत्रमा–

(क) राज्यहरूका राज्यक्षेत्र;

[2][(ख) पहिलो अनुसूचीमा विनिर्दिष्ट सङ्घ राज्यक्षेत्र अनि]

(ग) अर्जन गरिने अन्य राज्यक्षेत्रहरू

–समाविष्ट हुने छन्।

**२. नयाँ राज्यको अन्तर्भुक्ति वा स्थापना**– संसद्ले विधिद्वारा आफूले उपयुक्त ठानेका नियम अनि सर्तहरूका आधारमा सङ्घमा नयाँ राज्यहरू अन्तर्भुक्त गराउन अथवा तिनको स्थापना गर्न सक्ने छ।

[3][**२क.** [सिक्किम सङ्घसँग सम्बद्ध हुनु।] संविधान (छत्तीसौँ संशोधन) अधिनियम, १९७५-को धारा ५-द्वारा (२६.४.१९७५-देखि)....त्यक्त।]

**३. नयाँ राज्यहरूको निर्माण अनि वर्तमान राज्यहरूका क्षेत्र, सीमा अथवा नामहरूमा परिवर्तन** –संसद्ले विधिद्वारा–

(क) कुनै राज्यबाट त्यसको राज्यक्षेत्र छुट्याएर अथवा दुई अथवा अधिक राज्यहरू अथवा राज्यका भागहरूको एकीकरण गरेर अथवा कुनै राज्य क्षेत्रलाई कुनै राज्यको कुनै भागसित एकीकरण गरेर नयाँ राज्य निर्माण गर्न सक्ने छ;

(ख) कुनै राज्यको क्षेत्र बढाउन सक्ने छ;

(ग) कुनै राज्यको क्षेत्र घटाउन सक्ने छ;

(घ) कुनै राज्यका सीमाहरू परिवर्तन गर्न सक्ने छ;

(ङ) कुनै राज्यको नाम परिवर्तन गर्न सक्ने छ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २-द्वारा (१.११.१९५६-देखि) खण्ड (२) का स्थानमा प्रतिस्थापित।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २-द्वारा (१.११.१९५६-देखि) उपखण्ड (ख) का स्थानमा प्रतिस्थापित।

[3] संविधान (पैतीसौँ संशोधन) अधिनियम, १९७४-को धारा २-द्वारा (१.३.१९७५-देखि) अन्तः स्थापित।

[1][यद्यपि विधेयकमा समाविष्ट प्रस्तावले राज्यहरूमध्ये [2]*** कुनै पनि राज्यको क्षेत्र, सीमा वा नामलाई प्रभावित नगरेसम्म राष्ट्रपतिले सो निर्देशमा विनिर्दिष्ट अवधिभित्र वा राष्ट्रपतिले अनुमति दिन सक्ने थप अवधि भित्र आफ्नो विचार व्यक्त गर्नका लागि सो विधेयक राज्यको विधायिकामा निर्देशित नगरेसम्म र यस प्रकार विनिर्दिष्ट वा अनुमति दिइएको अवधि समाप्त नभएसम्म राष्ट्रपतिको अनुमोदनबाहेक संसद्को कुनै पनि सदनमा यस प्रयोजनका लागि कुनै पनि विधेयक पुरस्थापन गरिने छैन।]

[3][*स्पष्टीकरण १*– यस अनुच्छेदको खण्ड (क)-देखि खण्ड (ङ)-सम्म “राज्य” पद अन्तर्गत केन्द्रशासित प्रदेश समाविष्ट छ तर उपबन्धमा “राज्य” अन्तर्गत केन्द्रशासित प्रदेश समाविष्ट छैन।]

*स्पष्टीकरण २*– खण्ड (क)- द्वारा संसद्लाई दिइएको शक्तिमा कुनै राज्य अथवा केन्द्रशासित प्रदेशको कुनै भागलाई कुनै अन्य राज्य अथवा केन्द्रशासित प्रदेशसित जोडेर नयाँ राज्य अथवा केन्द्रशासित प्रदेश निर्माण गर्ने शक्ति समाविष्ट छ।]

**४. पहिलो अनुसूची अनि चौथो अनुसूचीको संशोधन तथा अनुपूरक, आनुषङ्गिक अनि पारिणामिक विषयहरूको प्रावधान गर्नाका लागि अनुच्छेद २ अनि अनुच्छेद ३ अन्तर्गत बनाइएका विधिहरू**– (१) अनुच्छेद २ अथवा अनुच्छेद ३-मा निर्दिष्ट कुनै विधिमा पहिलो अनुसूची अनि चौथो अनुसूचीको संशोधनका लागि विधिका प्रावधानहरूलाई प्रभावकारी बनाउनका लागि आवश्यक प्रावधान समाविष्ट हुने छन् तथा संसद्ले आवश्यक ठानेका अनुपूरक, आनुषङ्गिक अनि पारिणामिक प्रावधान (जस अन्तर्गत संसद्मा तथा यस्ता विधिबाट प्रभावित राज्य अथवा राज्यहरूका विधायिका अनि विधायिकाहरूमा प्रतिनिधित्वका विषयसित सम्बन्धित प्रावधान समाविष्ट छन्) पनि समाविष्ट हुन सक्ने छन्।

(२) पूर्वोक्त कुनै पनि विधिलाई अनुच्छेद ३६८-का प्रयोजनका लागि यस संविधानको संशोधन ठानिने छैन।

---

[1] संविधान (पाँचौँ संशोधन) अधिनियम, १९५५-को धारा २-द्वारा (२४.१२.१९५५-देखि) उपबन्धका स्थानमा प्रतिस्थापित।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) “पहिलो अनुसूचीको भाग ‘क’ तथा भाग ‘ख’ मा विनिर्दिष्ट शब्द अनि अक्षरहरू त्यक्त।

[3] संविधान (आठौँ संशोधन) अधिनियम, १९६६-को धारा २-द्वारा (२७.८.१८६६-देखि) अन्तः स्थापित।

# भाग २

# नागरिकता

**५. संविधान लागु हुँदा नागरिकता**–यो संविधान लागु हुँदा भारतको राज्यक्षेत्रमा बसोबास गरिरहेका अनि–

(क) भारतको राज्यक्षेत्रमा जन्मिएका वा

(ख) आफ्ना माता वा पितामध्ये कोही भारतको राज्यक्षेत्रमा जन्मिएका वा

(ग) संविधान लागु हुनुभन्दा तुरुन्त अघि कम्तीमा पाँच वर्षसम्म भारतको राज्यक्षेत्रभित्र सामान्य रूपले बसोबास गरेका

–प्रत्येक व्यक्ति भारतका नागरिक हुने छन्।

**६. पाकिस्तानबाट भारतमा बसाइँ सरेका केही व्यक्तिहरूका नागरिकताका अधिकार**– अनुच्छेद ५-मा जुनसुकै कुरा भए तापनि अहिले पाकिस्तानमा पर्ने राज्यक्षेत्रबाट भारतको राज्यक्षेत्रमा बसाइँ सरेको कुनै पनि व्यक्तिलाई –

(क) ऊ अथवा उसका माता अथवा पितामध्ये कोही अथवा उसका बाजे वा बज्यै वा मावली बाजे वा मावली बज्यैमध्ये कोही (मूल रूपमा यथा अधिनियमित) भारत शासन अधिनियम, १९३५ अन्तर्गत परिभाषित भारतमा जन्मिएका खण्डमा; अनि

(ख) (i) यस्तो व्यक्ति १९ जुलाई १९४८ भन्दा अघि यसरी प्रवासित भएपछि आफू प्रवासित भएको मितिदेखि भारतको राज्य क्षेत्रमा सामान्य रूपमा बसोबास गरिरहेका स्थितिमा, अथवा

(ii) १९ जुलाई १९४८-का दिन वा त्यसपछि यस प्रकारले प्रवासित भएपछि सो व्यक्तिले नागरिकता पाउनका लागि भारत अधिराज्यको सरकारद्वारा तोकिएको प्ररूपमा र ढाँचा अनुसार यो संविधान लागु हुनुभन्दा अघि सरकारद्वारा यसका निम्ति नियुक्त अधिकारीसमक्ष आवेदन गरेर ती अधिकारीद्वारा भारतका नागरिकका रूपमा पञ्जीकृत भएका स्थितिमा–यो संविधान लागु हुँदा भारतको नागरिक मानिने छ:

यद्यपि, कुनै व्यक्ति आवेदन गरेको मितिदेखि तत्काल अघि कम्तीमा छ महिना भारतको राज्य क्षेत्रमा बसोबास गरेको छैन भने त्यस्तो व्यक्तिलाई यस प्रकार पञ्जीकृत गरिने छैन।

**७. पाकिस्तानमा बसाइँ सरेका केही व्यक्तिहरूका नागरिकताका अधिकार**– अनुच्छेद ५ र अनुच्छेद ६-मा जुनसुकै कुरा भए तापनि १-मार्च १९४७ पछि भारतको राज्य क्षेत्रबाट अहिले पाकिस्तानमा अन्तर्भुक्त राज्य क्षेत्रमा बसाइँ सरेको कुनै पनि व्यक्तिलाई भारतको नागरिक मानिने छैन:

यद्यपि अहिले पाकिस्तानमा अन्तर्भुक्त राज्यक्षेत्रमा यस प्रकार बसाइँ सरेपछि कुनै विधिको प्राधिकारद्वारा वा त्यस अन्तर्गत पुनर्वास अथवा स्थायी रूपमा फर्कनका लागि जारी गरिएको अनुज्ञाअनुसार भारतको राज्यक्षेत्रमा फर्केर आएका कुनै पनि व्यक्तिमाथि यस अनुच्छेदको कुनै कुरा लागु हुने छैन अनि अनुच्छेद ६-को खण्ड (ख)-का प्रयोजनहरूका निम्ति त्यस्तो प्रत्येक व्यक्तिलाई १९ जुलाई १९४८ पछि भारतको राज्यक्षेत्रमा बसाइँ सरेको मानिने छ।

**८. भारत बाहिर बसोबास गर्ने भारतीय मूलका केही व्यक्तिहरूका नागरिकताका अधिकार**– अनुच्छेद ५-मा जुनसुकै कुरा भए तापनि (मूल रूपमा यथा अधिनियमित) भारत शासन अधिनियम, १९३५-मा परिभाषित भारतमा कोही व्यक्ति अथवा सो व्यक्तिका माता पितामध्ये कोही अथवा बाजे वा बज्यै वा मावली बाजे वा मावली बज्यैमध्ये कोही जन्मिएका छन् भने अनि सो व्यक्ति यस प्रकार परिभाषित भारतदेखि बाहिर कुनै देशमा सामान्य रूपमा बसोबासो गरिरहेको छ भने सो व्यक्तिले भारतको नागरिकता प्राप्तिका लागि यो संविधान लागु हुनअघि अथवा पछि उनी तत्समय बसोबास गरिरहेका देशका भारतका राजनयिक वा वाणिज्य दूतावास प्रतिनिधिसमक्ष भारत अधिराज्यको सरकारद्वारा अथवा भारत सरकारद्वारा निर्धारण गरिएको प्ररूपमा र रीतिअनुसार आवेदन गर्दा त्यस्ता भारतका राजनयिक वा वाणिज्य दूतावास प्रतिनिधिद्वारा उनलाई भारतका नागरिकका रूपमा पञ्जीकृत गरिएका खण्डमा उनलाई भारतको नागरिक मानिने छ।

**९. विदेशी राष्ट्रको नागरिकता स्वेच्छाले प्राप्त गर्ने व्यक्तिहरू नागरिक नहुनु**– कुनै व्यक्तिले कुनै विदेशी राष्ट्रको नागरिकता स्वेच्छाले प्राप्त गरेका खण्डमा सो व्यक्ति अनुच्छेद ५-का आधारमा भारतको नागरिक हुने छैन अथवा अनुच्छेद ६ अथवा अनुच्छेद ८-का आधारमा उसलाई भारतको नागरिक ठानिने छैन।

**१०. नागरिकताका अधिकारहरूको निरन्तरता**– यस भागका पूर्वोल्लिखित प्रावधानहरूमध्ये कुनै पनि प्रावधान अन्तर्गत रही भारतको नागिरक भएको अथवा ठानिएको प्रत्येक व्यक्ति संसद्द्वारा बनाइने विधिका प्रावधानहरूका अधीनमा रही भारतको नागरिक रहिरहने छ।

**११. संसद्ले नागरिकताको अधिकार विधिद्वारा विनियमन गर्नु**– यस भागका पूर्वोल्लिखित प्रावधानहरूको कुनै पनि कुराले नागरिकता ग्रहण अनि निरस्तीकरण तथा नागरिकतासित सम्बन्धित अरू सबै विषयका सम्बन्धमा प्रावधान गर्ने संसद्को शक्तिको न्यूनीकरण गर्ने छैन।

# भाग ३
# मौलिक अधिकार

*सामान्य*

**१२. परिभाषा**–सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म यस भागमा "राज्य" पद अन्तर्गत भारतको सरकार अनि संसद् तथा प्रत्येक राज्यका सरकार अनि विधायिका तथा भारतको राज्यक्षेत्रभित्र अथवा भारत सरकारको नियन्त्रणमा रहेका सम्पूर्ण स्थानीय अनि अन्य प्राधिकारीहरू समाविष्ट छन्।

**१३. मौलिक अधिकारसँग असङ्गत अथवा तिनको न्यूनीकरण गर्ने विधिहरू**– (१) यो संविधान लागु हुन तत्काल अघि भारतको राज्यक्षेत्रमा प्रवृत्त सम्पूर्ण विधिहरू यस भागका प्रावधानहरूसँग असङ्गत भएको सीमासम्म निष्क्रिय हुने छन्।

(२) यस भागद्वारा दिइएका अधिकारहरू खोस्ने अथवा न्यून गर्ने कुनै विधि राज्यले बनाउने छैन अनि यस खण्डलाई उल्लङ्घन गरी बनाइएको प्रत्येक विधि उल्लङ्घनको सीमासम्म निष्क्रिय हुने छ।

(३) सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म यस अनुच्छेदमा –

(क) "विधि" अन्तर्गत भारतका राज्यक्षेत्रमा विधिको शक्ति भएको कुनै पनि अध्यादेश, आदेश, उपविधि, नियम, विनियम, अधिसूचना, रीतिथिती अथवा प्रथा समाविष्ट हुँदछन्;

(ख) "प्रवृत्त विधि" अन्तर्गत भारतका राज्यक्षेत्रमा कुनै विधायिका अथवा अन्य सक्षम प्राधिकारीद्वारा यो संविधान लागु हुनअघि पारित गरिएका अथवा बनाइएका र पहिले नै रद्द नगरिएका विधि समाविष्ट हुँदछन् चाहे त्यस्तो कुनै विधि अथवा त्यसको कुनै भाग त्यस समय सम्पूर्ण अथवा विशिष्ट क्षेत्रहरूमा सञ्चालनमा नरहेको नै किन नहोस्।

[1][(४) यस अनुच्छेदको कुनै पनि कुरा यस संविधानको अनुच्छेद ३६८ अन्तर्गत गरिएको कुनै पनि संशोधनमा लागु हुने छैन।]

*समानताको अधिकार*

**१४. विधिसमक्ष समानता**– राज्यले भारतको राज्यक्षेत्रभित्र कुनै पनि व्यक्तिलाई विधिसमक्ष समानता अथवा विधिहरूको समान संरक्षणबाट वञ्चित गर्ने छैन।

**१५. धर्म, जाति, जात, लिङ्ग अथवा जन्मस्थानका आधारमा गरिने विभेदमाथि प्रतिबन्ध**– (१) राज्यले कुनै पनि नागरिक विरुद्ध केवल धर्म, जाति, जात, लिङ्ग अथवा जन्मस्थान अथवा यी मध्ये कुनै पनि आधारमा विभेद गर्ने छैन।

(२) कुनै पनि नागरिक केवल धर्म, जाति, जात, लिङ्ग अथवा जन्मस्थान अथवा यी मध्ये कुनै पनि आधारमा–

---

[1] संविधान (चौबीसौँ संशोधन) अधिनियम, १९७१-को धारा २-द्वारा (५.११.१९७१-देखि) अन्तः स्थापित।

(क) दोकान, सार्वजनिक भोजनालय, होटल अनि सार्वजनिक मनोरञ्जनका स्थानहरूमा प्रवेश अथवा

(ख) पूर्णतः अथवा आंशिक रूपमा राज्य कोषद्वारा पोषित अथवा सामान्य जनताको प्रयोगका लागि समर्पित कुवा, तलाउ, स्नानघाट, सडक अनि सार्वजनिक समागमका स्थानहरूको उपयोग –का सम्बन्धमा कुनै पनि अयोग्यता, दायित्व, निषेध अथवा सर्त अधीन हुने छैन।

(३) यस अनुच्छेदमा भएको कुनै पनि कुराले राज्यलाई नारीहरू तथा बालबालिकाका लागि कुनै विशेष प्रावधान बनाउन प्रतिबन्ध लगाउने छैन।

[1][(४) यस अनुच्छेदको वा अनुच्छेद २९-को खण्ड (२) को कुनै पनि कुराले राज्यलाई सामाजिक र शैक्षिक रूपमा पछाडिएका नागरिकहरूका कुनै पनि वर्गको उन्नतिका निम्ति वा अनुसूचित जाति र जनजातिका निम्ति कुनै विशेष प्रावधान बनाउन प्रतिबन्ध लगाउने छैन]

[2][(५) अनुच्छेद ३० को खण्ड १-मा उल्लिखित अल्पसङ्ख्यक शैक्षिक संस्थानहरूबाहेक राज्यबाट सहायता प्राप्त गरेका वा नगरेका निजी शैक्षिक संस्थान लगायतका शैक्षिक संस्थानहरूमा सामाजिक अनि शैक्षिक रूपमा पछाडिएका नागरिकहरूको अथवा अनुसूचित जाति वा जनजातिको भर्नासँग कुनै विशेष प्रावधान सम्बन्धित रहेसम्म यस अनुच्छेदको वा अनुच्छेद १९-को खण्ड (१) को उपखण्ड (छ) को कुनै कुराले राज्यलाई सामाजिक अनि शैक्षिक रूपमा पछाडिएका नागरिकहरूको उन्नतिका लागि अथवा अनुसूचित जाति वा जनजातिका लागि विधिद्वारा विशेष प्रावधान बनाउन प्रतिबन्ध लगाउने छैन।

[3][(६) यस अनुच्छेद वा अनुच्छेद १९-को खण्ड (१) को खण्ड (ज) वा अनुच्छेद २९-को खण्ड (२) को कुनै पनि कुराले राज्यलाई—

(क) खण्ड (४) र (५)-मा उल्लिखित वर्गबाहेक अन्य आर्थिक रूपमा कमजोर नागरिकहरूको उन्नतिका लागि कुनै विशेष प्रावधान र

(ख) अनुच्छेद ३० को खण्ड १-मा उल्लिखित अल्पसङ्ख्यक शैक्षिक संस्थानहरूबाहेक राज्यबाट सहायता प्राप्त गरेका वा नगरेका निजी शैक्षिक संस्थान लगायतका शैक्षिक संस्थानहरूमा खण्ड (४) र (५)-मा उल्लिखित वर्गहरूबाहेक आर्थिक रूपमा कमजोर कुनै पनि वर्गका नागरिकहरूको भर्नासँग कुनै विशेष प्रावधान सम्बन्धित रहेसम्म खण्ड (४) र (५)-मा उल्लिखित वर्गहरूबाहेक आर्थिक रूपमा कमजोर कुनै पनि वर्गका नागरिकहरूको उन्नतिका लागि, आरक्षणका स्थितिमा विद्यमान आरक्षण अतिरिक्त हुने अनि प्रत्येक वर्गका कुल आसनको अधिकतम दस प्रतिशतभित्र रहने सो विशेष प्रावधान–बनाउन प्रतिबन्ध लगाउने छैन।

---

[1] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा २-द्वारा (१८.६.१९५१-देखि) जोडियो/संयोजित।

[2] संविधान (तीरानब्बेऔँ संशोधन) अधिनियम, २००५-को धारा २-द्वारा (२०.१. २००६-देखि) अन्तःस्थापित।

[3] संविधान (एक सय तीनौँ संशोधन) अधिनियम,२०१९-को धारा २-द्वारा (१४.१.२०१९-देखि) अन्तःस्थापित।

*स्पष्टीकरण*—यस अनुच्छेद र अनुच्छेद १६-को प्रयोजनका लागि, "आर्थिक रूपमा कमजोर वर्गहरू" समय समयमा पारिवारिक आय र आर्थिक विपन्नताका अन्य सूचकहरूका आधारमा राज्यद्वारा अधिसूचित गरिए अनुसार हुने छन् ।]

**१६. सरकारी रोजगारका विषयमा अवसरको समानता**– (१) राज्य अधीनस्थ कुनै पदमा रोजगार अथवा नियुक्तिसित सम्बन्धित विषयहरूमा सबै नागरिकका लागि अवसरको समानता हुने छ ।

(२) राज्य अधीनस्थ कुनै रोजगार अथवा पदका सम्बन्धमा केवल धर्म, जाति, जात, लिङ्ग, कुल, जन्मस्थान, निवास अथवा यी मध्ये कुनै पनि आधारमा न कुनै नागरिक अयोग्य हुने छ न त सो नागरिक विरुद्ध कुनै विभेद नै गरिने छ ।

(३) [1][राज्य वा केन्द्रशासित प्रदेशभित्रको सरकार वा त्यहाँको कुनै स्थानीय वा अन्य प्राधिकारीका अधीनमा रहने रोजगारीको वर्ग वा वर्गहरू वा कुनै पदमा हुने नियुक्तिका सम्बन्धमा त्यस्तो रोजगारी वा नियुक्तिभन्दा पहिले सो राज्य अथवा केन्द्रशासित प्रदेशमा बसोबासो हुनु पर्ने विषयक कुनै आवश्यकता विहित गर्ने विधि बनाउने सम्बन्धमा] यस अनुच्छेदको कुनै पनि कुराले संसद्माथि प्रतिबन्ध लगाउने छैन ।

(४) राज्यका विचारमा राज्य अन्तर्गतका सेवाहरूमा नागरिकहरूको कुनै पनि पछाडिएका वर्गको पर्याप्त रूपमा प्रतिनिधित्व नभएको हुँदा उनीहरूका पक्षमा नियुक्ति वा पदहरूको आरक्षणका लागि कुनै पनि प्रावधान गर्नबाट यस अनुच्छेदको कुनै पनि कुराले राज्यमाथि प्रतिबन्ध लगाउने छैन ।

[2][(४क) राज्यका विचारमा राज्य अधीनस्थ सेवाहरूमा अनुसूचित जाति तथा अनुसूचित जनजातिको पर्याप्त रूपमा प्रतिनिधित्व नभएको हुँदा उनीहरूका पक्षमा [3][पारिणामिक ज्येष्ठतासहित सेवाका कुनै वर्ग वा वर्गहरूका पदहरूमा पदोन्नतिका विषयमा] आरक्षणका लागि प्रावधान गर्नबाट यस अनुच्छेदको कुनै पनि कुराले कुनै पनि राज्यमाथि प्रतिबन्ध लगाउने छैन ।]

[4][(४ख) यस अनुच्छेदको कुनै पनि कुराले खण्ड (४) वा (४क) अन्तर्गत गरिएको आरक्षणको कुनै व्यवस्था अन्तर्गत उही वर्ष पूर्ति गर्न आरक्षित कुनै वर्षका कुनै पनि रिक्त पदहरूलाई आगामी कुनै पनि वर्ष वा वर्षहरूमा नियुक्तिका निम्ति रिक्त पदको छुट्टै वर्गका रूपमा विचार गर्न राज्यलाई प्रतिबन्धित गर्ने छैन र सो वर्षको रिक्त पदको मोठ सङ्ख्याको पचास प्रतिशत आरक्षणको सीमा निर्धारण गर्न पद पूर्ति हुन लागेको वर्षका रिक्त पदसँग त्यस्तो वर्गलाई एकसाथ विचार गरिने छैन ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा ( १.११.१९५६-देखि) "पहिलो अनुसूचीमा विनिर्दिष्ट कुनै पनि राज्य अथवा त्यसको क्षेत्रभित्र रहेको कुनै पनि स्थानीय वा अन्य प्राधिकारी अन्तर्गत सो राज्यभित्र बसोबासोको कुनै पनि आवश्यकता" का स्थानमा प्रतिस्थापित ।

[2] संविधान(सतहत्तरौँ संशोधन) अधिनियम, १९९५-को धारा २-द्वारा (१७.६ .१९९५-देखि) अन्तःस्थापित ।

[3] संविधान(पचासीऔँ संशोधन) अधिनियम, २००१-को धारा २-द्वारा (१७.६ .१९९५-देखि) (पूर्व प्रभावसहित) केही शब्दका स्थानमा प्रतिस्थापित ।

[4] संविधान (एकासीऔँ संशोधन ) अधिनियम, २०००-को धारा २-द्वारा (९.६.२०००-देखि) अन्तःस्थापित ।

(५) यस अनुच्छेदको कुनै पनि कुराले कुनै धार्मिक अथवा साम्प्रदायिक संस्थाका कार्यकलापसित सम्बन्धित कुनै पदधारी अथवा सो संस्थाको सञ्चालन समितिको कुनै सदस्य कुनै विशेष धर्मावलम्बी अथवा विशेष सम्प्रदायको हुने छ भनेर प्रावधान गर्ने कुनै विधिको प्रयोगमा प्रभाव पार्ने छैन।

[1][(६) यस अनुच्छेदको कुनै पनि कुराले खण्ड (४)-मा उल्लिखित वर्गहरू छाडी आर्थिक रूपमा दुर्बल कुनै पनि वर्गका नागरिकहरूका पक्षमा विद्यमान आरक्षण अतिरिक्त अनि प्रत्येक श्रेणीका पदहरूको अधिकतम दस प्रतिशतका अधीनमा रही नियुक्ति अथवा पदहरूको आरक्षणका लागि प्रावधान बनाउन राज्यलाई प्रतिबन्धित गर्ने छैन।]

**१७. अस्पृश्यताको उन्मूलन**– "अस्पृश्यता" उन्मूलन गरिएको छ अनि कुनै पनि रूपमा यसको आचरण निषिद्ध गरिएको छ। "अस्पृश्यता"जन्य कुनै पनि अयोग्यता लागु गर्नु विधिअनुसार दण्डनीय अपराध हुने छ।

**१८. उपाधिहरूको उन्मूलन**– (१) राज्यले सेनासम्बन्धी अथवा प्राज्ञिक सम्मानबाहेक अरू कुनै उपाधि प्रदान गर्ने छैन।

(२) भारतको कुनै पनि नागरिकले कुनै विदेशी राज्यबाट कुनै उपाधि स्वीकार गर्ने छैन।

(३) भारतको नागरिक नरहेको कुनै व्यक्तिले राज्यका अधीनमा लाभ अथवा विश्वासको कुनै पद धारण गरिरहँदा कुनै विदेशी राज्यबाट कुनै उपाधि राष्ट्रपतिको अनुमतिबिना स्वीकार गर्ने छैन।

(४) राज्यका अधीनमा लाभ अथवा विश्वासको पद धारण गरिरहेको कुनै व्यक्तिले कुनै विदेशी राज्यबाट अथवा सो अधीन कुनै पनि प्रकारको कुनै उपहार, पारिश्रमिक वा पद राष्ट्रपतिको अनुमति बिना स्वीकार गर्ने छैन।

### *स्वतन्त्रताको अधिकार*

**१९. वाक् स्वतन्त्रता आदि विषयक कतिपय अधिकारहरूको संरक्षण**– (१) सबै नागरिकहरूलाई–

(क) वाक् स्वतन्त्रता अनि अभिव्यक्ति स्वतन्त्रताको;

(ख) शान्तिपूर्वक अनि हात हतियारबिना भेला हुने;

(ग) संस्था तथा सङ्घ [2] [वा सहकारी समितिहरू] बनाउने;

(घ) भारतका राज्यक्षेत्रमा स्वतन्त्रतापूर्वक विचरण गर्ने;

---

[1] संविधान (एक सय तीनौँ संशोधन) अधिनियम, २०१९-को धारा ३-द्वारा (१४.१.२०१९-देखि) अन्तःस्थापित।

[2] संविधान (सन्तानब्बेऔँ संशोधन) अधिनियम, २०११-को धारा २-द्वारा (८.२.२०१२)-**देखि** अन्तःस्थापित।

(ङ) भारतको राज्यक्षेत्रका कुनै पनि भागमा निवास गर्ने र स्थायी बसोबास गर्ने; [1][अनि]

[2][(च)* * * * *]

(छ) कुनै वृत्ति, जीविका, व्यापार, व्यवसाय गर्ने

–अधिकार हुने छ।

[3][(२) खण्ड (१) को उपखण्ड (क) को कुनै कुराले [भारतको सार्वभौमसत्ता अनि अखण्डता], राज्यको सुरक्षा, विदेशी राज्यहरूसित मैत्रीपूर्ण सम्बन्धहरू, लोक व्यवस्था, शिष्टाचार अथवा सदाचारका हितमा अथवा न्यायालयको अवमानना, मानहानि अथवा अपराध गर्न दुरुत्साहित गर्ने सम्बन्धमा उक्त उपखण्डद्वारा प्रदान गरिएको अधिकारको प्रयोगमाथि कुनै विद्यमान विधिले युक्तियुक्त निषेध आरोप गरेसम्म त्यस्तो विधिको प्रयोगमा कुनै प्रभाव पार्ने छैन अथवा त्यस्तै निषेध आरोप गर्ने कुनै विधि बनाउन राज्यलाई प्रतिबन्धित गर्ने छैन।]

(३) उक्त खण्डको उपखण्ड (ख) को कुनै कुराले [4][भारतको सार्वभौमसत्ता अनि अखण्डता अथवा] लोक व्यवस्थाका हितमा उक्त उपखण्डद्वारा प्रदान गरिएको अधिकारको प्रयोगमा कुनै विद्यमान विधिले युक्तियुक्त निषेध आरोप गरेसम्म सो विधिको प्रयोगमा प्रभाव पार्ने छैन अथवा त्यस्तै निषेध आरोप गर्ने कुनै विधि बनाउने कुरामा राज्यलाई प्रतिबन्धित गर्ने छैन।

(४) उक्त खण्डको उपखण्ड (ग) को कुनै कुराले [4][भारतको सार्वभौमसत्ता अनि अखण्डता अथवा] लोक व्यवस्था अथवा सदाचारका हितमा उक्त उपखण्डद्वारा दिइएका अधिकारका प्रयोगमा कुनै विद्यमान विधिले युक्तियुक्त निषेध आरोप गरेसम्म सो विधिको प्रयोगमा कुनै प्रभाव पार्ने छैन अथवा त्यस्तै निषेध आरोप गर्ने कुनै विधि बनाउन राज्यलाई प्रतिबन्धित गर्ने छैन।

(५) उक्त खण्डका [5][उपखण्ड (घ) अनि उपखण्ड (ङ) को कुनै कुराले सामान्य जनताका हितमा अथवा कुनै अनुसूचित जनजातिका हितको संरक्षणका लागि उक्त उपखण्डहरूद्वारा दिइएका अधिकारहरूको प्रयोगमा कुनै विद्यमान विधिले युक्तियुक्त निषेध आरोप गरेसम्म सो विधिको प्रयोगमा कुनै प्रभाव पार्ने छैन अथवा त्यस्तो निषेध आरोपित गर्ने कुनै विधि बनाउन राज्यलाई प्रतिबन्धित गर्ने छैन।

---

[1] संविधान ( चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २-द्वारा (२०.६.१९७९-देखि) अन्तःस्थापित।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २-द्वारा (२०.६.१९७९-देखि) उपखण्ड (च) त्यक्त।

[3] संविधान (पहिलो संशोधन) अधिनियम,१९५१-को धारा ३-द्वारा (पूर्वप्रभावसहित) खण्ड (२) का स्थानमा प्रतिस्थापित।

[4] संविधान (सोह्रौँ संशोधन) अधिनियम, १९६३-को धारा २-द्वारा (५.१०.१९६३-देखि) अन्तःस्थापित।

[5] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २-द्वारा (२०.६.१९७९-देखि) "उपखण्ड (घ), उपखण्ड (ङ) अनि उपखण्ड (च)" का स्थानमा प्रतिस्थापित।

(६) उक्त खण्डको उपखण्ड (छ) को कुनै कुराले सामान्य जनताका हितमा उपखण्डद्वारा दिइएका अधिकारका प्रयोगमा कुनै विद्यमान विधिले युक्तियुक्त निषेध आरोप गरेसम्म सो विधिको प्रयोगमा कुनै प्रभाव पार्ने छैन अथवा त्यस्तो निषेध आरोप गर्ने कुनै विधि बनाउनबाट राज्यलाई प्रतिबन्धित गर्ने छैन अनि विशेष गरी [1][उक्त उपखण्डको कुनै कुराले–

(i) कुनै वृत्ति चलाउनका लागि अथवा कुनै जीविका चलाउन, व्यापार, व्यवसाय गर्नका लागि आवश्यक वृत्तिसम्बन्धी अथवा प्राविधिक योग्यताहरूसँग; अथवा

(ii) राज्यद्वारा अथवा राज्यका स्वामित्वमा अथवा नियन्त्रणमा रहेको कुनै निगमद्वारा नागरिकहरूलाई पूर्ण रूपमा अथवा आंशिक रूपमा बाहिर राखेर अथवा अन्यथा कुनै व्यापार, कारोबार, उद्योग अथवा सेवा चलाउने कुरासँग;

–कुनै विद्यमान विधिले सम्बन्ध राखेसम्म सो विधिको प्रयोगमा प्रभाव पार्ने छैन अथवा यस्तो सम्बन्ध राख्ने कुनै पनि विधि बनाउन राज्यलाई प्रतिबन्धित गर्ने छैन।]

**२०. अपराध गर्दा हुने दोषसिद्धिका सम्बन्धमा संरक्षण** – (१) कुनै व्यक्तिले अपराध मानिएको कुनै कार्य गरेका बेला गरेको कुनै प्रवृत्त विधिको अतिक्रमण छाडी सो व्यक्तिलाई कुनै अपराधका लागि दोषसिद्ध ठहराइने छैन अथवा सो व्यक्तिलाई सो अपराध गरेका बेला विद्यमान विधिको अधीनमा रही अधिरोपण गर्न सकिने सजायभन्दा बढ्ता सजायको भागी बनाइने छैन।

(२) कुनै पनि व्यक्तिलाई एउटै अपराधका लागि एकपल्टभन्दा धेरै अभियुक्त बनाइने अथवा दण्डित गरिने छैन।

(३) कुनै पनि अपराधमा अभियुक्त कुनै व्यक्तिलाई स्वयम् विरुद्ध साक्षी हुनका लागि बाध्य गरिने छैन।

**२१. प्राण अनि व्यक्तिगत स्वतन्त्रताको संरक्षण**– कुनै व्यक्तिलाई उसको प्राण तथा व्यक्तिगत स्वतन्त्रताबाट विधिद्वारा स्थापित प्रक्रियाअनुसार मात्र वञ्चित गर्न सकिने छ, अन्यथा सकिने छैन।

[2][**२१क. शिक्षाको अधिकार**– राज्यले विधिद्वारा निर्धारण गरेको रीतिअनुसार राज्यले ६-देखि १४ वर्षसम्मका सबै बालबालिकालाई नि:शुल्क अनि अनिवार्य शिक्षा प्रदान गर्ने छ]

**२२. कतिपय अवस्थाहरूमा पक्राउ अनि थुनाबाट संरक्षण**– (१) पक्राउ गरिएको कुनै पनि व्यक्तिलाई चाँडोभन्दा चाँडो पक्राउको कारण अवगत नगराई हिरासतमा राखिने छैन अथवा आफूले चाहेको अधिवक्तासित परामर्श गर्ने अनि सो अधिवक्ताबाट आफ्नो प्रतिरक्षा गराउने अधिकारबाट उसलाई वञ्चित गरिने छैन।

---

[1] संविधान(पहिलो संशोधन) अधिनियम, १९५१-को धारा ३-द्वारा (१८.६.१९५१-देखि) केही शब्दहरूका स्थानमा प्रतिस्थापित।

[2] संविधान (छ्यासीऔँ संशोधन) अधिनियम, २००२, धारा २-द्वारा (१.४.२०१०-देखि ) अन्त:स्थापित ।

(२) पक्राउ गरिएको अनि अभिरक्षामा थुनेर राखिएको प्रत्येक व्यक्तिलाई पक्राउको स्थानबाट मेजिस्ट्रेटको न्यायालयसम्मको यात्राका लागि आवश्यक हुने समय छाडेर पक्राउ भएदेखि चौबिस घण्टाको अवधिभित्र नजिकको मेजिस्ट्रेटसमक्ष प्रस्तुत गरिने छ अनि यस्ता कुनै व्यक्तिलाई मेजिस्ट्रेटको प्राधिकारबिना उक्त अवधिभन्दा अधिक अवधिका लागि अभिरक्षामा थुनेर राखिने छैन।

(३) खण्ड (१) अनि खण्ड (२) को कुनै कुरा–

(क) सामयिक रूपमा शत्रुदेशको नागरिक रहेको कुनै पनि व्यक्तिमाथि; अथवा

(ख) निवारक थुनाको प्रावधान गर्ने कुनै विधि अन्तर्गत पक्राउ परेको अथवा थुनिएको कुनै पनि व्यक्तिमाथि– लागु हुने छैन।

*(४) निवारक थुनाको प्रावधान गर्ने कुनै विधिले कुनै व्यक्तिलाई तीन महिनाभन्दा अधिक अवधिका निम्ति तबसम्म थुन्न प्राधिकृत गर्ने छैन जबसम्म–

(क) उच्च न्यायालयका वर्तमान न्यायाधीश वा न्यायाधीश पदमा रहेका वा न्यायाधीशका पदमा नियुक्त हुनका लागि योग्य व्यक्तिहरू मिलेर बनिएको सल्लाहकार बोर्डले तीन महिनाको उक्त अवधि समाप्त हुनभन्दा पहिला यस्ता थुनाका निम्ति पर्याप्त कारण रहेको मानेर प्रतिवेदन दिँदैन:

---

* संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३-द्वारा (मिति तोकिन बाँकी छ) खण्ड (४) का स्थानमा निम्नलिखित विषय प्रतिस्थापित गरिने छ–

"(४) उपयुक्त उच्च न्यायालयका मुख्यन्यायाधीशको सिफारिसअनुसार गठित सल्लाहकार समितिले दुई महिनाको अवधि समाप्त हुनुभन्दा अघि कुनै व्यक्तिलाई निवारक थुनामा राख्नका लागि पर्याप्त कारणको प्रतिवेदन नदिएसम्म निवारक थुनामा राख्ने व्यवस्था गर्ने कुनै पनि विधिले सो व्यक्तिलाई दुई महिनाभन्दा बढी समयसम्म निवारक थुनामा राख्न प्राधिकृत गर्ने छैन।

यद्यपि, सल्लाहकार समिति एकजना अध्यक्ष र कम्तीमा दुईजना अन्य सदस्यहरू मिलेर गठित हुने छ र अध्यक्ष उपयुक्त उच्च न्यायालयका सेवारत न्यायाधीश हुने छन् र अन्य सदस्यहरू कुनै उपयुक्त उच्च न्यायालयका सेवारत वा सेवानिवृत्त न्यायाधीश हुने छन् :

यद्यपि, अझ अघि यस खण्डको कुनै पनि कुराले धारा (७) को उपधारा (क) अन्तर्गत संसद्द्वारा बनाएको विधिद्वारा निर्धारित अधिकतम अवधिभन्दा धेर कुनै पनि व्यक्तिलाई थुनामा राख्न प्राधिकृत गर्ने छैन।

*स्पष्टीकरण*– यस खण्डमा 'उपयुक्त उच्च न्यायालय' पदावलीले–

(i) भारत सरकार वा यस सरकार अधीनस्थ कुनै अधिकारी वा प्राधिकारीद्वारा जारी गरिएको थुनाको आदेशअनुसार कुनै व्यक्तिलाई थुनिएका स्थितिमा, दिल्ली केन्द्रशासित प्रदेशका लागि उच्च न्यायालय;

(ii) कुनै पनि राज्यको (केन्द्रशासित प्रदेशबाहेक) सरकारद्वारा जारी गरिएको थुनाको आदेशअनुसार कुनै व्यक्तिलाई थुनिएका स्थितिमा, राज्यका लागि उच्च न्यायालय;

(iii) कुनै केन्द्रशासित प्रदेशको प्रशासक वा त्यस्तो प्रशासक अधीनस्थ कुनै अधिकारी वा प्राधिकारीद्वारा जारी गरिएको थुनाको आदेशअनुसार कुनै व्यक्तिलाई थुनिएका स्थितिमा संसद्द्वारा यस सन्दर्भमा बनाइएका विधिअनुसार वा विधि अन्तर्गत तोकिएको उच्च न्यायालय।"– बुझाउँछ।

यद्यपि यस उपखण्डको कुनै कुराले कुनै व्यक्तिलाई खण्ड (७) को उपखण्ड (ख) अन्तर्गत संसद्द्वारा बनाइएको विधिअनुसार तोकिएको अधिकतम अवधिभन्दा धेर अवधिको थुनालाई प्राधिकृत गर्ने छैन; अथवा

(ख) त्यस्तो व्यक्तिलाई खण्ड (७) को उपधारा (क) अनि (ख) अन्तर्गत संसद्वारा बनाइएको विधिका प्रावधानअनुसार थुनिँदैन।

(५) कुनै व्यक्तिलाई निवारक थुनाको प्रावधान गर्ने कुनै विधि अन्तर्गत गरिएको आदेशको अनुसरण गरेर थुन्दा आदेश दिने प्राधिकारीले यथाशीघ्र त्यस्तो व्यक्तिलाई सो आदेश कुन आधारमा गरिएको हो त्यसबारे सूचित गर्ने छन् र सो आदेश विरुद्ध निवेदन चढाउनका लागि उसलाई चाँडोभन्दा चाँडो मौका दिने छन्।

(६) खण्ड (५) को कुनै कुराले उक्त खण्डमा निर्दिष्ट कुनै पनि आदेश दिने प्राधिकारीबाट त्यस्ता प्राधिकारीले लोकहित विरोधी भनी मानेका तथ्यहरू प्रकट गर्नु पर्ने अपेक्षा राख्ने छैन।

(७) *(क) कुन परिस्थितिमा अनि कुन वर्ग अथवा वर्गहरूका मामिलाहरूमा कुनै व्यक्तिलाई निवारक थुनाको प्रावधान गर्ने कुनै विधिअनुसार तीन महिनाभन्दा अधिक अवधिका लागि खण्ड (४) को उपखण्ड(क)-का प्रावधानअनुसार सल्लाहकार बोर्डको परामर्श प्राप्त नगरी थुन्न सकिने छ;

**(ख) कुनै वर्ग अथवा वर्गहरूका मामिलाहरूमा अधिकतम कति अवधिका लागि कुनै व्यक्तिलाई निवारक थुनाको प्रावधान गर्ने कुनै विधि अन्तर्गत थुन्न सकिने छ ; अनि

***(ग) [खण्ड (४) को ****उपखण्ड (क) अन्तर्गत गरिने जाँचमा सल्लाहकार बोर्डद्वारा कुन प्रक्रियाको अनुसरण गरिने छ;

–भन्ने कुरा संसद्ले विधिद्वारा निर्धारण गर्न सक्ने छ।

---

* संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा धारा ३(ख) (i) द्वारा (मिति तोकिन बाँकी छ) उपखण्ड (क) त्यक्त।

** संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३(ख) (ii) द्वारा (मिति तोकिन बाँकी छ) उपखण्ड (ख) लाई उपखण्ड (क) का रूपमा पुन:अक्षराङ्कित गरिने छ।

*** संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३(ख) (iii) द्वारा (मिति तोकिन बाँकी छ) उपखण्ड (ग) लाई उपखण्ड (ख) का रूपमा पुन:अक्षराङ्कित गरिने छ।

**** संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३(ख) ((iii) द्वारा (मिति तोकिन बाँकी छ) खण्ड (४) को उपखण्ड (क) का रूपमा "खण्ड (४)" प्रतिस्थापित।

*शोषणविरुद्धका अधिकार*

**२३. मानव तस्करी गर्न अनि बलपूर्वक काम लगाउन निषेध**– (१)-मानव तस्करी, भिक्षा माग्ने तथा बलपूर्वक गराइने यस्ता अन्य काम निषेध गरिएको छ अनि यस प्रावधानको कुनै प्रकारको उल्लङ्घन विधि अनुसार दण्डनीय अपराध ठहरिने छ।

(२) यस अनुच्छेदको कुनै पनि कुराले राज्यलाई सार्वजनिक प्रयोजनहरूका लागि अनिवार्य सेवा अधिरोपित गर्नलाई प्रतिबन्धित गर्ने छैन अनि यस्ता सेवा अधिरोपित गर्दा राज्यले धर्म, जाति, जात वा वर्ग अथवा यी मध्ये कुनैका आधारमा मात्र विभेद गर्ने छैन।

**२४. कारखाना आदिमा बालबालिकाको नियोजनमा निषेध**– चौध वर्षभन्दा कम उमेरका कुनै पनि बालकबालिकालाई कुनै पनि कारखाना अथवा खानीमा काम गर्नका लागि नियुक्त गरिने छैन अथवा कुनै अन्य सङ्कटमय काममा लगाइने छैन।

*धार्मिक स्वतन्त्रताको अधिकार*

**२५. अन्तःकरणको अनि स्वतन्त्र रूपमा धर्म अपनाउने, आचरण गर्ने र प्रचार गर्ने स्वतन्त्रता**– (१) लोक व्यवस्था, सदाचार अनि स्वास्थ्य तथा यस भागका अरू प्रावधानका अधीनमा रही सबैलाई अन्तःकरणको स्वतन्त्रता अनि स्वतन्त्र रूपमा धर्म अपनाउने, आचरण गर्ने तथा प्रचार गर्ने समान अधिकार रहने छ।

(२) यस अनुच्छेदको कुनै कुराले–

(क) धार्मिक आचरणसित सम्बद्ध कुनै आर्थिक, वित्तीय, राजनैतिक अथवा अन्य लौकिक क्रियाकलापको विनियमन गर्ने अथवा यिनीहरूलाई निषेध गर्ने;

(ख) सामजिक कल्याण अनि सुधारका लागि अथवा सार्वजनिक प्रकारका हिन्दूहरूका धार्मिक संस्थाहरूलाई हिन्दूहरूका सम्पूर्ण श्रेणी अनि वर्गका लागि खोल्ने प्रावधान गर्ने– कुनै विद्यमान विधिको प्रयोगमाथि प्रभाव पार्ने छैन अथवा कुनै विधि बनाउन राज्यमाथि प्रतिबन्ध लगाउने छैन।

*स्पष्टीकरण* १– कृपाण भिर्नु तथा लिएर हिँड्नुलाई सिख धर्म अङ्गीकरणको अङ्ग मानिने छ।

*स्पष्टीकरण* २– खण्ड (२) को उपखण्ड (ख)-मा हिन्दूहरूप्रति गरिएको निर्देशमा सिख, जैन वा बौद्ध धर्मावलम्बीहरूप्रति गरिएको निर्देश पनि समावेश भएको छ भनी अर्थ लगाइने छ अनि हिन्दू धार्मिक संस्थाहरूप्रति गरिएको निर्देशको अर्थ पनि सोही अनुसार लगाइने छ।

**२६. धार्मिक कार्यहरूको प्रबन्ध गर्ने स्वतन्त्रता**– लोक व्यवस्था, सदाचार अनि स्वास्थ्यका अधीनमा रही पनि प्रत्येक धार्मिक सम्प्रदाय अथवा त्यसको कुनै फाँटलाई–

(क) धार्मिक तथा दातव्य प्रयोजनहरूका लागि संस्थाहरूको स्थापना अनि सम्भार गर्ने;

(ख) धर्म विषयक आफ्ना कार्यहरूको प्रबन्धन गर्ने;

(ग) चल तथा अचल सम्पत्ति आर्जन गर्ने अनि स्वामित्वमा लिने; तथा

(घ) विधिअनुसार यस्ता सम्पत्ति व्यवस्थित गर्ने;

–अधिकार हुने छ।

**२७. कुनै विशिष्ट धर्मको प्रवर्धनका लागि कर तिर्ने सम्बन्धी स्वतन्त्रता**– कुनै पनि व्यक्तिलाई यस्तो कुनै कर तिर्नका लागि बाध्य गर्न सकिने छैन जुन करको आयस्ता कुनै विशिष्ट धर्म अथवा धार्मिक सम्प्रदायको प्रवर्धन अथवा सम्भारमा खर्च गर्नका लागि विशेष रूपमा विनियोजन गरिन्छ।

**२८. कतिपय शैक्षिक संस्थानहरूका धार्मिक शिक्षा वा धार्मिक उपासनामा उपस्थित हुने सम्बन्धी स्वतन्त्रता**– (१) राज्य कोषद्वारा पूर्णतः पोषित कुनै पनि शैक्षिक संस्थानमा कुनै धार्मिक शिक्षा दिइने छैन।

(२) राज्यद्वारा प्रशासित तर धार्मिक शिक्षा दिनु पर्ने आवश्यकता रहेको कुनै धर्मस्व अथवा गुठीका अधीनमा स्थापित शैक्षिक संस्थानमाथि खण्ड (१) को कुनै कुरा लागु हुने छैन।

(३) राज्यबाट मान्यता प्राप्त अथवा राज्य कोषबाट सहायता प्राप्त शैक्षिक संस्थानमा उपस्थित हुने कुनै व्यक्तिलाई यस्ता संस्थानमा दिइने धार्मिक शिक्षामा भाग लिनाका लागि अथवा यस्ता संस्थानमा अथवा संस्थानसँग संलग्न ठाउँमा गरिने धार्मिक उपासनामा उपस्थित हुनाका लागि तबसम्म बाध्य गरिने छैन जबसम्म सो व्यक्तिले अथवा सो व्यक्ति अल्पवयस्क भएका खण्डमा उसको संरक्षकले यसका लागि आफ्नो सहमति दिँदैन।

*सांस्कृतिक अनि शैक्षिक अधिकार*

**२९. अल्पसङ्ख्यक वर्गका हितको संरक्षण**– (१) भारतको राज्यक्षेत्र अथवा यसको कुनै पनि क्षेत्रमा बसोबास गर्ने आफ्नो विशेष भाषा, लिपि अथवा संस्कृति भएका कुनै पनि वर्गका नागरिकहरूलाई तिनको संरक्षण गर्ने अधिकार हुने छ।

(२) कुनै पनि नागरिकलाई केवल धर्म, जाति, जात, भाषा अथवा यसमध्ये कुनै आधारमा राज्यद्वारा पोषित अथवा राज्य कोषबाट सहायता प्राप्त कुनै पनि शैक्षिक संस्थानमा प्रवेश गर्नबाट वञ्चित गरिने छैन।

**३०. अल्पसङ्ख्यक वर्गको शैक्षिक संस्थान स्थापना अनि परिचालन गर्ने अधिकार**– (१) धर्म वा भाषामा आधारित सबै अल्पसङ्ख्यक वर्गलाई आफ्नो रुचिअनुसार शैक्षिक संस्थाको स्थापना अनि परिचालन गर्ने अधिकार हुने छ।

[1][(१क) खण्ड (१)-मा निर्दिष्ट कुनै अल्पसङ्ख्यक वर्गद्वारा स्थापित अनि परिचालित शैक्षिक संस्थानको सम्पत्तिको अनिवार्य आर्जनका लागि प्रावधान गर्ने विधि बनाउँदा यस्तो सम्पत्तिको आर्जनका लागि यस्तो विधिद्वारा निश्चित गरिएको अथवा यस्तो विधिअन्तर्गत निर्धारित राशि सो खण्ड अन्तर्गत प्रत्याभूत अधिकार बाधित अथवा निराकृत नहुने गरी हुनु पर्छ भनी राज्यले सुनिश्चित गर्ने छ ।]

(२) शैक्षिक संस्थानहरूलाई सहायता दिँदा सो संस्थानको प्रबन्धन धर्म अथवा भाषामा आधारित कुनै अल्पसङ्ख्यक वर्गले गरेको छ भन्ने आधारमा राज्यले कुनै शैक्षिक संस्थान विरुद्ध विभेद गर्ने छैन ।

[2]* * * *

**३१. [सम्पत्तिको बाध्यतामूलक अधिग्रहण ।]** संविधान (चवालिसौँ संशोधन) अधिनियम, १९७८-को धारा ६-द्वारा (२०.६.१९७९-देखि) त्यक्त ।

*[3][केही विधिहरूको संरक्षण]*

[4]**[३१क. सम्पदा आदिको आर्जनको प्रावधान गर्ने विधिहरूको संरक्षण**– [5][(१) अनुच्छेद १३-मा जुनसुकै कुरा भए तापनि–

(क) कुनै सम्पदा अथवा त्यसमा भएको कुनै अधिकारको राज्यद्वारा आर्जन अथवा यस्तो कुनै अधिकारको उन्मूलन अथवा परिमार्जनको; अथवा

(ख) लोकहितका लागि अथवा सम्पत्तिको उचित प्रबन्ध सुनिश्चित गर्ने उद्देश्यले कुनै सम्पत्तिको प्रबन्ध सीमित अवधिका लागि राज्यद्वारा लिइने; अथवा

(ग) दुई वा अधिक निगमलाई लोकहितका लागि अथवा ती निगमहरूमध्ये कुनैको उचित प्रबन्ध सुनिश्चित गर्ने उद्देश्यले एकीकरणको; अथवा

(घ) निगमहरूका प्रबन्ध अभिकर्ता, सचिव अनि कोषाध्यक्ष, प्रबन्ध निर्देशक, निर्देशक अथवा प्रबन्धकहरूका केही अधिकारहरू अथवा यसका अंशियारहरूको मत दिने कुनै पनि अधिकारको उन्मूलन अथवा परिमार्जनको; अथवा

---

[1] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४-द्वारा ( २०.६.१९७९-देखि) अन्त: स्थापित ।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ५-द्वारा (२०.६.१९७९-देखि) उपशीर्षक “सम्पत्तिको अधिकार” त्यक्त ।

[3] संविधान ( बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ३-द्वारा (३.१.१९७७-देखि) अन्तःस्थापित ।

[4] संविधान (पहिलो संशोधन) अधिनियम,१९५१-को धारा ४-द्वारा ( पूर्व प्रभावसहित) अन्तःस्थापित ।

[5] संविधान (चौथो संशोधन) अधिनियम, १९५५-को धारा ३-द्वारा (पूर्व प्रभावसहित) खण्ड (१) का स्थानमा प्रतिस्थापित ।

(ङ) कुनै खनिज अथवा खनिज तेल खोज्ने अथवा प्राप्त गर्ने प्रयोजनका लागि रहेको कुनै पनि सम्झौता, पट्टा, अथवा अनुज्ञप्तिका आधारमा उत्पन्न कुनै पनि अधिकारको उन्मूलन अथवा परिमार्जनको अथवा समयभन्दा अघि नै यस्तो सम्झौता, पट्टा अथवा अनुज्ञप्ति समाप्त गर्ने अथवा रद्द गर्ने;

–प्रावधान गर्ने कुनै पनि विधिलाई यो विधि [1][अनुच्छेद १४ अथवा अनुच्छेद १९] द्वारा प्रदान गरिएका अधिकारहरूमध्ये कुनै अधिकारसित असङ्गत छ, अथवा यसले ती अधिकारहरू खोस्दछ अथवा न्यून गर्दछ भन्ने आधारमा निष्क्रिय ठानिने छैन;

यद्यपि यस्तो विधि कुनै राज्यको विधायिकाद्वारा बनाइएका स्थितिमा यस्तो विधिलाई राष्ट्रपतिको विचारका लागि आरक्षित राखिएपछि उनको अनुमति प्राप्त नहुन्जेल यस अनुच्छेदका प्रावधान सो विधिमाथि लागु हुने छैनन्:]

[2][यद्यपि, अझ कुनै विधिले राज्यद्वारा कुनै सम्पदा आर्जन गरिने प्रावधान गरेका स्थितिमा अनि सो सम्पदामा समाविष्ट कुनै भूमि कुनै व्यक्तिको आफ्नै जोतमा परेका स्थितिमा, राज्यका लागि तत्समय प्रवृत्त कुनै पनि विधि अन्तर्गत उनीमाथि लागु हुने अधिकतम सीमाभित्र रहेको यस्तो भूमिको कुनै पनि भागको आर्जन अथवा त्यसमा निर्मित अथवा त्यससित संलग्न कुनै भवन अथवा संरचनाको आर्जनसँग सम्बद्ध विधिले सो भूमि, भवन अथवा संरचनाको बजार मूल्यभन्दा अन्यून क्षतिपूर्तिको भुक्तानीको प्रावधान नगरेका खण्डमा यस्तो भूमिको आर्जन अथवा त्यसमा निर्मित अथवा त्यससित संलग्न कुनै भवन अथवा संरचनाको आर्जन विधिपूर्ण हुने छैन ।]

(२) यस अनुच्छेदमा –

[3][(क) कुनै पनि स्थानीय क्षेत्रका सम्बन्धमा “सम्पदा” शब्दको अर्थ सो क्षेत्रमा प्रवृत्त भू म्याद सम्बन्धी विद्यमान विधिमा रहेको सो शब्द वा यसको स्थानीय समतुल्यको अर्थ जस्तै हुने छ अनि यसमा–

(i) जुनसुकै *जागिर, इनाम* तथा *मुआफी* अथवा त्यस्तै अन्य अनुदान अनि [4][तमिलनाडु] अनि केरल राज्यहरूमा जुनसुकै *जन्मम्* अधिकार समेत समाविष्ट हुने छ;

(ii) रैयतवारी बन्दोबस्त अन्तर्गत धारण गरिएको जुनसुकै भूमि रहने छ;

(iii) बाँझो भूमि, वन भूमि, चरन अथवा भूमिका कृषकहरू, कृषि श्रमिकहरू अनि ग्रामीण कारिगरहरूका दखलमा रहेका भवन एवम् अन्य संरचना भएका ठाउँहरू समाविष्ट भएको कृषि प्रयोजन लगायत यसका आनुषङ्गिक प्रयोजनहरूका लागि धारण गरिएको अथवा पट्टामा दिइएको कुनै भूमि;]

---

[1] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ७-द्वारा (२०.६.१९७९-देखि ) “अनुच्छेद १४, अनुच्छेद १९ अनि अनुच्छेद ३१का स्थानमा प्रतिस्थापित ।

[2] संविधान (सत्रौँ संशोधन) अधिनियम, १९६४-को धारा २(i) द्वारा (२०.६.१९६४-देखि ) अन्तःस्थापित ।

[3] संविधान (सत्रौँ संशोधन) अधिनियम, १९६४-को धारा २(ii) द्वारा(पूर्व प्रभावसहित) उपखण्ड (क) का स्थानमा प्रतिस्थापित ।

[4] मद्रास राज्य (नाम परिवर्तन) अधिनियम, १९६८ (१९६८-को ५३) को धारा ४-द्वारा (१४.१.१९६९-देखि ) “मद्रास”का स्थानमा प्रतिस्थापित ।

(ख) कुनै सम्पत्तिका सम्बन्धमा आउने "अधिकार" पद अन्तर्गत, कुनै स्वत्वधारी, उपस्वत्वधारी, अवर स्वत्वधारी, भूम्याद [1][*रैयत, अवर रैयत*] अथवा अरू मध्यवर्तीमा निहित कुनै पनि अधिकार अनि भू–राजस्वका सम्बन्धमा रहेका कुनै पनि अधिकार अथवा विशेषाधिकार समाविष्ट हुने छन्।]

[2][**३१ख. केही अधिनियम अनि विनियमहरूको विधिमान्यकरण**– अनुच्छेद ३१क मा अन्तर्निहित प्रावधानको व्यापकतामा प्रतिकूल प्रभाव नपारी नवौँ अनुसूचीमा विनिर्दिष्ट अधिनियम अनि विनियमहरू अथवा तिनका कुनै पनि प्रावधानहरूलाई यस्ता अधिनियम, विनियम अथवा प्रावधानहरू यस भागका कुनै पनि प्रावधानद्वारा प्रदान गरिएका थप अधिकारहरूसँग असङ्गत छन्, यिनले ती अधिकारहरू खोस्छन् अथवा न्यून गर्छन् भन्ने आधारमा निष्क्रिय हुने अथवा कहिल्यै निष्क्रिय भएको ठानिने छैन अनि कुनै न्यायालय अथवा अधिकरणको कुनै प्रतिकूल निर्णय, डिक्री अथवा आदेश भए तापनि उक्त अधिनियम तथा विनियमहरूमध्ये प्रत्येक नै यसलाई निरस्त गर्ने वा संशोधन गर्ने कुनै सक्षम विधायिकाको शक्तिका अधीनमा रही लागु रहिरहने छ।

[3][**३१ग. केही निर्देशक तत्त्वहरूलाई प्रभावकारी बनाउने विधिहरूको संरक्षण**– अनुच्छेद १३-मा जुनसुकै कुरा भए तापनि [4][भाग ४-मा अधिकथित सबै तत्त्वहरू अथवा कुनै तत्त्व] सुनिश्चित गर्नका लागि राज्यको नीतिलाई प्रभावकारी बनाउने कुनै विधिलाई यो विधि [5][अनुच्छेद १४ अथवा अनुच्छेद १९] द्वारा प्रदत्त अधिकारहरू मध्ये कुनैसँग असङ्गत छ अथवा उक्त विधिले यीअधिकारहरूमध्ये कुनै पनि अधिकार खोस्छ अथवा न्यून गर्छ भन्ने आधारमा निष्क्रिय ठानिने छैन [6][*अनि यो विधि त्यस्तो नीतिलाई प्रभावकारी बनाउनका लागि हो भन्ने घोषणा समाविष्ट रहेको कुनै पनि विधिले त्यस्तो नीतिलाई प्रभावकारी बनाउँदैन भन्ने आधारमा सो विधिमाथि कुनै पनि न्यायालयमा प्रश्न उठाइने छैन*।]:

यद्यपि, यस्तो विधि कुनै राज्यको विधायिकाद्वारा बनाइएका स्थितिमा, राष्ट्रपतिको विचारका लागि आरक्षित राखिएपछि यस्तो विधिले उनको अनुमति प्राप्त नगरुन्जेल यस अनुच्छेदका प्रावधान सो विधिमाथि लागु हुने छैनन्।]

[7]**३१घ.** [*राष्ट्र विरोधी क्रियाकलाप विरुद्ध विधिहरूको संरक्षण*।]– *संविधान (त्रिचालीसौँ संशोधन) अधिनियम, १९७७-को धारा२-द्वारा (१३.४.१९७८-देखि) त्यक्त।*

---

[1] संविधान (चौथो संशोधन) अधिनियम, १९५५-को धारा ३-द्वारा (पूर्व प्रभावसहित) अन्तःस्थापित।

[2] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा ५-द्वारा (१८.६.१९५१-देखि) अन्तःस्थापित।

[3] संविधान ( पच्चीसौँ संशोधन) अधिनियम, १९७१-को धारा ३-द्वारा (२०.४.१९७२-देखि ) अन्तःस्थापित।

[4] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६को धारा ४-द्वारा (३.१.१९७७-देखि) "अनुच्छेद ३९-को खण्ड (ख) अथवा खण्ड (ग) मा विनिर्दिष्ट सिद्धान्तहरू" का स्थानमा प्रतिस्थापित। सर्वोच्च न्यायालयद्वारा *मिनर्भा मिल्स लि. अनि अन्य बनाम सङ्घ भारत अनि अन्य,* एआइआर १९८० एस. सी १७८९ मा धारा ४ लाई विधिअमान्य घोषणा गरियो।

[5] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ८-द्वारा (२०.६.१९७९-देखि) "अनुच्छेद१४, अनुच्छेद१९, अनि अनुच्छेद ३१" का स्थानमा प्रतिस्थापित।

[6] सर्वोच्च न्यायालयद्वारा केशवानन्द भारती बनाम केरल राज्य एआइआर १९७३, एस सी १४६१-मा इटलिकमा लेखिएका शब्दहरूलाई निष्प्रभावी बनायो।

[7] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५-द्वारा (३.१.१९७७-देखि) अन्तःस्थापित।

*संवैधानिक उपचारहरूको अधिकार*

**३२. यस भागद्वारा प्रदान गरिएका अधिकार लागु गराउनका लागि उपचार**– (१) यस भागद्वारा प्रदत्त अधिकारहरू लागु गराउन उपयुक्त कार्यवाहीहरूद्वारा सर्वोच्च न्यायालयमा समावेदन गर्ने अधिकार प्रत्याभूत गरिन्छ।

(२) यस भागद्वारा दिइएका अधिकारहरूमध्ये कुनै अधिकार लागु गर्नका लागि निर्देश अथवा आदेश अथवा बन्दी प्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा अनि उत्प्रेषण प्रकृतिका रिट सहितका रिटमध्ये उपयुक्त निर्देश, आदेश अथवा रिट जारी गर्ने शक्ति सर्वोच्च न्यायालयलाई प्राप्त हुने छ।

(३) सर्वोच्च न्यायालयलाई खण्ड (१) अनि खण्ड (२)- द्वारा दिइएका अधिकारहरू माथि प्रतिकूल प्रभाव नपारीकन संसद्ले सर्वोच्च न्यायालयद्वारा खण्ड (२) अन्तर्गत प्रयोग गरिनु पर्ने सबै अथवा कतिपय शक्ति आफ्नो अधिकार क्षेत्रका स्थानीय सीमाभित्र प्रयोग गर्नका लागि कुनै अन्य न्यायालयलाई विधिद्वारा सशक्त गर्न सक्ने छ।

(४) यस संविधानद्वारा अन्यथा प्रावधान गरिएको कुराबाहेक यस अनुच्छेदद्वारा प्रत्याभूत अधिकार निलम्बित गरिने छैन।

[1]**३२क.** [*राज्यका विधिहरूको संवैधानिक विधिमान्यतामाथि अनुच्छेद ३२ अन्तर्गत गरिने कार्यवाहीमा विचार नगरिनु*।]– संविधान (त्रिचालीसौँ संशोधन) अधिनियम, १९७७-को धारा ३-द्वारा (१३.४.१९७८-देखि) त्यक्त।

[2]**[३३. सैन्य बल आदिमा लागु हुने यस भागले प्रदान गरेका अधिकार परिमार्जन गर्ने संसद्को शक्ति**– यस भागद्वारा दिइएका अधिकारहरू मध्ये कुनै पनि अधिकार–

(क) सशस्त्र बलका सदस्यहरूमाथि; अथवा

(ख) लोक व्यवस्था धान्ने अभिभारा भएका सुरक्षा बलका सदस्यहरूमाथि; अथवा

(ग) आन्तरिक अथवा आन्तरिक गुप्तचर प्रयोजनहरूका लागि राज्यद्वारा स्थापित कुनै ब्युरो वा अन्य सङ्गठनमा काम गर्दै गरेका व्यक्तिहरू अथवा गुप्तचरीय अथवा प्रतिगुप्तचरीय प्रयोजनका लागि राज्यद्वारा स्थापित कुनै ब्युरो अथवा अन्य संस्थाहरूमा नियोजित व्यक्तिहरूमाथि अथवा

(घ) खण्ड (क)-देखि खण्ड (ग)-मा निर्दिष्ट कुनै सुरक्षा बल, ब्युरो अथवा सङ्गठनका प्रयोजहरूका लागि स्थापित दूरसञ्चार प्रणालीमा अथवा त्यसका सम्बन्धमा नियोजित व्यक्तिमाथि

–लागु हुँदा उनीहरूको कर्त्तव्यको उपयुक्त निर्वाह र अनुशासन पालन सुनिश्चित गर्न कुन सीमासम्म बाधित अथवा निराकृत गरिने कुरा संसद्ले विधिद्वारा निर्धारित गर्न सक्ने छ।]

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ६-द्वारा (१.२.१९७७देखि) अन्तःस्थापित।

[2] संविधान (पचासौँ संशोधन) अधिनियम, १९८४-को धारा २-द्वारा (११.९.१९८४देखि) अनुच्छेद ३३ का स्थानमा प्रतिस्थापित।

**३४. कुनै क्षेत्रमा सैनिक विधि लागु रहँदा यस भागद्वारा दिइएका अधिकारहरूमाथि प्रतिबन्ध**– यस भागका पूर्वोल्लिखित प्रावधानहरूमा जुनसुकै कुरा भए तापनि संसद्‌ले विधिद्वारा सङ्घ अथवा कुनै राज्यको सेवामा रहेका कुनै व्यक्तिलाई अथवा सेना विधि लागु रहेको राज्यक्षेत्र भारतभित्रको कुनै क्षेत्रमा व्यवस्था यथावत् राख्ने अथवा पुनःस्थापन गर्ने सम्बन्धमा कुनै व्यक्तिले गरेको कार्यका निम्ति सो व्यक्तिलाई क्षतिपूर्ति प्रदान गर्न सक्ने छ अथवा यस्ता क्षेत्रमा सेना विधि अन्तर्गत पारित गरिएको कुनै दण्डादेश, दिइएको दण्ड, आदिष्ट समपहरण अथवा सम्पादन गरिएको अन्य कुनै कार्यलाई विधिमान्य गर्न सक्ने छ।

**३५. यस भागका प्रावधानहरूलाई प्रभावकारी बनाउने विधान**– यस संविधानमा जुनसुकै कुरा भए तापनि–

(क) (i) संसद्‌ले विधिद्वारा प्रावधान गर्न सक्ने अनुच्छेद १६-को खण्ड (३) अनुच्छेद ३२-को खण्ड (३) अनुच्छेद ३३ अनि अनुच्छेद ३४ अन्तर्गत विषयमध्ये कुनै पनि विषयका सम्बन्धमा; अनि

(ii) यस भाग अन्तर्गत अपराध भनी घोषणा गरिएका कार्यहरूका लागि दण्ड तोक्नका लागि;

–विधि बनाउन संसद्‌लाई शक्ति प्राप्त हुने छ र राज्यको विधायिकालाई शक्ति प्राप्त हुने छैन अनि यो संविधान लागु भएपछि उपखण्ड (२)-मा निर्दिष्ट कार्यहरूका लागि दण्ड तोक्न संसद्‌ले चाँडोभन्दा चाँडो विधि बनाउने छ।

(ख) खण्ड (क) को उपखण्ड (१)-मा निर्दिष्ट विषयहरूमध्ये कुनै विषयका सम्बन्धमा रहेको अथवा सो खण्डको उपखण्ड (२)-मा निर्दिष्ट कुनै कार्यका लागि दण्डको प्रावधान गर्ने यो संविधान लागु हुन तुरुन्त अघि राज्यक्षेत्र भारतमा प्रवृत्त कुनै विधि, यसका सर्तहरू र अनुच्छेद ३७२ अन्तर्गत गरिएका अनुकूलन र परिमार्जनहरूका अधीनमा रही संसद्द्वारा यसको परिवर्तन, खारिजी अथवा संशोधन नगरुन्जेल प्रवृत्त भइरहने छ।

*स्पष्टीकरण*– यस अनुच्छेदमा "प्रवृत्त विधि" पदावलीको त्यही अर्थ हुन्छ जुन अनुच्छेद ३७२-मा छ।

# भाग ४

# राज्यनीतिका निर्देशक सिद्धान्तहरू

**३६. परिभाषा**– यस भागमा सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म "राज्य" पदको अर्थ त्यही हुने छ जुन भाग ३-मा उल्लिखित छ।

**३७. यस भागमा भएका सिद्धान्तहरूको अनुप्रयोग**– यस भागमा भएका प्रावधान कुनै न्यायालयद्वारा प्रवर्तनीय हुने छैनन् तर यसमा अधिकथित सिद्धान्तहरू देशको शासनमा आधारभूत हुँदछन् अनि विधि बनाउँदा यी सिद्धान्त लागु गर्नु राज्यको कर्त्तव्य हुने छ।

**३८. राज्यले लोक कल्याणको संवर्धनका लागि सामाजिक व्यवस्था सुनिश्चित गर्ने**– [1][(१)] राज्यले जतिसक्दो प्रभावकारी रूपमा एउटा सामाजिक व्यवस्थाको स्थापना र संरक्षण गर्दै लोककल्याणको संवर्धन गर्ने प्रयास गर्ने छ जहाँ सामाजिक, आर्थिक अनि राजनैतिक न्यायले राष्ट्रिय जीवनका सबै संस्थाहरूलाई उत्प्रेरित गर्ने छन्।

[2][(२) राज्यले विशेषतः आयका असमानताहरू घटाउने प्रयास गर्ने छ अनि व्यक्तिहरूमाझ मात्र नभई विभिन्न क्षेत्रमा बसोबास गर्ने र विभिन्न व्यवसायमा लागेका मानिसहरूको समूहमाझ पनि प्रतिष्ठा, सुविधा र अवसरहरूको असमानता समाप्त गर्ने प्रयास गर्ने छ।]

**३९. राज्यद्वारा अनुसरणीय केही नीतिसम्बन्धी सिद्धान्तहरू**– राज्यले विशेष रूपमा–

(क) पुरुष र महिला नागरिकहरूले समानरूपले जीविकाका निम्ति पर्याप्त साधन प्राप्त गर्ने अधिकार पाऊन्;

(ख) समुदायको भौतिक संसाधनको स्वामित्व र नियन्त्रण साझा हित सर्वोत्तम रूपमा साधित हुने गरी बाँडियोस्;

(ग) आर्थिक व्यवस्था सञ्चालनको परिणाम सर्वसाधारणका निम्ति अहितकारी हुने गरी धन र उत्पादन साधनहरूको सङ्केन्द्रण नहोस्;

(घ) पुरुष तथा महिला दुवैलाई समान कार्यका निम्ति बराबर वेतन होस्;

(ङ) पुरुष तथा महिला कर्मचारीहरूको स्वास्थ्य एवम् शक्ति लगायत बालबालिकाको कलिलो उमेरको दुरुपयोग नहोस् अनि आर्थिक आवश्यकताका कारण नागरिकहरू आफ्नो आयु र शक्तिको प्रतिकूल रोजगारमा जान बाध्य नबनून्;

---

[1] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ९-द्वारा (२०.६.१९७९-देखि) अनुच्छेद ३८-को खण्ड (१) का रूपमा पुनःसङ्ख्याङ्कित गरियो।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ९-द्वारा (२०.६.१९७९-देखि) अन्तःस्थापित।

[1][(च) बालबालिकालाई स्वतन्त्र तथा गरिमापूर्ण वातावरणमा स्वस्थ विकासको अवसर र सुविधाहरू दिइयोस् तथा बालक एवम् किशोरहरूलाई शोषणका साथै नैतिक अनि आर्थिक वञ्चनाबाट रक्षा गरियोस्;]

–भन्ने सुनिश्चित गर्नका लागि आफ्नो नीति सञ्चालित गर्ने छ।

[2][**३९क. समान न्याय र निःशुल्क विधिक सहायता**– विधिक व्यवस्थाको सञ्चालनले समान अवसरका आधारमा न्यायको प्रवर्धन गर्ने छ भनी राज्यले सुनिश्चित गर्ने छ अनि विशेष रूपमा आर्थिक अथवा अन्य अक्षमताका कारण कुनै पनि नागरिक न्याय पाउने अवसरबाट वञ्चित नरहोस् भन्ने सुनिश्चित गर्नका लागि उपयुक्त विधान अथवा योजनाद्वारा अथवा अन्य कुनै पनि रीतिले निःशुल्क विधिक सहायता प्रदान गर्ने छ।]

**४०. ग्राम पञ्चायतहरूको गठन**– राज्यले ग्राम पञ्चायतहरू गठन गर्नका निम्ति पाइला चाल्ने छ र पञ्चायतहरूलाई स्वशासित शासनका एकाइका रूपमा कार्य गर्ने योग्य बनाउन चाहिने शक्ति र प्राधिकार पञ्चायतहरूलाई प्रदान गर्ने छ।

**४१. कतिपय स्थितिमा काम, शिक्षा एवम् लोक सहायता पाउने अधिकार**– राज्यले आफ्नो आर्थिक सामर्थ्य र विकासका सीमाहरूभित्र रहेर बेरोजगारी, वृद्धावस्था, बिमारी र अशक्तता तथा अन्य अनर्जित अभावका स्थितिहरूमा काम, शिक्षा र लोक सहायता पाउने अधिकार सुनिश्चित गर्नका लागि प्रभावकारी प्रावधान गर्न सक्ने छ।

**४२. कामका न्यायसङ्गत अनि मानवोचित अवस्थाहरू तथा प्रसूति सहायताको प्रावधान**– राज्यले कामका न्यायसङ्गत अनि मानवोचित अवस्थाहरू सुनिश्चित गर्नका लागि अनि प्रसूति सहायताका लागि प्रावधान गर्ने छ।

**४३. श्रमिकहरूको निर्वाहका लागि ज्याला आदि** – राज्यले उपयुक्त विधान अथवा आर्थिक सङ्गठनद्वारा अथवा कुनै अन्य प्रकारले कृषि, उद्योग, अथवा अन्य प्रकारका सम्पूर्ण कर्मचारीहरूका काम, निर्वाहयोग्य ज्याला, शिष्ट जीवनस्तर अनि अवकाशका सम्पूर्ण उपभोग सुनिश्चित गर्ने कामका अवस्थाहरू तथा सामाजिक अनि सांस्कृतिक अवसर प्राप्त गराउने प्रयास गर्ने छ अनि विशेषरूपले गाउँहरूमा कुटीर उद्योगहरूलाई वैयक्तिक वा सहकार्यका आधारमा बढाउने प्रयास गर्ने छ।

[3][**४३क. उद्योग प्रबन्धनमा श्रमिकहरूको सहभागिता**– राज्यले कुनै उद्योगमा लागेका उपक्रम, प्रतिष्ठान अथवा अन्य सङ्गठनहरूका प्रबन्धनमा श्रमिकहरूको सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त विधानद्वारा अथवा कुनै अन्य रीतिले पाइला चाल्ने छ।]

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ७-द्वारा खण्ड (च) प्रतिस्थापित।

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ८-द्वारा (३.१.१९७७-देखि) अन्तःस्थापित।

[3] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ९-द्वारा (३.१.१९७७-देखि) अन्तःस्थापित।

[1][**४३ख. सहकारी संस्थाहरूको संवर्धन**– राज्यले सहकारी संस्थाहरूको स्वैच्छिक गठन, स्वायत्त कार्य व्यवस्थापन, प्रजातान्त्रिक नियन्त्रण अनि सहकारी संस्थाहरूको व्यावसायिक प्रबन्धनको संवर्धन गर्ने प्रयास गर्ने छ ।]

**४४. नागरिकहरूका लागि समान नागारिक संहिता**– राज्यले भारतका सम्पूर्ण राज्यक्षेत्रमा नागरिकहरूका लागि समान नागारिक संहिता प्रदान गर्ने प्रयास गर्ने छ ।

[2][**४५. छ वर्ष मुनिका शिशुहरूको प्रारम्भिक शैशव हेरचाह अनि शिक्षाको प्रावधान**– राज्यले सबै बालबालिकाहरूलाई तिनीहरूको ६ वर्षको उमेर पूरा नहुन्जेलसम्म प्रारम्भिक शैशव हेरचाह अनि शिक्षाको प्रावधान गर्ने प्रयास गर्ने छ ।]

**४६. अनुसूचित जाति, जनजाति तथा अन्य कमजोर वर्गका शिक्षा अनि आर्थिक हितको अभिवृद्धि**– राज्यले जनताका कमजोर वर्ग विशेष गरी अनुसूचित जाति तथा जनजातिको शिक्षा अनि अर्थ सम्बन्धी हितको विशेष सावधानीपूर्वक अभिवृद्धि गर्ने छ अनि सामाजिक अन्याय र सबै प्रकारका शोषणबाट उनीहरूको संरक्षण गर्ने छ ।

**४७. पौष्टिक आहार एवम् जीवन स्तरको गुणवत्ता वृद्धि गर्ने तथा सार्वजनिक स्वास्थ्य सुधार गर्ने राज्यको कर्त्तव्य**– राज्यले आफ्ना नागरिकको पौष्टिक आहारको स्तर अनि जीवन स्तरको गुणवत्ता वृद्धि गर्ने तथा सार्वजनिक स्वास्थ्यको सुधारलाई आफ्नो प्राथमिक कर्त्तव्य मान्ने छ अनि राज्यले विशेष गरी मादक पेयहरू तथा स्वास्थ्यका लागि हानिकारक औषधिहरूलाई औषधीय प्रयोजनबाहेक उपभोग गर्न प्रतिबन्ध लगाउने छ ।

**४८. कृषि तथा पशु पालन व्यवस्थापन**– राज्यले कृषि अनि पशु पालनलाई आधुनिक अनि वैज्ञानिक प्रणालीहरूद्वारा व्यवस्थापन गर्ने प्रयास गर्ने छ अनि विशेष गरी गाई र बाछाहरू तथा अन्य दुध दिने र वाहक पशुहरूका प्रजातिको संरक्षण अनि संवर्धन गर्नका लागि अनि तिनीहरूको वध निषेध गर्नका लागि पहल गर्ने छ ।

[3][**४८क. पर्यावरणको संरक्षण अनि संवर्धन तथा वन अनि वन्यप्राणीको सुरक्षा** - राज्यले देशको पर्यावरणको संरक्षण तथा संवर्धन गर्ने छ अनि वन तथा वन्य प्राणीहरूको रक्षा गर्ने छ ।]

---

[1] संविधान (सन्तानब्बेऔँ संशोधन) अधिनियम, २०११-को धारा ३-द्वारा (१५.२.२०१२-देखि) अन्तःस्थापित ।

[2] संविधान (छयासीऔँ संशोधन ) अधिनियम, २००२-को धारा ३-द्वारा (१.४.२०१०-देखि) अनुच्छेद ४५ का स्थानमा प्रतिस्थापित ।

[3] संविधान (बयालीसौँ संशोधन ) अधिनियम, १९७६-को धारा १०-द्वारा (३.१.१९७७-देखि) अन्तःस्थापित ।

**४९. राष्ट्रिय महत्त्वका स्मारक, स्थान अनि वस्तुहरूको संरक्षण** – [1][ संसद्द्वारा निर्मित विधिद्वारा अथवा यस अधीन राष्ट्रिय महत्त्वका भनी घोषित] कलात्मक अथवा ऐतिहासिक अभिरुचि भएका प्रत्येक स्मारक अथवा स्थान अथवा वस्तुको यथासन्दर्भ, लुटपाट, विकृति, विनाश, अपसारण, निस्तारण वा निर्यातबाट संरक्षण गर्नु राज्यको कर्त्तव्य हुने छ।

**५०. कार्यपालिकाबाट न्यायपालिकाको पृथक्करण**– राज्यका लोक सेवाहरूमा न्यायपालिकालाई कार्यपालिकाबाट पृथक् गर्नका लागि राज्यले पाइला चाल्ने छ।

**५१. अन्तर्राष्ट्रिय शान्ति अनि सुरक्षाको अभिवृद्धि**– राज्यले-

(क) अन्तर्राष्ट्रिय शान्ति अनि सुरक्षाको अभिवृद्धि गर्ने;

(ख) राष्ट्रहरूमाझ न्यायसङ्गत अनि सम्मानजनक सम्बन्धहरू बनाइराख्ने;

(ग) सङ्गठित व्यक्तिहरूका एकअर्काप्रतिका व्यवहारहरूमा अन्तर्राष्ट्रिय विधि अनि सन्धिका बाध्यताहरू प्रति आदर बढाउने ; अनि

(घ) मध्यस्थताद्वारा अन्तर्राष्ट्रिय विवादहरूको समाधान गर्नका लागि प्रोत्साहन दिने

-प्रयास गर्ने छ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २७-द्वारा "संसद्ले विधिद्वारा घोषणा गरेको" का स्थानमा प्रतिस्थापित।

# [1][भाग ४क

# मौलिक कर्त्तव्य

**५१क. मौलिक कर्त्तव्य**–

(क) संविधानको पालन गर्नु अनि यसका आर्दश, संस्था, राष्ट्रिय झन्डा अनि राष्ट्रिय गीतलाई सम्मान गर्नु;

(ख) स्वतन्त्रताका लागि हाम्रा राष्ट्रिय आन्दोलनलाई प्रेरित गर्ने उच्च आर्दशहरूलाई हृदयमा सजाएर राख्नु अनि तिनको पालन गर्नु;

(ग) भारतको सार्वभौमसत्ता, एकता अनि अखण्डताको रक्षा गर्नु अनि यसलाई अक्षुण्ण राख्नु;

(घ) देशको रक्षा गर्नु अनि आह्वान गरिएका खण्डमा राष्ट्रको सेवा गर्नु;

(ङ धर्म, भाषा अनि प्रदेश अथवा वर्गमा आधारित सम्पूर्ण भेदभावदेखि टाढा रहेर भारतका सम्पूर्ण मानिसहरूमा सद्भाव अनि समान भ्रातृत्वको भावना निर्माण गर्नु, नारीहरूको सम्मान विरुद्ध रहेका प्रथाहरू त्याग गर्नु;

(च) हाम्रो सम्मिश्रित संस्कृतिको गौरवशाली परम्पराको महत्त्व बुझ्नु अनि त्यसको संरक्षण गर्नु;

(छ) वन, झिल, नदी अनि वन्यप्राणी लगायत प्राकृतिक पर्यावरणको रक्षा अनि संवर्धन गर्नु तथा प्राणी मात्रका लागि दयाभाव राख्नु;

(ज) वैज्ञानिक दृष्टिकोण, मानववाद अनि ज्ञानार्जन तथा सुधारका भावनालाई विकास गर्नु;

(झ) सार्वजनिक सम्पत्तिलाई सुरक्षित राख्नु अनि हिंसाबाट टाढा रहनु;

(ञ) राष्ट्रले निरन्तर बढ्दै गएका प्रयत्न र उपलब्धिका नयाँ उचाइहरूलाई स्पर्श गर्न सकोस् भनी व्यक्तिगत अनि सामूहिक गतिविधिहरूका सबै क्षेत्रहरूमा उत्कर्षतर्फ बढ्ने सतत प्रयास गर्नु;

[2][(ट) मातापिता अथवा अभिभावकहरूले आफ्नो छ देखि चौध वर्षको नानी वा यथासन्दर्भ आश्रित नाबालकका लागि शिक्षाको अवसर प्रदान गर्नु;]

–भारतका प्रत्येक नागरिकको कर्त्तव्य हुने छ।

[1] संविधान (बयालीसौँ सशोधन) अधिनियम, १९७६-को धारा ११-द्वारा (३.१.१९७७ देखि) अन्त:स्थापित।

[2] संविधान (छयासीऔँ संशोधन ) अधिनियम, २००२को धारा ४-द्वारा (१.४.२०१०-देखि) अन्त:स्थापित।

# भाग ५

# सङ्घ

## अध्याय १– कार्यपालिका

### *राष्ट्रपति अनि उपराष्ट्रपति*

**५२. भारतका राष्ट्रपति**– भारतका एकजना राष्ट्रपति हुने छन् ।

**५३. सङ्घको कार्यपालिका शक्ति**– (१) सङ्घको कार्यपालिका शक्ति  राष्ट्रपतिमा निहित हुने छ अनि उनले यसको प्रयोग यस संविधानअनुसार स्वयम् अथवा आफ्ना अधीनस्थ अधिकारीहरूद्वारा गर्ने छन् ।

(२) पूर्वोल्लिखित प्रावधानको व्यापकतामाथि प्रतिकूल प्रभाव नपारी सङ्घका रक्षाबलहरूको सर्वोच्च समादेश राष्ट्रपतिमा निहित हुने छ अनि त्यसको प्रयोग विधिद्वारा विनियमित हुने छ ।

(३) यस अनुच्छेदको कुनै पनि कुराले–

(क) कुनै विद्यमान विधिद्वारा कुनै राज्यको सरकार अथवा अन्य प्राधिकारीलाई प्रदान गरिएका कुनै पनि कार्यहरू राष्ट्रपतिलाई स्थानान्तरण गरेको मानिने छैन; अथवा

(ख) संसद्लाई राष्ट्रपतिभन्दा भिन्न अन्य प्राधिकारीहरूलाई विधिद्वारा कार्य प्रदान गर्नबाट रोक्ने छैन ।

**५४. राष्ट्रपतिको निर्वाचन** - राष्ट्रपतिको निर्वाचन–

(क) संसद्का दुवै सदनका निर्वाचित सदस्यहरू; अनि

(ख) राज्यका विधानसभाहरूका निर्वचित सदस्यहरू

-मिलेर बनेको एउटा निर्वाचन मण्डलका सदस्यहरूद्वारा हुने छ ।

[1][*स्पष्टीकरण*– यस अनुच्छेद तथा अनुच्छेद ५५ मा "राज्य" पद अन्तर्गत राष्ट्रिय राजधानी क्षेत्र दिल्ली तथा केन्द्रशासित प्रदेश *पुडुचेरी समाविष्ट छ ।]

**५५. राष्ट्रपतिको निर्वाचनको रीति**– (१) जहाँसम्म सम्भव हुन्छ राष्ट्रपतिको निर्वाचनमा विभिन्न राज्यहरूको प्रतिनिधित्वको मापदण्डमा एकरूपता रहनु पर्दछ,

(२) राज्यहरूमा यस्तो आपसी एकरूपता तथा सम्पूर्ण राज्यहरू अनि सङ्घबिच समतुल्यता प्राप्त गराउनका लागि संसद् अनि प्रत्येक राज्यका विधानसभाका प्रत्येक निर्वाचित सदस्यले यस्तो निर्वाचनमा जति मत दिने अधिकार छ त्यसको सङ्ख्या निम्नलिखित प्रकारले निर्धारण गरिने छ

(क) कुनै राज्यको विधानसभाका प्रत्येक निर्वाचित सदस्यको मत त्यति नै हुने छ जति एक हजारको गुणित त्यस भागफलमा पर्दछ जुन राज्यको जनसङ्ख्यालाई सो विधानसभाका निर्वाचित सदस्यहरूको मोठ सङ्ख्याले भाग गर्दा निस्कन्छ;

---

[1] संविधान (सत्तरौँ संशोधन) अधिनियम, १९९२-द्वारा (१.६.१९९५देखि) अन्तःस्थापित ।

* पन्डिचेरी (नाम परिवर्तन) अधिनियम, २००६ (२००६-को ४४) को धारा ३-द्वारा (१.१०.२००६देखि) अब पन्डिचेरी पुडुचेरी हो ।

(ख) एक हजारका उक्त गुणितहरू लिएपछि भागशेष पाँचसयभन्दा कम नभएका खण्डमा उपखण्ड (क)-मा निर्दिष्ट प्रत्येक सदस्यका मतहरूको सङ्ख्यामा अझ एक थपिने छ;

(ग) उपखण्ड (क) अनि उपखण्ड (ख) अधीन राज्यहरूका विधानसभाहरूका सदस्यहरूका लागि तोकिएका मोठ मत सङ्ख्यालाई संसद्का दुवै सदनका निर्वाचित सदस्यहरूका मोठ सङ्ख्याले भाग गर्दा आउने सङ्ख्या नै संसद्का प्रत्येक सदनका प्रत्येक निर्वाचित सदस्य संसद्का मतहरूको सङ्ख्या हुने छ जसमा आधाभन्दा अधिक भिन्नलाई एक भनेर गणना गरिने छ अनि अन्य भिन्नहरूको उपेक्षा गरिने छ;

(३) राष्ट्रपतिको निर्वाचन अनुपातिक प्रतिनिधित्व पद्धतिअनुसार एकल सङ्क्रमणीय मतद्वारा हुने छ अनि यस्तो निर्वाचनमा मतदान गोप्य मतपत्रद्वारा हुने छ।

[1][*स्पष्टीकरण*– यस अनुच्छेदमा "जनसङ्ख्या" पदले सम्बन्धित तथ्याङ्क प्रकाशित भएको अन्तिम पूर्ववर्ती जनगणनामा निर्धारण गरिएको जनसङ्ख्यालाई बुझाउँछ;

यद्यपि यस स्पष्टीकरणमा सम्बन्धित तथ्याङ्क प्रकाशित भएको अन्तिम पूर्ववर्ती जनगणनाप्रति गरिएको निर्देशको इ सं [2][२०२६] पछि गरिएको पहिलो जनगणनाको तथ्याङ्क प्रकाशित नभइन्जेल इ सं १९७१-को जनगणना प्रति गरिएको निर्देश हो भन्ने अर्थ लगाइन्छ।]

**५६. राष्ट्रपतिको पदावधि**– (१) आफ्नो पद ग्रहण गरेको मितिदेखि पाँच वर्ष अवधिसम्म राष्ट्रपति आफ्ना पदमा रहने छन्:

यद्यपि–

(क) राष्ट्रपतिले उपराष्ट्रपतिलाई सम्बोधन गरेको आफ्नो हस्ताक्षरित लेखद्वारा आफ्नो पदत्याग गर्न सक्ने छन्;

(ख) संविधानको उलङ्घन गरेमा राष्ट्रपतिलाई अनुच्छेद ६१-मा प्रावधान गरिएको रीतिअनुसार महाभियोगद्वारा पदबाट हटाउन सकिने छ;

(ग) आफ्नो पदावधि समाप्त भइसके तापनि उनका उत्तराधिकारीले आफ्नो पद ग्रहण नगरिन्जेल राष्ट्रपति आफ्ना पदमा रहिरहन सक्ने छन्।

(२) खण्ड (१)-को उपप्रावधान खण्ड (क) अन्तर्गत उपराष्ट्रपतिलाई सम्बोधित त्यागपत्रको सूचना उनीद्वारा लोकसभाका अध्यक्षलाई तुरुन्तै दिइने छ।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा १२-द्वारा (३.१.१९७७-देखि) स्पष्टीकरणका स्थानमा प्रतिस्थापित।

[2] संविधान (चौरासीऔँ संशोधन) अधिनियम, २००१-को धारा २-द्वारा (२१.२.२००२-देखि) "२०००" का स्थानमा प्रतिस्थापित।

(भाग ५– सङ्घ)

**५७. पुनर्निर्वाचनका लागि योग्यता** - राष्ट्रपतिका रूपमा पद ग्रहण गर्ने अथवा गरेका कुनै पनि व्यक्ति यस संविधानका अन्य प्रावधानहरूका आधारमा त्यस पदका लागि पुनर्निर्वाचित हुन योग्य हुने छन्।

**५८. राष्ट्रपतिका रूपमा निर्वाचित हुनका लागि योग्यताहरू-** (१) कुनै पनि व्यक्ति राष्ट्रपति पदमा निर्वाचित हुनका लागि–

(क) भारतको नागरिक नभएसम्म,

(ख) पैँतीस वर्ष आयु पुरा नगरेसम्म अनि

(ग) लोकसभाका सदस्यका रूपमा निर्वाचित हुनका निम्ति योग्यता नभएसम्म

–योग्य हुने छैनन्।

(२) भारत सरकार अथवा कुनै राज्य सरकारका अधीन अथवा उक्त सरकारहरूमध्ये कुनैका नियन्त्रणमा कुनै स्थानीय अथवा अन्य प्राधिकारीका अधीन कुनै लाभप्रद पद ग्रहण गरेका कुनै व्यक्ति राष्ट्रपतिका रूपमा निर्वाचित हुन योग्य हुने छैनन्।

*स्पष्टीकरण–* यस अनुच्छेदका प्रयोजनका निम्ति कुनै व्यक्तिलाई सङ्घको राष्ट्रपति वा उपराष्ट्रपति वा कुनै राज्यको राज्यपाल [1]*** अथवा सङ्घका वा कुनै राज्यका मन्त्री भएकै कारणले मात्र कुनै पनि लाभप्रद पद धारण गर्ने व्यक्ति मानिने छैन।

**५९. राष्ट्रपति पदका लागि सर्तहरू**– (१) राष्ट्रपति संसद्का कुनै सदनको अथवा कुनै राज्यको विधायिकाका कुनै सदनको सदस्य हुने छैनन् अनि संसद्का कुनै सदनको अथवा कुनै राज्यको विधायिकाका कुनै सदनको कुनै सदस्य राष्ट्रपति निर्वाचित भएका खण्डमा उनले त्यस सदनमा आफ्नो आसन राष्ट्रपतिका रूपमा आफ्नो पद ग्रहण गरेको मितिदेखि रिक्त गरे भनेर ठानिने छ।

(२) राष्ट्रपतिले अन्य कुनै पनि लाभको पद ग्रहण गर्ने छैनन्।

(३) राष्ट्रपति आफ्नो शासकीय निवासको निःशुल्क उपयोग गर्ने अनि संसद्ले विधिद्वारा निर्धारण गरेका पारिश्रमिक, भत्ता र विशेषाधिकारहरूको पनि उपभोग गर्ने हकदार हुने छन् अनि जबसम्म यसका सम्बन्धमा प्रावधान गरिँदैन तबसम्म दोस्रो अनुसूचीमा विनिर्दिष्ट पारिश्रमिक, भत्ता अनि विशेषाधिकारहरूका हकदार हुने छन्।

(४) राष्ट्रपतिका पारिश्रमिक अनि भत्ताहरू उनको पदावधिभरि घटाइने छैन।

**६०. राष्ट्रपतिद्वारा शपथ अथवा अभिपुष्टि**– प्रत्येक राष्ट्रपति अनि राष्ट्रपतिका रूपमा कार्य गरिरहेका अथवा उनका कार्यहरूको निर्वहन गरिरहेका प्रत्येक व्यक्तिले आफ्नो पद ग्रहण गर्नअघि भारतका मुख्य न्यायाधीश अथवा उनका अनुपस्थितिमा सर्वोच्च न्यायलयका उपलब्ध ज्येष्ठतम न्यायाधीश समक्ष निम्नलिखित प्ररूपमा शपथ लिने छन् अथवा अभिपुष्टि गर्ने छन् अर्थात् -

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "अथवा राजप्रमुख अथवा उपराजप्रमुख" शब्दहरू त्यक्त।

"म, क.ख., $\frac{\text{ईश्वरका नाममा शपथ लिँदछु}}{\text{सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु}}$ , म श्रद्धापूर्वक भारतका राष्ट्रपति पदको कार्यपालन (अथवा राष्ट्रपतिका कार्यहरूको निर्वहन) गर्ने छु अनि आफ्ना पूर्ण सामर्थ्यले संविधान अनि विधिको परिरक्षण, संरक्षण अनि प्रतिरक्षण गर्ने छु अनि म भारतका जनताको सेवा अनि कल्याणमा आफूलाई समर्पण गर्ने छु।"

**६१. राष्ट्रपतिमाथि महाअभियोग चलाउने प्रक्रिया**– (१) संविधानको उलङ्घन गरेकाले राष्ट्रपतिमाथि महाअभियोग चलाउनु पर्दा त्यस्तो आरोप संसद्को कुनै सदनले आरोप लगाउन सक्ने छ।

(२) (क) त्यस सदनका मोठ सदस्य सङ्ख्याको कम्तीमा एकचौथाइ सदस्यहरूले हस्ताक्षर गरेर आरोप लगाउने प्रस्ताव राख्ने आ-आफ्नो आशय प्रकट गरेको लिखित सूचना दिएको चौध दिनपछि यस्तो आरोप लगाउने प्रस्तावलाई कुनै निर्णयमा निहित नगरेसम्म; अनि

(ख) त्यस सदनका मोठ सदस्य सङ्ख्याको कम्तीमा दुईतिहाइ बहुमतद्वारा यस्तो निर्णय पारित नगरेसम्म

–यस्तो कुनै पनि आरोप लगाइने छैन।

(३) संसद्को कुनै पनि सदनद्वारा यस्तो आरोप लगाइएको छ भने दोस्रो सदनले त्यस आरोपको अनुसन्धान गर्ने छ अथवा गराउने छ अनि यस्तो अनुसन्धानमा उपस्थित हुने तथा आफ्नो प्रतिनिधित्व गराउने अधिकार राष्ट्रपतिलाई हुने छ।

(४) अनुसन्धानको परिणामस्वरूप राष्ट्रपति विरुद्ध लगाइएको आरोपको अनुसन्धान गर्ने अथवा गराउने सदनले त्यस सदनको मोठ सदस्य सङ्ख्याको कम्तीमा दुईतिहाइ बहुमतद्वारा पारित गरिएको निर्णयमा आरोप सिद्ध भएको घोषणा गरिएका खण्डमा राष्ट्रपतिलाई सो निर्णय पारित भएको मितिदेखि उनको पदबाट हटाइने छ।

**६२. राष्ट्रपतिको रिक्त पद पूर्तिका लागि निर्वाचन गर्ने समय अनि आकस्मिक रिक्तता पूर्तिका लागि निर्वाचित व्यक्तिको पदावधि**- (१) राष्ट्रपतिको पदावधिको समाप्तिका कारणले भएको पदको रिक्तता पूर्ति गर्नका लागि निर्वाचन, पदावधि समाप्त हुनअघि नै सम्पन्न गरिने छ।

(२) राष्ट्रपतिको मृत्यु, पदत्याग अथवा उनलाई पदबाट हटाइनाले अथवा अरू कारणले भएको उनको पदको रिक्तता पूर्ति गर्नका लागि निर्वाचन, पद रिक्त भएको मितिपछि नै जतिसक्दो चाँडो अनि प्रत्येक अवस्थामा ६ महिना बित्नअघि नै गरिने छ अनि रिक्तता पूर्ति गर्नका लागि निर्वाचित व्यक्ति अनुच्छेद ५६-का प्रावधानहरूका अधीनमा रही आफ्नो पद ग्रहणको मितिदेखि पुरा पाँच वर्ष अवधिसम्म पद धारण गर्ने हकदार हुने छन्।

**६३. भारतका उपराष्ट्रपति** - भारतका एकजना उपराष्ट्रपति हुने छन्।

**६४. उपराष्ट्रपति राज्यसभाका *पदेन* सभापति हुने** – उपराष्ट्रपति राज्यसभाका पदेन सभापति हुने छन् अनि उनले अन्य कुनै लाभको पद धारण गर्ने छैनन्:

(भाग ५– सङ्घ)

यद्यपि उपराष्ट्रपतिले अनुच्छेद ६५-का आधारमा राष्ट्रपतिका रूपमा कार्य गरेका अथवा राष्ट्रपतिका कार्यहरूको निर्वहन गरेका कुनै पनि समयावधिमा उनले राज्यसभाका सभापति पदका कर्त्तव्यहरू पालन गर्ने छैनन् अनि उनी अनुच्छेद ९७ अन्तर्गत राज्यसभाका सभापतिलाई भुगतान गरिने वेतन अथवा भत्ताका हकदार हुने छैनन्।

**६५. राष्ट्रपतिको पद आकस्मिक रूपमा रिक्त हुँदा अथवा उनका अनुपस्थितिमा उपराष्ट्रपतिले राष्ट्रपतिका रूपमा कार्य गर्ने तथा उनका कार्यहरूको निर्वहन** - (१) राष्ट्रपतिको मृत्यु, पदत्याग वा उनलाई पदबाट हटाइँदा वा अन्य कारणले उनको पद रिक्त भएका अवस्थामा उपराष्ट्रपतिले यस्तो रिक्त पद पूर्ति गर्नका लागि यस अध्यायका प्रावधानहरू अनुसार निर्वाचित नयाँ राष्ट्रपतिले आफ्नो पदभार ग्रहण गर्ने मितिसम्म राष्ट्रपतिका रूपमा कार्य गर्ने छन् ।

(२) अनुपस्थिति, बिमारी अथवा अन्य कुनै कारणले राष्ट्रपति आफ्ना कार्यहरू निर्वहन गर्न असमर्थ भएका समयमा उपराष्ट्रपतिले राष्ट्रपतिले आफ्ना कार्यहरू पुनः सम्हाल्ने मितिसम्म उनका कार्यहरूको निर्वहन गर्ने छन्।

(३) राष्ट्रपतिका रूपमा कार्य गरिरहेका अथवा उनका कार्यहरूको निर्वहन गरिरहेका समयमा अनि सो समयावधिका सम्बन्धमा उपराष्ट्रपतिलाई राष्ट्रपतिका सम्पूर्ण शक्ति अनि रक्षाकवचहरू प्राप्त हुने छन् अनि उनी संसद्ले विधिद्वारा निर्धारण गरेका पारिश्रमिक, भत्ता र विशेषाधिकारहरूको उपभोग गर्ने हकदार पनि हुने छन् अनि जबसम्म यसका सम्बन्धमा प्रावधान गरिँदैन तबसम्म दोस्रो अनुसूचीमा विनिर्दिष्ट पारिश्रमिक, भत्ता अनि विशेषाधिकारहरूका हकदार हुने छन्।

**६६. उपराष्ट्रपतिको निर्वाचन**– (१) उपराष्ट्रपतिको निर्वाचन [1][संसद्का दुवै सदनका सदस्यहरू मिलेर गठन भएको निर्वाचन मण्डलका सदस्यहरू]-द्वारा आनुपातिक प्रतिनिधित्व पद्धतिअनुसार एकल सङ्क्रमणीय मतद्वारा हुने छ अनि यस्तो निर्वाचनमा मतदान गोप्य मतपत्रद्वारा हुने छ।

(२) उपराष्ट्रपति संसद्का कुनै सदनको अथवा कुनै राज्यको विधायिकाका कुनै सदनका सदस्य हुने छैनन् अनि संसद्का कुनै सदनको अथवा कुनै राज्यको विधायिकाका कुनै सदनको कुनै सदस्य उपराष्ट्रपति निर्वाचित भएका खण्डमा उनले त्यस सदनमा आफ्नो आसन उपराष्ट्रपतिका रूपमा आफ्नो पद ग्रहण गरेको मितिदेखि रिक्त गरेको मानिने छ।

(३) उपराष्ट्रपति पदमा निर्वाचित हुनका लागि कुनै पनि व्यक्ति

(क) भारतको नागरिक नभएसम्म;

(ख) पैँतीस वर्ष आयु पुरा नगरेसम्म; अनि

---

[1] संविधान (एघारौँ संशोधन) अधिनियम, १९६१-को धारा २-द्वारा (१९.१२.१९६१-देखि) "संयुक्त अधिवेशनमा समवेत संसद्का दुवै सदनका सदस्यहरू" का स्थानमा प्रतिस्थापित।

(ग) राज्यसभाका सदस्यका रूपमा निर्वाचित हुनाका निम्ति योग्यता नभएसम्म;

–योग्य हुने छैनन्।

(४) भारत सरकार अथवा कुनै राज्य सरकारका अधीन अथवा उक्त सरकारहरूमध्ये कुनैका नियन्त्रणमा कुनै स्थानीय अथवा अन्य प्राधिकारीका अधीन कुनै लाभप्रद पद ग्रहण गरेका कुनै व्यक्ति उपराष्ट्रपतिका रूपमा निर्वाचित हुन योग्य हुने छैनन्।

*स्पष्टीकरण*– यस अनुच्छेदका प्रयोजनका निम्ति कुनै व्यक्तिलाई सङ्घको राष्ट्रपति वा उपराष्ट्रपति वा कुनै राज्यको राज्यपाल [1]*** अथवा सङ्घको वा कुनै राज्यको मन्त्री भएकै कारणले मात्र कुनै पनि लाभप्रद पद धारण गरेको मानिने छैन।

**६७. उपराष्ट्रपतिको पदावधि**– आफ्नो पद ग्रहण गरेको मितिदेखि पाँच वर्ष अवधिसम्म उपराष्ट्रपति आफ्ना पदमा रहने छन्:

यद्यपि –

(क) उपराष्ट्रपतिले राष्ट्रपतिलाई सम्बोधन गरेको आफ्नो हस्ताक्षरित लेखद्वारा आफ्नो पदत्याग गर्न सक्ने छन्।

(ख) उपराष्ट्रपतिलाई राज्य सभाका तत्कालीन सम्पूर्ण सदस्यहरूका बहुमतले पारित गरेको अनि त्यसबारे लोकसभा सहमत भएको राज्यसभाको निर्णयद्वारा उनका पदबाट हटाउन सकिने छ। तर यस खण्डका प्रयोजनका लागि यस्तो कुनै निर्णय प्रस्थापन गर्नभन्दा कम्तीमा चौध दिन अघिदेखि उक्त निर्णय प्रस्थापन गर्ने आशयको सूचना नदिइएसम्म सो निर्णय प्रस्थापन गरिने छैन।

(ग) आफ्नो पदावधि समाप्त भइसके तापनि उनका उत्तराधिकारीले आफ्नो पद ग्रहण नगरिन्जेल उपराष्ट्रपति आफ्ना पदमा रहिरहन सक्ने छन्।

**६८. उपराष्ट्रपतिको रिक्त पद पूर्तिका लागि निर्वाचन गर्ने समय अनि आकस्मिक रिक्तता पूर्तिका लागि निर्वाचित व्यक्तिको पदावधि**– (१) उपराष्ट्रपतिको पदावधि समाप्त भएकाले भएको पदको रिक्तता पूर्ति गर्नका लागि निर्वाचन, पदावधि समाप्त हुनअघि नै पूर्ण गरिने छ।

(२) उपराष्ट्रपतिको मृत्यु, पदत्याग अथवा उनलाई पदबाट हटाइनाले अथवा अरू कारणले भएको उनको पदको रिक्तता पूर्ति गर्नका लागि निर्वाचन, पद रिक्त भएपछि जतिसक्दो चाँडो गरिने छ अनि रिक्तता पूर्ति गर्नका लागि निर्वाचित व्यक्ति अनुच्छेद ६७-का प्रावधानहरूका अधीनमा रही आफ्नो पद ग्रहणको मितिदेखि पूरा पाँच वर्ष अवधिसम्म पद धारण गर्ने हकदार हुने छन्।

**६९. उपराष्ट्रपतिद्वारा शपथ अथवा अभिपुष्टि** - प्रत्येक उपराष्ट्रपतिले आफ्नो पद ग्रहण

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) 'अथवा राजप्रमुख अथवा उपराजप्रमुख' शब्दहरू त्यक्त।

गर्नअघि राष्ट्रपति अथवा उनीद्वारा यस निमित्त नियुक्त कुनै व्यक्ति समक्ष निम्नलिखित प्ररूपमा शपथ लिने छन् अथवा अभिपुष्टि गर्ने छन् अर्थात् -

"म, क.ख., $\frac{\text{ईश्वरका नाममा शपथ लिँदछु}}{\text{सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु}}$, विधिद्वारा स्थापित भारतको संविधानप्रति साँचो श्रद्धा र निष्ठा राख्ने छु अनि मैले ग्रहण गर्न लागिरहेको पदका कर्त्तव्यहरू श्रद्धापूर्वक पालन गर्ने छु।"

**७०. अन्य आकस्मिकताहरूमा राष्ट्रपतिका कार्यहरूको निर्वहन** – संसद्ले यस अध्यायमा प्रावधान नगरिएको कुनै आकस्मिकतामा राष्ट्रपतिका कार्यहरूको निर्वहनका लागि उपयुक्त लागेका प्रावधानहरू गर्न सक्ने छ।

[1][**७१. राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनसित सम्बन्धित एवम् संलग्न विषय**–(१) राष्ट्रपति अथवा उपराष्ट्रपतिको निर्वाचनबाट उत्पन्न वा त्यससँग सम्बद्ध सबै शङ्का अनि विवादहरूको जाँच अनि निर्णय सर्वोच्च न्यायालयद्वारा गरिने छ जसको निर्णय अन्तिम हुने छ।

(२) सर्वोच्च न्यायालयद्वारा कुनै व्यक्तिको राष्ट्रपति अथवा उपराष्ट्रपतिका रूपमा भएको निर्वाचन अमान्य घोषित गरिएका खण्डमा उनले यथासन्दर्भ राष्ट्रपति अथवा उपराष्ट्रपतिका पदका शक्तिहरू प्रयोग अनि कर्त्तव्यहरूका पालन गर्दा सर्वोच्च न्यायालयद्वारा निर्णय दिइएको मिति अथवा त्यसअघि गरिएका कार्यहरू त्यस निर्णयका कारण विधिअमान्य हुने छैनन्।

(३) संसद्ले विधिद्वारा यस संविधानका प्रावधानहरूका अधीनमा रही राष्ट्रपति अथवा उपराष्ट्रपतिको निर्वाचनसित सम्बन्धित अथवा त्यससँग सम्बद्ध कुनै पनि विषयको विनियमन गर्न सक्ने छ।

(४) राष्ट्रपति अथवा उपराष्ट्रपतिका रूपमा कुनै व्यक्तिको निर्वाचनलाई उनलाई निर्वाचित गर्ने निर्वाचन मण्डलका सदस्यहरूमा कुनै पनि कारणले विद्यमान कुनै रिक्त पदका आधारमा प्रश्नगत गरिने छैन।]

**७२. क्षमादान आदि अनि कतिपय मामिलाहरूमा दण्डादेश स्थगन, परिहार अथवा दण्डलघु गर्ने राष्ट्रपतिको शक्ति**– (१) कुनै अपराधका लागि दोषसिद्ध ठहऱ्याइएका कुनै व्यक्तिको दण्डलाई-

(क) सेना न्यायालयद्वारा दिइएका दण्ड अथवा दण्डादेशका सबै मामिलाहरूमा;

---

[1] संविधान (उनचालीसौँ संशोधन) अधिनियम, १९७५-को धारा २-द्वारा (१०.८.१९७५-देखि) अनि त्यसपछि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा १०-द्वारा (२०.६.१९७९-देखि) प्रतिस्थापित।

(ख) सङ्घको कार्यपालिका शक्ति विस्तार भएसम्मको विषयसम्बन्धी कुनै विधि विरुद्ध अपराधका लागि दिइएका दण्ड अथवा दण्डादेशका सबै मामिलहरूमा ;

(ग) दण्डादेश चाहिँ मृत्यु दण्डादेश भएका सबै मामिलाहरूमा

- राष्ट्रपतिलाई क्षमादान, स्थगन, रोक वा मुक्त गर्ने अथवा दण्डादेश निलम्बन, मुक्त अथवा कम कठोर दण्डमा परिवर्तित गर्ने शक्ति हुने छ।

(२) खण्ड (१)-को उपखण्ड (क)-को कुनै पनि कुराले सेना न्यायालयद्वारा पारित सङ्घको सशस्त्र बलका कुनै अधिकारीको दण्डादेशलाई निलम्बन, मुक्त अथवा कम कठोर दण्डमा परिवर्तित गर्ने विधिद्वारा प्रदत्त शक्तिमाथि प्रभाव पार्ने छैन।

(३) खण्ड (१)-को उपखण्ड (ग)-को कुनै पनि कुराले त्यस समय प्रवृत्त कुनै विधि अन्तर्गत कुनै राज्यका राज्यपाल [1]*** द्वारा प्रयोक्तव्य मृत्यु दण्डादेशलाई निलम्बन, मुक्त अथवा कम कठोर दण्डमा परिवर्तित गर्ने शक्तिमाथि प्रभाव पार्ने छैन।

**७३. सङ्घको कार्यपालिका शक्तिको विस्तार**– (१) यस संविधानका प्रावधानहरूका अधीनमा रही सङ्घको कार्यपालिका शक्तिको विस्तार-

(क) संसद्लाई विधि बनाउने शक्ति भएका विषयहरूसम्म ;अनि

(ख) कुनै सन्धि अथवा सम्झौताका आधारमा भारत सरकारद्वारा प्रयोक्तव्य अधिकारहरू, प्राधिकार अनि अधिकारक्षेत्रको प्रयोगसम्म;

-हुने छ:

यद्यपि यस संविधानमा अथवा संसद्द्वारा बनाइएका कुनै विधिमा स्पष्ट रूपले प्रावधान नगरिएसम्म उपखण्ड (क)-मा निर्दिष्ट कार्यपालिका शक्तिको विस्तार कुनै [2]*** राज्यमा सो राज्यको विधायिकालाई पनि विधि बनाउने शक्ति भएका विषयहरूसम्म हुने छैन।

(२) संसद्द्वारा अन्य प्रावधान नगरिएसम्म यस अनुच्छेदमा जुनसुकै कुरा भए तापनि कुनै राज्य अनि राज्यका कुनै अधिकारी अथवा प्राधिकारीले सो राज्यका लागि विधि बनाउने शक्ति भएका विषयहरूमा सो राज्य अथवा त्यसका अधिकारी वा प्राधिकारीले यो संविधान लागु हुन तत्काल अघि प्रयोग गर्न सक्ने कार्यपालिका शक्ति अथवा कार्यहरू प्रयोग गर्न सक्ने छ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "प्रथम अनुसूचीको भाग (क) अनि भाग (ख) मा विनिर्दिष्ट" शब्द अनि अक्षरहरू त्यक्त।

*मन्त्रीपरिषद्*

**७४. राष्ट्रपतिलाई सहायता अनि परामर्श दिनाका निम्ति मन्त्रीपरिषद्**– [1][(१) राष्ट्रपतिलाई सहायता अनि परामर्श दिनका लागि प्रधानमन्त्रीप्रमुख रहेको एउटा मन्त्रीपरिषद् हुने छ र राष्ट्रपतिले आफ्ना कार्यहरू निर्वाह गर्दा सो मन्त्रीपरिषद्को परामर्शअनुसार कार्य गर्ने छन्;]

[2][ यद्यपि राष्ट्रपतिले मन्त्री-परिषद्को त्यस्तो परामर्शमाथि सामान्यतया अथवा अन्य प्रकारले पुनर्विचार गर्ने अपेक्षा गर्न सक्ने छन् अनि राष्ट्रपतिले यस्तो पुनर्विचार पछि दिइएका परामर्शअनुसार कार्य गर्ने छन् ।]

(२) मन्त्री परिषद्ले राष्ट्रपतिलाई के कुनै सल्लाह दियो अनि दियो भने के दियो भन्ने प्रश्न कुनै न्यायालयमा जाँच गरिने छैन ।

**७५. मन्त्रीहरूका विषयमा अन्य प्रावधानहरू -** (१) प्रधानमन्त्रीको नियुक्ति राष्ट्रपतिले गर्ने छन् अनि अन्य मन्त्रीहरूको नियुक्ति राष्ट्रपतिले प्रधानमन्त्रीका सल्लाहअनुसार गर्ने छन् ।

[3][(१क) केन्द्र सरकारको मन्त्री मण्डलको सङ्ख्या प्रधानमन्त्रीसहित, लोकसभाको पूर्ण सङ्ख्याको १५ प्रतिशतभन्दा माथि हुनसक्दैन ।

(१ख) दसौँ अनुसूचीको परिच्छेद २ अन्तर्गत संसद्को कुनै सदनको सदस्य हुन अयोग्य ठहराइएको कुनै पनि राजनैतिक दलसँग सम्बन्धित संसद्को कुनै सदनको सो सदस्य ऊ अयोग्य ठहरिएको मितिदेखि सो सदस्यका रूपमा उसको पदावधि समाप्त हुने मितिसम्म वा उसले यस्तो अवधि समाप्त हुनअघि संसद्को कुनै पनि सदनको चुनाउ लडेर निर्वाचित घोषित भएको मितिसम्म वा यीमध्ये जुन मिति अघि आउँछ त्यतिन्जेल खण्ड (१) अन्तर्गत मन्त्रीपरिषदको सदस्य हुनका लागि पनि अयोग्य ठहरिने छ ।]

(२) मन्त्रीहरू राष्ट्रपतिको चाहना रहेसम्म आफ्नो पदमा रहने छन् ।

(३) मन्त्रीपरिषद् लोकसभाप्रति सामूहिक रूपले उत्तरदायी रहने छ ।

(४) कुनै मन्त्रीद्वारा आफ्नो पद ग्रहण गर्नअघि उनलाई राष्ट्रपतिले तेस्रो अनुसूचीमा यस प्रयोजनका लागि दिइएका प्ररूपहरू अनुसार पद र गोपनीयताको शपथ गराउने छन् ।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा १३-द्वारा (३.१.१९७७-देखि) खण्ड (१) का स्थानमा प्रतिस्थापित ।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ११-द्वारा (२०.६.१९७९-देखि) अन्तःस्थापित ।

[3] संविधान (एकानब्बेऔँ संशोधन) अधिनियम, २००३-को धारा २-द्वारा (१.१. २००४-देखि) अन्तः स्थापित ।

(५) कुनै मन्त्री नियमित रूपमा कुनै पनि छ महिना अवधिसम्म संसद्को कुनै सदनको सदस्य नभएमा उक्त अवधि समाप्त भएपछि मन्त्री रहने छैनन् ।

(६) संसद्ले विधिद्वारा समय समयमा निर्धारित गरेअनुसार मन्त्रीहरूको वेतन अनि भत्ता हुने छ अनि संसद्ले यसरी निर्धारण नगरेसम्म दोस्रो अनुसूचीमा विनिर्दिष्ट गरे अनुसार हुने छ ।

*भारतका महान्यायाधिवक्ता*

**७६. भारतका महान्यायाधिवक्ता -** (१) राष्ट्रपतिले सर्वोच्च न्यायलयका न्यायाधीश नियुक्त गर्नका लागि योग्य कुनै पनि व्यक्तिलाई भारतका महान्यायाधिवक्ता नियुक्त गर्ने छन् ।

(२) राष्ट्रपतिले समय समयमा निर्देशित गर्ने अथवा सुम्पिने भारत सरकारका विधि सम्बन्धी विषयहरूमा परामर्श दिनु अनि विधिक प्रकृतिका अन्य कर्त्तव्यहरूको पालन गर्नु अनि यस संविधान अथवा तत्समय लागु कुनै अन्य विधिद्वारा अथवा त्यस अन्तर्गत प्रदान गरिएका कार्यहरूको निर्वाह गर्नु भारतका महान्यायाधिवक्ताको कर्त्तव्य हुने छ ।

(३) महान्यायाधिवक्ताहरूलाई आफ्नो कर्त्तव्य पालन गर्दा भारतका राज्यक्षेत्रका सबै न्यायालयमा सुनवाई गर्ने अधिकार हुने छ ।

(४) महान्यायाधिवक्ताले राष्ट्रपतिको चाहना रहेसम्म पद धारण गर्ने छन् अनि राष्ट्रपतिले निर्धारण गरेको पारिश्रमिक प्राप्त गर्ने छन् ।

*सरकारी कार्यको सञ्चालन*

**७७. भारत सरकारको कार्यको सञ्चालन -** (१) भारत सरकारका सबै कार्यपालिका कार्यवाही राष्ट्रपतिको नामबाट भएको भनी अभिव्यक्त हुने छ ।

(२) राष्ट्रपतिका नाममा बनाइएका तथा निष्पादन गरिएका आदेशहरू अनि अन्य लिखतहरूलाई राष्ट्रपतिद्वारा बनाइने नियमहरूमा [1] विनिर्दिष्ट गरिने प्रकारले अधिप्रमाणित गरिने छ अनि यस प्रकारले अधिप्रमाणित आदेश तथा लिखतहरूको विधिमान्यतालाई त्यो राष्ट्रपतिद्वारा जारी गरिएको आदेश वा लिखत होइन भन्ने आधारमा प्रश्नगत गरिने छैन ।

(३) राष्ट्रपतिले भारत सरकारका कार्यलाई अधिक सुविधपूर्वक गर्नाका लागि तथा मन्त्रीहरूमा सो कार्य विभाजन गर्नका लागि नियम बनाउने छन् ।

[2](४) * * * *

---

[1] समय समयमा यथापरिमार्जित सूचना नम्बर वि.आ.२२९७, भारतको राजपत्र, भाग २, धारा ३ (ii), पृ. १३१५, हेर्नुहोस् ।।

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा १४-द्वारा (३.१.१९७७-देखि) खण्ड (४) अन्तःस्थापित अनि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा १२-द्वारा (२०.६.१९७९-देखि) त्यक्त ।

**७८. राष्ट्रपतिलाई जानकारी दिने आदि सम्बन्धमा प्रधानमन्त्रीको कर्त्तव्य**– प्रधानमन्त्रीले–

(क) सङ्घ मामिलाको प्रशासन सम्बन्धी अनि विधान विषयक प्रस्तावनाहरू सम्बन्धी मन्त्री परिषद्का सबै निर्णय राष्ट्रपतिलाई सञ्चारित गर्नु;

(ख) सङ्घ मामिलाको प्रशासन सम्बन्धी अनि विधान विषयक प्रस्तावनाहरू सम्बन्धी राष्ट्रपतिले मागेको जानकारी दिनु; अनि

(ग) कुनै पनि विषयमा कुनै मन्त्रीले निर्णय लिएको तर त्यसलाई मन्त्रीपरिषद्ले चाहिँ विचार नगरेको भए सो विषयलाई राष्ट्रपतिले चाहेका खण्डमा मन्त्रीपरिषद् समक्ष विचारका लागि प्रस्तुत गर्नु

– प्रधानमन्त्रीका कर्त्तव्य हुने छन्।

## अध्याय २– संसद्

### *सामान्य*

**७९. संसद्को गठन**– - सङ्घका लागि एकजना राष्ट्रपति हुने छन् अनि क्रमैले राज्यसभा एवम् लोकसभा नामले चिनिने दुईवटा सदनद्वारा गठन हुने एउटा संसद् हुने छ।

**८०. राज्यसभाको संरचना**– (१) [1][[2]*** राज्यसभा]–

(क) राष्ट्रपतिद्वारा खण्ड (३)-का प्रावधानहरू अनुसार मनोनीत गरिने बाह्रजना सदस्य; अनि

(ख) राज्यहरूका [3][अनि केन्द्रशासित प्रदेशका] दुईसय अठतीसभन्दा अनधिक प्रतिनिधिहरू;

–मिलेर गठन हुने छ।।

(२) राज्यसभामा राज्यहरूको [3][अनि केन्द्रशासित प्रदेशका] प्रतिनिधिहरूद्वारा पूर्ति गरिने आसनहरूको आवण्टन चौथो अनुसूचीमा यसका निमित्त निहित प्रावधानहरू अनुसार हुने छ।

(३) राष्ट्रपतिद्वारा खण्ड (१)-को उपखण्ड (क) अन्तर्गत मनोनयन गरिने सदस्यहरू-

साहित्य, विज्ञान, कला अनि समाज सेवा

-जस्ता विषयहरूका सम्बन्धमा विशेष ज्ञान वा व्यावहारिक अनुभव भएका व्यक्तिहरू हुने छन्।

---

[1] संविधान (पैंतीसौँ संशोधन) अधिनियम, १९७४-को धारा ३-द्वारा (१.३.१९७५-देखि) राज्यसभाका स्थानमा प्रतिस्थापित।

[2] संविधान (छत्तीसौँ संशोधन) अधिनियम, १९७५-को धारा ५-द्वारा (२६.४.१९७५-देखि) दसौँ अनुसूचीको परिच्छेद ४ का प्रावधानहरूका अधीनमा रहेर" का कतिपय शब्दहरू त्यक्त।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा ३-द्वारा (१.११.१९५६-देखि) जोडियो।

(४) राज्यसभामा प्रत्येक राज्यका [1]**** राज्यका प्रतिनिधिहरूको निर्वाचन त्यस राज्यका विधानसभाका निर्वाचित सदस्यहरूद्वारा आनुपातिक प्रतिनिधित्वअनुसार एकल सङ्क्रमणीय मतद्वारा गरिने छ।

(५) राज्यसभामा [2][केन्द्रशासित राज्य]-का का प्रतिनिधिहरू संसद्ले विधिद्वारा निर्देशित गरे प्रकारले चयनित हुने छन्।

[3][**८१. लोकसभाको संरचना**– (१) [4][अनुच्छेद ३३१-का प्रावधानहरूका अधीनमा रही[5]***], लोकसभा–

(क) राज्यका क्षेत्रीय निर्वाचन क्षेत्रहरूबाट प्रत्यक्ष रूपमा निर्वाचित [6] [पाँचसय तीस सदस्य] सदस्यभन्दा अनधिक; अनि

(ख) संसद्ले विधिद्वारा प्रावधान गरेको केन्द्रशासित प्रदेशका प्रतिनिधित्व गर्न चयनित [7][बीस] भन्दा अनधिक सदस्यहरू –मिलेर गठन हुने छ।

(२) खण्ड (१)-का उपखण्ड (क)-का प्रयोजनहरूका लागि -

(क) प्रत्येक राज्यका आसनहरूको सङ्ख्यासँग ती राज्यका जनसङ्ख्याको अनुपात सबै राज्यका लागि जतिसक्दो एउटै हुने प्रकारले प्रत्येक राज्यलाई लोकसभामा आसनहरूको आवण्टन; अनि

(ख) प्रत्येक निर्वाचन क्षेत्रको जनसङ्ख्याको अनुपात सो राज्यलाई आवण्टित आसनहरूको सङ्ख्यासँग सबै राज्यमा जतिसक्दो एउटै हुने प्रकारले प्रत्येक राज्यलाई प्रादेशिक निर्वाचन क्षेत्रहरूमा विभाजन

-गरिने छ:

[8][यद्यपि, यस खण्डको उपखण्ड (क)-का प्रावधानहरू कुनै राज्यलाई लोकसभामा आसनहरूको आवण्टनका प्रयोजनका लागि सो राज्यको जनसङ्ख्या साठी लाखभन्दा अधिक नभएसम्म लागु हुने छैन।]

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा ३-द्वारा (१.११.१९५६-देखि) “पहिलो अनुसूचीको भाग क अथवा भाग ख मा विनिर्दिष्ट” शब्द अनि अक्षरहरू त्यक्त।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा ३-द्वारा (१.११.१९५६-देखि) “पहिलो अनुसूचीको भाग ग मा विनिर्दिष्ट राज्यहरूका” स्थानमा प्रतिस्थापित।

[3]संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा ४-द्वारा अनुच्छेद ८१ र ८२ का स्थानमा प्रतिस्थापित।

[4] संविधान (पैँतीसौँ संशोधन) अधिनियम, १९७४-को धारा ४-द्वारा (१.३.१९७५-देखि) “अनुच्छेद ३३१ का प्रावधानहरूका अधीनमा रही” का स्थानमा प्रतिस्थापित।

[5] संविधान (छत्तीसौँ संशोधन) अधिनियम, १९७५-को धारा ५-द्वारा (२६.४.१९७५-देखि) “अनि दसौँ अनुसूचीको परिच्छेद ४” शब्द अनि अक्षरहरू त्यक्त।

[6] गोवा, दमन अनि दिऊ पुनर्गठन अधिनियम, १९८७ (१९८७-को १८)को धारा ६३-द्वारा (३०.५.१९८७-देखि) “पाँचसय पच्चीस जना सदस्य” का स्थानमा प्रतिस्थापित।

[7] संविधान (एकतीसौँ संशोधन) अधिनियम १९७३-को धारा २-द्वारा (१७.१०.१९७३-देखि) “पच्चीस जना सदस्य” का स्थानमा प्रतिस्थापित।

[8] संविधान (एकतीसौँ संशोधन) अधिनियम १९७३-को धारा २-द्वारा (१७.१०.१९७३-देखि) “पच्चीस जना सदस्य” का स्थानमा अन्त: स्थापित।

(३) यस अनुच्छेदमा “जनसङ्ख्या” पदले सम्बन्धित तथ्याङ्क प्रकाशित भएको अन्तिम पूर्ववर्ती जनगणनामा निर्धारण गरिएको जनसङ्ख्यालाई बुझाउँछ;

[1][यद्यपि यस खण्डमा सम्बन्धित तथ्याङ्क प्रकाशित भएको अन्तिम पूर्ववर्ती जनगणनाप्रति निर्देशको इ सं [2][२०२६] पछि गरिएको पहिलो जनगणनाको तथ्याङ्क प्रकाशित नभइन्जेलसम्म- [3][यसको अर्थ–

(i) खण्ड (२) को उप-खण्ड (क) र उक्त खण्डको उपप्रावधानका प्रयोजनका लागि १९७१ को जनगणनाप्रतिको; अनि

(ii) खण्ड (२) को उप खण्ड (ख)-का प्रयोजनका लागि [4][२००१] को जनगणना] प्रतिको

–निर्देश हो भन्ने लगाइन्छ।

**८२. प्रत्येक जनगणनापछि पुनःसमायोजन–** प्रत्येक जनगणनाको समाप्तिपछि राज्यहरूलाई लोकसभामा आसनहरूको आवण्टन अनि प्रत्येक राज्यका प्रादेशिक निर्वाचन क्षेत्रहरूमा विभाजनलाई संसद्ले विधिद्वारा निर्धारित गरेको प्राधिकारी अनि रीतिद्वारा पुनःसमायोजन गरिने छ;

यद्यपि यस्तो पुनःसमायोजनबाट लोकसभाको प्रतिनिधित्वमाथि त्यस समय विद्यमान लोकसभा विघटन नभएसम्म कुनै प्रभाव पर्ने छैन:

[5][यद्यपि यस्तो पुनःसमायोजन राष्ट्रपतिले आदेशद्वारा विनिर्दिष्ट गरेको मितिदेखि प्रभावी हुने छ अनि यस्तो पुनःसमायोजन प्रभावी भइञ्जेल लोकसभाका लागि कुनै निर्वाचन यस्तो पुनःसमायोजनअघि विद्यमान रहेको प्रादेशिक निर्वाचन क्षेत्रहरूका आधारमा हुन सक्ने छ:

यद्यपि [6][२०२६] सालपछि गरिने पहिलो जनगणनाको सान्दर्भिक तथ्याङ्क प्रकाशित नभएसम्म यस अनुच्छेद अन्तर्गत निम्न कुराहरको [7][पुनःसमायोजन गर्नु आवश्यक हुने छैन:–

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा १५-द्वारा (३.१.१९७७-देखि) जोडियो।

[2] संविधान(चौरासीऔँ संशोधन) अधिनियम, २००१-को धारा ३-द्वारा “२०००” का स्थानमा प्रतिस्थापित।

[3] संविधान (चौरासीऔँ संशोधन) अधिनियम, २००१-को धारा ३-द्वारा (२१.२.२००२-देखि) केही शब्दका स्थानमा प्रतिस्थापित।

[4] संविधान (सतासीऔँ संशोधन) अधिनियम, २००३-को धारा २-द्वारा (२२.६.२००३-देखि) “१९९१” का स्थानमा प्रतिस्थापित।

[5] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा १६-द्वारा (३.१.१९७७-देखि) अन्तःस्थापित।

[6] संविधान (चौरासीऔँ संशोधन) अधिनियम, २००१-को धारा ४-द्वारा (२१.२.२००२-देखि) “२०००” का स्थानमा प्रतिस्थापित ।

[7] संविधान (चौरासीऔँ संशोधन) अधिनियम, २००१-को धारा ४-द्वारा (२१.२.२००२-देखि) केही शब्दका स्थानमा प्रतिस्थापित।

(i) १९७१ को जनगणनाका आधारमा राज्यहरूलाई लोकसभामा पुनः समायोजित आसनहरूको आवण्टन ; अनि

(ii) यस अनुच्छेदअनुसार [1][२००१] जनगणनाका आधारमा पुनः समायोजन गरिने प्रत्येक राज्यका प्रादेशिक निर्वाचन क्षेत्रहरूमा विभाजनको;

**८३. संसद्का सदनहरूको अवधि**– (१) राज्यसभाको विघटन हुँदैन तर यसका सदस्यहरूभित्रबाट यथाशक्य निकटतम एकतिहाइ सदस्य संसद्ले विधिद्वारा यसका निमित्त गरिएका प्रावधानहरूअनुसार प्रत्येक दोस्रो वर्षका समाप्तिमा जतिसक्दो चाँडो सेवानिवृत्त हुने छन् ।

(२) अगावै विघटित नगरिएका खण्डमा लोकसभा आफ्नो पहिलो अधिवेशनका लागि तोकिएको मितिदेखि [2][पाँच वर्ष] सम्म रहिरहने छ र यसभन्दा अधिक होइन अनि [2][पाँच वर्ष] को उक्त अवधिको समाप्तिको परिणामस्वरूप लोकसभाको विघटन हुने छ:

यद्यपि आपातको उद्घोषणा प्रवर्तनमा रहँदा उक्त अवधिलाई संसद्ले विधिद्वारा एकपल्टमा एक वर्षभन्दा अधिक नहुनेजति अवधिका लागि बढाउन सक्ने छ अनि उद्घोषणा प्रवर्तनमा नरहेपछि त्यसको विस्तार कुनै पनि अवस्थामा ६ महिना अवधिभन्दा अधिक हुने छैन ।

**८४. संसद् सदस्यताका लागि योग्यता**– कुनै पनि व्यक्ति–

[3][(क) भारतको नागरिक नभएसम्म अनि उनले निर्वाचन आयोगद्वारा संसद्को कुनै आसन पूर्तिका निम्ति प्राधिकृत कुनै व्यक्तिसमक्ष तेस्रो अनुसूचीमा यस प्रयोजनका लागि दिइएका प्ररूपअनुसार शपथ अथवा अभिपुष्टि नगरेसम्म;]

(ख) राज्यसभामा आसनका लागि थोरैमा तीस वर्ष उमेरको अनि लोकसभामा आसनका लागि थोरैमा पच्चीस वर्ष उमेरको नभएसम्म; अनि

(ग) संसद्वारा बनाइएका कुनै विधिद्वारा अथवा त्यस अन्तर्गत यस निमित्त निर्धारित गरिएका अन्य योग्यता नभएसम्म;

–संसद्को कुनै आसन पूर्ति गर्न चयनित हुनका लागि योग्य हुने छैन।

---

[1] संविधान (सतासीऔँ संशोधन) अधिनियम, २००३-को धारा ३-द्वारा (२२.०६.२००३-देखि) “१९९१” का स्थानमा प्रतिस्थापित।

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा १७-द्वारा (३.१.१९७७-देखि) “पाँचवर्ष” शब्दका स्थानमा प्रतिस्थापित अनि त्यसपछि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८को धारा १३-द्वारा (२०.६.१९७९-देखि) “छ वर्ष” का स्थानमा प्रतिस्थापित।

[3] संविधान (सोह्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ३-द्वारा (५.१०.१९६३-देखि) खण्ड(क) का स्थानमा प्रतिस्थापित।

[1][**८५. संसद्को सत्र, सत्रावसान अनि विघटन**– (१) समय समयमा संसद्को प्रत्येक सदनलाई राष्ट्रपतिले उनलाई उपयुक्त लागको समय तथा स्थानमा अधिवेशनका लागि आह्वान गर्ने छन् तथापि त्यसको एउटा सत्रको अन्तिम बैठक अनि आगामी सत्रको पहिलो बैठकका लागि तोकिएको मितिबिच ६ महिनाको अन्तर हुने छैन।

(२) राष्ट्रपतिले समय समयमा-

(क) सदनहरूको अथवा कुनै सदनको सत्रावसन गर्न सक्ने छन्;

(ख) लोकसभाको विघटन गर्न सक्ने छन् ।]

**८६. सदनहरूमा अभिभाषण तथा त्यहाँ सन्देश पठाउने राष्ट्रपतिको अधिकार**– (१) राष्ट्रपतिले संसद्को कुनै एउटा सदनमा अथवा एकसाथ संयुक्त रूपमा दुवै सदनहरूमा अभिभाषण गर्न सक्ने छन् अनि यस प्रयोजनका लागि सदस्यहरूको उपस्थितिको अपेक्षा गर्न सक्ने छन् ।

(२) राष्ट्रपतिले संसद्मा त्यस समय लम्बित विधेयकका सम्बन्धमा सन्देश अथवा अरू कुनै सन्देश संसद्को कुनै पनि सदनलाई पठाउन सक्ने छन् अनि जुन सदनलाई कुनै सन्देश यस प्रकारले पठाइएको छ त्यस सदनले सो सन्देशद्वारा विचार गर्नका लागि अपेक्षित विषयमा सुविधाअनुसार शीघ्रतासँग विचार गर्ने छ ।

**८७. राष्ट्रपतिको विशेष अभिभाषण**– (१) राष्ट्रपतिले [2][लोकसभाका लागि प्रत्येक साधारण निर्वाचनपछिको पहिलो सत्रको थालनीमा अनि प्रत्येक वर्षको पहिलो सत्रको थालनीमा] संयुक्त रूपमा संसद्का दुवै सदनहरूमा अभिभाषण गर्ने छन् अनि संसद्लाई उनले आह्वान गर्ने कारण बताउने छन् ।

(२) ) प्रत्येक सदनको प्रक्रियाको विनियमन गर्ने नियमहरूद्वारा यस्ता अभिभाषणमा निर्दिष्ट विषयहरूको चर्चाका लागि समय आवण्टन गर्न [3]***प्रावधान गरिने छ ।

**८८. सदनका सम्बन्धमा मन्त्री तथा महान्यायाधिवक्ताका अधिकार**– प्रत्येक मन्त्री तथा भारतका महान्यायाधिवक्तालाई कुनै पनि सदन वा सदनहरूको कुनै पनि संयुक्त बैठकमा एवम् आफ्नो नाम सदस्यका रूपमा दिएको संसद्को कुनै पनि समितिमा बोल्ने अनि अन्यथा यसका कार्यवाहीहरूमा भाग लिने अधिकार हुने छ तर यस अनुच्छेदका आधारमा उनीहरू मतदान गर्ने हकदार हुने छैनन् ।

---

[1] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा ६-द्वारा (१८.६.१९५१-देखि) "अनुच्छेद ८५" का स्थानमा प्रतिस्थापित ।

[2] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा ७-द्वारा (१८.६.१९५१-देखि) "प्रत्येक सत्र" का स्थानमा प्रतिस्थापित ।

[3] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा ७-द्वारा (१८.६.१९५१-देखि) "अनि सदनका अन्य कार्यहरूभन्दा यस्तो छलफललाई प्राथमिकता दिनका लागि" शब्दहरू त्यक्त ।

(भाग ५– सङ्घ)

*संसद्‌का अधिकारी*

**८९. राज्यसभाका सभापति अनि उपसभापति**– (१) भारतका उपराष्ट्रपति राज्यसभाका पदेन सभापति हुने छन्।

(२) राज्यसभाले जतिसक्दो चाँडै आफूबिचको कुनै सदस्यलाई आफ्नो उपसभापति चयनित गर्ने छ अनि जब जब उपसभापतिको पद रिक्त हुने छ तब तब राज्यसभाले आफूबिचको अन्य कुनै सदस्यलाई आफ्नो उपसभापति चयनित गर्ने छ।

**९०. उपसभापतिका पदको रिक्तता , पदत्याग अनि उनलाई पदबाट निष्कासन**– राज्यसभाको उपसभापतिका रूपमा पद ग्रहण गर्ने -

(क) सदस्यले राज्यसभाको सदस्य नभएका खण्डमा पद रिक्त गर्ने छन्;

(ख) सदस्यले कुनै पनि समय सभापतिलाई सम्बोधित गरेको आफ्नो हस्तक्षरित लेखद्वारा आफ्नो पद त्याग गर्न सक्ने छन; अनि

(ग) सदस्यलाई राज्यसभाका तत्कालीन समस्त सदस्यहरूका बहुमतले पारित निर्णयद्वारा उनका पदबाट हटाउन सकिने छ:

यद्यपि खण्ड (ग)-का प्रयोजनका लागि कुनै निर्णय प्रस्थापन गर्ने आशयको कम्तीमा पनि चौध दिन अघिको सूचना नदिएसम्म सो निर्णयलाई प्रस्थापित गरिँदैन।

**९१. सभापति पदको कर्त्तव्य पालन अथवा सभापतिका रूपमा कार्य गर्ने उपसभापति वा अन्य व्यक्तिको शक्ति**– (१) सभापतिको पद रिक्त हुँदा अथवा उपराष्ट्रपतिले राष्ट्रपतिका रूपमा कार्य गरिरहँदा अथवा उनको कार्य निर्वाह गरिरहँदा उपसभापतिले सभापति पदका कर्तव्य पालन गर्ने छन् वा उपसभापतिको पद पनि रिक्त भएका खण्डमा राष्ट्रपतिले यस प्रयोजनका निम्ति नियुक्त गरेका राज्यसभाका सदस्यले त्यस पदका कर्तव्यहरू पालन गर्ने छन्।

(२) राज्यसभाको कुनै बैठकमा सभापति अनुपस्थित हुँदा उपसभापतिले अथवा उनी पनि अनुपस्थित भएका खण्डमा राज्यसभाको प्रक्रियाका नियमहरूद्वारा निर्धारित व्यक्तिले अथवा यस्ता व्यक्ति पनि उपस्थित नभएका खण्डमा राज्यसभाद्वारा निर्धारित व्यक्तिले सभापतिका रूपमा कार्य गर्ने छन्।

**९२. सभापति अथवा उपसभापतिलाई पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहँदा उनीहरूले अध्यक्षता नगर्ने** – (१) राज्यसभाको कुनै बैठकमा उपराष्ट्रपतिलाई उनका पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहँदा सभापति अथवा उपसभापतिलाई उनका पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहँदा उपसभापति उपस्थित रहे तापनि पीठासीन हुने छैनन् अनि अनुच्छेद ९१ को खण्ड (२)-का प्रावधानहरू यस्ता प्रत्येक बैठकका सम्बन्धमा त्यसरी नै लागु हुने छन् जसरी ती यथासन्दर्भ सभापति अथवा उपसभापति अनुपस्थित भएका बैठकका सम्बन्धमा लागु हुने गर्छन्।

(२) उपराष्ट्रपतिलाई उनका पदबाट हटाउने कुनै निर्णय राज्यसभामा विचाराधीन रहँदा सभापतिलाई राज्यसभामा बोल्ने अनि त्यसका कार्यवाहीहरूमा भाग लिने अधिकार हुने छ तर अनुच्छेद १००-मा जुनसुकै कुरा भए तापनि यस्ता कार्यवाहीहरू हुँदा उनी यस्ता निर्णयमा अथवा कुनै अन्य विषयमा मत दिने हकदार हुँदैनन्।

**९३. लोकसभाका अध्यक्ष अनि उपाध्यक्ष**– लोकसभाले जतिसक्दो चाँडो आफ्ना दुई सदस्यलाई अध्यक्ष अनि उपाध्यक्ष चयन गर्ने छ अनि जब जब अध्यक्ष अथवा उपाध्यक्षको पद रिक्त हुने छ तब तब लोकसभाले अरू कुनै सदस्यलाई यथासन्दर्भ अध्यक्ष अथवा उपाध्यक्ष चयन गर्ने छ।

**९४. अध्यक्ष तथा उपाध्यक्षको पदको रिक्तता, पदत्याग अनि उनलाई पदबाट निष्कासन** – लोकसभाको अध्यक्ष अथवा उपाध्यक्षका रूपमा पद धारण गर्ने–

(क) सदस्यले लोकसभाको सदस्य नभएका खण्डमा आफ्नो पद रिक्त गर्ने छन्;

(ख) सदस्यले कुनै पनि समय अध्यक्ष भएका खण्डमा उपाध्यक्षलाई सम्बोधित अनि उपाध्यक्ष भएका खण्डमा अध्यक्षलाई सम्बोधित आफ्नो हस्ताक्षरित लेखद्वारा आफ्ना पद त्याग गर्न सक्ने छन्; अनि

(ग) सदस्यलाई लोकसभाका तत्कालीन सबै सदस्यका बहुमतबाट पारित निर्णयद्वारा उनका पदबाट हटाउन सकिने छ:

यद्यपि खण्ड (ग) का प्रयोजनका लागि कुनै निर्णय प्रस्थापन गर्ने आशयको कम्तीमा पनि चौध दिन अघिको सूचना नदिएसम्म सो निर्णय प्रस्थापित गरिने छैन:

यद्यपि लोकसभा विघटन गरिँदा विघटन पछि हुने लोकसभाको पहिलो अधिवेशनको तत्काल अघिसम्म अध्यक्षले उनको पद रिक्त गर्ने छैनन्।

**९५. अध्यक्ष पदका कर्त्तव्यहरूको पालन अथवा अध्यक्षका रूपमा कार्य गर्ने उपाध्यक्ष वा अन्य व्यक्तिको शक्ति**– (१) अध्यक्षको पद रिक्त हुँदा उपाध्यक्षले अथवा उपाध्यक्षको पद पनि रिक्त भएका खण्डमा राष्ट्रपतिले यस प्रयोजनका लागि नियुक्त गरेका लोकसभाका सदस्यले त्यस पदका कर्तव्यहरूको पालन गर्ने छन्।

(२) लोकसभाको कुनै बैठकमा अध्यक्ष अनुपस्थित भए उपाध्यक्षले अथवा उनी पनि अनुपस्थित भएका खण्डमा लोकसभाको प्रक्रियाका नियमहरूद्वारा निर्धारित व्यक्तिले अथवा यस्ता व्यक्ति पनि उपस्थित नभएमा लोकसभाद्वारा निर्धारित व्यक्तिले अध्यक्षका रूपमा कार्य गर्ने छन्।

**९६. अध्यक्ष अथवा उपाध्यक्षलाई पदबाट हटाउने कुनै निर्णय विचाराधीन हुँदा उनीहरूले अध्यक्षता नगर्ने** – (१) लोकसभाको कुनै बैठकमा अध्यक्षलाई उनका पदबाट हटाउने निर्णय विचाराधीन हुँदा अध्यक्ष अथवा उपाध्यक्षलाई उनका पदबाट हटाउने कुनै निर्णय विचाराधीन हुँदा उपाध्यक्ष उपस्थित रहे तापनि पीठासीन हुने छैनन् अनि अनुच्छेद ९५ को खण्ड (२)-का प्रावधान यस्ता प्रत्येक बैठकका सम्बन्धमा त्यसरी नै लागु हुने छन् जसरी ती यथासन्दर्भ अध्यक्ष वा उपाध्यक्ष अनुपस्थित भएका बैठकका सम्बन्धमा लागु हुने गर्छन्।

(२) अध्यक्षलाई उनका पदबाट हटाउने कुनै निर्णय लोकसभामा विचारधीन हुँदा उनलाई लोकसभामा बोल्ने अनि लोकसभाका कार्यवाहीहरूमा पनि भाग लिने अधिकार हुने छ अनि अनुच्छेद १००-मा जुनसुकै कुरा भए तापनि यस्तो निर्णयमा अथवा यस्ता कार्यवाहीहरूका समयमा कुनै अन्य विषयमाथि पहिलोपल्ट मत दिने हकदार हुने छन् तर मतहरू बराबर भएका स्थितिमा मतदान गर्ने हकदार भने हुने छैनन्।

**९७. सभापति अनि उपसभापति तथा अध्यक्ष अनि उपाध्यक्षको वेतन र भत्ता**– राज्यसभाका सभापति अनि उपसभापतिलाई तथा लोकसभाका अध्यक्ष अनि उपाध्यक्षलाई क्रमैले संसद्ले विधिद्वारा निर्धारित गरेको वेतन र भत्ताहरू अनि यसका निमित्त यस प्रकारका प्रावधान नगरिएसम्म दोस्रो अनुसूचीमा विनिर्दिष्ट वेतन र भत्ताहरू भुक्तान गरिने छ।

**९८. संसद्को सचिवालय**– (१) संसद्को प्रत्येक सदनका छुट्टै सचिवीय कर्मचारीहरू हुने छन्:

यद्यपि यस खण्डमा भएको कुनै कुराको अर्थ त्यसले संसद्को दुवै सदनका लागि साझा पदहरूका सिर्जनलाई रोक्दछ भन्ने लगाइँदैन।

(२) संसद्ले विधिद्वारा संसद्का दुवै सदनका सचिवीय कर्मचारीहरूको भर्ती अनि नियुक्त भएका व्यक्तिहरूको सेवाका सर्तहरूलाई विनियमन गर्न सक्ने छ।

(३) संसद्ले खण्ड (२) अन्तर्गत प्रावधान नगरेसम्म राष्ट्रपतिले लोकसभाका अध्यक्ष अथवा राज्यसभाका सभापतिसित परामर्श गरेपछि यथासन्दर्भ लोकसभाका अथवा राज्यसभाका सचिवीय कर्मचारीहरूको भर्ती अनि नियुक्त व्यक्तिहरूका सेवाका सर्तहरूका विनियमन गर्नका लागि नियमहरू बनाउन सक्ने छन् अनि यस प्रकारले बनाइएका नियमहरू उक्त खण्ड अन्तर्गत बनाइएका कुनै विधिका प्रावधानहरूका अधीनमा रही प्रभावकारी हुने छन्।

(भाग ५– सङ्घ)

*कार्य सञ्चालन*

**९९. सदस्यहरूद्वारा शपथ अथवा अभिपुष्टि**– संसद्का दुवै सदनका प्रत्येक सदस्यले आफ्ना आसन ग्रहण गर्नअघि राष्ट्रपति अथवा उनीद्वारा यसका निमित्त नियुक्त व्यक्ति समक्ष तेस्रो अनुसूचीमा यस प्रयोजनका लागि दिइएका प्ररूपअनुसार शपथ लिने छन् अथवा अभिपुष्टि गर्ने छन् अनि त्यसमा आफ्नो हस्ताक्षर गर्ने छन्।

**१००. सदनहरूमा मतदान, आसनहरू रिक्त भए तापनि सदनहरूको कार्य गर्ने शक्ति तथा गणपूर्ति** – (१) यस संविधानमा अन्यथा प्रावधान गरिएबाहेक प्रत्येक सदनका बैठकमा अथवा सदनहरूका संयुक्त बैठकमा सबै प्रश्नहरूको निर्धारण अध्यक्ष अथवा सभापति वा अध्यक्षका रूपमा कार्य गर्ने व्यक्ति छाडी उपस्थित अनि मत दिने सदस्यहरूको बहुमतबाट गरिने छ।

सभापति वा अध्यक्ष अथवा त्यस रूपमा कार्य गर्ने व्यक्तिले पहिलोपल्ट मत दिने छैनन् तर मत बराबर भएका स्थितिमा निर्णायक मत दिने अधिकार उनलाई हुने छ अनि उनले त्यसको प्रयोग गर्ने छन्।

(२) संसद्को कुनै पनि सदनका सदस्य पद रिक्त हुँदा पनि त्यस सदनलाई कार्य गर्ने शक्ति हुने छ अनि पछि संसद्का कार्यवाहीमा उपस्थित रहेका वा मत दिएका वा अन्यथा भाग लिएका व्यक्ति यस्तो गर्ने हकदार थिएनन् भन्ने थाहा लागेका खण्डमा पनि संसद्को कुनै पनि कार्यवाही विधिमान्य हुने छ।

[1][(३) संसद्ले विधिद्वारा अन्यथा प्रावधानहरू नगरिन्जेल संसद्को प्रत्येक सदनको अधिवेशन गठित गर्नका लागि गणपूर्ति सदनका सदस्यहरूको मोठ सङ्ख्याको एक दशमांश हुने छ।

(४) सदनको अधिवेशन चल्दा कुनै समय गणपूर्ति नभएका खण्डमा सभापति वा अध्यक्ष अथवा त्यस रूपमा कार्य गर्ने व्यक्तिले गणपूर्ति नभएसम्म सदनलाई स्थगित राख्नु अथवा अधिवेशनलाई निलम्बित गर्नु उनको कर्त्तव्य हुने छ।]

*सदस्यहरूको अयोग्यता*

**१०१. आसनहरू रिक्त हुनु**– (१) कुनै पनि व्यक्ति दुवै सदनको सदस्य हुने छैन अनि दुवै सदनको सदस्यका रूपमा चुनिएको व्यक्तिद्वारा कुनै एउटा अथवा अर्को सदनको आसन रिक्त गर्नलाई संसद्ले विधिद्वारा प्रावधान बनाउने छ।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा १८-द्वारा (मिति तोकिन बाँकी छ) खण्ड (३) अनि (४) त्यक्त। यो संशोधन संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४५-द्वारा (२०.६.१९७९-देखि) त्यक्त।

(२) कुनै व्यक्ति संसद् अनि कुनै [1]***राज्यको विधायिकाको कुनै सदनको सदस्य हुने छैन अनि कुनै व्यक्तिलाई संसद् अनि [2][कुनै राज्य] को विधायिकाको कुनै एउटा सदनको सदस्यका रूपमा चुनिएका खण्डमा राष्ट्रपतिद्वारा बनाइएका नियमहरूमा* विनिर्दिष्ट अवधि समाप्त भएपछि सो व्यक्तिले राज्यका विधायिकाको आफ्नो आसनबाट पहिले नै पदत्याग नगरेका खण्डमा संसद्मा रहेको उसको आसन रिक्त हुने छ।

(३) संसद्को कुनै सदनको सदस्य–

(क) [3][अनुच्छेद १०२-को खण्ड (१) अथवा खण्ड (२)]-मा वर्णित अयोग्यतामा परेका खण्डमा]; अथवा

[4][(ख) यथासन्दर्भ सभापति या अध्यक्षलाई सम्बोधन गरेर आफ्नो हस्ताक्षरसहितको लेखद्वारा सो सदस्यले आफ्नो पद त्याग गरेका खण्डमा अनि उसको त्यागपत्र यथासन्दर्भ सभापति अथवा अध्यक्षद्वारा स्वीकार गरिएका खण्डमा];

–सो सदस्यको आसन रिक्त हुने छ:

[5][यद्यपि उपखण्ड (ख)-मा निर्दिष्ट पदत्यागका अवस्थामा, प्राप्त जानकारीबाट अथवा अन्यथा अनि आफूले उचित ठानेअनुसार जाँच गरेपश्चात्, यथासन्दर्भ सभापति अथवा अध्यक्ष, यस्तो पदत्याग स्वैच्छिक अथवा असली नभएको निष्कर्षमा पुगे भने उनले यस्तो त्यागपत्र स्वीकार गर्ने छैनन्।]

(४) संसद्को कुनै सदनको कुनै सदस्य साठी दिनको अवधिसम्म सदनको अनुमति बिना यसका सम्पूर्ण अधिवेशनहरूमा अनुपस्थित रहेका खण्डमा सदनले उसको आसन रिक्त भएको घोषणा गर्न सक्ने छ:

यद्यपि, साठी दिनको उक्त अवधि गणना गर्दा सदन सत्रावसित भएको अथवा निरन्तर चार अथवा अधिक दिनहरूका लागि स्थगित रहेको अवधिलाई हिसाबमा लिइने छैन।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "पहिलो अनुसूचीको भाग (क) अथवा भाग (ख) मा विनिर्दिष्ट" शब्द अनि अक्षरहरू त्यक्त।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "यस्तो कुनै राज्य" का स्थानमा प्रतिस्थापित।

*हेर्नुहोस् – विधिमन्त्रलायको अधिसूचना सं० एफ ४६/५०–सी, मिति २६ जनवरी, १९५०, भारतको राजपत्र, असाधारण, पृ० ६७८–मा प्रकाशित समसामायिक सदस्यता प्रतिषेध नियम, १९५०।

[3] संविधान (बाउन्नौँ संशोधन ) अधिनियम, १९८५-को धारा २–द्वारा (१.३.१९८५-देखि ) "अनुच्छेद १०२–को खण्ड (१)" का स्थानमा प्रतिस्थापित।

[4] संविधान (तेत्तीसौँ संशोधन) अधिनियम, १९७४–को धारा २-द्वारा (१९.५.१९७४-देखि) प्रतिस्थापित।

[5] संविधान (तेत्तीसौँ संशोधन) अधिनियम, १९७४–को धारा २-द्वारा (१९.५.१९७४-देखि) अन्तःस्थापित।

(भाग ५– सङ्घ)

**१०२. सदस्यताका लागि अयोग्यताहरू**– (१) [1][(क) संसद्‌ले विधिद्वारा पदधारकलाई अयोग्य मान्ने घोषणा गरेको पदबाहेक कुनै व्यक्तिले भारत सरकार अथवा कुनै राज्य सरकारका अधीनमा रहेको अन्य कुनै लाभदायी पद धारण गरेका खण्डमा,]

(ख) कुनै व्यक्ति मानसिक रूपमा अस्वस्थ भएका खण्डमा अनि सक्षम न्यायालयद्वारा यस्तो घोषणा गरिएका खण्डमा,

(ग) कुनै व्यक्ति अमुक्त दिवालिया भएका खण्डमा,

(घ) ) कुनै व्यक्ति भारतको नागरिक नभएका खण्डमा अथवा उसले कुनै विदेशी राज्यको नागरिकता स्वेच्छाले अर्जित गरेका खण्डमा अथवा उसले कुनै विदेशी राज्यप्रतिको निष्ठा अथवा आनुगत्य स्वीकार गरेका खण्डमा,

(ङ) कुनै व्यक्ति संसद्‌द्वारा बनाइएको कुनै विधिद्वारा अथवा यस अन्तर्गत अयोग्य ठहरिएका खण्डमा

सो व्यक्ति संसद्‌को कुनै सदनको सदस्यका रूपमा चुनिन अनि सदस्य हुन अयोग्य हुने छ ।

[2][*स्पष्टीकरण*– यस खण्डका प्रयोजनहरूका लागि] कुनै व्यक्ति सङ्घ अथवा राज्यको मन्त्री रहेको हुँदैमा सो व्यक्तिले भारत सरकार अथवा कुनै राज्य सरकारका अधीनमा रहेको लाभप्रद पद धारण गरेको मानिने छैन ।

[3][(२) कुनै व्यक्ति दसौँ अनुसूचीअन्तर्गत अयोग्य प्रमाणित भएका खण्डमा ऊ संसद्‌को कुनै पनि सदनको सदस्य बन्न अयोग्य हुने छ ।]

[4][**१०३. सदस्यहरूको अयोग्यतासम्बन्धी प्रश्नका सम्बन्धमा निर्णय** – (१) संसद्‌को कुनै सदनको कुनै सदस्य अनुच्छेद १०२-को खण्ड (१)-मा वर्णित कुनै अयोग्यताका अधीनमा परेको छ कि छैन भन्ने प्रश्न उठेका खण्डमा सो प्रश्न राष्ट्रपतिको निर्णयका लागि निर्देशित गरिने छ अनि राष्ट्रपतिको निर्णय नै अन्तिम हुने छ ।

---

[1] संविधान (बयालिसौँ संशोधन) अधिनियम १९७६-को धारा १९-द्वारा (मिति तोकिन बाँकी छ)"(क) उसले भारत सरकार वा कुनै राज्य सरकार अन्तर्गत संसद्‌ले विधिद्वारा अयोग्य ठहराएको लाभप्रद पद धारण गरेका खण्डमा" का रूपमा पढ्नका लागि प्रतिस्थापित । यो संशोधन संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४५-द्वारा (२०.६.१९७९-देखि) त्यक्त ।

[2] संविधान (बाउन्नौँ संशोधन) अधिनियम, १९८५-को धारा ३-द्वारा (१.३.१९८५-देखि ) "(२) यस अनुच्छेदका प्रयोजनहरूका लागि" प्रतिस्थापित ।

[3] संविधान (बाउन्नौँ संशोधन) अधिनियम, १९८५-को धारा ३-द्वारा (१.३.१९८५-देखि ) "(२) यस अनुच्छेदका प्रयोजनहरूका लागि" अन्तःस्थापित ।

[4] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २०-द्वारा (२०.६.१९७७-देखि) अनुच्छेद १०३ का स्थानमा अन्तःस्थापित, अनि संविधान ( चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा १४-द्वारा (२०.६.१९७९-देखि) अनुच्छेद १०३ का स्थानमा प्रतिस्थापित ।

(२) यस्तो कुनै प्रश्नमाथि निर्णय गर्नअघि राष्ट्रपतिले निर्वाचन आयोगको सल्लाह लिने छन् अनि त्यस्तो सल्लाहअनुसार कार्य गर्ने छन्।]

**१०४. अनुच्छेद ९९ अन्तर्गत शपथ वा अभिपुष्टि गर्नअघि अथवा योग्यता नहुँदा वा अयोग्य प्रमाणित भइसकेपछि पनि उपस्थित भएकामा वा मतदान गरेकामा दण्ड–** कुनै व्यक्ति अनुच्छेद ९९-का आवश्यकताहरू पालन गर्नअघि वा आफू संसद्को कुनै सदनको सदस्यताका लागि योग्य नभएको वा आफूलाई अयोग्य घोषित गरिएको वा संसद्द्वारा बनाइएको कुनै विधिका प्रावधानहरूद्वारा संसद्को कुनै सदनको सदस्यका रूपमा बस्न वा मतदान गर्न निषेध गरिएको छ भन्ने थाह पाएपछि पनि संसद्को कुनै सदनको सदस्यका रूपमा बसेका वा मतदान गरेका खण्डमा उसले त्यसरी बसेको वा मतदान गरेको प्रत्येक दिनका लागि सङ्घप्रति देय ऋणका रूपमा अदाय गरिने पाँचसय रुपियाँ जरिमाना तिर्नु पर्ने छ ।

*संसद् अनि संसद् सदस्यका अधिकार, विशेषाधिकार अनि रक्षाकवचहरू*

**१०५. संसद्का सदन तथा तिनका सदस्यहरू अनि समितिहरूका अधिकार, विशेषाधिकार इत्यादि–** (१) यस संविधानका प्रावधान अनि संसद्का प्रक्रियाको विनियमन गर्ने नियमहरू अनि स्थायी आदेशहरूका अधीनमा रही संसद्मा वाक् स्वतन्त्रता रहने छ।

(२) संसद्मा अथवा यसको कुनै समितिमा संसद्का कुनै सदस्यद्वारा भनिएका कुनै कुरा अथवा दिइएको कुनै मतका सम्बन्धमा सो सदस्य विरुद्ध कुनै न्यायालयमा कुनै कार्यवाही गरिने छैन अनि संसद्को कुनै सदनका प्राधिकारद्वारा अथवा प्राधिकारीअन्तर्गत कुनै प्रतिवेदन, पत्र, मत अथवा कार्यवाहीहरूको प्रकाशनका सम्बन्धमा कुनै व्यक्ति विरुद्ध यस प्रकारको कार्यवाही गरिने छैन।

[1][(३) अर्कातर्फ, संसद्का प्रत्येक सदन अनि प्रत्येक सदस्यहरू अनि समितिहरूका अधिकार, विशेषाधिकार अनि रक्षाकवचहरू संसद्द्वारा समय समयमा विधिद्वारा निश्चित गरिएअनुसार हुने छन् अनि तिनलाई यसप्रकार निश्चित नगरेसम्म [2][संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा १५ लागु हुनुभन्दा तुरुन्त अघि सो सदनका, यसका सदस्यहरूका अनि समितिहरूका अधिकार, विशेषाधिकार अनि उन्मुक्तिहरू जुन थिए तिनै रहिरहने छन्।]]

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम १९७६-को धारा २१-द्वारा (मिति तोकिन बाँकी छ) प्रतिस्थापित। यो संशोधन संविधान (चवालीसौँ संशोधन) अधिनियम १९७८-को धारा ४५-द्वारा (२०.६.१९७९-देखि) त्यक्त।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा १५-द्वारा (२०.६.१९७९-देखि) केही शब्दहरूका स्थानमा प्रतिस्थापित।

(४) यस संविधानका आधारमा संसद्को कुनै सदन अथवा सो सदनको कुनै समितिमा बोल्ने अनि अन्यथा सो सदनका कार्यवाहीहरूमा भाग लिने अधिकार भएको व्यक्तिका सम्बन्धमा खण्ड (१) खण्ड (२) अनि खण्ड (३)-का प्रावधानहरू सोही प्रकारले लागु हुने छन् जुन प्रकारले ती संसद् सदस्यहरूका सम्बन्धमा लागु हुन्छन्।

**१०६. सदस्यहरूका वेतन अनि भत्ता**– संसद्का प्रत्येक सदनका सदस्यहरू संसद्ले समय समयमा विधिद्वारा निर्धारित गरेका वेतन अनि भत्ता पाउने हकदार हुने छन् अनि यस सम्बन्धमा यस प्रकारले प्रावधान नगरुन्जेल भारत अधिराज्यको संविधान सभाका सदस्यहरूमा यो संविधान लागु हुनुभन्दा तुरुन्त अघि लागु भएका दर अनि सर्तहरूमा भत्ता पाउने हकदार हुने छन्।

*विधायी प्रक्रिया*

**१०७. विधेयकहरू पुरस्थापन अनि पारित गरिने सम्बन्धमा प्रावधान** – (१) धन विधेयकहरू अनि अन्य वित्त विधेयकहरूका सम्बन्धमा अनुच्छेद १०९ अनि ११७-का प्रावधानहरूका अधीनमा रही कुनै विधेयक संसद्को कुनै पनि सदनमा आरम्भ हुन सक्ने छ।

(२) अनुच्छेद १०८ अनि अनुच्छेद १०९-का प्रावधानहरूका अधीनमा रही कुनै विधेयक संसद्का सदनहरूद्वारा तबसम्म पारित भएको मानिने छैन जबसम्म संशोधनविनै वा केवल दुवै सदनले सहमति जनाएका संशोधनहरूसहित दुवै सदनले यसमा सहमति जनाएका हुँदैनन्।

(३) संसद्मा थातीमा रहेको विधेयक सदनहरूको सत्रावसानका कारण रद्द हुने छैन।

(४) लोकसभाले पारित नगरेको राज्यसभामा थातीमा रहेको विधेयक लोकसभाको विघटन हुँदा रद्द हुने छैन।

(५) लोकसभामा थातीमा रहेको अथवा लोक सभाद्वारा पारित गरिएपछि राज्यसभामा थातीमा रहेको कुनै विधेयक अनुच्छेद १०८-का प्रावधानहरूका अधीनमा रही लोकसभाको विघटन हुँदा रद्द हुने छ।

**१०८. केही स्थितिहरूमा दुवै सदनको संयुक्त बैठक**– (१) कुनै विधेयक एउटा सदनद्वारा पारित गरिएर दोस्रो सदनमा स्थानान्तरण गरिएपछि–

(क) दोस्रो सदनद्वारा विधेयक अस्वीकार गरिएका खण्डमा; अथवा

(ख) विधेयकमा गरिने संशोधनहरूका विषयमा दुवै सदन अन्ततः असहमत भएका खण्डमा; अथवा

(ग) दोस्रो सदनले विधेयक प्राप्त गरेको मितिबाट छ महीनाभन्दा धेरै समय विधेयक पारित नगरी बितेर गएका खण्डमा;

–लोकसभा विघटित भएकाले विधेयक रद्द भएको होइन भने राष्ट्रपतिले विधेयकमाथि विचार विमर्श गर्ने अनि मतदान गर्ने प्रयोजनका लागि सदस्यहरूलाई संयुक्त बैठकमा बस्नाका लागि आह्वान गर्ने आफ्नो आशयको सूचना उनीहरू बैठकमा भएका खण्डमा सन्देशद्वारा अथवा बैठकमा नभएका खण्डमा लोक अधिसूचनाद्वारा दिने छन्:

यद्यपि यस खण्डमा भएको कुनै पनि कुरा धन विधेयकमाथि लागु हुने छैन ।

(२) खण्ड (१)-मा निर्दिष्ट ६ महिनाको यस्तो अवधि गणना गर्दा उक्त खण्डको उपखण्ड (ग)-मा निर्दिष्ट सदनको सत्रावसान भएको अथवा निरन्तर चारभन्दा अधिक दिनका लागि सदन स्थगित भएको अवधिलाई हिसाबमा लिइँदैन।

(३) राष्ट्रपतिले खण्ड (१) अन्तर्गत सदनहरूलाई संयुक्त बैठकमा बस्नलाई आह्वान गर्ने आफ्नो आशयको सूचना दिएका स्थितिमा कुनै पनि सदनले विधेयकमाथि थप कार्यवाही गर्ने छैन; तर राष्ट्रपतिले आफूले अधिसूचना दिएको मितिपछि कुनै पनि समय सदनहरूलाई अधिसूचनामा तोकिएको प्रयोजनका लागि संयुक्त बैठकमा बस्नलाई आह्वान गर्न सक्नेछन् अनि उनले यसो गरेका खण्डमा सदनहरू सोही अनुसार बैठकमा बस्ने छन्।

(४) दुवै सदनको संयुक्त बैठकमा सहमतिपूर्वक विधेयकमा केही संशोधन गरिएको भए त्यस्ता संशोधनसहितको विधेयक दुवै सदनको संयुक्त बैठकमा दुवै सदनका उपस्थित र मतदान गर्ने मोठ सदस्य सङ्ख्याको बहुमतद्वारा पारित भएका खण्डमा यस संविधानका प्रयोजनहरूका लागि सो विधेयक दुवै सदनद्वारा पारित गरिएको ठानिने छ:

यद्यपि संयुक्त बैठकमा–

(क) एउटा सदनद्वारा विधेयक पारित गरिएपछि दोस्रो सदनद्वारा संशोधनहरूसहित पारित गरिएन अनि विधेयक प्रारम्भ भएको सदनलाई फिर्ता गरिएन भने विधेयक पारित हुनमा विलम्ब भएकाले आवश्यक भएका कुनै संशोधन छन् भने ती संशोधनबाहेक विधेयकमा अरू कुनै संशोधनको प्रस्ताव राखिने छैन;

(ख) विधेयक यस प्रकार पारित गरेर फिर्ता गरिएका खण्डमा विधेयकमा केवल पूर्वोक्त संशोधन अनि सदनहरू सहमत नभएका विषयहरूसँग प्रासङ्गिक अन्य संशोधनहरू मात्र प्रस्तावित गरिने छन्;

–अनि यस खण्ड अन्तर्गत ग्राह्य संशोधनहरूका सम्बन्धमा पीठासीन व्यक्तिको निर्णय अन्तिम हुने छ।

(५) राष्ट्रपतिले दुवै सदनको संयुक्त बैठक बस्न आह्वान गर्ने आफ्नो आशय सूचित गरिसकेकाले लोकसभाको विघटन बिचमै भए तापनि यस अनुच्छेद अन्तर्गत संयुक्त बैठक बस्न सक्ने छ अनि सो बैठकमा विधेयक पारित हुन सक्ने छ।

**१०९. धन विधेयकसम्बन्धी विशेष प्रक्रिया**– (१) धन विधेयक राज्यसभामा पुरस्थापित गरिने छैन।

(भाग ५– सङ्घ)

(२) लोकसभाद्वारा धन विधेयक पारित गरिएपछि यसलाई सिफारिसका लागि राज्यसभामा पठाइने छ अनि राज्यसभाले विधेयक प्राप्तिको मितिदेखि चौध दिनभित्र विधेयकलाई आफ्ना सिफारिसहरूसहित लोकसभामा पठाउने छ अनि यसपछि लोकसभाले राज्यसभाका सबै वा कुनै पनि सिफारिस स्वीकार अथवा अस्वीकार गर्न सक्ने छ।

(३) लोकसभाले राज्यसभाको कुनै पनि सिफारिसलाई स्वीकार गरेका खण्डमा राज्यसभाले सिफारिस गरेका र लोकसभाले स्वीकार गरेका संशोधनहरूसहित धन विधेयक दुवै सदनहरूद्वारा पारित गरिएको ठानिने छ।

(४) लोकसभाले राज्यसभाको कुनै पनि सिफारिस स्वीकार नगरेका खण्डमा राज्यसभाद्वारा सिफारिस गरिएका संशोधनबिनै अनि लोकसभाद्वारा पारित गरिएकै रूपमा धन विधेयक दुवै सदनद्वारा पारित गरिएको ठानिने छ।

(५) लोकसभाद्वारा पारित गरिएको अनि राज्यसभामा यसको सिफारिसका लागि पठाइएको धन विधेयक उक्त चौध दिनको अवधिभित्र लोकसभालाई फिर्ता नगरिएका खण्डमा उक्त अवधि समाप्त भएपछि सो धन विधेयक लोकसभाद्वारा पारित गरिएकै रूपमा दुवै सदनद्वारा पारित गरिएको ठानिने छ।

**११०. "धन विधेयक" को परिभाषा**– (१) यस अध्यायका प्रयोजनका लागि, कुनै विधेयकमा निम्नोल्लिखित सबै अथवा यीमध्ये कुनै पनि विषयहरूसँग सम्बद्ध प्रावधानहरू मात्र समावेश भएका खण्डमा त्यस विधेयकलाई धन विधेयक मानिनेछ, यथा:–

(क) कुनै करको अधिरोपण, उन्मूलन, छुट, परिवर्तन अथवा विनियमन;

(ख) भारत सरकारद्वारा धन ऋण लिने अथवा कुनै प्रत्याभूति दिने विषयक विनियम अथवा भारत सरकारद्वारा लिइएको अथवा लिइने वित्तीय बाध्यताका सम्बन्धमा विधिको संशोधन;

(ग) भारतको सर्वसञ्चित कोष अथवा आकस्मिकता कोषको अभिरक्षा, यस्ता कुनै कोषमा धन जम्मा गर्नु अथवा त्यसबाट धन निकाल्नु;

(घ) भारतको सर्वसञ्चित कोषबाट धनको विनियोग;

(ङ) कुनै व्ययलाई भारतको सर्वसञ्चित कोषमाथि भारित व्यय घोषित गर्नु अथवा यस्तो व्ययको राशि बढाउनु;

(च) भारतको सर्वसञ्चित कोष अथवा भारतको लोक लेखाबाट धन प्राप्त गर्नु अथवा यस्तो धनको अभिरक्षा अथवा निर्गमन अथवा सङ्घ या राज्यका लेखाहरूको परीक्षण; अथवा

(छ) उपखण्ड (क)-देखि उपखण्ड (च) सम्म विनिर्दिष्ट विषयहरूमध्ये कुनै विषयको आनुषङ्गिक कुनै विषय।

(२) कुनै विधेयकले केवल जरिमाना अथवा अन्य आर्थिक सजायको अधिरोपणको, अथवा अनुज्ञप्तिहरूका लागि शुल्कको माग अथवा भुक्तानी अथवा प्रदान गरिएको सेवाबापत शुल्कको प्रावधान गर्दछ भन्दैमा अथवा कुनै स्थानीय प्राधिकारी अथवा निकायमार्फत स्थानीय प्रयोजनहरूका लागि कुनै करको अधिरोपण, उन्मूलन, छुट, परिवर्तन वा विनियमनको प्रावधान गर्छ भन्दैमा सो विधेयकलाई धन विधेयक ठानिने छैन।

(३) कुनै विधेयक धन विधेयक हो कि होइन भन्ने प्रश्न उठेका खण्डमा सो प्रश्नमाथि लोकसभाका अध्यक्षले गरेको निर्णय अन्तिम हुने छ।

(४) अनुच्छेद १०९ अन्तर्गत धन विधयेक राज्यसभामा पठाइँदा अनि अनुच्छेद १११ अन्तर्गत अनुमतिका लागि सो विधेयक राष्ट्रपतिसामु प्रस्तुत गर्दा प्रत्येक धन विधेयकमाथि यो धन विधेयक हो भनी लोकसभाका अध्यक्षको हस्ताक्षरसहितको प्रमाण पृष्ठाङ्कित गरिने छ।

**१११. विधेयकहरूमाथि अनुमति**– कुनै विधेयक संसद्का सदनहरूद्वारा पारित गरिएपछि सो विधेयक राष्ट्रपतिसमक्ष प्रस्तुत गरिने छ अनि सो विधेयकमाथि आफ्नो अनुमति छ अथवा छैन भनी राष्ट्रपतिले घोषणा गर्ने छन्:

यद्यपि अनुमतिका लागि उनीसमक्ष विधेयक प्रस्तुत गरिएपछि सो विधेयक धन विधेयक नभएका खण्डमा उक्त विधेयकमाथि अथवा त्यसमा विनिर्दिष्ट प्रावधानहरूमाथि पुनर्विचार गरियोस् अनि विशिष्टतया राष्ट्रपतिले आफ्नो सन्देशमा सिफारिस गरेका कुनै संशोधनहरू पुरस्थापित गर्ने आवश्यकतामाथि विचार गरियोस् भनी अनुरोध गरिएको सन्देशसहित जतिसक्दो चाँडो सो विधेयक सदनहरूलाई फिर्ता गर्न सक्ने छन् अनि विधेयक यस प्रकार फिर्ता गरिएपछि सदनले विधेयकमाथि तदनुसार पुनर्विचार गर्ने छ अनि सदनहरूद्वारा संशोधनसहित अथवा संशोधनबिनै पारित भएर राष्ट्रपतिसमक्ष अनुमतिका लागि सो विधेयक प्रस्तुत गरिएका खण्डमा राष्ट्रपतिले त्यसमाथि आफ्नो अनुमति रोक्ने छैनन्।

*वित्तीय विषयसम्बन्धी प्रक्रिया*

**११२. वार्षिक वित्तीय विवरण**– (१) राष्ट्रपतिले प्रत्येक वित्तीय वर्षका सम्बन्धमा संसद्का दुवै सदन समक्ष भारत सरकारको सो वर्षको अनुमानित प्राप्ति अनि व्ययको विवरण राख्न लगाउने छन् जसलाई यस भागमा “वार्षिक वित्तीय विवरण” भनिएको छ।

(२) वार्षिक वित्तीय विवरणमा दिइएका व्ययका अनुमानहरूमा–

(भाग ५– सङ्घ)

(क) यस संविधानद्वारा भारतको सर्वसञ्चित कोषमाथि भारित व्ययका रूपमा वर्णित व्ययको पूर्तिका लागि चाहिने राशिहरू; अनि

(ख) भारतको सर्वसञ्चित कोषबाट गरिने भनी प्रस्तावित अन्य व्ययको पूर्तिका लागि चाहिने राशिहरू;

–पृथक् पृथक् देखाइने छ अनि राजस्व लेखाबाट हुने व्ययलाई अन्य व्ययबाट छुट्याइने छ।

(३) निम्नलिखित व्ययहरू भारतको सर्वसञ्चित कोषमाथि भारित व्यय हुने छन्–

(क) राष्ट्रपतिका पारिश्रमिक अनि भत्ताहरू तथा उनको पदसित सम्बन्धित अन्य व्यय;

(ख) राज्यसभाका सभापति अनि उपसभापतिका तथा लोकसभाका अध्यक्ष अनि उपाध्यक्षका वेतन अनि भत्ता;

(ग) ब्याज, ऋण निवारण कोष भार अनि मोचन भार तथा उधारो लिने अनि ऋण सेवा अनि ऋण मोचनसित सम्बन्धित अन्य व्यय समाविष्ट भएको भारत सरकारमाथि दायित्व रहेको ऋण भार;

(घ) (i) सर्वोच्च न्यायालयका न्यायाधीशहरूलाई अथवा उनीहरूका सम्बन्धमा भुक्तानी गर्नु पर्ने वेतन, भत्ता अनि पेन्सन;

(ii) सङ्घीय न्यायालयका न्यायाधीशहरूलाई अथवा उनीहरूका सम्बन्धमा भुक्तानी गर्नु पर्ने पेन्सन;

(iii) भारतको राज्यक्षेत्रमा समाविष्ट कुनै पनि क्षेत्रका सम्बन्धमा क्षेत्राधिकार प्रयोग गर्ने अथवा यो संविधान लागु हुनुभन्दा अघि कुनै पनि समयमा [1][भारत अधिराज्यको राज्यपाल भएको प्रान्त]-मा समाविष्ट कुनै पनि क्षेत्रका सम्बन्धमा क्षेत्राधिकार प्रयोग गर्ने कुनै पनि उच्च न्यायालयका न्यायाधीशहरूलाई अथवा न्यायाधीशहरूका सम्बन्धमा दिइने पेन्सन;

(ङ) भारतका नियन्त्रक महालेखा परीक्षकलाई अथवा उनका सम्बन्धमा भुक्तानी गर्नु पर्ने वेतन, भत्ता अनि पेन्सन;

(च) कुनै न्यायालय अथवा मध्यस्थ न्यायाधिकरणको निर्णय, डिक्री अथवा परिनिर्णयका लागि आवश्यक राशि;

(छ) यस संविधानले अथवा संसद्ले विधिद्वारा यस प्रकार भारित गरिने भनी घोषणा गरेको कुनै अन्य व्यय।

**११३. संसद्मा हुने आकलनसम्बन्धी प्रक्रिया**–(१) भारतको सर्वसञ्चित कोषमाथि भारित व्ययसँग सम्बन्धित अधिकांश आकलनहरू संसद्मा मतदानका लागि राखिने छैनन् तर यस खण्डमा भएको कुनै कुराको अर्थ यसले संसद्को कुनै सदनमा ती आकलनहरूमध्येका कुनै आकलनमाथि गरिने चर्चालाई रोक्ने भनी लगाइने छैन।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "पहिलो अनुसूचीको भाग (क) मा विनिर्दिष्ट राज्यको तत्स्थानी प्रान्त" का स्थानमा प्रतिस्थापित।

(२) उक्त आकलनहरूमध्ये जति आकलन अरू खर्चसित सम्बन्धित छन् ती लोकसभासमक्ष अनुदानहरूका मागका रूपमा प्रस्तुत गरिने छन् अनि ती कुनै पनि मागलाई अनुमति दिने अथवा अस्वीकार गर्ने अथवा तिनमा विनिर्दिष्ट राशि घटाएर कुनै प्रकारका मागलाई अनुमति दिने शक्ति लोकसभालाई रहने छ।

(३) कुनै अनुदानको माग राष्ट्रपतिको सिफारिसमा मात्र गरिने छ अन्यथा गरिने छैन।

**११४. विनियोग विधेयक**– (१) लोकसभाद्वारा अनुच्छेद ११३ अन्तर्गत अनुदान दिइएपछि जतिसक्दो चाँडो भारतको सर्वसञ्चित कोषबाट–

(क) लोकसभाद्वारा यस प्रकार गरिएका अनुदानहरूको; अनि

(ख) भारतको सर्वसञ्चित कोषमाथि भारित तर संसद्समक्ष पहिला प्रस्तुत गरिएको विवरणमा देखाइएको राशिभन्दा कुनै पनि अवस्थामा अनधिक व्ययको;

–पूर्तिका लागि चाहिने सबै धनराशिको विनियोगको प्रावधान गर्नका लागि विधेयक पुरस्थापन गरिने छ।

(२) संसद्को कुनै सदनमा कुनै यस्तो विधेयकमाथि कुनै संशोधन प्रस्ताव गरिने छैन जसको प्रभावले यसरी दिइएको कुनै अनुदानको राशिमा परिवर्तन अथवा अनुदानको लक्ष्यमा परिवर्तन अथवा भारतको सर्वसञ्चित कोषमाथि भारित व्ययको राशिमा परिवर्तन हुने छ अनि यस खण्ड अन्तर्गत कुनै संशोधन अग्राह्य हुन्छ अथवा हुँदैन भन्ने सम्बन्धमा पीठासीन व्यक्तिको निर्णय अन्तिम हुने छ।

(३) अनुच्छेद ११५ अनि अनुच्छेद ११६-का प्रावधानहरूका अधीनमा रही यस अनुच्छेदका प्रावधानहरू अनुसार पारित विधिद्वारा गरिएको विनियोग अन्तर्गत मात्र भारतको सर्वसञ्चित कोषबाट कुनै धन निकालिने छ अन्यथा निकालिने छैन।

**११५. अनुपूरक, अतिरिक्त वा अधिक अनुदान**– (१) (क) अनुच्छेद ११४-का प्रावधान अनुसार बनाइएको कुनै विधिद्वारा विद्यमान आर्थिक वर्षको कुनै विशिष्ट सेवामा व्यय गर्न प्राधिकृत राशि त्यस वर्षका प्रयोजनहरूका लागि अपर्याप्त पाइएका खण्डमा अथवा त्यस वर्षको वार्षिक वित्तीय विवरणमा विचार नगरिएको कुनै नयाँ सेवाका लागि अनुपूरक अथवा अतिरिक्त व्ययको आवश्यकता आइपरेका खण्डमा; अथवा

(ख) कुनै वित्तीय वर्षमा कुनै सेवामा सो सेवा र सो वर्षका लागि अनुदान दिइएको राशिभन्दा अतिरिक्त धन खर्च भएका खण्डमा– राष्ट्रपतिले, यथासन्दर्भ संसद्का दुवै सदनसमक्ष सो व्ययको अनुमानित राशि देखाउने अर्को विवरण प्रस्तुत गराउने छन् अथवा लोकसभामा त्यस्तो अधिक व्ययका लागि माग राख्न लगाउने छन्।

(२) यस्तो कुनै विवरण तथा व्यय अथवा मागका सम्बन्धमा र भारतको सर्वसञ्चित कोषबाट नै यस्तो व्यय अथवा यस्तो मागसित सम्बन्धित व्यय र अनुदानको पूर्तिका लागि धनको विनियोग प्राधिकृत गर्नका लागि बनाइने कुनै विधिका सम्बन्धमा पनि अनुच्छेद ११२, ११३ अनि अनुच्छेद ११४-का प्रावधानहरू वार्षिक वित्तीय विवरण अनि त्यसमा उल्लिखित व्यय अथवा अनुदानको मागका सम्बन्धमा अनि भारतको सर्वसञ्चित कोषबाट यस्तो व्यय अथवा अनुदानको पूर्तिका लागि धनको विनियोग प्राधिकृत गर्न बनाइने विधिका सम्बन्धमा यी प्रावधानहरू प्रभावकारी भए जसरी नै प्रभावकारी हुने छन्।

**११६. लेखानुदान, प्रत्ययानुदान अनि अपवादानुदान**– (१) यस अध्यायका पूर्वोल्लिखित प्रावधानहरूमा कतिपय विषय भए तापनि–

(क) कुनै वित्तीय वर्षको भागका लागि आकलित व्ययका सम्बन्धमा दिइने कुनै अनुदानका लागि अनुच्छेद ११३-मा निर्धारित मतदान गर्ने प्रक्रिया पूरा नहुन्जेल अनि त्यस्तो व्ययका सम्बन्धमा अनुच्छेद ११४-का प्रावधानअनुसार विधि पारित नहुन्जेल त्यस्तो अनुदान अग्रिम रूपमा दिने;

(ख) कुनै सेवाको महत्त्व अथवा अनिश्चित रूपका कारण वार्षिक वित्तीय विवरणमा सामान्यतः दिइने विवरणहरूसहित मागको वर्णन गर्न नसकिने स्थितिमा भारतका सम्पत्ति स्रोतहरूमाथि आइपरेको अप्रत्याशित मागको पूर्तिका लागि अनुदान दिने;

(ग) जुन अनुदान कुनै वित्तीय वर्षको विद्यमान सेवाको भाग होइन, यस्तो कुनै अपवादानुदान दिने– शक्ति लोकसभालाई हुने छ अनि जुन प्रयोजनका लागि उक्त अनुदानहरू दिइएका हुन् तिनको पूर्तिका लागि भारतको सर्वसञ्चित कोषबाट धन निकाल्न विधिद्वारा प्राधिकृत गर्ने शक्ति संसद्लाई हुने छ।

(२) खण्ड (१) अन्तर्गत गरिने कुनै अनुदान अनि त्यस खण्डअन्तर्गत बनाइने कुनै पनि विधिका सम्बन्धमा अनुच्छेद ११३ अनि अनुच्छेद ११४-का प्रावधान प्रभावकारी हुने छन् अनि वार्षिक वित्तीय विवरणमा वर्णित कुनै व्ययका सम्बन्धमा कुनै अनुदान दिने सम्बन्धमा अनि भारतको सर्वसञ्चित कोषबाट यस्तो व्ययको पूर्तिका लागि धनको विनियोग प्राधिकृत गर्नलाई बनाइने विधिका सम्बन्धमा यी प्रावधान प्रभावकारी भए जसरी नै प्रभावकारी हुने छन्।

**११७. वित्त विधेयकहरूबारे विशेष प्रावधान**– (१) अनुच्छेद ११० को खण्ड (१)-का उपखण्ड (क)-देखि उपखण्ड (च) सम्म विनिर्दिष्ट कुनै पनि विषयका लागि प्रावधान गर्ने विधेयक अथवा संशोधन राष्ट्रपतिको सिफारिसबाहेक पुरस्थापन अथवा प्रस्ताव गरिने छैन अनि यस्तो प्रावधान गर्ने विधेयक राज्यसभामा पुरस्थापन गरिने छैन:

यद्यपि कतिपय करको न्यूनीकरण अथवा उन्मूलनको प्रावधान गर्ने कुनै संशोधनको प्रस्तावका लागि यस खण्ड अन्तर्गत कुनै सिफारिसको आवश्यकता पर्ने छैन।

(२) कुनै विधेयक अथवा संशोधनले केवल जरिमाना अथवा अरू आर्थिक दण्डहरूको अधिरोपणको अथवा अनुज्ञप्तिहरूका लागि अथवा प्रदान गरिएका सेवाहरूका लागि शुल्कको माग अथवा भुक्तानीको प्रावधान गर्छ भन्दैमा अथवा कुनै स्थानीय प्राधिकारी अथवा निकायमार्फत स्थानीय प्रयोजनहरूका लागि कुनै करको अधिरोपण, उन्मूलन, छुट, परिवर्तन अथवा विनियमनको प्रावधान गर्छ भन्दैमा यसले उपर्युक्त कुनै पनि विषयहरूबारे प्रावधान गर्छ भन्ने ठानिने छैन।

(३) जुन विधेयकको अधिनियमन अनि प्रवर्तन गरिँदा भारतको सर्वसञ्चित कोषबाट खर्च हुँदछ सो विधेयक संसद्को कुनै सदनद्वारा तबसम्म पारित गरिने छैन जबसम्म त्यस विधेयकमाथि विचार गर्नका लागि राष्ट्रपतिले सो सदनलाई सिफारिस गर्दैनन्।

*सामान्यतः प्रक्रिया*

**११८. प्रक्रियाका नियम**– (१) यस संविधानका प्रावधानहरूका अधीनमा रही संसद्को प्रत्येक सदनले आफ्नो प्रक्रिया* अनि आफ्नो कार्य सञ्चालनको विनियमनका लागि नियम बनाउन सक्ने छ।

(२) जबसम्म खण्ड (१) अन्तर्गत नियम बनाइँदैन तबसम्म यो संविधान लागु हुनुभन्दा तुरुन्त अघि भारत अधिराज्यका विधायिकाका सम्बन्धमा जुन प्रक्रियाका नियम अनि स्थायी आदेश प्रवृत्त थिए ती यथासन्दर्भ राज्यसभाका सभापति अथवा लोकसभाका अध्यक्षले तिनमा गर्नसक्ने परिमार्जन अनि अनुकूलनका अधीनमा रही संसद्का सम्बन्धमा प्रभावकारी हुने छन्।

(३) राष्ट्रपतिले राज्यसभाका सभापति अनि लोकसभाका अध्यक्षसित परामर्श गरेपछि दुवै सदनका संयुक्त बैठकसित सम्बन्धित अनि तिनीहरूबिचको परस्पर सञ्चारसित सम्बन्धित प्रक्रियाका नियम बनाउन सक्ने छन्।

(४) दुवै सदनका संयुक्त बैठकको अध्यक्षता लोकसभाका अध्यक्षले गर्नेछन् अथवा उनको अनुपस्थितिमा खण्ड (३) अन्तर्गत बनाइएका प्रक्रियाका नियमहरूद्वारा निर्धारण गरिएका व्यक्तिले गर्ने छन्।

**११९. संसद्मा वित्तीय कार्यसम्बन्धी प्रक्रियाको विधिद्वारा विनियमन**– संसद्ले वित्तीय कार्य समयमै पुरा गर्ने उद्देश्यले कुनै वित्तीय विषय अथवा भारतको सर्वसञ्चित कोषबाट धनको विनियोग गर्नका लागि कुनै विधेयकका सम्बन्धमा रहेको संसद्को प्रत्येक सदनको प्रक्रिया अनि कार्य सञ्चालनको विनियमन विधिद्वारा गर्न सक्ने छ तथा यसरी बनाइएको कुनै विधिको कुनै प्रावधान अनुच्छेद ११८-को खण्ड (१) अन्तर्गत संसद्को कुनै सदनद्वारा बनाइएको नियमसँग अथवा त्यस अनुच्छेदको खण्ड (२) अन्तर्गत संसद्का सम्बन्धमा प्रभावकारी हुने कुनै नियम अथवा स्थायी आदेशसित असङ्गत भएका खण्डमा अनि सो असङ्गतिको सीमासम्म यस्तो प्रावधान अभिभावी हुने छ।

---

* संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २२(मिति तोकिन बाँकी छ) द्वारा "(जसमा सदनको अधिवेशनका लागि आवश्यक गणपूर्ति समाविष्ट रहेको छ)" बन्धनी र शब्दहरू अन्तःस्थापित। संविधान(चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४५-द्वारा (२०.६.१९७९-देखि) यो संशोधन हटाइयो।

(भाग ५– सङ्घ)

**१२०. संसद्‌मा प्रयोग गरिने भाषा**– (१) भाग १७-मा जुनसुकै कुरा भए तापनि अनुच्छेद ३४८-का प्रावधानहरूका अधीनमा रही संसद्‌मा हिन्दी अथवा अङ्ग्रेजीमा कार्य गरिने छ:

यद्यपि यथासन्दर्भ राज्यसभाका सभापति अथवा लोकसभाका अध्यक्ष अथवा त्यस रूपमा काम गर्ने व्यक्तिले हिन्दीमा अथवा अङ्ग्रेजीमा आफ्नो अभिव्यक्ति पूर्णरूपले प्रकट गर्न नसक्ने कुनै पनि सदस्यलाई आफ्नो मातृभाषामा नै सदनलाई सम्बोधन गर्ने अनुमति दिन सक्ने छन्।

(२) संसद्‌ले विधिद्वारा अन्यथा प्रावधान नगरेसम्म यो संविधान लागु भएको पन्ध्र वर्षको अवधि समाप्त भएपछि यो अनुच्छेद यस अनुच्छेदबाट "अथवा अङ्ग्रेजीमा" भन्ने शब्दहरूलाई निरस्त गरिएझैं गरी प्रभावकारी हुने छ।

**१२१. संसद्‌मा चर्चामाथि प्रतिबन्ध**– यहाँ यसपछि गरिएको प्रावधान अनुसार राष्ट्रपतिसमक्ष सर्वोच्च न्यायालय वा उच्च न्यायालयका कुनै न्यायाधीशलाई हटाउने प्रार्थना गर्दै समावेदन प्रस्तुत गर्ने प्रस्तावमाथिको चर्चाबाहेक सर्वोच्च न्यायालय वा उच्च न्यायालयका कुनै न्यायाधीशले आफ्ना कर्त्तव्यहरूको निर्वहनका क्रममा गरेको आचरणका विषयमा संसद्‌मा कुनै चर्चा गरिने छैन।

**१२२. न्यायालयद्वारा संसद्‌का कार्यवाहीहरूको जाँच नगरिनु**– (१) संसद्‌का कुनै कार्यवाहीको वैधतामाथि प्रक्रियामा भएको कुनै आरोपित अनियमितताका आधारमा प्रश्न उठाइने छैन।

(२) यस संविधानद्वारा अथवा यसअन्तर्गत संसद्‌मा प्रक्रिया अथवा कार्यसञ्चालनको विनियमन गर्ने अथवा व्यवस्था सम्हाल्ने शक्ति निहित भएको संसद्‌को कुनै अधिकारी अथवा सदस्य ती शक्ति आफूले प्रयोग गर्ने सम्बन्धमा कुनै न्यायालयको क्षेत्राधिकारका अधीनमा पर्ने छैन।

## अध्याय ३– राष्ट्रपतिका विधायी शक्तिहरू

**१२३. संसद्‌को विश्रामकालमा अध्यादेश जारी गर्ने राष्ट्रपतिको शक्ति**–(१) संसद्‌का दुवै सदन सत्रमा भएको समयलाई छाडेर कुनै पनि समय, राष्ट्रपतिलाई विद्यमान परिस्थितिका कारण उनले अनिवार्य रूपमा तत्काल कारबाही गर्नु पर्छ भन्ने लागेका खण्डमा उनले परिस्थितिअनुसार आवश्यक लागेका अध्यादेशहरू जारी गर्न सक्छन्।

(२) यस अनुच्छेद अन्तर्गत जारी गरिएको अध्यादेशको बल अनि प्रभाव संसद्‌को अधिनियमको बल र प्रभावजस्तै हुने छ तर यस्तो प्रत्येक अध्यादेश–

(क) संसद्‌का दुवै सदनसमक्ष प्रस्तुत गरिने छ र संसद् पुनः सम्मिलित भएदेखि छ हप्ताको समय सकिएपछि वा त्यस अवधिको समाप्ति अघि नै दुवै सदनले सो अध्यादेशलाई अनुमोदन नगर्ने निर्णय पारित गरेका खण्डमा यी निर्णयमध्ये दोस्रो निर्णय पारित भएपछि यो अध्यादेश प्रवर्तनमा रहने छैन;

(ख) राष्ट्रपतिद्वारा कुनै पनि बेला फिर्ता लिने सकिने छ;

*स्पष्टीकरण–* संसद्का सदनहरूलाई भिन्न भिन्न मितिमा पुन:सम्मिलित हुनाका लागि निमन्त्रण गर्दा यस खण्डका प्रयोजनहरूका लागि छ सप्ताह अवधिको गणना ती मितिहरूमध्ये पछिल्लो मितिबाट गरिने छ।

(३) यस संविधान अन्तर्गत रहेर यस अनुच्छेद अन्तर्गत कुनै अध्यादेशले गरेको कुनै प्रावधानको अधिनियमन गर्न संसद् सक्षम नभएका खण्डमा यो अध्यादेश निष्क्रिय हुने छ अनि यसो गर्न संसद् सक्षम नभएसम्म यो अध्यादेश निष्क्रिय हुने छ।

[1](४)* * * * *

## अध्याय ४– सङ्घको न्यायपालिका

**१२४. सर्वोच्च न्यायालयको स्थापना अनि गठन**– (१) भारतका मुख्य न्यायाधीश अनि संसद्ले विधिद्वारा अधिक सङ्ख्या निर्धारित नगरेसम्म अधिकतम *[सातजना] अन्य न्यायधीश मिलेर बनेको भारतको एउटा सर्वोच्च न्यायालय हुने छ।

(२) सर्वोच्च न्यायालयका प्रत्येक न्यायाधीशलाई राष्ट्रपतिले आफ्नो हस्ताक्षर अनि मोहरसहित अधिपत्रद्वारा [2][ धारा १२४क मा निर्दिष्ट राष्ट्रिय न्यायिक नियुक्ति आयोगका सिफारिसमा] नियुक्त गर्ने छन् र पैँसठ्ठी वर्ष उमेर नपुगुन्जेल उनले पद धारण गर्ने छन्:

[3][* * * * *]

[4][यद्यपि]–

(क) कुनै न्यायाधीशले राष्ट्रपतिलाई सम्बोधन गरेर लेखिएको स्वहस्ताक्षरित पत्रद्वारा पदत्याग गर्नसक्ने छन्;

(ख) कुनै न्यायाधीशलाई उपखण्ड (४)-मा प्रावधान गरिएको रीतिअनुसार उनका पदबाट हटाउन सकिने छ।

---

[1] संविधान (अठतीसौँ संशोधन) अधिनियम, १९७५-को धारा २-द्वारा (पूर्व प्रभावसहित) अन्तःस्थापित अनि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा १६-द्वारा (२०.६.१९७९-देखि) त्यक्त।

* सर्वोच्च न्यायालय (न्यायाधीश सङ्ख्या) संशोधन अधिनियम, २०१९ (२०१९-को ३७) को धारा २-द्वारा (९.८.२०१९-देखि) यस उप्रान्त “तेत्तीस” ।अहिले तेत्तीस भएको छ।

[2] संविधानको (उनान्सयौँ संशोधन) अधिनियम, २०१४-को धारा २-द्वारा (१३.४.२०१५-देखि) “ राष्ट्रपतिले यस प्रयोजनका लागि परामर्श गर्न आवश्यक ठानेका सर्वोच्च न्यायालय अनि राज्यका उच्च न्यायालयका न्यायाधीशसँग परामर्श गरेपछि” का स्थानमा प्रतिस्थापित। यस संशोधनलाई सर्वोच्च न्यायालय कोर्ट एडवोकेटस् अन् रिकर्ड एशोसिएन अनि अन्य *बनाम* भारत सङ्घ, एआइआर २०१६ एससी २०१७ ,मिति १६.१०.२०१५ का मामिलामा सर्वोच्च न्यायालयद्वारा निष्प्रभावी बनाइयो।

[3] संविधानको (उनान्सयौँ संशोधन) अधिनियम, २०१४-को धारा २-द्वारा (१३.४.२०१५-देखि) पहिलो उपबन्ध लोप गरियो। संशोधनभन्दा अघि यो निम्नप्रकार थियो–

“यद्यपि प्रधान न्यायाधीशबाहेक अन्य न्यायाधीशको नियुक्तिका मामिलामा भारतका प्रधान न्यायाधीशसँग सधैँ परामर्श गरिने छ”। यस संशोधनलाई ,सर्वोच्च न्यायालय कोर्ट एडवोकेटस् अन् रिकर्ड एसोसिएसन अनि अन्य *बनाम* भारत सङ्घ, एआइआर २०१६ एससी २०१७ ,मिति १६.१०.२०१५ का मामिलामा सर्वोच्च न्यायालयद्वारा निष्प्रभावी गरियो।

[4] संविधान (संशोधन) अधिनियम, २०१४-को धारा २-द्वारा (१३.४.२०१५-देखि) “यद्यपि अझ” शब्दहरूका स्थानमा प्रतिस्थापित। यस संशोधनलाई ,सर्वोच्च न्यायालय कोर्ट एडवोकेटस् अन् रिकर्ड एसोसिएसन अनि अन्य *बनाम* भारत सङ्घ, एआइआर २०१६ एससी २०१७, मिति १६.१०.२०१५ का मामिलामा सर्वोच्च न्यायालयद्वारा निष्प्रभावी गरियो।

[1][(२क) सर्वोच्च न्यायालयका न्यायाधीशको उमेरको निर्धारण संसद्ले विधिद्वारा प्रावधान गरेको प्राधिकारी एवम् रीतिअनुसार गरिने छ ।]

(३) कुनै व्यक्ति भारतको नागरिक नभएसम्म अनि–

(क) कुनै उच्च न्यायालयमा अथवा यस्तै दुई अथवा अधिक न्यायालयहरूमा कम्तीमा पाँच वर्षसम्म निरन्तर न्यायाधीश नरहेसम्म; अनि

(ख) कुनै उच्च न्यायालयमा अथवा यस्तै दुई अथवा अधिक न्यायालयहरूमा कम्तीमा दस वर्षसम्म निरन्तर न्यायाधीश नरहेसम्म; अथवा

(ग) राष्ट्रपतिका मतमा पारङ्गत विधिवेत्ता नभएसम्म;

–सो व्यक्ति सर्वोच्च न्यायालयको न्यायाधीशका रूपमा नियुक्तिका लागि अयोग्य हुने छ ।

*स्पष्टीकरण* १– यस खण्डमा "उच्च न्यायालय" पदले भारतको राज्यक्षेत्रको कुनै पनि भागमा अधिकारक्षेत्र प्रयोग गर्ने अथवा यो संविधान लागु हुनुभन्दा पहिले कुनै पनि समय अधिकारक्षेत्र प्रयोग गर्ने उच्च न्यायालय बुझाउँछ ।

*स्पष्टीकरण* २– यस खण्डका प्रयोजनका लागि कुनै व्यक्ति अधिवक्ता रहेको अवधि गणना गर्दा अधिवक्ता भएपछि ती व्यक्तिले जिल्ला न्यायाधीशको पदभन्दा तल्लो दर्जाको नभएको न्यायिक पद धारण गरेको अवधि पनि सम्मिलित गरिने छ ।

(४) प्रमाणित दुर्व्यवहार एवम् असमर्थताका आधारमा उच्चतम न्यायालयका कुनै न्यायाधीशलाई हटाउनका लागि सदनको कुल सदस्य सङ्ख्याको बहुमतद्वारा अनि कुल उपस्थित र मतदान गरेका सदस्यहरूको कम्तीमा दुई तिहाई बहुमतद्वारा समर्थित समावेदन संसद्को प्रत्येक सदनद्वारा सोही सत्रमा राष्ट्रपतिसमक्ष राखिएपछि राष्ट्रपतिले आदेश नदिएसम्म कुनै न्यायाधीशलाई उनका पदबाट हटाइने छैन ।

(५) संसद्ले खण्ड (४) अन्तर्गत कुनै समावेदन प्रस्तुत गर्ने तथा न्यायाधीशको दुर्व्यवहार अथवा असमर्थताको अन्वेषण तथा प्रमाणीकरणको प्रक्रियालाई विधिद्वारा विनियमन गर्न सक्ने छ ।

(६) सर्वोच्च न्यायालयको न्यायाधीश हुनका लागि नियुक्त प्रत्येक व्यक्तिले आफ्नो पद ग्रहण गर्नअघि राष्ट्रपति अथवा उनीद्वारा यस प्रयोजनका निम्ति नियुक्त व्यक्तिसमक्ष तेस्रो अनुसूचीमा यस प्रयोजनका लागि दिइएको प्ररूपअनुसार शपथ लिने छ अथवा अभिपुष्टि गर्ने छ अनि त्यसमा हस्ताक्षर गर्ने छ ।

(७) सर्वोच्च न्यायालयको न्यायाधीशका रूपमा पद धारण गरेको कुनै व्यक्तिले भारतको राज्यक्षेत्रभित्रका कुनै न्यायालय अथवा कुनै प्राधिकारी समक्ष वकालत गर्ने छैन अथवा कार्य गर्ने छैन ।

[2][**१२४क. राष्ट्रिय न्यायिक नियुक्ति आयोग–(**१) राष्ट्रिय न्यायिक नियुक्ति आयोग नामले चिनिने एउटा आयोग रहने छ र निम्न व्यक्तिहरू मिलेर यसको गठन हुने छ:–

---

[1] संविधान (पन्ध्रौँ संशोधन) अधिनियम, १९६३-को धारा २-द्वारा (५.१०.१९६३-देखि) अन्त:स्थापित ।

[2] संविधान (उनान्सयौँ संशोधन) अधिनियम, २०१४-को धारा ३-द्वारा (१३.४.२०१५-देखि) अन्त:स्थापित। यस संशोधनलाई सुप्रिम कोर्ट एडवोकेड्स अन् रिकर्ड एसोसिएसन अनि अन्य *बनाम* भारत सङ्घ, एआइआर २०१६ एससी ११७ का मामिलामा सर्वोच्च न्यायालयको मिति १६.१०.२०१५-को आदेशद्वारा निष्प्रभावी गरियो।

(क) भारतका मुख्य न्यायाधीश, अध्यक्ष, पदेन;

(ख) भारतका मुख्य न्यायाधीश पछिका सर्वोच्च अदालतका दुई अन्य वरिष्ठ न्यायाधीशहरू– सदस्य, पदेन;

(ग) विधि र न्यायका प्रभारी केन्द्रीय मन्त्री– सदस्य, पदेन;

(घ) प्रधानमन्त्री, भारतका प्रधान न्यायाधीश र लोकसभाको प्रतिपक्षी दलका नेता वा त्यस्तो प्रतिपक्षी नेता नभएको अवस्थामा लोकसभाको सबैभन्दा ठुलो प्रतिपक्षी दलका नेता मिलेर गठन भएको समितिद्वारा मनोनीत दुईजना ख्यातिप्राप्त व्यक्ति– सदस्य:

यद्यपि अनुसूचित जाति, अनुसूचित जनजाति, अन्य पछौटे वर्ग, अल्पसङ्ख्यक वर्ग वा महिलाहरूबिचका ख्यातिप्राप्त व्यक्तिहरूमध्ये एकजना ख्यातिप्राप्त व्यक्तिलाई मनोनयन गरिने छ:

यद्यपि ख्यातिप्राप्त व्यक्ति तीन वर्षका लागि मनोनीत हुने छन् र पुनःमनोनयनका लागि योग्य हुने छैनन्।

(२) आयोगमा रहेको कुनै रिक्तता वा आयोगको गठनमा रहेको कुनै त्रुटिका आधारमा मात्र राष्ट्रिय न्यायिक नियुक्ति आयोगको कुनै पनि कार्य वा कार्यवाहीमाथि प्रश्न उठाइने छैन अथवा यी विधिअमान्य हुने छैनन्।

**१२४ख. आयोगका कार्यहरू**–(क) भारतका मुख्य न्यायाधीश, सर्वोच्च न्यायालयका न्यायाधीशहरू, उच्च न्यायालयका मुख्य र अन्य न्यायाधीशहरूको नियुक्तिका लागि व्यक्तिहरूलाई सिफारिस गर्ने;

(ख) उच्च न्यायालयका मुख्यन्यायाधीश र अन्य न्यायाधीशहरूको एउटा उच्च न्यायालयबाट अन्य कुनै उच्च न्यायालयमा स्थानान्तरणको सिफारिस गर्ने; र

(ग) सिफारिस गरिएको व्यक्ति योग्य र सत्यनिष्ठ छ भनी सुनिश्चित गर्ने

–कार्य राष्ट्रिय न्यायिक नियुक्ति आयोगका कर्त्तव्य हुने छन्।

**१२४ग. संसद्को विधि बनाउने शक्ति**– संसद्ले विधिद्वारा सर्वोच्च न्यायालयका मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरू अनि उच्च न्यायालयका मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरूको नियुक्तिको प्रक्रियालाई विनियमन गर्न सक्ने छ तथा आयोगलाई विनियमहरूद्वारा आफ्ना कार्यहरूको निर्वाह, नियुक्तिका लागि व्यक्तिका चयनको प्रणाली र यसद्वारा आवश्यक मानिने अन्य विषयका प्रक्रियाको नियमनका लागि सशक्त गर्न सक्ने छ।]

**[१२५. न्यायाधीशहरूको वेतन इत्यादि** –[1][(१) सर्वोच्च न्यायालयका न्यायाधीशहरूलाई संसद्ले विधिद्वारा निर्धारित गरेअनुसारको वेतन भुक्तानी गरिने छ अनि यसका निम्ति यस प्रकार प्रावधान नगरिएसम्म दोस्रो अनुसूचीमा विनिर्दिष्ट यस्ता वेतनहरूको भुक्तानी गरिने छ।]

(२) प्रत्येक न्यायाधीश संसद्द्वारा बनाइएको विधिद्वारा वा यस अन्तर्गत समय–समयमा निर्धारण गरिने विशेषाधिकार र भत्ताहरू र अनुपस्थिति बिदा र पेन्सनका सम्बन्धमा रहेका अधिकारहरूका हकदार हुने छन् र त्यसरी निर्धारण नगरिएसम्म दोस्रो अनुसूचीमा विनिर्दिष्ट विशेषाधिकार, भत्ता र अधिकारहरूका हकदार हुने छन्।

---

[1] संविधान(चौउन्नौं संशोधन) अधिनियम,१९८६-को धारा २-द्वारा (१.४.१९८६-देखि) खण्ड (१) का स्थानमा प्रतिस्थापित।

यद्यपि कुनै न्यायाधीशका विशेषाधिकार अनि भत्ताहरूमा तथा अनुपस्थिति बिदा अनि पेन्सनका सम्बन्धमा रहेका उनका अधिकारहरूमा उनको नियुक्तिपछि उनलाई घाटा हुने गरी परिवर्तन गरिने छैन।

**१२६. कार्यकारी मुख्य न्यायाधीशको नियुक्ति**– भारतका मुख्य न्यायाधीशको पद रिक्त हुँदा अथवा अनुपस्थिति अथवा अन्य कारणले आफ्ना पदका कर्त्तव्यहरू पालन गर्न मुख्य न्यायाधीश असमर्थ हुँदा राष्ट्रपतिले यस प्रयोजनका लागि न्यायालयका अन्य न्यायाधीशहरू मध्येबाट नियुक्त गरेका एकजना न्यायाधीशले त्यस पदका कर्त्तव्य पालन गर्ने छन्।

**१२७. तदर्थ न्यायाधीशहरूको नियुक्ति**– (१) जुनसुकै बेला सर्वोच्च न्यायालयको कुनै पनि सत्र सञ्चालन गर्न वा जारी राख्नका लागि सो न्यायालयका न्यायाधीशहरूको गणपूरक सङ्ख्या नपुगेका खण्डमा [1][भारतका प्रधान न्यायाधीशको सिफारिसमा राष्ट्रिय न्यायिक नियुक्ति आयोगले राष्ट्रपतिको पूर्व सहमतिपूर्वक] र सम्बन्धित उच्च न्यायालयका प्रधान न्यायाधीशसँग परामर्श गरेपछि भारतका प्रधान न्यायाधीशद्वारा नामित, सर्वोच्च न्यायालयका न्यायाधीशका रूपमा नियुक्तिका लागि यथोचित रूपमा योग्य उच्च न्यायालयका न्यायाधीशको तदर्थ न्यायाधीशका रूपमा आवश्यक परेजति समयका लागि न्यायालयका बैठकमा उपस्थितिका लागि लिखित अनुरोध गर्न सक्छ।

(२) आफ्नो पदका अन्य कर्त्तव्यका तुलनामा प्राथमिकता दिँदै आफ्नो उपस्थितिको आवश्यकता परेको अवधिका लागि सर्वोच्च न्यायालयका बैठकहरूमा उपस्थित हुनु यस प्रकार नामित न्यायाधीशको कर्त्तव्य हुने छ अनि यस प्रकार उपस्थित हुँदा उनलाई सर्वोच्च न्यायालयका न्यायाधीशका सम्पूर्ण अधिकारक्षेत्र, शक्ति एवं विशेषधिकार प्राप्त हुने छ अनि उनले सर्वोच्च न्यायालयका न्यायाधीशको कर्त्तव्य निर्वाह गर्ने छन्।

**१२८. सर्वोच्च न्यायालयका बैठकमा सेवानिवृत्त न्यायाधीशहरूको उपस्थिति**– यस अध्यायमा जुनसुकै कुरा भए तापनि [2][राष्ट्रिय न्यायिक नियुक्ति आयोगले] जुनसुकै बेला राष्ट्रपतिको पूर्व सहमतिपूर्वक सर्वोच्च न्यायालय वा सङ्घीय न्यायालयका न्यायाधीशका रूपमा काम गरेका [3][वा उच्च न्यायालयका न्यायाधीशको पद धारण गरिसकेका अनि सर्वोच्च न्यायालयका न्यायाधीशका रूपमा नियुक्तिका लागि यथोचित रूपमा योग्य] कुनै व्यक्तिलाई सर्वोच्च न्यायालयका न्यायाधीशका रूपमा आसीन हुने कार्य गर्ने अनुरोध गर्न सक्छ अनि यसरी अनुरोध गरिएका ती व्यक्ति यसरी आसीन भएका अनि कार्यरत रहेका बेला राष्ट्रपतिको आदेशद्वारा निर्धारण गरिएको भत्ताका हकदार हुने छन् र उनलाई त्यस न्यायालयको न्यायाधीशका सबै अधिकारक्षेत्र, शक्ति र विशेषाधिकार प्राप्त हुने छन् तर उनलाई अन्यथा सो न्यायालयका न्यायाधीश ठानिने छैन।]

---

[1] संविधान (उनान्सयौँ संशोधन) अधिनियम, २०१४-को धारा ४-द्वारा (१३.४.२०१५-देखि) "भारतका मुख्य न्यायाधीशले राष्ट्रपतिको पूर्वसहमतिपूर्वक" का स्थानमा प्रतिस्थापित। यस संशोधनलाई सुप्रिम कोर्ट एडवोकेट्स अन् रिकर्ड एसोसिएसन अनि अन्य *बनाम* भारत सङ्घ, एआइआर २०१६ एससी ११७ का मामिलामा सर्वोच्च न्यायालयको मिति १६.१०.२०१५-को आदेशद्वारा निष्प्रभावी गरियो।

[2] संविधान (उनान्सयौँ संशोधन) अधिनियम, २०१४-को धारा ५-द्वारा (१३.४.२०१५-देखि) "भारतका मुख्य न्यायाधीश" का स्थानमा प्रतिस्थापित। यस संशोधनलाई सुप्रिम कोर्ट एडवोकेट्स अन् रिकर्ड एसोसिएसन अनि अन्य *बनाम* भारत सङ्घ, एआइआर २०१६ एससी ११७ का मामिलामा सर्वोच्च न्यायालयको मिति १६.१०.२०१५-को आदेशद्वारा निष्प्रभावी गरियो।

[3] संविधान (पन्ध्रौँ संशोधन) अधिनियम,१९६३-को धारा ३-द्वारा (५.१०.१९६३-देखि) अन्त: स्थापित।

यद्यपि यथापूर्वोक्त व्यक्तिले सो न्यायालयका न्यायाधीशका रूपमा आसीन हुने अनि कार्य गर्ने सहमति नदिएसम्म यस अनुच्छेदको कुनै पनि कुराले उनले सो न्यायालयका न्यायाधीशका रूपमा आसीन हुने अनि कार्य गर्ने अपेक्षा गर्ने ठानिने छैन।

**१२९. सर्वोच्च न्यायालय अभिलेखको न्यायालय हुनु**– सर्वोच्च न्यायालय अभिलेखको न्यायालय हुने छ अनि आफ्नो अवमानना गरेकामा दण्ड दिने शक्तिसहित यस्ता न्यायालयका सम्पूर्ण शक्ति सो न्यायालयलाई प्राप्त हुने छन्।

**१३०. सर्वोच्च न्यायालयको स्थान**– सर्वोच्च न्यायालय दिल्ली अथवा भारतका मुख्य न्यायाधीशले राष्ट्रपतिको अनुमोदनपूर्वक समय समयमा निर्धारित गरेका अन्य स्थान वा स्थानहरूमा अवस्थित हुने छ।

**१३१. सर्वोच्च न्यायालयको अधिकारक्षेत्र**– यस संविधानका प्रावधानहरूका अधीनमा रही–

(क) भारत सरकार अनि एक अथवा अधिक राज्यहरूबिच अथवा

(ख) एकातिर भारत सरकार अनि कुनै राज्य अथवा राज्यहरू अनि अर्कातिर एक अथवा अधिक अन्य राज्यहरूबिच अथवा

(ग) दुई अथवा अधिक राज्यबिच

–कुनै पनि विवादमा कुनै विधिक अधिकारको अस्तित्व अथवा विस्तार निर्भर रहने (विधिको अथवा तथ्यको) कुनै प्रश्न समावेश भएका खण्डमा अनि जहाँसम्म त्यस्तो प्रश्न संलग्न हुँदछ त्यहाँसम्म सर्वोच्च न्यायालयलाई सो विवादका सम्बन्धमा अन्य न्यायालयहरूको अपवर्जनपूर्वक मूल क्षेत्राधिकार प्राप्त हुने छ।

[1][यद्यपि यो संविधान लागु हुनुभन्दा अघि गरिएको अथवा निष्पादन गरिएको, संविधान लागु भएपछि पनि लागु भइरहेको अथवा उक्त अधिकारक्षेत्रको विस्तार यस्तो विवादमा हुने छैन भनेर प्रावधान गर्ने कुनै सन्धि, सम्झौता, प्रतिज्ञापत्र, वचनबद्धता, *सनद* अथवा यस्तै अन्य लिखतबाट उत्पन्न भएको विवादमा उक्त अधिकारक्षेत्रको विस्तार हुने छैन।]

[2][**१३१क**. *केन्द्रीय विधिको संवैधानिक वैधतासित सम्बन्धित प्रश्नका सन्दर्भमा सर्वोच्च न्यायालयको विशेष अधिकार*।]—*संविधान (त्रिचालीसौँ संशोधन) अधिनियम,* १९७७-को *धारा* ४ *(*१३.४.१९७८-देखि*) त्यक्त*।

**१३२. कतिपय मामिलामा उच्च न्यायालयबाट आएका पुनरावेदनबारे सर्वोच्च न्यायालयको पुनरावेदनसम्बन्धी अधिकारक्षेत्र**– (१) कुनै मामिलामा संविधानको व्याख्याका सम्बन्धमा विधिको कुनै गहकिलो प्रश्न समाविष्ट छ भनेर [3][उच्च न्यायालयले अनुच्छेद १३४क अन्तर्गत प्रमाणित गरेका खण्डमा] भारतको राज्यक्षेत्रमा कुनै उच्च न्यायालयको दिवानी, फौजदारी अथवा अन्य कार्यवाहीमा दिइएको कुनै निर्णय, डिक्री अथवा अन्तिम आदेशको पुनरावेदन सर्वोच्च न्यायालयमा हुने छ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा ५-द्वारा (१.११.१९५६-देखि) उपबन्धका स्थानमा प्रतिस्थापित।

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २३-द्वारा (१.२.१९७७-देखि) अन्तःस्थापित।

[3] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा १७-द्वारा (१.८.१९७९-देखि) "उच्च न्यायालयले प्रमाणित गरेका खण्डमा" का स्थानमा प्रतिस्थापित।

[1](२)* * * * *

(३) जुन मामिलाका सम्बन्धमा यस्तो प्रमाण पत्र दिइएको छ [2]** सो मामिलामा कुनै पक्षले पूर्वोक्त कुनै प्रश्नमा भूल निर्णय गरिएको छ [2]*** भन्ने आधारमा सर्वोच्च न्यायालयमा पुनरावेदन गर्न सक्ने छ।

*स्पष्टीकरण*– यस अनुच्छेदका प्रयोजनहरूका लागि "अन्तिम आदेश" पद अन्तर्गत कुनै विवादको निर्णय पुनरावेदकका पक्षमा गरिएका खण्डमा मामिलालाई अन्तिम रूपमा समाधान गर्न पर्याप्त हुने छ भनिएको विवादको निर्णय गर्ने आदेश समाविष्ट भएको छ।

**१३३. उच्च न्यायालयबाट आएका दिवानी मामिलासम्बन्धी पुनरावेदनबारे सर्वोच्च न्यायालयको पुनरावेदनसम्बन्धी अधिकारक्षेत्र**– [3][(१) (क) कुनै मामिलामा विधिको व्यापक महत्त्वसम्बन्धी गहकिलो प्रश्न समाविष्ट छ; अनि

(ख) उच्च न्यायालयका मतानुसार सर्वोच्च न्यायालयद्वारा त्यस प्रश्नको निर्णय गर्नु आवश्यक हो।]

–भनी [4][उच्च न्यायालयले अनुच्छेद १३४क का अधीनमा रही प्रमाणित गरेका खण्डमा] भारतको राज्यक्षेत्रमा कुनै उच्च न्यायालयका दिवानी कार्यवाहीमा दिइएका कुनै निर्णय, डिक्री अथवा अन्तिम आदेश विरुद्ध पुनरावेदन सर्वोच्च न्यायालयमा हुने छ।]

(२) अनुच्छेद १३२-मा जुनसुकै कुरा भए तापनि खण्ड (१) अन्तर्गत सर्वोच्च न्यायालयमा पुनरावेदन गर्ने कुनै पनि पक्षले कुनै मामिलामा संविधानको व्याख्याका सम्बन्धमा विधिको कुनै गहकिलो प्रश्नको निर्णय त्रुटिपूर्ण तरिकाले गरिएको कुरालाई यस्तो पुनरावेदनको एउटा आधारका रूपमा प्रस्तुत गर्न सक्ने छ।

(३) यस अनुच्छेदमा जुनसुकै कुरा भए तापनि संसद्ले विधिद्वारा अन्यथा प्रावधान नगरेसम्म उच्च न्यायालयका एकजना न्यायाधीशको निर्णय, डिक्री अथवा अन्तिम आदेशविरुद्ध पुनरावेदन सर्वोच्च न्यायालयमा गर्न सकिने छैन।

**१३४. फौजदारी मामिलाका सम्बन्धमा सर्वोच्च न्यायालयको पुनरावेदनसम्बन्धी अधिकार**– (१) (क) सो उच्च न्यायालयले पुनरावेदनमा कुनै अभियुक्त व्यक्तिबारे दिइएको दोषमुक्तिको आदेश परिवर्तन गरी उसलाई मृत्युदण्डको आदेश दिएका खण्डमा; अथवा

(ख) सो उच्च न्यायालयले आफ्नो प्राधिकार अधीनस्थ कुनै न्यायालयबाट सुनुवाइका लागि कुनै मामिला आफूसमक्ष झिकाएका खण्डमा अनि यस्तो सुनुवाइमा अभियुक्त व्यक्तिलाई दोषी ठहऱ्याएका खण्डमा अनि उसलाई मृत्युदण्डको आदेश दिएका खण्डमा; अथवा

(ग) सर्वोच्च न्यायालयमा पुनरावेदन गरिने योग्य मामिला हो भनी उच्च न्यायालयले [5][अनुच्छेद १३४क अन्तर्गत] प्रमाणित गरिदिएका खण्डमा– भारतका राज्यक्षेत्रमा भएको कुनै उच्च न्यायालयको फौजदारी कार्यवाहीमा दिइएको कुनै निर्णय, अन्तिम आदेश अथवा दण्डादेशको पुनरावेदन सर्वोच्च न्यायालयमा गर्न सकिने छ:

---

[1] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८को धारा १७-द्वारा (१.८.१९७९-देखि) "उच्च न्यायालयले प्रमाणित गरेका खण्डमा" का लागि खण्ड (२) त्यक्त।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा १७-द्वारा (१.८.१९७९-देखि) केही शब्दहरू त्यक्त।

[3] संविधान (तीसौँ संशोधन) अधिनियम, १९७२-को धारा २-द्वारा (२७.२.१९७३-देखि) खण्ड (१) का स्थानमा प्रतिस्थापित।

[4] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा १८-द्वारा (१.८.१९७९-देखि) "उच्च न्यायालयले प्रमाणित गरेका खण्डमा" का स्थानमा प्रतिस्थापित।

[5] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा १९-द्वारा (१.८.१९७९-देखि) "प्रमाणन गर्छ" का स्थानमा प्रतिस्थापित।

यद्यपि उपखण्ड (ग) अन्तर्गत पुनरावेदन अनुच्छेद १४५-को खण्ड (१) अन्तर्गत यसका निमित्त बनाइएका प्रावधानका अधीनमा रही अनि उच्च न्यायालयले स्थापित गर्न सक्ने अथवा यसलाई आवश्यक हुने सर्तहरूका अधीनमा रही गरिने छ।

(२) संसद्ले विधिद्वारा भारतको राज्यक्षेत्रको कुनै पनि उच्च न्यायालयको दाण्डिक कार्यवाहीमा दिइएका कुनै निर्णय, अन्तिम आदेश अथवा दण्डादेशविरुद्ध पुनरावेदन यस्ता विधिमा विनिर्दिष्ट सर्त अनि सीमाका अधीनमा रही ग्रहण गर्ने अनि सुन्ने थप शक्तिहरू सर्वोच्च न्यायालयलाई प्रदान गर्न सक्ने छ।

[1][**१३४क. सर्वोच्च न्यायालयमा पुनरावेदनका लागि प्रमाणपत्र**– अनुच्छेद १३२-को खण्ड(१) वा अनुच्छेद १३३-को खण्ड (१), वा अनुच्छेद १३४-को खण्ड (१)-मा निर्दिष्ट निर्णय, डिक्री, अन्तिम आदेश वा दण्डादेश पारित गर्ने अथवा दिने प्रत्येक उच्च न्यायालयले त्यस्तो निर्णय, डिक्री, अन्तिम आदेश वा दण्डादेश पारित गर्ने अथवा दिने बित्तिकै यथासन्दर्भ अनुच्छेद १३२-को खण्ड (१) वा अनुच्छेद १३३-को खण्ड (१) वा अनुच्छेद १३४-को खण्ड (१) को उपखण्ड (ग)-मा निर्दिष्ट प्रकृतिको प्रमाणपत्र त्यस मामिलाका सम्बन्धमा दिन सकिन्छ कि सकिँदैन भन्ने प्रश्नको निर्धारण–

(क) सो न्यायालयले यसो गर्नु उचित हो भन्ने ठानेका खण्डमा स्वेच्छाले गर्न सक्ने छ, अनि

(ख) त्यस्तो निर्णय, डिक्री, अन्तिम आदेश वा दण्डादेश पारित गर्ने अथवा दिने बित्तिकै पीडित पक्षद्वारा वा पीडित पक्षका तर्फबाट मौखिक निवेदन दिइएका खण्डमा गर्ने छ।]

**१३५. विद्यमान विधिअन्तर्गत सङ्घीय न्यायालयको क्षेत्राधिकार अनि शक्ति सर्वोच्च न्यायालयद्वारा प्रयोज्य हुनु**– संसद्ले विधिद्वारा अन्यथा प्रावधान नगरेसम्म यो संविधान लागु भएदेखि तुरुन्त अघि कुनै पनि विद्यमान विधिअन्तर्गत सङ्घीय न्यायालयद्वारा कुनै विषयका सम्बन्धमा अधिकार अनि शक्तिहरू प्रयोग गर्न सकिने भएका खण्डमा सर्वोच्च न्यायालयलाई पनि अनुच्छेद १३३ अथवा अनुच्छेद १३४-का प्रावधानहरू लागु नहुने सो विषयका सम्बन्धमा अधिकार अनि शक्तिहरू प्राप्त हुने छन्।

**१३६. पुनरावेदनका लागि सर्वोच्च न्यायालयको विशेष अनुमति**– (१) यस अध्यायमा जुनसुकै कुरा भए तापनि सर्वोच्च न्यायालयले आफ्नो विवेकअनुसार भारतका राज्यक्षेत्रमा भएका कुनै पनि न्यायालय अथवा अधिकरणद्वारा कुनै मुद्दा अनि मामिलामाथि पारित गरिएका अथवा दिइएका कुनै निर्णय, डिक्री, निर्धारण, दण्डादेश अथवा आदेशविरुद्ध पुनरावेदनका लागि विशेष अनुमति दिन सक्ने छ।

(२) खण्ड (१) को कुनै पनि कुरा सशस्त्र बलसित सम्बन्धित कुनै पनि विधिद्वारा वा यस अन्तर्गत गठित कुनै न्यायालय वा अधिकरणद्वारा पारित गरिएका अथवा दिइएका कुनै निर्णय, निर्धारण, दण्डादेश अथवा आदेशमाथि लागु हुने छैन।

**१३७. सर्वोच्च न्यायालयद्वारा निर्णय अथवा आदेशहरूको पुनरवलोकन**– संसद्द्वारा बनाइएको कुनै पनि विधि अथवा अनुच्छेद १४५ अन्तर्गत बनाइएका कुनै पनि नियमहरूको प्रावधानका अधीनमा रही सर्वोच्च न्यायालयलाई आफूद्वारा सुनाइएका निर्णय अथवा दिइएका आदेशको पुनरवलोकन गर्ने शक्ति प्राप्त हुने छ।

---

[1] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २०-द्वारा (१.८.१९७९देखि) अन्तःस्थापित।

(भाग ५– सङ्घ)

**१३८. सर्वोच्च न्यायालयको अधिकारक्षेत्रको विस्तार**– (१) सर्वोच्च न्यायालयलाई सङ्घ सूचीका विषयमध्ये कुनै पनि विषयका सम्बन्धमा संसद्‌ले विधिद्वारा प्रदान गर्ने अतिरिक्त अधिकारक्षेत्र तथा शक्तिहरू प्राप्त हुने छन्।

(२) संसद्‌ले विधिद्वारा सर्वोच्च न्यायालयद्वारा यस्ता अधिकारक्षेत्र अनि शक्तिहरू प्रयोग गरिने प्रावधान गरेका खण्डमा सर्वोच्च न्यायालयलाई भारत सरकार अनि कुनै राज्यले विशेष अनुबन्धद्वारा प्रदान गर्ने कुनै विषयसम्बन्धी यस्ता अतिरिक्त अधिकारक्षेत्र अनि शक्तिहरू प्राप्त हुने छन्।

**१३९. सर्वोच्च न्यायालयलाई कतिपय रिट जारी गर्ने शक्ति प्रदान**– संसद्‌ले विधिद्वारा सर्वोच्च न्यायालयलाई अनुच्छेद ३२-को खण्ड (२)-मा उल्लिखित कतिपय प्रयोजनबाहेकका प्रयोजनका लागि निर्देश, आदेश अथवा बन्दी प्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा अनि उत्प्रेषण प्रकृतिका रिट समाविष्ट भएका रिटहरू अथवा ती मध्ये कुनै पनि जारी गर्ने शक्ति प्रदान गर्न सक्ने छ।

[1][**१३९क. कतिपय मामिलाहरूको स्थानान्तरण**– [2][(१) सर्वोच्च न्यायालय र एक वा एकाधिक उच्च न्यायालय वा दुई वा बढी उच्च न्यायालयमा उही वा मुख्यतः उस्तै विधिक प्रश्नहरू समावेश भएका मामिलाहरू थातीमा रहेका स्थितिमा र स्वविवेकानुसार वा भारतका महान्यायाधिवक्ता वा यस्ता कुनै मामिलाका कुनै पक्षकारद्वारा गरिएका आवेदनमार्फत यस्ता प्रश्न सार्वजनिक महत्त्वका गहकिला प्रश्न हुन् भन्ने कुरामा सर्वोच्च न्यायालय आश्वस्त भएका स्थितिमा सर्वोच्च न्यायालयले उच्च न्यायालय वा उच्च न्यायालयहरूमा थातीमा रहेका मामिला वा मामिलाहरू फिर्ता गराउन र सबै मामिला आफैँले समाधान गर्न सक्ने छः

यद्यपि सर्वोच्च न्यायालयले उक्त विधिक प्रश्न निर्धारण गरेपछि जुन उच्च न्यायालयबाट मामिला झिकाइएको थियो सो उच्च न्यायालयलाई ती प्रश्नमाथि आफ्नो निर्णयको प्रतिलिपिसहित यसप्रकार झिकाइएको मामिला फिर्ता गर्न सक्ने छ र त्यस उच्च न्यायालयले सो निर्णय प्राप्त गरेपछि यस्तो निर्णयअनुरूप सो मामिलाको समाधानका निम्ति कार्यवाही गर्ने छ।]

(२) सर्वोच्च न्यायालयले न्यायको उद्देश्य पूर्तिका लागि कुनै उच्च न्यायालयमा थातीमा रहेका कुनै मामिला, पुनरावेदन अथवा अन्य कार्यवाही अन्य उच्च न्यायालयमा स्थानान्तरण गर्नु उचित हो भन्ने ठानेका खण्डमा यसो गर्न सक्ने छ।]

**१४०. सर्वोच्च न्यायालयका आनुषङ्गिक शक्तिहरू**– संसद्‌ले विधिद्वारा सर्वोच्च न्यायालयलाई यस संविधानका प्रावधानमध्ये कुनैसित पनि असङ्गत नहुने अनि न्यायालयलाई यस संविधानद्वारा अथवा यस अन्तर्गत प्रदान गरिएको अधिकारक्षेत्रलाई अधिक प्रभावशाली रूपले प्रयोग गर्न सक्षम बनाउने प्रयोजनका लागि आवश्यक अथवा वाञ्छनीय प्रतीत हुने अनुपूरक शक्ति प्रदान गर्नका लागि प्रावधान गर्न सक्ने छ।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २४-द्वारा (१.२.१९७७-देखि) अन्तःस्थापित।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २१-द्वारा (१.८.१९७९-देखि) खण्ड (१) का स्थानमा प्रतिस्थापित।

(भाग ५– सङ्घ)

**१४१. सर्वोच्च न्यायालयद्वारा घोषित विधि सबै न्यायालयका लागि बाध्यकारी हुनु**– सर्वोच्च न्यायालयद्वारा घोषित विधि भारतको राज्यक्षेत्रभित्रका सबै न्यायालयहरूका लागि बाध्यकारी हुने छ।

**१४२. सर्वोच्च न्यायालयद्वारा जारी गरिएका डिक्री अनि आदेशहरूको प्रवर्तन एवम् प्रकटीकरण आदि विषयक आदेश**– (१) सर्वोच्च न्यायालयले आफ्नो अधिकारक्षेत्रको प्रयोग गरेर आफूसमक्ष विचाराधीन कुनै मुद्दा अनि मामिलामा हुनु पर्ने पूर्ण न्यायका लागि आवश्यक पर्ने डिक्रीहरू पारित गर्न वा आदेश दिन सक्ने छ र यसप्रकार पारित डिक्री वा आदेश भारतको राज्यक्षेत्रभरि संसद्ले बनाएको विधिद्वारा अथवा यस अन्तर्गत निर्धारण गरिएको रीतिअनुसार लागु हुने छ अनि यसका निम्ति यस प्रकार प्रावधान नगरुन्जेल राष्ट्रपतिले आदेशद्वारा[1] निर्धारण गरेको रीतिअनुसार प्रवर्तनीय हुने छ।

(२) संसद्द्वारा यसका निम्ति बनाइएको कुनै विधिका प्रावधानका अधीनमा रही सर्वोच्च न्यायालयलाई भारतको सम्पूर्ण राज्यक्षेत्रका सम्बन्धमा कुनै पनि व्यक्तिलाई उपस्थित गराउने, कुनै अभिलेखको प्रकटीकरण अथवा यिनलाई प्रस्तुत गराउने वा आफ्नो अवमाननाको अनुसन्धान गर्ने वा दण्ड दिने प्रयोजनका लागि कुनै आदेश दिने सम्पूर्ण अनि प्रत्येक शक्ति प्राप्त हुने छ।

**१४३. सर्वोच्च न्यायालयसित परामर्श गर्ने राष्ट्रपतिको शक्ति**– (१) कुनै बेला राष्ट्रपतिलाई विधि अथवा तथ्यसम्बन्धी कुनै प्रश्न उत्पन्न भएको छ अथवा उत्पन्न हुने सम्भावना छ र उक्त प्रश्नको प्रकृति र सार्वजनिक महत्त्वका कारण सोबारे सर्वोच्च न्यायालयको सुझाउ प्राप्त गर्नु उचित हो भन्ने लागेका खण्डमा उनले विवेचनाका लागि सो प्रश्न उक्त न्यायालयमा निर्देशित गर्न सक्ने छन् अनि न्यायालयले आफूलाई उचित लागे अनुसारको सुनवाइपछि प्रश्नबारे आफ्नो सुझाउ राष्ट्रपतिलाई दिन सक्ने छ।

(२) अनुच्छेद १३१-को उपबन्धमा [2]*** जुनसुकै कुरा भए तापनि [3] [उक्त उपबन्ध]-मा उल्लिखित प्रकारको विवादबारे सुझाउका लागि राष्ट्रपतिले सो विवाद सर्वोच्च न्यायालयमा निर्देशित गर्न सक्ने छन् अनि सर्वोच्च न्यायालयले आफूलाई उचित लागे अनुसारको सुनुवाइपछि विवादबारे आफ्नो सुझाउ राष्ट्रपतिलाई दिन सक्ने छ।

**१४४. दिवानी अनि न्यायिक प्राधिकारीहरूले सर्वोच्च न्यायालयलाई सहयोग गर्न कार्य गर्ने** – भारतको राज्यक्षेत्रका सम्पूर्ण दिवानी अनि न्यायिक प्राधिकारीले सर्वोच्च न्यायालयका सहायतामा कार्य गर्ने छन्।

[4][**१४४क. [विधिको संवैधानिक वैधतासम्बन्धी प्रश्नहरूको निराकरणबारे विशेष प्रावधान।]** संविधान (त्रिचालीसौँ संशोधन) अधिनियम, १९७७-को धारा ५-द्वारा (१३.४.१९७८-देखि) *त्यक्त*।]

**१४५. न्यायालयका नियम इत्यादि**– (१) संसद्द्वारा बनाइएका कुनै पनि विधिका प्रावधानहरूका अधीनमा रही सर्वोच्च न्यायालयले समय समयमा राष्ट्रपतिको अनुमोदनपूर्वक सामान्यतः न्यायालयका पद्धति र प्रक्रियाको विनियमनका लागि नियम बनाउन सक्ने छ जस अन्तर्गत निम्नलिखित नियमहरू समावेश हुँदछन्–

---

[1] सर्वोच्च न्यायालय (डिक्री अनि आदेशहरू) प्रवर्तन आदेश, १९५४ (सं.आ. ४७) हेर्नुहोस्।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "खण्ड (i) का" शब्दहरू, बन्धनीहरू तथा अङ्क त्यक्त।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "उक्त खण्ड" का स्थानमा प्रतिस्थापित।

[4] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २५-द्वारा (१.२.१९७७-देखि) अन्तःस्थापित।

(क) न्यायालयमा विधि व्यवसाय गर्ने व्यक्तिहरूबारे नियम;

(ख) पुनरावेदनहरूको सुनुवाइको प्रक्रिया र न्यायालयमा पुनरावेदनहरू दर्ता भइसक्नु पर्ने समयसीमा पनि समाविष्ट रहेका पुनरावेदनहरूसँग सम्बन्धित अन्य विषयसम्बन्धी नियमहरू;

(ग) भाग ३-द्वारा प्रदान गरिएका अधिकारहरूमध्ये कुनै अधिकारको प्रवर्तनका लागि न्यायालयमा हुने कार्यवाहीहरूबारे नियम;

[1][(गग) [2][अनुच्छेद १३९क] अन्तर्गत न्यायालयमा हुने कार्यवाहीहरूबारे नियम;]

(घ) अनुच्छेद १३४-को खण्ड (१) को उपखण्ड (ग) अन्तर्गत पुनरावेदनहरू ग्रहण गरिनेबारे नियम;

(ङ) जुन सर्तहरूका अधीनमा रही न्यायालयद्वारा गरिएको कुनै पनि निर्णय वा दिइएको कुनै पनि आदेशको पुनरवलोकन गर्न सकिन्छ ती सर्तहरू र त्यस्तो पुनरवलोकनका लागि न्यायालयमा आवेदन गरिसक्नु पर्ने समयसीमा समाविष्ट रहेको त्यस्तो पुनरवलोकनको प्रक्रियासम्बन्धी नियमहरू;

(च) न्यायालयमा हुने कुनै पनि कार्यवाहीको लागत र आनुषङ्गिक खर्चबारे तथा त्यहाँ हुने कार्यवाहीहरूका सम्बन्धमा लाग्ने शुल्क सम्बन्धी नियमहरू;

(छ) जमानत मन्जुर गर्नेबारे नियम;

(ज) कार्यवाहीहरू रोक्नेबारे नियम;

(झ) न्यायालयलाई तुच्छ वा पिराहा अथवा ढिलो गर्ने उद्देश्यले ल्याइएका भनेर प्रतीत हुने कुनै पनि पुनरावेदनको त्वरित निर्धारणका लागि प्रावधान गर्ने नियमहरू;

(ञ) अनुच्छेद ३१७-को खण्ड (१)-मा निर्दिष्ट जाँचको प्रक्रियाबारे नियम।

(२) [3][[4]***खण्ड (३)-का प्रावधानहरूका] अधीनमा रही यस अनुच्छेद अन्तर्गत बनाइएका नियमहरूले कुनै प्रयोजनका लागि बस्ने न्यायाधीशहरूको न्यूनतम सङ्ख्या निर्धारण गर्न सक्ने छन् अनि एकल न्यायाधीश अनि खण्ड न्यायायलहरूको शक्तिका लागि प्रावधान गर्न सक्ने छन्।

(३) यस संविधानको व्याख्याका विषयमा विधिको गहकिलो प्रश्न समाविष्ट रहेको कुनै मुद्दाको निर्णय गर्ने प्रयोजनका लागि अथवा अनुच्छेद १४३ अन्तर्गत निर्देशको सुनवाइको प्रयोजनका लागि बस्ने न्यायाधीशहरूको [5][[4]*** न्यूनतम सङ्ख्या] पाँच हुने छ:

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २६-द्वारा (१.२.१९७७-देखि) अन्तःस्थापित।

[2] संविधान(त्रिचालीसौँ संशोधन) अधिनियम, १९७७-को धारा ६-द्वारा (१३.४.१९७८देखि) "अनुच्छेद १३१क अनि अनुच्छेद १३९ क" का स्थानमा प्रतिस्थापित।

[3] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २६-द्वारा (१.२.१९७७-देखि) "खण्ड (३) का प्रावधानहरू" का स्थानमा प्रतिस्थापित।

[4] संविधान (त्रिचालीसौँ संशोधन) अधिनियम, १९७७-को धारा ६-द्वारा (१३.४.१९७८-देखि) केही शब्दहरू त्यक्त ।

[5] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २६-द्वारा (१.२.१९७७-देखि) "न्यूनतम सङ्ख्या" का स्थानमा प्रतिस्थापित।

यद्यपि यस अध्यायका अनुच्छेद १३२ भन्दा भिन्न कुनै पनि प्रावधानअन्तर्गत पुनरावेदनको सुनवाइ गर्ने न्यायालय पाँचजनाभन्दा कम्ती न्यायाधीश मिलेर गठित भएका स्थितिमा अनि पुनरावेदनको सुनवाइका क्रममा पुनरावेदनमा संविधानको निर्वचनका विषयमा विधिको गहकिलो प्रश्न समाविष्ट भएको छ र पुनरावेदनको समाधानका लागि यसको निर्धारण आवश्यक छ भन्ने कुरामा न्यायालय आश्वस्त भएका स्थितिमा सो न्यायालयले त्यस्तो प्रश्न समाविष्ट भएको कुनै पनि मामिलाको निर्णय गर्ने उद्देश्यले यस खण्डको आवश्यकतानुसार गठित न्यायालयमा प्रश्न निर्देशित गर्ने छ अनि सल्लाह प्राप्त भएपछि त्यस्तो सल्लाहअनुसार पुनरावेदनको निर्णय गर्ने छ।

(४) सर्वोच्च न्यायालयले प्रत्येक निर्णय खुल्ला न्यायालयमा नै सुनाउने छ र अनुच्छेद १४३ अन्तर्गत प्रत्येक प्रतिवेदन खुल्ला न्यायालयमा सुनाइएको सुझाउअनुसार नै दिइने छ, अन्यथा दिइने छैन।

(५) सर्वोच्च न्यायालयद्वारा प्रत्येक निर्णय अनि यस्तो प्रत्येक सुझाउ मुद्दाको सुनवाइमा उपस्थितमध्येका बहुसङ्ख्यक न्यायाधीशहरूको सहमतिबिना दिइने छैन, तर यस खण्डको कुनै कुराले कुनै सहमत नभएका न्यायाधीशलाई उनको असहमतिपूर्ण निर्णय अथवा सुझाउ दिनबाट प्रतिबन्धित गरेको मानिने छैन।

**१४६. सर्वोच्च न्यायालयका अधिकारी अनि कर्मचारीहरू तथा खर्च**– (१) सर्वोच्च न्यायालयका अधिकारी अनि कर्मचारीहरूको नियुक्ति भारतका मुख्य न्यायाधीशले अथवा उनले निर्देश गरेका सो न्यायालयका अन्य न्यायाधीश अथवा अधिकारीले गर्ने छन्;

यद्यपि नियममा विनिर्दिष्ट कतिपय स्थितिहरूमा अघिबाटै न्यायालयसित संलग्न नभएको कुनै व्यक्तिलाई न्यायालयसित सम्बन्धित कुनै पदमा सङ्घ लोकसेवा आयोगसित परामर्श गरेर मात्र नियुक्त गरिने छ अन्यथा गरिने छैन भन्ने कुरा राष्ट्रपतिले अपेक्षा गर्न सक्ने छन्।

(२) संसद्द्वारा बनाइएको कुनै पनि विधिका प्रावधानहरूका अधीनमा रही सर्वोच्च न्यायालयका अधिकारीहरू र कर्मचारीहरूका सेवाका सर्तहरू भारतका मुख्य न्यायाधीशद्वारा बनाइएका नियमहरू वा भारतका प्रधान न्यायाधीशद्वारा यस प्रयोजनका लागि नियमहरू बनाउन प्राधिकृत न्यायालयका कुनै अन्य न्यायाधीश वा अधिकारीद्वारा निर्धारित नियमानुसार हुने छन्:

यद्यपि वेतन, भत्ता, बिदा वा पेन्सनसित सम्बन्धित भएसम्म यस खण्डअन्तर्गत बनाइएका नियमहरूलाई राष्ट्रपतिको अनुमोदनको आवश्यकता पर्ने छ।

(३) सर्वोच्च न्यायालयका अधिकारीहरू अनि कर्मचारीहरूलाई वा उनीहरूका सम्बन्धमा दिइने सम्पूर्ण वेतन, भत्ता अनि पेन्सन समाविष्ट भएको सर्वोच्च न्यायालयको प्रशासनिक खर्च भारतको सर्वसञ्चित कोषमाथि भारित हुने छ अनि सो न्यायालयद्वारा लिइएका शुल्क अनि अन्य धनराशिहरू सो कोषका भाग हुने छन्।

**१४७. व्याख्या**– यस अध्यायमा र भाग ६-को अध्याय ५-मा यस संविधानको व्याख्यासम्बन्धी विधिको कुनै गहकिलो प्रश्नप्रति रहेका निर्देशहरूको अर्थ त्यसअन्तर्गत भारत सरकार अधिनियम, १९३५ (जसअन्तर्गत सो अधिनियमको संशोधक अथवा अनुपूरक कुनै अधिनियमिति समाविष्ट रहेको छ) अथवा कुनै सपरिषद् आदेश अथवा त्यसअन्तर्गत बनाइएको कुनै आदेश अथवा भारतीय स्वतन्त्रता अधिनियम, १९४७-का अथवा त्यसअन्तर्गत बनाइएका कुनै पनि आदेशको व्याख्याका विषयमा विधिको कुनै गहकिलो प्रश्नप्रति निर्देश पनि समाविष्ट रहेको छ भनी लगाइने छ।

## अध्याय ५– भारतका नियन्त्रक-महालेखा परीक्षक

**१४८. भारतका नियन्त्रक-महालेखा परीक्षक**– (१) भारतका एकजना नियन्त्रक महालेखा परीक्षक हुने छन् जसलाई राष्ट्रपतिले आफ्नो हस्ताक्षर अनि सिलमोहरसहित अधिपत्रद्वारा नियुक्त गर्ने छन् अनि उनलाई उनका पदबाट त्यही रीति तथा आधारहरूमा हटाइने छ जुन रीति तथा आधारहरूमा सर्वोच्च न्यायालयका न्यायाधीशलाई हटाइन्छ।

(२) भारतको नियन्त्रक-महालेखा परीक्षकका रूपमा नियुक्त प्रत्येक व्यक्तिले आफ्नो पद ग्रहण गर्ने अघि राष्ट्रपति अथवा उनीद्वारा यस कार्यका निम्ति नियुक्त व्यक्तिसमक्ष तेस्रो अनुसूचीमा यस प्रयोजनका लागि दिइएको प्ररूप अनुसार शपथ लिने छ अथवा अभिपुष्टि गर्ने छ अनि सो प्ररूपमा आफ्नो हस्ताक्षर गर्ने छ।

(३) नियन्त्रक-महालेखा परीक्षकका वेतन अनि सेवाका अन्य सर्तहरू संसद्ले विधिद्वारा निर्धारित गरे अनुसार हुने छन् अनि जबसम्म यसप्रकारले निर्धारण गरिँदैन तबसम्म दोस्रो अनुसूचीमा विनिर्देश गरिए अनुसार हुने छन्:

तर नियन्त्रक-महालेखा परीक्षकको नियुक्तिपछि उनको वेतन अथवा अनुपस्थिति बिदा, पेन्सन वा सेवानिवृत्तिको उमेरसम्बन्धी उनका अधिकारमा उनलाई घाटा हुने गरी परिवर्तन गरिने छैन।

(४) नियन्त्रक-महालेख परीक्षक आफ्नो पदमा नरहँदा भारत सरकार अथवा कुनै राज्यका सरकार अन्तर्गत अरू कुनै पदका पात्र हुने छैनन्।

(५) यस संविधानका अनि संसद्द्वारा बनाइएको कुनै विधिका प्रावधानहरूका अधीनमा रही भारतीय लेखापरीक्षण अनि लेखा विभागमा सेवा गर्ने व्यक्तिहरूको सेवाका सर्तहरू अनि नियन्त्रक -महालेखा परीक्षकका प्रशासनिक शक्तिहरू नियन्त्रक-महालेखा परीक्षकसित परामर्श गरेपछि राष्ट्रपतिद्वारा बनाइएका नियमहरूद्वारा निर्धारण गरिए अनुसार हुने छन्।

(६) नियन्त्रक-महालेखा परीक्षकका कार्यालयमा सेवा गर्ने व्यक्तिहरूलाई अथवा उनीहरूका सम्बन्धमा भुक्तानी गरिने वेतन, भत्ता अनि पेन्सन सहित त्यस कार्यालयको प्रशासनिक खर्च भारतको सर्वसञ्चित कोषमाथि भारित हुने छ।

**१४९. नियन्त्रक-महालेखा परीक्षकका कर्त्तव्य र शक्तिहरू** – नियन्त्रक-महालेखा परीक्षकले सङ्घका अनि राज्यहरूका तथा कुनै अन्य प्राधिकारी अथवा निकायका लेखाहरूका सम्बन्धमा संसद्वारा बनाइएका विधिद्वारा अथवा यस अन्तर्गत निर्धारित कर्त्तव्यहरूको पालन एवम् शक्तिहरूको प्रयोग गर्ने छ अनि जबसम्म यसका निम्ति यसप्रकारको प्रावधान गरिँदैन तबसम्म नियन्त्रक महालेखा परीक्षकले सङ्घ तथा राज्यका लेखाहरूका सम्बन्धमा यो संविधान लागु हुने तुरुन्त अघि क्रमशः भारत अधिराज्य अनि प्रान्तहरूका लेखाहरूका सम्बन्धमा भारतका महालेखा परीक्षकलाई प्रदान गरिएका कर्त्तव्यहरूको पालन अथवा उनीद्वारा प्रयोक्तव्य शक्तिहरूको प्रयोग गर्ने छ ।

[1][**१५०. सङ्घ अनि राज्यहरूका लेखाहरूको प्ररूप**– सङ्घ तथा राज्यका लेखाहरू राष्ट्रपतिले भारतका नियन्त्रक महालेखा परीक्षक [2][को परामर्श अनुसार] निर्धारण गरेका प्ररूपमा राखिने छ ।]

**१५१. लेखापरीक्षण प्रतिवेदन**– (१) भारतका नियन्त्रक महालेखा परीक्षकका सङ्घका लेखासम्बन्धी प्रतिवेदनहरू राष्ट्रपति समक्ष प्रस्तुत गरिने छ अनि राष्ट्रपतिले ती प्रतिवेदनहरू संसद्का प्रत्येक सदनसमक्ष प्रस्तुत गर्न लाउने छन् ।

(२) भारतका नियन्त्रक महालेखा परीक्षकका कुनै राज्यका लेखासम्बन्धी प्रतिवेदनहरूलाई सो राज्यका राज्यपाल [3]*** समक्ष प्रस्तुत गरिने छ र राज्यपालले ती प्रतिवेदनहरू राज्यको विधायिकासमक्ष प्रस्तुत गर्न लाउने छन् ।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २७-द्वारा (१.४.१९७७-देखि) “अनुच्छेद १५०” का स्थानमा प्रतिस्थापित ।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २२-द्वारा (२०.६.१९७९-देखि) “परामर्शपछि” का स्थानमा प्रतिस्थापित ।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) “अथवा राजप्रमुख” शब्दहरू त्यक्त ।

# भाग ६

# राज्यहरू [1]***

## अध्याय १– सामान्य

**१५२. परिभाषा**– सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म यस भागमा “राज्य” पद [2][ अन्तर्गत जम्मू अनि कश्मीर राज्य समाविष्ट हुँदैन ।]

## अध्याय २– कार्यपालिका

*राज्यपाल*

**१५३. राज्यका राज्यपालहरू**– प्रत्येक राज्यका निम्ति एकजना राज्यपाल रहने छन्:

[3][यद्यपि यस अनुच्छेदको कुनै पनि कुराले एउटै व्यक्तिलाई दुईवटा अथवा अधिक राज्यका निम्ति राज्यपाल नियुक्त गर्नबाट रोक्ने छैन ।]

**१५४. राज्यको कार्यपालिका शक्ति**– (१) राज्यको कार्यपालिका शक्ति राज्यपालमा निहित हुने छ अनि उनले स्वयम् वा आफ्ना अधीनस्थ अधिकारीहरूद्वारा यस संविधानअनुसार यस शक्तिको प्रयोग गर्ने छन् ।

(२) यस अनुच्छेदको कुनै पनि–

(क) कुरालाई कुनै विद्यमान विधिद्वारा कुनै अन्य प्राधिकारीलाई प्रदान गरिएका कृत्यहरू राज्यपाललाई अन्तरित गर्ने ठानिने छैन; अथवा

(ख) कुराले राज्यपाल अधीनस्थ कुनै पनि प्राधिकारीलाई विधिद्वारा कृत्य प्रदान गर्नबाट संसद् वा राज्यको विधायिकालाई बाधित गर्ने छैन ।

**१५५. राज्यपालको नियुक्ति**– राज्यका राज्यपाललाई राष्ट्रपतिले आफ्नो हस्ताक्षर अनि सिलमोहरसहित अधिपत्रद्वारा नियुक्त गर्ने छन् ।

**१५६. राज्यपालको पदावधि**– (१) राज्यपालले राष्ट्रपतिको चाहना रहेसम्म पद धारण गर्ने छन् ।

(२) आफ्नो हस्ताक्षरसहित राष्ट्रपतिलाई सम्बोधन गरिएको लेखद्वारा राज्यपालले पदत्याग गर्न सक्ने छन् ।

(३) राज्यपालले यस अनुच्छेदका पूर्वोल्लिखित प्रावधानहरूका अधीनमा रही आफ्नो पद ग्रहणको मितिदेखि पाँच वर्षको अवधिसम्म पद धारण गर्ने छन्;

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) “पहिलो अनुसूचीको भाग क मा” शब्दहरू त्यक्त ।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) “पहिलो अनुसूचीको भाग क मा विनिर्दिष्ट राज्य बुझाउँछ” का स्थानमा प्रतिस्थापित ।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा ६-द्वारा (१.११.१९५६-देखि) जोडियो ।

यद्यपि, आफ्नो पदको अवधि समाप्त भए तापनि राज्यपालले आफ्नो उत्तराधिकारीले पद धारण नगरुन्जेल आफ्नो पद धारण गरिरहन सक्ने छन्।।

**१५७. राज्यपाल नियुक्त हुन चाहिने योग्यताहरू**–भारतको नागरिक नभएसम्म र पैंतीस वर्ष उमेर नपुगेसम्म कुनै पनि व्यक्ति राज्यपाल नियुक्त हुन योग्य हुने छैन।

**१५८. राज्यपाल पदका सर्तहरू**– (१) राज्यपाल संसद्को कुनै सदनका वा पहिलो अनुसूचीमा विनिर्दिष्ट कुनै पनि राज्यको विधानसभाका सदस्य हुने छैनन् अनि संसद्को कुनै सदनका वा यस्ता कुनै राज्यका विधानसभाको कुनै सदनका सदस्यलाई राज्यपाल नियुक्त गरिएका खण्डमा उनले राज्यपालका रूपमा आफ्नो पद ग्रहण गरेको मितिदेखि सो सदनको आफ्नो पद खाली गरेको ठानिने छ।

(२) राज्यपालले अन्य कुनै लाभदायी पद ग्रहण गर्ने छैनन्।

(३) राज्यपाल आफ्नो आधिकारिक निवासको निःशुल्क उपयोग गर्ने हकदार हुने छन् अनि संसद्ले विधिद्वारा निर्धारण गरेका वेतन, भत्ता र विशेषाधिकारहरूका पनि हकदार हुने छन् अनि जबसम्म यसका निम्ति प्रावधान गरिएको हुँदैन तबसम्म दोस्रो अनुसूचीमा विनिर्दिष्ट वेतन, भत्ता र विशेषाधिकारहरूका हकदार हुने छन्।

[1][(३क) एउटै व्यक्तिलाई दुईवटा अथवा अधिक राज्यका राज्यपालका रूपमा नियुक्त गरिएका स्थितिमा राज्यपाललाई भुक्तानी गरिने वेतन र भत्ताहरू राष्ट्रपतिको आदेशद्वारा निर्धारण गरेअनुसारको अनुपातमा ती राज्यहरूमाझ आवण्टन गरिने छ।]

(४) राज्यपालका वेतन र भत्ताहरू उनका कार्यकालका अवधिमा घटाइने छैनन्।

**१५९. राज्यपालद्वारा शपथ अथवा अभिपुष्टि**– राज्यपालका कार्यहरूको निर्वहन गरिरहेका प्रत्येक राज्यपाल तथा प्रत्येक व्यक्तिले आफ्नो पद ग्रहण गर्नअघि राज्यका सम्बन्धमा अधिकारक्षेत्र प्रयोग गर्ने उच्च न्यायालयका मुख्य न्यायाधीश अथवा उनका अनुपस्थितिमा सो न्यायालयमा उपलब्ध वरिष्ठतम न्यायाधीशसमक्ष निम्नलिखित प्ररूपमा शपथ लिने छन् अथवा अभिपुष्टि गर्ने छन् अनि सो प्ररूपमा आफ्नो हस्ताक्षर गर्ने छन्,–

"म, क.ख., $\frac{\text{ईश्वरका नाममा शपथ लिँदछु}}{\text{सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु}}$ ...............(*राज्यको नाम*)–का राज्यपाल पदको निर्वहन (अथवा राज्यपालका कृत्यहरूको पालन) गर्ने छु साथै आफ्नो पूर्ण क्षमतासहित संविधान तथा विधिको संरक्षण, सुरक्षा र प्रतिरक्षण गर्ने छु अनि म............ (*राज्यको नाम*)-का जनताको सेवा तथा कल्याणका लागि आफूलाई समर्पण गर्ने छु।"

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा ७-द्वारा (१.११.१९५६-देखि) अन्तः स्थापित।

**१६०. कतिपय आकस्मिकताहरूमा राज्यपालका कृत्यहरूको निर्वहन**– राष्ट्रपतिले यस अध्यायमा प्रावधान नगरिएका कुनै पनि आकस्मिकतामा राज्यका राज्यपालका कृत्यहरूको निर्वहनका निम्ति उनले उचित ठानेको प्रावधान गर्न सक्ने छन्।

**१६१. क्षमा आदि गर्ने अनि कतिपय मुद्दाहरूमा दण्डादेश निलम्बन, परिहार अथवा कम गर्ने राज्यपालको शक्ति**– राज्यको कार्यपालिका शक्तिको विस्तार हुने विषयसँग सम्बन्धित कुनै विधिविरुद्ध गरिएको कुनै अपराधमा दोषी प्रमाणित भएको कुनै व्यक्तिको दण्डलाई क्षमा गर्ने, स्थगित गर्ने, राहत दिने अथवा परिहार गर्ने अथवा दण्डादेश निलम्बन, परिहार अथवा कम गर्ने अधिकार राज्यपाललाई हुने छ।

**१६२. राज्यका कार्यपालिका शक्तिको विस्तार**– यस संविधानका प्रावधानहरूका अधीनमा रही कुनै राज्यको कार्यपालिका शक्तिको विस्तार राज्यको विधायिकालाई विधि बनाउने अधिकार रहेका विषयहरूमा हुने छ:

यद्यपि जुन विषयका सम्बन्धमा राज्यको विधायिका अनि संसद्‌लाई विधि बनाउने शक्ति प्राप्त छ त्यस विषयमा राज्यको कार्यपालिका शक्ति यस संविधानद्वारा अथवा संसद्‌ले बनाएको कुनै विधिद्वारा सङ्घ अथवा यसका अधिकारीहरूलाई अभिव्यक्त रूपले प्रदान गरिएको कार्यकारी शक्तिको अधीनमा रहने छ तथा सोही शक्तिद्वारा परिसीमित हुने छ।

*मन्त्रीपरिषद्*

**१६३. राज्यपाललाई सहयोग गर्न र परामर्श दिनका निम्ति मन्त्रीपरिषद्**– (१) संविधानद्वारा अथवा यस अन्तर्गत आफ्ना कृत्यहरू अथवा कृत्यहरूमध्ये कुनै पनि कृत्य आफ्ना विवेकअनुसार गर्नु पर्ने आवश्यकता नभएसम्म राज्यपाललाई आफ्ना कृत्यहरूको निर्वहनमा सहायोग गर्न तथा परामर्श दिनका निम्ति एउटा मन्त्रीपरिषद् हुने छ जसका प्रधान मुख्यमन्त्री हुने छन्।

(२) कुनै विषय यस संविधान अनुसार अथवा यस अन्तर्गत राज्यपालले आफ्नो विवेकअनुसार काम गर्नु पर्ने विषय हो अथवा होइन भन्ने प्रश्न उठेका खण्डमा राज्यपालले आफ्नो विवेकद्वारा गरेको निर्णय अन्तिम हुने छ र राज्यपालले आफ्नो विवेकअनुसार कार्य गर्नु पर्ने थियो अथवा थिएन भन्ने आधारमा राज्यपालले गरेको कुनै पनि कार्यको वैधतामाथि प्रश्न उठाइने छैन।

(३) मन्त्रीहरूले राज्यपाललाई कुनै परामर्श दिए वा दिएनन् र दिए भने के कस्ता सल्लाह दिए भन्ने प्रश्नको जाँच कुनै पनि न्यायालयमा गरिने छैन।

**१६४. मन्त्रीहरूबारे अन्य प्रावधान**– (१) मुख्यमन्त्रीको नियुक्ति राज्यपालले गर्ने छन् अनि अन्य मन्त्रीहरूको नियुक्ति राज्यपालले मुख्यमन्त्रीको परामर्श अनुसार गर्ने छन् तथा मन्त्रीहरूले राज्यपालको चाहना रहेसम्म पद धारणा गर्ने छन्:

यद्यपि [1][छत्तीसगढ, झारखण्ड], मध्यप्रदेश र [2][उडिसा] राज्यमा जनजाति कल्याणको दायित्वमा एकजना मन्त्री रहने छन् जसले जनजाति कल्याणका अतिरिक्त अनुसूचित जातिहरू तथा पछौटे वर्गका कल्याणको एवम् अन्य कुनै कार्यको पनि दायित्व लिन सक्ने छन्।

[3][(१क) कुनै राज्यका मन्त्रीपरिषद्मा मुख्यमन्त्रीसहित मन्त्रीहरूको मोठ सङ्ख्या सो राज्यको विधानसभाका सदस्यहरूको कुल सङ्ख्याको पन्ध्र प्रतिशतभन्दा अधिक हुने छैनः

यद्यपि कुनै राज्यमा मुख्यमन्त्रीसहित मन्त्रीहरूको सङ्ख्या बाह्रभन्दा कम हुने छैन:

यद्यपि संविधान (एकानब्बेऔँ संशोधन) अधिनियम, २००३ लागु हुँदा कुनै पनि राज्यको मन्त्रीपरिषद्मा मुख्यमन्त्रीसहित मन्त्रीहरूको मोठ सङ्ख्या यथासन्दर्भ उक्त पन्ध्र प्रतिशत वा पहिलो उपबन्धमा विनिर्दिष्ट सङ्ख्याभन्दा अधिक भएका स्थितिमा राष्ट्रपतिले लोक अधिसूचनाद्वारा निश्चय गरेको मिति[4] बाट ६ महिनाभित्र सो राज्यका मन्त्रीहरूको कुल सङ्ख्या यस खण्डका प्रावधानहरू अनुरूप अनुकूलित गर्न सक्ने छन्।

(१ख) कुनै पनि राजनीतिक दलसँग सम्बन्धित कुनै राज्यको विधानसभा वा विधानपरिषद् भएको राज्यको विधायिकाको कुनै पनि सदनको सदस्य जो दसौँ अनुसूचीको परिच्छेद २ अन्तर्गत सो सदनको सदस्य हुनका लागि अयोग्य भएको छ, यथासन्दर्भ अयोग्य भएको मितिबाट प्रारम्भ भएको समयदेखि त्यस्तो सदस्यका रूपमा उसको पदावधि समाप्त हुने मिति अथवा त्यस्तो अवधि समाप्त हुनअघि उसले कुनै राज्यको विधानसभा वा विधानपरिषद् भएको राज्यको विधायिकाको कुनै पनि सदनको कुनै पनि चुनाउ लडेका स्थितिमा ऊ निर्वाचित भएको घोषणा हुने मितिमध्ये जुन मिति पहिले आउँदछ त्यस अवधिका निम्ति खण्ड (१) अन्तर्गत मन्त्रीका रूपमा नियुक्त हुनका लागि पनि अयोग्य हुने छ।]

(२) मन्त्रीपरिषद् राज्यको विधानसभाप्रति सामूहिक रूपले उत्तरदायी हुने छ।

(३) कुनै पनि मन्त्रीले आफ्नो पद भार ग्रहण गर्नअघि राज्यपालले तेस्रो अनुसूचीमा यस प्रयोजनका निम्ति दिइएका प्ररूपअनुसार उनलाई पद तथा गोपयीनताको शपथ ग्रहण गराउने छन्।

---

[1] संविधान (चौरानब्बेऔँ संशोधन) अधिनियम, २००६-को धारा २-द्वारा (१२.६. २००६-देखि) "बिहार" का स्थानमा प्रतिस्थापित।

[2] "उडिसा" (नाम परिवर्तन) अधिनियम, २०११ (२०११-को १५) को धारा ४-द्वारा (१.११.२०११-देखि) "उडिसा" का स्थानमा प्रतिस्थापित।

[3] संविधान (एकानब्बेऔँ संशोधन) अधिनियम, २००३-को धारा ३-द्वारा (१.१.२००४-देखि) अन्तः स्थापित।

[4] अधिसूचना सङ्ख्या सं.आ.२१ (ङ), मिति ७. १. २००४ हेर्नुहोस्।

(४) कुनै पनि मन्त्री निरन्तर ६ महिनाको अवधिसम्म राज्यका विधायिकाको सदस्य नबनेका खण्डमा त्यस अवधिको समाप्तिपछि उनी मन्त्री रहने छैनन्।

(५) मन्त्रीहरूको वेतन अनि भत्ता राज्यको विधायिकाले विधिद्वारा समय समयमा निर्धारण गरेअनुसार हुने छ अनि राज्यको विधायिकाले यस प्रकारले निर्धारण नगरेसम्म दोस्रो अनुसूचीमा विनिर्दिष्ट गरिएअनुसार हुने छ।

*राज्यका महाअधिवक्ता*

**१६५. राज्यका महाअधिवक्ता**– (१) प्रत्येक राज्यका राज्यपालले उच्च न्यायालयका न्यायाधीश नियुक्त हुनाका निम्ति योग्य कुनै व्यक्तिलाई राज्यका महाअधिवक्ता नियुक्त गर्ने छन्।

(२) राज्यपालले समय समयमा निर्देशित गरेका अथवा सुम्पिएका विधिक विषयहरूबारे राज्य सरकारलाई परामर्श दिनु अनि विधिक स्वरूप भएका अन्य कर्त्तव्य पालन गर्नु तथा उनलाई यस संविधानद्वारा अथवा यस अन्तर्गत अथवा त्यस समय विद्यमान कुनै अन्य विधिद्वारा प्रदान गरिएका कार्यहरूको निर्वहन गर्नु महाअधिवक्ताको कर्त्तव्य हुने छ।

(३) महाअधिवक्ताले राज्यपालको चाहना रहेसम्म पद धारण गर्ने छन् अनि राज्यपालद्वारा निर्धारित पारिश्रमिक पाउने छन्।

*सरकारी कार्य सञ्चालन*

**१६६. राज्य सरकारको कार्य सञ्चालन**– (१) राज्य सरकारको सम्पूर्ण कार्यपालिका कार्यवाही राज्यपालका नाममा गरिने कुरा प्रकट गरिने छ।

(२) राज्यपालका नामबाट निकालिएका र कार्यान्वयन गरिएका आदेशहरू तथा अन्य लिखतहरूलाई राज्यपालद्वारा बनाइने नियमहरूमा विनिर्दिष्ट गरिएअनुसार अधिप्रमाणित गरिने छ अनि यसरी अधिप्रमाणित आदेश अथवा लिखत राज्यपालद्वारा निकालिएको अथवा कार्यान्वयन गरिएको आदेश वा लिखत होइन भन्ने आधारमा यसको वैधतामाथि प्रश्न उठाइने छैन।

(३) राज्यपालले राज्य सरकारको कार्य अधिक सुविधापूर्वक सञ्चालन गर्नका निम्ति अनि यस संविधानद्वारा अथवा यस अन्तर्गत राज्यपालले कुनै कार्य आफ्नो विवेकअनुसार गर्नु पर्ने आवश्यकता नभएसम्म मन्त्रीहरूमाझ उक्त कार्यको आवण्टनका निम्ति नियम बनाउने छन्।

[1](४)* * * * *

**१६७. राज्यपाललाई जानकारी दिने आदिका सम्बन्धमा मुख्यमन्त्रीको कर्त्तव्य**– (क) राज्यको कार्य प्रशासनसम्बन्धी अनि विधान विषयक प्रस्थापनासम्बन्धी मन्त्री परिषद्का निर्णयहरूको जानकारी राज्यपाललाई दिनु;

(ख) राज्यको कार्य प्रशासनसम्बन्धी अनि विधान विषयक प्रस्थापनाहरू सम्बन्धी जे जानकारी राज्यपालले माग्दछन् सो जानकारी दिनु; अनि

(ग) कुनै विषयमाथि मन्त्रीले निर्णय गरे तापनि मन्त्रीपरिषद्ले त्यसमाथि विचार गरेको छैन भने राज्यपालले आवश्यक ठानेका खण्डमा परिषद्समक्ष सो विषय विवेचनाका निम्ति राख्नु

–प्रत्येक राज्यका मुख्यमन्त्रीको कर्त्तव्य हुने छ।

## अध्याय ३– राज्यको विधायिका

*सामान्य*

**१६८. राज्यका विधायिकाको गठन**– (१) प्रत्येक राज्यका निम्ति एउटा विधायिका हुने छ जुन राज्यपाल अनि–

(क) [2]*** [3][आन्ध्र प्रदेश], बिहार, [4]***[5] [मध्य प्रदेश], [6]***[7] [महाराष्ट्र], [8][कर्नाटक],[9]***

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २८-द्वारा (३.१.१९७७-देखि) अन्तःस्थापित अनि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २३-द्वारा (२०.६.१९७९-देखि) त्यक्त।

[2] आन्ध्रप्रदेश विधानपरिषद् (उन्मूलन) अधिनियम, १९८५ (१९८५-को ३४) को धारा ४-द्वारा (१.६.१९८५-देखि)आन्ध्र प्रदेश शब्द हटाइयो।

[3]आन्ध्रप्रदेश विधानपरिषद् अधिनियम, २००५ (२००६-को १) को धारा ३-द्वारा ३०.३.२००७-देखि अन्तः स्थापित।

[4] बम्बई पुनर्गठन अधिनियम, १९६० (१९६०-को ११) को धारा २०-द्वारा (१.५.१९६०-देखि) “बम्बई” शब्द हटाइयो।

[5] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा ८-द्वारा (१.११.१९५६-देखि) अन्तः स्थापित।

[6] तमिलनाडू विधानपरिषद् (उन्मूलन) अधिनियम, १९८६ (१९८६-को ४०) को धारा ४-द्वारा (१.११.१९८६-देखि) “तमिलनाडू” शब्द हटाइयो।

[7] बम्बई पुनर्गठन अधिनियम, १९६० (१९६०-को ११) को धारा २०-द्वारा अन्तः स्थापित ।

[8] संविधान (सातौं संशोधन) १९५६ अधिनियम, धारा ८ (१) द्वारा (१.११.१९५६-देखि) अन्तः स्थापित “मैसुर” का स्थानमा मैसुर राज्य (नाम परिवर्तन) अधिनियम, १९७३ (१९७३-को ३१) को धारा ४-द्वारा१.११.१९७३-देखि प्रतिस्थापित।

[9] पन्जाब विधानपरिषद् (उन्मूलन) अधिनियम, १९६९ (१९६९-को ४६) को धारा ४-द्वारा (७.१.१९७०-देखि) “पन्जाब” शब्द हटाइयो।

[1][[2] [तमिलनाडु, तेलङ्गाना]] [3][अनि उत्तर प्रदेश], राज्यहरूमा दुईवटा सदन;

(ख) अन्य राज्यहरूमा एउटा सदन

–मिलेर गठित हुने छ।

(२) कुनै राज्यको विधायिकाका दुईवटा सदन भएका स्थितिमा एउटा सदनको नाम विधानपरिषद् अनि अर्काको नाम विधानसभा हुने छ अनि जहाँ एउटा मात्रै सदन छ त्यहाँ त्यसको नाम विधानसभा हुने छ।

**१६९. राज्यहरूमा विधानपरिषद्हरूको उन्मूलन अथवा सृजन**– (१) अनुच्छेद १६८-मा जुनसुकै कुरा भए तापनि, विधानपरिषद् भएका राज्यमा विधानपरिषद्को उन्मूलनका निम्ति अथवा विधानपरिषद् नभएका राज्यमा विधानपरिषद्को सृजनका निम्ति राज्यको विधानसभाले यस आशयको निर्णय विधानसभाका मोठ सदस्य सङ्ख्याको बहुमत तथा उपस्थित अनि मतदान गर्ने सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाइ बहुमतद्वारा पारित गरेका खण्डमा संसद्ले विधिद्वारा प्रावधान गर्न सक्ने छ।

(२) खण्ड (१)-मा निर्दिष्ट कुनै विधिमा सो विधिका प्रावधानहरूलाई प्रभावकारी बनाउनका निम्ति यो संविधान संशोधन गर्न आवश्यक पर्ने प्रावधानहरू समाविष्ट हुने छन् तथा संसद्ले आवश्यक ठानेका अनुपूरक, आनुषङ्गिक तथा परिणामी प्रावधानहरू पनि समाविष्ट हुन सक्ने छन्।

(३) उपर्युक्त कुनै पनि विधिलाई अनुच्छेद ३६८-का प्रयोजनहरूका निम्ति यस संविधानको संशोधन मानिने छैन।

[4][**१७०. विधानसभाहरूको संरचना**– (१) अनुच्छेद ३३३-का प्रावधानहरूका अधीनमा रही प्रत्येक राज्यका विधानसभामा अधिकतम पाँचसय र न्यूनतम साठी सदस्यहरू रहने छन् जसलाई राज्यका प्रादेशिक निर्वाचन क्षेत्रहरूबाट प्रत्यक्ष निर्वाचनद्वारा चयन गरिने छ।

(२) खण्ड (१)-का प्रयोजनहरूका निम्ति, प्रत्येक निर्वाचन क्षेत्रको जनसङ्ख्या र सो निर्वाचन क्षेत्रलाई आवण्टन गरिएका आसन सङ्ख्याबिचको अनुपात सम्पूर्ण राज्यमा जतिसक्दो एउटै हुने गरी प्रत्येक राज्यलाई प्रादेशिक निर्वाचन क्षेत्रहरूमा विभाजन गरिने छ।

---

[1] तमिलनाडू विधानपरिषद् अधिनियम, २०१० (२०१०-को १६) को धारा ३-द्वारा (मिति तोकिन बाँकी छ)। "तमिलनाडु" शब्द अन्तःस्थापित।

[2] आन्ध्रप्रदेश पुनर्गठन अधिनियम, २०१४ (२०१४-को ६) को धारा ९६-द्वारा (१.६.२०१४-देखि) "तमिलनाडु" का स्थानमा प्रतिस्थापित।

[3] पश्चिम बङ्गाल विधानपरिषद् (उन्मूलन) अधिनियम, १९६९ (१९६९-को २०) को धारा ४-द्वारा (१.८.१९६९-देखि) "उत्तर प्रदेश र पश्चिम बङ्गाल" का स्थानमा प्रतिस्थापित।

[4] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा ९-द्वारा १.११.१९५६देखि "अनुच्छेद १७०" का स्थानमा प्रतिस्थापित।

[1][*स्पष्टीकरण*– यस खण्डमा "जनसङ्ख्या" पदले अन्तिम पूर्ववर्ती जन गणनामा निश्चित गरिएको जनसङ्ख्या बुझाउँछ जसको सान्दर्भिक तथ्याङ्क प्रकाशित भइसकेको छ:

यद्यपि यस *स्पष्टीकरण*मा रहेको सान्दर्भिक तथ्याङ्क प्रकाशित भइसकेको अन्तिम पूर्ववर्ती जनगणनासम्बन्धी निर्देशलाई [2][२०२६] पछि गरिएको पहिलो जनगणनाको सान्दर्भिक तथ्याङ्क प्रकाशित नभएसम्म [3][२००१] को जनगणनासम्बन्धी निर्देश हो भनी अर्थ लगाइने छ।]

(३) प्रत्येक जनगणना सम्पूर्ण भएपछि प्रत्येक राज्यको विधानसभाका आसनहरूको मोठ सङ्ख्या अनि प्रत्येक राज्यलाई प्रादेशिक निर्वाचन क्षेत्रहरूमा गरिएको विभाजनको पुनःसमायोजन संसद्ले विधिद्वारा निर्धारण गरेका प्राधिकारीद्वारा अनि रीतिले गरिने छ:

यद्यपि तत्काल विद्यमान विधानसभाको विघटन नभएसम्म यस्तो पुनःसमायोजनबाट विधानसभामा हुने प्रतिनिधित्वमा कुनै प्रभाव पर्ने छैन;

[4][यद्यपि यस्तो पुनःसमायोजन राष्ट्रपतिले आदेशद्वारा विनिर्दिष्ट गरेको मितिबाट प्रभावकारी हुने छ अनि यस्तो पुनःसमायोजन प्रभावकारी नभएसम्म विधानसभाको कुनै पनि निर्वाचन यस्तो पुनः समायोजनभन्दा अघि विद्यमान प्रादेशिक निर्वाचन क्षेत्रहरूका आधारमा आयोजन गर्न सकिने छ:

यद्यपि जबसम्म [2][२०२६] पछि गरिने पहिलो जनगणनाको उपयुक्त तथ्याङ्क प्रकाशित हुँदैन तबसम्म यस खण्ड अन्तर्गत–

(i) सन् १९७१-को जनगननाका आधारमा समायोजन गरिएअनुसार प्रत्येक राज्यका विधानसभाका आसनहरूको सङ्ख्या; अनि

(ii) [3][२००१] को जनगणनाका आधारमा पुनः समायोजन गरिने प्रादेशिक निर्वाचन क्षेत्रमा त्यस्तो राज्यको विभाजनलाई– पुनः समायोजन[५] गर्ने आवश्यकता छैन।]

---

[1] संविधान (बियालीसौँ संशोधन) अधिनियम, १९७६को धारा २९-द्वारा (३.१.१९७७-देखि) स्पष्टीकरणका स्थानमा प्रतिस्थापित।

[2] संविधान (चौरासीऔँ संशोधन) अधिनियम २००१को धारा ५-द्वारा २१.२.२००२-देखि "२०००" का स्थानमा प्रतिस्थापित ।

[3] संविधान (सतासीऔँ संशोधन) अधिनियम, २००३-को धारा ४-द्वारा २२.६.२००३-देखि १९९१ का स्थानमा प्रतिस्थापित। संविधान (चौरासीऔँ संशोधन) अधिनियम २००१-को धारा ५-द्वारा २१.२.२००२-देखि मूल अङ्क १९७१-का स्थानमा "१९९१" प्रतिस्थापन गरिएको थियो।

[4] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २९-द्वारा (३.१.१९७७-देखि) अन्तः स्थापित।

[५] संविधान (चौरासीऔँ संशोधन) अधिनियम २००१-को धारा ५-द्वारा २१.२.२००२-देखि केही शब्दहरूका स्थानमा प्रतिस्थापित।

**१७१. विधानपरिषद्हरूको संरचना**– (१) विधानपरिषद् भएको राज्यमा विधान परिषद्का सदस्यहरूको मोठ सङ्ख्या सो राज्यको विधानसभाका सदस्यहरूको मोठ सङ्ख्याको [1][एकतिहाइ] भन्दा अधिक हुने छैन:

यद्यपि कुनै राज्यको विधान परिषद्का सदस्यहरूको मोठ सङ्ख्या कुनै पनि स्थितिमा चालीसभन्दा कम्ती हुने छैन।

(२) संसद्ले विधिद्वारा अन्यथा प्रावधान नगरेसम्म कुनै पनि राज्यका विधान परिषद्को संरचना खण्ड (३)-मा उल्लिखित प्रावधान अनुसार हुने छ।

(३) कुनै राज्यको विधान परिषद्का सदस्यहरूको मोठ सङ्ख्याको–

(क) यथाशक्य निकटतम एकतिहाइ भाग संसद्ले विधिद्वारा विनिर्दिष्ट गरेका सो राज्यका नगरपालिका, जिल्ला बोर्ड अनि अन्य यस्ता स्थानीय प्राधिकारीका सदस्यहरू मिलेर गठित हुने निर्वाचक मण्डलद्वारा निर्वाचित हुने छ;

(ख) यथाशक्य निकटतम बार्हौं भाग भारत राज्यक्षेत्रको कुनै विश्वविद्यालयका कम्तीमा तीन वर्षे स्नातक अथवा संसद्द्वारा बनाइएको कुनै विधिद्वारा अथवा सो विधि अन्तर्गत यस्ता कुनै विश्वविद्यालयको स्नातकीय योग्यताको समतुल्य योग्यताका रूपमा निर्धारित योग्यता राखेका राज्यमा बसोबास गर्ने व्यक्तिहरू मिलेर गठित निर्वाचक मण्डलद्वारा निर्वाचित हुने छ;

(ग) यथाशक्य निकटतम बार्हौं भाग संसद्द्वारा बनाइएको कुनै विधिद्वारा अथवा सो विधिअन्तर्गत निर्धारण गरिएका राज्यभित्रका माध्यमिक पाठशालाहरूभन्दा निम्न स्तरका नभएका शिक्षा संस्थानमा पढाउने काममा कम्तीमा तीन वर्षदेखि संलग्न रहेका व्यक्तिहरू मिलेर गठित निर्वाचक मण्डलद्वारा निर्वाचित हुने छ;

(घ) जतिसक्दो निकटतम एकतिहाइ भाग राज्यका विधानसभाका सदस्यहरूद्वारा विधानसभाका सदस्य नरहेका व्यक्तिहरूमध्येबाट निर्वाचित हुने छ;

(ङ) रहल सदस्यहरू खण्ड (५)-का प्रावधानहरू अनुसार राज्यपालद्वारा मनोनीत हुने छन्।

(४) खण्ड (३)-का उपखण्ड (क) उपखण्ड (ख) अनि उपखण्ड (ग) अन्तर्गत निर्वाचित हुने सदस्य संसद्द्वारा बनाइएका विधिद्वारा अथवा यस अन्तर्गत निर्धारित प्रादेशिक निर्वाचन क्षेत्रहरूबाट चुनिने छन् तथा उक्त उपखण्डहरू अथवा उक्त खण्डको उपखण्ड (घ) अन्तर्गत निर्वाचन आनुपातिक प्रतिनिधित्व प्रणालीअनुसार एकल सङ्क्रमणीय मतद्वारा हुने छ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा १०द्वारा १.१११९५६-देखि "एक चौथाइ" का स्थानमा प्रतिस्थापित।

(५) राज्यपालद्वारा खण्ड (३) को उपखण्ड (ङ) अन्तर्गत मनोनयन गरिने सदस्य यस्तो व्यक्ति हुने छ जसलाई निम्नलिखित विषयहरूका सम्बन्धमा विशेष ज्ञान अथवा व्यावहारिक अनुभव छ, अर्थात्–

साहित्य, विज्ञान, कला, सहकारी आन्दोलन तथा समाज सेवा।

**१७२. राज्यका विधायिकाहरूको अवधि**– (१) प्रत्येक राज्यको प्रत्येक विधानसभा पहिले नै विघटित नभएका अवस्थामा सो विधानसभाको पहिलो अधिवेशनका निम्ति निश्चित गरिएको मितिबाट [पाँच वर्ष] सम्म विद्यमान रहने छन्, यसभन्दा अधिक होइन अनि [1][पाँच वर्ष] को उक्त अवधि समाप्त भएको परिणामस्वरूप विधानसभा विघटित हुने छ:

यद्यपि आपातकालीन स्थितिको घोषणा प्रवर्तन भएका बेला संसद्ले विधिद्वारा यस्तो अवधि बढाउन सक्ने छ जुन एकपल्टमा एक वर्षभन्दा अधिक बढ्ने छैन तथा आपातकालीन स्थितिको अवधि समाप्त भएका खण्डमा कुनै पनि स्थितिमा त्यसको विस्तार ६ महिनाको अवधिभन्दा अधिक हुने छैन।

(२) राज्यको विधान परिषद्को विघटन हुने छैन तर यसका सदस्यहरूमध्ये जतिसक्दो निकटतम एक तिहाइ सदस्य संसद्ले विधिद्वारा यस निमित्त बनाएका प्रावधानहरू अनुसार प्रत्येक दोस्रो वर्षको समाप्तिपछि जतिसक्दो छिटो सेवामुक्त हुने छन्।

**१७३. राज्यका विधायिकाको सदस्यताका निम्ति योग्यता**– कुनै व्यक्ति राज्यको विधायिकाको कुनै आसनका निम्ति चयनित हुनका लागि तबसम्म योग्य हुने छैन जबसम्म–

[2][(क) सो व्यक्ति भारतको नागरिक हुँदैन अनि निर्वाचन आयोगद्वारा यसका निम्ति प्राधिकृत कुनै पनि व्यक्तिका सामु तेस्रो अनुसूचीमा यस प्रयोजनका निम्ति दिइएका प्ररूपअनुसार उसले शपथ लिँदैन अथवा अभिपुष्टि गर्दैन तथा सो प्ररूपमा आफ्नो हस्ताक्षर गर्दैन;]

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ३०-द्वारा (३.१.१९७७-देखि) मूलशब्दहरू “पाँच वर्षहरू”-का स्थानमा प्रतिस्थापित अनि त्यसपछि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २४-द्वारा (६.९.१९७९-देखि) “६ वर्षहरू”-का स्थानमा प्रतिस्थापित।

[2] संविधान (सोह्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ४-द्वारा (५.१०.१९६३-देखि) खण्ड (क)-का स्थानमा प्रतिस्थापित।

(ख) उसको आयु राज्यको विधानसभाको आसनका निम्ति कम्तीमा पच्चीस वर्ष र विधानपरिषद्को आसनका निम्ति कम्तीमा तीस वर्ष पुगेको हुँदैन; अनि

(ग) संसद्द्वारा बनाइएका वा निर्धारण गरिएका अन्य कुनै योग्यता उसमा हुँदैनन्।

[1][**१७४. राज्यका विधायिकाका सत्र, सत्रावसान अनि विघटन**– (१) राज्यपालले समय–समयमा राज्यको विधायिकाको सदन अथवा प्रत्येक सदनलाई आफूलाई उपयुक्त लागेको समय अनि स्थानमा अधिवेशनका निम्ति डाक्ने छन् तर कुनै एक सत्रको अन्तिम अधिवेशन र अर्को सत्रको पहिलो अधिवेशनका लागि निश्चित मितिमाझ छ महिनाभन्दा अधिक अन्तर हुने छैन।

(२) राज्यपालले समय समयमा–

(क) सदनको अथवा कुनै एक सदनको सत्रावसान गर्न सक्ने छन्;

(ख) विधानसभा विघटित गर्न सक्ने छन्।]

**१७५. सदन वा सदनहरूमा अभिभाषण गर्ने तथा सन्देश पठाउने राज्यपालको अधिकार**– (१) राज्यपालले विधानसभा वा विधानपरिषद् भएका राज्यको परिप्रेक्ष्यमा त्यस राज्यको विधायिकाको कुनै एक सदनमा अथवा सम्मिलित दुवै सदनमा अभिभाषण गर्न सक्ने छन् अनि यस प्रयोजनका निम्ति सदस्यहरूको उपस्थितिको अपेक्षा गर्न सक्ने छन्।

(२) राज्यपालले राज्यको विधायिकामा सो समय थातीमा रहेको कुनै विधेयकका सम्बन्धमा सन्देश वा अन्य कुनै सन्देश राज्यको विधायिकाका सदनहरूमा पठाउन सक्ने छन् र जुन सदनमा यस्तो सन्देश पठाइन्छ सो सदनले सन्देशमा विवेचनाका लागि आवश्यक ठानिएको विषयमाथि सुविधाअनुसार चाँडो विवेचना गर्ने छ।

**१७६. राज्यपालको विशेष अभिभाषण**– (१) राज्यपालले [2][विधानसभाको प्रत्येक सामान्य निर्वाचनपछि पहिलो सत्रको आरम्भमा अनि प्रत्येक वर्षको प्रथम सत्रको आरम्भमा] विधानसभामा अथवा राज्यमा विधानपरिषद् रहेका खण्डमा सम्मिलित दुवै सदनमा अभिभाषण गर्ने छन् अनि विधायिकालाई डाकिएका कारण बताउने छन्।

(२) सदन अथवा प्रत्येक सदनको प्रक्रियाको विनियमन गर्ने नियमहरूद्वारा यस्तो अभिभाषणमा निर्दिष्ट विषयहरूमाथि चर्चाका लागि समय निर्धारण गर्नका निम्ति [3]***प्रावधान गरिने छ।

---

[1] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा ८-द्वारा (१८.६.१९५१-देखि) "अनुच्छेद १७४"-का स्थानमा प्रतिस्थापित।

[2] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा ९-द्वारा (१८.६.१९५१-देखि) "प्रत्येक सत्र"- का स्थानमा प्रतिस्थापित।

[3] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा ९-द्वारा (१८.६.१९५१-देखि) "तथा सदनका अन्य कार्यभन्दा यस छलफललाई प्राथमिकता दिनका लागि" शबदहरू त्यक्त।

**१७७. सदनका सम्बन्धमा मन्त्री अनि महाअधिवक्ताको अधिकार**– प्रत्येक मन्त्री र राज्यका महाधिवक्तालाई राज्यको विधानसभामा अथवा राज्यमा विधानपरिषद् भएका अवस्थामा दुवै सदनमा, बोल्ने अनि कार्यवाहीमा अन्यथा भाग लिने अधिकार हुने छ साथै उनीहरूको नाम सदस्यका रूपमा समावेश गरिएको विधायिकाको कुनै पनि समितिमा बोल्ने र कार्यवाहीमा अन्यथा भाग लिने अधिकार उनीहरूलाई हुने छ तर यस अनुच्छेदका आधारमा उनीहरूलाई मतदान गर्ने अधिकार रहने छैन।

*राज्यको विधायिकाका अधिकारी*

**१७८. विधानसभाका अध्यक्ष र उपाध्यक्ष**– प्रत्येक राज्यको विधानसभाले जतिसक्दो चाँडो विधानसभाका दुईजना सदस्यलाई विधानसभाका अध्यक्ष अनि उपाध्यक्षका रूपमा चयन गर्ने छ अनि जब जब अध्यक्ष अथवा उपाध्यक्षको पद रिक्त हुन्छ तब तब विधानसभाले कुनै अन्य सदस्यलाई,यथासन्दर्भ अध्यक्ष अथवा उपाध्यक्षका रूपमा चयन गर्ने छ।

**१७९. अध्यक्ष अनि उपाध्यक्षको पद रिक्त हुनु, उनीहरूले पदत्याग गर्नु अनि उनीहरूलाई पदबाट हटाइनु**– विधानसभाका अध्यक्ष अथवा उपाध्यक्षका रूपमा पद धारण गर्ने सदस्यले–

(क) विधानसभाको सदस्य नरहेका खण्डमा आफ्नो पद रिक्त गर्ने छन्;

(ख) आफू अध्यक्ष भएका खण्डमा उपाध्यक्षलाई सम्बोधन गरिएको अनि उपाध्यक्ष भएका खण्डमा अध्यक्षलाई सम्बोधन गरिएको आफ्नो हस्ताक्षरसहितको लेखद्वारा कुनै पनि समय पद त्याग गर्न सक्ने छन्; अनि

(ग) विधानसभाका तत्कालीन सम्पूर्ण सदस्यका बहुमतले पारित निर्णयद्वारा उनलाई आफ्ना पदबाट हटाउन सकिने छ:

यद्यपि खण्ड (ग)-का प्रयोजनका निम्ति कुनै निर्णय तबसम्म लिइने छैन जबसम्म सो निर्णय लिने आशयले थोरैमा चौध दिनको सूचना दिँइदैन:

यद्यपि विधानसभाको विघटन गरिएका स्थितिमा विघटनपछि हुने विधानसभाको पहिलो अधिवेशनको तुरुन्त अघिसम्म अध्यक्षले आफ्नो पद रिक्त गर्ने छैनन्।

**१८०. अध्यक्ष पदका कर्त्तव्य पालन गर्ने अथवा अध्यक्षका रूपमा कार्य गर्ने उपाध्यक्ष वा अन्य व्यक्तिको शक्ति**– (१) जब अध्यक्षको पद रिक्त हुन्छ तब उपाध्यक्षले अथवा उपाध्यक्षको पद पनि रिक्त भएका अवस्थामा राज्यपालले यस प्रयोजनका निम्ति नियुक्त गर्ने विधानसभाका सदस्यले त्यस पदका कर्त्तव्यहरूको पालन गर्ने छन्।

(२) विधानसभाको कुनै बैठकमा अध्यक्ष अनुपस्थित रहँदा उपाध्यक्षले अध्यक्षका रूपमा कार्य गर्ने छन् अथवा उपाध्यक्ष पनि अनुपस्थित रहेका खण्डमा विधानसभाका प्रक्रियात्मक नियमहरूअनुसार निर्धारित कुनै व्यक्तिले अनि त्यस्तो व्यक्ति पनि उपस्थित नभएका खण्डमा विधानसभाले निर्धारण गरेको अन्य व्यक्तिले अध्यक्षका रूपमा कार्य गर्ने छन्।

**१८१. अध्यक्ष अथवा उपाध्यक्षलाई पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहँदा उनले अध्यक्षता नगर्ने**– (१ विधानसभाको कुनै पनि बैठकमा उपस्थित रहे तापनि, अध्यक्षलाई उनका पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहेका अवस्थामा अध्यक्षले अथवा उपाध्यक्षलाई उनको पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहेका अवस्थामा उपाध्यक्षले सो बैठकको अध्यक्षता गर्ने छैनन् र यस अवस्थामा अनुच्छेद १८० को उपखण्ड(२)-का प्रावधानहरू यथासन्दर्भ अध्यक्ष वा उपाध्यक्ष अनुपस्थित रहेका बैठकमा लागु भएझैं यस्ता प्रत्येक बैठकमा पनि लागु हुने छन्।

(२) अध्यक्षलाई उनका पदबाट हटाउने कुनै निर्णय विधानसभामा विचाराधीन रहेका अवस्थामा उनलाई विधानसभामा बोल्ने अनि यसका कार्यवाहीहरूमा अन्यथा भाग लिने अधिकार हुने छ अनि अनुच्छेद १८९-मा जुनसुकै प्रावधान भए तापनि यस्तो निर्णयमा अथवा यस्ता कार्यवाहीका समयमा कुनै अन्य विषयमा पहिलोपल्ट मात्र मतदान गर्ने अधिकार हुने छ तर मत बराबर भएका अवस्थामा मतदान गर्ने अधिकार हुने छैन।

**१८२. विधान परिषद्का सभापति अनि उपसभापति**– विधानपरिषद् भएको प्रत्येक राज्यको विधान परिषद्ले सकेसम्म चाँडो परिषद्का दुईजना सदस्यलाई क्रमशः सभापति र उपसभापतिका रूपमा चयन गर्ने छ र जब जब सभापति वा उपसभापतिको पद रिक्त हुँदछ तब तब परिषद्ले अर्को सदस्यलाई यथासन्दर्भ सभापति वा उपसभापतिका रूपमा चयन गर्ने छ।

**१८३. सभापति अनि उपसभापतिको पद रिक्त हुनु, उनीहरूले पदत्याग गर्नु तथा उनीहरूलाई पदबाट हटाइनु**– विधान परिषद्का सभापति अथवा उपसभापतिका रूपमा पद ग्रहण गर्ने सदस्यले–

(क) विधान परिषद्को सदस्य नरहेका खण्डमा आफ्नो पद रिक्त गरिदिने छ;

(ख आफू सभापति भएका खण्डमा उपसभापतिलाई सम्बोधन गरिएको अनि उपसभापति भएका खण्डमा सभापतिलाई सम्बोधन गरिएको आफ्नो हस्ताक्षरसहितको लेखद्वारा कुनै पनि समय पद त्याग गर्न सक्ने छ; अनि

(ग) विधान परिषद्का तत्कालीन सम्पूर्ण सदस्यको बहुमतद्वारा पारित निर्णयद्वारा उसलाई पदबाट हटाउन सकिने छ:

यद्यपि खण्ड (ग)-का प्रयोजनका निम्ति कुनै निर्णय तबसम्म प्रस्ताव गरिने छैन जबसम्म सो निर्णय प्रस्ताव गर्ने आशयले थोरैमा चौध दिनको सूचना दिँइदैन।

**१८४. सभापति पदका कर्त्तव्य पालन गर्ने अथवा सभापतिका रूपमा कार्य गर्ने उपसभापति अथवा अन्य व्यक्तिको शक्ति**– (१) सभापतिको पद रिक्त हुँदा उपसभापतिले अथवा उपसभापतिको पद पनि रिक्त रहेका खण्डमा राज्यपालद्वारा यस कार्यका निम्ति नियुक्त गरिने विधान परिषद्का सदस्यले सो पदका कर्त्तव्य पालन गर्ने छन्।

(२) विधान परिषद्का कुनै सभामा सभापति अनुपस्थित रहँदा उपसभापतिले वा उनी पनि अनुपस्थित भएका खण्डमा विधान परिषद्को प्रक्रियाका नियमहरूद्वारा निर्धारित कुनै व्यक्तिले अथवा त्यस्तो व्यक्ति पनि उपस्थित नभएका खण्डमा विधानपरिषद्द्वारा निर्धारित अन्य कुनै व्यक्तिले सभापतिका रूपमा कार्य गर्ने छन्।

**१८५. सभापति अथवा उपसभापतिलाई पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहँदा उनले अध्यक्षता नगर्ने**– (१) सभापतिलाई उनका पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहँदा सभापति अथवा उपसभापतिलाई उनको पदबाट हटाउने कुनै निर्णय विचाराधीन रहँदा उपसभापति विधान परिषद्को कुनै पनि बैठकमा उपस्थित रहे तापनि सो बैठकमा उनले सभापतित्व गर्ने छैनन् र यस अवस्थामा अनुच्छेद १८४-को खण्ड(२)-का प्रावधानहरू यथासन्दर्भ सभापति वा उपसभापति अनुपस्थित रहेको बैठकमा लागु भएझैं यस्ता बैठकमा पनि लागु हुने छन्।

(२) सभापतिलाई उनका पदबाट हटाउने कुनै निर्णय विधान परिषद्मा विचाराधीन रहेका अवस्थामा उनलाई विधानपरिषद्मा बोल्ने अनि यसका कार्यवाहीहरूमा अन्यथा भाग लिने अधिकार हुने छ अनि अनुच्छेद १८९-मा जुनुसुकै कुरा भए तापनि यस्तो निर्णयमाथि अथवा यस्ता कार्यवाहीहरूका बेला अन्य कुनै विषयमा पहिलोपल्ट मात्र मतदान गर्ने हकदार हुने छ तर मत बराबर भएका स्थितिमा मतदान गर्ने अधिकार हुने छैन।

**१८६. अध्यक्ष अनि उपाध्यक्ष तथा सभापति अनि उपसभापतिका वेतन अनि भत्ता**– विधानसभाका अध्यक्ष तथा उपाध्यक्षलाई तथा विधान परिषद्का सभापति अनि उपसभापतिलाई राज्यको विधायिकाले विधिद्वारा निर्धारण गरेका वेतन अनि भत्ताहरू भुक्तानी गरिने छ अनि जबसम्म यसका निम्ति यस प्रकारले प्रावधान गरिँदैन तबसम्म दोस्रो अनुसूचीमा निर्दिष्ट वेतन अनि भत्ताहरू भुक्तानी गरिने छ।

**१८७. राज्यका विधायिकाको सचिवालय**– (१) राज्यका विधायिकाको सदन अथवा प्रत्येक सदनका बेग्लाबेग्लै सचिवालयीय कर्मचारीहरू हुने छन्:

यद्यपि विधानपरिषद् भएको राज्यका विधायिकाका सन्दर्भमा यस खण्डको कुनै पनि प्रावधानले विधायिकाका दुवै सदनका निम्ति साझा पदहरूको सिर्जनालाई निषेध गर्ने छ भन्ने अर्थ लगाइने छैन।

(२) राज्यको विधायिकाले विधिद्वारा राज्यका विधायिकाका सदन अथवा सदनहरूका सचिवालयीय कर्मचारीहरूको भर्ना तथा नियुक्त व्यक्तिहरूका सेवाका सर्तहरूको नियमन गर्न सक्ने छ।

(३) जबसम्म राज्यको विधायिकाले खण्ड (२)-का अधीनमा प्रावधान गर्दैन तबसम्म राज्यपालले यथासन्दर्भ विधानसभाका अध्यक्ष अथवा विधान परिषद्का सभापतिसित परामर्श गरेपछि विधानसभा अथवा विधान परिषद्का सचिवालयीय कर्मचारीहरूको भर्ना अनि नियुक्त व्यक्तिहरूका सेवाका सर्तहरूको नियमनका निम्ति नियम बनाउन सक्ने छ र यस प्रकार बनाइएका नियम उक्त खण्डका अधीन बनाइएका कुनै पनि विधिका प्रावधानहरूका अधीनमा रही प्रभावकारी हुने छन्।

*कार्य सञ्चालन*

**१८८. सदस्यहरूद्वारा शपथ वा अभिपुष्टि**– राज्यको विधानसभा वा विधान परिषद्का प्रत्येक सदस्यले आफ्नो आसन ग्रहण गर्नअघि राज्यपाल वा उनीद्वारा यसका निम्ति नियुक्त व्यक्ति समक्ष तेस्रो अनुसूचीमा यस प्रयोजनका निम्ति दिइएको प्ररूपअनुसार शपथ लिने छन् वा अभिपुष्टि गर्ने छन् अनि त्यसमा आफ्नो हस्ताक्षर गर्ने छन्।

**१८९. सदनमा मतदान, रिक्तता रहँदा तथा गणपूर्ति नहुँदा पनि सदनको कार्य सञ्चालन गर्ने शक्ति**– (१) यस संविधानमा अन्यथा प्रावधान गरिएबाहेक कुनै राज्यको विधायिकाको कुनै सदनको बैठकमा सबै प्रश्नहरूको निर्धारण अध्यक्ष वा सभापतिलाई अथवा त्यस रूपमा कार्य गर्ने व्यक्तिलाई छाडेर उपस्थित अनि मतदान गर्ने सदस्यहरूको बहुमतद्वारा गरिने छ।

अध्यक्ष वा सभापतिले अथवा त्यस रूपमा कार्य गर्ने व्यक्तिले पहिलोपल्ट मत दिने छैनन् तर मत बराबर भएका स्थितिमा उनको मत निर्णायक हुने छ र उनले त्यसको प्रयोग गर्ने छन्।

(२) राज्यका विधायिकाको कुनै सदनमा कुनै सदस्य पद रिक्त रहे तापनि सदनलाई आफ्नो कार्य सञ्चालन गर्ने शक्ति हुने छ र कार्यवाहीमा बस्ने अथवा मतदान गर्ने अथवा अन्यथा भाग लिने अधिकार नरहेको व्यक्तिले त्यसो गरेको कुरा पछि थाह पाइए तापनि राज्यको विधायिकाको कार्यवाही विधिमान्य हुने छ।

[1][(३) जबसम्म राज्यको विधायिकाले विधिद्वारा अन्यथा प्रावधान गर्दैन तबसम्म राज्यको विधायिकाको कुनै सदनको अधिवेशन आयोजन गर्नका निम्ति गणपूरक सङ्ख्या दस सदस्य वा सदनका सदस्यहरूको मोठ सङ्ख्याको दसौं भागमध्ये जुन अधिक हुन्छ त्यही हुने छ।

(४) राज्यको विधानसभा वा विधान परिषद्को अधिवेशनमा कुनै बेला गणपूर्ति नहुँदा अध्यक्ष अथवा सभापति अथवा त्यस रूपमा कार्य गर्ने व्यक्तिले सदन स्थगित गर्नु वा गणपूर्ति नहुन्जेल अधिवेशन निलम्बित गर्नु उनको कर्त्तव्य हुने छ।]

---

[1] संविधान (बयालीसौं संशोधन) अधिनियम १९७६-को धारा ३१-द्वारा (मिति तोकिन बाँकी छ) त्यक्त। यो संशोधन संविधान (चवालीसौं संशोधन) अधिनियम १९७८-को धारा ४५-द्वारा (२०.६.१९७९-देखि) त्यक्त ।

*सदस्यहरूको अयोग्यता*

**१९०. आसनहरू रिक्त हुनु**– (१) कुनै पनि व्यक्ति राज्यको विधायिकाका दुवै सदनको सदस्य हुने छैन अनि दुवै सदनको सदस्य चुनिएको व्यक्तिद्वारा एउटा वा अर्को सदनको आसन रिक्त गर्नका निम्ति सो राज्यको विधायिकाले विधिद्वारा प्रावधान बनाउने छ।

(२) कुनै पनि व्यक्ति पहिलो अनुसूचीमा निर्दिष्ट दुई वा अधिक राज्यका विधायिकाको सदस्य हुन पाउने छैन। कुनै व्यक्ति दुई वा अधिक राज्यका विधायिकाहरूको सदस्य चुनिएका खण्डमा राष्ट्रपतिद्वारा बनाइएका नियमहरूमा[1] निर्दिष्ट गरिएको अवधि समाप्त भएपछि त्यस्तो व्यक्तिले एउटा राज्यबाहेक अन्य राज्यका विधायिकाहरूमा रहेका आफ्नो आसन अगावै त्यागेको छैन भने त्यस्ता सबै राज्यका विधायिकामा रहेका सो व्यक्तिका आसन रिक्त हुने छन्।

(३) राज्यका विधायिकाको कुनै सदनको–

(क) सदस्य [2][अनुच्छेद १९१-को खण्ड (१) अथवा खण्ड (२)-मा वर्णित कुनै पनि अयोग्यतामा परेका भएका खण्डमा; अथवा

[3][(ख) सदस्यले यथासन्दर्भ अध्यक्ष वा सभापतिलाई सम्बोधन गरिएको आफ्नो हस्ताक्षरसहितको लेखद्वारा आफै आसन त्याग गरेका खण्डमा अनि सो सदस्यको त्यागपत्र यथासन्दर्भ अध्यक्ष वा सभापतिद्वारा स्वीकार गरिएका खण्डमा]

–तिनको आसन रिक्त हुने छ :

[4][यद्यपि उपखण्ड (ख)-मा निर्दिष्ट कुनै पनि पदत्यागका स्थितिमा, प्राप्त जानकारीबाट अथवा अन्य कुनै प्रकारले र आफूले उचित सम्झेको जाँच गरेपछि यस्तो पदत्याग स्वेच्छानुसार गरिएको अथवा असली होइन भन्ने कुरामा आश्वस्त भएका खण्डमा यथासन्दर्भ अध्यक्ष अथवा सभापतिले त्यस्तो पदत्याग स्वीकार गर्ने छैनन्।]

(४) कुनै राज्यका विधायिकाको कुनै सदनका सदस्य साठी दिनको अवधिसम्म सदनको अनुज्ञाबिना सबै अधिवेशनहरूमा अनुपस्थित रहेका खण्डमा सदनले तिनको आसन रिक्त भएको घोषणा गर्न सक्ने छ :

यद्यपि उक्त साठी दिनको अवधि गणना गर्दा सदन सत्रावसित भएको वा निरन्तर चार दिनभन्दा अधिक दिनहरूका निम्ति स्थगित रहेको अवधि हिसाबमा लिइने छैन।

---

[1] विधि मन्त्रालयको अधिसूचना सं.एफ ४६/५०/ सी, मिति २६ जनवरी, १९५०, भारतको राजपत्र, असाधारण, पृष्ट ६७८ मा प्रकाशित समक्षणिक सदस्यता निषेध नियमहरू, १९५० हेर्नुहोस्।

[2] संविधान (बाउन्नौं संशोधन) अधिनियम, १९८५-को धारा ४-द्वारा (१.३.१९८५-देखि) "अनुच्छेद १९१-को खण्ड (१)" का स्थानमा प्रतिस्थापित।

[3] संविधान (तेत्तीसौं संशोधन) अधिनियम, १९७४-को धारा ३-द्वारा (१९.५.१९७४-देखि) प्रतिस्थापित।

[4] संविधान (तेत्तीसौं संशोधन) अधिनियम, १९७४-को धारा ३-द्वारा (१९.५.१९७४-देखि) अन्तः स्थापित।

**१९१. सदस्यताका लागि अयोग्यता**– (१) कुनै–

[1](क) व्यक्तिले राज्यको विधायिकाले कुनै पदमा रहेको व्यक्तिलाई अयोग्य नठहराइने भनी विधिद्वारा घोषणा गरेको पदबाहेक भारत सरकार वा पहिलो अनुसूचीमा निर्दिष्ट कुनै राज्य सरकार अधीनस्थ कुनै लाभदायी पद धारण गरेका खण्डमा;

(ख) व्यक्ति विकृत चित्तको भएका खण्डमा अनि सक्षम न्यायालयको यस्तो घोषणा विद्यमान रहेका खण्डमा;

(ग) व्यक्ति अमुक्त दिवालिया भएका खण्डमा;

(घ) व्यक्ति भारतको नागरिक नभएका खण्डमा वा सो व्यक्तिले कुनै विदेशी राज्यको नागरिकता स्वेच्छाले आर्जन गरेका खण्डमा वा कुनै विदेशी राज्यप्रति निष्ठा वा अनुरक्ति अभिस्वीकार गरेका खण्डमा;

(ङ) व्यक्तिलाई संसद्द्वारा बनाइको कुनै विधिअन्तर्गत अथवा त्यस अधीन अयोग्य ठहऱ्याइएका खण्डमा;

–सो व्यक्ति राज्यको विधानसभा वा विधान परिषद्‌को सदस्य चुनिनका निम्ति अनि सदस्य हुनका निम्ति अयोग्य ठहरिने छ।

[2][*स्पष्टीकरण*– (१) यस खण्डका प्रयोजनहरूका निम्ति] कुनै व्यक्ति सङ्घको वा प्रथम अनुसूचीमा निर्दिष्ट कुनै राज्य सरकारको मन्त्री हुँदैमा उसलाई भारत सरकारको वा त्यस्तो राज्य सरकारका अधीनमा लाभजनक पद धारण गर्ने व्यक्ति भनेर मानिलिइने छैन।

[3][(२) कुनै व्यक्ति दसौँ अनुसूची अन्तर्गत अयोग्य भएका खण्डमा सो व्यक्ति कुनै राज्यको विधानसभा वा विधानपरिषद्‌को सदस्य हुनका निम्ति अयोग्य ठहरिने छ ।]

[4][**१९२. सदस्यहरूको अयोग्यतासम्बन्धी प्रश्नबारे निर्णय**– (१) कुनै राज्यको विधायिकाको कुनै सदनको कुनै सदस्य अनुच्छेद १९१-को खण्ड (१)-मा वर्णित कुनै अयोग्यतामा परेका छन् वा छैनन् भन्ने प्रश्न उठेका खण्डमा विनिश्चियका निम्ति सो प्रश्न राज्यपाललाई निर्देशित गरिने छ र उनको निर्णय अन्तिम हुने छ।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ३२-द्वारा यसरी पढ्न प्रतिस्थापन गरियो: "(क) उनले भारत सरकार वा पहिलो अनुसूचीमा विनिर्दिष्ट राज्य सरकारअन्तर्गत संसद्‌ले विधिद्वारा पदधारकलाई अयोग्य घोषणा गर्ने कुनै लाभदायी पद धारण गरेका खण्डमा" (मिति तोकिन बाँकी छ) । यो संशोधन संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४५-द्वारा (२०-६-१९७९-देखि) त्यक्त।

[2] संविधान (बाउन्नौँ संशोधन) अधिनियम, १९८५को धारा ५-द्वारा (१.३.१९८५-देखि) "(२) यस अनुच्छेदका प्रयोजनहरूका लागि" का स्थानमा प्रतिस्थापित।

[3] संविधान (बाउन्नौँ संशोधन) अधिनियम, १९८५-को धारा ५-द्वारा (१.३.१९८५-देखि) अन्तः स्थापित।

[4] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ३३-द्वारा (३.१.१९७७-देखि) अनुच्छेद १९२ का स्थानमा अनि त्यसपछि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २५-द्वारा (२०.६.१९७९-देखि) अनुच्छेद १९२ का स्थानमा प्रतिस्थापित।

(२) यस्तो कुनै प्रश्नमाथि निर्णय लिनअघि राज्यपालले निर्वाचन आयोगबाट परामर्श लिने छन् अनि यस्तो परामर्श अनुसार कार्य गर्ने छन्।

**१९३. अनुच्छेद १८८ अन्तर्गत शपथ वा अभिपुष्टि गर्नअघि वा योग्यता नभई अथवा अयोग्य प्रमाणित हुँदा उपस्थित हुँदा वा मतदान गर्दा दण्ड**– कुनै राज्यको विधानसभा वा विधान परिषद्मा कुनै व्यक्ति अनुच्छेद १८८-का आवश्यकताहरूको अनुपालन गर्नअघि अथवा त्यसको सदस्यताका निम्ति आफ्नो योग्यता नभएको अथवा अयोग्य ठहराइएको जान्दाजान्दै पनि अथवा संसद् वा विधायिकाद्वारा बनाइएको कुनै विधिका प्रावधानद्वारा यसो गर्न निषेध गरिए तापनि सदस्यका रूपमा बसेका वा मत दिएका खण्डमा ती प्रत्येक दिनका निम्ति पाँचसय रुपियाँ जरिमानाको भागी हुने छ जुन जरिमाना राज्यलाई दिनु पर्ने ऋणका रूपमा असुल गरिने छ।

*राज्यका विधायिकाहरू अनि यसका सदस्यहरूको शक्ति, विशेषाधिकार र रक्षाकवचहरू*

**१९४. विधायिकाको सदन, त्यसका सदस्य एवम् समितिहरूका शक्ति र विशेषाधिकार आदि–** (१) यस संविधानका प्रावधानहरूको र विधायिकाका प्रक्रियाको विनियमन गर्ने नियमहरू एवम् स्थायी आदेशहरूका अधीनमा रहँदै प्रत्येक राज्यका विधायिकाको वाक् स्वतन्त्रता हुने छ।

(२) राज्यको विधायिकामा वा त्यसको कुनै समितिमा विधायिकाका कुनै सदस्यद्वारा केही भनिएका सम्बन्धमा वा मतदान गरिएका सम्बन्धमा सो सदस्य विरुद्ध कुनै न्यायालयमा कुनै कार्यवाही गरिने छैन अनि यस्तो विधायिकाको कुनै सदनको प्राधिकारद्वारा अथवा त्यस अधीन कुनै प्रतिवेदन पत्र, मतहरू वा कार्यवाहीहरूको प्रकाशनका सम्बन्धमा कुनै व्यक्ति विरुद्ध यस किसिमको कुनै कार्यवाही गरिने छैन।

[1][(३) अन्य विषयहरूमा, राज्यका विधायिकाको कुनै सदनको र यस्ता विधायिकाको कुनै सदनका सदस्यहरू तथा समितिहरूका शक्ति, विशेषाधिकार एवम् रक्षाकवचहरू विधायिकाले

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ३४-द्वारा निम्नरूपमा पढ्नका लागि प्रतिस्थापन गरियो:-

"अर्कोतर्फ, कुनै राज्यको विधायिकाको कुनै सदनको अनि यस्तो विधायिकाको कुनै सदनका सदस्य अनि समितिहरूका शक्ति, विशेषाधिकार अनि रक्षाकवच संविधान(बयालीसौँ संशोधन)अधिनियम, १९७६-को धारा ३४ लागु हुँदा जुन थिए तिनै रहिरहने छन् र जुन लोकसभाद्वारा यस्तो सदन र यसका सदस्य र समितिहरूका लागि व्यक्ति गरिन्छन् जहाँ यस्तो सदन भनेको विधान सभा हो र जुन राज्यसभाद्वारा यस्तो सदन र यसका सदस्य र समितिहरूका लागि व्यक्ति गरिन्छन् जहाँ यस्तो सदन भनेको विधानपरिषद् हो।" (मिति तोकिएको छैन) यो संशोधन संविधान (चवालीसौँ संशोधन (अधिनियम, १९७८-को धारा ४५-द्वारा (१९.६.१९७९-देखि) त्यक्त।

समय समयमा विधिद्वारा निरूपण गरेअनुसार हुने छन् अनि यसरी निरूपण नगरेसम्म [1][संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २६ लागु हुनुभन्दा तुरुन्त पहिला सो सदन अनि त्यसका सदस्य अनि समितिहरूका जुन शक्ति, विशेषाधिकार एवम् रक्षाकवचहरू थिए तिनै रहिरहने छन्।]

(४) यस संविधानका आधारमा राज्यका विधायिकाको कुनै सदन वा त्यसको कुनै समितिमा बोल्ने अनि त्यसका कार्यवाहीहरूमा अन्यथा भाग लिने अधिकार भएका व्यक्तिहरूका सम्बन्धमा खण्ड (१) खण्ड (२) अनि खण्ड (३)-का प्रावधान त्यस विधायिकाका सदस्यहरूका सम्बन्धमा लागु भए जसरी नै लागु हुने छन्।

**१९५. सदस्यहरूका वेतन र भत्ताहरू**– राज्यको विधानसभा र विधान परिषद्का सदस्यहरूलाई राज्यको विधायिकाले समय–समयमा विधिद्वारा निर्धारण गरेअनुसार वेतन र भत्ताहरू प्राप्त हुने छन् अनि जबसम्म यस सम्बन्धमा यसरी प्रावधान गरिँदैन तबसम्म सम्बन्धित प्रान्तको विधानसभाका सदस्यहरूका हकमा यो संविधान लागु हुने तुरुन्त अघि लागु भएको दर र सर्त अनुसार यस्ता वेतन र भत्ताहरू प्रदान गरिने छ।

*विधायिकी प्रक्रिया*

**१९६. विधेयकहरू पुरस्थापन अनि पारित गरिने सम्बन्धमा प्रावधान**– (१) धन विधेयकहरू तथा अन्य वित्त विधेयकहरूका सम्बन्धमा अनुच्छेद १९८ अनि अनुच्छेद २०७-का प्रावधानहरूका अधीनमा रही कुनै विधेयक विधानपरिषद् भएको राज्यको विधायिकाको कुनै पनि सदनमा आरम्भ हुनसक्ने छ।

(२) कुनै विधेयकमा संशोधन नगरी अथवा दुवै सदनका सहमतिमा गरिएका संशोधनसहित दुवै सदन सहमत नभएसम्म अनुच्छेद १९७ र अनुच्छेद १९८-का प्रावधानका अधीनमा रही विधानपरिषद् भएका राज्यको विधायिकाका सदनद्वारा सो विधेयक पारित भएको मानिने छैन।

(३) कुनै राज्यको विधायिकामा थातीमा रहेको विधेयक विधानसभाको सत्रावसान भएका खण्डमा निष्क्रिय हुने छैन।

(४) कुनै राज्यको विधान परिषद्मा थातीमा रहेको र विधानसभाले पारित नगरेको विधेयक विधानसभाको विघटन भएका खण्डमा निष्क्रिय हुने छैन।

(५) कुनै राज्यको विधानसभामा थातीमा रहेको विधेयक अथवा विधानसभाद्वारा पारित भएको तर विधान परिषद्मा थातीमा रहेको विधेयक विधानसभाको विघटन हुँदा निष्क्रिय हुने छ।

**१९७. वित्त विधेयकभन्दा भिन्न विधेयकबारे विधान परिषद्को शक्तिमाथि प्रतिषेध**– (१) विधान परिषद् भएको राज्यका विधानसभाद्वारा कुनै विधेयक पारित गरी विधानपरिषद्लाई पठाएपछि–

[1] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २६-द्वारा (२०.६.१९७९-देखि)कतिपय शब्दहरूका स्थानमा प्रतिस्थापित।

(क) विधान परिषद्द्वारा विधेयक अस्वीकार गरिएका खण्डमा; अथवा

(ख) विधान परिषद्समक्ष विधेयक प्रस्तुत गरिएको मितिबाट तीन महिनाभन्दा अधिक समयसम्म उक्त परिषद्ले विधेयक पारित नगरी राखेका अवस्थामा; अथवा

(ग) विधान परिषद्ले विधानसभा सहमत नहुने संशोधन सहित विधेयक पारित गरेका खण्डमा;

–विधानसभाले आफ्नो प्रक्रियाको विनियमन गर्ने नियमहरूका अधीनमा रही त्यही वा कुनै पश्चात्वर्ती सत्रमा विधान परिषद्ले गरेका, सुझाएका अथवा सहमत भएका कुनै संशोधन रहेका खण्डमा त्यस्ता संशोधनहरूसहित अथवा त्यस्ता संशोधनविनै विधेयक फेरि पारित गर्न सक्ने छ अनि यसरी पारित विधेयक विधान परिषद्लाई पठाउन सक्ने छ।

(२) विधानसभाले विधेयक यसरी दोस्रोपल्ट पारित गरेर विधान परिषद्लाई पठाएपछि–

(क) विधान परिषद्द्वारा सो विधेयक अस्वीकार गरिएका खण्डमा; अथवा

(ख) विधान परिषद्समक्ष विधेयक प्रस्तुत गरिएको मितिबाट एक महिनाभन्दा अधिक समयसम्म उक्त परिषद्ले विधेयक पारित नगरी राखेका खण्डमा; अथवा

(ग) विधान परिषद्द्वारा विधानसभा सहमत नहुने संशोधनसहित विधेयक पारित गरिएका खण्डमा;

विधान परिषद्ले गरेका वा सुझाएका कुनै संशोधन रहेमा र विधानसभा सो संशोधनसँग सहमत भएका खण्डमा, त्यस्ता संशोधनहरूसहित विधानसभाले दोस्रोपल्ट पारित गरेकै रूपमा राज्यका विधायिकाका सदनहरूले पनि विधेयक पारित गरेको मानिने छ।

(३) यस अनुच्छेदको कुनै प्रावधान धन विधेयकमाथि लागु हुने छैन।

**१९८. धन विधेयकका सम्बन्धमा विशेष प्रक्रिया**– (१) धन विधेयक विधान परिषद्मा पुरस्थापित गरिने छैन।

(२) विधानपरिषद् भएको राज्यको विधानसभाले धन विधेयक पारित गरेपछि सिफारिसका निम्ति सो विधेयक विधान परिषद्मा पठाइने छ, विधेयक प्राप्त गरेको मितिदेखि चौध दिनको अवधिभित्र विधान परिषद्ले आफ्ना सिफारिसहरूसहित विधेयक विधानसभालाई फिर्ता गरिदिने छ र यस्तो भएको खण्डमा विधानसभाले विधान परिषद्का सबै अथवा केही सिफारिसहरू स्वीकार वा अस्वीकार गर्न सक्ने छ।

(३) विधानसभाले विधानपरिषद्का कुनै सिफारिस स्वीकार गरेका खण्डमा विधानपरिषद्द्वारा सिफारिस गरिएका र विधानसभाद्वारा स्वीकार गरिएका संशोधनसहित दुवै सदनद्वारा धन विधेयक पारित गरिएको मानिने छ।

(४) विधानसभाले विधानपरिषद्को कुनै पनि सिफारिस स्वीकार नगरेका खण्डमा

विधानपरिषद्‌द्वारा सिफारिस गरिएको कुनै संशोधनबिनै दुवै सदनहरूले विधानसभाद्वारा पारित गरिएकै रूपमा धन विधेयक पारित गरेको मानिने छ।

(५) विधानसभाद्वारा पारित अनि सिफारिसका निम्ति विधानपरिषद्मा पठाइएको धन विधेयक उक्त चौध दिनको अवधिभित्र विधानसभालाई फिर्ता गरिएन भने सो विधेयक उक्त अवधिको समाप्तिमा ती दुवै सदनहरूले विधानसभाद्वारा पारित गरेकै रूपमा पारित गरेको मानिने छ ।

**१९९. "धन विधेयक" को परिभाषा**– (१) यस अध्यायका प्रयोजनका निम्ति कुनै विधेयकमा निम्नलिखित सबै वा कुनै विषयहरूसँग सम्बन्धित प्रावधान मात्र रहेका खण्डमा यसलाई "धन विधेयक" मानिने छ, यथा–

(क) कुनै करको अधिरोपण, उन्मूलन, परिहार, परिवर्तन वा विनियमन;

(ख) राज्यले ऋण लिने वा कुनै प्रत्याभूति दिने कुराको विनियमन अथवा राज्यद्वारा आफूमाथि लिइएको अनि लिइने कुनै वित्तीय बाध्यतासँग सम्बन्धित विधिको संशोधन;

(ग) राज्यको सर्वसञ्चित कोष वा आकस्मिकता कोषको अभिरक्षा, यस्तो कुनै कोषमा धन जम्मा गर्नु वा त्यसबाट धन निकाल्नु;

(घ) राज्यको सर्वसञ्चित कोषबाट धन विनियोग गर्नु;

(ङ) कुनै व्ययलाई राज्यको सर्वसञ्चित कोषमा भारित व्यय घोषणा गर्नु वा यस्तो कुनै व्ययको राशि बढाउनु;

(च) राज्यको सर्वसञ्चित कोष वा राज्यको लोकलेखामा धन प्राप्त गर्नु अथवा यस्ता धनको अभिरक्षा वा त्यसको निर्गम; अथवा

(छ) उपखण्ड (क)-देखि उपखण्ड (च)-मा विनिर्दिष्ट कुनै विषयको आनुषङ्गिक कुनै विषय।

(२) कुनै विधेयकले जरिमानाहरू वा अन्य अर्थसम्बन्धी दण्डहरूको अधिरोपण अथवा अनुज्ञप्तिहरूका निमित्त शुल्कहरू वा गरिएका सेवाहरूका निम्ति शुल्कहरूको माग वा त्यसको भुक्तानीको प्रावधान गर्दछ भन्दैमा अथवा यसले कुनै स्थानीय प्राधिकारी वा निकायद्वारा स्थानीय प्रयोजनहरूका निम्ति कुनै करको अधिरोपण, उन्मूलन, परिहार, परिवर्तन वा विनियमनको प्रावधान गर्दछ भन्दैमा यसलाई धन विधेयक मानिने छैन।

(३) विधानपरिषद् भएको कुनै राज्यको विधायिकामा पुरस्थापित कुनै विधेयक धन विधेयक हो वा होइन भन्ने प्रश्न उठेका खण्डमा त्यसबारे सो राज्यको विधानसभाका अध्यक्षले गरेको निर्णय अन्तिम हुने छ।

(४) जब धन विधेयक अनुच्छेद १९८-का अधीनमा विधानपरिषद्वा पठाइन्छ अनि जब अनुच्छेद २००-का अधीनमा अनुमतिका निम्ति सो विधेयक राज्यपाल समक्ष प्रस्तुत गरिन्छ तब प्रत्येक धन विधेयकमा विधानसभाका अध्यक्षको हस्ताक्षरसहित यो धन विधेयक हो भनी प्रमाण पृष्ठाङ्कित गरिने छ।

**२००. विधेयकहरूलाई अनुमति**– जब कुनै विधेयक राज्यको विधानसभाद्वारा वा विधानपरिषद् भएका राज्यमा विधायिकाका दुवै सदनद्वारा पारित गरिन्छ तब सो विधेयक राज्यपाल समक्ष प्रस्तुत गरिने छ अनि राज्यपालले आफूले सो विधेयक अनुमोदन गरेको वा अनुमोदन नगरेको अथवा राष्ट्रपतिका विचारका निम्ति आरक्षित राखेको कुरा घोषणा गर्ने छन्:

यद्यपि राज्यपालले अनुमोदनका निम्ति आफू समक्ष विधेयक प्रस्तुत भएपछि सो विधेयक धन विधेयक नभएका खण्डमा सदन वा दुवै सदनद्वारा विधेयकमाथि वा त्यसका कुनै निर्दिष्ट प्रावधानहरूमाथि पुनर्विचार गर्नु पर्ने अनि विशेष गरी उनले आफ्ना सन्देशमा सिफारिस गरेका संशोधन गर्नु पर्ने वाञ्छनीयतामाथि विचार गर्नु पर्ने सन्देशसहित सो विधेयक फिर्ता गर्न सक्ने छन्। यसरी विधेयक फिर्ता गरिएका स्थितिमा सदन अथवा सदनहरूले तदनुसार विधेयकमाथि विचार गर्ने छन् अनि सदन अथवा सदनहरूले संशोधनसहित अथवा संशोधनविनै सो विधेयक पुनः पारित गरेर अनुमतिका लागि राज्यपाल समक्ष प्रस्तुत गरेका खण्डमा राज्यपालले अनुमोदनमा रोक लगाउने छैनन्:

यद्यपि कुनै विधेयक विधि बनेका खण्डमा यसले यस संविधान अनुसार उच्च न्यायालयले पूरा गर्नुपर्ने स्थितिलाई सङ्कटमा पार्ने गरी सो न्यायालयको अधिकारको अवमूल्यन गर्ने छ भनी राज्यपाललाई लागेका खण्डमा राज्यपालले त्यस्ता विधेयकलाई अनुमोदन नगरेर राष्ट्रपतिको विवेचनाका निम्ति सुरक्षित राख्ने छन्।

**२०१. विवेचनाका लागि आरक्षित विधेयक**– राज्यपालले कुनै विधेयक राष्ट्रपतिको विवेचनाका निम्ति आरक्षित राखेका स्थितिमा राष्ट्रपतिले यस विधेयकलाई अनुमति दिएको अथवा अनुमति रोकेको घोषणा गर्ने छन्:

यद्यपि सम्बन्धित विधेयक धन विधेयक नभएका स्थितिमा राष्ट्रपतिले राज्यपाललाई उक्त विधेयक सदनलाई वा यथासन्दर्भ अनुच्छेद २००-को प्रथम उपबन्धमा उल्लिखित सन्देशसहित राज्यका विधायिकाका सदनहरूलाई फिर्ता गर्ने निर्देश दिन सक्नेछन् र यसरी विधेयक फिर्ता गरिँदा सदन अथवा सदनहरूले उक्त सन्देश प्राप्त गरेको मितिबाट छ महिनाभित्र सो विधेयकमाथि तदनुसार पुनर्विचार गर्ने छन् र सदन वा सदनहरूद्वारा संशोधनसहित वा संशोधनविनै विधेयक फेरि पारित गरिएका खण्डमा पुनर्विचारका निम्ति उक्त विधेयक राष्ट्रपतिसमक्ष प्रस्तुत गरिने छ।

*वित्तीय विषयहरूका सम्बन्धमा प्रक्रिया*

**२०२. वार्षिक वित्तीय विवरण**– (१) राज्यपालले प्रत्येक वित्तीय वर्षका सम्बन्धमा राज्यको विधायिकाका सदन वा सदनहरूसमक्ष सो वर्षका निम्ति सो राज्यका प्राक्कलित प्राप्ति अनि व्ययको विवरण राख्न लगाउने छन् जसलाई यस भागमा "वार्षिक वित्तीय विवरण" भनिएको छ।

(२) वार्षिक वित्तीय विवरणमा दिइएका व्ययका प्राक्कलनहरूमा–

(क) यस संविधानमा राज्यको सर्वसञ्चित कोषमाथि भारित व्ययका रूपमा वर्णित व्ययको पूर्तिका निम्ति आवश्यक राशिहरू; अनि

(ख) राज्यको सर्वसञ्चित कोषबाट गरिने भनी प्रस्तावित अन्य व्ययको पूर्ति हेतु अपेक्षित राशिहरू;

–अलग अलग देखाइने छ। यसमा राजस्व लेखाबाट हुने व्ययलाई अन्य व्ययबाट छुट्याइने छ।

(३) निम्नलिखित व्यय प्रत्येक राज्यको सर्वसञ्चित कोषमाथि भारित व्यय हुने छ–

(क) राज्यपालका पारिश्रमिक अनि भत्ता तथा उनका पदसँग सम्बन्धित अन्य व्यय;

(ख) विधानसभाका अध्यक्ष र उपाध्यक्षको तथा विधानपरिषद् भएको राज्यका स्थितिमा विधान परिषद्का सभापति र उपसभापतिका पनि वेतन र भत्ताहरू;

(ग) ब्याज, निक्षेप निधि भार अनि मोचन भार तथा उधारो लिने अथवा ऋण सेवा र ऋण मोचनसँग सम्बन्धित अरू व्ययहरू समाविष्ट भएका राज्यमाथि दायित्व भएका ऋण भार;

(घ) कुनै उच्च न्यायालयका न्यायाधीशहरूका वेतन र भत्ताहरूका सम्बन्धमा गरिने व्यय;

(ङ) कुनै न्यायालय वा मध्यस्थता अधिकरणको निर्णय, डिक्री अथवा आदेशको पूर्तिका निम्ति आवश्यक राशिहरू;

(च) यस संविधानले वा राज्यका विधायिकाले विधिद्वारा यसरी भारित गरिने भनी घोषणा गरेको अन्य कुनै व्यय।

**२०३. विधायिकामा प्राक्कलनसम्बन्धी प्रक्रिया**– (१) प्राक्कलनहरूमध्ये राज्यको सर्वसञ्चित कोषमा भारित व्ययसित सम्बन्धित प्राक्कलनहरूलाई विधानसभामा मतदानका निम्ति राखिने छैन तर यस खण्डको कुनै कुराले विधायिकामा ती प्राक्कालनहरूमध्ये कुनै प्राक्कलनमाथि गरिने चर्चालाई रोक्दछ भनी अर्थ लगाइने छैन।

(२) उक्त प्राक्कलनहरूमध्ये अन्य व्ययसँग सम्बन्धित प्राक्कलनहरू विधानसभामा अनुदानका मागहरूका रूपमा प्रस्तुत गरिने छ अनि कुनै मागलाई स्वीकृति दिने वा स्वीकृति दिन अस्वीकार गर्ने अथवा कुनै मागमा विनिर्दिष्ट राशि घटाएर स्वीकृति दिने शक्ति विधानसभालाई हुने छ।

(३) कुनै अनुदानको माग राज्यपालको सिफारिसमा मात्र गरिने छ अन्यथा गरिने छैन।

**२०४. विनियोग विधेयक**– (१) विधानसभाद्वारा अनुच्छेद २०३ अन्तर्गत अनुदान स्वीकृत गरिएपछि जतिसक्दो चाँडो राज्यको सर्वसञ्चित कोषबाट–

(क) विधानसभाद्वारा स्वीकृत गरिएका अनुदानहरू; र

(ख) राज्यको सर्वसञ्चित कोषमाथि भारित तर सदन वा सदनहरूमा पहिला प्रस्तुत गरिएको विवरणमा देखाइएको राशिबाट कुनै पनि अवस्थामा धेर नभएको व्यय;

–पूर्ति गर्न आवश्यक पर्ने सबै धनराशिको विनियोजनको प्रावधान गर्नका लागि जतिसक्दो चाँडो एउटा विधेयक पुरस्थापन गरिने छ।

(२) यसरी प्रदान गरिएको कुनै अनुदानको राशि परिवर्तन गर्न सक्ने वा अनुदानको लक्ष्य परिवर्तन गर्न सक्ने अथवा राज्यको सर्वसञ्चित कोषमा भारित व्ययको राशि परिवर्तन गर्न सक्ने कुनै विधेयकमाथि कुनै संशोधनको प्रस्ताव राज्यको विधायिकाका सदनमा वा कुनै सदनमा गरिने छैन अनि यस खण्ड अन्तर्गत कुनै संशोधन अग्राह्य छ वा छैन भन्ने बारे पीठासीन व्यक्तिले दिएको निर्णय अन्तिम हुने छ।

(३) अनुच्छेद २०५ र अनुच्छेद २०६-का प्रावधानहरूका अधीनमा रही यस अनुच्छेदका प्रावधानहरू अनुसार पारित विधिद्वारा गरिएका विनियोगका अधीनमा रहेर मात्र राज्यको सर्वसञ्चित कोषबाट कुनै धनराशि निकालिने छ अन्यथा निकालिने छैन।

**२०५. अनुपूरक, अतिरिक्त वा अधिक अनुदान**– (१)

(क) अनुच्छेद २०४-का प्रावधानहरू अनुसार कुनै विधिद्वारा विद्यमान वित्तीय वर्षका निम्ति कुनै विशिष्ट सेवामा खर्च गर्नाका निम्ति प्राधिकृत कुनै राशि सो वर्षका प्रयोजनहरूका निम्ति अपर्याप्त पाइएका खण्डमा वा सो वर्षको वार्षिक वित्तीय विवरणमा अविचारित कुनै नयाँ सेवामा विद्यमान वित्तीय वर्षको अवधिमा अनुपूरक वा अतिरिक्त व्यय गर्ने कुनै आवश्यकता उत्पन्न भएका खण्डमा; अथवा

(ख) कुनै वित्तीय वर्षको अवधिमा कुनै सेवामा उक्त वर्ष अनि उक्त सेवाका निम्ति अनुदान दिइएको राशिभन्दा अधिक कुनै धन खर्च भएका खण्डमा;

–राज्यपालले यथासन्दर्भ राज्यको विधायिकाका सदन वा सदनहरू समक्ष सो व्ययको प्राक्कलित राशि देखाउने दोस्रो विवरण राख्न लगाउने छन् वा राज्यको विधानसभामा यस्तो आधिक्यका निम्ति माग प्रस्तुत गर्न लगाउने छन्।

(२) यस्ता कुनै विवरण अनि व्यय वा मागका सम्बन्धमा उक्त राज्यको सर्वसञ्चित कोषबाट यस्ता व्यय वा यस्ता मागसँग सम्बन्धित अनुदानको पूर्तिका निम्ति धनको विनियोग प्राधिकृत गर्नका निम्ति बनाइने कुनै विधिका सम्बन्धमा पनि अनुच्छेद २०२, अनुच्छेद २०३ र अनुच्छेद २०४-का प्रावधान त्यसरी नै प्रभावकारी हुने छन् जसरी ती वार्षिक वित्तीय विवरणमा वर्णित कुनै पनि व्ययका सम्बन्धमा अथवा कुनै अनुदानको मागका सम्बन्धमा अनि राज्यको सर्वसञ्चित कोषबाट यस्ता व्यय अथवा अनुदानको पूर्तिका निम्ति धनको विनियोग प्राधिकृत गर्नका निम्ति बनाइने विधिका सम्बन्धमा प्रभावकारी रहेका छन्।

**२०६. लेखानुदान, प्रत्ययानुदान र अपवादानुदान**– (१) यस अध्यायका पूर्वोल्लिखित प्रावधानहरूमा कुनै कुरा भए तापनि कुनै राज्यको विधानसभालाई–

(क) अनुदानका लागि मतदानका निम्ति अनुच्छेद २०३-मा निर्धारित प्रक्रिया पूरा नभएसम्म र अनुच्छेद२०४-को प्रावधान अनुसार कुनै वित्तीय वर्षको कुनै अंशको प्राक्कलित व्ययका सम्बन्धमा विधि पारित नभएसम्म सो व्ययका सम्बन्धमा अग्रिम अनुदान दिने;

(ख) कुनै सेवाको महत्त्व वा त्यसको अनिश्चित स्वरूपका कारण वार्षिक वित्तीय विवरणमा सामान्यतया दिइने विवरणसँग मागको वर्णन गर्न नसकिएका स्थितिमा राज्यका सम्पत्ति स्रोतहरूमाथि आइलाग्ने अप्रत्याशित माग पूर्ति गर्न अनुदान दिने;

(ग) कुनै वित्तीय वर्षको वर्तमान सेवाको भाग नभएको अपवादानुदान दिने;

–शक्ति हुने छ अनि राज्यको विधायिकालाई विधिद्वारा उक्त अनुदान दिने प्रयोजनका निम्ति राज्यको सर्वसञ्चित कोषबाट धनराशि निकाल्न प्राधिकृत गर्ने शक्ति हुने छ।

(२) खण्ड (१)-का अन्तर्गत दिइने कुनै अनुदान र सो खण्ड अन्तर्गत बनाइने कुनै विधिका सम्बन्धमा अनुच्छेद २०३ र अनुच्छेद २०४-का प्रावधान त्यसरी नै प्रभावकारी हुने छन् जसरी ती वार्षिक वित्तीय विवरणमा वर्णित कुनै व्ययका विषयमा कुनै अनुदान दिने सम्बन्धमा अनि राज्यको सर्वसञ्चित कोषबाट यस्ता व्यय पूर्तिका निम्ति धनको विनियोग प्राधिकृत गर्नका निम्ति बनाइने विधिका सम्बन्धमा प्रभावकारी हुँदछन्।

**२०७. वित्त विधेयकहरूका सम्बन्धमा विशेष प्रावधान**– अनुच्छेद १९९-को खण्ड (१)-का उपखण्ड (क)-देखि (च) सम्म विनिर्दिष्ट कुनै पनि विषयबारे प्रावधान बनाउने विधेयक वा संशोधन राज्यपालको अनुमोदनबिना पुरस्थापन गर्न र अघि बढाउन सकिने छैन र त्यस्तो प्रावधान बनाउने विधेयक विधान परिषद्मा पुरस्थापन गर्न सकिने छैन:

यद्यपि कुनै कर घटाउन अथवा उन्मूलन गर्नका निम्ति प्रावधान गर्ने कुनै संशोधन प्रस्ताव गर्नाका निम्ति यस खण्ड अन्तर्गत अनुमोदन चाहिने छैन।

(२) कुनै विधेयक वा संशोधनले जरिमाना वा अन्य आर्थिक दण्डहरूको अधिरोपण वा अनुज्ञप्तिहरूका निम्ति शुल्कको वा गरिएका सेवाहरूका निम्ति शुल्कको माग वा त्यसको भुक्तानी गर्ने प्रावधान गर्दछ भन्दैमा वा यसले कुनै प्राधिकारी वा निकायद्वारा स्थानीय प्रयोजनहरूका निम्ति कर अधिरोपण, उन्मूलन, परिहार, परिवर्तन वा विनियमन गर्ने प्रावधान गर्दछ भन्दैमा यसलाई उक्त विषयहरूमध्ये कुनैबारे प्रावधान गर्ने विधेयक वा संशोधन मानिने छैन।

(३) कुनै विधेयक अधिनियमित र प्रवर्तित गरिएका खण्डमा राज्यको सर्वसञ्चित कोषबाट खर्च गर्नु पर्ने स्थितिमा राज्यपालले उक्त विधेयकमाथि विचार गर्नका लागि सदनलाई अनुमोदित नगरुन्जेल उक्त विधेयक राज्यको विधायिकाको कुनै सदनद्वारा पारित गरिने छैन।

*सामान्यतः प्रक्रिया*

**२०८. प्रक्रियाका नियम**– (१) यस संविधानका प्रावधानहरूका अधीनमा रही राज्यको विधायिकाको कुनै सदनले आफ्नो प्रक्रिया * अनि आफ्नो कार्य सञ्चालनको विनियमनका निम्ति नियम बनाउन सक्ने छ।

(२) जबसम्म खण्ड) ( अन्तर्गत नियम बनाइँदैन तबसम्म यस संविधान लागु हुन तत्काल अघि लागु भएका सम्बन्धित प्रान्तको विधायिकासँग सम्बन्ध राख्ने प्रक्रियाका नियम र स्थायी आदेशहरू विधानसभाका अध्यक्ष वा विधानपरिषद्का सभापतिद्वारा यथासन्दर्भ तिनमा गर्न सकिने परिवर्तन र अनुकूलनका अधीनमा रही राज्यको विधायिकाका सम्बन्धमा प्रभावकारी रहने छन्। ।

(३) विधानपरिषद् भएका राज्यमा राज्यपालले विधानसभाका अध्यक्ष र विधान परिषद्का सभापतिसँग परामर्श गरेपछि दुई सदनमाझ हुने सञ्चारसँग सम्बन्धित प्रक्रियाका नियम बनाउन सक्ने छन्।

---

* संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ३५(मिति तोकिन बाँकी छ) द्वारा "(जसमा सदनको अधिवेशनका लागि आवश्यक गणपूर्ति समाविष्ट रहेको छ)" बन्धनी र शब्दहरू अन्तःस्थापित। संविधान(चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४५-द्वारा (२०.६.१९७९-देखि) यो संशोधन त्यक्त।

**२०९. राज्यका विधायिकामा वित्तीय कार्यसम्बन्धी प्रक्रियाको विधिद्वारा विनियमन**– कुनै राज्यको विधायिकाले वित्तीय कार्य समयभित्रै पुरा गर्ने प्रयोजनका निम्ति कुनै वित्तीय विषयसँग सम्बन्धित अथवा राज्यको सर्वसञ्चित कोषबाट धनको विनियोग गर्नाका निम्ति रहेको कुनै विधेयकसँग सम्बन्धित राज्यको विधायिकाका सदन वा सदनहरूका प्रक्रिया अनि कार्य सञ्चालनको विनियमन विधिद्वारा गर्न सक्ने छ तथा यदि अनि जहाँसम्म यस प्रकार बनाइएको कुनै विधिको कुनै प्रावधान अनुच्छेद २०८-को खण्ड (१) अन्तर्गत राज्यका विधायिकाका सदनहरू वा कुनै एउटा सदनद्वारा बनाइएको नियमसँग अथवा सो अनुच्छेदको खण्ड (२) अन्तर्गत राज्यको विधायिकाका सम्बन्धमा प्रभावकारी कुनै नियम वा स्थायी आदेशसँग असङ्गत भएका खण्डमा अनि जहाँसम्म त्यसरी असङ्गत हुन्छ त्यहाँसम्म यस्तो प्रावधान अभिभावी हुने छ।

**२१०. विधायिकामा प्रयोग गरिने भाषा**– (१) भाग १६-मा जुनुसुकै कुरा भए तापनि अनुच्छेद ३४८-का प्रावधानहरूका अधीनमा रही राज्यका विधायिकाको कार्य राज्यको राजभाषा अनि राज्यका भाषाहरू अथवा हिन्दीमा वा अङ्ग्रेजीमा गरिने छ:

यद्यपि यथासन्दर्भ विधानसभाका अध्यक्ष वा विधान परिषद्का सभापति अथवा त्यस रूपमा कार्य गर्ने व्यक्तिले पूर्वोक्त भाषाहरूमध्ये कुनै पनि भाषामा पर्याप्त रूपमा स्वयम्लाई अभिव्यक्त गर्न नसक्ने कुनै सदस्यलाई उनका मातृभाषामा सदनलाई सम्बोधन गर्ने अनुमति दिन सक्ने छन्।

(२) राज्यको विधायिकाले विधिद्वारा अन्यथा प्रावधान नगरेसम्म यो संविधान लागु भएको पन्ध्र वर्ष अवधि समाप्त भएपछि यो अनुच्छेद "वा अङ्ग्रेजीमा" भन्ने शब्दहरूलाई त्यसबाट हटाइएझैं मानेर प्रभावकारी हुने छ:

[1][यद्यपि [2][हिमाचल प्रदेश, मणिपुर, मेघालय र त्रिपुरा राज्यहरूका विधायिका)-का सम्बन्धमा यो खण्ड यसमा आएको "पन्ध्र वर्ष" भन्ने शब्दलाई "पच्चीस वर्ष" शब्दले प्रतिस्थापन गरिएझैं मानेर प्रभावकारी हुने छ।]

[3][यद्यपि [4][[5][अरुणाचल प्रदेश, गोवा र मिजोरम राज्यहरूका विधायिका]-का सम्बन्धमा यो खण्ड यसमा आउने "पन्ध्र वर्ष" भन्ने शब्दलाई "चालीस वर्ष" शब्दले प्रतिस्थापन गरिएझैं गरी प्रभावकारी हुने छ।]

---

[1] हिमाचल प्रदेश राज्य अधिनियम, १९७० (१९७०-को ५३) को धारा ४६-द्वारा (२५.१.१९७१-देखि) अन्तः स्थापित।

[2] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) को धारा ७१-द्वारा (२१.१.१९७२-देखि) "हिमाचल प्रदेश राज्यको विधायिका" का स्थानमा प्रतिस्थापित।

[3] मिजोरम राज्य अधिनियम, १९८६ (१९८६-को ३४) को धारा ३९-द्वारा (२०.२.१९८७-देखि) अन्तः स्थापित।

[4] अरुणाचल प्रदेश राज्य अधिनियम, १९८६ (१९८६-को ६९) को धारा ४२-द्वारा "मिजोरम राज्यको विधायिका" का स्थानमा (२०.२.१९८७-देखि) प्रतिस्थापित।

[5] गोवा, दमन अनि दीव पुनर्गठन अधिनियम, १९८७ (१९८७-को १८) को धारा ६३-द्वारा (३०.५.१९८७-देखि) "अरुणाचल प्रदेश अनि मिजोरम" का स्थानमा प्रतिस्थापित।

**२११. विधायिकामा चर्चामाथि निषेध**– सर्वोच्च न्यायालय अथवा कुनै उच्च न्यायालयका कुनै न्यायाधीशले आफ्ना कर्त्तव्यहरूको निर्वहनमा गरिएका आचरणका विषयमा राज्यको विधायिकामा कुनै चर्चा हुने छैन।

**२१२. न्यायालयद्वारा विधायिकाका कार्यवाहीहरूको जाँच नगरिनु**– (१) राज्यको विधायिकाको कुनै पनि कार्यवाहीको वैधतामाथि प्रक्रियाको कुनै आरोपित अनियमितताका आधारमा प्रश्न उठाइने छैन।

(२) यस संविधानद्वारा वा यसका अधीनमा विधायिकामा प्रक्रिया वा कार्य सञ्चालनको विनियमन गर्ने अथवा व्यवस्था सम्हाल्ने शक्ति निहित भएको राज्यको विधायिकाका कुनै अधिकारी अथवा सदस्यले ती शक्ति प्रयोग गरेकामा उनीहरू कुनै न्यायालयको अधिकारक्षेत्र अधीन हुने छैनन्।

## अध्याय ४– राज्यपालको विधायिकी शक्ति

**२१३. विधायिकाका विश्रामकालमा अध्यादेश जारी गर्ने राज्यपालको शक्ति**– (१) कुनै राज्यको विधानसभा सत्र चलेको समयबाहेक अथवा विधानपरिषद् भएको राज्यमा दुवै सदनहरूका सत्र चलेको समयबाहेक तत्काल कार्यवाही गर्न आवश्यक पर्ने परिस्थिति विद्यमान भएका कुरामा राज्यपाल आश्वस्त भएका खण्डमा उनले जुनसुकै बेला परिस्थितिअनुसार आवश्यक परेका अध्यादेश जारी गर्न सक्ने छन्:

यद्यपि–

(क) यस संविधानअन्तर्गत उही प्रावधानहरू समावेश भएको विधेयकविधायिकामा पुरस्थापन गर्नाका लागि राष्ट्रपतिको पूर्वस्वीकृति आवश्यक हुने भएका खण्डमा; अथवा

(ख) तिनले उही प्रावधान समावेश भएको विधेयक राष्ट्रपतिको विचारका निम्ति आरक्षित राख्न आवश्यक ठानेका खण्डमा; अथवा

(ग) उही प्रावधानहरू समावेश भएको राज्यको विधायिकाको अधिनियम राष्ट्रपतिको विचारका लागि आरक्षित राखेर राष्ट्रपतिको अनुमति प्राप्त नगरेकाले सो अधिनियम यस संविधान अन्तर्गत विधिअमान्य हुने भएका खण्डमा;

– राज्यपालले राष्ट्रपतिका अनुदेशबाहेक कुनै यस्तो अध्यादेश जारी गर्ने छैनन्।

(२) यस अनुच्छेद अन्तर्गत जारी अध्यादेशको बल अनि प्रभाव राज्यपालद्वारा अनुमतिप्राप्त राज्यको विधायिकाले बनाएको अधिनियम अनुरूप हुने छ तर यस्तो प्रत्येक अध्यादेश–

(क) राज्यको विधानसभा समक्ष अनि विधानपरिषद् भएका राज्यमा दुवै सदनहरू समक्ष राखिने छ तथा विधायिका पुनः सम्मिलित भएको छ हप्ता समाप्त भएपछि वा त्यो अवधि समाप्त हुनअघि विधानसभाले त्यसलाई अनुमोदन नगर्ने निर्णय पारित गरेका खण्डमा अनि विधानपरिषद् छ भने सो विधानपरिषद् त्यस निर्णयसँग सहमत भएका खण्डमा यथासन्दर्भ निर्णय पारित भएमा अथवा विधानपरिषद् निर्णयसँग सहमत भएमा प्रर्वतनमा रहने छैन; अनि

(ख) राज्यपालद्वारा कुनै पनि समय फिर्ता लिन सकिने छ।

*स्पष्टीकरण–* विधानपरिषद् भएको राज्यमा विधायिकाका सदनहरूलाई बेग्लाबेग्लै मितिहरूमा पुनः सम्मिलित हुनका निम्ति आह्वान गरिएका स्थितिमा यस खण्डको प्रयोजनका निम्ति छ हप्ता अवधिको गणना ती मितिहरूमध्ये पछिल्लो मितिदेखि गरिने छ।

(३) यस अनुच्छेद अन्तर्गत कुनै अध्यादेशले राज्यपालले अनुमति दिएको राज्यको विधायिकाको अधिनियममा विधिमान्य नहुने कुनै प्रावधान बनाएका खण्डमा अनि जहाँसम्म यस्तो प्रावधान बनाइन्छ त्यहाँसम्म यो अध्यादेश निष्क्रिय हुने छ:

यद्यपि समवर्ती सूचीमा प्रगणित कुनै विषयका सम्बन्धमा रहेको संसद्को कुनै अधिनियम अथवा विद्यमान विधिविरुद्ध रहेको राज्यको विधायिकाको कुनै अधिनियमको प्रभावसँग सम्बन्धित यस संविधानका प्रावधानहरूका निम्ति राष्ट्रपतिका अनुदेशहरूको अनुसरण गर्दै यस अनुसूची अन्तर्गत जारी गरिएको अध्यादेशलाई राष्ट्रपतिको विवेचनाका निम्ति आरक्षित गरिएको अनि उनको अनुमति प्राप्त भएको राज्यको विधायिकाको अधिनियम मानिने छ।

[1](४)* * * * *

---

[1] संविधान (अडतिसौँ संशोधन) अधिनियम, १९७५-को धारा ३-द्वारा (पूर्वप्रभावसहित) खण्ड (४) अन्तःस्थापित गरिएको थियो तथा संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २७-द्वारा (२०.६.१९७९-देखि) त्यक्त।

## अध्याय ५– राज्यहरूमा उच्च न्यायालय

**२१४. राज्यहरूका लागि उच्च न्यायालय**–[1]***प्रत्येक राज्यका निम्ति एउटा उच्च न्यायालय हुने छ।

[2](२)* * * *

[2](३)* * * *

**२१५. उच्च न्यायालयहरू अभिलेखका न्यायालय हुनु**– प्रत्येक उच्च न्यायालय अभिलेखको न्यायालय हुने छ अनि त्यसलाई आफ्नो अवमाननाका निम्ति दण्ड दिने शक्तिसहित यस्ता न्यायालयका सबै शक्तिहरू हुने छन्।

**२१६. उच्च न्यायालयहरूको गठन**– प्रत्येक उच्च न्यायालय राष्ट्रपतिले समय समयमा नियुक्त गर्न आवश्यक ठानेका मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरू मिलेर बनिने छ ।

[3]* * * * *

**२१७. उच्च न्यायालयका न्यायाधीशको नियुक्ति र तिनका पदका सर्तहरू**– (१) प्रत्येक उच्च न्यायालयका न्यायाधीशलाई [4][अनुच्छेद १२४क मा निर्दिष्ट राष्ट्रिय न्यायिक नियुक्ति आयोगको अनुमोदनपूर्वक] राष्ट्रपतिले आफ्नो हस्ताक्षर तथा सिलमोहरसहित अधिपत्रद्वारा नियुक्त गर्ने छन् अनि राज्यपाल तथा मुख्य न्यायाधीशभन्दा भिन्न कुनै न्यायाधीशको नियुक्तिका स्थितिमा उच्च न्यायालयका मुख्य न्यायाधीशले [5][अतिरिक्त वा कार्यकारी न्यायाधीशका स्थितिमा अनुच्छेद २२४-माप्रावधान गरिए अनुसार पद धारण गर्ने छन् र अन्य कुनै स्थितिमा तबसम्म पद धारण गर्ने छन् जबसम्म उनले [6][बासट्ठी वर्षको आयु पुरा गर्दैनन्: ]]

यद्यपि–

(क) कुनै न्यायाधीशले राष्ट्रपतिलाई सम्बोधन गरिएको आफ्नो हस्ताक्षरसहितको लेखद्वारा आफ्नो पद त्याग गर्न सक्ने छन्;

(ख) सर्वोच्च न्यायालयको न्यायाधीश पदबाट हटाउनका निम्ति अनुच्छेद १२४-को खण्ड

---

[1] संविधान(सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा बन्धनी अनि अङ्क "(१)" त्यक्त।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६को धारा २९ अनि अनुसूचीद्वारा खण्ड (२) तथा (३) त्यक्त।

[3] संविधान(सातौँ संशोधन) अधिनियम, १९५६-को धारा ११-द्वारा उपबन्ध त्यक्त।

[4] संविधान (उनान्सयौँ संशोधन) अधिनियम, २०१४, धारा ६ द्वारा "भारतका मुख्य न्यायाधीश, राज्यका राज्यपाल अनि मुख्य न्यायाधीशभन्दा भिन्न कुनै न्यायाधीशका नियुक्तिका स्थितिमा उच्च न्यायालयका मुख्य न्यायाधीशसँग परामर्श गरेपछि" (१३.४.२०१५-देखि)प्रतिस्थापित। सुप्रिम कोर्ट एड्भोकेट्स् अन् रेकर्ड एसोसिएसन अनि अन्य *बनाम* भारत सङ्घ मामिलामा सर्वोच्च न्यायालयको मिति१६.१०.२०१५, एआइआर २०१६, एससी ११७को निर्णयद्वारा यो संशोधन खारेज गरिएको हो।

[5] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा १२-द्वारा (१.११.१९५६-देखि) "उनले साठी वर्षको उमेर पुरा नगरेसम्म पद धारण गर्ने छन्" का स्थानमा प्रतिस्थापित।

[6] संविधान (पन्ध्रौँ संशोधन) अधिनियम १९६३, धारा ४ (क) द्वारा (५. १०.१९६३-देखि) 'साठी वर्ष' का स्थानमा प्रतिस्थापित।

(४)-मा उल्लेख गरिएको प्रावधानअनुसार कुनै न्यायाधीशलाई राष्ट्रपतिद्वारा पदबाट हटाउन सकिने छ;

(ग) राष्ट्रपतिद्वारा कुनै न्यायाधीशलाई सर्वोच्च न्यायालयका न्यायाधीश नियुक्त गरिएमा अथवा राष्ट्रपतिद्वारा उनलाई भारतको राज्यक्षेत्रमा रहेको कुनै उच्च न्यायालयमा स्थानान्तरण गराइएमा उनको पद रिक्त हुने छ।

(२) कुनै व्यक्ति भारतको नागरिक नहुँदा अनि–

(क) भारतको राज्यक्षेत्रमा कम्तीमा दस वर्षसम्म न्यायिक पद धारण नगर्दा; अथवा

(ख) कुनै उच्च न्यायालय [1]*** वा यस्ता दुई वा अधिक न्यायालयहरूमा निरन्तर[2]*** रूपमा कम्तीमा दस वर्षसम्म अधिवक्ता नरहँदा;

[2][(ग)* * * * *]

–कुनै उच्च न्यायालयको न्यायाधीशका रूपमा नियुक्तिका निम्ति योग्य हुने छैन।

*स्पष्टीकरण*– यस खण्डका प्रयोजनहरूका निम्ति–

[3][(क) भारतको राज्यक्षेत्रमा कुनै व्यक्ति न्यायिक पदमा रहेको अवधि गणना गर्दा उनले कुनै पनि न्यायिक पद धारण गरेपछि कुनै उच्च न्यायालयको अधिवक्ता रहेको वा कुनै अधिकरणको सदस्य पद अथवा सङ्घ वा राज्यका अधीनमा विधिको विशेष ज्ञान आवश्यक पर्ने कुनै पद धारण गरेको अवधि सम्मिलित गरिने छ;]

[4][(कक) कुनै व्यक्ति उच्च न्यायालयको अधिवक्ता रहेको अवधि गणना गर्दा अधिवक्ता बनेपछि सो व्यक्तिले [5][कुनै न्यायिक पद अथवा कुनै अधिकरणको सदस्य पद अथवा सङ्घ वा राज्यका अधीनमा विधिको विशेष ज्ञान आवश्यक पर्ने कुनै पद धारण गरेको अवधि] सम्मिलित गरिने छ;]

(ख) कुनै व्यक्तिले भारतको राज्यक्षेत्रमा न्यायिक पद धारण गरेको अथवा कुनै उच्च न्यायालयको अधिवक्ता रहेको अवधि गणना गर्दा सो व्यक्तिले यो संविधान लागु हुनअघि पन्ध्र

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "पहिलो अनुसूचीमा विनिर्दिष्ट जुनसुकै राज्यमा" शब्दहरू त्यक्त।

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ३६-द्वारा (३.१.१९७७-देखि) शब्द "वा" अनि उपखण्ड (ग) अन्तःस्थापित तथा संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २८-द्वारा (२०.६.१९७९-देखि) त्यक्त।

[3] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २८-द्वारा (२०.६.१९७९-देखि) अन्तःस्थापित।

[4] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २८-द्वारा (२०.६.१९७९-देखि) खण्ड (क) लाई खण्ड (कक) को रूपमा पुनः अक्षराङ्कित गरियो।

[5] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ३६-द्वारा (३.१.१९७७-देखि) "न्यायिक पद धारण गरेको" का स्थानमा प्रतिस्थापित।

अगस्त १९४७अघि भारत शासन अधिनियम, १९३५-मा परिभाषित भारतमा समाविष्ट कुनै क्षेत्रमा न्यायिक पदधारण गरेको अवधि वा यथासन्दर्भ यस्तो कुनै क्षेत्रमा रहेको उच्च न्यायालयको अधिवक्ता रहेको अवधि पनि सम्मिलित गरिने छ।

[1][(३) उच्च न्यायालयका कुनै न्यायाधीशको आयुबारे कुनै प्रश्न उठेका खण्डमा सो प्रश्नको निर्णय भारतका मुख्य न्यायाधीशसँग परामर्श गरेपछि राष्ट्रपतिद्वारा गरिने छ अनि राष्ट्रपतिको निर्णय नै अन्तिम निर्णय हुने छ।]

**२१८. सर्वोच्च न्यायालयसँग सम्बन्धित केही प्रावधानहरूको उच्च न्यायालयहरूमा अनुप्रयोग**– सर्वोच्च न्यायालयप्रति रहेका निर्देशहरू उच्च न्यायालय प्रति गरिएका निर्देशका रूपमा प्रतिस्थापित भएर अनुच्छेद १२४-का खण्ड (४) अनि खण्ड (५)-का प्रावधानहरू सर्वोच्च न्यायालयका सम्बन्धमा लागु भए जसरी नै उच्च न्यायालयका सम्बन्धमा पनि लागु हुने छन्।

**२१९. उच्च न्यायालयका न्यायाधीशहरूद्वारा शपथ वा अभिपुष्टि**– [2]***उच्च न्यायालयको न्यायाधीश हुनका लागि नियुक्त प्रत्येक व्यक्तिले पद ग्रहण गर्नअघि सो राज्यका राज्यपाल वा तिनीद्वारा यस कार्यका निम्ति नियुक्त व्यक्तिसमक्ष तेस्रो अनुसूचीमा यस प्रयोजनका लागि दिइएको प्ररूपअनुसार शपथ वा अभिपुष्टि गर्ने छन् अनि हस्ताक्षर गर्ने छन्।

[3]**[२२०. स्थायी न्यायाधीश बनेपछि विधि व्यवसायमाथि निषेध** – यो संविधान लागु भएपछि सर्वोच्च न्यायालय एवम् कुनै पनि उच्च न्यायालयका स्थायी न्यायाधीशका रूपमा पद धारण गरेका कुनै पनि व्यक्तिले भारतको सर्वोच्च न्यायालय एवम् अन्य उच्च न्यायालयबाहेक अन्य कुनै प्राधिकारी समक्ष वकालत गर्ने वा कार्य गर्ने छैनन्।

[*स्पष्टीकरण*– यस अनुच्छेदमा "उच्च न्यायालय" पदअन्तर्गत संविधान (सातौँ संशोधन) अधिनियम १९५६ लागु[4] हुनअघि विद्यमान पहिलो अनुसूचीको भाग (ख)-मा निर्दिष्ट राज्यको उच्च न्यायालय समाविष्ट हुँदैन।]

**२२१. न्यायाधीशका वेतन आदि**– [5][(१) प्रत्येक उच्च न्यायालयका न्यायाधीशलाई संसद्ले विधिद्वारा निर्धारित गरेका वेतनहरू भुक्तानी गरिने छ अनि जबसम्म यसका लागि यसरी प्रावधान गरिँदैन तबसम्म दोस्रो अनुसूचीमा निर्दिष्ट गरेअनुसारका वेतनहरू भुक्तानी गरिने छ।]

---

[1] संविधान (पन्ध्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ४-द्वारा (पूर्वप्रभाव सहित) अन्तः स्थापित।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ तथा अनुसूचीद्वारा (१.११.१९५६देखि) "कुनै राज्यमा" शब्दहरू त्यक्त।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा १३-द्वारा (१.११.१९५६देखि) प्रतिस्थापित।

[4] १ नोभेम्बर १९५६

[5] संविधान (चौवन्नौँ संशोधन) अधिनियम, १९८६-को धारा ३-द्वारा (१.४.१९८६-देखि) खण्ड (१) का स्थानमा प्रतिस्थापित।

(२) प्रत्येक न्यायाधीश अनुपस्थिति बिदा र पेन्सनका सम्बन्धमा संसद्ले विधिद्वारा वा सोअन्तर्गत समय समयमा निर्धारण गरेका भत्ता र अधिकारहरूका हकदार हुने छन् अनि जबसम्म यसरी निर्धारण गरिँदैन तबसम्म दोस्रो अनुसूचीमा विनिर्दिष्ट भत्ता एवम् अधिकारहरूका हकदार हुने छन्:

यद्यपि कुनै न्यायाधीशको नियुक्तिपछि अनुपस्थिति बिदा वा पेन्सनसम्बन्धी उनका भत्ताहरू र अधिकारहरूमा उनलाई घाटा हुने गरी कुनै परिवर्तन गरिने छैन।

**२२२. कुनै न्यायाधीशको एउटा उच्च न्यायालयबाट अर्को उच्च न्यायालयमा स्थानान्तरण**– (१) [1][धारा १२४ क मा उल्लेख गरिएको राष्ट्रिय न्यायिक नियुक्ति आयोगको सिफारिस अनुसार] राष्ट्रपतिले [2]***कुनै न्यायाधीशलाई एउटा उच्च न्यायालयबाट अर्को उच्च न्यायालयमा स्थानान्तरण गर्न सक्ने छन् ।

[3](२) [संविधान (पन्ध्रौँ संशोधन) अधिनियम, १९६३ लागु भएपछि आफ्नो सेवा अवधिमा अन्य उच्च न्यायालयको न्यायाधीशका रूपमा कुनै न्यायाधीशलाई यसरी स्थानान्तरण गरिएका स्थितिमा उनी आफ्नो वेतनबाहेक संसद्ले विधिद्वारा निर्धारण गरेको क्षतिपूर्ति भत्ता प्राप्त गर्ने हकदार हुने छन् र यसरी निर्धारण नगरेसम्म राष्ट्रपतिले आदेशद्वारा निर्धारण गरेअनुसारको क्षतिपूर्ति भत्ता प्राप्त गर्ने हकदार हुने छन्।]

**२२३. कार्यकारी मुख्य न्यायाधीशको नियुक्ति**–कुनै उच्च न्यायालयका मुख्य न्यायाधीशको पद रिक्त हुँदा अथवा अनुपस्थिति वा कुनै अन्य कारणले यस्ता मुख्य न्यायाधीशले आफ्नो पदका कर्त्तव्यहरू पालन गर्न असमर्थ हुँदा राष्ट्रपतिले यस प्रयोजनका निम्ति नियुक्त गरेका न्यायालयका अन्य न्यायाधीशहरूमध्ये कुनै एकजनाले सो पदका कर्त्तव्य निर्वाह गर्ने छन्।

[4][**२२४. अतिरिक्त र कार्यकारी न्यायाधीशहरूको नियुक्ति**– (१) कुनै उच्च न्यायालयमा अस्थायी रूपमा कार्य वृद्धि हुँदा वा तिनका कार्य थातीमा रहँदा राष्ट्रपतिलाई केही समयका लागि

---

[1] संविधान (उनान्सयौँ संशोधन) अधिनियम, २०१४को धारा ७-द्वारा (१३.४.२०१५-देखि) "भारतका मुख्य न्यायाधीशसँग परामर्श गरेपछि" का स्थानमा प्रतिस्थापित। सुप्रिम कोर्ट एड्भोकेट्स अन् रेकर्ड एसोसिएसन अनि अन्य *बनाम* भारत सङ्घ मामिलामा सर्वोच्च न्यायालयको मिति१६.१०.२०१५, एआइआर २०१६, एससी ११७को निर्णयद्वारा यो संशोधन खारेज गरिएको हो।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा १४-द्वारा (१.११.१९५६-देखि) "भारतको राज्यक्षेत्रभित्र" शब्दहरू त्यक्त।

[3] संविधान (पन्ध्रौँ संशोधन) अधिनियम १९६३-को धारा ५-द्वारा (५.१०.१९६३-देखि) अन्तःस्थापित। संविधान (सातौँ संशोधन) अधिनियम १९५६-को धारा १४-द्वारा (१.११.१९५६-देखि) मूल खण्ड (२ )को त्यक्त।

[4] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६को धारा १५-द्वारा (१.११.१९५६-देखि) अनुच्छेद २२४ का स्थानमा प्रतिस्थापित।

सो न्यायालयका न्यायाधीशहरूको सङ्ख्या बढाउनु पर्छ भन्ने प्रतीत भएका खण्डमा [राष्ट्रपतिले राष्ट्रिय न्यायिक नियुक्ति आयोगसँग परामर्श गरी] यथोचित रूपमा योग्य व्यक्तिहरूलाई दुई वर्षभन्दा अनधिक अवधिका लागि न्यायालयका अतिरिक्त न्यायाधीशका रूपमा नियुक्त गर्न सक्ने छन्।

(२) कुनै उच्च न्यायालयका मुख्य न्यायाधीशबाहेक अन्य कुनै न्यायाधीश अनुपस्थिति वा अन्य कारणले आफ्नो पदका कर्त्तव्य पालन गर्नमा असमर्थ हुँदा वा मुख्य न्यायाधीशका रूपमा अस्थायी कार्य गर्नाका लागि उनलाई नियुक्त गरिँदा [1][राष्ट्रपतिले राष्ट्रिय न्यायिक नियुक्ति आयोगसँग परामर्श गरी] यथोचित रूपमा योग्य कुनै व्यक्तिलाई स्थायी न्यायाधीशले आफ्ना कर्त्तव्यहरू पुनः नसम्हालुन्जेल सो न्यायालयका न्यायाधीशका रूपमा नियुक्त गर्न सक्ने छन्।

(३) उच्च न्यायालयका अतिरिक्त अथवा कार्यकारी न्यायाधीशका रूपमा नियुक्त कुनै व्यक्तिले[2][बासट्ठी वर्ष]आयु पुगेपछि पद धारण गर्न पाउने छैनन्।]

[3][**२२४क. उच्च न्यायालयहरूका बैठकमा सेवानिवृत्त न्यायाधीशहरूको नियुक्ति**– यस अध्यायमा जुनसुकै कुरा भए तापनि [4][राष्ट्रपतिको पूर्व अनुमतिपूर्वक कुनै राज्यको उच्च न्यायालयका मुख्य न्यायाधीशले राष्ट्रिय न्यायिक नियुक्ति आयोगलाई दिएका निर्देशका आधारमा] आयोगले सो न्यायालय वा अन्य कुनै उच्च न्यायालयमा न्यायाधीश रहेका व्यक्तिलाई सो राज्यको उच्च न्यायालयमा न्यायाधीशका रूपमा बस्न अनि कार्य गर्न अनुरोध गर्न सक्ने छ अनि त्यसरी बसेका अनि कार्य गरेका बेला त्यसरी अनुरोध गरिएको व्यक्ति राष्ट्रपतिको आदेशअनुसार निर्धारित भत्ता र पदको हकदार हुने छ तथा सो व्यक्तिलाई उच्च न्यायालयका न्यायाधीशका सबै अधिकारक्षेत्र,शक्ति अनि सुविधा प्राप्त हुने छन् तर सो व्यक्तिलाई अन्यथा सो उच्च न्यायालयको न्यायाधीश मानिने छैन:

यद्यपि यथापूर्वोक्त व्यक्तिले सो उच्च न्यायालयका न्यायाधीशका रूपमा बस्ने र कार्य गर्ने सहमति नदिन्जेल यस अनुच्छेदको कुनै कुराले सो व्यक्तिले यसो गर्नु पर्ने अपेक्षा गरेको मानिने छैन।]

---

[1] संविधान (उनान्सयौँ संशोधन) अधिनियम, २०१४-को धारा ८-द्वारा (१३.४.२०१५देखि) "राष्ट्रपतिले नियुक्त गर्न सक्ने छन्" का स्थानमा प्रतिस्थापित। *सुप्रिम कोर्ट एड्भोकेट्स अन् रेकर्ड एसोसिएसन अनि अन्य बनाम भारत सङ्घ* मामिलामा सर्वोच्च न्यायालयको मितिः१६.१०.२०१५, एआइआर २०१६, एससी ११७को निर्णयद्वारा यो संशोधन खारेज गरिएको हो।

[2] संविधान (पन्ध्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ६-द्वारा "साठी वर्ष" का स्थानमा प्रतिस्थापित।

[3] संविधान(पन्ध्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ७-द्वारा (५.१०.१९६३-देखि) अन्तः स्थापित।

[4] संविधान (उनान्सयौँ संशोधन) अधिनियम, २०१४-को धारा ९-द्वारा (१३.४.२०१५-देखि) "कुनै राज्यका मुख्य न्यायाधीशले कुनै पनि समय राष्ट्रपतिको पूर्व सहमतिपूर्वक"–का स्थानमा प्रतिस्थापित। *सुप्रिम कोर्ट एड्भोकेट्स अन् रेकर्ड एसोसिएसन अनि अन्य बनाम भारत सङ्घ* मामिलामा सर्वोच्च न्यायालयको मितिः१६.१०.२०१५, एआइआर २०१६, एससी ११७को निर्णयद्वारा यो संशोधन खारेज गरिएको हो।

**२२५. विद्यमान उच्च न्यायालयहरूको अधिकारक्षेत्र**– यस संविधानका प्रावधानहरूका अधीनमा रही र यस संविधानद्वारा यथोचित विधायिकालाई प्रदान गरिएका शक्तिहरूका आधारमा सोही विधायिकाद्वारा बनाइएको कुनै विधिका प्रावधानका अधीनमा रही कुनै विद्यमान उच्च न्यायालयका अधिकारक्षेत्र र सो न्यायालयमा प्रशासित विधि तथा न्यायालयका नियम बनाउने शक्ति तथा सो न्यायालयका र एकल अथवा खण्ड न्यायालयमा बस्ने यसका सदस्यका बैठकहरू विनियमन गर्ने शक्तिसहित न्याय प्रदान गर्ने सम्बन्धमा सो न्यायालयका न्यायाधीशहरूका शक्ति यो संविधान लागु हुने तत्काल अघि जस्ता थिए त्यस्तै हुने छन्:

[1][यद्यपि राजस्वसम्बन्धी कुनै विषयमा अथवा राजस्व सङ्कलन गर्ने सम्बन्धमा आदिष्ट वा गरिएको कुनै कार्यका सम्बन्धमा कुनै उच्च न्यायालयहरूद्वारा गरिएको प्रारम्भिक अधिकारक्षेत्रको प्रयोग यो संविधान लागु हुनअघि प्रतिबन्धको विषय भएका खण्डमा अब उसो सो प्रतिबन्ध यस्ता अधिकारक्षेत्रको प्रयोगमा लागु हुने छैन ।]

[2]**[२२६. कतिपय रिट जारी गर्ने उच्च न्यायालयको शक्ति**– (१) अनुच्छेद ३२-मा जुनसुकै कुरा भए तापनि[3]*** प्रत्येक उच्च न्यायालयलाई आफ्नो अधिकारक्षेत्र प्रयोग गर्ने समग्र राज्यक्षेत्रका सम्बन्धमा [4][भाग ३-द्वारा प्रदान गरिएका अधिकारहरूमध्ये कुनै अधिकार प्रवर्तन गराउनका लागि र अन्य कुनै प्रयोजनका लागि] ती राज्य क्षेत्रभित्र कुनै व्यक्ति वा प्राधिकारीलाई अथवा यथोचित मामिलाहरूमा कुनै सरकारलाई बन्दी प्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकार-पृच्छा र उत्प्रेषण प्रकृतिका रिट वा यीमध्ये कुनै सहितको निर्देश, आदेश वा रिट जारी गर्ने शक्ति हुने छ ।]

(२) खण्ड(१) ले कुनै सरकार, प्राधिकारी अथवा व्यक्तिलाई निर्देश, आदेश अथवा रिट जारी गर्न दिएको शक्ति कुनै पनि न्यायालयले आंशिक वा पूर्ण रूपमा यस्तो शक्ति प्रयोग गर्नु पर्ने परिस्थिति आइपरे सम्बन्धित राज्य क्षेत्रमा प्रयोग गर्न सक्ने छ, भलै त्यस्ता सरकारको वा प्राधिकारीको स्थान अथवा त्यस्ता व्यक्तिको निवास स्थान ती क्षेत्रभित्र नपरोस् ।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ३७-द्वारा (१.२.१९७७-देखि) त्यक्त अनि त्यसपछि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा २९-द्वारा (२०.०६.१९७९-देखि) अन्तःस्थापित ।

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ३८-द्वारा (१.१२.१९७७-देखि) अनुच्छेद २२६ का स्थानमा प्रतिस्थापित ।

[3] संविधान (त्रिचालीसौँ संशोधन) अधिनियम, १९७७-को धारा ७-द्वारा (१३.४.१९७८-देखि) "तर अनुच्छेद १३१ क अनि २२६क-का प्रावधानहरूका अधीनमा रही" भन्ने शब्द, अङ्क र अक्षरहरू त्यक्त ।

[4] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३०-द्वारा (१.८.१९७९देखि) "बन्दी प्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकार–पृच्छा तथा उत्प्रेषण प्रकृतिका रिट अथवा यीमध्ये कुनै" बाट प्रारम्भ भएर "यस्तो अवैधताले गर्दा न्याय गम्भीर रूपमा विफल भएको छ" शब्दहरूमा समाप्त भएको भागका स्थानमा प्रतिस्थापित ।

[1][(३) कुनै पक्षकारविरुद्ध खण्ड (१) अन्तर्गत कुनै याचिकामा वा त्यससँग सम्बन्धित कार्यवाहीमा निषेधाज्ञा वा स्थगन आदेशका रूपमा वा अन्य कुनै रीतिले कुनै अन्तरिम आदेश –

(क) यस्ता पक्षकारलाई यस्तो याचिका र यस्तो अन्तरिम आदेशका लागि गरिएको आवेदनका समर्थनमा यस्ता याचिकाका अनि सबै दस्तावेजहरूका प्रतिलिपि नदिइकन; अनि

(ख) यस्ता पक्षकारलाई सुनवाइको अवसर नदिइकन;

–दिइएका खण्डमा सो पक्षकारले उच्च न्यायालयमा यस्तो आदेश रद्द गराउनका लागि आवेदन गरेर जसका पक्षमा त्यस्तो आदेश दिइएको छ सो पक्षलाई अथवा त्यस्ता पक्षको परामर्शदातालाई यस्ता आवेदनको प्रतिलिपि दिएका खण्डमा यो आवेदन प्राप्त भएको मिति अथवा त्यस्तो आवेदनको प्रतिलिपि दिइएको मितिमध्ये जुन चाहिँ पछिल्लो हो त्यसको दुईहप्ता अवधिभित्र अथवा सो अवधिको अन्तिम दिन उच्च न्यायालय बन्द भएका स्थितिमा उच्च न्यायालय खुल्ला भएपछिको भोलिपल्ट समाप्त हुनअघि नै उच्च न्यायालयले आवेदन निप्ट्याउने छ र यस प्रकारले आवेदन ननिप्ट्याइएका खण्डमा यथासन्दर्भ सो अवधि समाप्त भएपछि अथवा उक्त भोलिपल्टको दिन समाप्त भएपछि अन्तरिम आदेश रद्द हुने छ। ]

[2][(४) यस अनुच्छेदद्वारा उच्च न्यायालयलाई प्रदान गरिएको शक्तिद्वारा अनुच्छेद ३२-को खण्ड (२)- द्वारा सर्वोच्च न्यायालयलाई प्रदान गरिएको शक्तिको न्यूनीकरण हुने छैन।]

[3][**२२६क.** ***केन्द्रीय विधिको संवैधानिक वैधतामाथि अनुच्छेद २२६ अन्तर्गत कार्यवाहीमा विवेचना नगरिनु***]– संविधान (त्रिचालीसौँ संशोधन) अधिनियम, १९७७-को धारा ८-द्वारा (१३.४.१९७८-देखि) त्यक्त।

**२२७. सबै न्यायालयहरूको अधीक्षण गर्ने उच्च न्यायालयको शक्ति**–[4][(१) प्रत्येक उच्च न्यायालयले आफूले अधिकारक्षेत्र प्रयोग गर्ने प्रदेशहरूभरिका सबै न्यायालय अनि न्यायाधिकरणहरूको अधीक्षण गर्ने छ।]

---

[1] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३०-द्वारा (१.८.१९७९-देखि) खण्ड (३), खण्ड (४), खण्ड (५) तथा खण्ड (६) का स्थानमा प्रतिस्थापित।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३०-द्वारा (१.८.१९७९-देखि) खण्ड (७) लाई खण्ड(४) का रूपमा पुनः सङ्ख्याङ्कित गरियो।

[3] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ३९-द्वारा (१.२.१९७७-देखि) अन्तः स्थापित।

[4] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४०-द्वारा (१.२.१९७७-देखि) खण्ड (१) का स्थानमा प्रतिस्थापित अनि त्यसपछि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३१-द्वारा (२०.६.१९७९-देखि) खण्ड (१) का स्थानमा प्रतिस्थापित।

(२) पूर्वोल्लिखित प्रावधानका व्यापकतामाथि प्रतिकूल प्रभाव नपारीकन उच्च न्यायालयले–

(क) यस्ता न्यायालयहरूसँग विवरण माग्न सक्ने छ;

(ख) यस्ता न्यायालयका पद्धति अनि कार्यवाहीहरूको विनियमनका लागि सामान्य नियम बनाउन र जारी गर्न अनि प्ररूप निर्धारण गर्न सक्ने छ; अनि

(ग) कुनै यस्ता न्यायालयका अधिकारीहरूद्वारा पुस्तक, प्रविष्टि तथा लेखाहरू राखिने प्ररूप निर्धारण गर्न सक्ने छ।

(३) उच्च न्यायालयले यस्ता न्यायालयहरूका शेरिफ तथा सबै लिपिक एवम् अधिकारीहरूलाई तथा त्यहाँ विधि व्यवसाय गर्ने अटर्नी, उकिल र अधिवक्ताहरूलाई प्रदान गर्नु पर्ने शुल्कका सारिणी पनि निर्धारण गर्न सक्ने छ।

यद्यपि खण्ड (२) वा खण्ड (३) अन्तर्गत बनाइएका कुनै नियम,निर्धारित कुनै प्ररूप वा सारिणी सो समय प्रवर्तन भइरहेको कुनै विधिको प्रावधानसँग असङ्गत हुने छैन र यसका लागि राज्यपालको पूर्व अनुमोदनको आवश्यकता पर्ने छ।

(४) यस अनुच्छेदको कुनै पनि कुरालाई सशस्त्र बलहरूसँग सम्बन्धित कुनै विधिद्वारा वा सोअन्तर्गत गठित कुनै न्यायालय अथवा अधिकरणको अधीक्षण गर्ने शक्ति उच्च न्यायालयलाई दिने कुरा मानिने छैन।

[1](५) ****

**२२८. उच्च न्यायालयमा कतिपय मामिलाहरूको स्थानान्तरण**–उच्च न्यायालय अधीनस्थ कुनै न्यायालयमा थातीमा रहेको कुनै मामिलामा यस संविधानको व्याख्यासम्बन्धी विधिको कुनै गहकिलो प्रश्न समाविष्ट रहेको छ रमामिलाको निराकरणका लागि सो प्रश्नको निर्धारण आवश्यक छ भन्ने कुरामा उच्च न्यायालय आश्वस्त भएका खण्डमा [2][ [3]***उच्च न्यायालयले सो मामिला झिकाउने छ, अनि]

(क) कि त मामिला आफैँ निप्टाउन सक्ने छ; वा

(ख) उक्त विधिको प्रश्नको निर्धारण गर्न सक्ने छ अनि मामिला झिकाएको न्यायालयलाई त्यस्ता प्रश्नबारे गरिएको निर्णयको प्रतिलिपिसहित मामिला फिर्ता गर्न सक्ने छ अनि सो न्यायालयले निर्णयको प्रतिलिपि प्राप्त गरेपछि सो निर्णय अनुरूप मामिलाको निराकरणका लागि अघि बढ्ने छ।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४०-द्वारा (१.२.१९७७-देखि) खण्ड (५) अन्तः स्थापित तथा संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३१-द्वारा (२०.६.१९७९देखि) सो खण्ड त्यक्त।

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४१-द्वारा (१.२.१९७७-देखि) ‘मामिला आफूमा झिकाउने छ तथा’ का स्थानमा प्रतिस्थापित।

[3] संविधान (त्रिचालीसौँ संशोधन) अधिनियम, १९७७-को धारा ९-द्वारा (१३.४.१९७८-देखि) “अनुच्छेद १३१ क-का प्रावधानहरूका अधीनमा रही शब्द, अङ्क अनि अक्षरहरू त्यक्त।

[1][**२२८क.** *राज्य विधिको संवैधानिक वैधतासम्बन्धी प्रश्नहरूको निराकरणसम्बन्धी विशेष प्रावधान– संविधान (त्रिचालीसौँ संशोधन) अधिनियम, १९७७-को धारा १० द्वारा (१३.४.१९७८-देखि) त्यक्त।*

**२२९. उच्च न्यायालयहरूका अधिकारी अनि कर्मचारी तथा व्यय**– (१) उच्च न्यायालयका अधिकारी अनि कर्मचारीहरूको नियुक्ति सो न्यायालयका मुख्य न्यायाधीश अथवा उनले निर्देश गरेका अन्य न्यायाधीश वा अधिकारीले गर्ने छन् :

यद्यपि राज्यका राज्यपालले[2]*** नियमद्वारा नियममा विनिर्दिष्ट स्थितिहरूमा न्यायालयसँग अघिदेखि नै संलग्न नभएको कुनै पनि व्यक्तिलाई राज्य लोकसेवा आयोगसँग परामर्श गरेर मात्र न्यायालयसँग सम्बन्धित कुनै पदमा नियुक्त गर्नुपर्ने अपेक्षा राख्न सक्ने छन्।

(२) राज्यका विधायिकाद्वारा बनाइएको विधिका प्रावधानका अधीनमा रही उच्च न्यायालयका अधिकारी अनि कर्मचारीहरूका सेवाका सर्तहरू न्यायालयका मुख्य न्यायाधीशद्वारा वा यस प्रयोजनका निम्ति नियम बनाउन मुख्य न्यायाधीशद्वारा प्राधिकृत न्यायालयका अन्य न्यायाधीश वा अधिकारीद्वारा बनाइएका नियमहरूद्वारा निर्धारण गरिएअनुसार हुने छन्:

यद्यपि यस खण्ड अन्तर्गत बनाइएका नियमहरू वेतन, भत्ता, बिदा र पेन्सनसित सम्बन्धित भएसम्म तिनलाई सो राज्यका राज्यपालका [2]***अनुमोदनको आवश्यकता पर्दछ।

(३) उच्च न्यायालयका अधिकारी अनि कर्मचारीहरूलाई अथवा उनीहरूका सम्बन्धमा दिइने सबै वेतन, भत्ता तथा पेन्सनसहित उच्च न्यायालयको प्रशासनिक व्ययराज्यको सर्वसञ्चित कोषमाथि भारित हुँदछ अनि सो न्यायालयद्वारा लिइएका शुल्क तथा अन्य धनराशिहरू सो कोषका भाग हुने छन्।

[3][**२३०. उच्च न्यायालयको अधिकारक्षेत्रको केन्द्रशासित प्रदेशहरूमा विस्तार**– (१) संसद्ले विधिद्वारा कुनै केन्द्रशासित प्रदेशमा कुनै उच्च न्यायालयको अधिकारक्षेत्रको विस्तार वा कुनै उच्च न्यायालयको अधिकारक्षेत्रको अपवर्जन गर्न सक्ने छ।

(२) राज्यको उच्च न्यायालयले केन्द्रशासित प्रदेशका सम्बन्धमा अधिकारक्षेत्रको प्रयोग गर्दा–

(क) यस संविधानको कुनै पनि कुराको अर्थ यसले सो राज्यको विधायिकालाई सो अधिकारक्षेत्र बढाउन, प्रतिबन्ध गर्न वा समाप्त गर्नाका लागि सशक्त पार्दछ भनी लगाइने छैन; अनि

(ख) सो प्रदेशमा रहेका अधीनस्थ न्यायालयका लागि रहेका कुनै नियम, प्ररूप वा सारिणीका

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४२-द्वारा (१.२.१९७७-देखि) अन्तः स्थापित।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ तथा अनुसूचीद्वारा (१.११.१९५६देखि) "जहाँ उच्च न्यायालयका मुख्य स्थान छ" भन्ने शब्दहरू त्यक्त।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा १६-द्वारा (१.११.१९५६देखि) अनुच्छेद २३०, २३१ तथा २३२ का स्थानमा प्रतिस्थापित।

सम्बन्धमा अनुच्छेद २२७-को राज्यपालप्रति गरिएको निर्देशलाई राष्ट्रपतिप्रति गरिएको निर्देश भनी अर्थ्याइने छ।

**२३१. दुई वा अधिक राज्यका लागि एउटै उच्च न्यायालयको स्थापना**– (१) यस अध्यायका पूर्वोल्लिखित प्रावधानहरूमा जुनसुकै कुरा भए तापनि संसद्ले विधिद्वारा दुई वा अधिक राज्यका लागि अथवा दुई वा अधिक राज्य अनि कुनै केन्द्रशासित प्रदेशका लागि एउटै उच्च न्यायालय स्थापित गर्न सक्ने छ।

(२) कुनै यस्ता उच्च न्यायालयका सम्बन्धमा –

[1](क)* * * * *

(ख) राज्यमा रहेका अधीनस्थ न्यायालयका लागि रहेका कुनै नियम, प्ररूप वा सारिणीका सम्बन्धमा अनुच्छेद २२७-को राज्यपालप्रति गरिएको निर्देशलाई अधीनस्थ न्यायालयहरू अवस्थित भएका राज्यका राज्यपालप्रति गरिएको निर्देश भनी अर्थ्याइने छ; अनि

(ग) अनुच्छेद २१९ र अनुच्छेद २२९-मा रहेकोराज्यप्रति गरिएको निर्देशलाईउच्च न्यायालयको मुख्य पीठ रहेको राज्यप्रति गरिएको निर्देश भनी अर्थ्याइने छ।

यद्यपि यस्तो मुख्य पीठ कुनै केन्द्रशासित प्रदेशमा भएका खण्डमा अनुच्छेद २१९ र अनुच्छेद २२९-मा रहेको राज्यका राज्यपाल, लोकसेवा आयोग, विधायिका र सर्वसञ्चित कोषप्रति गरिएका निर्देशहरूलाई क्रमशः राष्ट्रपति, सङ्घ लोकसेवा आयोग, संसद् र भारतको सर्वसञ्चित कोषप्रति गरिएका निर्देश भनी अर्थ्याइने छ।

[**२३२. व्याख्या** – संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा १६-द्वारा (१.११.१९५६-देखि) अनुच्छेद २३०,२३१ र २३२-लाई अनुच्छेद २३० र २३१-ले प्रतिस्थापन गरिएको छ।]

## अध्याय ६– अधीनस्थ न्यायालय

**२३३. जिल्ला न्यायाधीशहरूको नियुक्ति**– (१) कुनै राज्यमा जिल्ला न्यायाधीश नियुक्ति हुने

---

[1] संविधान (उनान्सयौँ संशोधन) अधिनियम, २०१४-को धारा १०-द्वारा (१३.४.२०१५-देखि) उपखण्ड (क) त्यक्त। सर्वोच्च न्यायालयले *सुप्रिम कोर्ट एड्भोकेट्स अन् रेकर्ड एसोसिएसन अनि अन्य बनाम भारत सङ्घ* एआइआर २०१६, एससी ११७मामिलामा मिति १६.१०.२०१५को आदेशद्वारा यो संशोधन खारेज गरेको हो । संशोधन अघि उपखण्ड (क) निम्नअनुसार थियो:–

"(क) अनुच्छेद २१७-को राज्यका राज्यपालप्रति रहेको निर्देशको अर्थ उच्च न्यायालयले अधिकारक्षेत्र प्रयोग गर्ने सबै राज्यका राज्यपालप्रति रहेको निर्देश भनी लगाइने छ।"

व्यक्तिहरूको नियुक्ति तथा पद स्थापना अनि पदोन्नति सो राज्यका राज्यपालले यस्ता राज्यका सम्बन्धमा अधिकारक्षेत्रको प्रयोग गर्ने उच्च न्यायालयसित परामर्श गरेर गर्ने छन्।

(२) सङ्घ वा राज्यका सेवामा अघिदेखि नै नरहेका व्यक्ति कम्तीमा सात वर्षसम्म उकिल वा अधिवक्ता रहेका खण्डमा र उनको नियुक्तिका लागि उच्च न्यायालयले सिफारिस गरेका खण्डमा मात्र जिल्ला न्यायाधीश नियुक्त हुनाका लागि योग्य हुने छन्।

[1]**२३३क. कतिपय जिल्ला न्यायाधीशका नियुक्ति अनि उनीहरूद्वारा गरिएका निर्णय आदिको विधिमान्यकरण**– कुनै न्यायालयको कुनै निर्णय, डिक्री वा आदेश हुँदाहुँदै पनि–

(क) (i) राज्यको न्यायिक सेवामा अघिदेखि नै रहेका वा कम्तीमा सात वर्षसम्म उकिल वा अधिवक्ता रहेका व्यक्तिको सो राज्यका जिल्ला न्यायाधीशका रूपमा हुने नियुक्तिलाई, अनि

(ii) जिल्ला न्यायाधीशका रूपमा यस्ता व्यक्तिको पदस्थापना, पदोन्नति वा स्थानान्तरण अनुच्छेद २३३ र अनुच्छेद २३५-का प्रावधान अनुसार नगरेर संविधान (बीसौँ संशोधन) अधिनियम, १९६६ लागु हुनअघि नै अन्य प्रकारले गरिएको थियो भन्दैमा यिनलाई अवैध अथवा निष्क्रिय मानिने छैन् अथवा यस्ता नियुक्ति, पदस्थापना, पदोन्नति अथवा स्थानान्तरण उक्त प्रावधान अनुरूप गरिएको थिएन भन्ने तथ्यका आधारमा मात्र यी अवैध अथवा निष्क्रिय थिए भन्ने मानिने छैन्।

(ख) कुनै राज्यमा जिल्ला न्यायाधीशका रूपमा अनुच्छेद २३३ अनि अनुच्छेद २३५-का प्रावधानअनुसार नभएर अन्यथा नियुक्त, पदस्थापित, पदोन्नत वा स्थानान्तरित कुनै व्यक्तिद्वारा वा तिनी समक्ष संविधान (बीसौं संशोधन) अधिनियम, १९६६ लागु हुनअघि प्रयुक्त अधिकारक्षेत्र, पारित गरिएका वा दिइएका निर्णय, डिक्री, दण्डादेश वा आदेश र गरिएका अन्य कार्य वा कार्यवाहीलाई अवैध अथवा विधिअमान्य मानिने छैन अथवा यस्ता नियुक्ति, पद स्थापन, पदोन्नति वा स्थानान्तरण उक्त प्रावधानअनुसार गरिएको थिएन भन्ने तथ्यका आधारमा मात्र यी अवैध अथवा विधिअमान्य थिए भन्ने मानिने छैन।]

**२३४. न्यायिक सेवामा जिल्ला न्यायाधीशहरूभन्दा भिन्न व्यक्तिहरूको नियुक्ति**– कुनै राज्यको न्यायिक सेवामा जिल्ला न्यायाधीशहरूभन्दा भिन्न व्यक्तिहरूका नियुक्ति सो राज्यका राज्यपालद्वारा राज्य लोकसेवा आयोगसित अनि यस्ता राज्यका सम्बन्धमा अधिकारक्षेत्र प्रयोग गर्ने उच्च न्यायालयसित परामर्श गरेपछि तथा राज्यपालद्वारा यस निमित्त बनाइएका नियमहरू अनुसार गरिने छन्।

---

[1] संविधान (बीसौँ संशोधन) अधिनियम, १९६६-को धारा २-द्वारा (२२.१२.१९६६-देखि) अन्तः स्थापित।

**२३५. अधीनस्थ न्यायालयहरूमाथि नियन्त्रण**– राज्यको न्यायिक सेवाका व्यक्तिहरू तथा जिल्ला न्यायाधीशको पदभन्दा निम्न दर्जाको कुनै पद धारण गर्ने व्यक्तिहरूको पदस्थापना, पदोन्नति र तिनीहरूलाई बिदा दिने कार्यसहित जिल्ला न्यायालयहरू अनि जिल्ला न्यायालयका अधीनमा रहेका न्यायालयहरूको नियन्त्रण उच्च न्यायालयमा निहित हुने छ। तर यस अनुच्छेदको कुनै कुराको अर्थ यस्तो कुनै व्यक्तिका सेवाका सर्तहरूको विनियमन गर्ने विधिअन्तर्गत उसलाई प्राप्त पुनरावेदनको अधिकार सो व्यक्तिबाट खोसिने वा यस विधिका अधीनमा निर्धारण गरिएका सो व्यक्तिका सेवाका सर्त अनुरूप उनीसँग व्यवहार नगरेर अन्यथा व्यवहार गर्न उच्च न्यायालयलाई अधिकार दिइएको भनी लगाइने छैन।

**२३६. व्याख्या** – यस अध्यायमा–

(क) "जिल्ला न्यायाधीश" पदअन्तर्गत नगर दिवानी न्यायालयका न्यायाधीश, अतिरिक्त जिल्ला न्यायाधीश, संयुक्त जिल्ला न्यायाधीश, सहायक जिल्ला न्यायाधीश, लघु वाद न्यायालयका मुख्य न्यायाधीश, मुख्य प्रेसिडेन्सी न्यायिक अधिकारी, अतिरिक्त मुख्य प्रेसिडेन्सी न्यायिक अधिकारी, सत्र न्यायाधीश, अतिरिक्त सत्र न्यायाधीश पर्दछन्;

(ख) "न्यायिक सेवा" पदले जिल्ला न्यायाधीश र जिल्ला न्यायाधीशको पदभन्दा निम्न दर्जाका अन्य दिवानी न्यायिक पदहरू पूर्ति गर्ने उद्देश्यले व्यक्तिहरू मिलाएर विशिष्ट रूपमा गठन गरिएको सेवा बुझाउँछ।

**२३७. कतिपय वर्ग वा वर्गका न्यायिक अधिकारीमा यस अध्यायका प्रावधानहरूको अनुप्रयोग**– यस अध्यायका पूर्वोल्लिखित प्रावधान अनि यसअन्तर्गत बनाइएका नियमहरू राज्यपालले यसका निम्ति निश्चित गरेको मितिदेखि प्रभावकारी हुने गरी राज्यका न्यायिक अधिकारीहरूको कुनै वर्ग अथवा वर्गहरूका सम्बन्धमा निम्नोक्त सूचनामा विनिर्दिष्ट अपवाद अनि परिमार्जनका अधीनमा रही राज्यको न्यायिक सेवामा नियुक्त व्यक्तिहरूका सम्बन्धमा लागु भए जसरी नै लागु हुने छन् भनी राज्यपालले लोक सूचनाद्वारा निर्देश दिन सक्ने छन् ।

## *भाग ७

*[पहिलो अनुसूचीको भाग (ख)-का राज्य] ।*

* संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को भाग २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) त्यक्त ।

# भाग ८

## [1][केन्द्रशासित प्रदेश]

[2][**२३९. केन्द्रशासित प्रदेशको प्रशासन**– (१) संसद्‌ले विधिद्वारा अन्यथा प्रावधान गरेबाहेक प्रत्येक केन्द्रशासित प्रदेशको प्रशासन राष्ट्रपतिद्वारा गरिने छ, जहाँ उनले आफूद्वारा विनिर्दिष्ट पदनामसहित आफैँले नियुक्त गरेको प्रशासक मार्फत उचित ठानेजति कार्य गर्ने छन्।

(२) भाग ६-मा जुनसुकै विषय रहे तापनि राष्ट्रपतिले कुनै राज्यका राज्यपाललाई कुनै निकटवर्ती केन्द्रशासित प्रदेशको प्रशासक नियुक्त गर्न सक्ने छन् अनि कुनै राज्यपाललाई यस प्रकारले नियुक्त गरिँदा उनले आफ्नो मन्त्री परिषद्‌बाट स्वतन्त्र रहेर यस्ता प्रशासकका रूपमा आफ्ना कार्यको निर्वहन गर्ने छन्।]

[3*][**२३९क. कतिपय केन्द्रशासित प्रदेशका लागि स्थानीय विधायिका वा मन्त्रीपरिषद् वा दुवैको सृजन**– (१) संसद्‌ले विधिद्वारा [4][केन्द्रशासित प्रदेश [5*][पुडुचेरी]-का लागि]–

(क) सो केन्द्रशासित प्रदेशको विधायिकाका रूपमा कार्य गर्नाका लागि निर्वाचित अथवा आंशिक रूपमा मनोनीत अनि आंशिक रूपमा निर्वाचित समितिको; अथवा

(ख) मन्त्रीपरिषद्‌को;

–अथवा दुवैको सृजन गर्न सक्ने छ र प्रत्येकको गठन, शक्ति अनि कार्य विधिमा विनिर्देश गरिएअनुसार हुने छ।

(२) खण्ड (१)-मा विनिर्दिष्ट कुनै विधिमा संविधान संशोधन गर्ने अथवा संशोधन गर्नमा प्रभावकारी कुनै प्रावधान निहित रहे तापनि सो विधिलाई अनुच्छेद ३६८-का प्रयोजनहरूका लागि यस संविधानको संशोधन मानिने छैन।]

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा १७-द्वारा "पहिलो अनुसूचीको भाग ग–मा रहेका राज्य" शीर्षकका स्थानमा (१.११.१९५६-देखि) प्रतिस्थापित।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा १७-द्वारा (१.११.१९५६-देखि) अनुच्छेद २३९ का स्थानमा प्रतिस्थापित।

[3] संविधान (चौधौँ संशोधन) अधिनियम, १९६२-को धारा ४-द्वारा (२८.१२.१९६२-देखि) अन्तः स्थापित।

[4] गोवा, दमन र दीव पुनर्गठन अधिनियम, १९८७(१९८७-को १८) को धारा ६३-द्वारा (३०.५.१९८७-देखि) "गोवा, दमन र दीव अनि पन्डिचेरी केन्द्रशासित प्रदेशहरूमध्ये कुनै केन्द्रशासित प्रदेशका लागि" का स्थानमा प्रतिस्थापित ।

[5] पन्डिचेरी (नाम परिवर्तन) अधिनियम, २००६ (२००६-को ४४) को धारा ४-द्वारा (१.१०.२००६-देखि) "पन्डीचेरी" का स्थानमा प्रतिस्थापित।

[*] जम्मू-कश्मीर पुनर्गठन अधिनियम, २०१९ (२०१९-को ३४) को धारा १३-द्वारा (३१.१०.२०१९-देखि) जम्मू-कश्मीर केन्द्रशासित प्रदेशमा अनुच्छेद २३९ क लागु गरियो।

[1][**२३९कक. दिल्लीका सम्बन्धमा विशेष प्रावधान**– (१) संविधान (उनहत्तरौँ संशोधन) अधिनियम, १९९१ लागु भएदेखि केन्द्रशासित प्रदेश दिल्लीलाई दिल्ली राष्ट्रिय राजधानी राज्यक्षेत्र (यसपछि यस भागमा राष्ट्रिय राजधानी राज्यक्षेत्रका रूपमा निर्दिष्ट) भनिने छ अनि अनुच्छेद २३९ अन्तर्गत नियुक्त यसका प्रशासकको पदनाम उपराज्यपाल हुने छ।

(२) (क) राष्ट्रिय राजधानी राज्यक्षेत्रका लागि एउटा विधानसभा हुने छ अनि राष्ट्रिय राजधानी राज्यक्षेत्रका प्रादेशिक निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचनद्वारा चुनिएका सदस्यद्वारा यस्ता विधानसभाका आसन पूर्ति गरिने छ।

(ख) विधानसभाका आसनहरूको मोठ सङ्ख्या, अनुसूचित जातिका लागि आरक्षित आसनहरूको सङ्ख्या, राष्ट्रिय राजधानी राज्यक्षेत्रलाई प्रादेशिक निर्वाचन क्षेत्रहरूमा विभाजन (जसअन्तर्गत यस्ता विभाजनको आधार समाविष्ट छ) तथा विधानसभाका कामकारबाहीसित सम्बन्धित सम्पूर्ण अन्य विषयहरूको विनियमन संसद्ले बनाएको विधिद्वारा गरिने छ।

[2][(खक) दिल्ली राष्ट्रिय राजधानी राज्यक्षेत्रको विधानसभामा महिलाका लागि आसन आरक्षित गरिने छ।

(खख) दिल्ली राष्ट्रिय राजधानी राज्यक्षेत्रको विधानसभामा अनुसूचित जातिका लागि आरक्षित आसनमध्ये जतिसक्दो निकटतम एक तिहाइ आसन महिलाका लागि आरक्षित गरिने छ।

(खग) दिल्ली राष्ट्रिय राजधानी राज्यक्षेत्रको विधानसभामा प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित गरिने आसनको मोठ सङ्ख्यामध्ये एक तिहाइ आसन (यसमा अनुसूचित जातिका महिलाका निम्ति आरक्षित आसन पनि सम्मिलित छन्) संसद्ले विधिद्वारा निर्धारण गरेको रीति अनुसार महिलाका लागि आरक्षण गरिने छ।]

(ग) अनुच्छेद ३२४-देखि अनुच्छेद ३२७ अनि अनुच्छेद ३२९-का प्रावधान राष्ट्रिय राजधानी राज्यक्षेत्र, राष्ट्रिय राजधानी राज्यक्षेत्रका विधानसभा अनि त्यसका सदस्यहरूका सम्बन्धमा त्यसरी नै लागु हुने छन् जसरी यी कुनै राज्य, कुनै राज्यको विधानसभा अनि त्यसका सदस्यहरूका सम्बन्धमा लागु हुन्छन् तथा अनुच्छेद ३२६ अनि ३२९-मा रहेको "उपयुक्त विधायिका" प्रति रहेको निर्देशको अर्थ संसद्प्रति गरिएको निर्देश भनी लगाइने छ।

---

[1] संविधान (उनहत्तरौँ संशोधन) अधिनियम, १९९१-को धारा २-द्वारा (१.२.१९९२-देखि) अनुच्छेद २३९ कक अनि अनुच्छेद २३९ कख अन्तः स्थापित।

[2] संविधान (एक सय छैटौँ संशोधन) अधिनियम, २०२३-को धारा २-द्वारा (मिति तोकिन बाँकी छ) अन्तःस्थापित।

(३) (क) राज्यसूचीका प्रविष्टि १, २ अनि १८-का सम्बन्धमा रहेका विषयहरू तथा प्रविष्टि १, २ अनि १८ सँग सम्बन्ध भएका सो सूचीका प्रविष्टि ६४, ६५ अनि ६६-का सम्बन्धमा रहेका विषयहरूभन्दा भिन्न राज्य सूचीमा तथा समवर्ती सूचीमा रहेका केन्द्रशासित प्रदेशहरूमा लागु हुने जुनसुकै विषयका सम्बन्धमा, यस संविधानका प्रावधानका अधीनमा रही, विधानसभालाई सम्पूर्ण राष्ट्रिय राजधानी राज्यक्षेत्र अथवा त्यसको कुनै भागका निम्ति विधि बनाउने शक्ति हुने छ।

(ख) उपखण्ड (क) को कुनै पनि कुराद्वारा केन्द्रशासित प्रदेश तथा त्यसको कुनै भागका लागि कुनै पनि विषयका सम्बन्धमा यस संविधानअन्तर्गत विधि बनाउने संसद्को शक्ति न्यून हुने छैन।

(ग) विधानसभाद्वारा कुनै विषयका सम्बन्धमा बनाइएको विधिको कुनै प्रावधान, संसद्द्वारा सो विषयका सम्बन्धमा बनाइएको विधिको प्रतिकूल भएका खण्डमा, चाहे त्यो विधि विधानसभाद्वारा बनाइएको विधिभन्दा अघि अथवा पछि पारित गरिएको होस्, अथवा विधानसभाद्वारा बनाइएको विधिभन्दा अघिको कुनै विधिको प्रतिकूल भएका खण्डमा दुवै स्थितिमा, यथासन्दर्भ संसद्द्वारा बनाइएको विधि अथवा यस्तो अघिको विधि प्रभावकारी हुने छ अनि विधानसभाद्वारा बनाइएको विधि प्रतिकूलताको हदसम्म निष्क्रिय हुने छ:

यद्यपि विधानसभाद्वारा बनाइएको कुनै यस्तो विधि राष्ट्रपतिका विवेचनाका लागि आरक्षित राखिएका खण्डमा अनि सो विधिले उनको अनुमति पाएका खण्डमा यस्तो विधि राष्ट्रिय राजधानी राज्यक्षेत्रमा प्रभावकारी हुने छ:

यद्यपि यस उपखण्डको कुनै पनि कुराले संसद्लाई कुनै पनि समय विधानसभाद्वारा बनाइएको विधि परिवर्धन, संशोधन, परिवर्तन तथा निरसन गर्ने विधि पनि समाविष्ट भएको उही विषयका सम्बन्धमा रहेको कुनै पनि विधि अधिनियमित गर्न निषेध गर्ने छैन।

(४) विधानसभाको मोठ सदस्य सङ्ख्याको दस प्रतिशतभन्दा अनधिक सदस्यद्वारा एउटा मन्त्रीपरिषद् गठित हुने छ जसका मुखियाका रूपमा मुख्यमन्त्रीले उपराज्यपाललाई कुनै विधिद्वारा अथवा विधिअन्तर्गत आफ्नो विवेकअनुसार कार्य गर्नुपर्ने अवस्थामा बाहेक विधानसभालाई विधि बनाउन शक्ति प्राप्त भएका विषयहरूका सम्बन्धमा आफ्ना कारकारबाही गर्नमा सहायता अनि परामर्श दिने छन्:

यद्यपि उपराज्यपाल अनि उनका मन्त्रीहरू बिच कुनै विषयमा मतभेद भएका स्थितिमा उपराज्यपालले सो मतभेद राष्ट्रपतिको मार्गदर्शनका लागि निर्देशित गर्ने छन् अनि राष्ट्रपतिद्वारा त्यसमा गरिएको मार्गदर्शनअनुसार कार्य गर्ने छन् तथा यस्तो मार्गदर्शन प्राप्त नभएसम्म राज्यपालको विचार अनुसार कुनै मामिला चाँडै कारवाही गर्नु पर्ने गरी अत्यावश्यक रहेका खण्डमा उनले आवश्यक ठाने अनुसारको कारवाही गर्न अथवा निर्देश दिनका लागि सक्षम हुने छन्।

(५) मुख्यमन्त्रीको नियुक्ति राष्ट्रपतिले गर्ने छन् अनि अन्य मन्त्रीहरूको नियुक्ति राष्ट्रपतिले मुख्यमन्त्रीको परामर्श अनुसार गर्ने छन् तथा मन्त्रीहरूले राष्ट्रपतिको चाहना रहेसम्म आफ्नो पद धारण गर्ने छन् ।

(६) मन्त्रीपरिषद् विधानसभाप्रति सामूहिक रूपले उत्तरदायी हुने छ ।

[1][(७) (क)] संसद्ले पूर्वोल्लिखित खण्डहरू प्रभावकारी बनाउनका लागि तथा तिनमा निहित प्रावधानहरूको अनुपूर्तिका लागि अनि तिनका आनुषङ्गिक तथा पारिणामिक सम्पूर्ण विषयहरूका लागि विधिद्वारा प्रावधान गर्न सक्ने छ ।

[2][(ख) उपखण्ड (क)-मा निर्दिष्ट विधिमा यो संविधान संशोधन गर्ने अथवा संशोधन गर्न सक्ने अधिकार भएको कुनै प्रावधान निहित भए तापनि यसलाई अनुच्छेद ३६८-का प्रयोजनका लागि यस संविधानको संशोधन ठानिने छैन ।]

(८) अनुच्छेद २३९ख का प्रावधान यथासम्भव राष्ट्रिय राजधानी राज्यक्षेत्र, उपराज्यपाल अनि विधानसभाका सम्बन्धमा त्यसरी नै लागु हुने छन् जसरी ती [3][पुडुचेरी] केन्द्रशासित प्रदेश, प्रशासक अनि त्यसको विधायिकाका सम्बन्धमा लागु हुँदछन् अनि सो अनुच्छेदमा "अनुच्छेद २३९ क को खण्ड (१)" प्रति रहेको निर्देशलाई यथासन्दर्भ यो अनुच्छेद तथा अनुच्छेद २३९ कख प्रति रहेको निर्देश ठानिने छ ।

**२३९कख. संवैधानिक तन्त्र विफल भएका स्थितिमा प्रावधान**–उपराज्यपाल वा अन्यबाट प्राप्त प्रतिवेदनमार्फत –

(क) राष्ट्रिय राजधानी राज्यक्षेत्रको प्रशासन अनुच्छेद २३९ कक तथा सो अनुच्छेदको अनुसरण गरेर बनाइएको कुनै विधिका प्रावधानअनुसार चलाउन नसकिने स्थिति उत्पन्न भएको छ भन्ने कुरामा; अथवा

(ख) राष्ट्रिय राजधानी राज्यक्षेत्रको उचित प्रशासनका लागि यसो गर्नु आवश्यक अथवा समीचीन हो भन्ने कुरामा,

–राष्ट्रपति आश्वस्त भएका खण्डमा उनले आदेशद्वारा अनुच्छेद २३९ कक–को कुनै प्रावधान अथवा सो अनुच्छेदको अनुसरण गरी बनाइएको कुनै विधिका कुनै अथवा सम्पूर्ण प्रावधानको प्रवर्तन यस्ता विधिमा निर्दिष्ट अवधिका लागि अनि सर्तहरूका अधीनमा रही निलम्बन गर्न सक्ने

---

[1] संविधान (सत्तरिऔँ संशोधन) अधिनियम, १९९२-को धारा ३-द्वारा "(७") का स्थानमा प्रतिस्थापित ।

[2] संविधान (सत्तरिऔँ संशोधन) अधिनियम, १९९२-को धारा ३-द्वारा (२१.१२.१९९१-देखि) अन्तः स्थापित ।

[3] पन्डिचेरी (नाम परिवर्तन) अधिनियम, २००६ (२००६-को ४४) को धारा ४-द्वारा (१.१०.२००६-देखि) "पन्डिचेरी" का स्थानमा प्रतिस्थापित ।

छन् अनि अनुच्छेद २३९ अनि अनुच्छेद २३९ कक का प्रावधान अनुसार राष्ट्रिय राजधानी राज्यक्षेत्रको प्रशासनका लागि उनलाई आवश्यक एवम् समयोचित लाग्ने आनुषङ्गिक एवम् पारिणामिक प्रावधान गर्न सक्ने छन्।

[1]**[२३९ख. विधायिकाको विश्रामकालमा अध्यादेश जारी गर्ने प्रशासकको शक्ति**– (१) [2][केन्द्रशासित प्रदेश [3][पुडुचेरी]] को विधायिकाको सत्र चलिरहेको समयबाहेक कुनै समय तत्काल कारवाही आवश्यक पर्ने परिस्थिति रहेका कुरामा यसका प्रशासक आश्वस्त भएका खण्डमा तिनले परिस्थितिअनुसार आवश्यक पर्ने अध्यादेश जारी गर्न सक्ने छन्:

यद्यपि प्रशासकले कुनै यस्ता अध्यादेश राष्ट्रपतिबाट यसका निम्ति निर्देशन प्राप्त गरेपछि मात्र जारी गर्ने छन्, अन्यथा गर्ने छैनन्:

यद्यपि उक्त विधायिका विघटन गरिएका बेला अथवा अनुच्छेद २३९ क–को खण्ड (१)-मा निर्दिष्ट विधि अन्तर्गत गरिएको कुनै कार्यवाहीका कारण यसको कामकारबाही निलम्बित रहेका बेला प्रशासकले कुनै अध्यादेश जारी गर्ने छैनन्:

(२) राष्ट्रपतिका निर्देशन अनुसार यस अनुच्छेद अन्तर्गत जारी गरिएको अध्यादेशलाई अनुच्छेद २३९ क को खण्ड (१)-मा निर्दिष्ट विधिमा अधिनियमनका निम्ति निहित प्रावधानहरूको अनुपालन पछि यथोचित रूपले अधिनियमित केन्द्रशासित प्रदेशको विधायिकाको अधिनियम मानिने छ, तर यस्तो प्रत्येक अध्यादेश–

(क) केन्द्रशासित प्रदेशको विधायिका समक्ष प्रस्तुत गरिने छ अनि विधायिका पुनः सम्मिलित भएको छ सप्ताह सकिएपछि अथवा सो अवधि समाप्त हुनअघि नै विधायिकाद्वारा यसलाई अनुमोदन नगर्ने निर्णय पारित गरेका खण्डमा प्रवर्तनमा रहने छैन; अनि

(ख) राष्ट्रपतिको निर्देशन प्राप्त भएपछि प्रशासकद्वारा कुनै पनि समय फिर्ता लिन सकिने छ।

(३) यस अनुच्छेदका अधीनमा रहेको अध्यादेशले बनाएको कुनै प्रावधान अनुच्छेद २३९ क को खण्ड (१)-मा निर्दिष्ट विधिमा त्यसका निम्ति निहित प्रावधानहरूको अनुपालन गरेपछि बनाइएको केन्द्रशासित प्रदेशको विधायिकाको अधिनियममा अधिनियमित गरिँदा वैध नहुने खण्डमा र जहाँसम्म वैध हुँदैन सो हदसम्म यो अध्यादेश निष्क्रिय हुने छ।]

[1] संविधान (सत्ताइसौँ संशोधन) अधिनियम, १९७१-को धारा ३ ले अन्तः स्थापित।

[2] गोवा, दमन अनि दीव पुनर्गठन अधिनियम, १९८७ (१९८७-को १८) को धारा ६३-द्वारा "केन्द्र शासित प्रदेशका खण्ड १ का लागि अनुच्छेद २३९ क" का स्थानमा प्रतिस्थापित ।

[3] पन्डीचेरी (नाम परिवर्तन) अधिनियम, २००६ (२००६-को ४४) को धारा ४-द्वारा प्रतिस्थापित ।

[1](४)* * * *

**[2][२४०. केही केन्द्रशासित प्रदेशका लागि विनियम बनाउने राष्ट्रपतिको शक्ति**– (१) राष्ट्रपतिले–

(क) अन्दमान अनि निकोबार द्वीप;

[3][(ख) लक्षद्वीप;]

[4][(ग) दादरा अनि नगर हवेली, दमन अनि दिऊ;]

[5][(घ) **** ;]

[6][(ङ) [7][पुडुचेरी];]

[8](च)***

[9](छ)***

–केन्द्रशासित प्रदेशको शान्ति, प्रगति अनि सुशासनका लागि विनियम बनाउन सक्ने छन्:

[10][यद्यपि [7][पुडुचेरी] केन्द्रशासित प्रदेशका लागि विधायिकाका रूपमा कार्य गर्नाका लागि अनुच्छेद २३९क अन्तर्गत कुनै निकाय बनाएपछि राष्ट्रपतिले विधायिकाको प्रथम अधिवेशनका लागि निश्चित मितिदेखि सो केन्द्रशासित प्रदेशको शान्ति, प्रगति अनि सुशासनका लागि विनिमय बनाउने छैनन्:]

---

[1] संविधान (अठतीसौँ संशोधन) अधिनियम, १९७५-को धारा ४-द्वारा (पूर्वप्रभावसहित) अन्तःस्थापित। यो संशोधन संविधान चवालीसौँ संशोधन अधिनियम, १९७८-को धारा ३२-द्वारा (२०.०६.१९७९देखि) त्यक्त।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा १७-द्वारा अनुच्छेद २४० का स्थानमा (०१.११.१९५६-देखि)प्रतिस्थापित।

[3] लक्कादीव, मिनिकोय अनि अमीनदीवी द्वीप (नाम परिवर्तन) अधिनियम, १९७३ (१९७३-को ३४) को धारा ४-द्वारा (१.११.१९७३-देखि) प्रविष्टि (ख) का स्थानमा प्रतिस्थापित।

[4] दादर अनि नगर हवेली तथा दमन अनि दीव (केन्द्रशासित प्रदेशहरूको विलय) अधिनियम, २०१९ (२०१९-को ४४) को धारा ४ (i) द्वारा (२६.१.२०२०-देखि) प्रतिस्थापित। संविधान (दसौँ संशोधन) अधिनियम, १९६१-को धारा ३-द्वारा (११.८.१९६१-देखि) प्रविष्टि (ग) अन्तःस्थापित।

[5] दादर अनि नगर हवेली अनि दमन अनि दीव (केन्द्रशासित प्रदेशहरूको विलय) अधिनियम, २०१९ (२०१९-को ४४) को धारा ४ (ii) द्वारा (२६.१.२०२०-देखि) त्यक्त।

[6] संविधान (चौधौँ संशोधन) अधिनियम, १९६२-को धारा ५-द्वारा (१६.८.१९६२-देखि) अन्तः स्थापित।

[7] पन्डिचेरी (नाम परिवर्तन) अधिनियम, २००६-को धारा ४-द्वारा 'पन्डिचेरी' का स्थानमा प्रतिस्थापित ।

[8] मिजोराम राज्य अधिनियम, १९८६(१९८६को ३४) को धारा ३९-द्वारा मिजोरम सम्बन्धी प्रविष्टि (च) त्यक्त ।

[9] अरुणाचल प्रदेश राज्य अधिनियम १९८६ (१९८६-को ६९) को धारा ४२-द्वारा (२०.२.१९८७-देखि) अरुणाचल प्रदेश सम्बन्धी प्रविष्टि (छ) त्यक्त।

[10] संविधान (चौधौँ संशोधन) अधिनियम, १९६२-को धारा ५-द्वारा (२८.१२.१९६२-देखि) अन्तः स्थापित।

[1][यद्यपि [2][पुडुचेरी] केन्द्रशासित प्रदेशका विधायिकाका रूपमा कार्य गर्ने निकायको विघटन गरिँदा अथवा अनुच्छेद २३९ क–को खण्ड (१)-मा निर्दिष्ट विधि अन्तर्गत गरिएको कुनै कार्यवाहीका कारण यसको कामकारबाही निलम्बित रहँदा सो केन्द्रशासित प्रदेशको शान्ति, प्रगति अनि सुशासनका लागि राष्ट्रपतिले विनियम बनाउन सक्ने छन् ।]

(२) यसरी बनाइएको कुनै विनियमले संसद्द्वारा बनाइएको कुनै अधिनियम अथवा केन्द्रशासित प्रदेशमा सो समय लागु भएको [23][अन्य कुनै विधि] खारेज अथवा संशोधन गर्न सक्छ अनि राष्ट्रपतिद्वारा जारी गरिँदा सो अध्यादेशको बल अनि प्रभाव सो प्रदेशमा लागु हुने संसद् अधिनियम समान हुने छ ।]

**२४१. केन्द्रशासित प्रदेशका लागि उच्च न्यायालय**– (१) संसद्ले विधिद्वारा कुनै [4][केन्द्रशासित प्रदेश]-का लागि उच्च न्यायालय गठन गर्न सक्छ अथवा कुनै यस्तो [5][प्रदेश]-मा भएको कुनै न्यायालयलाई यस संविधानको सम्पूर्ण अथवा कुनै पनि प्रयोजनका लागि उच्च न्यायालय घोषणा गर्न सक्छ ।

(२) भाग ६-को अध्याय ५-का प्रावधान संसद्ले विधिद्वारा प्रावधान गरे अनुसारका परिमार्जन एवम् अपवादहरूका अधीनमा रही अनुच्छेद २१४-मा निर्दिष्ट कुनै उच्च न्यायालयका सम्बन्धमा लागु भए जसरी नै खण्ड १-मा निर्दिष्ट प्रत्येक न्यायालयका सम्बन्धमा लागु हुने छन् ।

[6][(३) यस संविधानका प्रावधानहरू र यस संविधानद्वारा वा यस संविधान अन्तर्गत उपयुक्त विधायिकालाई प्रदान गरिएको शक्तिका आधारमा बनाइएको सो विधायिकाको कुनै पनि विधिका प्रावधानहरूका अधीनमा रही संविधान (सातौँ संशोधन)अधिनियम, १९५६ लागु हुन तत्काल अघि कुनै पनि केन्द्रशासित प्रदेशका सम्बन्धमा अधिकारक्षेत्र प्रयोग गर्ने प्रत्येक उच्च न्यायालयले त्यस्तो प्रारम्भ पछि पनि सो क्षेत्रका सम्बन्धमा त्यस्तो अधिकारक्षेत्रको प्रयोग गरिरहने छ ।

(४) यस अनुच्छेदको कुनै कुराद्वारा कुनै राज्यको उच्च न्यायालयको अधिकारक्षेत्र कुनै केन्द्रशासित प्रदेश अथवा त्यसका भागमा विस्तार गर्ने अथवा सो प्रदेश वा त्यसका भागबाट अपवर्जन गर्ने संसद्को शक्ति न्यून हुँदैन ।]

**२४२. [*कुर्ग*]** – *संविधान (सातौँ संशोधन) अधिनियम,* १९५६-को *धारा* २९ *अनि अनुसूची द्वारा* (१–११–१९५६-देखि) *त्यक्त ।*

---

[1] संविधान (सत्ताइसौँ संशोधन) अधिनियम, १९७१को धारा ४-द्वारा (१५.०२.१९७२-देखि) अन्तः स्थापित ।

[2] पन्डिचेरी (नाम परिवर्तन) अधिनियम, २००६(२००६-को ४४) को धारा ४-द्वारा "पन्डिचेरी" का स्थानमा (१.१०.२००६-देखि) प्रतिस्थापित ।

[3] संविधान (सत्ताइसौँ संशोधन) अधिनियम, १९७१को धारा ४-द्वारा "कुनै विद्यमान विधि" का स्थानमा (१५.०२.१९७२-देखि) अन्तः स्थापित ।

[4] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा "पहिलो अनुसूचीको भाग ग-मा विनिर्दिष्ट राज्य" का स्थानमा (१.११.१९५६-देखि) प्रतिस्थापित ।

[5] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६को धारा २९ अनि अनुसूचीद्वारा "यस्तो राज्य" का स्थानमा (१.११.१९५६-देखि) प्रतिस्थापित ।

[6] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६को धारा २९ अनि अनुसूचीद्वारा खण्ड (३) अनि खण्ड (४) का स्थानमा (१.११.१९५६-देखि) प्रतिस्थापित ।

# [1][भाग ९
# पञ्चायत

**२४३. परिभाषाहरू**– सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म यस भागमा –

(क) "जिल्ला" पदले कुनै राज्यको जिल्ला बुझाउँछ;

(ख) "ग्राम सभा" पदावलीले पञ्चायत क्षेत्रभित्र समाविष्ट कुनै गाउँसित सम्बन्धित मतदाता सूचीमा पञ्जीकृत व्यक्तिहरू मिलेर गाउँ स्तरमा बनेको निकाय बुझाउँछ;

(ग) "मध्यवर्ती स्तर" पदावलीले कुनै राज्यका राज्यपालद्वारा यस भागका प्रयोजनहरूका लागि लोक अधिसूचनाद्वारा मध्यवर्ती स्तरका रूपमा विनिर्दिष्ट गरिएको गाउँ अनि जिल्ला स्तरहरू बिचको स्तर बुझाउँछ;

(घ) "पञ्चायत" पदले ग्रामीण क्षेत्रका लागि अनुच्छेद २४३ (ख) अन्तर्गत गठन गरिएको (जुनसुकै नाम भएको)स्वशासित शासन संस्था बुझाउँछ;

(ङ) "पञ्चायत क्षेत्र" पदावलीले पञ्चायतको भूभागीय क्षेत्र बुझाउँछ;

(च)"जनसङ्ख्या" पदले सुसङ्गत अङ्कहरू प्रकाशित भइसकेको अन्तिम पूर्ववर्ती जनगणनामा निश्चित गरिएको जनसङ्ख्या बुझाउँछ।

(छ)"ग्राम" पदले राज्यपालद्वारा यस भागको प्रयोजनका लागि लोक अधिसूचनाद्वारा गाउँका रूपमा विनिर्दिष्ट गरिएको गाउँ बुझाउँछ अनि यस अन्तर्गत यस प्रकार विनिर्दिष्ट गरिएको गाउँहरूको समूह पनि पर्दछ।

**२४३क. ग्रामसभा**– ग्राम सभा गाउँ स्तरमा कुनै राज्यको विधायिकाले विधिद्वारा प्रावधान गरेका शक्तिहरूको प्रयोग अनि कार्यहरू गर्न सक्छ।

**२४३ख. पञ्चायतको गठन**–(१) संविधानको यस भागका प्रावधानहरूअनुसार प्रत्येक राज्यमा गाउँ, मध्यवर्ती अनि जिल्ला स्तरमा पञ्चायतहरू गठन गरिने छ।

(२) खण्ड (१)-मा जुनसुकै कुरा भए तापनि बीस लाखभन्दा अधिक जनसङ्ख्या नभएको राज्यमा मध्यवर्ती स्तरमा पञ्चायत गठन गर्न सकिँदैन।

**२४३ग. पञ्चायतको संरचना**–(१) यस भागका प्रावधानहरूका अधीनमा रही राज्यको विधायिकाले विधिद्वारा पञ्चायतहरूको संरचनाका सम्बन्धमा प्रावधान बनाउन सक्छ:

---

[1] "पहिलो अनुसूचीको भाग (घ) का राज्यक्षेत्र अनि सो अनुसूचीमा विनिर्देश नगरिएका अन्य राज्यक्षेत्र" सँग सम्बन्धित मूल भाग ९ लाई संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) त्यक्त अनि त्यसपछि संविधान (त्रिहत्तरौँ संशोधन) अधिनियम १९९२-को धारा २-द्वारा (२४.४.१९९३-देखि) अन्तः स्थापित।

यद्यपि जुनसुकै स्तरको पञ्चायतको भूभागीय क्षेत्रको जनसङ्ख्या र त्यस्तो पञ्चायतमा निर्वाचनद्वारा पूर्ति गरिने आसन सङ्ख्याबिचको अनुपात राज्यभरि यथासम्भव समान रहने छ।

(२) कुनै पञ्चायतका सम्पूर्ण आसन पञ्चायत क्षेत्रमा रहेका भूभागीय निर्वाचन क्षेत्रहरूबाट प्रत्यक्ष निर्वाचनद्वारा चुनिएका व्यक्तिहरूद्वारा पूर्ति गरिने छन् अनि यस प्रयोजनका लागि प्रत्येक निर्वाचन क्षेत्रको जनसङ्ख्या र सो क्षेत्रलाई आवण्टन गरिएको आसन सङ्ख्याबिचको अनुपात समस्त पञ्चायत क्षेत्रमा यथासम्भव समान हुने गरी प्रत्येक पञ्चायत क्षेत्र भूभागीय निर्वाचन क्षेत्रहरूमा विभाजित गरिने छ।

(३) कुनै राज्यको विधायिकाले विधिद्वारा–

(क) गाउँ स्तरका पञ्चायतहरूका अध्यक्षले मध्यवर्ती स्तरका पञ्चायतमा अथवा राज्यमा मध्यवर्ती स्तरमा पञ्चायत नभएका स्थितिमा जिल्ला स्तरका पञ्चायतहरूमा;

(ख) मध्यवर्ती स्तरका पञ्चायतहरूका अध्यक्षले जिल्ला स्तरका पञ्चायतहरूमा;

(ग) ग्राम स्तरभन्दा भिन्न स्तरका पञ्चायत क्षेत्र पूर्ण रूपमा अथवा आंशिक रूपमा समाविष्ट भएका निर्वाचन क्षेत्रहरूको प्रतिनिधित्व गर्ने लोकसभाका सदस्यहरू अनि राज्यका विधानसभाका सदस्यहरूले त्यस्ता पञ्चायतमा;

(घ) राज्यसभाका सदस्यहरू अनि राज्यको विधान परिषद्का सदस्यहरूले उनीहरू निर्वाचकका रूपमा पञ्जीकृत रहेको –

(i) मध्यवर्ती स्तरको कुनै पञ्चायतमा रहेको मध्यवर्ती स्तरीय पञ्चायत क्षेत्रमा;

(ii) जिल्ला स्तरको कुनै पञ्चायतमा रहेको जिल्लास्तरीय पञ्चायत क्षेत्रमा;

–निर्वाचकका रूपमा प्रतिनिधित्व गर्ने प्रावधान गर्न सक्ने छ।

(४) कुनै पञ्चायतका अध्यक्ष अनि कुनै पञ्चायतका यस्ता अन्य सदस्य त्यस पञ्चायत क्षेत्रमा रहेका भूभागीय निर्वाचन क्षेत्रहरूबाट प्रत्यक्ष निर्वाचनद्वारा चुनिएका अथवा नचुनिएका भए तापनि उनीहरूलाई पञ्चायतका सभामा मतदान गर्ने अधिकार हुने छ।

(५) (क) ग्राम स्तरको कुनै पञ्चायतका अध्यक्षलाई राज्यको विधायिकाले विधिद्वारा प्रावधान गरेको रीति अनुसार निर्वाचित गरिने छ; अनि

(ख) मध्यवर्ती स्तर तथा जिल्ला स्तरको कुनै पञ्चायतको अध्यक्षको निवार्चन सो पञ्चायतका निर्वाचित सदस्यहरूद्वारा आफूबिचबाटै गरिने छ।

**२४३घ. आसनहरूको आरक्षण**–(१) प्रत्येक पञ्चायतमा–

(क) अनुसूचित जातिहरू; अनि

(ख) अनुसूचित जनजातिहरू

–का लागि आसन आरक्षित रहने छन् अनि यसरी आरक्षित आसनहरूको सङ्ख्या र सो पञ्चायतमा प्रत्यक्ष निर्वाचनद्वारा पूर्ति गरिने आसनहरूको कुल सङ्ख्याको अनुपात, यथासम्भव, सो पञ्चायत क्षेत्रमा रहेको अनुसूचित जाति वा सो पञ्चायत क्षेत्रमा रहेको अनुसूचित जनजातिको जनसङ्ख्या र सो क्षेत्रको कुल जनसङ्ख्याबिचको अनुपातको समान हुने छ र त्यस्ता आसनहरू पञ्चायतका भिन्न भिन्न निर्वाचन क्षेत्रहरूमा क्रमावर्तन अनुसार आवण्टन गर्न सकिने छ।

(२) खण्ड (१) अन्तर्गत आरक्षित कुल आसनमध्ये कम्तीमा एकतिहाइ आसन यथासन्दर्भ अनुसूचित जाति अथवा अनुसूचित जनजातिका महिलाहरूका लागि आरक्षित रहने छन्।

(३) प्रत्येक पञ्चायतमा प्रत्यक्ष निर्वाचनद्वारा पूर्ति गरिने कुल आसनमध्ये कम्तीमा एकतिहाइ आसन(अनुसूचित जाति तथा अनुसूचित जनजातिका महिलाहरूका लागि आरक्षित आसनहरूसहित) महिलाहरूका लागि आरक्षित रहने छन् अनि त्यस्ता आसनहरू पञ्चायतका भिन्न–भिन्न निर्वाचन क्षेत्रहरूमा क्रमावर्तन अनुसार आवण्टन गर्न सकिने छ।

(४) गाउँ तथा अन्य कुनै स्तरमा पञ्चायत अध्यक्षहरूको पद अनुसूचित जाति, अनुसूचित जनजाति अनि महिलाहरूका लागि राज्यको विधायिकाले विधिद्वारा प्रावधान गरेअनुसार आरक्षित रहने छ:

यद्यपि, कुनै राज्यमा रहेको प्रत्येक स्तरको पञ्चायतमा अनुसूचित जाति अनि अनुसूचित जनजातिका लागि आरक्षित अध्यक्ष पदहरूको सङ्ख्या र प्रत्येक स्तरका त्यस्ता पञ्चायतमा रहेका यस्ता पदको मोठ सङ्ख्याबिचको अनुपात, यथासम्भव, सो राज्यका अनुसूचित जाति अथवा अनुसूचित जनजातिको जनसङ्ख्या र राज्यको कुल जनसङ्ख्याबिचको अनुपातसँग समान हुने छ:

यद्यपि प्रत्येक स्तरका पञ्चायतहरूमा अध्यक्षका पदहरूको कुल सङ्ख्यामध्ये कम्तीमा एकतिहाइ पद महिलाहरूका लागि आवण्टन गरिने छ:

यद्यपि यस खण्ड अन्तर्गत आरक्षित आसनहरूको सङ्ख्या प्रत्येक स्तरका भिन्नभिन्न पञ्चायतहरूलाई क्रमावर्तन अनुसार आवण्टन गरिने छ :

(५) खण्ड (१) अनि (२) अन्तर्गत आसन आरक्षण अनि खण्ड (४) अन्तर्गत अध्यक्षहरूका पदको आरक्षण (जुन महिलाहरूका लागि गरिएको आरक्षणभन्दा भिन्न छ) अनुच्छेद ३३४-मा निर्दिष्ट अवधि समाप्त हुँदा प्रभावकारी हुने छैन।

(६) यस भागको कुनै कुराले पछौटे वर्गका नागरिकहरूका पक्षमा कुनै स्तरका पञ्चायतमा अथवा पञ्चायतका अध्यक्ष पदका लागि आसनहरूको आरक्षणका लागि प्रावधान बनाउन राज्यको विधायिकालाई रोक लगाउने छैन।

**२४३ङ. पञ्चायतहरूको अवधि आदि**–(१) प्रत्येक पञ्चायतलाई सो समय प्रवृत्त कुनै विधिअन्तर्गत म्याद पुरा नहुँदै विघटित नगरिएका खण्डमा सो पञ्चायत यसको प्रथम अधिवेशनका लागि निश्चित मितिदेखि पाँच वर्षसम्म चलिरहने छ र सोभन्दा अधिक चल्ने छैन।

(२) तत्समय प्रवृत्त कुनै विधिको कुनै संशोधनद्वारा यस्तो संशोधनभन्दा तुरुन्त अघि कार्य गरिरहेको कुनै स्तरको पञ्चायतको विघटन खण्ड (१)-मा विनिर्दिष्ट सो पञ्चायतको अवधि समाप्त नहुन्जेल हुँदैन।

(३) कुनै पञ्चायत गठन गर्नाका लागि–

(क) सो पञ्चायतको खण्ड (१)-मा विनिर्दिष्ट अवधि समाप्त हुनअघि नै;

(ख) सो पञ्चायत विघटन गरिएको मितिदेखि छ महिनाको अवधि समाप्त हुनअघि नै;

–निर्वाचन सम्पन्न गरिने छ:

यद्यपि विघटित पञ्चायतको विघटन नभएको भए यसले कार्य गर्न पाउने रहल अवधि छ महिनाभन्दा कम्ती रहेका स्थितिमा, सो अवधिका लागि पञ्चायत गठन गर्नाका लागि यस खण्डअन्तर्गत कुनै निर्वाचन गराउन आवश्यक हुने छैन।

(४) अवधि समाप्त हुनअघि नै पञ्चायत विघटित भएपछि गठन गरिएको पञ्चायतको निरन्तरता केवल सो रहल अवधिका लागि मात्र रहने छ जुन अवधिमा विघटित पञ्चायतको यसरी विघटन नभएको भए खण्ड (१) अन्तर्गत यसले कार्य गर्ने थियो।

**२४३च. सदस्यताका लागि अयोग्यता**– (१) –कुनै व्यक्तिलाई –

(क) सम्बन्धित राज्यको विधायिकाको निर्वाचनका लागि सो समय प्रवृत्त कुनै विधिद्वारा अथवा सो अन्तर्गत अयोग्य ठहर गरिएका खण्डमा सो व्यक्ति सो व्यक्ति कुनै पञ्चायतको सदस्य चुनिन अनि हुनका लागि अयोग्य ठहरिने छ:

यद्यपि, कुनै व्यक्तिले एक्काइस वर्षको आयु पुरा गरेका खण्डमा उसको आयु पच्चिस वर्षभन्दा कम्ती छ भन्ने आधारमा ऊ अयोग्य ठहरिने छैन;

(ख) राज्यको विधायिकाद्वारा बनाइएको कुनै विधिद्वारा तथा सो अन्तर्गत यस प्रकार अयोग्य ठहर गरिएका खण्डमा सो व्यक्ति कुनै पञ्चायतको सदस्य चुनिन अनि हुनका लागि अयोग्य ठहरिने छ।

(२) कुनै पञ्चायतको कुनै सदस्य खण्ड (१)-मा उल्लिखित कुनै पनि अयोग्यताका प्रभावमा परेको छ कि छैन भन्ने प्रश्न उठेका खण्डमा सो प्रश्न राज्य-विधायिकाले विधिद्वारा प्रावधान गरेको प्राधिकारीलाई राज्य-विधायिकाले विधिद्वारा प्रावधान गरेको रीतिपूर्वक निर्णयका लागि निर्देशित गरिने छ।

**२४३छ. पञ्चायतका शक्ति, प्राधिकार अनि उत्तरदायित्व**– यस संविधानका प्रावधानका अधीनमा रही कुनै राज्यको विधायिकाले विधिद्वारा पञ्चायतहरूलाई स्वशासित संस्थाका रूपमा कार्य गर्न समर्थ बनाउनका लागि आवश्यक हुने शक्ति अनि प्राधिकार प्रदान गर्न सक्ने छ अनि निम्नलिखितका सम्बन्धमा उपयुक्त स्तरका पञ्चायतहरूलाई शक्ति एवम् उत्तरदायित्वहरू हस्तान्तरण गर्नका लागि विधिमा निर्दिष्ट सर्तका अधीनमा रही यस्ता विधिमा प्रावधान निहित हुन सक्ने छन्–

(क) आर्थिक विकास अनि सामाजिक न्यायका लागि योजनाहरूको तयारी;

(ख) एघारौँ अनुसूचीमा सूचीबद्ध विषयसँग सम्बन्धित योजनाहरू सहित तिनीहरूलाई सुम्पिन सकिने आर्थिक विकास अनि सामाजिक न्यायका योजनाहरूको कार्यान्वयन।

**२४३ज. पञ्चायतद्वारा कर अधिरोपण गर्ने शक्ति अनि पञ्चायतका कोषहरू**–कुनै राज्यको विधायिकाले विधिद्वारा विधिमा विनिर्दिष्ट–

(क) विधिमा विनिर्दिष्ट कर, महसुल, पथकर अनि शुल्कहरूको उद्ग्रहण, सङ्ग्रहण अनि विनियोजन गर्नाका लागि कुनै पञ्चायतलाई विधिमा विनिर्दिष्ट प्रक्रियाअनुसार अनि सीमाका अधीनमा रही प्राधिकृत गर्न सक्ने छ;

(ख) राज्य सरकारद्वारा लगाइएका अनि सङ्ग्रह गरिएका विधिमा विनिर्दिष्ट कर, महसुल, पथकर अनि शुल्कहरू विधिमा विनिर्दिष्ट प्रयोजनहरूका लागि अनि विधिमा विनिर्दिष्ट सर्त एवम् सीमाका अधीनमा रही कुनै पनि पञ्चायतलाई सुम्पिन सक्ने छ;

(ग) राज्यको सर्वसञ्चित कोषबाट पञ्चायतहरूलाई विधिमा विनिर्दिष्ट सहायता अनुदान दिनाका लागि प्रावधान बनाउन सक्ने छ; अनि

(घ) पञ्चायतहरूद्वारा अथवा पञ्चायतहरूका पक्षमा क्रमशः प्राप्त गरिएका सम्पूर्ण धन जम्मा गर्नाका लागि विधिमा विनिर्दिष्ट कोषहरू गठन गर्नाका लागि अनि कोषहरूबाट यस्ता धन निकाल्नका लागि प्रावधान गर्न सक्ने छ।

**२४३झ. वित्तीय स्थितिको पुनरवलोकनका लागि वित्त आयोगको गठन**– (१) राज्यका राज्यपालले संविधान (त्रिहत्तरौँ संशोधन) अधिनियम, १९९२ लागु भएको एक वर्षभित्रमा जतिसक्दो छिटो अनि त्यसपछि प्रत्येक पाँचौँ वर्षको समाप्तिमा पञ्चायतहरूको वित्तीय स्थितिको पुनरवलोकन गर्नका निम्ति अनि–

(क) (i) राज्यद्वारा लगाइने कर, महसुल, पथकर अनि शुल्कहरूबाट हुने, यस भाग अन्तर्गत राज्य र पञ्चायतहरूबिच भागबन्डा गर्नु पर्ने खास आयस्ताको राज्य र पञ्चायतहरूबिच गरिने वितरण र सबै स्तरका पञ्चायतहरूबिच गरिने यस्तो आयस्ताको आ–आफ्नो भागको आवण्टनलाई;

(ii) पञ्चायतहरूलाई सुम्पिन सकिने अनि यिनीहरूद्वारा विनियोजन गर्न सकिने कर, महसुल, पथकर अनि शुल्कहरूको निर्धारणलाई;

(iii) राज्यको सर्वसञ्चित कोषबाट पञ्चायतहरूलाई दिइने सहायता अनुदानलाई;

(ख) पञ्चायतहरूको वित्तीय स्थिति सुर्धानका लागि आवश्यक उपायहरूलाई;

(ग) पञ्चायतहरूको सुदृढ वित्तीय हितमा राज्यपालद्वारा वित्त आयोगलाई निर्दिष्ट गरिएका कुनै अन्य विषयलाई

–परिचालन गर्नु पर्ने सिद्धान्तका सम्बन्धमा राज्यपाललाई सिफारिस गर्नका निम्ति वित्त आयोग गठन गर्ने छन्।

(२) राज्यको विधायिकाले विधिद्वारा आयोगको संरचनाको, आयोगका सदस्यहरूका रूपमा नियुक्तिका लागि आवश्यक योग्यताहरूको अनि उनीहरूलाई चयन गर्ने रीतिको प्रावधान गर्न सक्ने छ।

(३) आयोगले आफ्नो प्रक्रिया निर्धारित गर्ने छ अनि आफ्ना कर्त्तव्यहरूको पालनाका लागि विधायिकाले विधिद्वारा प्रदान गरेको शक्ति आयोगलाई प्राप्त हुने छ।

(४) राज्यपालले यस अनुच्छेदअन्तर्गत आयोगद्वारा गरिएको प्रत्येक सिफारिसमाथि गरिएका कार्बाहीको स्पष्टीकरणात्मक ज्ञापनपत्रसहित सो सिफारिस राज्यको विधायिकासमक्ष प्रस्तुत गर्न लगाउने छन्।

**२४३ञ. पञ्चायतहरूका हरहिसाबको लेखापरीक्षण**– कुनै राज्यको विधायिकाले पञ्चायतद्वारा गरिनु पर्ने हरहिसाबको सम्भार अनि यस्ता हरहिसाबको लेखापरीक्षण गर्ने विषयमा विधिद्वारा प्रावधान गर्न सक्ने छ।

**२४३ट. पञ्चायतहरूका लागि निर्वाचन**–(१) पञ्चायतहरूका निम्ति गराइने सम्पूर्ण निर्वाचनहरूका निम्ति निर्वाचक नामावालीको प्रस्तुतीकरणको अनि ती निर्वाचन सञ्चालनको अधीक्षण, निर्देशन अनि नियन्त्रण राज्यपालद्वारा नियुक्त एकजना राज्य निर्वाचन आयुक्त रहेको एउटा राज्य निर्वाचन आयोगमा निहित हुने छ।

(२) कुनै राज्यको विधायिकाद्वारा बनाइएको कुनै विधिका प्रावधानहरूका अधीनमा रही राज्य निर्वाचन आयुक्तका सेवाका सर्तहरू तथा पदावधि राज्यपालले नियमद्वारा निर्धारण गरेअनुसार हुने छन्:

यद्यपि राज्य निर्वाचन आयुक्तलाई उनका पदबाट उच्च न्यायालयका न्यायाधीशलाई हटाइने रीति अनि आधारहरूबाहेक अरू रीति अनि आधारहरूमा हटाइने छैन तथा राज्य निर्वाचन आयुक्तका सेवाका सर्तहरूमा उनको नियुक्तिपछि उनलाई घाटा हुने गरी परिवर्तन गरिने छैन।

(३) राज्य निर्वाचन आयोगले अनुरोध गरेका खण्डमा राज्यका राज्यपालले खण्ड (१)- द्वारा राज्य निर्वाचन आयोगलाई सुम्पिएका कर्त्तव्यहरूको निर्वहनका लागि आवश्यक हुने कर्मचारी उपलब्ध गराउने छन्।

(४) यस संविधानका प्रावधानका अधीनमा रही कुनै राज्यको विधायिकाले विधिद्वारा पञ्चायतहरूको निर्वाचनसित सम्बन्धित अथवा यससँग संलग्न सम्पूर्ण विषयहरूका सम्बन्धमा प्रावधान बनाउन सक्ने छ।

**२४३ठ. केन्द्रशासित प्रदेशहरूमा अनुप्रयोग**– यस भागका प्रावधान केन्द्रशासित प्रदेशहरूमा लागु हुने छन् अनि यी प्रावधान केन्द्रशासित प्रदेशमा लागु हुँदा कुनै राज्यका राज्यपालप्रतिका निर्देश अनुच्छेद २३९ अन्तर्गत नियुक्त केन्द्रशासित प्रदेशको प्रशासकप्रतिका निर्देश भए झैं मानेर अनि कुनै राज्यको विधायिका अथवा विधानसभाप्रतिका निर्देश विधानसभा भएको केन्द्रशासित प्रदेशका सम्बन्धमा सो विधानसभाप्रतिका निर्देश भए झैं मानेर प्रभावकारी हुने छन्:

यद्यपि राष्ट्रपतिले लोक अधिसूचनाद्वारा यस भागका प्रावधान कुनै केन्द्रशासित प्रदेश वा त्यसको कुनै भागमा सो अधिसूचनामा उनले विनिर्देश गरेका अपवाद अनि परिमार्जनहरूका अधीनमा रही लागु हुने छन् भनी निर्देश दिन सक्ने छन्।

**२४३ड. यो भाग कतिपय क्षेत्रहरूमा लागु नहुने** –(१) यस भागको कुनै पनि कुरा अनुच्छेद २४४-को खण्ड (१)-मा निर्दिष्ट अनुसूचित क्षेत्रहरू अनि खण्ड (२)-मा निर्दिष्ट जनजाति क्षेत्रहरूमा लागु हुने छैन।

(२) यस भागको कुनै पनि कुरा–

(क) नागाल्यान्ड, मेघालय अनि मिजोरम राज्य;

(ख तत्समय प्रवृत्त कुनै विधि अन्तर्गत जिल्ला परिषद् भएका मणिपुर राज्यका पार्वत्य क्षेत्र

–मा लागु हुने छैन।

(३) (क) जिल्ला स्तरका पञ्चायतहरूसँग सम्बन्ध भएको यस भागको कुनै पनि कुरा पश्चिम बङ्गाल राज्यको दार्जिलिङ जिल्लाका यस्ता पार्वतीय क्षेत्रहरूमा लागु हुने छैन जसका लागि तत्समय प्रवृत्त कुनै विधिअन्तर्गत दार्जिलिङ गोर्खा पार्वत्य परिषद् विद्यमान रहेको छ;

(ख) यस भागको कुनै पनि कुराको अर्थ यस कुराले यस्तो विधि अन्तर्गत गठन गरिएको दार्जिलिङ गोर्खा पार्वत्य परिषद्का कामकारबाही र शक्तिलाई प्रभावित पार्ने छ भनी लगाइने छैन।

[1][(३क) अनुसूचित जातिका निम्ति आसनको आरक्षणसँग सम्बन्धित अनुच्छेद २४३ (घ) को कुनै पनि कुरा अरुणाचल प्रदेशमा लागु हुने छैन।]

(४) यस संविधानमा जुनसुकै कुरा भए तापनि–

(क) खण्ड (२) को उपखण्ड (क)-मा निर्दिष्ट कुनै राज्यको विधायिकाले विधिद्वारा सो राज्यको विधानसभाले सदनको मोठ सदस्य सङ्ख्याको बहुमतद्वारा अनि उपस्थित तथा मतदान गर्ने सदनका सदस्यहरूको कम्तीमा दुई तिहाई बहुमतद्वारा सो राज्यमा यस भागको विस्तार हुने गरी कुनै निर्णय पारित गरेका खण्डमा, खण्ड (१)-मा कुनै क्षेत्र निर्दिष्ट गरिएको छ भने ती क्षेत्रबाहेक, सो राज्यमा यस भागको विस्तार गर्न सक्ने छ।

(ख) संसद्ले विधिद्वारा यस भागका प्रावधानहरू सो विधिमा विनिर्दिष्ट केही अपवाद र परिमार्जनका अधीनमा रही खण्ड (१)-मा निर्दिष्ट अनुसूचित क्षेत्र साथै आदिवासी क्षेत्रमा विस्तार गर्न सक्ने छ अनि यस्तो कुनै विधिलाई अनुच्छेद ३६८-को प्रयोजनका लागि गरिएको संविधानको संशोधन मानिने छैन।

**२४३ढ. विद्यमान विधिहरू अनि पञ्चायतको निरन्तरता**– यस भागमा जुनसुकै कुरा भए तापनि कुनै राज्यमा संविधान (त्रिहत्तरौँ संशोधन) अधिनियम, १९९२ लागु हुन तत्काल अघि लागु भएको, यस भागका प्रावधानहरूसित असङ्गत, पञ्चायतहरूसित सम्बन्धित कुनै विधिको कुनै प्रावधान सक्षम विधायिका अथवा अन्य सक्षम प्राधिकारीद्वारा संशोधित अथवा निरस्त नगरिएसम्म अथवा यसरी लागु भएदेखि एक वर्षको अवधि समाप्त नहुन्जेल अथवा यी मध्ये जुन अघि हुन्छ, सो अवधिसम्म लागु रहिरहने छ:

यद्यपि यसरी लागु हुन तत्काल अघि विद्यमान सम्पूर्ण पञ्चायतहरू, सो राज्यको विधानसभाद्वारा अथवा विधानपरिषद् भएका राज्यका स्थितिमा सो राज्यको विधायिकाका दुवै सदनद्वारा पारित विघटनका आशयको निर्णयद्वारा पहिले नै विघटन गरिएन भने आफ्नो अवधि समाप्त नहुन्जेल चलिरहने छन्।

**२४३ण. निर्वाचनसम्बन्धी मामिलाहरूमा न्यायालयको हस्तक्षेपमाथि रोक**– यस संविधानमा जुनसुकै कुरा भए तापनि–

(क) अनुच्छेद २४३ट अन्तर्गत गरिएको अथवा गर्ने अठोट राखिएको निर्वाचन क्षेत्रहरूको सीमाङ्कन अथवा यस्ता निर्वाचन क्षेत्रहरूका लागि आसनको आवण्टनसँग सम्बन्धित विधिको वैधतामाथि कुनै पनि न्यायालयमा प्रश्न उठाइने छैन;

(ख) राज्यको विधायिकाद्वारा बनाइएको कुनै विधिद्वारा अथवा यसअन्तर्गत प्रावधान गरिएअनुसारको रीतिले र कुनै विधिद्वारा अथवा यसअन्तर्गत प्रावधान गरिएअनुसारको प्राधिकारीलाई प्रदान गरिएको निर्वाचनसम्बन्धी आवेदनबाहेक अन्य कुनै उपायद्वारा कुनै पञ्चायतका लागि गरिने निर्वाचनमाथि प्रश्न उठाइने छैन।

[1] संविधान (तीरासिऔँ संशोधन) अधिनियम, २०२०-को धारा २-द्वारा (८.९.२०००-देखि) अन्तःस्थापित।

## [1][भाग ९क

## नगरपालिका

**२४३त. परिभाषाहरू** –सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म यस भागमा –

(क) “समिति” पदले अनुच्छेद २४३ध अन्तर्गत गठित समिति बुझाउँछ;

(ख) “जिल्ला” पदले कुनै राज्यको जिल्ला बुझाउँछ;

(ग) “महानगर क्षेत्र” पदले दस लाख अथवा सोभन्दा अधिक जनसङ्ख्या भएको, एउटा अथवा अधिक जिल्ला समाविष्ट भएको अनि दुई अथवा अधिक नगरपालिकाहरू अथवा पञ्चायतहरू अथवा अन्य संलग्न क्षेत्रहरू मिलेर बनेको तथा राज्यपालद्वारा यस भागको प्रयोजनका निम्ति लोक अधिसूचनाद्वारा महानगर क्षेत्रका रूपमा विनिर्दिष्ट क्षेत्र बुझाउँछ;

(घ) “नगरपालिका क्षेत्र” पदले राज्यपालद्वारा अधिसूचित कुनै नगरपालिकाको भूभागीय क्षेत्र बुझाउँछ;

(ङ) “नगरपालिका” पदले अनुच्छेद २४३ थ अन्तर्गत गठित स्वशासित शासनको कुनै संस्था बुझाउँछ;

(च) “पञ्चायत” पदले अनुच्छेद २४३ ख अन्तर्गत गठित पञ्चायत बुझाउँछ;

(छ) “जनसङ्ख्या” पदले सुसङ्गत अङ्कहरू प्रकाशित भइसकेको अन्तिम पूर्ववर्ती जनगणनामा निश्चित गरिएको जनसङ्ख्या बुझाउँछ।

**२४३थ. नगरपालिकाको गठन**–(१) यस भागका प्रावधानहरू अनुसार प्रत्येक राज्यमा –

(क) कुनै परिवर्तनशील क्षेत्रका निम्ति अर्थात् ग्रामीण क्षेत्रबाट नगरीय क्षेत्रमा परिवर्तनशील क्षेत्रका निम्ति (जुनसुकै नामले चिनिने) कुनै नगर पञ्चायत;

(ख) कुनै लघुतर नगरीय क्षेत्रका निम्ति नगरपालिका परिषद्; अनि

(ग) कुनै बृहत्तर नगरीय क्षेत्रका निम्ति नगर निगम

–गठन गरिने छ:

[1] संविधान (चौहत्तरौँ संशोधन) अधिनियम, १९९२-को धारा २-द्वारा भाग ९ क (१.६.१९९३-देखि) अन्तः स्थापित।

यद्यपि, राज्यपालले कुनै क्षेत्रको आकार अनि सो क्षेत्रमा कुनै औद्योगिक स्थापनाले प्रदान गर्दै आएका अथवा प्रदान गरिने भनी प्रस्ताव गरेका नगरपालिका सेवाहरू अनि उनले उचित ठानेका अन्य विषयहरूलाई ध्यानमा राखेर लोक अधिसूचनाद्वारा औद्योगिक नगरका रूपमा विनिर्देश गरेका नगरीय क्षेत्रमा अथवा सो क्षेत्रको कुनै भागमा यस खण्डअन्तर्गत नगरपालिका गठन गर्न सकिने छैन।

(२) यस अनुच्छेदमा ''परिवर्तनशील क्षेत्र'', ''लघुतर नगरीय क्षेत्र'' अथवा ''बृहत्तर नगरीय क्षेत्र'' पदावलीले राज्यपालले यस भागको प्रयोजनका निम्ति कुनै क्षेत्रको जनसङ्ख्या, सो क्षेत्रमा जनसङ्ख्याको सघनता, स्थानीय प्रशासनका निम्ति उत्पन्न राजस्व, गैर कृषि क्रियाकलापहरूमा रहेको रोजगारीको प्रतिशत, आर्थिक महत्त्व अथवा उनले उचित ठानेका अन्य विषयलाई ध्यानमा राखेर लोक अधिसूचनाद्वारा विनिर्देश गर्न सक्ने क्षेत्र बुझाउँछन्।

**२४३द. नगरपालिकाहरूको संरचना**–(१) खण्ड (२)-मा गरिएको प्रावधानबाहेक कुनै नगरपालिकाका सबै आसन नगरपालिका क्षेत्रका क्षेत्रीय निर्वाचन क्षेत्रहरूबाट प्रत्यक्ष निर्वाचनद्वारा चुनिएका व्यक्तिहरूद्वारा पूर्ति गरिने छ अनि यस प्रयोजनका निम्तिप्रत्येक नगरपालिका क्षेत्रलाई वार्ड नामले चिनिने क्षेत्रीय निर्वाचन क्षेत्रहरूमा विभाजन गरिने छ।

(२) कुनै राज्यको विधायिकाले विधिद्वारा–

(क) नगरपालिकामा–

(i) नगरपालिका प्रशासनबारे विशेष ज्ञान अथवा अनुभव भएका व्यक्तिहरू;

(ii) कुनै नगरपालिका क्षेत्र पूर्ण रूपमा अथवा आंशिक रूपमा समाविष्ट भएका लोकसभा अनि विधानसभाका निर्वाचन क्षेत्रहरूलाई प्रतिनिधित्व गर्ने सदस्यहरू;

(iii) नगरपालिका क्षेत्रमा निर्वाचकका रूपमा पञ्जीकृत राज्यका राज्यसभा सदस्यहरू अनि राज्यका विधान परिषद्का सदस्यहरू;

(iv) अनुच्छेद २४३ ध को खण्ड (५) अन्तर्गत गठित समितिहरूका अध्यक्षहरू;

-को प्रतिनिधित्वका लागि प्रावधान गर्न सक्ने छ:

यद्यपि परिच्छेद (१)-मा निर्दिष्ट व्यक्तिहरूलाई नगरपालिकाका अधिवेशनहरूमा मतदान गर्ने अधिकार हुने छैन;

(ख) कुनै नगरपालिकाका अध्यक्ष निर्वाचन गर्ने तरिकाको प्रावधान गर्न सक्ने छ।

**२४३ध. वार्ड समिति आदिको गठन अनि संरचना**–(१) तीन लाख अथवा यसभन्दा अधिक जनसङ्ख्या भएको नगरपालिकाको भूभागीय क्षेत्रभित्र एउटा अथवा एकाधिक वार्डहरू मिलेर बनिने वार्ड समितिहरूको गठन गरिने छ।

(२) राज्यको विधायिकाले विधिद्वारा –

(क) वार्ड समितिको संरचना अनि त्यसको भूभागीय क्षेत्र;

(ख) कुनै वार्ड समितिका आसन पूर्ति गर्ने रीति;

–का सम्बन्धमा प्रावधान बनाउन सक्ने छ।

(३) वार्ड समितिहरूको भूभागीय क्षेत्रभित्र रहेको कुनै वार्डको प्रतिनिधित्व गर्ने कुनै नगरपालिकाको सदस्य सो समितिको सदस्य हुने छ।

(४) कुनै वार्ड समितिभित्र–

(क) एउटा वार्ड रहेका स्थितिमा नगरपालिकामा सो वार्डको प्रतिनिधित्व गर्ने सदस्य; अथवा

(ख) दुई अथवा अधिक वार्डहरू रहेका स्थितिमा नगरपालिकामा वार्डहरूको प्रतिनिधित्व गर्ने सदस्यहरूमध्ये एकजना सदस्य;

–सो वार्ड समितिका अध्यक्ष बन्ने छन्।

(५) यस अनुच्छेदको कुनै पनि कुराले कुनै राज्यको विधायिकालाई वार्ड समितिहरू बाहेक अन्य समितिहरू गठन गर्नाका निम्ति प्रावधान बनाउन प्रतिबन्धित गर्ने ठानिने छैन।

**२४३न. आसनहरूको आरक्षण**– (१) प्रत्येक नगरपालिकामा अनुसूचित जाति अनि अनुसूचित जनजातिका निम्ति आसन आरक्षित रहने छन् अनि यसरी आरक्षित गरिएका आसनहरूको सङ्ख्या र सो नगरपालिकामा प्रत्यक्ष निर्वाचनद्वारा पूर्ति गरिने आसनहरूको मोठ सङ्ख्याको अनुपात यथासम्भव, सो नगरपालिका क्षेत्रका अनुसूचित जातिहरू अथवा सो नगरपालिका क्षेत्रका अनुसूचित जनजातिहरूको जनसङ्ख्या र सो क्षेत्रको मोठ जनसङ्ख्याबिचको अनुपातको समान हुने छ अनि त्यस्ता आसनहरू नगरपालिकाका भिन्दाभिन्दै निर्वाचन क्षेत्रहरूलाई क्रमावर्तन अनुसार आवण्टन गर्न सकिने छ।

(२) खण्ड (१) अन्तर्गत आरक्षित मोठ आसनमध्ये कम्तीमा एकतिहाइ आसन यथासन्दर्भ अनुसूचित जाति अथवा अनुसूचित जनजातिका महिलाका निम्ति आरक्षित रहने छन्।

(३) प्रत्येक नगरपालिकामा प्रत्यक्ष निर्वाचनद्वारा पूर्ति गरिने मोठ आसनमध्ये कम्तीमा एकतिहाइ आसन (जसअन्तर्गत अनुसूचित जाति तथा अनुसूचित जनजातिका महिलाका निम्ति आरक्षित आसनहरूको सङ्ख्या पनि पर्दछ) महिलाका निम्ति आरक्षित रहने छन् अनि त्यस्ता आसन कुनै नगरपालिकाका भिन्नाभिन्नै निर्वाचन क्षेत्रहरूलाई क्रमावर्तनअनुसार आवण्टन गर्न सकिने छ।

(४) नगरपालिकाहरूका अध्यक्षका पद अनुसूचित जाति, अनुसूचित जनजाति अनि महिलाहरूका निम्ति राज्यको विधायिकाले विधिद्वारा प्रावधान गरे अनुसार आरक्षित गरिने छन्।

(५) खण्ड (१) अनि खण्ड (२) अन्तर्गत आसनहरूको आरक्षण अनि खण्ड (४) अन्तर्गत (महिलाका निम्ति गरिने आरक्षणभन्दा भिन्नै) अध्यक्ष पदहरूको आरक्षणको प्रभाव अनुच्छेद ३३४-मा निर्दिष्ट अवधि समाप्त हुँदा सकिने छ।

(६) यस भागको कुनै पनि कुराले पछौटे वर्गका नागरिकहरूका पक्षमा कुनै नगरपालिकामा आसनको अथवा नगरपालिकाहरूमा अध्यक्ष पदको आरक्षणका निम्ति कुनै प्रावधान गर्न कुनै राज्यको विधायिकालाई प्रतिबन्धित गर्ने छैन।

**२४३प. नगरपालिकाको अवधि आदि**–(१) तत्समय प्रवृत्त कुनै विधि अन्तर्गत म्याद पुरा नभई विघटित नभएका खण्डमा प्रत्येक नगरपालिकाले आफ्नो प्रथम अधिवेशनका लागि निश्चित मितिदेखि पाँच वर्षसम्म कार्य गर्ने छ तर यसभन्दा अधिक गर्ने छैन:

यद्यपि कुनै नगरपालिकालाई विघटित गर्नुभन्दा पहिला त्यसलाई सुनुवाइको उचित अवसर दिइने छ।

(२) तत्समय प्रवृत्त कुनै विधिको कुनै संशोधनद्वारा यस्तो संशोधनभन्दा तुरुन्त अघि कार्य गरिरहेको कुनै पनि स्तरको नगरपालिकाको विघटन खण्ड (१)-मा निर्दिष्ट सो नगरपालिकाको अवधि समाप्त नहुन्जेल गर्न सकिने छैन।

(३) कुनै नगरपालिका गठन गर्नाका लागि –

(क) खण्ड (१)-मा विनिर्दिष्ट सो नगरपालिकाको अवधि समाप्त हुनुअघि नै;

(ख) सो नगरपालिका विघटित भएको मितिदेखि छ महिना अवधि समाप्त हुनुअघि नै;

–निर्वाचन सम्पन्न गरिने छ:

यद्यपि विघटित नगरपालिकाको विघटन नभएको स्थितिमा यसले कार्य गर्न सक्ने रहल अवधि छ महिनाभन्दा कम्ती रहेका स्थितिमा सो अवधिका लागि उक्त नगरपालिका गठन गर्नाका निम्ति यस खण्डअन्तर्गत कुनै निर्वाचन गराउनु आवश्यक हुने छैन।

(४) अवधि समाप्त हुनअघि नै कुनै नगरपालिका विघटित भएपछि गठन गरिएको नगरपालिकाको निरन्तरता विघटित नगरपालिकाको यसरी विघटन नभएको भए खण्ड (१) अन्तर्गत यसले कार्य गर्न पाउने अवधिका लागि मात्र रहने छ ।

**२४३फ. सदस्यताका निम्ति अयोग्यता**– (१) कुनै व्यक्तिलाई–

(क) सम्बन्धित राज्यको विधायिकाको निर्वाचनका लागि सो समय प्रवृत्त कुनै विधिद्वारा अथवा सो अन्तर्गत अयोग्य ठहर गरिएका खण्डमा सो व्यक्ति कुनै नगरपालिकाको सदस्य चुनिन अनि सदस्य हुनका निम्ति अयोग्य ठहरिने छ:

यद्यपि कुनै व्यक्तिले एक्काइस वर्ष उमेर पुरा गरेका खण्डमा उसको उमेर पच्चीस वर्षभन्दा कम्ती छ भन्ने आधारमा सो व्यक्ति अयोग्य ठहरिँदैन;

(ख) राज्य-विधायिकाद्वारा बनाइएको कुनै विधिद्वारा तथा सो अन्तर्गत अयोग्य ठहर गरिएका खण्डमा सो व्यक्ति कुनै नगरपालिकाको सदस्य चुनिन अनि सदस्य हुनका निम्ति अयोग्य ठहरिने छ।

(२) कुनै नगरपालिकाको कुनै सदस्य खण्ड (१)-मा उल्लिखित कुनै पनि अयोग्यतामा परेको छ कि छैन भन्ने प्रश्न उठेका खण्डमा राज्य-विधायिकाले विधिद्वारा प्रावधान गरेको प्राधिकारीलाई राज्य-विधायिकाले विधिद्वारा प्रावधान गरेको रीतिअनुसार सो प्रश्न निर्णयका लागि निर्देशित गरिने छ।

**२४३ब. नगरपालिका आदिको शक्ति, प्राधिकार अनि उत्तरदायित्व**– यस संविधानका प्रावधानहरूका अधीनमा रही कुनै राज्यको विधायिकाले–

(क) नगरपालिकाहरूलाई स्वशासित संस्थाका रूपमा कार्य गर्न सक्षम बनाउनका लागि आवश्यक हुने शक्ति अनि प्राधिकार विधिद्वारा नगरपालिकाहरूलाई प्रदान गर्न सक्ने छ अनि यस्ता विधिमा विनिर्दिष्ट सर्तका अधीनमा रही निम्नलिखितका सम्बन्धमा नगरपालिकाहरूलाई शक्ति एवम् उत्तरदायित्वहरूको हस्तान्तरण लागि सो विधिमा प्रावधानहरू निहित हुन सक्ने छन्–

(i) आर्थिक विकास अनि सामाजिक न्यायका लागि योजनाहरूको तयारी;

(ii) कार्य सम्पादन अनि बाह्रौँ अनुसूचीमा सूचीबद्ध विषयसँग सम्बन्धित योजनाहरू सहित तिनीहरूलाई सुम्पिन सकिने योजनाहरूको कार्यान्वयन;

(ख) बाह्रौँ अनुसूचीमा सूचीबद्ध विषयहरूसँग सम्बन्धित उत्तरदायित्वसहित तिनीहरूलाई प्रदान गरिएका उत्तरदायित्व पालन गर्नाका निम्ति सक्षम बनाउन आवश्यक पर्न सक्ने शक्ति एवम् प्राधिकार भएका समितिहरू।

**२४३भ. नगरपालिकाद्वारा कर अधिरोपण गर्ने शक्ति अनि तिनका कोषहरू**– कुनै राज्यको विधायिकाले विधिद्वारा–

(क) विधिमा विनिर्दिष्ट कर, महसुल, पथकर अनि शुल्कहरूको उद्ग्रहण, सङ्ग्रहण अनि विनियोजनका लागि कुनै नगरपालिकालाई विधिमा विनिर्दिष्ट प्रक्रियाअनुसार अनि विधिमा विनिर्दिष्ट सीमाका अधीनमा रही प्राधिकृत गर्न सक्ने छ;

(ख) राज्य राज्य सरकारद्वारा लगाइएका अनि सङ्ग्रह गरिएका विधिमा विनिर्दिष्ट कर, महसुल, पथकर अनि शुल्कहरू कुनै पनि नगरपालिकालाई विधिमा विनिर्दिष्ट प्रयोजनहरूका लागि अनि विधिमा विनिर्दिष्ट सर्त अनि सीमाका अधीनमा रही सुम्पिन सक्ने छ;

(ग) राज्यको सर्वसञ्चित कोषबाट नगरपालिकाहरूका लागि विधिमा विनिर्दिष्ट सहायता अनुदान दिनाका लागि प्रावधान गर्न सक्ने छ; अनि

(घ) नगरपालिकाहरूद्वारा अथवा तिनीहरूका पक्षमा क्रमशः प्राप्त गरिएका सम्पूर्ण धन जम्मा गर्नाका लागि विधिमा विनिर्दिष्ट कोषहरूको गठन गर्न अनि कोषहरूबाट विधिमा विनिर्दिष्ट धन निकाल्ने प्रावधान गर्न सक्ने छ।

**२४३म. वित्त आयोग**– (१) अनुच्छेद २४३ झ अन्तर्गत गठित वित्त आयोगले नगरपालिकाहरूको वित्तीय स्थितिको पनि पुनरवलोकन गर्ने छ अनि–

(क) (i) राज्यद्वारा लगाइने कर, महसुल, पथकर अनि शुल्कहरूबाट हुने, यस भाग अन्तर्गत राज्य र नगरपालिकाहरूबिच भागबन्डा गर्नु पर्ने खास आयस्ताको राज्य र नगरपालिकाहरूबिच गरिने वितरण र सबै स्तरका नगरपालिकाहरूबिच गरिने यस्तो आयस्ताको आ–आफ्नो भागको आवण्टनलाई;

(ii) नगरपालिकाहरूलाई सुम्पिन सकिने अनि यिनीहरूद्वारा विनियोजन गर्न सकिने कर, महसुल, पथकर अनि शुल्कहरूको निर्धारणलाई;

(iii) राज्यको सर्वसञ्चित कोषबाट नगरपालिकाहरूलाई दिइने सहायता अनुदानलाई;

(ख) नगरपालिकाहरूको वित्तीय स्थिति सुर्धानाका लागि आवश्यक उपायहरूलाई;

(ग) नगरपालिकाहरूको सुदृढ वित्तीय हितमा राज्यपालद्वारा वित्त आयोगलाई निर्दिष्ट गरिएका कुनै अन्य विषयलाई;

–परिचालन गर्नु पर्ने सिद्धान्तका सम्बन्धमा राज्यपाललाई सिफारिस गर्ने छ।

(२) राज्यपालले यस अनुच्छेदअन्तर्गत आयोगद्वारा गरिएको प्रत्येक सिफारिसमाथि गरिएका कार्बाहीको स्पष्टीकरणात्मक ज्ञापनपत्रसहित सो सिफारिस राज्यको विधायिकासमक्ष प्रस्तुत गर्न लगाउने छन्।

**२४३य. नगरपालिकाहरूको हरहिसाबको लेखापरीक्षण**– कुनै राज्यको विधायिकाले नगरपालिकाहरूद्वारा गरिनु पर्ने हरहिसाबको सम्भार अनि यस्ता हरहिसाबको लेखापरीक्षण गर्ने विषयमा विधिद्वारा प्रावधान गर्न सक्ने छ।

**२४३यक. नगरपालिकाका निम्ति निर्वाचन**– (१) नगरपालिकाका निम्ति गरिने सबै निर्वाचनहरूका लागि निर्वाचक नामावालीको प्रस्तुतीकरणको अनि ती निर्वाचन सञ्चालनको अधीक्षण, निर्देशन अनि नियन्त्रण अनुच्छेद २४३ (ट)-मा निर्दिष्ट राज्य निर्वाचन आयोगमा निहित हुने छ।

(२) यस संविधानका प्रावधानहरूका अधीनमा रही कुनै राज्यको विधायिकाले विधिद्वारा नगरपालिकाका निर्वाचनसम्बन्धी अथवा यससँग संलग्न सबै प्रकारका विषयका सम्बन्धमा प्रावधान बनाउन सक्ने छ।

**२४३यख. केन्द्रशासित प्रदेशहरूमा अनुप्रयोग**– यस भागका प्रावधान केन्द्रशासित प्रदेशहरूमा लागु हुने छन् अनि यी प्रावधान कुनै केन्द्रशासित प्रदेशमा लागु हुँदा कुनै राज्यका राज्यपालप्रतिका निर्देश अनुच्छेद २३९ अन्तर्गत नियुक्त केन्द्रशासित प्रदेशको प्रशासकप्रतिका निर्देश भए झैं मानेर अनि कुनै राज्यको विधायिका अथवा विधानसभाप्रतिका निर्देश विधानसभा भएको केन्द्रशासित प्रदेशका सम्बन्धमा सो विधानसभाप्रतिका निर्देश भए झैं मानेर प्रभावकारी हुने छन्:

यद्यपि राष्ट्रपतिले लोक अधिसूचनाद्वारा यस भागका प्रावधान कुनै केन्द्रशासित प्रदेश वा सो प्रदेशको कुनै भागमा सो अधिसूचनामा उनले विनिर्देश गरेका अपवाद अनि परिमार्जनहरूका अधीनमा रही लागु हुने छन् भनी निर्देश दिन सक्ने छन्।

**२४३यग. यो भाग कतिपय क्षेत्रहरूमा लागु नहुने**–(१) यस भागको कुनै पनि कुरा अनुच्छेद २४४-को खण्ड (१)-मा निर्दिष्ट अनुसूचित क्षेत्रहरू अनि खण्ड (२)-मा निर्दिष्ट जनजाति क्षेत्रहरूमा लागु हुने छैन।

(२) यस भागको कुनै पनि कुराको अर्थ यस कुराले पश्चिम बङ्गाल राज्यको दार्जिलिङ जिल्लाका पार्वत्य क्षेत्रहरूका निम्ति तत्समय प्रवृत्त कुनै विधि अन्तर्गत गठित दार्जिलिङ गोर्खा पार्वत्य परिषद्का कार्य अनि शक्तिहरूलाई प्रभावित पार्ने छ भनी लगाइने छैन ।

(३) यस संविधानमा जुनसुकै कुरा भए तापनि संसद्ले विधिद्वारा यस भागका प्रावधानहरूको विस्तार खण्ड (१)-मा निर्दिष्ट अनुसूचित क्षेत्रहरू अनि जनजाति क्षेत्रहरूमा यस्ता विधिमा निर्दिष्ट अपवादहरू अनि परिमार्जनहरूका अधीनमा रही गर्न सक्ने छ अनि यस्तो कुनै पनि विधिलाई अनुच्छेद ३६८-का प्रयोजनहरूका निम्ति यस संविधानको संशोधन मानिने छैन।

**२४३यघ. जिल्ला योजनाका निम्ति समिति** – (१) जिल्लाका पञ्चायतहरू अनि नगरपालिकाहरूद्वारा तयार पारिएका योजनाहरूको समायोजनका निम्ति अनि समग्र जिल्लाका लागि एउटा विकास योजना प्रारूप तयार पार्नका निम्ति प्रत्येक राज्यमा जिल्ला स्तरमा एउटा जिल्ला योजना समिति गठन गरिने छ।

(२) राज्यको विधायिकाले विधिद्वारा निम्नोल्लिखितका सम्बन्धमा प्रावधान गर्न सक्ने छ–

(क) जिल्ला योजना समितिहरूको संरचना;

(ख) यस्ता समितिहरूका आसन पूर्ति गर्ने रीति:

यद्यपि यस्तो समितिका मोठ सदस्यहरूको पाँच भागमध्ये कम्तीमा चार भाग सदस्य जिल्ला स्तरका पञ्चायत अनि नगरपालिकाका निर्वाचित सदस्यहरूद्वारा आफूमाझबाट जिल्लाका ग्रामीण क्षेत्रहरू अनि नगर क्षेत्रहरूको जनसङ्ख्याबिचको अनुपात अनुसार निर्वाचित गरिने छ;

(ग) यस्ता समितिहरूलाई सुम्पिन सकिने जिल्ला योजनासँग सम्बन्धित कार्यहरू;

(घ) त्यस्ता समितिहरूको अध्यक्ष छनौट गर्ने तरिका ।

(३) विकास योजनाको प्रारूप तयार गर्ने क्रममा प्रत्येक जिल्ला योजना समितिले–

(क) निम्नलिखित कुराहरूबारे ध्यान राख्ने छ–

(i) स्थानिक योजना, जल तथा अन्य भौतिक अनि प्राकृतिक संसाधनहरूको भागबन्डा, पूर्वाधारको एकीकृत विकास अनि पर्यावरण संरक्षणसहित पञ्चायत अनि नगरपालिकाका साझा हितका विषयहरू;

(ii) उपलब्ध वित्तीय अथवा अन्य संसाधनहरूको मात्रा अनि प्रकार;

(ख) राज्यपालले आदेशद्वारा विनिर्दिष्ट गरेका संस्थान अनि सङ्गठनहरूसँग परामर्श।

(४) प्रत्येक जिल्ला योजना समितिका अध्यक्षले यस्तो समितिले सिफारिस गरे अनुसारको विकास योजना राज्य सरकारलाई पठाउने छन्।

**२४३यङ. महानगर योजनाका लागि समिति**– (१) प्रत्येक महानगर क्षेत्रमा सम्पूर्ण महानगर क्षेत्रका निम्ति विकास योजनाको प्रारूप तयार गर्नाका निम्ति एउटा महानगर योजना समिति गठन गरिने छ।

(२) राज्य-विधायिकाले विधिद्वारा–

(क) महानगर योजना समितिहरूको संरचना;

(ख) यस्ता समितिहरूका आसन पूर्ति गर्ने तरिका;

–का सम्बन्धमा प्रावधान गर्न सक्ने छ:

यद्यपि यस्तो समितिका मोठ सदस्यमध्ये कम्तीमा दुई तिहाइ सदस्य महानगर क्षेत्रका नगरपालिकाका निर्वाचित सदस्यहरू अनि पञ्चायतका अध्यक्षहरूद्वारा आफूमाझबाट सो क्षेत्रका नगरपालिका अनि पञ्चायतहरूका जनसङ्ख्याबिचको अनुपात अनुसार निर्वाचित गरिने छ;

(ग) यस्ता समितिहरूमा भारत सरकार र राज्य सरकार अनि यस्ता समितिहरूलाई सुम्पिएका कार्यहरू सम्पादन गर्नाका निम्ति आवश्यक मानिएका सङ्गठनहरू अनि संस्थानहरूको प्रतिनिधित्व;

(घ) यस्ता समितिहरूलाई सुम्पिइने महानगर क्षेत्रका निम्ति योजना अनि समन्वयसँग सम्बन्धित कार्यहरू;

(ङ) यस्ता समितिहरूका अध्यक्ष छनौट गर्ने तरिका;

–का सम्बन्धमा प्रावधान गर्न सक्ने छ।

(३) विकास योजनाको प्रारूप तयार गर्ने क्रममा प्रत्येक महानगर योजना समितिले–

(क) निम्नलिखित कुराहरूबारे ध्यान राख्ने छ–

(i) महानगर क्षेत्रमा भएका नगरपालिका अनि पञ्चायतहरूद्वारा तयार पारिएका योजनहरू;

(ii) क्षेत्रका समन्वित स्थानिक योजना, जल तथा अन्य भौतिक अनि प्राकृतिक संसाधनहरूको भागबन्डा, पूर्वाधारको एकीकृत विकास अनि पर्यावरण संरक्षणसहित नगरपालिका अनि पञ्चायतका साझा हितका विषयहरू;

(iii) भारत सरकार अनि राज्य सरकारद्वारा सुनिश्चित गरिएका सम्पूर्ण प्राथमिकताहरू;

(iv) भारत सरकार अनि राज्य सरकारका निकायहरूद्वारा महानगर क्षेत्रमा गरिने सम्भावित विनियोगको मात्रा अनि प्रकृति तथा अन्य उपलब्ध वित्तीय अथवा अन्य संसाधन;

(ख) राज्यपालले आदेशद्वारा विनिर्देश गरेका संस्थान अनि सङ्गठनहरूसँग परामर्श।

(४) प्रत्येक महानगर योजना समितिका अध्यक्षले यस्तो समितिले सिफारिस गरे अनुसारको विकास योजना राज्य सरकारलाई पठाउने छन्।

**२४३यच. विद्यमान विधि अनि नगरपालिकाहरूको निरन्तरता**– यस भागमा जुनसुकै कुरा रहे तापनि कुनै राज्यमा संविधान (चौहत्तरौँ संशोधन) अधिनियम, १९९२ लागु हुन तुरुन्त अघि लागु भएको, यस भागका प्रावधानहरूसित असङ्गत, नगरपालिकासित सम्बन्धित कुनै विधिको कुनै प्रावधानको सक्षम विधायिका अथवा अन्य सक्षम प्राधिकारीद्वारा संशोधन अथवा निरस्तीकरण नगरिएसम्म अथवा यसरी लागु भएदेखि एक वर्षको अवधि समाप्त नहुन्जेल अथवा यी मध्ये जुन अघि हुन्छ, सो अवधिसम्म लागु रहिरहने छ:

यद्यपि यसरी लागु हुन तत्काल अघि विद्यमान सम्पूर्ण नगरपालिकाहरू, सो राज्यको विधानसभाद्वारा अथवा विधानपरिषद् भएका राज्यका स्थितिमा सो राज्यको विधायिकाका दुवै सदनद्वारा पारित विघटनका आशयको निर्णयद्वारा पहिले नै विघटन गरिएन भने आफ्नो अवधि समाप्त नहुन्जेल चलिरहने छन्।

**२४३यछ. निर्वाचनसम्बन्धी मामिलाहरूमा न्यायालयहरूको हस्तक्षेपमाथि रोक**– यस संविधानमा जुनसुकै कुरा भए तापनि–

(क) अनुच्छेद २४३ यक अन्तर्गत गरिएको अथवा गर्ने अठोट राखिएको निर्वाचन क्षेत्रहरूको सीमाङ्कन अथवा यस्ता निर्वाचन क्षेत्रहरूका लागि आसनहरूको आवण्टनसँग सम्बन्धित विधिको वैधतामाथि कुनै न्यायालयमा प्रश्न उठाइने छैन;

(ख) राज्यको विधायिकाद्वारा बनाइएको कुनै विधिद्वारा अथवा यसअन्तर्गत प्रावधान गरिएअनुसारको रीतिले र कुनै विधिद्वारा अथवा यसअन्तर्गत प्रावधान गरिएअनुसारको प्राधिकारीलाई प्रदान गरिएको निर्वाचनसम्बन्धी आवेदनबाहेक अन्य कुनै उपायद्वारा कुनै नगरपालिकाका लागि गरिने निर्वाचनमाथि प्रश्न उठाइने छैन।]

# [1][भाग ९ख

# सहकारी संस्था

**२४३यज. परिभाषाहरू**– सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म यस भागमा–

(क) ''अधिकृत व्यक्ति'' पदावलीले धारा २४३ यथ मा निर्दिष्ट व्यक्ति बुझाउँछ;

(ख) ''समिति'' पदले संस्थाका क्रियाकलापहरूको निर्देशन अनि नियन्त्रण सुम्पिइएको, जुनसुकै नामले चिनिने सञ्चालक समिति वा सहकारी संस्थाको परिचालक निकाय बुझाउँछ;

(ग) ''सहकारी संस्था'' पदावलीले कुनै पनि राज्यमा तत्समय प्रवृत्त सहकारी संस्थासँग सम्बन्धित विधि अन्तर्गत दर्ता भएको अथवा दर्ता भएको भनी मानिएको संस्था बुझाउँछ;

(घ) ''बहुराज्यीय सहकारी संस्था'' पदावलीले आफ्ना उद्देश्यहरू एउटा राज्यमा सीमित नभएको र त्यस्ता सहकारीसम्बन्धी तत्समय प्रवृत्त विधि अन्तर्गत दर्ता भएको अथवा दर्ता भएको भनी मानिएको संस्था बुझाउँछ;

(ङ) ''पदाधिकारी'' पदले सहकारी संस्थाका अध्यक्ष, उपाध्यक्ष, सभापति, उपसभापति, सचिव वा कोषाध्यक्ष बुझाउँछ र यसमा कुनै सहकारी संस्थाको समितिद्वारा निर्वाचित गरिने अन्य कुनै व्यक्ति पनि समाविष्ट हुन्छ;

(च) ''रजिस्ट्रार'' पदले बहुराज्यीय सहकारी संस्थाका सम्बन्धमा केन्द्र सरकारद्वारा नियुक्त केन्द्रीय रजिस्ट्रारलाई र राज्यको विधायिकाद्वारा सहकारी संस्थाका सम्बन्धमा बनाइएको विधिअन्तर्गत राज्य सरकारद्वारा नियुक्त सहकारी संस्थाहरूका रजिस्ट्रार बुझाउँछ;

(छ) ''राज्य अधिनियम'' पदावलीले राज्य-व्यवस्थापिकाले बनाएको कुनै पनि विधि बुझाउँछ;

(ज) ''राज्यस्तरीय सहकारी संस्था'' पदावलीले समग्र राज्यमा कार्यक्षेत्र फैलिएको र राज्यले बनाएको कुनै विधिमा त्यसरी परिभाषित गरिएको सहकारी संस्था बुझाउँछ।

**२४३यझ. सहकारी संस्थाहरूको समायोजन**– यस भागका प्रावधानका अधीनमा रही राज्यको विधायिकाले विधिद्वारा स्वैच्छिक गठन, गणतान्त्रिक सदस्य-नियन्त्रण, सदस्य-आर्थिक सहभागिता र स्वशासित सञ्चालन सिद्धान्तका आधारमा सहकारी संस्थाहरूको समायोजन, नियमन र समापनका सम्बन्धमा प्रावधानहरू बनाउन सक्छ।

---

[1] भाग ९ (ख) संविधान (सन्तानब्बेऔँ संशोधन) अधिनियम २०११, धारा ४ अन्तर्गत (१५.०२.२०१२-देखि) अन्त:स्थापित।

**२४३यञ. समितिका सदस्य र पदाधिकारीहरूको सङ्ख्या र कार्यकाल** –

(१) समितिमा राज्य-विधायिकाले विधिद्वारा प्रावधान गरेको सङ्ख्या अनुसारका निर्देशकहरू रहने छन्:

यद्यपि सहकारी संस्थाका निर्देशकहरूको सङ्ख्या अधिकतम एक्काइसजना भन्दा अधिक हुने छैन:

यद्यपि सदस्यका रूपमा व्यक्तिहरू रहेका र अनुसूचित जाति अथवा अनुसूचित जनजाति वर्गका सदस्यहरूलाई लिएर गठित प्रत्येक सहकारी संस्थाका समितिमा अनुसूचित जाति अथवा अनुसूचित जनजातिका लागि एक आसन र महिलाहरूका लागि दुईवटा आसन आरक्षण गर्ने प्रावधान राज्यको विधायिकाले विधिद्वारा गर्ने छ।

(२) समितिका निर्वाचित सदस्य साथै पदाधिकारीहरूको पदावधि निर्वाचनको मितिदेखि पाँच वर्षको हुने छ साथै समितिको कार्यकाल समाप्त हुँदा निर्वाचित सदस्यको पदावधि पनि समाप्त हुने छ:

यद्यपि समितिको कार्यकाल आफ्नो मूल कार्यकालको आधाभन्दा कम रहेका खण्डमा कुनै वर्गका सदस्यहरूका सम्बन्धमा कुनै आकस्मिक रिक्तता उत्पन्न भए सो वर्गकै सदस्यहरूलाई मनोनीत गरी समितिले सो आकस्मिक रिक्तताको पूर्ति गर्न सक्ने छ।

(३) सहकारी संस्थाका उद्देश्य अनि क्रियाकलापसँग सम्बन्ध राख्ने ब्याङ्किङ, प्रबन्धन, वित्तीय अथवा सम्बन्धित क्षेत्रमा विशेषज्ञता प्राप्त व्यक्तिहरूलाई यस्ता समितिमा सदस्यका रूपमा समावेश गर्नाका निम्ति कुनै पनि राज्यको विधायिकाले विधिद्वारा प्रावधान बनाउने छ:

यद्यपि खण्ड(१)को पहिलो उपबन्धमा निर्दिष्ट २१ जना निर्देशकहरूबाहेक यसरी समावेश गरिएका सदस्यहरूको सङ्ख्या दुईभन्दा अधिक हुने छैन:

यद्यपि यसरी समावेश गरिएका सदस्यहरूलाई सदस्यका हैसियतले सहकारी संस्थाको कुनै पनि निर्वाचनमा मतदान गर्ने साथै समितिका पदाधिकारीका रूपमा निर्वाचित हुने अधिकार प्राप्त हुने छैन:

यद्यपि सहकारी संस्थाका कार्यकारी निर्देशकहरू समितिका सदस्य पनि हुने छन् र खण्ड (१) को पहिलो उपबन्धमा निर्दिष्ट निर्देशकहरूको मोठ सङ्ख्या गणना गर्दा यस्ता सदस्यलाई सम्मिलित गरिने छैन।

**२४३यट. समितिका सदस्यहरूको निर्वाचन**–

(१) कुनै राज्यको विधायिकाले बनाएको कुनै विधिमा जुनसुकै कुरा भए तापनि पुरानो समितिको कार्यकाल सकिनासाथ नव निर्वाचित सदस्यहरूले पद ग्रहण गर्न सकून् भन्ने उद्देश्यले समितिको कार्यकाल समाप्त हुनअघि नै समितिको निर्वाचन सम्पन्न गरिने छ।

(२) सहकारी संस्थाका सबै निर्वाचनहरूका लागि मतदाता सूची प्रस्तुतीकरणको अनि ती निर्वाचन सञ्चालनको अधीक्षण, निर्देशन अनि नियन्त्रण राज्यको विधायिकाले विधिद्वारा प्रावधान गरेअनुसारको प्राधिकारी अथवा निकायमा निहित हुने छ:

यद्यपि राज्यको विधायिकाले विधिद्वारा यस्ता निर्वाचन सञ्चालन गर्ने प्रक्रिया अनि दिशानिर्देशहरूको प्रावधान गर्ने छ।

**२४३ यठ. समितिको अधिक्रमण र निलम्बन अनि र अन्तरिम व्यवस्थापन–**

(१) तत्समय प्रवृत्त कुनै विधिमा जुनसुकै कुरा भए तापनि छ महिनाभन्दा अधिक समयका लागि कुनै समितिलाई अधिक्रमण वा निलम्बन गरिने छैन:

यद्यपि –

(i) यसले निरन्तर चुक गरेका स्थितिमा; अथवा

(ii) आफ्ना कर्त्तव्य पालनामा लापरवाही गरेका स्थितिमा; अथवा

(iii) समितिले सहकारी संस्था वा सदस्यहरूका हितविरुद्ध कुनै कार्य गरेका स्थितिमा; अथवा

(iv) समितिको गठन अनि कार्यमा गतिरोध उत्पन्न भएका स्थितिमा; अथवा

(v) अनुच्छेद २४३ यट को खण्ड (२) अन्तर्गत राज्य अधिनियम अनुसार निर्वाचन सम्पन्न गर्न राज्य-विधायिकाले विधिद्वारा प्रावधान गरेअनुसारको प्राधिकारी अथवा निकाय असफल बनेका स्थितिमा;

–समितिलाई अधिक्रमण अथवा निलम्बन गर्न सकिन्छ:

यद्यपि सरकारी हिस्सेदारी अथवा ऋण वा वित्तीय सहायता वा सरकारद्वारा कुनै प्रत्याभूति नदिइएका स्थितिमा त्यस्तो कुनै पनि सहकारी संस्थाको समितिलाई अधिक्रमण वा निलम्बन गर्न सकिने छैन:

यद्यपि कुनै पनि सहकारी संस्थाले ब्याङ्किङ व्यवसाय गर्दैछ भने ब्याङ्किङ विनियम अधिनियम, १९४९ (१९४९-को १०)-का प्रावधानहरू पनि लागु हुने छन्:

यद्यपि बहुराज्यीय सहकारी संस्थाइतर कुनै सहकारी संस्थाले ब्याङ्किङ व्यवसाय सञ्चालन गरेका स्थितिमा "छ महिना" शब्दहरूलाई "एक वर्ष" शब्दहरूले प्रतिस्थापन गरिए झैं मानेर यस खण्डका प्रावधानहरू प्रभावकारी हुने छन्।

(२) सञ्चालन समितिलाई अधिक्रमण गरिएका स्थितिमा त्यस्तो सहकारी संस्थाको कामकाजको व्यवस्थापन गर्नका लागि नियुक्त प्रशासकले खण्ड १-मा तोकिएको अवधिभित्र निर्वाचन गराउने व्यवस्था गरी निर्वाचित समितिलाई व्यवस्थापन हस्तान्तरण गर्ने छ।

(३) राज्यको विधायिकाले विधिद्वारा प्रशासकको सेवाका सर्तहरूबारे प्रावधान बनाउन सक्ने छ।

**२४३ यड .सहकारी संस्थाको हरहिसाबको लेखापरीक्षण** –

(१) सहकारी संस्थाद्वारा गरिनु पर्ने हरहिसाबको सम्भार अनि प्रत्येक आर्थिक वर्षमा कम्तीमा एकपटक हरहिसाबको लेखापरीक्षण गर्ने सम्बन्धमा कुनै राज्यको विधायिकाले विधिद्वारा प्रावधान बनाउन सक्ने छ।

(२) कुनै राज्यको विधायिकाले सहकारी संस्थाका हरहिसाबको लेखापरीक्षणका लागि योग्य लेखा परीक्षक अनि लेखा परीक्षण संस्थानहरूको न्यूनतम योग्यता र अनुभव निर्धारण गर्ने छ।

(३) प्रत्येक सहकारी संस्थाले खण्ड २मा निर्दिष्ट सहकारी संस्थाको साधारण निकायले नियुक्त गरेको लेखा परीक्षक वा लेखापरीक्षण संस्थानद्वारा हरहिसाबको लेखापरीक्षण गराउने छ:

यद्यपि यस्ता लेखापरीक्षकहरू वा लेखापरीक्षण संस्थानहरूको नियुक्ति राज्य सरकारद्वारा वा राज्य सरकारद्वारा यस निमित्त अधिकृत प्राधिकारीद्वारा अनुमोदित समूहमध्येबाट गरिने छ।

(४) प्रत्येक सहकारी संस्थाको हरहिसाबको लेखापरीक्षण यी हरहिसाबसँग सम्बन्धित वित्तीय वर्ष बितेको ६ महिनाभित्र गराइने छ।

(५) राज्य अधिनियमद्वारा यथापरिभाषित कुनै सर्वोच्च सहकारी संस्थाको लेखापरीक्षण विवरण राज्य-विधायिकाले विधिद्वारा प्रावधान गरेको रीति अनुसार राज्य-विधायिकासमक्ष प्रस्तुत गरिने छ।

**२४३ यढ. साधारण निकायको सभा बोलाउने कार्य**– राज्यको विधायिकाले विधिद्वारा, विधिमा प्रावधान गरिए अनुसारको कारबारका निम्ति प्रत्येक सहकारी संस्थाको सामान्य निकायको वार्षिक सभा आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र बोलाउनु पर्ने प्रावधान बनाउन सक्ने छ।

**२४३ यण. सदस्यको सूचना प्राप्त गर्ने अधिकार** (१) सहकारी संस्थाका सदस्यसँग नियमित गरिने कारबारका निम्ति राखिएका सहकारी संस्थाका बहीखाता, सूचना र हरहिसाब सहकारी संस्थाका प्रत्येक सदस्यलाई उपलब्ध गराउनका लागि राज्य-विधायिकाले विधिद्वारा प्रावधान गर्न सक्ने छ।

(२) सहकारी संस्थाको व्यवस्थापनमा सदस्यहरूको सहभागिता सुनिश्चित गर्नका निम्ति विधिमा प्रावधान गरिएका बैठकमा सदस्यहरू उपस्थित हुनु पर्ने न्यूनतम आवश्यकताको प्रावधान गरेर र न्यूनतम सेवा उपयोग गर्नु पर्ने व्यवस्था गरेर प्रावधान बनाउन सक्ने छ।

(३) कुनै राज्यको विधायिकाले विधिद्वारा आफ्ना सदस्यहरूका लागि सहकारी शिक्षा अनि प्रशिक्षणको प्रावधान गर्न सक्ने छ ।

**२४३ यत. विवरणी**– प्रत्येक सहकारी संस्थाले प्रत्येक वित्तीय वर्ष समाप्त भएको छ महिनाभित्र राज्य सरकारद्वारा नामित अधिकारीसमक्ष निम्नलिखित कुराहरू समाविष्ट भएका विवरणहरू प्रस्तुत गर्ने छः–

(क) आफ्ना क्रियाकलापहरूको वार्षिक प्रतिवेदन;

(ख) आफ्नो हरहिसाबको लेखापरीक्षणको विवरण;

(ग) सहकारी संस्थाको सामान्य निकायले अनुमोदन गरेको बचत खर्च गर्ने योजना;

(घ) सहकारी संस्थाका संशोधन गरिएका कुनै उपविधि छन् भने तिनको सूची;

(ङ) सामान्य निकायको बैठक आयोजन गरिने मिति र तोकिएको समयमा निर्वाचन गरिने सम्बन्धमा घोषणा;

(च) राज्य अधिनियमको कुनै प्रावधान अनुसार रजिस्ट्रारलाई आवश्यक परेका अन्य कुनै जानकारी।

**२४३ यथ. अपराध अनि दण्डहरू–**

(१) राज्यको विधायिकाले विधिद्वारा सहकारी संस्थाहरूसित सम्बन्धित अपराध तथा यस्ता अपराधहरूका लागि दिइने दण्डसम्बन्धी प्रावधान बनाउन सक्ने छ।

(२) राज्यको विधायिकाद्वारा खण्ड(१) अन्तर्गत बनाइएको विधिमा निम्न कार्य वा लापरबाही अपराधका रूपमा समावेश हुने छ, जस्तैः–

(क) कुनै सहकारी संस्था वा सो संस्थाका कुनै अधिकारी वा सदस्यले जानीबुझी असत्य विवरण बुझाएको अथवा असत्य जानकारी दिएको अथवा कुनै व्यक्तिले जानीबुझी राज्य अधिनियमका प्रावधान अन्तर्गत जानकारी दिनका निम्ति प्राधिकृत व्यक्तिले उनीबाट आवश्यक भएको कुनै जानकारी नदिएको कार्य;

(ख) राज्य अधिनियमका प्रावधानअन्तर्गत जारी गरिएका कुनै समन, निवेदन वा विधिपूर्ण लिखित आदेशको कुनै व्यक्तिले जानीबुझी वा कुनै उपयुक्त कारणबिना नै गरेको अवज्ञा;

(ग) पर्याप्त कारणबिना नै आफ्नो कर्मचारीबाट कटौती गरिएको रकम कटौती गरिएको मितिदेखि चौध दिन भित्र सहकारी संस्थालाई बुझाउन कुनै रोजगारदाता असफल भएको कार्य;

(घ) आफू अधिकृत अथवा संरक्षक रहेको कुनै सहकारी संस्थाका बहीखाता, हरहिसाब, दस्तावेज, अभिलेख, नगद, प्रतिभूति वा अन्य सम्पत्तिको संरक्षण कुनै प्राधिकृत व्यक्तिलाई जानीबुझी हस्तान्तरण गर्न कुनै अधिकारी वा संरक्षक असफल भएको कार्य;

(ङ) समितिका कुनै सदस्य वा पदाधीकारीले निर्वाचनअघि, निर्वाचनका समयमा वा निर्वाचनपछि गरेको कुनै भ्रष्ट आचरण।

**२४३ यद. बहुराज्यीय सहकारी संस्थाहरूमा अनुप्रयोग–** "राज्य- विधायिका", "राज्य अधिनियम" अथवा "राज्य सरकार"प्रति रहेको निर्देशको अर्थ क्रमशः "संसद्", "केन्द्रीय अधिनियम", अथवा "केन्द्र सरकार"प्रति रहेको निर्देश हो भनी लगाइने छ भन्ने परिमार्जनका अधीनमा रही यस भागका प्रावधानहरू बहुराज्यीय सहकारी संस्थाहरूमा लागु हुने छन्।

**२४३ यध. केन्द्रशासित प्रदेशहरूमा अनुप्रयोग**– यस भागका प्रावधान केन्द्रशासित प्रदेशहरूमा लागु हुने छन् अनि विधानसभा नभएको केन्द्रशासित प्रदेशमा यी प्रावधान लागु हुँदा कुनै राज्यको विधायिकाप्रतिको निर्देश अनुच्छेद २३९ अन्तर्गत त्यहाँ नियुक्त प्रशासकप्रति रहेको निर्देश भए झैं मानेर विधानसभा भएको केन्द्रशासित प्रदेशका सम्बन्धमा सो विधानसभा प्रतिको निर्देश भए झैं मानेर लागु हुने छन्:

यद्यपि राष्ट्रपतिले अधिसूचनामा निर्दिष्ट गरेका कुनै पनि केन्द्रशासित प्रदेश तथा यसका भागहरूमा यस भागका प्रावधानहरू लागु हुने छैनन् भनी राष्ट्रपतिले राजपत्रमा दिइएको अधिसूचनाद्वारा निर्देश दिन सक्ने छन्।

**२४३ यन. विद्यमान विधिको निरन्तरता**– यस भागमा जुनसुकै कुरा रहे तापनि संविधान (सन्तानब्बेऔँ संशोधन) अधिनियम, २०११ लागु हुन तत्काल अघि कुनै राज्यमा प्रचलनमा रहेको , यस भागका प्रावधानहरूसित असङ्गत, सहकारी संस्थासँग सम्बन्धित कुनै विधिको कुनै प्रावधान, सक्षम विधायिका अथवा अन्य सक्षम प्राधिकारीद्वारा संशोधन वा निरस्त नगरिएसम्म अथवा यसरी लागु भएदेखि एक वर्ष अवधि समाप्त नहुन्जेल अथवा यी मध्ये जुन कम्ती हुन्छ सो अवधिसम्म लागु रहिरहने छ।

# भाग १०

# अनुसूचित अनि जनजाति क्षेत्र

**२४४. अनुसूचित क्षेत्रहरू अनि जनजाति क्षेत्रहरूको प्रशासन**– (१) पाँचौं अनुसूचीका प्रावधान [1][असम, [2][[3]मेघालय, त्रिपुरा अनि मिजोरम]]] राज्यहरूभन्दा भिन्न [4]***कुनै राज्यका अनुसूचित क्षेत्रहरू अनि अनुसूचित जनजातिहरूको प्रशासन अनि नियन्त्रणका निम्ति लागु हुने छन्।

(२) छैटौं अनुसूचीका प्रावधानहरू [1][असम, [2][, [5][मेघालय, त्रिपुरा अनि मिजोरम राज्यहरू]]]-का जनजाति क्षेत्रहरूको प्रशासनका निम्ति लागु हुने छन्।

[6][**२४४क. असमका कतिपय जनजाति क्षेत्र समावेश गरेर एउटा स्वशासित राज्य गठन अनि सो राज्यका निम्ति स्थानीय विधायिका अथवा मन्त्री–परिषद् अथवा दुवैको सृजना** – यस संविधानमा जुनसुकै कुरा भए तापनि संसद्ले विधिद्वारा असम राज्यभित्र छैटौं अनुसूचीको परिच्छेद २० सँग संलग्न तालिकाको [7][भाग १]-मा निर्दिष्ट सबै अथवा केही जनजाति क्षेत्र (पूर्ण रूपमा अथवा आंशिक रूपमा) समावेश भएको एउटा स्वशासित राज्य गठन गर्न सक्ने छ अनि त्यसका निम्ति–

(क) सो स्वशासित राज्यको विधायिकाका रूपमा कार्य गर्नका निम्ति निर्वाचित अथवा आंशिक रूपमा मनोनीत अनि आंशिकरूपमा निर्वाचित निकाय; अथवा

(ख) मन्त्री–परिषद्

-अथवा दुवैको सृजना गर्न सक्ने छ अनि प्रत्येकका विधिमा निर्दिष्ट गरिए अनुसारका बनोट, शक्ति अनि कर्त्तव्यहरू हुने छन् ।

(२) खण्ड (१)-मा निर्दिष्ट कुनै विधिले विशेष गरी–

---

[1] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) को धारा ७१-द्वारा (२१.१.१९७२-देखि) "असम राज्य" का स्थानमा प्रतिस्थापित।

[2] संविधान (उनन्चासौँ संशोधन) अधिनियम, १९८४-को धारा २-द्वारा "अनि मेघालय" का स्थानमा (१.४.१९८५-देखि) प्रतिस्थापित।

[3] मिजोरम राज्य अधिनियम, १९८६ (१९८६-को ३४) को धारा ३९-द्वारा "मेघालय अनि त्रिपुरा" का स्थानमा (२०.२.१९८७-देखि) प्रतिस्थापित।

[4] संविधान (सातौं संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा "पहिलो अनुसूचीको भाग क अथवा भाग ख मा विनिर्दिष्ट" शब्द अनि अक्षरहरू त्यक्त।

[5] मिजोरम राज्य अधिनियम, १९८६(१९८६-को ३४) को धारा ३९-द्वारा (२०.२.१९८७-देखि) "मेघालय अनि त्रिपुरा राज्यहरू अनि मिजोरम सङ्घ राज्यक्षेत्र" का स्थानमा प्रतिस्थापित।

[6] संविधान (बाइसौँ संशोधन) अधिनियम, १९६९-को धारा २-द्वारा (२५.०९.१९६९देखि) अन्तः स्थापित।

[7] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) को धारा ७१-द्वारा (२१.१.१९७२-देखि) "भाग क" का स्थानमा प्रतिस्थापित।

(क) असम राज्यको विधायिकालाई सामेल नगरी अथवा अन्यथा सम्पूर्ण स्वशासित राज्यका निम्ति अथवा त्यसको कुनै भागका निम्ति स्वशासित राज्यको विधायिकालाई विधि बनाउने शक्ति रहेका राज्य सूची अथवा समवर्ती सूचीमा प्रगणित विषयहरू विनिर्देश गर्न सक्ने छ।

(ख)स्वशासित राज्यको कार्यपालिका शक्ति विस्तार हुने विषयहरू निरूपण गर्न सक्ने छ;

(ग) स्वशासित राज्यबाट भएको आयस्ताको श्रेय स्वशासित राज्यलाई नै दिन सकिने हदसम्म असम राज्यद्वारा अधिरोपित कुनै कर स्वशासित राज्यलाई सुम्पिइने छ भन्ने प्रावधान गर्न सक्ने छ;

(घ) यस संविधानको कुनै अनुच्छेदमा भएको कुनै राज्यप्रति रहेको कुनै निर्देशमा स्वशासित राज्यप्रति गरिएको निर्देश पनि समाविष्ट छ भनी अर्थ लगाइने छ भन्ने प्रावधान गर्न सक्ने छ; अनि

(ङ) आवश्यक ठाने अनुसारका अनुपूरक, आनुषङ्गिक र पारिणामिक प्रावधान गर्न सक्ने छ।

(३) खण्ड (२) को उपखण्ड (क) अथवा उपखण्ड (ख)-मा निर्दिष्ट विषयहरूमध्ये कुनै पनि विषयसँग सम्बन्धित भएसम्म उपर्युक्त कुनै पनि विधिको संशोधन प्रत्येक सदनमा उपस्थित अनि मतदान गर्ने सदस्यहरूमध्ये कम्तीमा दुईतिहाइ सदस्यहरूद्वारा पारित नभएसम्म प्रभावकारी हुने छैन।

(४) यस अनुच्छेदमा निर्दिष्ट कुनै विधिमा संविधान संशोधन गर्ने अथवा संविधान संशोधन गर्न सक्ने प्रभाव भएको कुनै प्रावधान निहित हुँदाहुँदै पनि यस विधिलाई अनुच्छेद ३६८-को प्रयोजनका लागि यस संविधानको संशोधन ठानिने छैन।

# भाग ११

# सङ्घ अनि राज्यहरू माझ सम्बन्ध

## अध्याय १– विधायी सम्बन्ध

*विधायी शक्तिहरूको वितरण*

**२४५. संसद् अनि राज्यका विधायिकाद्वारा बनाइएका विधिहरूको विस्तार**– (१) यस संविधानका प्रावधानहरूका अधीनमा रही संसद्ले भारतको सम्पूर्ण राज्यक्षेत्र अथवा यसको कुनै भागका निम्ति विधि बनाउन सक्ने छ अनि कुनै राज्यको विधायिकाले सम्पूर्ण राज्य अथवा यसको कुनै भागका निम्ति विधि बनाउन सक्ने छ।

(२) संसद्द्वारा बनाइएको कुनै पनि विधिको राज्यक्षेत्रेतर प्रवर्तन हुने छ भन्ने आधारमा यसलाई विधिअमान्य ठानिने छैन।

**२४६. संसद् अनि राज्यका विधायिकाद्वारा बनाइएका विधिहरूको विषयवस्तु**– (१) खण्ड (२) अनि खण्ड (३)-मा जुनसुकै कुरा भए तापनि (यस संविधानमा "सङ्घ सूची" का रूपमा निर्दिष्ट) सातौँ अनुसूचीको सूची १-मा प्रगणित विषयहरूमध्ये कुनै पनि विषयका सम्बन्धमा संसद्लाई विधि बनाउने अनन्य शक्ति प्राप्त छ।

(२) खण्ड (३)-मा जुनसुकै कुरा भए तापनि संसद्लाई तथा खण्ड (१)-का अधीनमा रही कुनै राज्यको[1]*** विधायिकालाई पनि (यस संविधानमा "समवर्ती सूची" का रूपमा निर्दिष्ट) सातौँ अनुसूचीको सूची ३-मा प्रगणित विषयहरूमध्येकुनै पनि विषयका सम्बन्धमा विधि बनाउने शक्ति प्राप्त छ।

(३) खण्ड (१) अनि खण्ड (२)-का अधीनमा रही [1]***कुनै राज्यको विधायिकालाई (यस संविधानमा "राज्य सूची" का रूपमा निर्दिष्ट) सातौँ अनुसूचीको सूची २-मा प्रगणित विषयहरूमध्ये कुनै पनि विषयका सम्बन्धमा त्यस्ता राज्यका निम्ति अथवा सो राज्यको कुनै भागका निम्ति विधि बनाउने अनन्य शक्ति प्राप्त छ।

(४) कुनै विषय राज्यसूचीमा प्रगणित विषय भए तापनि भारतको राज्यक्षेत्रको [2][कुनै राज्यमा] अन्तर्भुक्त नभएको कुनै पनि भागका निम्ति त्यस्ता विषयका सम्बन्धमा संसद्लाई विधि बनाउने शक्ति प्राप्त छ।

[3]**[२४६क. वस्तु तथा सेवा करका सम्बन्धमा विशेष प्रावधान**– (१) अनुच्छेद २४६ तथा २५४-मा जुनसुकै कुरा भए तापनि, संसद्लाई अनि खण्ड (२)-का अधीनमा रही प्रत्येक राज्यको विधायिकालाई केन्द्र अथवा त्यस्तो राज्य सरकारद्वारा आरोपण गरिएको वस्तु अनि सेवा करका सम्बन्धमा विधि बनाउने शक्ति प्राप्त छ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा "पहिलो अनुसूचीको भाग क अथवा भाग ख मा विनिर्दिष्ट" शब्द अनि अक्षरहरू (१.११.१९५६-देखि) त्यक्त।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा "प्रथम अनुसूचीको भाग क अथवा भाग ख मा" का स्थानमा प्रतिस्थापित।

[3] संविधान (एकसय एकौँ संशोधन) अधिनियम, २०१६को धारा २-द्वारा (१६.९.२०१६-देखि) अन्त:स्थापित।

(२) संसद्‌लाई अन्तरराज्यिक व्यापार वा वाणिज्यका क्रममा वस्तु, वा सेवा, वा दुवैको आपूर्ति हुने स्थितिमा वस्तु तथा सेवा करका सम्बन्धमा विधि बनाउने अनन्य शक्ति संसद्‌लाई प्राप्त छ।

*स्पष्टीकरणः*– अनुच्छेद २७९ क को खण्ड (५)-मा निर्दिष्ट वस्तु तथा सेवा करका सम्बन्धमा यस अनुच्छेदका प्रावधानहरू वस्तु तथा सेवा कर परिषद्‌ले सिफारिस गरेको मितिदेखि लागु हुने छन् ।]

**२४७. केही अतिरिक्त न्यायालयहरूको स्थापनाको प्रावधान गर्ने संसद्‌को शक्ति**– यस अध्यायमा जुनसुकै कुरा भए तापनि संसद्‌ले संसद्‌द्वारा बनाइएको अथवा सङ्घ सूचीमा प्रगणित कुनै विषयका सम्बन्धमा रहेका विद्यमान विधिहरूको अधिक उन्नत प्रशासनका लागि विधिद्वारा अतिरिक्त न्यायालयहरूका स्थापनाको प्रावधान गर्न सक्ने छ।

**२४८. अवशिष्ट विधायी शक्तिहरू** – (१) [1][अनुच्छेद २४६ क का अधीनमा रही, संसद्‌लाई] समवर्ती सूचीमा वा राज्य सूचीमा नपरेका कुनै पनि विषयका सम्बन्धमा कुनै पनि विधि बनाउने अनन्य शक्ति प्राप्त छ ।

(२) यस्तो शक्तिमा उपर्युक्त दुवै सूचीमा उल्लेख नभएको करारोपण गर्ने विधि बनाउने शक्ति पनि समाविष्ट छ।

**२४९. राष्ट्रहितमा राज्य सूचीमा परेका विषयसम्बन्धी विधि बनाउने संसद्‌को शक्ति**– (१) यस अध्यायका पूर्वोल्लिखित प्रावधानहरूमा जुनसुकै कुरा भए तापनि राज्यसभाले उपस्थित र मतदान गरेका सदस्यहरूमध्ये कम्तीमा दुईतिहाइ सदस्यद्वारा समर्थित निर्णयद्वारा संसद्‌ले राष्ट्रहितमा [2][अनुच्छेद २४६ क अन्तर्गत प्रावधान गरिएको वस्तु र सेवा कर वा] निर्णयमा विनिर्दिष्ट राज्य सूचीमा प्रगणित कुनै विषयका सम्बन्धमा विधि बनाउनु आवश्यक वा समयोचित हो भनी घोषणा गरेका खण्डमा, निर्णय प्रवृत्त रहेका वेला, सो विषयका सम्बन्धमा संसद्‌ले समग्र भारतको राज्यक्षेत्र अथवा यसको कुनै पनि भागका लागि विधि बनाउनु विधिसम्मत हुने छ।

(२) खण्ड (१) अन्तर्गत पारित निर्णय यस निर्णयमा विनिर्दिष्ट एक वर्षभन्दा अनधिक अवधिका निम्ति प्रवृत्त रहने छ।

यद्यपि यस्तो कुनै निर्णयको प्रवर्तनको निरन्तरतालाई अनुमोदन गर्ने निर्णय खण्ड (१) मा प्रावधान गरिएको रीतिअनुसार पारित गरिएका खण्डमा अनि जतिपल्ट निर्णय पारित गरिन्छ त्यति नै पल्ट यस खण्ड अन्तर्गत अन्यथा प्रवर्तन निष्प्रभावकारी बन्ने मितिदेखि थप एक वर्षको अवधिसम्म यस्तो निर्णय प्रवृत्त रहने छ।

(३) खण्ड (१) अन्तर्गत निर्णय पारित नभएको भए संसद्‌ले बनाउन नसक्ने संसद्‌द्वारा बनाइएको कुनै विधि, अक्षमताको हदसम्म, निर्णयको निष्प्रभावी बनेको छ महिनाको अवधि समाप्त भएपछि उक्त अवधि समाप्त हुनअघि नै गरिएका र नगर्ने भनी त्याग गरिएका कार्यहरूबाहेक अरू कुराका सम्बन्धमा प्रभावकारी रहने छैन।

---

[1] संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा ३-द्वारा "संसद्" का स्थानमा (१६.९.२०१६-देखि) प्रतिस्थापित।

[2] संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा ४-द्वारा (१६.९.२०१६-देखि) अन्तःस्थापित।

**२५०. आपातकालको उद्‌घोषणा प्रवर्तनमा रहँदा राज्यसूचीको कुनै पनि विषयका सम्बन्धमा विधि बनाउने संसद्‌को शक्ति**– (१) यस अध्यायमा जुनसुकै कुरा भए तापनि, संसद्‌लाई आपात्‌कालको घोषणा प्रवर्तनमा रहँदा [1][अनुच्छेद २४६ (क) अन्तर्गत प्रदान गरिएको वस्तु र सेवा कर वा] राज्य सूचीमा प्रगणित कुनै पनि विषयका सम्बन्धमा भारतको सम्पूर्ण राज्यक्षेत्र वा यसको कुनै भागका निम्ति विधि बनाउने अधिकार रहने छ।

(२) आपातको उद्घोषणा जारी नभएको भए संसद्‌ले बनाउन नसक्ने संसद्‌द्वारा बनाइएको कुनै विधि, अक्षमताको हदसम्म, आपातको उद्घोषणा निष्प्रभावी बनेको छ महिना अवधि समाप्त भएपछि उक्त अवधि समाप्त हुनअघि नै गरिएका र नगर्ने भनी त्याग गरिएका कार्यहरूबाहेक अरू कुराका सम्बन्धमा प्रभावी रहने छैन।

**२५१. अनुच्छेद २४९ अनि २५० अन्तर्गत संसद्वारा बनाइएका विधि अनि राज्यका विधायिकाद्वारा बनाइएका विधिहरूमाझ असङ्गति**– अनुच्छेद २४९ अनि २५० को कुनै पनि कुराले यस संविधान अन्तर्गत राज्यको विधायिकालाई प्राप्त कुनै पनि विधि बनाउने शक्तिलाई बाधा पुऱ्याउने छैन तर राज्यको विधायिकाद्वारा बनाइएको विधिको कुनै प्रावधान उक्त अनुच्छेदमध्ये कुनै एक अनुच्छेद अन्तर्गत संसद्‌लाई प्राप्त शक्ति अनुसार संसद्वारा बनाइएको कुनै प्रावधानसँग असङ्गत भएका खण्डमा, संसद्‌द्वारा बनाइएको कुनै विधि राज्यको विधायिकाले बनाएको विधिभन्दा अघि अथवा पछि जहिल्यै पारित गरिएको भए तापनि प्रभावकारी रहने छ अनि राज्यको विधायिकाले बनाएको विधि, असङ्गतिको हदसम्म, संसद्‌द्वारा बनाइएको विधि प्रभावकारी रहिँरहँदासम्म मात्र निष्प्रभावी रहने छ।

**२५२. दुई वा अधिक राज्यहरूका निम्ति सहमतिपूर्वक विधि बनाउने संसद्‌को शक्ति तथा अन्य कुनै राज्यद्वारा यस्तो विधिको अङ्गीकरण**– (१) कुनै दुई अथवा अधिक राज्यका विधायिकालाई अनुच्छेद २४९ अनि २५०मा गरिएको प्रावधानबाहेक संसद्‌लाई राज्यहरूका लागि विधि बनाउने शक्ति नभएको कुनै पनि विषयको विनियमन यस्ता राज्यमा संसद्‌ले विधिद्वारा गर्नु वाञ्छनीय हो भन्ने लागेका खण्डमा तथा ती राज्यहरूका विधायिकाका सबै सदनले सो आशयको निर्णय पारित गरेका खण्डमा संसद्‌ले तदनुसार सो विषयको विनियमन गर्नका लागि अधिनियम पारित गर्नु विधिसम्मत हुने छ र यसरी पारित अधिनियम यस्ता राज्यहरूमा र राज्यका विधायिकाको सदनद्वारा अथवा दुईवटा सदन भएका स्थितिमा दुवै सदनद्वारा अङ्गीकार गर्नका निम्ति निर्णय पारित गरिएपछि अङ्गीकार गर्ने कुनै अन्य राज्यहरूमा पनि लागु हुने छ।

---

[1] संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६को धारा ५-द्वारा (१६.९.२०१६-देखि) अन्त:स्थापित।

(२) संसद्वारा यस प्रकार पारित कुनै अधिनियमको संशोधन अथवा निरस्तीकरण यस्तै प्रकारले पारित अथवा अङ्गीकृत संसद्को अधिनियमद्वारा गर्न सकिन्छ, तर जुन राज्यका सम्बन्धमा यो अधिनियम लागु हुन्छ सो राज्यको विधायिकाको अधिनियमद्वारा यसको संशोधन अथवा निरस्तीकरण गरिने छैन।

**२५३. अन्तर्राष्ट्रिय सम्झौताहरूलाई प्रभावकारी बनाउनाका निम्ति विधान**– यस अध्यायका पूर्वोल्लिखित प्रावधानहरूमा जुनसुकै कुरा भए तापनि कुनै अन्य देश अथवा देशहरूसँग गरिएको कुनै सन्धि, सम्झौता अथवा महासन्धि अथवा कुनै अन्तर्राष्ट्रिय सम्मेलन, संस्था अथवा अन्य निकायमा गरिएको कुनै निर्णयको कार्यान्वयनका निम्ति भारतको सम्पूर्ण राज्यक्षेत्र अथवा यसको कुनै भागका निम्ति कुनै पनि विधि बनाउने शक्ति संसद्लाई रहेको छ।

**२५४. संसद्वारा बनाइएका विधि अनि राज्यका विधायिकाद्वारा बनाइएका विधिहरूमाझ असङ्गति**–(१) राज्यको विधायिकाद्वारा बनाइएको कुनै विधिको कुनै प्रावधान संसद्वारा बनाइएको र संसद्ले अधिनियमित गर्न सक्ने कुनै विधिको कुनै प्रावधानसँग अथवा समवर्ती सूचीमा प्रगणित विषयमध्ये एउटा विषयका सम्बन्धमा रहेको विद्यमान कुनै विधिको कुनै प्रावधानसँग असङ्गत भएका खण्डमा, खण्ड (२)-का प्रावधानका अधीनमा रही यथासन्दर्भ त्यस्तो राज्यको विधायिकाद्वारा बनाइएको विधिभन्दा अघि अथवा पछि जहिल्यै पारित गरिएको भएता पनि संसद्वारा बनाइएको विधि अथवा विद्यमान विधि प्रभावकारी हुने छ अनि राज्यको विधायकाद्वारा द्वारा बनाइएको विधि असङ्गतिको हदसम्म निष्क्रिय हुने छ।

(२) [1]*** कुनै राज्यको विधायिकाद्वारा समवर्ती सूचीमा प्रगणित कुनै विषयका सम्बन्धमा बनाइएको विधिमा संसद्ले बनाएको कुनै पूर्ववर्ती विधिका प्रावधानहरूसँग असङ्गत प्रावधान निहित हुँदा अथवा उक्त विधि सो विषयका सम्बन्धमा रहेको कुनै विद्यमान विधिका प्रावधानहरूसँग असङ्गत हुँदा, त्यस्तो राज्यको विधायिकाद्वारा त्यसरी बनाइएको विधि राष्ट्रपतिको विचारका निम्ति आरक्षित राखिएका खण्डमा र यसले राष्ट्रपतिको अनुमति प्राप्त गरिसकेका खण्डमा यो विधि सो राज्यमा अभिभावी रहने छ।

यद्यपि, यस खण्डको कुनै पनि कुराले संसद्लाई सोही विषयका सम्बन्धमा राज्यको विधायिकाद्वारा बनाइएको विधिको परिवर्धन, संशोधन, परिवर्तन अथवा निरस्तीकरण गर्ने कुनै विधि कुनै पनि समयमा अधिनियमित गर्न प्रतिबन्ध लगाउने छैन।

**२५५. सिफारिस अनि पूर्व स्वीकृतिसम्बन्धी आवश्यकतालाई केवल प्रक्रियाको विषय मान्नु**– संसद् अथवा [1]***कुनै राज्यका विधायिकाको कुनै अधिनियमलाई–

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६देखि) “पहिलो अनुसूचीको भाग क वा भाग ख मा विनिर्दिष्ट” शब्द र अक्षरहरू त्यक्त।

(क) राज्यपालको सिफारिसको आवश्यकता हुँदा राज्यपाल अथवा राष्ट्रपतिद्वारा;

(ख) राजप्रमुखको सिफारिसको आवश्यकता हुँदा राजप्रमुख अथवा राष्ट्रपतिद्वारा;

(ग) राष्ट्रपतिको सिफारिस अथवा पूर्वस्वीकृतिको आवश्यकता हुँदा राष्ट्रपतिद्वारा;

–अनुमति दिइएका खण्डमा यस संविधानलाई आवश्यक भएको केही सिफारिस अथवा पूर्वस्वीकृति दिइएको थिएन भन्दैमा सो अधिनियम अथवा त्यसमा भएको कुनै प्रावधान अवैध हुने छैन।

## अध्याय २– प्रशासनिक सम्बन्धहरू

*सामान्य*

**२५६. राज्य अनि सङ्घको बाध्यता**– प्रत्येक राज्यको कार्यपालिका शक्तिको प्रयोग संसद्द्वारा बनाइएका विधि र सो राज्यमा लागु हुने कुनै पनि विद्यमान विधिहरूको अनुपालन सुनिश्चित हुने गरी गरिने छ अनि सो प्रयोजनका लागि भारत सरकारलाई आवश्यक प्रतीत भएको निर्देश कुनै राज्यलाई दिने कुरामा सङ्घको कार्यपालिका शक्तिको विस्तार हुने छ।

**२५७. कतिपय अवस्थामा राज्यमाथि केन्द्रको नियन्त्रण**– (१) प्रत्येक राज्यको कार्यपालिका शक्तिको प्रयोग केन्द्रको कार्यपालिका शक्तिको प्रयोगमा बाधा नपुऱ्याउने वा प्रतिकूल प्रभाव नपर्ने गरी गरिने छ, अनि सो प्रयोजनका लागि भारत सरकारलाई आवश्यक प्रतीत भएको निर्देश कुनै राज्यलाई दिने कुरामा सङ्घको कार्यपालिका शक्तिको विस्तार हुने छ।

(२) कुनै राज्यलाई दिइने निर्देशमा राष्ट्रिय र सैनिक महत्त्वको विषय भनी घोषणा गरिएको सञ्चार साधनहरूको निर्माण अनि सम्भारका लागि कुनै राज्यलाई निर्देश दिने कुरामा पनि केन्द्रको कार्यपालिका शक्तिको विस्तार हुने छ:

यद्यपि यस खण्डको कुनै पनि कुरालाई कुनै राजमार्ग अथवा जलमार्गलाई राष्ट्रिय राजमार्ग अथवा राष्ट्रिय जलमार्ग घोषणा गर्ने संसद्को शक्ति अथवा यसरी घोषित राजमार्ग अथवा जलमार्गका सम्बन्धमा केन्द्रको शक्ति अथवा नौसेना, स्थलसेना अनि वायुसेनाका कार्यहरूका सम्बन्धमा आफ्नो कार्यको अंशका रूपमा सञ्चारका साधनहरूको निर्माण अनि सम्भार गर्ने सङ्घको शक्तिमाथि प्रतिबन्ध लगाउने कुराका रूपमा लिइने छैन।

(३) कुनै राज्यभित्र रेलमार्गहरूको संरक्षणका निम्ति गरिने उपायका सम्बन्धमा कुनै राज्यलाई निर्देश दिने कुरामा पनि केन्द्रको कार्यपालिका शक्तिको विस्तार हुने छ।

(४) खण्ड (२) अन्तर्गत सञ्चार साधनहरूको निर्माण अथवा सम्भारका सम्बन्धमा अथवा खण्ड (३) अन्तर्गत कुनै रेलमार्गको संरक्षणका लागि गरिने उपायहरूका सम्बन्धमा कुनै राज्यलाई दिइएको कुनै निर्देशको अनुपालन गर्दा भएको खर्च, त्यस्तो निर्देश नदिइएको भए राज्यका सामान्य कर्त्तव्यहरू सम्पादन गर्दा हुने खर्चभन्दा अधिक भएका खण्डमा भारत सरकारले सम्झौता गरिए अनुसारको राशि अथवा सम्झौता नभएका स्थितिमा यसरी गरिएका अतिरिक्त खर्चहरूका सम्बन्धमा भारतका मुख्य न्यायाधीशले नियुक्त गरेको मध्यस्थकर्ताद्वारा निर्धारण गरिएअनुसारको राशि राज्यलाई भुक्तानी गर्ने छ।

[1][**२५७क.** *सङ्घका सशस्त्र बल अथवा अन्य बलहरूको नियोजनद्वारा राज्यहरूलाई सहायता]– संविधान (चवालिसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३३-द्वारा (२०.६.१९७९-देखि) त्यक्त ।*]

**२५८. कतिपय अवस्थामा राज्यहरूलाई शक्ति प्रदान गर्ने आदि विषयमा सङ्घको शक्ति**– (१) यस संविधानमा जुनसुकै कुरा भए तापनि राष्ट्रपतिले कुनै राज्य सरकारको सहमतिमा सो राज्य सरकार अथवा त्यसका अधिकारीहरूलाई केन्द्रको कार्यपालिका शक्तिको विस्तार हुने कुनै विषयसँग सम्बन्धित कार्यहरू सुम्पिन सक्ने छन् ।

(२) विधि बनाउने सम्बन्धमा राज्यको विधायिकालाई शक्ति प्राप्त नभएको विषयसँग जुनसुकै राज्यमा लागु हुने, संसद्द्वारा बनाइएको कुनै विधिको सम्बन्ध हुँदाहुँदै पनि यसले राज्यलाई अथवा यसका अधिकारी र प्राधिकारीहरूलाई शक्ति प्रदान गर्न र कर्त्तव्य अधिरोपण गर्न अथवा शक्ति प्रदान गर्न र कर्त्तव्यहरू अधिरोपण गर्नका निम्ति प्राधिकृत गर्न सक्ने छ ।

(३) यस अनुच्छेदका आधारमा राज्य अथवा राज्यका अधिकारीहरू अथवा प्राधिकारीहरूलाई शक्ति र कर्त्तव्य प्रदान गरिएको अथवा अधिरोपण गरिएका स्थितिमा भारत सरकारले ती शक्तिहरू र कर्त्तव्यहरूको प्रयोगका क्रममा राज्यद्वारा गरिएका अतिरिक्त प्रशासनिक खर्चहरूका सम्बन्धमा सम्झौता गरिए अनुसारको राशि अथवा सम्झौता नभएका स्थितिमा भारतका मुख्य न्यायाधीशले नियुक्त गरेको मध्यस्थकर्ताद्वारा निर्धारण गरिएअनुसारको राशि राज्यलाई भुक्तानी गर्ने छ ।

[2][**२५८क. सङ्घलाई कार्य सुम्पिने राज्यको शक्ति**– यस संविधानमा जुनसुकै कुरा भए तापनि कुनै राज्यका राज्यपालले सो राज्य अथवा सो राज्यका अधिकारीहरूलाई राज्यको कार्यपालिका शक्तिको विस्तार हुने कुनै पनि विषयका सम्बन्धमा भारत सरकारका सहमतिमा ससर्त अथवा निःसर्त कार्य सुम्पिन सक्ने छन् ।]

[**२५९.** *संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा* (१.११.१९५६देखि) *पहिलो अनुसूचीको भाग ख-का राज्यहरूमा सशस्त्र बल]* *त्यक्त* ।

**२६०. भारत बाहिरका राज्यक्षेत्रहरूका सम्बन्धमा सङ्घको अधिकारक्षेत्र**– भारत सरकारले भारतको राज्यक्षेत्रको अंश नभएको कुनै पनि भूभागको सरकारसँग सम्झौता गरेर यस्तो भूभागको सरकारमा निहित कुनै पनि कार्यकारी, विधायी अथवा न्यायिक कार्यहरूको उत्तरदायित्व लिन सक्छ, तर यस्तो प्रत्येक सम्झौता विदेशी अधिकारक्षेत्रको प्रयोगसँग सम्बन्धित तत्समय प्रवृत्त कुनै विधिका अधीनमा रहने छ सो विधिद्वारा शासित हुने छ ।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४३-द्वारा (३.१.१९७७-देखि) अन्तः स्थापित ।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा १८-द्वारा (१.११.१९५६-देखि) अन्तः स्थापित ।

**२६१. सार्वजनिक कार्य, अभिलेख अनि न्यायिक कार्यवाहीहरू**– (१) भारतको राज्यक्षेत्रमा सर्वत्र सङ्घका अनि प्रत्येक राज्यका सार्वजनिक कार्य, अभिलेख अनि न्यायिक कार्यवाहीहरूमाथि पूर्ण विश्वास राखिने छ अनि यिनलाई पूर्ण मान्यता दिइने छ ।

(२) खण्ड (१)-मा निर्दिष्ट कार्य, अभिलेख अनि कार्यवाहीहरूको प्रमाणीकरण गर्ने रीति र सर्तहरू अनि यिनका प्रभावको निर्धारण संसद्द्वारा बनाइएको विधिले प्रावधान गरे अनुसार हुने छन् ।

(३) भारतका राज्यक्षेत्रको जुनसुकै भागमा रहेका दिवानी न्यायालयहरूद्वारा दिइएका अथवा पारित गरिएका अन्तिम निर्णय अथवा आदेशहरूको निष्पादन सो प्रदेशभित्रको जुनसुकै स्थानमा विधिअनुसार गर्न सकिने छ ।

*जलसम्बन्धी विवाद*

**२६२. अन्तरराज्यिक नदीहरू अथवा नदी उपत्यकाका जलसम्बन्धी विवादहरूको अभिनिर्णय –**(१) कुनै अन्तरराज्यिक नदी अथवा नदी उपत्यकाको पानीको प्रयोग, वितरण अथवा नियन्त्रण सम्बन्धी कुनै विवाद अथवा उजुरीको अभिनिर्णयका निम्ति संसद्ले विधिद्वारा प्रावधान गर्न सक्ने छ ।

(२) यस संविधानमा जुनसुकै कुरा रहे तापनि सर्वोच्च न्यायालय वा अन्य कुनै न्यायालयले खण्ड (१)-मा निर्दिष्ट कुनै विवाद वा उजुरीका सम्बन्धमा अधिकारक्षेत्रको प्रयोग गर्ने छैन भन्ने प्रावधान संसद्ले विधिद्वारा गर्न सक्ने छ ।

*राज्यहरूमाझ समन्वय*

**२६३. अन्तरराज्यिक परिषद्सम्बन्धी प्रावधान–** कुनै समय राष्ट्रपतिलाई –

(क) राज्यहरूमाझ हुनसक्ने विवादको जाँच गर्ने अनि त्यसबारे सुझाउ दिने;

(ख) केही अथवा सबै राज्यहरूको अथवा केन्द्र अनि एक अथवा अधिक राज्यहरूको साझा हितसँग सम्बन्धित विषयहरूको अनुसन्धान गर्ने अनि त्यसमाथि विचार–विमर्श गर्ने; अथवा

(ग) यस्तो कुनै विषयमा सिफारिस गर्ने अनि विशेष रूपमा, सो विषयका सम्बन्धमा नीति अनि कार्यवाहीको अझ उन्नत समन्वयका निम्ति सिफारिस गर्ने

–कर्त्तव्यहरू भएको परिषद् गठन गर्दा लोकहित हुन्छ भन्ने प्रतीत भएका खण्डमा राष्ट्रपतिले आदेशद्वारा त्यस्तो परिषद् स्थापित गर्नु र यसले गर्नु पर्ने कर्त्तव्यहरूको प्रकृति, यसको सङ्गठन अनि प्रक्रियालाई परिभाषित गर्नु विधिसम्मत हुने छ ।

# भाग १२

# वित्त, सम्पत्ति, अनुबन्ध अनि मुद्दा

## अध्याय १– वित्त

*सामान्य*

[1][**२६४, व्याख्या**– यस भागमा भएको “वित्त आयोग” पदले अनुच्छेद २८० अन्तर्गत गठित वित्त आयोग बुझाउँछ ।]

**२६५. विधिको प्राधिकारबिना करारोपण नगरिने**– विधिको प्राधिकारद्वारा मात्र कुनै करको आरोपण अथवा सङ्ग्रह गरिने छ, अन्यथा गरिने छैन ।

**२६६. भारत अनि राज्यका सर्वसञ्चित कोषहरू अनि सार्वजनिक लेखाहरू**– (१) अनुच्छेद २६७-का प्रावधान अनि केही कर अनि शुल्कहरूबाट प्राप्त शुद्ध आयस्ता पूर्ण रूपमा अथवा आंशिक रूपमा राज्यहरूलाई सुम्पिनु पर्ने सम्बन्धी यस अध्यायका प्रावधानहरूका अधीनमा रही भारत सरकारलाई प्राप्त सम्पूर्ण राजस्व, सो सरकारद्वारा राजकोष पत्र जारी गरी, ऋणद्वारा अथवा अग्रिम उपाय अनि साधनद्वारा उठाइएका सबै ऋण र ऋणको असुलीद्वारा त्यस सरकारलाई प्राप्त सम्पूर्ण धनराशिहरू सँगेटेर “भारतको सर्वसञ्चित कोष” नामको एउटा सर्वसञ्चित कोष बनाइने छ तथा कुनै राज्य सरकारलाई प्राप्त सम्पूर्ण राजस्व, सो सरकारद्वारा राजकोष पत्र जारी गरी, ऋणद्वारा अथवा अग्रिम उपाय अनि साधनद्वारा उठाइएका सबै ऋण र ऋणको असुलीद्वारा त्यस सरकारलाई प्राप्त सम्पूर्ण धनराशिहरू सँगेटेर “राज्यको सर्वसञ्चित कोष” नामको एउटा सर्वसञ्चित कोष बनाइने छ ।

(२) भारत सरकार अथवा कुनै राज्य सरकारद्वारा अथवा भारत सरकार अथवा कुनै राज्य सरकारका तर्फबाट प्राप्त अन्य सबै सार्वजनिक धनराशिहरू यथासन्दर्भ भारतको सार्वजनिक लेखामा अथवा राज्यको सार्वजनिक लेखामा जम्मा गरिने छ ।

(३) भारतको सर्वसञ्चित कोष अथवा कुनै राज्यको सर्वसञ्चित कोषबाट कुनै धनराशि विधि अनुसार र यस संविधानमा प्रावधान गरिएका प्रयोजनहरूका लागि अनि रीतिअनुसार मात्र विनियोजन गरिने छ, अन्यथा गरिने छैन ।

**२६७. आकस्मिकता कोष**– (१) संसद्‌ले विधिद्वारा “भारतको आकस्मिकता कोष” नामको पेस्की प्रकृतिको एउटा आकस्मिकता कोष स्थापना गर्न सक्ने छ, जसमा यस्तो विधिद्वारा निर्धारित राशिहरू समय–समयमा जम्मा गरिने छ अनि संसद्‌ले अनुच्छेद ११५ र अनुच्छेद ११६ अन्तर्गत अप्रत्याशित व्ययको प्राधिकार विधिद्वारा प्रदान नगरेसम्म यस्ता कोषबाट अप्रत्याशित व्ययहरूको पूर्तिको प्रयोजनका लागि राष्ट्रपतिले अग्रिम धन प्रदान गर्न सकून् भन्ने उद्देश्यले सो कोषलाई राष्ट्रपतिका नियन्त्रणमा राखिने छ ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा अनुच्छेद २६४ का स्थानमा (१.११.१९५६-देखि) प्रतिस्थापित ।

(२) कुनै राज्यको विधायिकाले विधिद्वारा “राज्यको आकस्मिकता कोष” नामको पेस्की प्रकृतिको एउटा आकस्मिकता कोष स्थापना गर्न सक्नेछ, जसमा यस्तो विधिद्वारा निर्धारित राशिहरू समय–समयमा जम्मा गरिने छ अनि राज्यको विधायिकाले अनुच्छेद २०५ र अनुच्छेद २०६ अन्तर्गत अप्रत्याशित व्ययको प्राधिकार विधिद्वारा प्रदान नगरेसम्म यस्ता कोषबाट अप्रत्याशित व्ययहरूको पूर्तिको प्रयोजनका लागि राज्यपालले अग्रिम धन प्रदान गर्न सकून् भन्ने उद्देश्यले सो कोषलाई राज्यका राज्यपालका [1]*** नियन्त्रणमा राखिने छ ।

*सङ्घ अनि राज्यहरूमाझ राजस्वहरूको वितरण*

**२६८. सङ्घद्वारा उद्गृहीत तर राज्यहरूद्वारा सङ्कलित अनि विनियोजित महसुल–**

(१) सङ्घ सूचीमा उल्लेख गरिएका टिकट महसुलहरू [2]*** भारत सरकारद्वारा उद्ग्रहण गरिने छ तर–

(क) कुनै [3][केन्द्रशासित प्रदेश] भित्र यस्ता महसुलहरू उद्ग्रहण गर्न सकिने स्थितिमा भारत सरकारद्वारा, अनि

(ख) राज्यहरूभित्र यस्ता महसुलहरू उद्ग्रहण गर्न सकिने स्थितिमा क्रमशः ती ती राज्यहरूद्वारा

–सङ्कलन गरिने छ।

(२) कुनै राज्यभित्र कुनै वित्तीय वर्षमा उद्ग्रहण गरिएका यस्ता करहरूबाट भएको आयस्ता भारतको सर्वसञ्चित कोषको भाग हुने छैन, अपितु सो आयस्ता सो राज्यलाई नै सुम्पिइने छ।

[4]**२६८क.** *[सङ्घद्वारा उद्गृहीत अनि सङ्घ र राज्यहरूद्वारा सङ्कलित र विनियोजित सेवा कर] – संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा ७-द्वारा (१६.९.२०१६देखि) त्यक्त।*

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) “अथवा राजप्रमुख” शब्द त्यक्त।

[2] संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा ६-द्वारा (१६.०९.२०१६-देखि) “तथा औषधीय अनि प्रसाधन निर्मितिमाथि यस्ता अन्तःशुल्क” शब्दहरू त्यक्त।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) “पहिलो अनुसूचीको भाग ग मा विनिर्दिष्ट राज्य” का स्थानमा प्रतिस्थापित।

[4] संविधान (अठ्ठासिऔँ संशोधन) अधिनियम, २००३को धारा २-द्वारा (मिति तोकिन बाँकी छ) अन्तःस्थापित।

**२६९. सङ्घद्वारा उद्‌गृहीत र सङ्कलित तर राज्यहरूलाई सुम्पिइएका कर** –[1][(१) वस्तुको क्रय अथवा विक्रयमाथि र वस्तुको चलानीमाथि आरोपित कर [2][धारा २६९ क–मा प्रावधान गरिए अनुसार बाहेक] भारत सरकारले उद्ग्रहण र सङ्कलन गर्ने छ। तर उक्त कर खण्ड (२)-मा प्रावधान गरिएको रीतिअनुसार १ अप्रेल १९९६ अथवा त्यसपछिबाट राज्यहरूलाई सुम्पिइने छ अथवा सुम्पिइएको मानिने छ।

*स्पष्टीकरण*– यस खण्डको प्रयोजनका लागि–

(क) अन्तरराज्यिक व्यापार अथवा वाणिज्यका क्रममा गरिएका क्रय अथवा विक्रयका स्थितिमा 'वस्तुको क्रय अथवा विक्रयमाथि कर' पदले समाचार पत्रहरूभन्दा भिन्न वस्तुको क्रय र विक्रयलाई बुझाउने छ।

(ख) अन्तरराज्यिक व्यापार अथवा वाणिज्यका क्रममा गरिएको चलानीका स्थितिमा "वस्तुको चलानीमाथि कर" (चाहे त्यो चलानी चलानी गर्ने व्यक्तिप्रति अथवा अन्य कुनै व्यक्तिप्रति गरिएको होस्) पदले वस्तुको चलानीमाथि लगाइएको करलाई बुझाउने छ।

(२) केन्द्रशासित प्रदेशहरूबाट भएको आयस्ता मात्र सकिने आयस्ताबाहेक कुनै करबाट कुनै वित्तीय वर्षमा भएको खास आयस्ता भारतको सर्वसञ्चित कोषको भाग बन्ने छैन, बरु सो कर त्यस वर्ष जुन राज्यभित्र उद्ग्रहणीय हुन्छ त्यो तिनै राज्यहरूलाई सुम्पिइने छ र संसद्‌ले विधिद्वारा बनाएको वितरणका सिद्धान्तहरू अनुसार राज्यहरूबिच बाँडिने छ।]

[3][(३) अन्तरराज्यिक व्यापार अथवा वाणिज्यका क्रममा [4][वस्तुको क्रय, विक्रय अथवा चलानी] कहिले हुने छ भन्ने कुराको निर्धारण गर्नाका निम्ति संसद्‌ले विधिद्वारा सिद्धान्त बनाउन सक्ने छ।]

[5][**२६९क. अन्तरराज्यिक व्यापार वा वाणिज्यका क्रममा वस्तु अनि सेवा करको उद्ग्रहण र सङ्कलन**– (१) अन्तरराज्यिक व्यापार वा वाणिज्यका क्रममा आपूर्तिमाथि लगाइएको वस्तु र सेवा कर भारत सरकारद्वारा उद्ग्रहण र सङ्कलन गरिने छ अनि यस्तो कर वस्तु र सेवा कर परिषद्‌का सिफारिसहरूका आधारमा केन्द्रशासित प्रदेश र अन्य राज्यहरूबिच संसद्‌ले विधिद्वारा प्रावधान गरे अनुसार भाग लगाइने छ।

---

[1] संविधान (अस्सिऔँ संशोधन) अधिनियम २०००-को धारा २-द्वारा खण्ड (१) र (२) का स्थानमा (९.६.२०००-देखि) प्रतिस्थापित।

[2] संविधान (एकसय एक संशोधन) अधिनियम, २०१६-को धारा ८-द्वारा (१६.९.२०१६-देखि) अन्तःस्थापित ।

[3] संविधान (छैटौँ संशोधन) अधिनियम, १९५६-को धारा ३-द्वारा (११.९.१९५६-देखि) अन्तःस्थापित ।

[4] संविधान (छयालीसौँ संशोधन) अधिनियम, १९८२-को धारा २-द्वारा (२.२.१९८३-देखि) "वस्तुको क्रय वा विक्रय" का स्थानमा प्रतिस्थापित।

[5] संविधान (एकसय एकौँ संशोधन) अधिनियम, २०१६को धारा ९-द्वारा (१६.९.२०१६-देखि) अन्तःस्थापित ।

*स्पष्टीकरण–* यस खण्डका प्रयोजनका लागि भारतको राज्यक्षेत्रमा आयात गर्ने क्रममा गरिएको वस्तु अथवा सेवा अथवा दुवैको आपूर्तिलाई अन्तरराज्यिक व्यापार अनि वाणिज्यका क्रममा गरिएको वस्तु अथवा सेवाको अथवा दुवैको आपूर्ति मानिने छ।

(२) खण्ड (१) अन्तर्गत राज्यलाई भाग लगाइएको धनराशि भारतको सर्वसञ्चित कोषको भाग बन्ने छैन।

(३) खण्ड (१) अन्तर्गत उद्गृहीत करका रूपमा सङ्कलन गरिएको धनराशि अनुच्छेद २४६ क अन्तर्गत राज्यद्वारा उद्ग्रहण गरिने करको भुक्तानीका लागि प्रयोग गरिएका स्थितिमा त्यस्तो धनराशि भारतको सर्वसञ्चित कोषको भाग बन्ने छैन।

(४) अनुच्छेद २४६ क अन्तर्गत राज्यद्वारा उद्ग्रहण गरिएको करका रूपमा सङ्कलित धनराशिको प्रयोग खण्ड (१) अन्तर्गत उद्ग्रहण गरिएको करको भुक्तानीका लागि गरिएका स्थितिमा त्यस्तो राशि राज्यको सर्वसञ्चित कोषको भाग बन्ने छैन।

(५) अन्तरराज्यिक व्यापार अथवा वाणिज्यका क्रममा आपूर्तिको स्थान र वस्तु अथवा सेवा अथवा दुवैको आपूर्ति गरिने समय निर्धारण गर्न संसद्ले विधिद्वारा सिद्धान्त बनाउन सक्ने छ।

[1][**२७०. सङ्घ र राज्यमाझ उद्‌गृहीत र वितरित कर–** (१) [2][अनुच्छेद २६८, २६९ अनि २६९ क]-मा क्रमैसँग देखाइएका कर अनि शुल्कबाहेक सङ्घ सूचीमामा निर्दिष्ट सबै कर अनि शुल्क , अनुच्छेद २७१-मा निर्दिष्ट कर अनि शुल्कमा लागेको अधिभार अनि संसद्ले बनाएको कुनै विधि अन्तर्गत रहेका विशिष्ट प्रयोजनहरूका निम्ति उद्गृहीत कुनै उपकरको उद्ग्रहण अनि सङ्कलन भारत सरकारद्वारा गरिने छ अनि खण्ड (२)-मा प्रावधान गरिएको रीति अनुसार सङ्घ अनि राज्यहरूमाझ वितरण गरिने छ।

[3][(१क) अनुच्छेद २४६ क को खण्ड (१) अन्तर्गत सङ्घले सङ्कलन गरेको कर पनि सङ्घ अनि राज्यहरूमाझ खण्ड (२)-मा प्रावधान गरिएको रीति अनुसार वितरण गरिने छ।

(१ख) अनुच्छेद २४६ (क) को खण्ड १ अन्तर्गत सङ्घद्वारा उद्ग्रहण गरिएको करको भुक्तानीका लागि प्रयोग गरिएको अनुच्छेद २४६ (क) को खण्ड (२) अनि अनुच्छेद २६९ (क) अन्तर्गत उद्ग्रहण अनि सङ्कलन गरिएको कर र अनुच्छेद २६९(क) को खण्ड (१) अन्तर्गत सङ्घलाई भाग लगाइएको धनराशि पनि खण्ड (२)मा प्रावधान गरिएको रीति अनुसार सङ्घ र राज्यहरूमाझ वितरण गरिने छ।]

---

[1] संविधान (अस्सिऔँ संशोधन) अधिनियम २०००-को धारा ३-द्वारा (१.४.१९९६-देखि) अनुच्छेद २७० का स्थानमा प्रतिस्थापित।

[2] संविधान (अठ्ठासिऔँ संशोधन) अधिनियम २००३-को धारा ३-द्वारा "अनुच्छेद २६८ अनि अनुच्छेद २६९" (मिति तोकिन बाँकी छ) का स्थानमा प्रतिस्थापित अनि त्यसपछि संविधान (एकसय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा १०द्वारा "अनुच्छेद २६८, २६८ क अनि २६९ का स्थानमा प्रतिस्थापित।

[3] संविधान (एकसय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा १०द्वारा (१६.०९.२०१६-देखि) अन्त:स्थापित ।

(२) कुनै पनि वित्तीय वर्षमा त्यस्तो कर अथवा महसुलबाट भएको खास आयस्ताको निर्धारित प्रतिशत भारतको सर्वसञ्चित कोषको भाग बन्ने छैन, बरु त्यस वर्ष त्यो कर अथवा महसुल जुन राज्यहरूभित्र उद्ग्रहण गरिन्छ सो प्रतिशत तिनै राज्यहरूलाई सुम्पिइने छ अनि यसको वितरण खण्ड (३)-मा प्रावधान गरिएको रीतिमा निर्धारित रीतिअनुसार अनि सो रीतिमा निर्धारित समयबाट तीनै राज्यहरूमाझ गरिने छ।

(३) यस अनुच्छेदमा भएको "निर्धारित" पदले–

(i) वित्त आयोगको गठन नभएसम्म राष्ट्रपतिले आदेशद्वारा गरेको निर्धारण; अनि

(ii) वित्त आयोगको गठन भइसकेपछि वित्त आयोगका सिफारिसहरूमाथि विचार गरी राष्ट्रपतिले आदेशद्वारा गरेको निर्धारण];

– बुझाउँछ।

**२७१. सङ्घको प्रयोजनका लागि केही महसुल र करहरूमा अधिभार** – अनुच्छेद २६९ र २७०-मा जुनसुकै कुरा भए तापनि [1][अनुच्छेद २४६ क अन्तर्गत वस्तु तथा सेवा करबाहेक] संसद्ले जुनसुकै बेला ती अनुच्छेदमा उल्लेख गरिएका कुनै पनि महसुल वा करहरू सङ्घका प्रयोजनहरूका लागि अधिभारद्वारा बढाउन सक्छ र यस्तो कुनै पनि अधिभारको सम्पूर्ण आयस्ता भारतको सर्वसञ्चित कोषको अंश हुने छ।

[**२७२**. *सङ्घद्वारा उद्गृहीत र सङ्कलित अनि सङ्घ र राज्यहरूमाझ वितरण गर्न सकिने कर।*]— *संविधान (अस्सिऔँ संशोधन) अधिनियम, २०००को धारा ४-द्वारा (९.६.२०००-देखि) त्यक्त।*

**२७३. पाट अनि पाट उत्पादनमाथि निर्यात महसुलको साटो अनुदान**–(१) पाट अनि पाट उत्पादनहरूमाथि लगाइएको निर्यात महसुलबाट प्राप्त प्रत्येक वर्षको खास आयस्ताको कुनै भाग असम, बिहार, [2][ओडिसा] अनि पश्चिम बङ्गाल राज्यहरूलाई सुम्पिने साटो यथानिर्धारित धनराशि ती राज्यहरूको राजस्वलाई सहायता अनुदानका रूपमा प्रत्येक वर्ष भारतको सर्वसञ्चित कोषमाथि भारित गरिने छ।

(२) पाट अथवा पाट उत्पादनमाथि भारत सरकारद्वारा कुनै निर्यात महसुल उद्ग्रहण भइरहँदाको अवधि अथवा यो संविधान लागु भएदेखि दस वर्षको समाप्तिमध्ये जुन पहिले हुन्छ तबसम्म यसरी निर्धारण गरिएको राशि भारतको सर्वसञ्चित कोषमाथि भारित भइरहने छ।

---

[1] संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६को धारा ११-द्वारा (१६.९.२०१६-देखि) अन्त:स्थापित।

[2] उडिसा (नाम परिवर्तन) अधिनियम, २०११ (२०११-को १५) को धारा ५-द्वारा (१.११.२०११-देखि) "उडिसा" का स्थानमा प्रतिस्थापित।

(३) यस अनुच्छेदमा रहेको “निर्धारित” पदको त्यही अर्थ हुन्छ जुन अर्थ अनुच्छेद २७०-मा रहेको छ।

**२७४. राज्यहरूको हितसँग सम्बन्धित करारोपणलाई प्रभाव पार्ने विधेयकहरूका निम्ति राष्ट्रपतिको पूर्व सिफारिसको आवश्यकता**– (१) राज्यहरूको हित सम्बद्ध भएको कुनै कर अथवा महसुल अधिरोपण अथवा परिवर्तन गर्ने अथवा भारतीय आय-कर सम्बन्धी अधिनियमनहरूका प्रयोजनका लागि परिभाषित “कृषि आय” पदको अर्थ परिवर्तन गर्ने अथवा यस अध्यायको कुनै पनि पूर्वोल्लिखित प्रावधान अन्तर्गत धनराशि राज्यका लागि वितरणीय हुने अथवा हुनसक्ने कुरा आधारित भएका सिद्धान्तहरूलाई असर गर्ने अथवा सङ्घका प्रयोजनहरूका लागि यस अध्यायका पूर्वोल्लिखित प्रावधानहरूमा वर्णित कुनै अधिभार अधिरोपण गर्ने कुनै पनि विधेयक अथवा संशोधन राष्ट्रपतिको सिफारिसबाहेक संसद्को कुनै पनि सदनमा पुरस्थापन अथवा प्रस्ताव गरिने छैन।

(२) यस अनुच्छेदमा “राज्यहरूको हित सम्बद्ध भएको कर अथवा महसुल” पदावलीले–

(क) जुन कर अथवा महसुलको खास आयस्ता पूर्ण रूपमा अथवा आंशिक रूपमा राज्यलाई सुम्पिइन्छ त्यस्तो कर;

(ख) जुन कर अथवा महसुलको खास आयस्ताप्रति गरिएको निर्देशद्वारा कुनै राज्यलाई सो समयका लागि भारतको सर्वसञ्चित कोशबाट धनराशि प्रदान गर्नु पर्ने हुन्छ त्यस्तो कर;

–बुझाउँछ।

**२७५. कतिपय राज्यलाई सङ्घबाट अनुदान**– (१) संसद्ले सहायताको आवश्यकता रहेका राज्यहरू भनी निर्धारण गरेका राज्यहरूलाई राजस्व सहायता अनुदानका रूपमा संसद्ले विधिद्वारा प्रदान गर्ने रकमहरू प्रत्येक वर्ष भारतको सर्वसञ्चित कोषमाथि भारित हुने छन् अनि भिन्न भिन्न राज्यहरूका लागि भिन्न भिन्न रकम निश्चित गर्न सकिने छ:

यद्यपि कुनै राज्यमा भएका अनुसूचित जनजातिहरूको कल्याणको संवर्धन गर्ने अथवा अनुसूचित क्षेत्रहरूको प्रशासनको स्तरलाई सो राज्यका रहल क्षेत्रका प्रशासनको स्तरसम्म उन्नत गर्ने प्रयोजनका निम्ति भारत सरकारको स्वीकृतिमा राज्यले हातमा लिएका विकास योजनाहरूको खर्च पूरा गर्नका निम्ति सो राज्यलाई सक्षम बनाउन आवश्यक हुने पूँजी अनि आवर्तक राशिहरू कुनै राज्यको राजस्व सहायता अनुदानका रूपमा भारतको सर्वसञ्चित कोषबाट भुक्तानी गरिने छ:

यद्यपि–

(क) छैठौँ अनुसूचीको परिच्छेद २०-सँग संलग्न सारिणीको [1][भाग १]-मा विनिर्दिष्ट जनजाति क्षेत्रको प्रशासनका सम्बन्धमा यो संविधान लागु हुन तत्काल अघिको दुई वर्ष अवधिको औसत व्यय राजस्वभन्दा जति धेर हुन्छ सो बराबरको; अनि

(ख) कुनै राज्यमा भएका उक्त क्षेत्रहरूको प्रशासनको स्तरलाई सो राज्यका रहल क्षेत्रको प्रशासनको स्तरसम्म उन्नत गर्ने प्रयोजनका निम्ति भारत सरकारको स्वीकृतिमा राज्यले हातमा लिएका विकास योजनाहरूको खर्च बराबरको; –पूँजी अनि आवर्ती राशि आसाम राज्यको राजस्व सहायता अनुदानका रूपमा भारतको सर्वसञ्चित कोषबाट भुक्तानी गरिने छ।

[2][ अनुच्छेद २४४ क अन्तर्गत स्वशासित राज्य बनाइएको मितिमा र सो मितिदेखि–

(i) खण्ड (१) को दोस्रो उपबन्धको खण्ड (क) अन्तर्गत भुक्तानी गर्नुपर्ने कुनै राशिहरू सो खण्डमा निर्दिष्ट सबै जनजाति क्षेत्रहरू मिलेर स्वशासित राज्य बनेका खण्डमा स्वशासित राज्यलाई भुक्तानी गरिने छ अनि तीमध्ये केही जनजाति क्षेत्रहरू मात्र मिलेर स्वशासित राज्य बनेका खण्डमा, राष्ट्रपतिले आदेशद्वारा निर्धारण गरे अनुसार उक्त राशि आसाम राज्य र स्वशासित राज्यबिच बाँडफाँड गरिने छ।

(ii) कुनै स्वशासित राज्यको प्रशासनको स्तरलाई आसाम राज्यका रहल क्षेत्रका प्रशासनको स्तरसम्म उन्नत गर्ने प्रयोजनका निम्ति भारत सरकारको स्वीकृतिमा सो राज्यले हातमा लिएका विकास योजनाहरूको खर्च बराबरको पूँजी एवम् आवर्ती राशिहरू कुनै स्वशासित राज्यको राजस्व सहायता अनुदानका रूपमा भारतको सर्वसञ्चित कोषबाट भुक्तानी गरिने छ।]

(२) संसद्ले खण्ड (१) अन्तर्गत प्रावधान नगरेसम्म सो खण्ड अन्तर्गत संसद्लाई प्रदान गरिएका शक्तिहरू राष्ट्रपतिको आदेशद्वारा प्रयोगयोग्य हुने छन् अनि राष्ट्रपतिद्वारा यस खण्ड अन्तर्गत गरिएको कुनै आदेश संसद्द्वारा यस प्रकार गरिएको कुनै प्रावधानका अधीनमा रही प्रभावकारी हुने छ:

यद्यपि वित्त आयोगको गठनपछि राष्ट्रपतिद्वारा यस खण्ड अन्तर्गत कुनै आदेश वित्त आयोगको सिफारिसहरूमाथि विचार गरेपछि मात्र दिइने छ अन्यथा दिइने छैन।

**२७६. वृत्ति, व्यापार, आजीविका अनि नियोजनहरूमाथि कर**– (१) अनुच्छेद २४६-मा जुनसुकै कुरा भए तापनि राज्य अथवा राज्यमा रहेका जिल्ला समिति, स्थानीय समिति अथवा अन्य स्थानीय प्राधिकारीहरूका हितका लागि वृत्ति, व्यापार, आजीविका, अथवा नियोजनहरूका सम्बन्धमा रहेका करसँग सम्बन्धित राज्य विधायिकाको कुनै पनि विधि आयकरसँग सम्बन्धित रहेका आधारमा मात्र विधिअमान्य हुने छैन।

---

[1] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) को धारा ७१-द्वारा (२१.१.१९७२-देखि) "भाग क" का स्थानमा प्रतिस्थापित।

[2] संविधान (बाइसौँ संशोधन) अधिनियम, १९६९-को धारा ३-द्वारा (२५.०९.१९६९-देखि) अन्तः स्थापित।

(२) कुनै एक व्यक्तिका सम्बन्धमा राज्यलाई अथवा सो राज्यका कुनै नगरपालिका, जिल्ला समिति, स्थानीय समिति अथवा अन्य स्थानीय प्राधिकारीलाई वृत्ति, व्यापार, आजीविका अनि नियोजनहरूमाथिका करहरूका रूपमा भुक्तानी गर्नु पर्ने मोठ रकम [1][दुई हजार पाँच सय रूपियाँ] प्रति वर्षभन्दा अधिक हुने छैन।

[2]* * * *

(३) वृत्ति, व्यापार, आजीविका साथै नियोजनमाथिका करका सम्बन्धमा माथि उल्लेख गरिएका विधि बनाउन सक्ने राज्यको विधायिकी शक्तिले वृत्ति, व्यापार, आजीविका साथै नियोजनमाथि विधि बनाउने संसद्को शक्तिलाई सीमित तुल्याउने छ भन्ने अर्थ लगाइने छैन।

**२७७. छुट**– यो संविधान लागु हुन तत्काल अघि कुनै राज्य सरकार वा कुनै नगरपालिका वा अन्य प्राधिकारी अथवा निकायले सो राज्य, नगरपालिका, जिल्ला अथवा अन्य स्थानीय क्षेत्रको प्रयोजनका निम्ति विधिसम्मत रूपमा उद्ग्रहण गरिरहेको कुनै कर, महसुल, उपकर वा शुल्कको उल्लेख सङ्घ सूचीमा भए तापनिसंसद्ले विधिद्वारा यसको प्रतिकूल प्रावधान नबनाएसम्म सोही प्रयोजनका निम्ति ती कर, महसुल, उपकर वा शुल्कको उद्ग्रहण र उपयोग भइरहने छ।

**२७८.** *[पहिलो अनुसूचीको भाग– ख मा रहेका राज्यहरूसँग कतिपय वित्तीय मामिलाका सम्बन्धमा सम्झौता]* संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनूसूचीद्वारा (१.११.१९५६-देखि) त्यक्त ।

**२७९. "खास आयस्ता" आदिको गणना**– (१) यस अध्यायका पूर्वोल्लिखित प्रावधानहरूमा "खास आयस्ता" पदले कुनै कर अथवा महसुलका सम्बन्धमा रहेको कर अथवा महसुलको सङ्कलनको खर्च घटाएपछि भएको आयस्ता बुझाउँछ र ती प्रावधानहरूको प्रयोजनका निम्ति कुनै क्षेत्रबाट भएको अथवा भएको भनी मानिन सक्ने कुनै कर अथवा महसुल अथवा कुनै कर अथवा महसुलको कुनै भागको आयस्तालाई भारतका नियन्त्रक एवम् महालेखा परीक्षकद्वारा अभिनिश्चित र प्रमाणित गरिने छ र उनको प्रमाणपत्र नै निर्णायक हुने छ।

(२) माथि भनिए अनुसारका र यस अध्यायका अन्य कुनै अभिव्यक्त प्रावधानहरूका अधीनमा रही यस भाग अन्तर्गत कुनै महसुल अथवा करबाट हुने आयस्ता कुनै राज्यलाई सुम्पिइने अथवा सुम्पिन सकिने कुनै पनि स्थितिमा, संसद्द्वारा बनाइएको विधि अथवा राष्ट्रपतिको आदेशले आयस्ताको गणना गरिने रीति, कुनै भुक्तानी कहिलेबाट र कुन समयमा गरिन्छ र कसरी गरिन्छ भन्ने रीति, एउटा र अर्को वित्तीय वर्षबीच समायोजन अनि अन्य कुनै आनुषङ्गिक एवम् सहायक विषयबारे प्रावधान गर्न सक्छ।

---

[1] संविधान (साठिऔँ संशोधन) अधिनियम, १९८८-को धारा २-द्वारा "दुई सय पचास रुपियाँ" का स्थानमा (२०.१२.१९८८-देखि) प्रतिस्थापित।

[2] संविधान (साठिऔँ संशोधन) अधिनियम, १९८८-को धारा २-द्वारा उपबन्धलाई (२०.१२.१९८८-देखि) त्यक्त।

[1][**२७९क. वस्तु अनि सेवा कर परिषद्**– (१) संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६ लागु भएको मितिदेखि साठी दिनभित्र राष्ट्रपतिले आदेशद्वारा वस्तु अनि सेवा कर परिषद् भनिने परिषद् गठन गर्ने छन् ।

(२) वस्तु अनि सेवा कर परिषद् निम्न सदस्यहरू मिलेर गठन हुने छ:–

(क) केन्द्रीय वित्त मन्त्री– अध्यक्ष;

(ख) राजस्व वा वित्तका प्रभारी केन्द्रीय राज्यमन्त्री – सदस्य;

(ग) वित्त वा कर-स्थापनका प्रभारी राज्यमन्त्री वा राज्य सरकारद्वारा मनोनीत अन्य कुनै मन्त्री–सदस्य।

(३) खण्ड (२) को उप–खण्ड (ग)-मा निर्दिष्ट वस्तु तथा सेवा कर परिषद्का सदस्यहरूले जतिसक्दो चाँडो उनीहरूमध्येबाट कुनै एकजनालाई सो परिषद्को उपाध्यक्षका रूपमा उनीहरूले तोकेको अवधिका निम्ति चयन गर्ने छन् ।

(४) वस्तु अनि सेवा कर परिषद्ले केन्द्र र राज्यहरूलाई निम्न विषयहरूमा परामर्श दिने छ—

(क) वस्तु अनि सेवा करमा समावेश हुने केन्द्र, प्रदेश र स्थानीय निकायले लगाएका कर, उपकर र अधिभारहरू;

(ख) वस्तु अनि सेवा कर लाग्न सक्ने वा वस्तु र सेवा करबाट छुट पाउन सक्ने वस्तु अनि सेवाहरू;

(ग) आदर्श वस्तु अनि सेवा कर विधि, उद्ग्रहणका सिद्धान्तहरू, अनुच्छेद २६९ क अन्तर्गत अन्तरराज्यिक व्यापार अथवा वाणिज्यका क्रममा गरिएका आपूर्तिहरूमाथि उद्ग्रहण गरिएको वस्तु अनि सेवा करको बाँडफाँड अनि आपूर्तिका स्थानलाई नियन्त्रण गर्ने सिद्धान्तहरू;

(घ) कार्यावर्तको सीमारेखा, जसमुनि वस्तु अनि सेवाहरूलाई वस्तु अनि सेवा करबाट छुट दिन सकिन्छ;

(ङ)न्यूनतम दरहरू समाविष्ट भएको दरसहित वस्तु अनि सेवा करहरूको समूह;

(च) कुनै प्राकृतिक विपत्ति वा प्रकोपका समयमा थप स्रोत जुटाउनका लागि विनिर्दिष्ट अवधिका लागि कुनै विशेष दर वा दरहरू;

---

[1] संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा १२-द्वारा (१२.९.२०१६-देखि) अन्त:स्थापित ।

(छ) अरुणाचल प्रदेश, असम, जम्मू अनि कश्मीर, मणिपुर, मेघालय, मिजोरम, नागाल्यान्ड, सिक्किम, त्रिपुरा, हिमाचल प्रदेश र उत्तराखण्ड राज्यहरूका सम्बन्धमा विशेष प्रावधान; र

(ज) परिषद्‌ले निर्णय गरेअनुसार वस्तु अनि सेवा करसम्बन्धी अन्य कुनै कुरा ।

(५) वस्तु अनि सेवा कर परिषद्‌ले अपरिष्कृत पेट्रोलियम, उच्च गतिको डिजेल, (सामान्यतया पेट्रोल भनेर चिनिने) मोटर स्पिरिट, प्राकृतिक ग्यास र उड्डयन टर्बाइन इन्धनमा वस्तु अनि सेवा कर लगाउने मिति सिफारिस गर्ने छ ।

(६) यस अनुच्छेदले प्रदान गरेको कार्य सम्पादन गर्दा वस्तु अनि सेवा करको सामञ्जस्यपूर्ण संरचना अनि वस्तु अनि सेवाको सुसङ्गत राष्ट्रिय बजारको विकासको आवश्यकताबाट वस्तु अनि सेवा कर परिषद् निर्देशित हुने छ।

(७) वस्तु अनि सेवा कर परिषद्‌का मोठ सदस्यमध्ये आधा सदस्य उपस्थित हुँदा यसको बैठकको गणपूर्ति हुने छ।

(८) वस्तु अनि सेवा कर परिषद्‌ले आफ्नो कार्य सम्पादनका लागि कार्यविधि निर्धारण गर्ने छ।

(९) वस्तु अनि सेवा कर परिषद्‌को प्रत्येक निर्णय बैठकमा उपस्थित र मतदान गर्ने सदस्यहरूको भारित मतको कम्तीमा तीन–चौथाइ बहुमतद्वारा निम्न सिद्धान्तहरू अनुसार लिइने छ, अर्थात्:–

सो बैठकमा–

(क) खसालिएको मोठ मतको एक तिहाइ भार केन्द्र सरकारको मतलाई प्राप्त हुने छ; र

(ख) सबै राज्य सरकारका जम्मा मतहरूलाई मोठ मतको दुई तिहाइ भार प्राप्त हुने छ।

(१०) वस्तु अनि सेवा कर परिषद्‌को कुनै पनि कार्य वा कारवाही–

(क) परिषद् गठन गर्दा कुनै रिक्तता वा त्रुटि रहेकाले; अथवा

(ख) परिषद्‌को सदस्यका रूपमा कुनै व्यक्तिका नियुक्तिमा कुनै त्रुटि भएकाले; अथवा

(ग) परिषद्‌को कुनै प्रक्रियागत अनियमितताले मुद्दाको योग्यतालाई असर नगर्ने भएकाले;

–मात्र विधिअमान्य हुने छैन।

(११) वस्तु अनि अनि कर परिषद्‌ले परिषद्‌को सिफारिस वा यसको कार्यान्वयनले गर्दा –

(क) भारत सरकार र एक वा अधिक राज्यहरूबिच; अथवा

(ख) भारत सरकार र कुनै राज्य वा राज्यहरू एकातिर र एक वा अधिक अन्य राज्यहरू अर्कोतिर हुँदा दुवै पक्षबिच; अथवा

(ग) दुई वा अधिक राज्यबिच;]

– उत्पन्न हुने कुनै पनि विवादबारे अभिनिर्णय गर्न संयन्त्र स्थापना गर्ने छ।

**२८०. वित्त आयोग**– (१) यो संविधान लागु भएको दुई वर्षभित्र अनि त्यसपछि प्रत्येक पाँचौँ वर्षको समाप्तिमा अथवा राष्ट्रपतिले आवश्यक ठाने यसभन्दा अघि राष्ट्रपतिले आदेशद्वारा वित्त आयोग गठन गर्ने छन् र यो आयोग राष्ट्रपतिद्वारा नियुक्त गरिनु पर्ने एकजना अध्यक्ष अनि अन्य चारजना सदस्यहरू मिलेर बन्ने छ।

(२) आयोगका सदस्यका रूपमा नियुक्त हुनका निम्ति आवश्यक पर्ने योग्यताहरू र उनीहरूको चयन गरिने रीति संसद्ले विधिद्वारा निर्धारण गर्नसक्ने छ।

(३) (क) यस अध्याय अन्तर्गत सङ्घ र राज्यहरूलाई भाग लगाइने वा लगाउन सकिने करबाट हुने खास आयस्ताको सङ्घ र राज्यहरूमाझ वितरण र राज्यहरूमाझ त्यस्ता आयको सम्बन्धित अंशको आवण्टनका विषयमा;

(ख) भारतको सर्वसञ्चित कोषबाट प्रदान गरिने राज्यहरूको राजस्व सहायता अनुदानलाई नियन्त्रण गर्ने सिद्धान्तहरूका विषयमा;

[1][(खख) राज्यको वित्त आयोगद्वारा गरिएका सिफारिसका आधारमा राज्यका पञ्चायतका स्रोतहरूको पूर्ति गर्न राज्यको सर्वसञ्चित कोषको संवर्धनका निम्ति आवश्यक पर्ने उपायहरूका विषयमा;]

[2][(ग) राज्यको वित्त आयोगद्वारा गरिएका सिफारिसका आधारमा राज्यका नगरपालिकाका स्रोतहरूको पूर्ति गर्न राज्यको सर्वसञ्चित कोषको संवर्धनका निम्ति आवश्यक पर्ने उपायहरूका विषयमा;]

[3][(घ)] सुदृढ वित्तका हितमा राष्ट्रपतिले आयोगलाई सिफारिस गरेको अन्य कुनै पनि विषयमा;]

–राष्ट्रपतिलाई सिफारिस गर्नु आयोगको कर्त्तव्य हुने छ।

(४) आयोगले आफ्नो प्रक्रिया निर्धारण गर्ने छ अनि आफ्ना कार्य सम्पादन गर्न संसद्ले विधिद्वारा प्रदान गरेका शक्ति सो आयोगमा रहने छन्।

---

[1]संविधान (त्रिहत्तरौँ संशोधन) अधिनियम, १९९२-को धारा ३-द्वारा (२४.४.१९९३-देखि) अन्तः स्थापित।

[2]संविधान (चौहत्तरौँ संशोधन) अधिनियम, १९९२-को धारा ३-द्वारा (१.६.१९९३-देखि) अन्तः स्थापित।

[3]संविधान (चौहत्तरौँ संशोधन) अधिनियम, १९९२-को धारा ३-द्वारा (१.६.१९९३-देखि) उपखण्ड (ग) लाई उपखण्ड (घ) का रूपमा पुनः अक्षराङ्कित गरियो।

**२८१. वित्त आयोगका सिफारिसहरू**– राष्ट्रपतिले यस संविधानका प्रावधान अन्तर्गत वित्त आयोगद्वारा गरिएको प्रत्येक सिफारिसमाथि गरिएका कार्बाहीको स्पष्टीकरणात्मक ज्ञापनपत्रसहित सो सिफारिस संसद्को प्रत्येक सदन समक्ष राख्न लगाउने छन् ।

*विविध वित्तीय प्रावधान*

**२८२. सङ्घ अथवा राज्यले आफ्नो राजस्वबाट गर्नसक्ने व्यय**– यथासन्दर्भ संसद् अथवा राज्य-विधायिकाले विधि बनाउन सक्ने लोक प्रयोजन नभए तापनि सङ्घ वा राज्यले जुनसुकै लोक प्रयोजनका निम्ति अनुदान दिन सक्ने छ ।

**२८३. सर्वसञ्चित कोष, आकस्मिकता कोष अनि सार्वजनिक लेखाहरूमा जम्मा गरिएका धनराशिहरूको संरक्षण आदि**– (१) भारतको सर्वसञ्चित कोष र भारतको आकस्मिक कोषको संरक्षण, त्यस्ता कोषमा धनराशिको भुक्तानी, त्यसबाट धनराशि निकाल्ने कार्य, यस्ता कोषमा जम्मा गरिएको धनराशिभन्दा भिन्न भारत सरकारद्वारा वा भारत सरकारबाट प्राप्त गरिएका सार्वजनिक धनराशिको संरक्षण, भारतको सार्वजनिक लेखामा सो धनराशिको भुक्तानी अनि त्यस्ता लेखाबाट धनराशि निकाल्ने कार्य र पूर्वोक्त विषयसँग सम्बद्ध अथवा त्यसका आनुषङ्गिक अन्य सबै विषयको विनियमन संसद्द्वारा बनाइएको विधिद्वारा गरिने छ र यसका निम्ति यसरी प्रावधान नगरिएसम्म राष्ट्रपतिद्वारा बनाइएका नियमहरूद्वारा विनियमन गरिने छ ।

(२) राज्यको सर्वसञ्चित कोष अनि आकस्मिकता कोषको संरक्षण, त्यस्ता कोषमा पैसाको भुक्तानी र ती कोषबाट धनराशि निकाल्ने कार्य, यस्ता कोषमा जम्मा गरिएको धनराशिभन्दा भिन्न राज्य सरकारद्वारा वा राज्य सरकारबाट प्राप्त गरिएका सार्वजनिक धनराशिको संरक्षण, राज्यको सार्वजनिक लेखामा सो धनराशिको भुक्तानी अनि त्यस्ता लेखाबाट धनराशि निकाल्ने कार्य र पूर्वोक्त विषयसँग सम्बद्ध अथवा त्यसका आनुषङ्गिक अन्य सबै विषयको विनियमन राज्यको विधायिकाद्वारा बनाइएको विधिद्वारा गरिने छ र यसका निम्ति यसरी प्रावधान नगरिएसम्म राज्यपालद्वारा [1]***बनाइएका नियमहरूद्वारा विनियमन गरिने छ ।

**२८४. सरकारी कर्मचारी अनि न्यायालयहरूद्वारा प्राप्त वादीहरूले जम्मा गरेको धनराशि तथा अन्य धनराशिहरूको संरक्षण** – (क) सङ्घ अथवा राज्यका क्रियाकलापका सम्बन्धमा नियुक्त कुनै अधिकारीले आफ्नो पदका नाताले प्राप्त गरेका अथवा उनलाई बुझाइएका भारत सरकार अथवा राज्य सरकारले जुटाएका अथवा प्राप्त गरेका राजस्व र सार्वजनिक धनराशिभन्दा भिन्न; अथवा

(ख) कुनै वाद, विषय, लेखा अथवा व्यक्तिहरूका नाममा जम्मा गर्नाले भारतको राज्यक्षेत्रभित्र रहेको कुनै न्यायालयलाई प्राप्त भएका वा सो न्यायालयलाई बुझाइएका;

---

[1] संविधान (सातौँ संशोधन), अधिनियम १९५६को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "अथवा राजप्रमुख" शब्दहरू त्यक्त ।

–सबै धनराशि यथासन्दर्भ भारतको सार्वजनिक लेखा अथवा राज्यको सार्वजनिक लेखामा जम्मा गरिने छ।

**२८५. सङ्घको सम्पत्तिलाई राज्यका करहरूबाट छुट**– (१) संसद्‌ले विधिद्वारा अन्यथा प्रावधान गरेको सीमाबाहिर सङ्घको सम्पत्तिलाई राज्यद्वारा अथवा राज्यभित्रको कुनै प्राधिकारीद्वारा आरोपण गरिएका सबै करहरूबाट छुट प्राप्त हुने छ।

(२) संसद्‌ले विधिद्वारा अन्यथा प्रावधान नगरेसम्म खण्ड (१) को कुनै पनि कुराले यो संविधान लागु हुन तत्काल अघि सङ्घको कुनै सम्पत्तिको जिम्मा रहेको अथवा जिम्मा रहेको भनी मानिएको कुनै राज्यको कुनै प्राधिकारीमाथि सो राज्यमा कुनै करको उद्ग्रहण भइरहेसम्म सङ्घको त्यस्तो सम्पत्तिमाथि सो कर उद्ग्रहण गर्न रोक लगाउने छैन।

**२८६. वस्तुको क्रय अनि विक्रयमाथि कर अधिरोपणका विषयमा प्रतिबन्ध**– (१) राज्यको कुनै पनि विधिले [1][ वस्तु अथवा सेवा अथवा दुवैको आपूर्ति]–

(क) राज्य बाहिर भएका स्थितिमा; अथवा

(ख) [2][वस्तु अथवा सेवा अथवा दुवै]-को भारतको राज्यक्षेत्रमा हुने आयातका क्रममा गरिने स्थितिमा अथवा [2][वस्तु वा सेवा वा दुवै]-को भारत राज्यक्षेत्रबाट हुने निर्यातका क्रममा गरिने स्थितिमा

–उक्त आपूर्तिमाथि करारोपण गर्ने छैन अथवा करारोपणलाई प्राधिकृत गर्ने छैन।

[3][* * * *]

[4][(२) संसद्‌ले [5][ वस्तु वा सेवा वा दुवैको आपूर्ति ] खण्ड (१)-मा उल्लिखित रीतिहरूमध्येका कुनै पनि रीतिद्वारा कहिले हुने छ भन्ने निर्धारण गर्नका निम्ति विधिद्वारा सिद्धान्त निरूपण गर्नसक्ने छ।

[6][(३)* * * *]

**२८७. बिजुलीमाथि लगाइने करहरूबाट छुट**– संसद्‌ले विधिद्वारा अन्यथा प्रावधान गरेको सीमाबाहिर कुनै राज्यको विधिले–

---

[1] संविधान (एकसय एकौँ संशोधन) अधिनियम, २०१६को धारा १३(i)(अ) द्वारा "यस्ता विक्रय अथवा क्रय गरिएका ठाउँमा वस्तुको विक्रय अथवा क्रय" का स्थानमा (१६.९.२०१६-देखि) प्रतिस्थापित ।

[2] संविधान (एकसय एकौँ संशोधन) अधिनियम, २०१६को धारा १३ (i) (आ) द्वारा "वस्तुको आयात अथवा त्यसको" का स्थानमा (१६.९.२०१६-देखि) प्रतिस्थापित ।

[3] संविधान (छैटौँ संशोधन) अधिनियम, १९५६-को धारा ४-द्वारा (११.०९.१९५६-देखि)खण्ड (१) को स्पष्टीकरण त्यक्त।

[4] संविधान (छैटौँ संशोधन) अधिनियम, १९५६-को धारा ४-द्वारा (११.०९.१९५६-देखि)खण्ड (२) अनि (३) का स्थानमा प्रतिस्थापित।

[5] संविधान (एकसय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा १३ (ii) द्वारा "वस्तुको विक्रय वा क्रय हुँदछ" का स्थानमा (१६.९.२०१६-देखि)प्रतिस्थापित।

[6] संविधान (एकसय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा १३ (iii) द्वारा (१६.९.२०१६-देखि) खण्ड (३) त्यक्त।

(क) भारत सरकाद्वारा उपयोग गरिने अथवा भारत सरकारले उपयोग गरोस् भनेर सो सरकारलाई बेचिने; अथवा

(ख) भारत सरकारद्वारा अथवा रेलमार्गको सञ्चालन गर्ने कुनै रेल कम्पनीद्वारा कुनै रेलमार्गको निर्माण, सम्भार अथवा सञ्चालन गर्दा खपत हुने अथवा कुनै रेलमार्गको निर्माण, सम्भार अथवा सञ्चालनमा हुने खपतका लागि सो सरकार अथवा त्यस्तो कुनै रेल कम्पनीलाई बेचिने;

(कुनै सरकारद्वारा अथवा कुनै अन्य व्यक्तिद्वारा उत्पादित) बिजुलीको खपत अथवा विक्रयमाथि कुनै कर आरोपण गर्ने छैन अथवा करारोपणलाई प्राधिकृत गर्ने छैन अनि बिजुलीको विक्रयमाथि कर आरोपण गर्ने अथवा कर आरोपणलाई प्राधिकृत गर्ने कुनै विधिले भारत सरकारद्वारा उपयोग गर्नाका लागि सो सरकारलाई अथवा कुनै रेलमार्गको निर्माण, सम्भार अथवा सञ्चालनमा हुने खपतका लागि यथापूर्वोक्त कुनै कम्पनीलाई बेचिएको बिजुलीको मूल्य पर्याप्त मात्रामा बिजुलीको उपभोग गर्ने अन्य उपभोक्ताहरूलाई लगाइएको मूल्यभन्दा करको राशि जति कम्ती हुने छ भन्ने सुनिश्चित गर्ने छ।

**२८८. कतिपय स्थितिहरूमा पानी अथवा बिजुलीका सम्बन्धमा राज्यहरूद्वारा गरिने करारोपणबाट छुट–** (१) राष्ट्रपतिले आदेशद्वारा अन्यथा प्रावधान गर्न सक्ने सीमाबाहिर यो संविधान लागु हुन तत्काल अघि प्रवृत्त कुनै राज्यको कुनै विधिले विद्यमान विधिद्वारा अथवा कुनै अन्तरराज्यिक नदी अथवा नदी उपत्यकाको विनियमन अथवा विकास गर्न संसद्वारा बनाइएको कुनै विधिद्वारा स्थापित कुनै प्राधिकारीद्वारा भण्डारण गरिएको, उत्पादन गरिएको, उपभोग गरिएको, वितरण गरिएको अथवा बेचिएको बिजुली अथवा पानीका सम्बन्धमा करारोपण गर्ने छैन अथवा करारोपणलाई प्राधिकृत गर्ने छैन।

*स्पष्टीकरण*– यस खण्डमा भएको "कुनै राज्यको कुनै प्रवृत्त विधि" पदावलीमा यो संविधान लागु हुन तत्काल अघि बनाइएको अथवा पारित गरिएको र पहिला नहटाइएको राज्यको विधि यो अथवा यसका कुनै भाग सो समय सम्पूर्ण अथवा विशिष्ट क्षेत्रहरूमा प्रवर्तनमा नरहेको हुनसक्ने भए तापनि समाविष्ट हुने छ।

(२) कुनै राज्यको विधायिकाले विधिद्वारा खण्ड (१)-मा वर्णित कुनै कर आरोपित गर्न अथवा यस्तो करको आरोपणलाई प्राधिकृत गर्न सक्नेछ। तर, यस्तो कुनै विधिलाई राष्ट्रपतिको विचारका निम्ति आरक्षित राखिएपछि उनको अनुमति प्राप्त नहुन्जेल सो विधिको कुनै प्रभाव रहने छैन, र यस्तो कुनै विधिले यस विधि अन्तर्गत बनाइने नियम र आदेशहरू मार्फत कुनै प्राधिकारीद्वारा सो करका दरहरू र अन्य कुराहरू निर्धारण गरिने प्रावधान गरेका खण्डमा यस्तो कुनै नियम अथवा आदेश बनाउनका निम्ति राष्ट्रपतिको पूर्व सहमति प्राप्त गर्नुपर्ने प्रावधान पनि गर्ने छ।

**२८९. राज्यको सम्पत्ति अनि आयलाई केन्द्रको करारोपणबाट छुट–** (१) कुनै राज्यको सम्पत्ति अनि आयलाई सङ्घले गर्ने करारोपणबाट छुट हुने छ।

(२) खण्ड (१) को कुनै कुराले राज्य सरकारद्वारा गरिने अथवा राज्य सरकारको तर्फबाट गरिने कुनै पनि प्रकारको व्यापार अथवा व्यवसाय अथवा यी कुराहरूसँग सम्बन्धित कुनै पनि कार्यवाही अथवा यस्तो व्यापार अथवा व्यवसायको प्रयोजनका निम्ति प्रयोग गरिएको अथवा अधिकारमा राखिएको कुनै पनि सम्पत्ति अथवा यससँग सम्बद्ध रहेर उपार्जन गरिएको अथवा उत्पन्न भएको कुनै आयका सम्बन्धमा संसद्ले विधिद्वारा प्रावधान गरेको कुनै सीमा रहेका स्थितिमा सो सीमासम्म करारोपण गर्न अथवा करारोपणलाई प्राधिकृत गर्न सङ्घमाथि रोक लगाउने छैन।

(३) संसद्ले विधिद्वारा सरकारका सामान्य कार्यहरूको आनुषङ्गिक भनेर घोषणा गर्न सक्ने कुनै व्यापार अथवा व्यवसाय अथवा व्यापार अथवा व्यवसायको कुनै पनि वर्गमा खण्ड (२) को कुनै पनि कुरा लागु हुने छैन।

**२९०. कतिपय व्यय अनि पेन्सनका सम्बन्धमा समायोजन**– यस संविधानका प्रावधान अन्तर्गत कुनै न्यायालय अथवा आयोगको व्यय अथवा यो संविधान लागु हुनअघि भारतमा ब्रिटिस राजसत्ताका अधीनमा अथवा संविधान लागु भएपछि केन्द्र अथवा राज्यका क्रियाकलापका सम्बन्धमा सेवा गरेका कुनै व्यक्तिलाई अथवा सो व्यक्तिका सम्बन्धमा भुक्तानी गर्नु पर्ने पेन्सन भारतको सर्वसञ्चित कोष अथवा कुनै राज्यको सर्वसञ्चित कोषमाथि भारित हुँदा-

(क) भारतको सर्वसञ्चित कोषमाथि भारित हुँदा न्यायालय अथवा आयोगले राज्यका बेग्लाबेग्लै आवश्यकताहरूमध्ये कुनै आवश्यकता पूरा गरेका खण्डमा अथवा सो व्यक्तिले राज्यका क्रियाकलापका सम्बन्धमा पूर्ण रूपमा अथवा आंशिक रूपमा सेवा गरेका खण्डमा; अथवा

(ख) कुनै राज्यको सर्वसञ्चित कोषमाथि भारित हुँदा न्यायालय अथवा आयोगले सङ्घ अथवा अन्य राज्यका बेग्लाबेग्लै आवश्यकताहरूमध्ये कुनै आवश्यकता पूरा गरेका खण्डमा अथवा सो व्यक्तिले सङ्घ अथवा राज्यका क्रियाकलापका सम्बन्धमा पूर्ण रूपमा अथवा आंशिक रूपमा सेवा गरेका खण्डमा;

- राज्यको सर्वसञ्चित कोष अथवा यथा सन्दर्भ भारतको सर्वसञ्चित कोष अथवा अन्य राज्यको सर्वसञ्चित कोषमाथि भारित हुने छ र सम्झौता भएजति खर्च अथवा पेन्सनका सम्बन्धमा गरिएको योगदानको भुक्तानी त्यहीँबाट गरिने छ अथवा सम्झौता नगरिएका स्थितिमा भारतका मुख्य न्यायाधीशद्वारा नियुक्त मध्यस्थकर्ताद्वारा निर्धारण गरिने छ।

[1][**२९०क. केही देवस्वम् निधिहरूलाई वार्षिक भुक्तानी**– प्रत्येक वर्ष छयालीस लाख पचास हजार रुपियाँ रकम केरल राज्यको सर्वसञ्चित कोषमाथि भारित गरी सो कोषबाट तिरूवाङ्कुर देवस्वम् निधिलाई भुक्तानी गरिने छ र प्रत्येक वर्ष तेह्र लाख पचास हजार रुपियाँ रकम [2][तमिलनाडू] राज्यको सर्वसञ्चित कोषमाथि भारित गरी सो राज्यको तिरूवाङ्कुर कोचिन राज्यमा अन्तरित क्षेत्रहरूका हिन्दू मन्दिर र पवित्र स्थलका सम्भारका लागि सो राज्यमा स्थापित देवस्वम् कोषलाई भुक्तानी गरिने छ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा १९-द्वारा (१.११.१९५६-देखि) अन्तः स्थापित।

[2] मद्रास राज्य (नाम परिवर्तन) अधिनियम, १९६८(१९६८-को ५३)-को धारा ४-द्वारा (१४.१.१९६९-देखि) "मद्रास"-का स्थानमा प्रतिस्थापित।

२९१. [*शासकहरूको राजभत्ता राशि*]– *संविधान (छब्बीसौँ संशोधन) अधिनियम, १९७१-को धारा २-द्वारा (२८–१२–१९७१-देखि) त्यक्त।*

## अध्याय २– सापटी

**२९२. भारत सरकारद्वारा सापटी लिइनु**– संसद्ले समय समयमा विधिद्वारा निर्धारण गरेको कुनै सीमा रहेका खण्डमा सो सीमाभित्र रही भारतको सर्वसञ्चित कोषको प्रतिभूति लिने कार्यसम्म अनि सोही प्रकारले निर्धारण गरिएको कुनै सीमा रहेका खण्डमा सो सीमाभित्र रही प्रत्याभूति दिने कार्यसम्म सङ्घको कार्यपालिका शक्तिको विस्तार हुँदछ।

**२९३. राज्यहरूद्वारा सापटी लिइनु–** (१) कुनै राज्यको विधायिकाले समय समयमा विधिद्वारा निर्धारण गरेको कुनै सीमा रहेका खण्डमा सो सीमाभित्र रही भारत राज्यक्षेत्रभित्र भारतको सर्वसञ्चित कोषको प्रतिभूति लिने कार्यसम्म अनि सोही प्रकारले निर्धारण गरिएको कुनै सीमा रहेका खण्डमा सो सीमाभित्र रही प्रत्याभूति दिने कार्यसम्म सो राज्यको कार्यपालिका शक्तिको विस्तार यस अनुच्छेदका प्रावधानहरूका अधीनमा रही हुँदछ।

(२) संसद्द्वारा बनाइएको कुनै विधिद्वारा अथवा यस अन्तर्गत निरूपण गरिएका सर्तहरूका अधीनमा रही भारत सरकारले कुनै पनि राज्यलाई सापटी दिन सक्छ अथवा अनुच्छेद २९२ अन्तर्गत निर्धारण गरिएको कुनै पनि सीमाको अतिक्रमण नहुन्जेल राज्यहरूद्वारा लिइएको सापटीका सम्बन्धमा प्रत्याभूति दिन सक्छ र यस्तो सापटी दिने प्रयोजनका निम्ति आवश्यक पर्ने धनराशि भारतको सर्वसञ्चित कोषमाथि भारित हुने छ।

(३) भारत सरकारले अथवा यसको पूर्ववर्ती सरकारले कुनै राज्यलाई दिएको कुनै सापटीको कुनै पनि भाग अहिलेसम्म तिर्न बाँकी रहेका खण्डमा अथवा भारत सरकार अथवा यसको पूर्ववर्ती सरकारले यसका सम्बन्धमा कुनै प्रत्याभूति दिएका खण्डमा सो राज्यले भारत सरकारको सहमतिबिना कुनै सापटी लिनसक्ने छैन।

(४) भारत सरकारले आरोपण गर्न उचित ठानेका सर्तहरू रहेका खण्डमा ती सर्तहरूका अधीनमा खण्ड (३) अन्तर्गत सहमति दिन सकिने छ।

## अध्याय ३– सम्पत्ति, अनुबन्ध, अधिकार, दायित्व, बाध्यताहरू अनि वाद

**२९४. कतिपय स्थितिमा धन, सम्पत्ति, अधिकार, दायित्व अनि बाध्यताका उत्तराधिकार** – यो संविधान लागु भएदेखि नै– (क) यसरी लागु हुन तत्काल अघि भारत अधिराज्यको सरकारका प्रयोजनका लागि महामहिममा निहित भएका सम्पत्ति र धनहरू र अनि संविधान यसरी लागु हुन तत्काल अघि प्रत्येक राज्यपाल भएका प्रान्तहरूका सरकारका प्रयोजनका लागि महामहिममा निहित भएका सम्पूर्ण सम्पत्ति र धनहरू यो संविधान लागु हुनअघि पाकिस्तान अधिराज्य अथवा पश्चिम बङ्गाल, पूर्व बङ्गाल, पश्चिम पन्जाब र पूर्व पन्जाबको सृजनाका कारणले गरिएको अथवा गरिने कुनै समायोजनका अधीनमा रही क्रमशः सङ्घ र तत्स्थानी राज्यहरूमा निहित हुने छन्। अनि,

(ख) कुनै अनुबन्धका कारण अथवा अन्यथा उत्पन्न भएका भारत अधिराज्यको सरकार अनि राज्यपाल भएको प्रत्येक प्रान्तको सरकारका सबै अधिकार, दायित्व र बाध्यताहरू यो संविधान लागु हुन तत्काल अघि पाकिस्तान अधिराज्य अथवा पश्चिम बङ्गाल, पूर्व बङ्गाल, पश्चिम पञ्जाब र पूर्व पञ्जाबको सृजना भएकाले गरिएको अथवा गरिने कुनै समायोजनका अधीनमा रही क्रमशः भारत सरकारका अनि तत्स्थानी प्रत्येक राज्यको सरकारका अधिकार, दायित्व र बाध्यता हुने छन्।

**२९५. अन्य स्थितिमा धन, सम्पत्ति, अधिकार, दायित्व र बाध्यताका उत्तराधिकार**– (१) (क) यो संविधान लागु हुन तत्काल अघि पहिलो अनुसूचीको भाग ख मा विनिर्दिष्ट राज्यको तत्स्थानी कुनै देशी राज्यमा निहित भएका सम्पत्ति र धनहरू जुन प्रयोजनका निम्ति यसरी लागु हुन तत्काल अघि स्वामित्वमा लिइएका थिए, ती प्रयोजनहरू त्यसपछि सङ्घ सूचीमा प्रगणित विषयहरूमध्येको कुनै विषयसँग सम्बन्धित सङ्घका प्रयोजन बनेका खण्डमा ती धन र सम्पत्तिहरू भारत सरकारद्वारा यसका लागि सो राज्यको सरकारसँग गरिएको कुनै पनि सम्झौताका अधीनमा रही यो संविधान लागु भएदेखि नै सङ्घमा निहित हुने छन्, अनि

(ख) कुनै अनुबन्धका कारण अथवा अन्यथा उत्पन्न भएका पहिलो अनुसूचीको भाग ख मा विनिर्दिष्ट राज्यको तत्स्थानी कुनै देशी राज्यका सबै अधिकार, दायित्व र बाध्यताहरूमध्ये जुन प्रयोजनका निम्ति यो संविधान लागु हुन तत्काल अघि ती अधिकारहरू प्राप्त गरिएका थिए अथवा दायित्व र बाध्यताहरू बेहोरिएका थिए, ती प्रयोजनहरू त्यसपछि सङ्घ सूचीमा प्रगणित विषयहरूमध्येको कुनै विषयसँग सम्बन्धित सङ्घका प्रयोजन बनेका खण्डमा ती अधिकार, दायित्व र बाध्यताहरू भारत सरकारद्वारा यसका लागि राज्यको सरकारसँग गरिएको कुनै पनि सम्झौताका अधीनमा रही यो संविधान लागु भएदेखि नै भारत सरकारका अधिकार, दायित्व र बाध्यता हुने छन्।

(२) उपर्युक्त कुराका अधीनमा रही प्रथम अनुसूचीको भाग (ख)-मा विनिर्दिष्ट प्रत्येक राज्यको सरकार, यो संविधान लागु भएदेखि कुनै सम्झौताबाट अथवा अन्यथा उत्पन्न भएका, खण्ड १-मा निर्दिष्ट भन्दा भिन्न सम्पूर्ण धन अनि सम्पत्ति तथा सम्पूर्ण अधिकार, दायित्व र बाध्यताहरूका सम्बन्धमा तत्स्थानी देशी राज्यका सरकारको उत्तराधिकारी हुने छ।

**२९६. सरकारका दखलमा गएकाले, अधिकारको अवसान भएकाले वा स्वामीविहीन भएकाले उपार्जित सम्पत्ति** – यसपछि यसमा प्रावधान गरिए अनुसारका कुराहरूका अधीनमा रही यो संविधान प्रभावकारी नभएका खण्डमा सरकारीकरण गरिएकाले, अधिकारको अवसान भएकाले अथवा वैध स्वामीका अभावमा स्वामीविहीन भएकाले यथासन्दर्भ महामहिमद्वारा अथवा कुनै देशीय राज्यको शासकद्वारा उपार्जन गरिने भारत राज्यक्षेत्रमा भएको कुनै पनि सम्पत्ति, कुनै राज्यमा रहेका खण्डमा सो राज्यमा नै निहित हुने छ र अन्य कुनै स्थितिमा सङ्घमा निहित हुने छ।

यद्यपि कुनै सम्पत्ति यसप्रकार महामहिमद्वारा अथवा देशीय राज्यको कुनै शासकद्वारा उपार्जन गरिने मितिमा भारत सरकार अथवा कुनै राज्यको सरकारका नियन्त्रणमा हुँदा जति प्रयोजनका लागि सो सम्पत्ति सो समय प्रयोग गरिएको थियो अथवा स्वामित्वममा लिइएको थियो, ती प्रयोजनहरू सङ्घ वा राज्यका प्रयोजन भएका खण्डमा सो सम्पत्ति सङ्घमा वा सो राज्यमा निहित हुने छ।

*स्पष्टीकरण*– यस अनुच्छेदमा "शासक" र "देशी राज्य" पदहरूको त्यही अर्थ लाग्दछ जुन अनुच्छेद ३६३-मा लाग्दछ।

[1][**२९७. राज्यक्षेत्रीय सागर खण्ड वा महाद्वीपीय जलमग्न तटभूमिमा स्थित बहुमूल्य वस्तु अनि अनन्य आर्थिक क्षेत्रका सम्पत्ति स्रोत सङ्घमा निहित हुनु**– (१) भारतको राज्यक्षेत्रीय सागर खण्ड वा महाद्वीपीय जलमग्न तटभूमि वा अनन्य आर्थिक क्षेत्रमा समुद्र तहभित्रका सबै भूमि, खनिज र अरू बहुमूल्य वस्तुहरू केन्द्रमा निहित हुने छन् अनि केन्द्रका प्रयोजनका लागि धारण गरिने छन्।

(२) भारतको अनन्य आर्थिक क्षेत्रका अन्य सबै सम्पत्ति स्रोत पनि केन्द्रमा निहित हुने छ अनि केन्द्रका प्रयोजनका लागि धारण गरिने छ।

(३) भारतको राज्यक्षेत्रीय सागर खण्ड वा महाद्वीपीय जलमग्न तटभूमि, अनन्य आर्थिक क्षेत्र अनि अन्य सामुद्रिक क्षेत्रहरूका सिमाना संसद्द्वारा बनाइएको विधिद्वारा वा त्यस अन्तर्गत समय समयमा विनिर्दिष्ट गरिए अनुसारका हुने छन्।

[2][**२९८. व्यापार आदि गर्ने शक्ति**– कुनै व्यापार अथवा व्यवसायको सञ्चालन अनि कुनै पनि प्रयोजनका लागि सम्पत्तिको अधिग्रहण, धारण र व्यय अनि सम्झौता गर्ने सीमासम्म केन्द्र अनि प्रत्येक राज्यको कार्यपालिका शक्तिको विस्तार हुने छ:

यद्यपि–

(क) सो व्यापार अथवा व्यवसाय अथवा सो प्रयोजन संसद्ले विधि बनाउन सक्ने सम्बन्धी व्यापार अथवा व्यवसाय अथवा प्रयोजन नभएसम्म प्रत्येक राज्यमा सङ्घको उक्त कार्यपालिका शक्ति राज्यको विधानका अधीनमा हुने छ; अनि

(ख) सो व्यापार अथवा व्यवसाय अथवा सो प्रयोजन राज्यको विधायिकाले विधि बनाउन सक्ने सम्बन्धी व्यापार अथवा व्यवसाय अथवा प्रयोजन नभएसम्म राज्यको उक्त कार्यपालिका शक्ति संसद्को विधानका अधीनमा हुने छ।]

---

[1] संविधान (चालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा २-द्वारा (२७.५.१९७६-देखि) प्रतिस्थापित।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २०-द्वारा (१.११.१९५६-देखि)स्थानमा प्रतिस्थापित।

**२९९. अनुबन्धहरू**– (१) सङ्घ वा कुनै राज्यको कार्यपालिका शक्तिको प्रयोग गरी गरिएका सबै अनुबन्धहरू यथा सन्दर्भ, राष्ट्रपतिद्वारा वा सो राज्यको राज्यपालद्वारा गरिएका भनिने छन् अनि सो शक्ति प्रयोग गरी गरिएका ती सबै अनुबन्ध र सम्पत्तिसम्बन्धी हस्तान्तरण पत्र राष्ट्रपति वा राज्यपाल [1]*** का तर्फबाट निर्देश गरिएका अथवा प्राधिकृत व्यक्तिहरूद्वारा र रीतिले निष्पादन गरिने छ।

(२) यस संविधानका प्रयोजनहरूका लागि अथवा भारत सरकारका सम्बन्धमा यसभन्दा पहिला प्रवृत्त कुनै अधिनियमितिका प्रयोजनका लागि जारी गरिएको अथवा निष्पादन गरिएको कुनै पनि अनुबन्ध अथवा हस्तान्तरण पत्रका सम्बन्धमा राष्ट्रपति वा कुनै राज्यका राज्यपाल[2]*** वैयक्तिक रूपले उत्तरदायी हुने छैनन् अथवा यी दुईजनामध्ये कसैका तर्फबाट अनुबन्ध वा हस्तान्तरण पत्र जारी गर्ने वा निष्पादन गर्ने कुनै व्यक्ति पनि वैयक्तिक रूपमा उत्तरदायी हुने छैनन्।

**३००. मुद्दा एवम् कार्यवाहीहरू**– (१) भारत सरकारले भारत सङ्घ नामद्वारा मुद्दा लगाउन सक्ने छ अथवा भारत सरकार विरुद्ध भारत सङ्घ नामद्वारा मुद्दा हाल्न सकिने छ अनि कुनै राज्यको सरकारले सो राज्यको नामद्वारा मुद्दा लगाउन सक्ने छ वा सो राज्यमाथि मुद्दा लगाउन सकिने छ र संसद्को अथवा यस्तो राज्यको विधायिकाको अधिनियम द्वारा बनाउन सकिने र यस संविधानले प्रदान गरेको शक्तिद्वारा अधिनियमन गर्न सकिने प्रावधान अन्तर्गत रहँदै यो संविधानको अधिनियमन नगरिँदा भारत अधिराज्य अनि तत्स्थानी प्रान्तहरू अथवा तत्स्थानी देशीय राज्यहरूले मुद्दा लगाउन सके झैं अथवा उनीहरूविरुद्ध मुद्दा लगाउन सकिए झैं भारत सरकार अनि राज्य सरकारले आआफ्ना क्रियाकलापका सम्बन्धमा मुद्दा लगाउन सक्ने छन् अथवा उनीहरूविरुद्ध मुद्दा लगाउन सकिने छ।

(२) यो संविधान लागु हुँदा–

(क) भारत अधिराज्य पक्षकार रहेको कुनै विधिक कार्यवाही थातीमा रहेका खण्डमा सो विधिक कार्यवाहीमा भारत अधिराज्यका स्थानमा भारत सङ्घलाई प्रतिस्थापन गरिएको मानिने छ; अनि

(ख) कुनै प्रान्त वा कुनै देशीय राज्य पक्षकार रहेको कुनै विधिक कार्यवाही थातीमा रहेका खण्डमा सो विधिक कार्यवाहीमा सो प्रान्त वा देशीय राज्यका स्थानमा तत्स्थानी राज्यलाई प्रतिस्थापन गरिएको मानिने छ।

## [3] [अध्याय ४– सम्पत्तिको अधिकार

**३००क. विधिको प्राधिकारबिना व्यक्तिलाई सम्पत्तिबाट वञ्चित नगरिनु**– कुनै व्यक्तिलाई निजको सम्पत्तिबाट विधिको प्राधिकारद्वारा मात्र वञ्चित गरिने छ, अन्यथा गरिने छैन।]

---

[1] संविधान (सातौं संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूची द्वारा "राजप्रमुख" शब्द (१.११.१९५६-देखि) त्यक्त।

[2] संविधान (सातौं संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूची द्वारा "राजप्रमुख पनि होइन" शब्द (१.११.१९५६-देखि) त्यक्त।

[3] संविधान (चवालीसौं संशोधन) अधिनियम, १९७८-को धारा ३४-द्वारा (२०.६.१९७९-देखि) अन्तःस्थापित।

# भाग १३

## भारतभित्र व्यापार, वाणिज्य अनि मेलजोल

**३०१. व्यापार, वाणिज्य अनि मेलजोलको स्वतन्त्रता**– यस भागका अन्य प्रावधानका अधीनमा रही भारतको राज्यक्षेत्रमा सर्वत्र व्यापार, वाणिज्य अनि मेलजोल निर्बाध रहने छ।

**३०२. व्यापार, वाणिज्य अनि समागममाथि निषेध आरोपण गर्ने संसद्को शक्ति**– संसद्ले विधिद्वारा एउटा राज्य अनि अर्का राज्यमाझ वा भारतको राज्यक्षेत्रका कुनै भागभित्र व्यापार, वाणिज्य अथवा मेलजोलको स्वतन्त्रतामाथि लोकहितका लागि आवश्यक निषेध आरोपण गर्नसक्ने छ ।

**३०३. व्यापार अनि वाणिज्यसम्बन्धी केन्द्र अनि राज्यको विधायी शक्तिमाथि निषेध**– (१) अनुच्छेद ३०२-मा जुनसुकै कुरा भए तापनि, सातौँ अनुसूचीका सूचीहरूमध्ये कुनै सूचीमा रहेको व्यापार र वाणिज्य सम्बन्धी कुनै प्रविष्टिका आधारमा संसद्लाई अथवा राज्यको विधायिकालाई एउटा राज्यलाई अर्को राज्यका तुलनामा प्राथमिकता दिने अथवा प्राथमिकता दिनका निम्ति प्राधिकृत गर्ने अथवा एउटा राज्य र अर्को राज्यमाझ कुनै विभेद गर्ने अथवा गर्न प्राधिकृत गर्ने कुनै विधि बनाउने शक्ति प्राप्त हुने छैन।

(२) भारतको राज्यक्षेत्रको कुनै भागमा सर सामानको कमीले गर्दा उब्जिएको स्थिति निप्ट्याउनु पर्ने प्रयोजनका लागि प्राथमिकता दिने अथवा प्राथमिकता दिनका निम्ति प्राधिकृत गर्ने अथवा कुनै विभेद गर्ने अथवा विभेद गर्नका निम्ति प्राधिकृत गर्ने विधि बनाउनु आवश्यक हो भनी कुनै विधिले घोषणा गरेका खण्डमा खण्ड (१) को कुनै कुराले यस्तो विधि बनाउन संसद्माथि प्रतिबन्ध लगाउने छैन।

**३०४. राज्यहरूमाझ व्यापार, वाणिज्य अनि मेलजोलमाथि निषेध**– अनुच्छेद ३०१ अथवा अनुच्छेद ३०३-मा जुनसुकै कुरा भए तापनि कुनै राज्यको विधायिकाले विधिद्वारा–

(क) अन्य राज्यहरू [1][अथवा केन्द्र शासित प्रदेशहरू] बाट आयात गरिएका सामानहरूमाथि सो राज्यमा निर्मित अथवा उत्पादित सोही सामानमाथि लाग्ने कुनै कर यसरी आयात गरिएको वस्तु अनि यसरी निर्माण अथवा उत्पादन गरिएको वस्तुमाझ कुनै विभेद नहुने गरी आरोपण गर्नसक्ने छ; अनि

(ख) लोकहितका लागि हुने आवश्यकता अनुरूप सो राज्यसँग अथवा सो राज्यभित्र व्यापार, वाणिज्य र मेलजोलको स्वतन्त्रतामाथि युक्तियुक्त प्रतिषेध आरोपण गर्नसक्ने छ:

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा(१.११.१९५६-देखि) अन्तः स्थापित।

यद्यपि खण्ड (ख)-का प्रयोजनहरूका लागि राष्ट्रपतिको पूर्व मन्जुरीबिना कुनै राज्यको विधायिकामा कुनै पनि विधेयक वा संशोधन पुरस्थापन वा प्रस्ताव गरिने छैन।

[1][**३०५. विद्यमान विधिहरू अनि राज्यको एकाधिकारको प्रावधान गर्ने विधिको संरक्षण**– राष्ट्रपतिले कुनै आदेशद्वारा अन्यथा निर्देश नदिएसम्म अनुच्छेद ३०१ अनि अनुच्छेद ३०३-को कुनै पनि कुराले विद्यमान विधिहरूका प्रावधानमाथि प्रभाव पार्ने छैन अनि अनुच्छेद १९-को खण्ड (६) को उपखण्ड (ii)-मा निर्दिष्ट कुनै विषयसँग सम्बन्ध भएसम्म संविधान (चौथो संशोधन) अधिनियम, १९५५ लागु हुनअघि बनाइएको कुनै पनि विधिको प्रवर्तनलाई पनि अनुच्छेद ३०१-को कुनै कुराले प्रभाव पार्ने छैन अनि अनुच्छेद १९-को खण्ड (६) को उपखण्ड (ii)-मा निर्दिष्ट कुनै विषयसँग सम्बन्ध नभएको विधि बनाउन संसद् वा कुनै राज्यको विधायिकामाथि रोक लगाउने छैन।]

**३०६.** [*व्यापार अनि वाणिज्यमाथि निषेध आरोपण गर्ने पहिलो अनुसूचीको भाग ख मा भएका कतिपय राज्यको शक्ति*] *– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा(१.११.१९५६देखि)* निरस्त।

**३०७. अनुच्छेद ३०१-देखि अनुच्छेद ३०४-सम्मका प्रयोजनहरूको कार्यान्वयनका निम्ति प्राधिकारीको नियुक्ति**– संसद्ले विधिद्वारा अनुच्छेद ३०१, अनुच्छेद ३०२, अनुच्छेद ३०३ अनि अनुच्छेद ३०४-का प्रयोजनहरूको कार्यान्वयनका निम्ति आफूले उपयुक्त ठानेको प्राधिकारीको नियुक्ति गर्न सक्छ अनि यसरी नियुक्त प्राधिकारीलाई आफूले आवश्यक ठाने अनुसारको शक्ति प्रदान गर्नसक्ने छ अनि कर्त्तव्य सुम्पन सक्ने छ।

---

[1] संविधान (चौथो संशोधन) अधिनियम, १९५५-को धारा ४-द्वारा अनुच्छेद ३०५ का स्थानमा (२७.०४.१९५५-देखि) प्रतिस्थापित।

# भाग १४

# सङ्घ अनि राज्य अन्तर्गत सेवाहरू

## अध्याय १– सेवाहरू

**३०८. व्याख्या**–सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म यस भागमा "राज्य" पद [1][अन्तर्गत जम्मू अनि कश्मीर राज्य अन्तर्भुक्त हुँदैन।]

**३०९. सङ्घ अथवा राज्यको सेवा गर्ने व्यक्तिहरूको नियुक्ति अनि सेवाका सर्तहरू**– यस संविधानका प्रावधानका अधीनमा रही उपयुक्त विधायिकाका अधिनियमहरूले केन्द्र अथवा कुनै राज्यका क्रियाकलापहरूसँग सम्बन्धित लोकसेवा अनि पदहरूका निम्ति नियुक्तिको अनि नियुक्त व्यक्तिहरूको सेवाका सर्तहरूको विनियमन गर्न सक्ने छ।

यद्यपि यस अनुच्छेद अन्तर्गत उपयुक्त विधायिकाको अधिनियमद्वारा वा अधिनियम अन्तर्गत यसका निम्ति प्रावधान नगरिन्जेल केन्द्रका क्रियाकलापसँग सम्बन्धित सेवाहरू र पदहरूका स्थितिमा राष्ट्रपति अथवा उनले निर्देश गरेको व्यक्ति अनि राज्यका कार्यकलापसँग सम्बन्धित सेवाहरू र पदहरूका स्थितिमा राज्यका राज्यपाल [2]*** अथवा उनले निर्देश गरेको व्यक्ति यस्ता सेवा र पदहरूका निम्ति नियुक्तिको अनि नियुक्त व्यक्तिहरूको सेवाका सर्तहरूको विनियमन गर्ने नियम बनाउन सक्षम हुने छन् अनि यसरी बनाइएका नियम कुनै यस्तो अधिनियमका प्रावधानका अधीनमा रही प्रभावकारी हुने छन्।

**३१०. सङ्घ अथवा राज्यको सेवा गर्ने व्यक्तिहरूको पदावधि**– (१) यस संविधानद्वारा स्पष्ट रूपले प्रावधान गरिए बाहेक सङ्घको रक्षा सेवा, नागरिक सेवा वा अखिल भारतीय सेवाका सदस्य वा सङ्घ अन्तर्गत रक्षा वा नागरिक सेवासँग सम्बन्धित कुनै पदमा नियुक्त कुनै पनि व्यक्तिले राष्ट्रपतिको चाहना रहेसम्म अनि राज्यको कुनै नागरिक सेवामा सदस्य रहेका वा नागरिक सेवाका पदमा नियुक्त कुनै पनि व्यक्तिले राज्यका राज्यपाल[3]को अनुकम्पा रहेसम्म पद धारण गर्दछन्।

(२) सङ्घ अथवा राज्यअन्तर्गत नागरिक सेवाको कुनै पद धारण गर्ने कुनै व्यक्तिले राष्ट्रपति अथवा यथासन्दर्भ राज्यका राज्यपाल [2]***को अनुग्रह रहेसम्म पद धारण गरे तापनि कुनै अनुबन्ध अन्तर्गत रक्षा सेवा वा अखिल भारतीय सेवा वा सङ्घ वा राज्यको नागरिक सेवाको सदस्य नरहेको कुनै व्यक्तिलाई यस्तो कुनै पद धारण गर्नाका निम्ति यस संविधान अन्तर्गत नियुक्त गरिँदा, यथासन्दर्भ राष्ट्रपति अथवा राज्यपालले [2]*** विशेष योग्यता भएका कुनै व्यक्तिको सेवा प्राप्त गर्न

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा "पहिलो अनुसूचीको भाग क अथवा भाग ख मा विनिर्दिष्ट राज्य बुझाउँछ" का स्थानमा प्रतिस्थापित।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) " अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) " अथवा यथासन्दर्भ राजप्रमुख" शब्दहरू त्यक्त।

आवश्यक ठान्नाले अनुबन्ध गरिएको अवधि समाप्त हुनअघि सो पद समाप्त गरिएका खण्डमा अथवा उसको दुराचारसँग सम्बन्ध नभएका कारणहरूले गर्दा उसले सो पद रिक्त गर्नु परेका खण्डमा सो व्यक्तिलाई क्षतिपूर्ति दिने प्रावधान गर्न सक्ने छन्।

**३११. सङ्घ अथवा राज्यअन्तर्गत नागरिक सेवामा नियुक्त व्यक्तिलाई पदच्युत गर्नु, पदबाट हटाउनु अथवा पदावनत गर्नु**– (१) सङ्घको नागरिक सेवा अथवा अखिल भारतीय सेवा अथवा राज्यको नागरिक सेवाको सदस्य भएको व्यक्ति अथवा सङ्घ अथवा राज्य अन्तर्गत नागरिक सेवाको कुनै पद धारण गर्ने व्यक्तिलाई उसलाई नियुक्ति गर्ने प्राधिकारी अधीनस्थ कुनै प्राधिकारीद्वारा पदच्युत गरिने छैन अथवा पदबाट हटाइने गरिने छैन।

[1][(२)] उपर्युक्त कुनै व्यक्तिलाई उसका विरुद्ध लगाइएको आरोपहरूको सूचना दिइएको अनि ती आरोपहरूका [2]*** सम्बन्धमा उसलाई आफ्नो पक्ष प्रस्तुत गर्ने यथोचित अवसर दिइएको एउटा जाँचबिना पदच्युत गरिने अथवा पदबाट हटाइने अथवा पदावनत गरिने छैन:

[3][यद्यपि त्यस्तो जाँचपछि उनीमाथि कुनै दण्ड आरोप गर्ने प्रस्ताव गरिँदा त्यस्तो दण्ड त्यस्तो जाँच हुँदा प्रस्तुत गरिएका साक्ष्यका आधारमा आरोप गर्न सकिने छ अनि सो व्यक्तिलाई प्रस्तावित दण्डका विषयमा अभ्यावेदन गर्ने अवसर दिन आवश्यक हुने छैन:

यद्यपि—]

(क) कुनै व्यक्तिलाई उसका आचरणका आधारमा कुनै आपराधिक आरोपमा दोषी ठहऱ्याई पदच्युत गरिएका वा पदबाट हटाइएका अथवा पदावनत गरिएका स्थितिमा; अथवा

(ख) कुनै व्यक्तिलाई पदच्युत गर्न, पदबाट हटाउन अथवा पदावनत गर्नाका निम्ति सक्षम प्राधिकारी, आफूले लिखित रूपमा अभिलेखबद्ध गर्नुपर्ने विशेष कारणवश यस्तो जाँच गर्नु तर्कसङ्गत रूपमा व्यावहारिक हुने छैन भन्ने कुरामा आश्वस्त भएका स्थितिमा; अथवा

(ग) यथासन्दर्भ राष्ट्रपति अथवा राज्यपाल राज्यको सुरक्षाका हितमा यस्तो जाँच गर्न समुचित हुने छैन भन्ने कुरामा आश्वस्त भएका स्थितिमा —यो खण्ड लागु हुने छैन।

(३) उपर्युक्त कुनै व्यक्तिका सम्बन्धमा खण्ड (२)मा निर्दिष्ट गरिए अनुसार यस्तो जाँच गर्नु तर्कसङ्गत रूपमा व्यावहारिक हो अथवा होइन भन्ने प्रश्न उठेका खण्डमा सो व्यक्तिलाई पदच्युत गर्ने अथवा पदबाट हटाउने अथवा पदावनत गर्ने सम्बन्धमा सक्षम प्राधिकारीले दिएको निर्णय अन्तिम हुने छ।]

---

[1] संविधान (पन्ध्रौँ संशोधन) अधिनियम, १९६३-को धारा १०-द्वारा (५.१०.१९६३-देखि) खण्ड (२) अनि खण्ड (३) का स्थानमा प्रतिस्थापित।

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४४-द्वारा (३.१.१९७७-देखि) केही शब्दहरू त्यक्त।

[3] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४४-द्वारा (३.१.१९७७-देखि) केही शब्दहरूका स्थानमा प्रतिस्थापित।

**३१२. अखिल भारतीय सेवाहरू**–(१) [1][भाग ६-को अध्याय ६ अथवा भाग ११]-मा जुनसुकै कुरा भए तापनि उपस्थित अनि मतदान गर्ने सदस्यहरूमध्ये कम्तीमा दुईतिहाइ सदस्यहरूद्वारा समर्थन गरिएको निर्णयद्वारा राष्ट्रको हितका निम्ति यसो गर्न आवश्यक वा उपयुक्त भएको घोषणा राज्यसभाले गरेको छ भने संसद्ले विधिद्वारा सङ्घ र राज्यका लागि साझा [2][(अखिल भारतीय न्यायिक सेवासहित)] एक अथवा अधिक अखिल भारतीय सेवाहरूको सृजनका लागि प्रावधान गर्न र यस अध्यायका अन्य प्रावधानहरूका अधीनमा रही यस्तो कुनै सेवामा नियुक्त व्यक्तिहरूको नियुक्ति र सेवाका सर्तहरूको नियमन गर्नसक्ने छ।

(२) यो संविधान लागु हुँदा भारतीय प्रशासनिक सेवा अनि भारतीय पुलिस सेवा नामले परिचित सेवाहरूलाई यस अनुच्छेद अन्तर्गत संसद्द्वारा सृजित सेवा ठानिने छ।

[2][(३) खण्ड (१)-मा निर्दिष्ट अखिल भारतीय न्यायिक सेवा अन्तर्गत अनुच्छेद २३६-मा परिभाषित जिल्ला न्यायाधीशको पदभन्दा तल्लो तहको कुनै पद समाविष्ट हुने छैन।

(४) उपर्युक्त अखिल भारतीय न्यायिक सेवाको सृजनका लागि प्रावधान गर्ने विधिमा भाग ६-को अध्याय ६-को संशोधनका निम्ति सो विधिका प्रावधानलाई प्रभावकारी तुल्याउन आवश्यक हुने प्रावधानहरूको समावेश हुन सक्ने छ र यस्तो कुनै विधिलाई अनुच्छेद ३६८-को प्रयोजनका लागि संविधानको संशोधन ठानिने छैन।

[3][**३१२क. कतिपय सेवाका अधिकारीहरूका सेवाका सर्तहरू परिवर्तन गर्ने अथवा ती सर्तहरू रद्द गर्ने संसद्को शक्ति**– (१) संसद्ले विधिद्वारा–

(क) सेक्रेटरी अफ् स्टेटद्वारा अथवा सेक्रेटेरी अफ् स्टेट इन काउन्सिलद्वारा यो संविधान लागु हुनअघि भारतमा ब्रिटिस राजसत्ताको कुनै नागरिका सेवामा नियुक्त अनि संविधान (अट्ठाइसौँ संशोधन) अधिनियम, १९७२ लागु हुँदा र त्यसपछि भारत सरकार अथवा राज्य सरकार अन्तर्गत कुनै सेवा अथवा पदमा रहिरहेका व्यक्तिहरूको पारिश्रमिक, बिदा अथवा पेन्सनसम्बन्धी सेवाका सर्तहरू तथा अनुशासनिक विषयसम्बन्धी अधिकार, उत्तरप्रभावी अथवा पूर्वप्रभावी रूपमा परिवर्तन गर्न अथवा रद्द गर्न सक्छ;

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४५-द्वारा (३.१.१९७७-देखि) "भाग ११" का स्थानमा प्रतिस्थापित।

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४५-द्वारा (३.१.१९७७-देखि) अन्तः स्थापित।

[3] संविधान (अट्ठाइसौँ संशोधन) अधिनियम, १९७२-को धारा २-द्वारा (२९.८.१९७२-देखि) अन्तः स्थापित।

(ख) सेक्रेटरी अफ् स्टेटद्वारा अथवा सेक्रेटेरी अफ् स्टेट इन काउन्सिलद्वारा यो संविधान लागु हुन अघि भारतमा ब्रिटिस राजसत्ताको कुनै नागरिक सेवामा नियुक्त अनि संविधान (अट्ठाइसौँ संशोधन) अधिनियम, १९७२ लागु हुनअघि कुनै समय सेवाबाट निवृत्त भएका अथवा अन्यथा सेवामा नरहेका व्यक्तिहरूको पेन्सन सम्बन्धी सेवाका सर्तहरू उत्तरप्रभावी अथवा पूर्वप्रभावी रूपमा परिवर्तन गर्न अथवा रद्द गर्न सक्छ:

यद्यपि सर्वोच्च न्यायालयका मुख्य न्यायाधीश अथवा सर्वोच्च न्यायालयका वा उच्च न्यायालयका अन्य न्यायाधीश, भारतका नियन्त्रक र महालेखा परीक्षक, सङ्घ वा कुनै राज्यको लोकसेवा आयोगका अध्यक्ष अथवा अन्य सदस्यको अथवा मुख्य निर्वाचन आयुक्तको पदमा रहिरहेको वा रहिसकेको व्यक्तिका स्थितिमा उपखण्ड (क) अथवा उपखण्ड (ख) को कुनै कुराको अर्थ यसले यस्ता व्यक्ति यस्तो पदमा नियुक्त भएपछि सेक्रेटेरी अफ् स्टेटद्वारा अथवा सेक्रेटरी अफ् स्टेट इन काउन्सिलद्वारा भारतमा ब्रिटिस राजसत्ताको कुनै नागरिक सेवामा नियुक्त व्यक्ति भएकाले उसमाथि सेवाका सर्त लागु भएको स्थितिबाहेक उसका सेवाका सर्तहरूमा अलाभकारी परिवर्तन गर्नाका निम्ति अथवा सेवाका सर्तहरू रद्द गर्नाका निम्ति संसद्लाई सशक्त गर्दछ भनी लगाइने छैन।

(२) यस अनुच्छेद अन्तर्गत संसद्ले विधिद्वारा जहाँसम्म प्रावधान गरेको छ सो हदबाहेक यस अनुच्छेदको कुनै कुराले खण्ड (१)-मा निर्दिष्ट व्यक्तिहरूको सेवाका सर्तहरूको नियमन गर्न यस संविधानको कुनै अन्य प्रावधान अन्तर्गत कुनै विधायिका अथवा अन्य प्राधिकारीको शक्तिमाथि प्रभाव पार्ने छैन।

(३) सर्वोच्च न्यायालय अथवा अन्य कुनै न्यायालयलाई निम्नलिखित विवादहरूमा कुनै क्षेत्राधिकार रहने छैन–

(क) अथवा खण्ड (१)-मा निर्दिष्ट कुनै व्यक्तिले गरेका वा निष्पादन गरेका कुनै सन्धि, सम्झौता अथवा अन्य उस्तै लिखतको कुनै प्रावधानबाट अथवा सोमाथि गरिएको कुनै पृष्ठाङ्कनबाट उत्पन्न कुनै विवाद अथवा भारतमा ब्रिटिस राजसत्ताको कुनै नागरिक सेवामा नियुक्ति अथवा भारत अधिराज्यको अथवा त्यसको कुनै प्रान्तको सरकार अन्तर्गत सेवामा रहिरहने सम्बन्धमा यस्ता व्यक्तिलाई पठाइएका कुनै पत्रका आधारमा उत्पन्न कुनै विवाद;

(ख) मूल रूपमा यथा अधिनियमित अनुच्छेद ३१४ अन्तर्गत कुनै अधिकार, दायित्व अथवा बाध्यताका सम्बन्धमा भएको कुनै विवाद।

(४) मूल रूपमा यथा अधिनियमित अनुच्छेद ३१४-मा अथवा यस संविधानको कुनै अन्य प्रावधानमा जुनसुकै विषय भए तापनि यस अनुच्छेदको प्रावधान प्रभावकारी हुने छ।]

**३१३. सङ्क्रमणकालीन प्रावधान**– यस संविधान अन्तर्गत यसका निम्ति अन्य प्रावधान निर्माण नगरेसम्म, यो संविधान लागु हुन तत्काल अघिसम्म प्रवृत्त अनि यो संविधान लागु भएपछि अखिल भारतीय सेवाका रूपमा अथवा सङ्घ अथवा राज्यअन्तर्गत कुनै सेवा अथवा पदका रूपमा निरन्तर अस्तित्वमा रहिरहेको कुनै पनि लोक सेवा अथवा कुनै पदमा लागु हुने सम्पूर्ण विधिहरू यस संविधानका प्रावधानहरूसँग सङ्गति रहुन्जेल प्रभावकारी रहने छन्।

**३१४. [कतिपय सेवाका विद्यमान अधिकारीको संरक्षणका निम्ति प्रावधान]** — संविधान (अट्ठाइसौँ संशोधन) अधिनियम, १९७२-को धारा ३-द्वारा (२९.८.१९७२-देखि) निरस्त।

## अध्याय २– लोकसेवा आयोग

**३१५. सङ्घ अनि राज्यहरूका निम्ति लोकसेवा आयोग**– (१) यस अनुच्छेदका प्रावधानहरूका अधीनमा रही सङ्घका निम्ति एउटा लोकसेवा आयोग अनि प्रत्येक राज्यका निम्ति एउटा लोकसेवा आयोग रहने छ।

(२) दुई अथवा अधिक राज्यले राज्यहरूको सो समूहका निम्ति एउटै नै लोकसेवा आयोग रहने छ भनी सम्झौता गर्न सक्ने छन् अनि यस आशयको निर्णय ती राज्यहरूमध्ये प्रत्येक राज्यको विधायिकाको सदनद्वारा अथवा दुईवटा सदन भएका स्थितिमा प्रत्येक सदनद्वारा पारित गरिएका खण्डमा संसद्ले ती राज्यहरूको आवश्यकता पूर्ति गर्नाका निम्ति विधिद्वारा (यस अध्यायमा “संयुक्त आयोग” का रूपमा निर्दिष्ट) संयुक्त राज्य लोकसेवा आयोगको नियुक्तिको प्रावधान गर्नसक्ने छ।

(३) उपर्युक्त प्रकारको कुनै विधिमा विधिका प्रयोजनहरूलाई प्रभावकारी बनाउनका निम्ति आवश्यक एवम् वाञ्छनीय आनुषङ्गिक अनि पारिणामिक प्रावधानहरू निहित हुनसक्ने छन्।

(४) राष्ट्रपतिको अनुमोदनसहित कुनै राज्यका राज्यपालले[1]*** सो राज्यका सबै अथवा केही आवश्यकताहरू पूर्ति गर्नाका निम्ति सङ्घ लोकसेवा आयोगलाई अनुरोध गरेका खण्डमा सो आयोग राष्ट्रपतिको अनुमोदनमा त्यसो गर्न सहमत हुन सक्छ।

(५) सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म यस संविधानमा सङ्घ लोकसेवा आयोग अथवा कुनै राज्य लोकसेवा आयोगप्रति गरिएका निर्देशको अर्थ प्रश्नगत कुनै विशिष्ट विषयका सम्बन्धमा यथासन्दर्भ केन्द्र वा राज्यका आवश्यकताहरू पूरा गर्ने आयोगप्रति गरिएका निर्देश हुन् भनी लगाइने छ।

**३१६. सदस्यहरूको नियुक्ति अनि पदावधि**– (१) लोकसेवा आयोगका अध्यक्ष र अन्य सदस्यहरूको नियुक्ति सङ्घ आयोग अथवा संयुक्त आयोगका स्थितिमा राष्ट्रपतिद्वारा अनि राज्य आयोगका स्थितिमा राज्यका राज्यपालद्वारा गरिने छ:

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) “ अथवा राजप्रमुख” शब्दहरू त्यक्त।

यद्यपि, प्रत्येक लोकसेवा आयोगका सदस्यहरू मध्ये यथासम्भव निकटतम आधा सदस्यहरू आफ्ना–आफ्ना नियुक्तिका मितिमा भारत सरकार अथवा कुनै राज्यको सरकार अन्तर्गत न्यूनतम दस वर्षसम्म पद धारण गरेका व्यक्तिहरू हुने छन् अनि उक्त दस वर्ष अवधि गणना गर्दा यो संविधान लागु हुन अघि कुनै व्यक्तिले भारतमा ब्रिटिस राजसत्ता अन्तर्गत अथवा कुनै देशीय राज्य सरकार अन्तर्गत पद धारण गर्दाको जुनसुकै अवधि पनि समावेश गरिने छ।

[1][(१क) आयोगका अध्यक्षको पद रिक्त भएका खण्डमा अथवा कुनै अध्यक्ष अनुपस्थित रहेका कारणले अथवा अन्य कारणले आफ्नो पदका कर्त्तव्य पालन गर्नमा असमर्थ भएका खण्डमा यथासन्दर्भ रिक्त पदमा खण्ड (१) अन्तर्गत नियुक्त कुनै व्यक्तिले सो पदको कर्त्तव्य भार ग्रहण नगरिन्जेल अथवा अध्यक्षले आफ्ना कर्त्तव्यहरू फेरि नसम्हालुन्जेल सङ्घ आयोग अथवा संयुक्त आयोगका स्थितिमा राष्ट्रपतिले अनि राज्य आयोगका स्थितिमा सो राज्यका राज्यपालले यस प्रयोजनका निम्ति अन्य सदस्यहरूमध्येबाट नियुक्त एकजना सदस्यले ती कर्त्तव्यहरू पालन गर्ने छन्।]

(२) आफ्नो पद ग्रहण गरेको मितिदेखि ६ वर्ष अवधिसम्म अथवा सङ्घ आयोगका स्थितिमा पैंसट्ठी वर्ष उमेरसम्म अनि राज्य आयोग अथवा संयुक्त आयोगका स्थितिमा [2][बैसट्ठी वर्ष] उमेरसम्म अथवा यी मध्ये जुन पहिला पुग्छ तबसम्म लोकसेवा आयोगका सदस्यले आफ्नो पद धारण गर्ने छन्।

यद्यपि–

(क) लोकसेवा आयोगका कुनै सदस्यले सङ्घ आयोग अथवा संयुक्त आयोगका स्थितिमा राष्ट्रपतिलाई अनि राज्य आयोगका स्थितिमा राज्यका राज्यपाललाई[3]*** सम्बोधन गरिएको आफ्नो हस्ताक्षरसहितको लेखद्वारा आफ्नो पद त्याग गर्नसक्ने छन्;

(ख) लोकसेवा आयोगका कुनै सदस्यलाई अनुच्छेद ३१७-को खण्ड (१) अथवा खण्ड (३)-मा प्रावधान गरिएको रीति अनुसार उनका पदबाट हटाउन सकिने छ।

(३) लोकसेवा आयोगका सदस्यका रूपमा पद धारण गर्ने व्यक्ति आफ्नो पदावधिको समाप्तिपछि सो पदमा पुनर्नियुक्तिको पात्र हुने छैन।

---

[1] संविधान (पन्ध्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ११-द्वारा (५.१०.१९६३-देखि) अन्तः स्थापित।

[2] संविधान (एकचालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा २-द्वारा (७.९.१९७६-देखि) "साठी वर्ष" का स्थानमा प्रतिस्थापित।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) " अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

**३१७. लोकसेवा आयोगको कुनै सदस्यको अपसारण अथवा निलम्बन**– (१) खण्ड (३)-का प्रावधानका अधीनमा रही लोकसेवा आयोगका अध्यक्ष अथवा अन्य सदस्यलाई दुराचारका आधारमा, सर्वोच्च न्यायालयलाई राष्ट्रपतिद्वारा निर्देश गरिँदा सो न्यायालयले अनुच्छेद १४५ अन्तर्गत यसका निम्ति विहित प्रक्रियाअनुसार गरेको जाँचपछि यथासन्दर्भ अध्यक्ष अथवा यस्ता कुनै सदस्यलाई यस्तो कुनै आधारमा अपसारण गरियोस् भन्ने प्रतिवेदन प्रस्तुत गरेपछि जारी गरिएको राष्ट्रपतिको आदेशद्वारा मात्र पदबाट हटाउन सकिने छ।

(२) खण्ड (१) अन्तर्गत सर्वोच्च न्यायालयलाई पठाइएको निर्देशसँग सम्बन्धित आयोगका अध्यक्ष वा अन्य कुनै सदस्यलाई सङ्घ आयोग अथवा संयुक्त आयोगका स्थितिमा राष्ट्रपतिले अनि राज्य आयोगका स्थितिमा राज्यपालले [1]*** यस्तो निर्देशमाथि सर्वोच्च न्यायालयको प्रतिवेदन प्राप्त भएपछि राष्ट्रपतिले आफ्नो आदेश पारित नगरिन्जेल पदबाट निलम्बन गर्न सक्ने छन्।

(३) खण्ड (१)-मा जुनसुकै कुरा भए तापनि यथासन्दर्भ लोकसेवा आयोगका अध्यक्ष अथवा कुनै अन्य सदस्य–

(क) -लाई दिवालिया भनी निर्णय गर्दा; अथवा

(ख) आफ्नो कार्यकालमा आफ्नो कार्यालयको कर्त्तव्यबाहेक वेतनसहितको अन्य कुनै रोजगारमा लाग्दा; अथवा

(ग) राष्ट्रपतिका विचारमा मानसिक अथवा शारीरिक शिथिलताले गर्दा पदमा रही रहन अयोग्य हुँदा

–राष्ट्रपतिले अध्यक्ष अथवा यस्ता अन्य सदस्यलाई आदेशद्वारा पदबाट हटाउन सक्छन्।

(४) निगमित कम्पनीका एउटा सदस्यका रूपमा अनि कम्पनीका अन्य सदस्यहरूसँग साझा रूपमा सम्मिलित भएबाहेक लोकसेवा आयोगका अध्यक्ष अथवा अन्य कुनै सदस्य भारत सरकार अथवा राज्य सरकारद्वारा अथवा त्यसका निमित्त गरिएको अनुबन्ध अथवा सम्झौतासँग कुनै प्रकारले सम्बद्ध अथवा हितबद्ध भएका अथवा हुने खण्डमा अथवा वा त्यसको लाभ अथवा त्यसबाट भएको कुनै लाभ वा प्राप्त पारिश्रमिकको भाग लिएका खण्डमा खण्ड (१) को प्रयोजनका निम्ति उनलाई दुराचारको दोषी मानिने छ।

**३१८. आयोगका सदस्यहरू अनि कर्मचारीवर्गका सेवाका सर्तका सम्बन्धमा विनियम बनाउने शक्ति**–सङ्घ आयोग अथवा संयुक्त आयोगका स्थितिमा राष्ट्रपतिले अनि राज्य आयोगको स्थितिमा सो राज्यका राज्यपालले [1]*** विनियमहरूद्वारा –

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) 'अथवा राजप्रमुख' शब्दहरू त्यक्त।

(क) आयोगका सदस्यहरूको सङ्ख्या अनि तिनका सेवाका सर्तहरू निर्धारण गर्न सक्ने छन्; अनि

(ख) आयोगका कर्मचारीवर्गको सदस्य सङ्ख्या अनि तिनका सेवाका सर्तहरूका सम्बन्धमा प्रावधान गर्न सक्ने छन्।

यद्यपि, लोकसेवा आयोगका सदस्यको नियुक्तिपछि तिनका सेवाका सर्तहरूमा तिनका निम्ति अलाभकारी हुने गरी परिवर्तन गरिने छैन।

**३१९. आयोगका सदस्यहरूद्वारा यस्तो सदस्य नरहेका खण्डमा पद धारण गर्ने सम्बन्धमा प्रतिबन्ध**– पदमा नरहेका खण्डमा –

(क) सङ्घ लोकसेवा आयोगका अध्यक्ष भारत सरकार अथवा कुनै राज्य सरकार अन्तर्गत अन्य कुनै रोजगारका पात्र हुने छैनन्;

(ख) कुनै राज्य लोकसेवा आयोगका अध्यक्ष सङ्घ लोकसेवा आयोगका अध्यक्ष अथवा अन्य सदस्यका रूपमा अथवा कुनै अन्य राज्य लोकसेवा आयोगका अध्यक्षका रूपमा नियुक्त हुनाका निम्ति पात्र हुने छन् तर भारत सरकार अथवा कुनै राज्य सरकार अन्तर्गत अन्य कुनै रोजगारका पात्र हुने छैनन्;

(ग) सङ्घ लोकसेवा आयोगका अध्यक्षभन्दा भिन्न अर्कै कुनै सदस्य सङ्घ लोकसेवा आयोगका अध्यक्षका रूपमा वा कुनै राज्य लोकसेवा आयोगका अध्यक्षका रूपमा नियुक्त हुनाका निम्ति पात्र हुने छन् तर भारत सरकार अथवा कुनै राज्यका सरकार अन्तर्गत अन्य कुनै रोजगारका पात्र हुने छैनन्;

(घ) कुनै राज्य लोकसेवा आयोगका अध्यक्षभन्दा भिन्न अर्कै कुनै सदस्य सङ्घ लोकसेवा आयोगका अध्यक्ष अथवा कुनै अन्य सदस्यका रूपमा अथवा त्यही अथवा कुनै अन्य राज्य लोकसेवा आयोगका अध्यक्षका रूपमा नियुक्त हुनाका निम्ति पात्र हुने छन् तर भारत सरकार अथवा कुनै राज्य सरकार अन्तर्गत अन्य कुनै रोजगारका पात्र हुने छैनन्।

**३२०. लोकसेवा आयोगका कार्यहरू**– (१) क्रमशः सङ्घ सेवाहरू अनि राज्यका सेवाहरूमा नियुक्तिका निम्ति सङ्घ अनि राज्य लोकसेवा आयोगहरूले परीक्षा सञ्चालन गर्नु सङ्घ अनि राज्य लोकसेवा आयोगहरूको कर्त्तव्य हुने छ।

(२) विशेष योग्यता भएका अभ्यर्थीको आवश्यकता हुने कुनै सेवाहरूका निम्ति संयुक्त भर्तीको योजना बनाउन अनि सो योजना प्रवर्तन गर्नाका निम्ति कुनै दुई अथवा अधिक राज्यद्वारा सङ्घ लोकसेवा आयोगलाई अनुरोध गरिएका खण्डमा ती राज्यहरूलाई त्यसो गर्न सहयोग गर्नु पनि सो आयोगको कर्त्तव्य हुने छ।

(३) यथासन्दर्भ सङ्घ लोकसेवा आयोग अथवा राज्य लोकसेवा आयोगबाट–

(क) नागरिक सेवाहरूमा र नागरिक सेवाका पदका निम्ति गरिने भर्नाको पद्धतिसँग सम्बन्धित सबै विषयमाथि;

(ख) नागरिक सेवामा र नागरिक सेवाका पदहरूमा नियुक्ति गर्दा तथा एउटा सेवादेखि अर्को सेवामा पदोन्नति अनि स्थानान्तरण गर्दा अनुसरण गरिने सिद्धान्तहरूमाथि अनि यस्तो नियुक्ति, पदोन्नति वा स्थानान्तरणका निम्ति अभ्यर्थीहरूको उपयुक्ततामाथि;

(ग) भारत सरकार अथवा कुनै राज्य सरकारको नागरिक सेवकका हैसियतमा सेवा प्रदान गरिरहेको व्यक्तिमाथि प्रभाव पार्ने सम्पूर्ण अनुशासनिक विषयहरू लगायत यस्ता विषयहरूसँग सम्बन्धित अभ्यावेदन अथवा याचिकाहरूमाथि;

(घ) भारत सरकार अथवा कुनै राज्य सरकार अथवा भारतमा ब्रिटिस राजसत्ता अथवा कुनै देशीय राज्य सरकार अन्तर्गत नागरिक सेवकका हैसियतमा कार्यरत अथवा कार्य गरिसकेको कुनै व्यक्तिले आफ्नो कर्त्तव्य निर्वाह गर्दा गरिएका अथवा गर्ने अभिप्राय राखिएका कुनै कार्यका सम्बन्धमा आफूमाथि गरिएको विधिक कारबाहीबाट आफूलाई जोगाउन गरेको कुनै व्यय, यथासन्दर्भ भारतको सर्वसञ्चित कोषबाट अथवा राज्यको सर्वसञ्चित कोषबाट भुक्तानी गर्नु पर्दछ भनी सो व्यक्तिद्वारा गरिएको अथवा सोव्यक्तिका सम्बन्धमा गरिएको कुनै दाबीमाथि;

(ङ) भारत सरकार अथवा कुनै राज्य सरकार अथवा भारतमा ब्रिटिस राजसत्ता अन्तर्गत अथवा कुनै देशीय राज्य सरकार अन्तर्गत नागरिक सेवकका हैसियतमा कार्यरत व्यक्तिद्वारा आफ्नो सेवाकालमा लागेको चोटका सम्बन्धमा पेन्सन दिइयोस् भनी गरिएको कुनै पनि दाबी अनि यस्तो पेन्सनको कुनै रकम सम्बन्धी कुनै प्रश्नमाथि;

–परामर्श लिइने छ अनि यसरी लोकसेवा आयोगलाई निर्दिष्ट कुनै विषयमाथि तथा यथासन्दर्भ राष्ट्रपति अथवा राज्यका राज्यपालले[1]*** निर्देश गरेको अन्य कुनै विषयमाथि परामर्श दिनु सो आयोगको कर्त्तव्य हुने छ :

यद्यपि अखिल भारतीय सेवाहरूका सम्बन्धमा तथा सङ्घका क्रियाकलापसँग सम्बन्धित अन्य सेवाहरू र पदहरूका सम्बन्धमा पनि राष्ट्रपतिले तथा राज्यका क्रियाकलापसँग सम्बन्धित अन्य सेवाहरू र पदहरूका सम्बन्धमा राज्यपालले[2]*** सामान्यतया अथवा कुनै विशिष्ट वर्गका मामिलामा अथवा कुनै विशिष्ट परिस्थितिहरूमा लोकसेवा आयोगबाट परामर्श लिन आवश्यक नहुने विषयहरूलाई निर्दिष्ट गर्ने विनियम बनाउनसक्ने छन् ।

(४) खण्ड (३)-मा भएको कुनै पनि कुराले अनुच्छेद १६-को खण्ड (४)-मा निर्दिष्ट कुनै प्रावधान कसरी बनाउन सकिन्छ अथवा अनुच्छेद ३३५-का प्रावधानहरूलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धमा लोकसेवा आयोगसँग परामर्श लिनु आवश्यक तुल्याउने छैन ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) ''अथवा राजप्रमुख'' शब्दहरू त्यक्त ।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) ''यथासन्दर्भ राज्यपाल अथवा राजप्रमुख'' शब्दहरू त्यक्त ।

(५) खण्ड (३) को उपबन्ध अन्तर्गत राष्ट्रपति अथवा कुनै राज्यका राज्यपालद्वारा[1]*** बनाइएका सम्पूर्ण विनियमहरू बनिसकेपछि सकेसम्म चाँडो यथासन्दर्भ संसद्का प्रत्येक सदनमा अथवा राज्यका विधायिकाका प्रत्येक सदनमा कम्तीमा चौध दिनका लागि ती विनियमहरू प्रस्तुत गरिने छ र संसद्का दुवै सदन अथवा राज्यको विधायिकाका दुवै सदनद्वारा त्यसरी प्रस्तुत गरिएका ती विनियमहरू निरस्तीकरण अथवा परिवर्तनका रूपमा गरिएका संशोधनका अधीनमा हुने छन्।

**३२१. लोकसेवा आयोगका कार्यहरू विस्तार गर्ने शक्ति**– यथासन्दर्भ संसद्वारा अथवा कुनै राज्यको विधायिकाद्वारा बनाइएको कुनै अधिनियमले सङ्घ लोकसेवा आयोग अथवा राज्य लोकसेवा आयोगद्वारा सङ्घ अथवा राज्यका सेवाहरूका सम्बन्धमा अनि कुनै स्थानीय प्राधिकारी अथवा विधिद्वारा गठन गरिएको अन्य निगमित निकाय वा कुनै सार्वजनिक संस्थाका सेवाहरूका सम्बन्धमा पनि अतिरिक्त कार्यहरूको प्रयोगका निम्ति प्रावधान गर्नसक्ने छ।

**३२२. लोकसेवा आयोगका व्ययहरू**– आयोगका सदस्यहरू वा कर्मचारीवर्गलाई अथवा तिनीहरूका निम्ति भुक्तानी गर्नुपर्ने कुनै वेतन, भत्ता र पेन्सन समाविष्ट भएको सङ्घ अथवा राज्य लोकसेवा आयोगको व्यय यथासन्दर्भ भारतको सर्वसञ्चित कोष वा राज्यको सर्वसञ्चित कोषमाथि भारित हुने छ।

**३२३. लोकसेवा आयोगहरूका प्रतिवेदन**– (१) आयोगद्वारा गरिएका कार्यबारे राष्ट्रपतिलाई प्रतिवर्ष प्रतिवेदन दिनु सङ्घ आयोगको कर्त्तव्य हुने छ अनि सो प्रतिवेदन प्राप्त गरेपछि आयोगको सल्लाहलाई स्वीकार नगरिएको कुनै विषय भएका खण्डमा राष्ट्रपतिले यस्ता विषय सम्बन्धी यस्ता अस्वीकृतिका कारणहरू स्पष्ट पार्ने ज्ञापनसहित सो प्रतिवेदनको एक प्रति संसद्को प्रत्येक सदन समक्ष राख्न लगाउने छन्।

(२) आयोगद्वारा गरिएका कार्यबारे राज्यका राज्यपाललाई [1]*** प्रतिवर्ष प्रतिवेदन दिनु राज्य आयोगको कर्त्तव्य हुने छ अनि संयुक्त आयोगद्वारा आवश्यकताहरूको पूर्ति गरिने प्रत्येक राज्यका राज्यपाललाई [1]*** सो राज्यका सम्बन्धमा आयोगद्वारा गरिएका कार्यका विषयमा प्रतिवर्ष प्रतिवेदन दिनु संयुक्त आयोगको कर्त्तव्य हुने छ अनि यी दुईमध्ये जुनसुकै स्थितिमा, सो प्रतिवेदन प्राप्त गरेपछि आयोगको सल्लाहलाई स्वीकार नगरिएको कुनै विषय भएका खण्डमा राज्यपालले [2]*** यस्तो विषय सम्बन्धी यस्ता अस्वीकृतिका कारणहरू स्पष्ट पार्ने ज्ञापनसहित सो प्रतिवेदनको एक प्रति राज्यको विधायिकाका प्रत्येक सदन समक्ष राख्न लगाउने छन्।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा "अथवा राजप्रमुख" शब्दहरू (१.११.१९५६-देखि) त्यक्त।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा "यथासन्दर्भ राज्यपाल अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

# [1][भाग १४क
# न्यायाधिकरण

**३२३क. प्रशासनिक न्यायाधिकरण** –(१) संसद्ले विधिद्वारा सङ्घ अथवा कुनै राज्यको अथवाभारतको राज्यक्षेत्रभित्र अथवा भारत सरकारको नियन्त्रणमा रहेको कुनै स्थानीय अथवा अन्य प्राधिकारी वा सरकारको स्वामित्व अथवा नियन्त्रण अन्तर्गत कुनै निगमको क्रियाकलापसँग सम्बन्धित लोकसेवाहरू अनि पदहरूमा नियुक्त व्यक्तिहरूको नियुक्ति तथा सेवाका सर्त सम्बन्धी विवाद अनि गुनासाहरूको अभिनिर्णय अथवा सुनुवाइ प्रशासनिक न्यायाधिकरणहरूले गर्नु पर्ने प्रावधान गर्नसक्ने छ।

(२) खण्ड (१) अन्तर्गत बनाइएको–

(क) विधिले सङ्घका निम्ति एउटा प्रशासनिक न्यायाधिकरण अनि प्रत्येक राज्य अथवा दुई वा अधिक राज्यहरूका निम्ति एउटा पृथक् प्रशासनिक न्यायाअधिकरणको स्थापना गर्ने प्रावधान गर्नसक्ने छ;

(ख) विधिले उक्त न्यायाधिकरणहरूमध्ये प्रत्येक न्यायाधिकरणद्वारा प्रयोग गरिने अधिकारक्षेत्र, (अवमाननाका निम्ति दण्ड दिने शक्तिसहितका) शक्तिहरू अनि प्राधिकार विनिर्दिष्ट गर्नसक्ने छ;

(ग) विधिले उक्त न्यायाधिकरणहरूद्वारा अनुसरण गरिने (परिसीमा अनि साक्ष्यका नियमहरूसम्बन्धी प्रावधान समावेश भएको) प्रक्रियाको प्रावधान गर्नसक्ने छ;

(घ) विधिले अनुच्छेद १३६ अन्तर्गत सर्वोच्च न्यायालयको अधिकारक्षेत्र बाहेक खण्ड (१)-मा निर्दिष्ट विवाद अथवा गुनासाहरूका सम्बन्धमा सबै न्यायालयको अधिकारक्षेत्रको अपवर्जन गर्नसक्ने छ;

(ङ) विधिले कुनै मुद्दा अथवा कार्यवाहीहरू आधारित भएका कारणहरू कुनै प्रशासनिक न्यायाधिकरणको स्थापनापछि उत्पन्न भएका खण्डमा कुनै मामिला यस्ता न्यायाधिकरणका अधिकारक्षेत्रभित्र पर्ने हुँदा कुनै यस्तो न्यायाधिकरणको स्थापना हुने तत्काल अघि कुनै न्यायालय अथवा अन्य कुनै प्राधिकारी समक्ष थातीमा रहेको कुनै मामिला यस्ता न्यायाधिकरणमा स्थानान्तरण गर्ने प्रावधान गर्न सक्ने छ;

(च) विधिले राष्ट्रपतिद्वारा अनुच्छेद ३७१घ-को खण्ड ३ अन्तर्गत दिइएको कुनै आदेशको निरस्तीकरण अथवा संशोधन गर्नसक्ने छ;

(छ) विधिमा यस्ता न्यायाधिकरणहरूको प्रभावकारी कार्य सञ्चालनका निम्ति अनि यस्ता न्यायाधिकरणद्वारा मुद्दाहरूको शीघ्र निराकरणका निम्ति अनि यस्ता न्यायाधिकरणका आदेशहरूको प्रवर्तनका निम्ति संसद्ले आवश्यक ठानेका अनुपूरक, आनुषङ्गिक अनि पारिणामिक प्रावधान (शुल्कसम्बन्धी प्रावधानसहित) निहित हुन सक्ने छन्।

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४६-द्वारा (३.१.१९७७-देखि) अन्तः स्थापित।

(३) यस संविधानको अन्य कुनै प्रावधानमा वा तत्काल प्रवृत्त रहेको अन्य विधिमा जुनसुकै विषय भए तापनि यस अनुच्छेदका प्रावधान प्रभावकारी हुने छन्।

**३२३ख. अन्य विषयहरूका निम्ति न्यायाधिकरण**– (१) उपयुक्त विधायिकाले विधिद्वारा, यस्ता विधायिकालाई विधि बनाउने शक्ति भएका खण्ड (२)-मा विनिर्दिष्ट सबै अथवा कुनै विषयसँग सम्बन्धित विवाद, गुनासो अथवा अपराधहरूको अभिनिर्णय अथवा सुनुवाइ न्यायाधिकरणहरूले गर्नु पर्ने प्रावधान गर्नसक्ने छ।

(२) निम्न विषयहरू खण्ड (१)-मा निर्देश गरिएका विषय हुन्:–

(क) कुनै करको उद्ग्रहण, निर्धारण, सङ्कलन अनि प्रवर्तन;

(ख) विदेशी मुद्रा, भन्सार सीमा वारिपारि आयात अनि निर्यात;

(ग) औद्योगिक र श्रम विवाद;

(घ) अनुच्छेद ३१क मा यथापरिभाषित कुनै सम्पदा वा सो सम्पदामा निहित कुनै अधिकारलाई राज्यद्वारा अधिग्रहण गरेर अथवा यस्तै कुनै अधिकारको उन्मूलन वा परिमार्जन गरेर अथवा कृषि भूमिको अधिकतम सीमा निर्धारण गरेर अथवा अन्य कुनै प्रकारले गरिएको भूमि सुधार;

(ङ) नगरीय सम्पत्तिको अधिकतम सीमा;

(च) अनुच्छेद ३२९ र अनुच्छेद ३२९ क मा निर्दिष्ट विषयहरूबाहेक संसद्को प्रत्येक सदन अथवा कुनै राज्य विधायिकाको सदन अथवा प्रत्येक सदनका निम्ति निर्वाचन;

(छ) (खानयोग्य तेलहन र तेल लगायत) खाद्य पर्दाथहरूको र राष्ट्रपतिले लोक अधिसूचनाद्वारा यस अनुच्छेदको प्रयोजनका निम्ति आवश्यक वस्तु भनी घोषणा गरेका यस्ता अन्य वस्तुहरूको उत्पादन, अभिप्राप्ति, आपूर्ति अनि वितरण तथा यस्ता वस्तुहरूका मूल्यको नियन्त्रण;

[1][(ज) भाडा, त्यसको विनियमन अनि नियन्त्रण एवम् घर मालिक तथा भाडावालहरूको अधिकार, स्वामित्व अनि हित समावेश गरिएको भाडा सम्बन्धी विवाद;

[2][(झ)] उपखण्ड (क)-देखि उपखण्ड [3][(ज)] सम्म विनिर्दिष्ट विषयहरूमध्ये कुनै विषयसित सम्बन्धित विधिविरुद्धको अपराध अनि ती विषयहरूमध्ये कुनैमा लाग्ने शुल्क;]

---

[1] संविधान (पचहत्तरौँ संशोधन) अधिनियम, १९९३-को धारा २-द्वारा (१५.५.१९९४-देखि) अन्तः स्थापित।

[2] संविधान (पचहत्तरौँ संशोधन) अधिनियम, १९९३-को धारा (२) द्वारा उपखण्ड (ज) लाई (झ) का रूपमा द्वारा (१५.५.१९९४-देखि) पुनःअक्षराङ्कन गरियो।

[3] संविधानको (पचहत्तरौँ संशोधन) अधिनियम, १९९३-को धारा २-द्वारा (१५.५.१९९४-देखि) बन्धनीहरू अनि अक्षर "(छ) " का स्थानमा प्रतिस्थापित।

[1][(ञ)] उपखण्ड (क)-देखि उपखण्ड [2][(झ)] सम्म विनिर्दिष्ट विषयहरूमध्ये कुनै विषयको आनुषङ्गिक कुनै विषय ।]

(३) खण्ड (१) अन्तर्गत बनाइएको–

(क) विधिले न्यायधिकरणहरूको सोपानक्रमको स्थापनाका निम्ति प्रावधान गर्नसक्ने छ;

(ख) विधिले उक्त न्यायाधिकरणहरूमध्ये प्रत्येक न्यायाधिकरणद्वारा प्रयोग गरिने अधिकारक्षेत्र, (अवमाननाका लागि दण्ड दिने शक्तिसहित) शक्तिहरू तथा प्राधिकार विनिर्दिष्ट गर्नसक्ने छ;

(ग) विधिले उक्त न्यायाधिकरणहरूद्वारा अनुसरण गरिने (परिसीमा र साक्षीका नियमहरूसम्बन्धी प्रावधानसहित) प्रक्रियाबारे प्रावधान गर्न सक्ने छ;

(घ) विधिले अनुच्छेद १३६ अन्तर्गत सर्वोच्च न्यायालयको अधिकारक्षेत्रबाहेक उक्त न्यायाधिकरणहरूको अधिकारक्षेत्रभित्र पर्ने सबै न्यायालयहरूको अधिकारक्षेत्रका सबै अथवा कुनै पनि विषयका सम्बन्धमा अपवर्जन गर्नसक्ने छ;

(ङ) विधिले कुनै मुद्दा अथवा कार्यवाहीहरू आधारित भएका कारणहरू कुनै न्यायाधिकरणको स्थापनापछि उत्पन्न भएका खण्डमा कुनै मामिला यस्ता न्यायाधिकरणका अधिकारक्षेत्रभित्र पर्ने हुँदा कुनै यस्तो न्यायाधिकरणको स्थापना हुने तत्काल अघि कुनै न्यायालय अथवा अन्य कुनै प्राधिकारी समक्ष थातीमा रहेको कुनै मामिला यस्ता न्यायाधिकरणमा स्थानान्तरण गर्ने प्रावधान गर्न सक्ने छ

(च) विधिमा यस्ता न्यायाधिकरणहरूको प्रभावकारी कार्य सञ्चालनका निम्ति अनि यस्ता न्यायाधिकरणद्वारा मुद्दाहरूको शीघ्र निराकरणका निम्ति अनि यस्ता न्यायाधिकरणका आदेशहरूको प्रवर्तनका निम्ति उपयुक्त विधायिकाले आवश्यक ठानेका अनुपूरक, आनुषङ्गिक अनि पारिणामिक प्रावधान (शुल्कसम्बन्धी प्रावधानसहित) निहित हुन सक्ने छन् ।।

(४) यस संविधानको कुनै अन्य प्रावधानमा वा तत्काल प्रवृत्त रहेको अन्य कुनै विधिमा जुनसुकै विषय भए तापनि यस अनुच्छेदका प्रावधान प्रभावकारी हुने छन् ।

*स्पष्टीकरण*– यस अनुच्छेदमा कुनै पनि विषयका सम्बन्धमा “उपयुक्त विधायिका” पदले, भाग ११-का प्रावधानहरू अनुसार यस्ता विषयका सम्बन्धमा विधि बनाउनका निम्ति सक्षम रहेको संसद् अथवा यथासन्दर्भ कुनै राज्यको विधायिका बुझाउँछ ।]

---

[1] संविधान (पचहत्तरौं संशोधन) अधिनियम, १९९३-को धारा २-द्वारा (१५.५.१९९४-देखि) उपखण्ड (झ) लाई उपखण्ड (ञ) का रूपमा पुन: अक्षराङ्कन गरियो ।

[2] संविधान (पचहत्तरौं संशोधन) अधिनियम, १९९३-को धारा २-द्वारा (१५.५.१९९४-देखि) उपखण्ड “(ज)” का स्थानमा प्रतिस्थापित ।

# भाग १५
# निर्वाचन

**३२४. निर्वाचनहरूको अधीक्षण, निर्देशन र नियन्त्रण निर्वाचन आयोगमा निहित हुनु**– (१) यस संविधान अन्तर्गत संसद् अनि प्रत्येक राज्य विधायिकाका निम्ति गराइने सबै निर्वाचनहरूका निम्ति तथा राष्ट्रपति अनि उपराष्ट्रपति पदको निर्वाचनका निम्ति मतदाता सूची प्रस्तुतीकरणको अनि ती सबै निर्वाचनहरूको सञ्चालनको अधीक्षण, निर्देशन अनि नियन्त्रण (यस संविधानमा निर्वाचन आयोग भनिएको) [1]*** एउटा आयोगमा निहित हुने छ।

(२) निर्वाचन आयोगमा मुख्य निर्वाचन आयुक्त अनि अन्य निर्वाचन आयुक्त रहेका खण्डमा, राष्ट्रपतिले समय समयमा निर्धारण गरेजति अन्य निर्वाचन आयुक्तहरू रहने छन् तथा मुख्य निर्वाचन आयुक्त अनि अन्य निर्वाचन आयुक्तहरूको नियुक्ति संसद्द्वारा यसका निम्ति बनाइएको कुनै पनि विधिका प्रावधानका अधीनमा रही राष्ट्रपतिद्वारा गरिने छ।

(३) कुनै अन्य निर्वाचन आयुक्तलाई यस प्रकार नियुक्त गरिँदा मुख्य निर्वाचन आयुक्तले आयोगका अध्यक्षका रूपमा कार्य गर्ने छन्।

(४) लोकसभा अनि प्रत्येक राज्यको विधानसभाको प्रत्येक सामान्य निर्वाचनअघि तथा विधानपरिषद् भएको प्रत्येक राज्यको विधान परिषद्को पहिलो सामान्य निर्वाचनअघि अनि त्यसपछि प्रत्येक द्विवार्षिक निर्वाचनअघि राष्ट्रपतिले निर्वाचन आयोगसँग परामर्श गरेपछि खण्ड (१)- द्वारा निर्वाचन आयोगलाई सुम्पिइएका कार्य सञ्चालनमा आयोगको सहायताका निम्ति उनले आवश्यक ठाने अनुसार प्रादेशिक आयुक्तहरूको पनि नियुक्ति गर्न सक्ने छन्।

(५) संसद्द्वारा बनाइएको कुनै पनि विधिका प्रावधानका अधीनमा रही निर्वाचन आयुक्तहरू अनि प्रादेशिक आयुक्तहरूका सेवाका सर्तहरू अनि पदावधि राष्ट्रपतिले नियमद्वारा निर्धारित गरेअनुसार हुने छन्:

यद्यपि जुन रीति अनि आधारमा सर्वोच्च न्यायालयका कुनै न्यायाधीशलाई हटाइन्छ, तिनै रीति र आधारमा बाहेक मुख्य निर्वाचन आयुक्तलाई पदबाट हटाइने छैन र मुख्य निर्वाचन आयुक्तलाई घाटा हुने गरी उनका सेवाका सर्तहरूमा परिवर्तन गरिने छैन:

---

[1] संविधान (उन्नाइसौँ संशोधन) अधिनियम, १९६६-को धारा २-द्वारा (११.१२.१९६६-देखि) "संसद्को अनि राज्यका विधायिकाहरूको निर्वाचनबाट उद्भव भएका वा यीसँग सम्बद्ध सन्देह तथा विवादहरूका निर्णयका लागि निर्वाचन न्यायाधिकरणको नियुक्तिसहित" शब्दहरू त्यक्त।

यद्यपि मुख्य निर्वाचन आयुक्तको सिफारिसबिना कुनै अन्य निर्वाचन आयुक्त अथवा प्रादेशिक आयुक्तलाई पदबाट हटाउन सकिने छैन।

(६) निर्वाचन आयोगले खण्ड (१)- द्वारा आफूलाई सुम्पिएको कार्य निर्वहनका निम्ति आवश्यक परेजति कर्मचारी उपलब्ध गराउने अनुरोध गर्दा राज्यपालले [1]*** सो कर्त्तव्य निर्वहनका निम्ति आवश्यक परेजति कर्मचारी निर्वाचन आयोग अथवा प्रादेशिक आयुक्तलाई उपलब्ध गराउने छन्।

**३२५. धर्म, जाति, जात अथवा लिङ्गका आधारमा कुनै व्यक्ति कुनै विशेष मतदाता सूचीमा समाविष्ट हुन अयोग्य नहुनु अथवा उनीद्वारा सो मतदाता सूचीमा आफूलाई समावेश गरिनाका लागि दाबी नगरिनु**– संसद्को प्रत्येक सदन अथवा कुनै राज्यको विधायिकाको सदन वा प्रत्येक सदनको निर्वाचनका निम्ति रहेको प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रका निम्ति एउटा सामान्य मतदाता सूची हुने छ अनि केवल धर्म, जाति, जात, लिङ्ग अथवा यीमध्ये कुनै पनि आधारमा कुनै व्यक्ति यस्तो कुनै नामावलीमा समाविष्ट हुनाका निम्ति अयोग्य हुने छैन अथवा सो व्यक्तिले यस्तो कुनै निर्वाचन क्षेत्रका निम्ति रहेको कुनै विशेष मतदाता सूचीमा आफूलाई समावेश गर्नु पर्ने दाबी गर्ने छैन।

**३२६. लोकसभा अनि राज्यका विधानसभाका निम्ति निर्वाचन वयस्क मताधिकारका आधारमा हुनु**– लोकसभा अनि प्रत्येक राज्यको विधानसभाका निम्ति निर्वाचन वयस्क मताधिकारका आधारमा हुने छ अर्थात् उपयुक्त विधायिकाद्वारा बनाइएको कुनै विधिद्वारा अथवा सो अन्तर्गत यसका निम्ति निश्चित गरिएको मितिमा कम्तीमा [2][अठार वर्ष] आयु पुगेको भारतको नागरिक रहेको अनि यस संविधान अथवा उपयुक्त विधायिकाद्वारा बनाइएको कुनै विधि अन्तर्गत अनावास, मानसिक अस्वस्थता, अपराध वा भ्रष्ट अथवा अवैध आचरणका आधारमा अन्यथा अयोग्य ठहर नगरिएको कुनै व्यक्तिले यस्तो कुनै निर्वाचनमा मतदाताका रूपमा पञ्जीकृत हुने अधिकार पाउने छ।

**३२७. विधायिकाहरूका निम्ति गरिने निर्वाचनका सम्बन्धमा प्रावधान गर्ने संसद्को शक्ति**– संसद्का दुवै सदन अथवा कुनै राज्यको विधायिकाको सदन अथवा दुवै सदनका निम्ति गरिने निर्वाचनहरूसँग सम्बन्धित अथवा संलग्न मतदाता सूचीको तयारी, निर्वाचन क्षेत्रहरूको परिसीमनलगायत सबै विषय अनि यस्तो सदन अथवा सदनहरूको यथोचित गठन सुनिश्चित गर्नाका निम्ति आवश्यक अन्य सबै विषयका सम्बन्धमा यस संविधानका प्रावधानका अधीनमा रही संसद्ले समय समयमा विधिद्वारा प्रावधान गर्नसक्ने छ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) “अथवा राजप्रमुख” शब्दहरू त्यक्त।

[2] संविधान (एकसट्ठिऔँ संशोधन) अधिनियम, १९८८-को धारा २-द्वारा (२८.३.१९८९-देखि) “एक्काइस वर्ष” का स्थानमा प्रतिस्थापित।

**३२८. कुनै राज्यको विधायिकाका निम्ति गरिने निर्वाचनसम्बन्धी प्रावधान गर्ने त्यस्तो विधायिकाको शक्ति**– कुनै राज्यको विधायिकाको सदन अथवा दुवै सदनका निम्ति गरिने निर्वाचनहरूसँग सम्बन्धित अथवा संलग्न मतदाता सूचीको तयारी, निर्वाचन क्षेत्रहरूको परिसीमनलगायत सबै विषय अनि यस्तो सदन अथवा सदनहरूको यथोचित गठन सुनिश्चित गर्नाका निम्ति आवश्यक अन्य सबै विषयका सम्बन्धमा यस संविधानका प्रावधानका अधीनमा रही अनि संसद्ले यसका सम्बन्धमा प्रावधान नगरिन्जेल कुनै राज्यको विधायिकाले समय समयमा विधिद्वारा प्रावधान गर्नसक्ने छ।

**३२९. निर्वाचनसम्बन्धी विषयहरूमा न्यायालयको हस्तक्षेपमाथि रोक**– [1][यस संविधानमा कुनै कुरा भए तापनि [2]***–]

(क) निर्वाचन क्षेत्रहरूका परिसीमन अथवा यस्ता निर्वाचन क्षेत्रहरूको आसनहरूको आवण्टनसँग सम्बन्धित, अनुच्छेद ३२७ अथवा अनुच्छेद ३२८ अन्तर्गत बनाइएको अथवा बनाउने अभिप्राय राखिएको कुनै पनि विधिको वैधतामाथि कुनै न्यायालयमा प्रश्न उठाइने छैन।

(ख) उपयुक्त विधायिकाद्वारा बनाइएको कुनै विधिद्वारा अथवा त्यस अन्तर्गत प्रावधान गरिएअनुसारको प्राधिकारी समक्ष र रीतिअनुसार प्रस्तुत गरिएको निर्वाचन याचिकाद्वारा प्रश्न उठाउनबाहेक अन्य प्रकारले संसद्को प्रत्येक सदन अथवा कुनै राज्यको विधायिकाको सदन अथवा प्रत्येक सदनको कुनै निर्वाचनमाथि प्रश्न उठाइने छैन।

[3]**३२९क.** [*प्रधानमन्त्री अनि अध्यक्षका विषयमा संसद्का लागि गरिने निर्वाचनका सम्बन्धमा विशेष प्रावधान*।] *संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३६-द्वारा (२०.६.१९७९-देखि) त्यक्त*

---

[1] संविधान (उन्चालीसौँ संशोधन) अधिनियम, १९७५को धारा ३-द्वारा (१०.८.१९७५-देखि) केही शब्दहरूका स्थानमा प्रतिस्थापित।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३५-द्वारा (२०.६.१९७९-देखि) "तर अनुच्छेद ३२९क का प्रावधानहरूका अधीनमा रही" शब्द, अङ्क तथा अक्षरहरू त्यक्त।

[3] संविधान (उन्चालीसौँ संशोधन) अधिनियम, १९७५-को धारा ४-द्वारा (१०.८.१९७५-देखि) अन्तः स्थापित।

# भाग १६

# कतिपय वर्गका सम्बन्धमा विशेष प्रावधान

**३३०. लोकसभामा अनुसूचित जाति अनि अनुसूचित जनजातिका निम्ति आसनहरूको आरक्षण–** (१) लोकसभामा–

(क) अनुसूचित जातिहरूका निम्ति;

[1][(ख) असमका स्वशासित जिल्लाहरूका अनुसूचित जनजातिबाहेक अन्य अनुसूचित जनजातिका निम्ति; अनि]

(ग) असमका स्वशासित जिल्लाहरूका अनुसूचित जनजातिका निम्ति

–आसनहरू आरक्षित रहने छन् ।

(२) खण्ड (१) अन्तर्गत अनुसूचित जाति तथा अनुसूचित जनजातिका निम्ति कुनै राज्य [2][अथवा केन्द्रशासित प्रदेश]-मा आरक्षण गरिएका आसनहरूको सङ्ख्या र लोकसभामा सो राज्य [2][अथवा केन्द्रशासित प्रदेश] लाई आवण्टन गरिएका आसनहरूको मोठ सङ्ख्याबिचको अनुपात यथासन्दर्भ यसरी आसन आरक्षण गरिएको सो राज्य [2][अथवा केन्द्रशासित प्रदेश]-मा अथवा सो राज्य [2][अथवा केन्द्रशासित प्रदेश]-का कुनै भागमा रहेका अनुसूचित जातिहरू वा अनुसूचित जनजातिहरूको जनसङ्ख्या र राज्य [2][अथवा केन्द्रशासित प्रदेश] को मोठ जनसङ्ख्याबिचको अनुपात यथासम्भव एउटै हुने छ ।

[3][(३) खण्ड २-मा कुनै कुरा भए तापनि असमका स्वशासित जिल्लाहरूमा अनुसूचित जनजातिहरूका निम्ति लोकसभामा आरक्षण गरिएका आसनहरूको सङ्ख्या र सो राज्यलाई आवण्टन गरिएका आसनहरूको मोठ सङ्ख्याबिचको अनुपात उक्त स्वशासित जिल्लाहरूमा रहेका अनुसूचित जनजातिहरूको जनसङ्ख्या र सो राज्यको मोठ जनसङ्ख्याबिचको अनुपातभन्दा कम्ती हुने छैन ।]

[4][*स्पष्टीकरण*– यस अनुच्छेदमा अनि अनुच्छेद ३३२-मा "जनसङ्ख्या" पदले सान्दर्भिक तथ्याङ्कहरू प्रकाशन भइसकेको अन्तिम पूर्ववर्ती जनगणनमा निश्चित गरिएको जनसङ्ख्या बुझाउँछ:

यद्यपि यस *स्पष्टीकरण*मा सान्दर्भिक तथ्याङ्कहरू प्रकाशन भइसकेको अन्तिम पूर्ववर्ती जनगणनाप्रतिको निर्देशलाई इ सं [5][२०२६] पछि गरिएको प्रथम जनगणनाका सान्दर्भिक तथ्याङ्कहरूको प्रकाशन नहुन्जेल सो निर्देश [6][२००१] को जनगणना प्रतिको निर्देश हो भन्ने अर्थ लगाइने छ ।]

---

[1] संविधान (एकाउन्नौं संशोधन) अधिनियम, १९८४-को धारा २-द्वारा (१६.६.१९८६-देखि) उपखण्ड (ख) का स्थानमा प्रतिस्थापित ।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) अन्तःस्थापित ।

[3] संविधान (एकतीसौँ संशोधन) अधिनियम, १९७३-को धारा ३-द्वारा (१७.१०.१९७३-देखि) अन्तः स्थापित ।

[4] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४७-द्वारा (३.१.१९७७-देखि) अन्तः स्थापित ।

[5] संविधान (चौरासिऔँ संशोधन) अधिनियम, २००१-को धारा ६-द्वारा(२१.०२.२००२-देखि) "२०००" का स्थानमा प्रतिस्थापित ।

[6] संविधान (सतासिऔँ संशोधन) अधिनियम, २००३-को धारा ५-द्वारा (२२.०६.२००३-देखि) "१९९१" का स्थानमा प्रतिस्थापित ।

[1][**३३०क. लोकसभामा महिलाका लागि आसन आरक्षण–**

(१) लोकसभामा महिलाहरूका लागि आसन आरक्षित हुने छन्।

(२) अनुच्छेद ३३० को खण्ड (२) अन्तर्गत आरक्षित आसनहरूको मोठ सङ्ख्याको यथासम्भव निकटतम एकतिहाइ आसन अनुसूचित जाति वा अनुसूचित जनजातिहरूसँग सम्बन्धित महिलाहरूका लागि आरक्षण गरिने छ।

(३) लोकसभाको प्रत्यक्ष निर्वाचनद्वारा पूर्ति हुने आसनहरूको मोठ सङ्ख्याको यथासम्भव निकटतम एकतिहाइ आसन (यसमा अनुसूचित जाति वा अनुसूचित जनजातिहरूसँग सम्बन्धित महिलाहरूका लागि आरक्षित आसनहरूको सङ्ख्या पनि समाविष्ट छ) महिलाहरूका लागि आरक्षण गरिने छ।]

**३३१. लोकसभामा आङ्ग्ल-भारतीय समुदायको प्रतिनिधित्व**– अनुच्छेद ८१-मा जुनसुकै कुरा भए तापनि राष्ट्रपतिले लोकसभामा आङ्ग्ल– भारतीय समुदायको प्रतिनिधित्व पर्याप्त नरहेको ठानेका खण्डमा उनले लोकसभामा सो समुदायका अधिकतम दुईजना सदस्यको नाम मनोनयन गर्न सक्ने छन्।

**३३२. राज्यका विधानसभामा अनुसूचित जाति अनि अनुसूचित जनजातिका निम्ति आसन आरक्षण**– (१) अनुसूचित जातिका निम्ति अनि [2][असमका स्वशासित जिल्लाहरूका अनुसूचित जनजातिहरूबाहेक] अन्य अनुसूचित जनजातिहरूका निम्ति प्रत्येक राज्यका [3]*** विधानसभामा आसन आरक्षण गरिने छ।

(२) असम राज्यका विधानसभामा स्वशासित जिल्लाहरूका निम्ति पनि आसन आरक्षण गरिने छ।

(३) खण्ड (१) अन्तर्गत अनुसूचित जाति अनि अनुसूचित जनजातिहरूका निम्ति कुनै राज्यको विधानसभामा आरक्षण गरिएका आसनहरूको सङ्ख्या र विधानसभाका आसनहरूको मोठ सङ्ख्याबिचको अनुपात, आसनहरू आरक्षण गरिएको सो राज्य वा सो राज्यको कुनै भागमा रहेका अनुसूचित जाति अनि अनुसूचित जनजातिहरूका जनसङ्ख्या र सो राज्य वा यसको कुनै भागको मोठ जनसङ्ख्याबिचको अनुपातसँग यथासम्भव एउटै हुने छ।

[4][(३क) खण्ड (३)-मा जुनसुकै कुरा भए तापनि अरुणाचल प्रदेश, मेघालय, मिजोरम अनि नागाल्यान्ड राज्यका विधानसभामा अनुसूचित जनजातिहरूका निम्ति आरक्षण गरिएका आसनहरूको सङ्ख्या इ सं [5][२०२६] पछि गरिएको प्रथम जनगणनाका आधारमा अनुच्छेद १७० अन्तर्गत गरिने पुनः समायोजन प्रभावकारी नहुन्जेल यस्तो कुनै राज्यको विधानसभामा–

---

[1] संविधान (एक सय छैटौँ संशोधन) अधिनियम, २०२३-को धारा ३-द्वारा (मिति तोकिन बाँकी छ) प्रतिस्थापित।

[2] संविधान (एकाउन्नौँ संशोधन) अधिनियम, १९८४-को धारा ३-द्वारा (१६.६.१९८६-देखि) कतिपय शब्दका स्थानमा प्रतिस्थापित।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "पहिलो अनुसूचीको भाग क अथवा भाग ख मा विनिर्दिष्ट" शब्द अनि अक्षरहरू त्यक्त।

[4] संविधान (सन्ताउनौँ संशोधन) अधिनियम, १९८७-को धारा २-द्वारा (२१.९.१९८७-देखि ) अन्तःस्थापित।

[5] संविधान (चौरासीऔँ ) अधिनियम २००१-को धारा ७-द्वारा (२१.२.२००२)-देखि "२०००" का स्थानमा प्रतिस्थापित।

(क) संविधान (सन्ताउन्नौँ संशोधन) अधिनियम, १९८७ लागु भएको मितिमा यस्तो राज्यको विधानसभा (जसलाई यस खण्डमा यसपछि विद्यमान विधानसभा भनिएको छ)-का सबै विद्यमान आसन अनुसूचित जनजातिहरूले धारण गरेका खण्डमा एउटा आसनबाहेक अन्य सबै आसन अनुसूचित जनजातिहरूका निम्ति आरक्षित गरिने छ;

(ख) अन्य कुनै पनि स्थितिमा राज्यका विधानसभामा अनुसूचित जनजातिका लागि आरक्षण गरिएका आसनको सङ्ख्या र मोठ आसनहरूको सङ्ख्याबिचको अनुपात विद्यमान विधानसभामा (सो मितिमा) अनुसूचित जनजातिका सदस्यहरूद्वारा धारण गरिएका आसनहरूको सङ्ख्या र विद्यमान विधानसभामा मोठ आसनहरूको सङ्ख्याबिचको अनुपातभन्दा कम हुने छैन।

[1][(३ख) खण्ड (३)-मा जुनसुकै कुरा भए तापनि [2][२०२६] पछि गरिने पहिलो जनगणनाका आधारमा त्रिपुरा राज्यको विधानसभामा अनुच्छेद १७० अन्तर्गत आसन सङ्ख्याको पुनः समायोजन नगरिन्जेल विधानसभामा अनुसूचित जनजातिका निम्ति आरक्षण गरिने आसन सङ्ख्या यस्ता आसन र विधानसभाका मोठ आसन सङ्ख्याबिचको अनुपात संविधान (बहत्तरौँ संशोधन) अधिनियम, १९९२ प्रभावकारी भएको मितिमा विद्यमान विधानसभामा अनुसूचित जनजातिका सदस्यहरूको सङ्ख्या र मोठ आसनहरूको सङ्ख्याको अनुपातभन्दा कम हुने छैन]

(४) असम राज्यको विधानसभामा कुनै स्वशासित जिल्लाका निम्ति आरक्षण आसनहरूको सङ्ख्याबिचको अनुपात सो जिल्लाको जनसङ्ख्या र राज्यको मोठ जनसङ्ख्याबिचको अनुपातभन्दा कम हुने छैन।

(५) असमको कुनै स्वशासित जिल्लाका निम्ति आरक्षित आसनहरू रहेका निर्वाचन क्षेत्रमा सो जिल्ला बाहिरका [3]*** कुनै क्षेत्र समावेश गरिने छैन।

(६) असम राज्यको कुनै स्वशासित जिल्लाको अनुसूचित जनजातिको सदस्य नरहेको कुनै व्यक्ति सो राज्यको विधानसभाका निम्ति सो जिल्लाको [3]*** कुनै निर्वाचन क्षेत्रबाट निर्वाचित हुनलाई योग्य हुने छैन:

[4][यद्यपि असम राज्यको विधानसभाको निर्वाचनका लागि बोडोल्यान्ड प्रादेशिक क्षेत्र जिल्ला गठन हुनअघि विद्यमान र अधिसूचित बोडोल्यान्ड प्रादेशिक परिषद् क्षेत्र जिल्लामा समावेश

---

[1] संविधान (बहत्तरौँ संशोधन) अधिनियम, १९९२-को धारा २-द्वारा (५.१२.१९९२-देखि) अन्तःस्थापित।

[2] संविधान चौरासीऔँ संशोधन अधिनियम, २००१-को धारा ७-द्वारा (२१.२.२००२)-देखि "२०००" का स्थानमा प्रतिस्थापित।

[3] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) को धारा (७१) द्वारा (२१.१.१९७२-देखि) केही शब्दहरू त्यक्त।

[4] संविधान (नब्बेऔँ सोशोधन) अधिनियम, २००३-को धारा २-द्वारा (२८.९.२००३-देखि) अन्तः स्थापित।

गरिएका निर्वाचन क्षेत्रहरूका अनुसूचित जनजाति र गैर अनुसूचित जनजातिहरूको प्रतिनिधित्वलाई यथावत् राखिने छ।]

[1][**३३२क. राज्य विधानसभाहरूमा महिलाका निम्ति आसन आरक्षण–**

(१) प्रत्येक राज्यका विधानसभामा महिलाहरूका निम्ति आसन आरक्षण गरिने छ ।

(२) अनुच्छेद ३३२-को खण्ड (३) अन्तर्गत आरक्षण गरिएका आसनहरूको मोठ सङ्ख्याको यथासम्भव निकटतम एकतिहाइ आसन अनुसूचित जाति वा अनुसूचित जनजातिहरूसँग सम्बन्धित महिलाहरूका निम्ति आरक्षण गरिने छ।

(३) प्रत्येक राज्यको विधानसभामा प्रत्यक्ष निर्वाचनद्वारा पूर्ति गरिने आसनहरूको मोठ सङ्ख्याको यथासम्भव निकटतम एक तिहाइ आसन महिलाहरूका निम्ति (यस अन्तर्गत अनुसूचित जाति र अनुसूचित जनजातिहरूसँग सम्बन्धित महिलाहरूका लागि पनि आसनहरूको सङ्ख्या समाविष्ट छ) आरक्षण गरिने छ।

**३३३. राज्यका विधानसभामा आङ्ग्ल-भारतीय समुदायको प्रतिनिधित्व**– अनुच्छेद १७०-मा कुनै कुरा भए तापनि कुनै राज्यका राज्यपालले [2]*** सो राज्यको विधानसभामा आङ्ग्ल भारतीय समुदायको प्रतिनिधित्व आवश्यक रहेको अनि त्यहाँ उनीहरूको प्रतिनिधित्व पर्याप्त छैन भन्ने सुझाउ दिएका खण्डमा उनले [3][सो विधान सभामा सो समुदायको एउटा सदस्यको नाम मनोनयन गर्न सक्ने छन्।]

**३३४.** [4][**निश्चित अवधिपछि आसन आरक्षण र विशेष प्रतिनिधित्वको समाप्ति**]— यस भागका पूर्वोल्लिखित प्रावधानहरूमा जुनसुकै कुरा भए तापनि–

(क) लोकसभामा अनि राज्यका विधानसभाहरूमा अनुसूचित जाति अनि अनुसूचित जनजातिहरूका लागि आसनहरूको आरक्षण सम्बन्धी; अनि

(ख) लोकसभा र राज्यका विधानसभाहरूमा मनोनयनद्वारा आङ्ग्ल–भारतीय समुदायको प्रतिनिधित्व सम्बन्धी

---

[1] संविधान (एक सय छैटौं संशोधन) अधिनियम, २०२३-को धारा ४-द्वारा (मिति तोकिन बाँकी छ) प्रतिस्थापित ।

[2] संविधान (सातौं संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

[3] संविधान (तेइसौं संशोधन) अधिनियम, १९६९-को धारा ४-द्वारा (२३.१.१९७०-देखि) "सो विधानसभामा सो समुदायका उनले समुचित ठानेजति सदस्यहरूको मनोनयन गर्न सक्ने छन्" का स्थानमा प्रतिस्थापित।

[4] संविधान (एक सय चारौं संशोधन) अधिनियम, २०१९-को धारा २-द्वारा (२५.१.२०२०-देखि) पार्श्व शीर्षकका स्थानमा प्रतिस्थापित।

–यस संविधानका प्रावधानहरू यो संविधान लागु भएको मितिबाट [1][अस्सी वर्ष अनि खण्ड (ख)-का सन्दर्भमा सत्तरी वर्ष] बितेपछि प्रभावकारी हुन छोड्ने छन्:

यद्यपि यथासन्दर्भ तत्कालीन विद्यमान लोकसभा अथवा विधानसभाको विघटन नभएसम्म लोकसभामा अथवा कुनै राज्यका विधानसभामा हुने कुनै प्रतिनिधित्वमाथि यस अनुच्छेदका कुनै कुराले कुनै प्रभाव पार्ने छैन।

[2][**३३४क. महिलाहरूका लागि आसनहरूको आरक्षण प्रभावकारी हुनु–** (१) यस भाग वा भाग ८-का पूर्वोल्लिखित प्रावधानमा जुनसुकै कुरा भए तापनि लोकसभा ,राज्यका विधानसभा र राष्ट्रिय राजधानी क्षेत्र दिल्लीको विधानसभामा महिलाहरूका लागि आसनहरूको आरक्षण सम्बन्धी संविधानका प्रावधानहरू संविधान) एक सय छैटौँ संशोधन (अधिनियम, २०२३ लागु भएपछि गरिएको पहिलो जनगणनाका सान्दर्भिक तथ्याङ्कहरूको प्रकाशनपछि यस प्रयोजनका निम्ति परिसीमनको प्रक्रिया प्रारम्भ भएपछि प्रभावकारी हुने छन् अनि सो अधिनियम लागु भएको पन्ध्र वर्ष अवधि समाप्त हुँदा प्रभावहीन हुने छन्।

(२) अनुच्छेद २३९ कक, ३३० क र ३३२ क का प्रावधानहरूका अधीनमा रही लोकसभा, राज्यका विधानसभा र राष्ट्रिय राजधानी क्षेत्र दिल्लीको विधानसभामा महिलाहरूका लागि आरक्षण गरिएका आसनहरू संसद्ले विधिद्वारा निर्धारण गरेको मितिसम्म आरक्षित रहिरहने छन्।

(३) लोकसभा, राज्यको विधानसभा र राष्ट्रिय राजधानी क्षेत्र दिल्लीको विधानसभामा महिलाका लागि आरक्षित आसनहरूको क्रमावर्तन संसद्ले विधिद्वारा निर्धारण गरेअनुसार प्रत्येक परवर्ती परिसीमनपछि लागु हुने छ।

(४) कुनै राज्यको विधानसभा वा राष्ट्रिय राजधानी क्षेत्र दिल्लीको विधानसभामा हुने कुनै पनि प्रतिनिधित्वमाथि तत्कालीन विद्यमान लोकसभा, विधानसभा वा राष्ट्रिय राजधानी क्षेत्र दिल्लीको विधानसभाको विघटन नभएसम्म यस अनुच्छेदको कुनै पनि कुराले प्रभाव पार्ने छैन।

**३३५. सेवा अनि पदहरूका निम्ति अनुसूचित जाति अनि अनुसूचित जनजातिहरूका दाबी**– केन्द्र अथवा कुनै राज्यका क्रियाकलापसँग सम्बन्धित सेवाहरू अनि पदहरूका निम्ति नियुक्ति गर्दा प्रशासनको दक्षता कायम राख्ने क्रममा अनुसूचित जाति अनि अनुसूचित जनजातिहरूका सदस्यहरूका दाबीहरूलाई ध्यानमा राखिने छ:

---

[1] संविधान (एक सय चारौँ संशोधन) अधिनियम, २०१९-को धारा २-द्वारा (२५.१.२०२०-देखि) "सत्तरी वर्ष" का स्थानमा प्रतिस्थापित। संविधान (पञ्चानब्बेऔँ संशोधन) अधिनियम, २००९-को धारा २-द्वारा (२५.१.२०१०-देखि) 'साठी वर्ष' का स्थानमा 'सत्तरी वर्ष' शब्दहरू प्रतिस्थापित। संविधान (उनासिऔँ संशोधन) अधिनियम, १९९९-को धारा २-द्वारा (२५.१.२०००-देखि) 'पचास वर्ष' का स्थानमा 'साठी वर्ष' शब्दहरू प्रतिस्थापित। संविधान (बैसट्ठिऔँ संशोधन) अधिनियम, १९८९-को धारा (२) द्वारा (२०.१२.१९८९-देखि) ' चालीस वर्ष' का स्थानमा 'पचास वर्ष' शब्दहरू प्रतिस्थापित। संविधान (पैंतालीसौँ संशोधन) अधिनियम, १९८०-को धारा २-द्वारा (२५.१.१९८०-देखि) 'तीस वर्ष' का स्थानमा 'चालीस वर्ष' शब्दहरू प्रतिस्थापित।

[2] संविधान (एक सय छैटौँ संशोधन) अधिनियम, २०२३-को धारा ५-द्वारा (मिति तोकिन बाँकी छ) अन्त:स्थापित।

[1][यद्यपि यस अनुच्छेदका कुनै पनि कुराले केन्द्र वा राज्यका क्रियाकलापसँग सम्बन्धित सेवाको कुनै पनि वर्गका पदमा अनुसूचित जाति अनि अनुसूचित जनजातिहरूका पक्षमा पदोन्नति सम्बन्धी आरक्षणका लागि अनि परीक्षामा छुट दिने वा मूल्याङ्कनका मानकलाई घटाउने कुनै प्रावधान गर्न बाधा पुऱ्याउने छैन ।]

**३३६. कतिपय सेवामा आङ्ग्ल भारतीय समुदायका निम्ति विशेष प्रावधान**– (१) यो संविधान लागु भएपछिका सुरुका दुई वर्ष अवधिमा सङ्घका रेल, अन्तःशुल्क, डाक अनि तारसम्बन्धी सेवाका पदहरूका निम्ति आङ्ग्ल–भारतीय समुदायका सदस्यहरूका नियुक्ति १५ अगस्त, १९४७ भन्दा तत्काल अघि जसरी गरिन्थ्यो सोही आधारमा गरिने छन् ।

प्रत्येक उत्तरवर्ती दुई वर्ष अवधिमा सो समुदायका सदस्यहरूका निम्ति सो सेवाहरूमा आरक्षित पदहरूको सङ्ख्या तत्काल पूर्ववर्ती दुई वर्ष अवधिमा आरक्षण गरिएका पदहरूको सङ्ख्याभन्दा जतिसक्दो निकटतम दस प्रतिशत कम्ती हुने छ ।

यद्यपि यो संविधान लागु भएदेखि यता दस वर्ष समाप्त हुँदा यस्ता सबै आरक्षण समाप्त हुने छन् ।

(२) आङ्ग्ल– भारतीय समुदायका सदस्य अन्य समुदायहरूका सदस्यहरूका तुलनामा गुणवत्ताका आधारमा नियुक्तिका निम्ति योग्य पाइएका खण्डमा खण्ड (१) अन्तर्गत सो समुदायका निम्ति आरक्षित पदहरूभन्दा भिन्न अथवा अतिरिक्त पदहरूमा आङ्ग्ल– भारतीय समुदायका सदस्यहरूको नियुक्तिलाई सो खण्डको कुनै पनि कुराले बाधा पुऱ्याउने छैन ।

**३३७. आङ्ग्ल भारतीय समुदायको लाभका निम्ति शैक्षिक अनुदानसम्बन्धी विशेष प्रावधान**– ३१-मार्च १९४८-मा समाप्त भएको वित्तीय वर्षमा कुनै अनुदान दिइएका खण्डमा त्यति नै अनुदान सङ्घ अनि प्रत्येक राज्यद्वारा [2]*** यो संविधान लागु भएपछिका सुरुका तीन वित्तीय वर्षको अवधिभरि आङ्ग्ल–भारतीय समुदायको लाभका निम्ति शिक्षाका सम्बन्धमा दिइने छ ।

प्रत्येक उत्तरवर्ती तीन वर्ष अवधिभरि अनुदान तत्काल पूर्ववर्ती तीन वर्ष अवधिका तुलनामा दस प्रतिशत कम्ती हुन सक्छ:

यद्यपि यो संविधान लागु भएदेखि यता दस वर्ष समाप्त हुँदा आङ्ग्ल भारतीय समुदायका लागि विशेष सहुलियत भएजतिको यस्तो अनुदान समाप्त हुने छ:

यद्यपि कुनै पनि शिक्षण संस्थानद्वारा सो शिक्षण संस्थानमा हुने वार्षिक भर्नामध्ये कम्तीमा चालीस प्रतिशत भर्ना आङ्ग्ल भारतीय समुदायभन्दा भिन्न समुदायका सदस्यहरूका निम्ति उपलब्ध नगराइन्जेल सो शिक्षण संस्थान यस अनुच्छेद अन्तर्गत अनुदान प्राप्त गर्नलाई योग्य हुने छैन ।

---

[1] संविधान (बयासीऔँ संशोधन) अधिनियम, २०००-को धारा २-द्वारा (८.९.२०००-देखि) अन्त:स्थापित ।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "प्रथम अनुसूचीको भाग क अथवा भाग ख मा विनिर्दिष्ट" शब्द अनि अक्षरहरू त्यक्त ।

**३३८.** [1][**राष्ट्रिय अनुसूचित जाति आयोग**]– [2][[3][(१) अनुसूचित जातिहरूका लागि राष्ट्रिय अनुसूचित जाति आयोग भनी चिनिने एउटा आयोग हुने छ।

(२) संसद्द्वारा यसका निम्ति बनाइएको कुनै विधिको प्रावधानका अधीनमा रही एकजना अध्यक्ष, एकजना उपाध्यक्ष अनि तीनजना अन्य सदस्यहरू मिलेर आयोग बनिने छ अनि यस प्रकार नियुक्त गरिएका अध्यक्ष, उपाध्यक्ष अनि अन्य सदस्यहरूका सेवाका सर्तहरू अनि पदावधि राष्ट्रपतिले नियमद्वारा निर्धारित गरेअनुसार हुने छन्।]

(३) राष्ट्रपतिले आफ्नो हस्ताक्षर अनि सिलमोहरसहितको अधिपत्रद्वारा आयोगका अध्यक्ष, उपाध्यक्ष अनि अन्य सदस्यहरूलाई नियुक्त गर्ने छन्।

(४) आयोगलाई आफ्नो प्रक्रिया स्वयम् नियमन गर्ने शक्ति हुने छ।

(५) (क) यस संविधान अन्तर्गत वा तत्काल प्रवृत्त कुनै अन्य विधि वा सरकारको कुनै आदेश अन्तर्गत अनुसूचित जातिहरूका [4]*** लागि प्रावधान गरिएका सुरक्षा उपायहरूसँग सम्बन्धित सम्पूर्ण विषयहरूको अनुसन्धान गर्नु अनि तीमाथि दृष्टि राख्नु तथा यस्ता सुरक्षा उपायहरूका कामको मूल्याङ्कन गर्नु;

(ख) अनुसूचित जातिहरूलाई [4]*** उनीहरूको अधिकार तथा सुरक्षा उपायबाट वञ्चित गरिएका सम्बन्धमा विशेष उजुरीहरूको जाँच गर्नु;

(ग) अनुसूचित जातिहरूका [1]*** सामाजिक–आर्थिक विकासका योजना प्रक्रियामा भाग लिनु र तिनीहरूबारे परामर्श दिनु तथा केन्द्र एवम् कुनै राज्य अन्तर्गत तिनीहरूका विकासको प्रगतिबारे मूल्याङ्कन गर्नु;

(घ) ती सुरक्षा उपायहरूको कामबारे प्रतिवर्ष तथा आयोगले उचित ठानेको अन्य समयहरूमा राष्ट्रपतिलाई प्रतिवेदन दिनु;

(ङ) ती सुरक्षा उपायहरूको प्रभावपूर्ण कार्यान्वयनका लागि केन्द्र तथा कुनै राज्यद्वारा गर्नु

---

[1] संविधान (उनानब्बेऔँ संशोधन) अधिनियम, २००३-को धारा २-द्वारा (१९.२.२००४-देखि) पार्श्व शीर्षकका स्थानमा प्रतिस्थापित

[2] संविधान (पैंसट्ठीऔँ संशोधन) अधिनियम, १९९०-को धारा २-द्वारा (१२.३.१९९२-देखि) खण्ड (१) र (२) का स्थानमा प्रतिस्थापित।

[3] संविधान (उनानब्बेऔँ संशोधन) अधिनियम, २००३-को धारा २-द्वारा (१९.२.२००४-देखि) खण्ड (१) र खण्ड (२) का स्थानमा प्रतिस्थापित।

[4] संविधान (उनानब्बेऔँ संशोधन) अधिनियम, २००३-को धारा २-द्वारा (१९.२.२००४-देखि) “अनि अनुसूचित जनजातिहरू” शब्दहरू त्यक्त।

पर्ने उपायहरूका बारेमा तथा अनुसूचित जातिहरूको [1]*** संरक्षण, कल्याण तथा सामाजिक-आर्थिक विकासका लागि अन्य उपायहरूका बारेमा यस्ता प्रतिवेदनहरूमा सिफारिस गर्नु; अनि

(च) संसद्द्वारा बनाइएको कुनै पनि विधिका प्रावधानहरूका अधीनमा रहेर अनुसूचित जातिहरूको [1]*** संरक्षण, कल्याण, विकास तथा उन्नयनका सम्बन्धमा राष्ट्रपतिले नियमद्वारा निर्दिष्ट गर्न सक्ने यस्ता अन्य कार्यहरूको निर्वहन गर्नु; –आयोगको कर्त्तव्य हुने छ।

(६) केन्द्रसँग सम्बन्धित सिफारिसहरूमाथि गरिएका वा गर्न प्रस्तावित कार्यवाही तथा यस्ता कुनै सिफारिसहरू अस्वीकार गरिएका खण्डमा अस्वीकृतिका कारणहरू स्पष्ट पार्ने ज्ञापनपत्रसहित यस्ता सबै प्रतिवेदनहरू राष्ट्रपतिले संसद्का प्रत्येक सदनसमक्ष प्रस्तुत गर्न लगाउने छन्।

(७) कुनै यस्तो प्रतिवेदन वा प्रतिवेदनको कुनै भागको कुनै विषय कुनै राज्य सरकारसित सम्बन्धित भएको हुँदा यस्तो प्रतिवेदनको एउटा प्रति राज्यका राज्यपाललाई पठाइने छ र उनले राज्यसँग सम्बन्धित सिफारिसहरूमाथि गरिएका तथा गर्न प्रस्तावित कार्यवाही तथा यस्ता कुनै सिफारिसहरू अस्वीकृत गरिएका खण्डमा अस्वीकृतिका कारणहरू स्पष्ट पार्ने ज्ञापनपत्रसहित सो प्रतिवेदन राज्यको विधायिका समक्ष प्रस्तुत गर्न लगाउने छन्।

(८) खण्ड (५) को उपखण्ड (क)-मा निर्दिष्ट कुनै विषयको अनुसन्धान गर्दा अथवा उपखण्ड (ख)-मा निर्दिष्ट कुनै उजुरीबारे जाँच गर्दा मुख्य रूपमा निम्न विषयहरूका सम्बन्धमा आयोगलाई कुनै मुद्दामाथि विचार गर्ने दिवानी न्यायालयका सबै शक्तिहरू प्राप्त हुने छन्। यी विषयहरू हुन्–

(क) भारतको कुनै भागबाट कुनै व्यक्तिलाई समन गर्ने र उपस्थित गराउने तथा शपथपूर्वक उसको परीक्षण गर्ने;

(ख) कुनै पनि कागजातको खोज र प्रस्तुतिको माग गर्ने;

(ग) शपथपत्रहरूबारे साक्ष्य ग्रहण गर्ने;

(घ) कुनै न्यायालय वा कार्यालयबाट कुनै लोक अभिलेख वा त्यसको प्रतिलिपि माग गर्ने;

(ङ) साक्षी तथा कागजातहरूको परीक्षणका लागि आयोग पठाउने;

(च) राष्ट्रपतिले नियमद्वारा निर्धारण गर्न सक्ने अन्य कुनै विषय।

(९) केन्द्र तथा प्रत्येक राज्य सरकारले अनुसूचित जातिहरूलाई [1]*** प्रभावित पार्ने सबै महत्त्वपूर्ण नीतिगत विषयहरूमाथि आयोगसँग परामर्श गर्ने छन्।]

[2][(१०)] यस अनुच्छेदमा अनुसूचित जातिप्रति [1]*** गरिएको निर्देशको अर्थ यस निर्देशमा आङ्ग्ल भारतीय समुदायप्रति गरिएको निर्देश [3]*** पनि समाविष्ट छ भनी लगाइने छ।

[4][**३३८क. राष्ट्रिय अनुसूचित जनजाति आयोग**– अनुसूचित जनजातिहरूका लागि राष्ट्रिय अनुसूचित जनजाति आयोग भनी चिनिने एउटा आयोग हुने छ।

[1] संविधान (उनानब्बेऔँ संशोधन) अधिनियम, २००३-को धारा २-द्वारा (१९.२.२००४-देखि) "अनि अनुसूचित जनजातिहरू" शब्दहरू त्यक्त।

[2] संविधान (पैंसठ्ठीऔँ संशोधन) अधिनियम, १९९०-को धारा २-द्वारा खण्ड ३ लाई खण्ड १० का रूपमा पुनःसङ्ख्याङ्कन गरियो।

[3] संविधान (एक सय दुईऔँ संशोधन) अधिनियम, २०१८-को धारा २-द्वारा (१५.८.२०१८-देखि) "अनुच्छेद ३४०-को खण्ड (१) अन्तर्गत नियुक्त आयोगको प्रतिवेदन प्राप्त भएपछि राष्ट्रपतिले आदेशद्वारा विनिर्दिष्ट गर्न सक्ने अन्य पछौटे वर्गलाई अनि त्यसका साथै" शब्द, बन्धनी र अङ्कहरू त्यक्त।

[4] संविधान (उनानब्बेऔँ संशोधन) अधिनियम, २००३-को धारा ३-द्वारा अनुच्छेद ३३८ क (१९.२.२००४-देखि) अन्तःस्थापित।

(२) संसद्‌द्वारा यसका निम्ति बनाइएको कुनै विधिको प्रावधानका अधीनमा रही एकजना अध्यक्ष, एकजना उपाध्यक्ष अनि तीनजना अन्य सदस्यहरू मिलेर आयोगको गठन हुने छ अनि यस प्रकार नियुक्त गरिएका अध्यक्ष, उपाध्यक्ष अनि अन्य सदस्यहरूका सेवाका सर्तहरू अनि पदावधि राष्ट्रपतिले नियमद्वारा निर्धारित गरेअनुसार हुने छन्।

(३) राष्ट्रपतिले आफ्नो हस्ताक्षर अनि सिलमोहरसहितको अधिपत्रद्वारा आयोगका अध्यक्ष, उपाध्यक्ष अनि अन्य सदस्यहरूलाई नियुक्त गर्ने छन्।

(४) आयोगलाई आफ्नो प्रक्रिया स्वयम् नियमन गर्ने शक्ति हुने छ।

(५) (क) यस संविधान अन्तर्गत वा तत्काल प्रवृत्त कुनै अन्य विधि वा सरकारको कुनै आदेश अन्तर्गत अनुसूचित जनजातिहरूका लागि प्रावधान गरिएका सुरक्षा उपायहरूसँग सम्बन्धित सम्पूर्ण विषयहरूको अन्वेषण गर्नु अनि तीमाथि दृष्टि राख्नु तथा यस्ता सुरक्षा उपायहरूका कामको मूल्याङ्कन गर्नु;

(ख) अनुसूचित जनजातिहरूलाई उनीहरूको अधिकार तथा सुरक्षा उपायबाट वञ्चित गरिएका सम्बन्धमा विशेष उजुरीहरूको जाँच गर्नु;

(ग) अनुसूचित जनजातिहरूको सामाजिक–आर्थिक विकासका योजना प्रक्रियामा भाग लिनु तथा तिनीहरूबारे परामर्श दिनु तथा केन्द्र एवम् कुनै राज्य अन्तर्गत तिनीहरूका विकासको प्रगतिबारे मूल्याङ्कन गर्नु;

(घ) ती सुरक्षा उपायहरूको कामबारे प्रतिवर्ष तथा आयोगले उचित ठानेका अन्य समयहरूमा राष्ट्रपतिलाई प्रतिवेदन दिनु;

(ङ) ती सुरक्षा उपायहरूको प्रभावपूर्ण कार्यान्वियनका लागि केन्द्र तथा कुनै राज्यद्वारा गर्नु पर्ने उपायहरूका बारेमा तथा अनुसूचित जनजातिहरूको संरक्षण, कल्याण तथा सामाजिक–आर्थिक विकासका लागि अन्य उपायहरूका बारेमा यस्ता प्रतिवेदनहरूमा सिफारिस गर्नु; अनि

(च) संसद्‌द्वारा बनाइएको कुनै पनि विधिका प्रावधानहरूका अधीनमा रहेर अनुसूचित जनजातिहरूको संरक्षण, कल्याण, विकास तथा उन्नयनका सम्बन्धमा राष्ट्रपतिले नियमद्वारा निर्दिष्ट गर्न सक्ने यस्ता अन्य कार्यहरूको निर्वहन गर्नु;

–आयोगको कर्त्तव्य हुने छ।

(६) केन्द्रसँग सम्बन्धित सिफारिसहरूमाथि गरिएका वा गर्नाका लागि प्रस्तावित कार्यवाही तथा यस्ता कुनै सिफारिसहरू अस्वीकृत गरिएका खण्डमा अस्वीकृतिका कारणहरू स्पष्ट पार्ने ज्ञापनपत्रसहित यस्ता सम्पूर्ण प्रतिवेदनहरू राष्ट्रपतिले संसद्‌का प्रत्येक सदनसमक्ष प्रस्तुत गर्न लगाउने छन्।

(७) कुनै यस्तो प्रतिवेदन वा प्रतिवेदनको कुनै भागको कुनै विषय कुनै राज्य सरकारसित सम्बन्धित भएको हुँदा यस्तो प्रतिवेदनको एउटा प्रति राज्यका राज्यपाललाई पठाइने छ र उनले राज्यसँग सम्बन्धित सिफारिसहरूमाथि गरिएका तथा गर्न प्रस्तावित कार्यवाही तथा यस्ता कुनै सिफारिसहरू अस्वीकृत गरिएका खण्डमा अस्वीकृतिका कारणहरू स्पष्ट पार्ने ज्ञापनपत्रसहित सो प्रतिवेदन राज्यको विधायिका समक्ष प्रस्तुत गर्न लगाउने छन्।

(८) खण्ड (५) को उपखण्ड (क)-मा निर्दिष्ट कुनै विषयको अनुसन्धान गर्दा अथवा उपखण्ड (ख)-मा निर्दिष्ट कुनै उजुरीबारे जाँच गर्दा मुख्य रूपमा निम्न विषयहरूका सम्बन्धमा आयोगलाई कुनै मुद्दामाथि विचार गर्ने दिवानी न्यायालयका सबै शक्तिहरू प्राप्त हुने छन्। यी विषयहरू हुन्–

(क) भारतको कुनै भागबाट कुनै व्यक्तिलाई समन गर्ने र उपस्थित गराउने तथा शपथपूर्वक उसको परीक्षण गर्ने;

(ख) कुनै पनि कागजातको खोज र प्रस्तुतिको माग गर्ने;

(ग) शपथपत्रहरूबारे साक्ष्य ग्रहण गर्ने;

(घ) कुनै न्यायालय वा कार्यालयबाट कुनै लोक अभिलेख वा त्यसको प्रतिलिपि माग गर्ने;

(ङ) साक्षीहरू तथा दस्तावेजहरूको परीक्षणका लागि आयोग पठाउने

(च) राष्ट्रपतिले नियमद्वारा निर्धारण गर्न सक्ने अन्य कुनै विषय।

(९) केन्द्र तथा प्रत्येक राज्य सरकारले अनुसूचित जनजातिहरूलाई प्रभावित पार्ने सम्पूर्ण महत्त्वपूर्ण नीतिगत विषयहरूमाथि आयोगसँग परामर्श गर्ने छन्।]

[1][**३३८ख. राष्ट्रिय पछौटे वर्ग आयोग–** (१) सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गहरूका लागि राष्ट्रिय पछौटे वर्ग आयोग भनेर चिनिने एउटा आयोग हुने छ।

२) संसद्द्वारा यसका निम्ति बनाइएको कुनै विधिको प्रावधानका अधीनमा रही एकजना अध्यक्ष, एकजना उपाध्यक्ष अनि तीनजना अन्य सदस्यहरू मिलेर आयोग गठन हुने छ अनि यसरी नियुक्त गरिएका अध्यक्ष, उपाध्यक्ष अनि अन्य सदस्यहरूका सेवाका सर्तहरू अनि पदावधि राष्ट्रपतिले नियमद्वारा निर्धारित गरेअनुसार हुने छन्।

(३) राष्ट्रपतिले आफ्नो हस्ताक्षर अनि सिलमोहरसहितको अधिपत्रद्वारा आयोगका अध्यक्ष, उपाध्यक्ष अनि अन्य सदस्यहरूलाई नियुक्त गर्ने छन्।

(४) आयोगलाई आफ्नो प्रक्रिया स्वयम् नियमन गर्ने शक्ति हुने छ।

(५) (क) यस संविधान अन्तर्गत वा तत्काल प्रवृत्त कुनै अन्य विधि वा सरकारको कुनै आदेश अन्तर्गत सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गहरूका लागि प्रावधान गरिएका सुरक्षा उपायहरूसँग सम्बन्धित सम्पूर्ण विषयहरूको अन्वेषण गर्नु अनि तीमाथि दृष्टि राख्नु तथा यस्ता सुरक्षा उपायहरूका कामको मूल्याङ्कन गर्नु;

(ख) सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गहरूका लागि उनीहरूको अधिकार तथा सुरक्षा उपायबाट वञ्चित गरिएका सम्बन्धमा विशेष उजुरीहरूको जाँच गर्नु;

(ग) सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गहरूका सामाजिक– आर्थिक विकासका योजना प्रक्रियामा भाग लिनु तथा तिनीहरूबारे परामर्श दिनु तथा केन्द्र एवम् कुनै राज्य अन्तर्गत तिनीहरूका विकासको प्रगतिबारे मूल्याङ्कन गर्नु;

---

[1] संविधान (एक सय दुईऔं संशोधन) अधिनियम, २०१८-को धारा ३-द्वारा (१५.८.२०१८-देखि) अनुच्छेद ३३८ ख अन्त:स्थापित।

(घ) ती सुरक्षा उपायहरूका कामबारे प्रतिवर्ष तथा आयोगले उचित ठानेका अन्य समयहरूमा राष्ट्रपतिलाई प्रतिवेदन दिनु;

(ङ) यस्तो प्रतिवेदनहरूमा ती सुरक्षाहरूको प्रभावपूर्ण कार्यान्वयनका लागि केन्द्र तथा कुनै राज्यद्वारा गर्न आवश्यक रहेको उपायहरूका बारेमा तथा सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गहरूका संरक्षण, कल्याण तथा सामाजिक– आर्थिक विकासका लागि अन्य उपायहरूबारे सिफारिस गर्नु; अनि

(च) संसद्द्वारा बनाइएको कुनै पनि विधिका प्रावधानहरूका अधीनमा रही सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गहरूको संरक्षण, कल्याण, विकास तथा उन्नयनका सम्बन्धमा राष्ट्रपतिले नियमद्वारा निर्दिष्ट गर्न सक्ने यस्ता अन्य कार्यहरूको निर्वहन गर्नु;

–आयोगको कर्त्तव्य हुने छ।

(६) केन्द्रसँग सम्बन्धित सिफारिसहरूमाथि गरिएका वा गर्नाका लागि प्रस्तावित कार्यवाही तथा यस्ता कुनै सिफारिसहरू अस्वीकार गरिएका खण्डमा अस्वीकृतिका कारणहरू पार्ने ज्ञापनपत्रसहित यस्ता सम्पूर्ण प्रतिवेदनहरू राष्ट्रपतिले संसद्का प्रत्येक सदनसमक्ष प्रस्तुत गर्न लगाउने छन्।

(७) कुनै यस्तो प्रतिवेदन वा प्रतिवेदनको कुनै भागको कुनै विषय कुनै राज्य सरकारसित सम्बन्धित भएको हुँदा यस्तो प्रतिवेदनको एउटा प्रति राज्यका राज्यपाललाई पठाइने छ र उनले राज्यसँग सम्बन्धित सिफारिसहरूमाथि गरिएका तथा गर्न प्रस्तावित कार्यवाही तथा यस्ता कुनै सिफारिसहरू अस्वीकृत गरिएका खण्डमा अस्वीकृतिका कारणहरू स्पष्ट पार्ने ज्ञापनपत्रसहित सो प्रतिवेदन राज्यको विधायिका समक्ष प्रस्तुत गर्न लगाउने छन्।

(८) खण्ड (५) को उपखण्ड (क)-मा निर्दिष्ट कुनै विषयको अनुसन्धान गर्दा अथवा उपखण्ड (ख)-मा निर्दिष्ट कुनै उजुरीबारे जाँच गर्दा मुख्य रूपमा निम्न विषयहरूका सम्बन्धमा आयोगलाई कुनै मुद्दाको विचार गर्ने दिवानी न्यायालयका सबै शक्तिहरू प्राप्त हुने छन्। यी विषयहरू हुन्–

(क) भारतको कुनै भागबाट कुनै व्यक्तिलाई समन गर्ने र उपस्थित गराउने तथा शपथपूर्वक उसको परीक्षण गर्ने;

(ख) कुनै पनि कागजातको खोज र प्रस्तुतिको माग गर्ने;

(ग) शपथपत्रहरूबारे साक्ष्य ग्रहण गर्ने;

(घ) कुनै न्यायालय वा कार्यालयबाट कुनै लोक अभिलेख वा त्यसको प्रतिलिपि माग गर्ने;

(ङ) साक्षीहरू तथा दस्तावेजहरूको परीक्षणका लागि आयोग पठाउने

(च) राष्ट्रपतिले नियमद्वारा निर्धारण गर्न सक्ने अन्य कुनै विषय।

(९) केन्द्र तथा प्रत्येक राज्य सरकारले सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गहरूसँग सम्बन्धित सबै प्रमुख नीतिगत विषयबारे आयोगसँग परामर्श गर्ने छन्:]

[1][यद्यपि यस खण्डमा भएको कुनै पनि कुरा अनुच्छेद ३४२ क को खण्ड (३) को प्रयोजनका लागि लागु हुने छैन ।]

**३३९. अनुसूचित क्षेत्रको प्रशासन अनि अनुसूचित जनजातिहरूको कल्याणमाथि केन्द्रको नियन्त्रण**– (१) राष्ट्रपतिले जुनसुकै समय र यो संविधान लागु भएदेखि यता दस वर्षको समाप्त हुँदा राज्यहरूका [2]*** अनुसूचित क्षेत्रहरूको प्रशासन तथा अनुसूचित जनजातिहरूको कल्याणबारे प्रतिवेदन दिनका निम्ति आदेशद्वारा एउटा आयोगको नियुक्ति गर्न सक्ने छन् ।

आदेशले आयोगको संरचना, शक्तिहरू अनि प्रक्रिया परिभाषित गर्न सक्ने छ अनि त्यसमा राष्ट्रपतिले आवश्यक अथवा वाञ्छनीय ठानेका आनुषङ्गिक वा सहायक प्रावधानहरू पनि यसमा निहित हुन सक्ने छन् ।

(२) केन्द्रको कार्यपालिका शक्तिको विस्तार [3][कुनै राज्य]-लाई अनुसूचित जनजातिहरूका कल्याणका निम्ति आवश्यक भनी निर्देशमा विनिर्दिष्ट योजनाहरूको निर्माण र तिनको निष्पादन गर्ने सम्बन्धमा निर्देश दिनमा हुने छ ।

**३४०. पछौटे वर्गको अवस्था अनुसन्धान गर्न आयोगको नियुक्ति** – (१) राष्ट्रपतिले आदेशद्वारा भारतको राज्यक्षेत्रभित्र सामाजिक र शैक्षिक दृष्टिले पछौटे वर्गका अवस्थाहरूको अनि तिनीहरूले भोगिरहेका कठिनाइहरूको अनुसन्धानका निम्ति अनि ती कठिनाइहरूको निराकरणका निम्ति र तिनका अवस्था सुधार्नका निम्ति सङ्घ वा कुनै राज्यद्वारा गर्नुपर्ने उपायबारे अनि सो प्रयोजनका निम्ति सङ्घ अथवा कुनै राज्यद्वारा दिनुपर्ने अनुदान अनि अनुदान दिँदा पालन गर्नुपर्ने सर्तबारे सिफारिस गर्नाका निम्ति उनले उचित ठानेका व्यक्तिहरू भएको एउटा आयोग नियुक्त गर्न सक्ने छन् अनि यस्तो आयोग नियुक्त गर्ने आदेशमा आयोगद्वारा अनुसरण गर्नुपर्ने प्रक्रिया परिभाषित गरिने छ ।

(२) यसरी नियुक्त सो आयोगले त्यसलाई निर्देशित विषयहरूको अनुसन्धान गर्ने छ र सो आयोगद्वारा पत्ता लगाइएको तथ्य वर्णन गरिएको अनि सो आयोगले उचित ठानेका सिफारिसहरू भएको प्रतिवेदन राष्ट्रपति समक्ष प्रस्तुत गर्ने छ ।

(३) राष्ट्रपतिले यसरी प्रस्तुत गरिएको सो प्रतिवेदनको एउटा प्रति त्यसमाथि गरिएको कार्यवाहीलाई स्पष्ट गर्ने ज्ञापनपत्रसहित संसद्को प्रत्येक सदनसमक्ष प्रस्तुत गर्न लगाउने छन् ।

**३४१. अनुसूचित जाति**– (१) राष्ट्रपतिले [4][कुनै राज्य [5][अथवा केन्द्रशासित प्रदेश]-का सम्बन्धमा अनि राज्यका स्थितिमा [2]***

---

[1] संविधान (एक सय पाँचौं संशोधन) अधिनियम, २०२१-को धारा २-द्वारा (१५.९.२०२१-देखि) अन्तःस्थापित ।

[2] संविधान (सातौं संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा "पहिलो अनुसूचीको भाग क अथवा भाग ख मा विनिर्दिष्ट" शब्दहरू अनि अक्षरहरू त्यक्त ।

[3] संविधान (सातौं संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "कुनै यस्तो राज्य" का स्थानमा प्रतिस्थापित ।

[4] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा १०-द्वारा (१८.६.१९५१-देखि) "राज्यका राज्यपाल अथवा राजप्रमुखसँग परामर्श गरेपछि" का स्थानमा प्रतिस्थापित ।

[5] संविधान (सातौं संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) अन्तःस्थापित ।

चाहिँ राज्यका राज्यपालसँग [1]*** परामर्श गरेपछि लोक अधिसूचना[2] द्वारा जात, जाति वा जनजातिहरूलाई अथवा जात, जाति वा जनजातिहरूका भाग वा समूहलाई विनिर्दिष्ट गर्न सक्ने छन् जसलाई यस संविधानका प्रयोजनका निम्ति [3][यथासन्दर्भ सो राज्य अथवा केन्द्रशासित प्रदेश]-का सम्बन्धमा अनुसूचित जाति ठानिने छ।

(२) संसद्‌ले विधिद्वारा कुनै जात, जाति वा जनजातिलाई अथवा जात, जाति वा जनजातिको भाग अथवा उनीहरूको समूहलाई खण्ड (१) अन्तर्गत जारी गरिएका अधिसूचनामा विनिर्दिष्ट अनुसूचित जातिहरूका सूचीमा समावेश गर्न सक्ने छ अथवा सो सूचीबाट निकाल्न सक्ने छ। तर माथि भनिएअनुसार बाहेक सो खण्ड अन्तर्गत जारी गरिएको अधिसूचनालाई कुनै उत्तरवर्ती अधिसूचनाद्वारा परिवर्तन गरिने छैन।

**३४२. अनुसूचित जनजाति**– (१) राष्ट्रपतिले [4][कुनै राज्य] अथवा [3][केन्द्रशासित प्रदेश]-का सम्बन्धमा अनि राज्यका [5]*** स्थितिमा चाहिँ सो राज्यका [1]*** राज्यपालसँग परामर्श गरेपछि] लोक अधिसूचनाद्वारा[6] ती जनजातिहरू वा जनजाति समुदाय अथवा जनजातिहरू अथवा जनजाति समुदायका भाग वा समूहलाई विनिर्दिष्ट गर्न सक्ने छन् जसलाई यस संविधानका प्रयोजनका निम्ति [3][यथासन्दर्भ सो राज्य अथवा केन्द्रशासित प्रदेश]-का सम्बन्धमा अनुसूचित जनजाति मानिने छ।

(२) संसद्‌ले विधिद्वारा कुनै जनजाति वा जनजाति समुदायलाई अथवा जनजाति वा जनजाति समुदायको भाग अथवा उनीहरूको समूहलाई खण्ड (१) अन्तर्गत जारी गरिएका अधिसूचनामा विनिर्दिष्ट अनुसूचित जनजातिहरूका सूचीमा समावेश गर्न सक्ने छ अथवा सो सूचीबाट निकाल्न सक्ने छ। तर माथि भनिएअनुसारबाहेक सो खण्ड अन्तर्गत जारी गरिएको अधिसूचनालाई कुनै उत्तरवर्ती अधिसूचनाद्वारा परिवर्तन गरिने छैन।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

[2] संविधान (अनुसूचित जातिहरू) आदेश, १९५० (सं.आ. १९), संविधान (अनुसूचित जातिहरू) (सङ्घ राज्यक्षेत्र) आदेश, १९५१ (सं.आ. ३२), संविधान (जम्मू अनि कश्मीर) अनुसूचित जातिहरू आदेश, १९५६ (सं.आ. ५२), संविधान (दादरा अनि नगर हवेली) (अनुसूचित जातिहरू) आदेश, १९६२ (सं.आ. ६४), संविधान (पन्डिचेरी) अनुसूचित जातिहरू आदेश, १९६४ (सं.आ. ६८), संविधान (गोवा, दमन अनि दिऊ) अनुसूचित जनजातिहरू आदेश, १९६८ (सं.आ. ८१) अनि संविधान (सिक्किम) अनुसूचित जातिहरू आदेश, १९७८ (सं.आ.११०) हेर्नुहोस्।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) अन्तः स्थापित।

[4] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा ११-द्वारा (१८.६.१९५१-देखि) "राज्यका राज्यपाल अथवा राजप्रमुखसँग परामर्श गरेपछि" का स्थानमा प्रतिस्थापित।

[5] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१.११.१९५६-देखि) केही शब्दहरू त्यक्त।

[6] संविधान (अनुसूचित जनजातिहरू) आदेश, १९५० (सं.आ. २२), संविधान (अनुसूचित जनजातिहरू) (सङ्घ राज्यक्षेत्र) आदेश, १९५१ (सं.आ. ३३), संविधान (अन्दमान अनि निकोबर द्वीप) (अनुसूचित जनजातिहरू) आदेश, १९५९ (सं.आ.५८), संविधान (दादरा अनि नगर हवेली) (अनुसूचित जनजातिहरू) आदेश, १९६२ (सं.आ.६५), संविधान (अनुसूचित जनजातिहरू) (उत्तर प्रदेश) आदेश, १९६७ (सं.आ.७८), संविधान (गोवा, दमन अनि दिऊ) अनुसूचित जनजातिहरू आदेश १९६८ (सं.आ.८२), संविधान (नागाल्यान्ड) अनुसूचित जनजातिहरू आदेश, १९७० (सं.आ.८८) अनि संविधान (सिक्किम) अनुसूचित जनजातिहरू आदेश, १९७८ (सं.आ.१११) हेर्नुहोस्।

[1][**३४२क. सामाजिक र शैक्षिक रूपमा पछौटे वर्ग–** (१) राष्ट्रपतिले कुनै राज्य अथवा केन्द्रशासित प्रदेशका सम्बन्धमा अनि राज्यका स्थितिमा चाहिँ सो राज्यका राज्यपालसँग परामर्श गरेपछि लोक अधिसूचनाद्वारा [2][केन्द्रीय सूचीमा सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गलाई विनिर्दिष्ट गर्न सक्ने छन् जसलाई केन्द्र सरकारका प्रयोजनका निम्ति] यथासन्दर्भ सो राज्य अथवा केन्द्रशासित प्रदेशका सम्बन्धमा सामाजिक र शैक्षिक रूपमा पछौटे वर्ग मानिने छ।

(२) संसद्ले विधिद्वारा कुनै सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गलाई खण्ड (१) अन्तर्गत जारी गरिएको अधिसूचनामा विनिर्दिष्ट सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गको केन्द्रीय सूचीमा समावेश गर्न सक्ने छ अथवा सो सूचीबाट निकाल्न सक्ने छ। तर माथि भनिएअनुसार बाहेक सो खण्ड अन्तर्गत जारी गरिएको अधिसूचनालाई कुनै उत्तरवर्ती अधिसूचनाद्वारा परिवर्तन गरिने छैन।

[3][*स्पष्टीकरण*— खण्ड (१) र (२)-का प्रयोजनका निम्ति "केन्द्रीय सूची" पदले केन्द्र सरकारद्वारा र केन्द्र सरकारका निम्ति तयार पारिएको अनि देखरेख गरिएको सामाजिक र शैक्षिक रूपमा पछौटे वर्ग वर्गहरूको सूची बुझाउँछ ।

(३) खण्ड (१) र (२)-मा कुनै कुरा निहित भए तापनि प्रत्येक राज्य वा केन्द्रशासित प्रदेशले विधिद्वारा आफ्ना प्रयोजनहरूका लागि सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गहरूको सूची तयार गर्न र राख्न सक्ने छ जसका प्रविष्टिहरू केन्द्रीय सूचीबाट भिन्न हुन सक्छन् ।]

---

[1] संविधान (एक सय दुईऔँ संशोधन) अधिनियम, २०१८-को धारा ४-द्वारा अनुच्छेद ३४२ क (१५.८.२०१८-देखि) अन्त:स्थापित।

[2] "संविधान (एक सय पाँचौँ संशोधन) अधिनियम २०२१-को धारा ३-द्वारा (१५.९.२०२१-देखि) "यस संविधानको प्रयोजनका लागि सामाजिक र शैक्षिक रूपमा पछौटे वर्गलाई विनिर्दिष्ट गर्न सक्ने छ" का स्थानमा प्रतिस्थापित।

[3] संविधान (एक सय पाँचौँ संशोधन) अधिनियम, २०२१-को धारा ३-द्वारा (१५.९. २०२१-देखि) अन्त:स्थापित ।

# भाग १७

# राजभाषा

## अध्याय १– सङ्घको भाषा

**३४३. सङ्घको राजभाषा**– (१) सङ्घको राजभाषा देवनागरी लिपिमा लेखिने हिन्दी भाषा हुने छ ।

सङ्घका शासकीय प्रयोजनका निम्ति प्रयोग हुने अङ्कहरूको रूप भारतीय अङ्कहरूको अन्तरराष्ट्रिय रूप हुने छ ।

(२) यो संविधान लागु हुन तत्काल अघि सङ्घका शासकीय प्रयोजनहरूका लागि प्रयोग भइरहेको अङ्ग्रेजी भाषा, खण्ड (१)-मा जुनसुकै कुरा भए तापनि यो संविधान लागु भएदेखि पन्ध्र वर्ष अवधिसम्म सङ्घका सम्पूर्ण शासकीय प्रयोजनहरूका लागि प्रयोग भइरहने छ:

यद्यपि राष्ट्रपतिले सो अवधिमा आदेशद्वारा[1] सङ्घका शासकीय प्रयोजनहरूमध्ये कुनै पनि प्रयोजनका लागि अङ्ग्रेजी भाषाका अतिरिक्त हिन्दी भाषाको अनि भारतीय अङ्कहरूको अन्तरराष्ट्रिय रूपका अतिरिक्त देवनागरी रूपको प्रयोग प्राधिकृत गर्न सक्ने छन् ।

(३) यस अनुच्छेदमा जुनसुकै कुरा भए तापनि संसद्ले सो पन्ध्र वर्ष अवधिपछि विधिद्वारा, विधिमा निर्दिष्ट प्रयोजनहरूका लागि –

(क) अङ्ग्रेजी भाषाका; अथवा

(ख) अङ्कहरूको देवनागरी रूपका;

–प्रयोगको प्रावधान गर्न सक्ने छ ।

**३४४. राजभाषाका सम्बन्धमा आयोग अनि संसद्को समिति**– (१) राष्ट्रपतिले यो संविधान लागु भएदेखि यता पाँच वर्ष समाप्त हुँदा अनि त्यसपछि संविधान लागु भएदेखि यता दस वर्ष समाप्त हुँदा आदेशद्वारा राष्ट्रपतिले नियुक्त गर्नसक्ने एकजना अध्यक्ष अनि आठौँ अनुसूचीमा विनिर्दिष्ट विभिन्न भाषाहरूको प्रतिनिधित्व गर्ने अन्य सदस्यहरू भएको एउटा आयोग गठन गर्ने छन् अनि आदेशले आयोगद्वारा अनुसरण गरिनुपर्ने प्रक्रियालाई परिभाषित गर्ने छ ।

(२) (क) सङ्घको शासकीय प्रयोजनका लागि हिन्दी भाषाको अधिकाधिक प्रयोग;

(ख) सङ्घका सम्पूर्ण अथवा कुनै शासकीय प्रयोजनका लागि अङ्ग्रेजी भाषाको प्रयोगमाथि प्रतिबन्ध;

(ग) अनुच्छेद ३४८-मा उल्लेख गरिएका सम्पूर्ण अथवा केही प्रयोजनहरूका लागि प्रयोग गरिने भाषा;

---

[1] सं.आ.४१ हेर्नुहोस् ।

(घ) सङ्घको कुनै एउटा अथवा अधिक विनिर्दिष्ट प्रयोजनहरूका लागि प्रयोग गरिने अङ्कहरूको रूप;

(ङ) सङ्घको राजभाषा तथा सङ्घ अनि कुनै राज्यमाझ अथवा एउटा राज्य अनि दोस्रो राज्यमाझ हुने सञ्चारको भाषा अनि तिनका प्रयोगका सम्बन्धमा राष्ट्रपतिद्वारा आयोगलाई निर्देशित गरिएका कुनै अन्य विषय

–बारे राष्ट्रपतिलाई सिफारिस गर्नु आयोगको कर्त्तव्य हुने छ।

(३) खण्ड (२) अन्तर्गत आफ्ना सिफारिस गर्ने क्रममा आयोगले भारतको औद्योगिक, सांस्कृतिक अनि वैज्ञानिक उन्नतिका अनि लोक सेवाहरूका सम्बन्धमा अहिन्दीभाषी क्षेत्रका व्यक्तिहरूका न्यायसङ्गत दाबी अनि हितहरूको यथायोग्य ध्यान राख्ने छ।

(४) लोकसभाका सदस्य र राज्यसभाका सदस्यहरूद्वारा एकल सङ्क्रमणीय मतका माध्यमबाट समानुपातिक प्रतिनिधित्व प्रणालीअनुसार क्रमशः लोकसभा र राज्यसभाका सदस्यहरूद्वारा निर्वाचित हुने लोकसभाका बीसजना अनि राज्यसभाका दसजना गरी तीसजना सदस्यहरू भएको एउटा समिति गठन गरिने छ।

(५) खण्ड (१) अन्तर्गत गठित आयोगका सिफारिसहरूको परीक्षण गर्नु अनि आयोगका सो सम्बन्धी विचारबारे राष्ट्रपतिलाई प्रतिवेदन दिनु समितिको कर्त्तव्य हुने छ।

(६) अनुच्छेद ३४३-मा जुनसुकै कुरा भए तापनि राष्ट्रपतिले खण्ड (५)-मा निर्दिष्ट प्रतिवेदनमा विचार गरेपछि सो प्रतिवेदनको सम्पूर्ण अथवा त्यसको कुनै भागअनुसार निर्देश दिन सक्ने छन्।

## अध्याय २– प्रादेशिक भाषाहरू

**३४५. राज्यको राजभाषा अथवा त्यहाँका राजभाषाहरू**– अनुच्छेद ३४६ अनि ३४७-का प्रावधानका अधीनमा रहेर कुनै राज्यको विधायिकाले विधिद्वारा सो राज्यमा प्रयोग हुने भाषाहरूमध्ये कुनै एक अथवा अधिक भाषाहरूलाई अथवा हिन्दीलाई सो राज्यका सम्पूर्ण अथवा केही शासकीय प्रयोजनहरूका लागि प्रयोग गरिने भाषा अथवा भाषाहरूका रूपमा अङ्गीकार गर्न सक्ने छ।

यद्यपि राज्य-विधायिकाले विधिद्वारा अन्यथा प्रावधान नगरेसम्म, यो संविधान लागु हुन तत्काल अघि जुन शासकीय प्रयोजनहरूका लागि अङ्ग्रेजी भाषाको प्रयोग गरिन्थ्यो, राज्यभित्र ती ती शासकीय प्रयोजनहरूका लागि यस भाषाको प्रयोग भइरहने छ।

**३४६. एउटा राज्य अनि दोस्रो राज्यमाझ अथवा कुनै राज्य अनि सङ्घमाझ सञ्चारका लागि राजभाषा**– सङ्घमा शासकीय प्रयोजनका लागि प्रयोग गरिनका निम्ति तत्काल प्राधिकृत भाषा एउटा राज्य अनि दोस्रो राज्यमाझ तथा कुनै राज्य अनि सङ्घमाझ सञ्चारको राजभाषा हुने छ:

यद्यपि आफूबिच सञ्चारको राजभाषा हिन्दी भाषा हुनुपर्छ भनी दुई अथवा अधिक राज्यहरू राजी भएका खण्डमा यस्तो सञ्चारका लागि सो भाषा प्रयोग गर्न सकिने छ।

**३४७. कुनै राज्यको जनसङ्ख्याको कुनै वर्गद्वारा बोलिने भाषाका सम्बन्धमा विशेष प्रावधान**– कुनै राज्यको जनसङ्ख्याको पर्याप्त भागले तिनीहरूद्वारा बोलिने कुनै पनि भाषालाई राज्यद्वारा मान्यता दिइयोस् भन्ने माग गर्दा राष्ट्रपति आश्वस्त भएका खण्डमा उनले निर्दिष्ट गरेअनुसारको प्रयोजनका लागि सो भाषालाई पनि सो राज्यमा सर्वत्र अथवा त्यसको कुनै भागमा शासकीय मान्यता दिइयोस् भन्ने निर्देश दिन सक्ने छन्।

## अध्याय ३– सर्वोच्च न्यायालय, उच्च न्यायालय आदिको भाषा

**३४८. सर्वोच्च न्यायालय र उच्च न्यायालयहरूमा अनि अधिनियम, विधेयक आदिका निम्ति प्रयोग गरिने भाषा**– (१) यस भागका पूर्वोल्लिखित प्रावधानहरूमा जुनसुकै कुरा भए तापनि संसद्ले विधिद्वारा अन्यथा प्रावधान नगरेसम्म–

(क) सर्वोच्च न्यायालय अनि प्रत्येक उच्च न्यायालयमा सबै कार्यवाहीहरू अङ्ग्रेजी भाषामा हुने छन्।

(ख) (i) संसद्को प्रत्येक सदन अथवा कुनै राज्यको विधायिकाको सदन अथवा प्रत्येक सदनमा पुरस्थापन गरिने सम्पूर्ण विधेयकहरू अथवा यसमाथि प्रस्ताव गरिने संशोधनहरूका;

(ii) संसद् अथवा कुनै राज्यको विधायिकाद्वारा पारित सम्पूर्ण अधिनियमहरू अनि राष्ट्रपति अथवा कुनै राज्यका राज्यपाल [1]*** द्वारा प्रख्यापित सम्पूर्ण अध्यादेशहरूका; अनि

(iii) यस संविधान अन्तर्गत अथवा संसद् वा कुनै राज्यको विधायिकाद्वारा बनाइएको कुनै विधि अन्तर्गत जारी गरिएका सम्पूर्ण आदेश, नियम, विनियम अनि उपविधिहरूका

–प्राधिकृत पाठ अङ्ग्रेजी भाषामा हुने छन्।

(२) खण्ड (१) को उपखण्ड (क)-मा जुनसुकै कुरा भए तापनि कुनै राज्यको राज्यपालले [1]*** राष्ट्रपतिको पूर्व सहमतिद्वारा सो राज्यमा मुख्य स्थान भएको सो उच्च न्यायालयका कार्यवाहीहरूमा हिन्दी भाषालाई अथवा सो राज्यको शासकीय प्रयोजनका लागि प्रयोग हुने कुनै अन्य भाषाको प्रयोगलाई प्राधिकृत गर्न सक्ने छन्।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा "अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

यद्यपि यस्तो उच्च न्यायालयद्वारा दिइएको कुनै निर्णय, डिक्री अथवा पारित आदेशमाथि यस खण्डको कुनै कुरा लागु हुने छैन।

(३) खण्ड (१) को उपखण्ड (ख)-मा जुनसुकै कुरा भए तापनि कुनै राज्यको विधायिकाले सो विधायिकामा पुरस्थापन गरिएका विधेयकहरूमा अथवा विधायिकाद्वारा पारित अधिनियमहरूमा अथवा सो राज्यको राज्यपाल [1]*** द्वारा प्रख्यापित अध्यादेशहरूमा अथवा सो उपखण्डको परिच्छेद (iii)-मा निर्दिष्ट कुनै आदेश, नियम, विनियम अथवा उपविधिमा प्रयोगका लागि अङ्ग्रेजी भाषाभन्दा भिन्न कुनै अन्य भाषा विहित गरेका स्थितिमा सो राज्यको आधिकारिक राजपत्रमा सो राज्यका राज्यपालको [1]*** प्राधिकारद्वारा प्रकाशित अङ्ग्रेजी भाषामा गरिएको तिनका अनुवादलाई यस अनुच्छेद अन्तर्गत अङ्ग्रेजी भाषामा तिनको प्राधिकृत पाठ मानिने छ।

**३४९. भाषासँग सम्बन्धित केही विधिहरूको अधिनियमनका निम्ति विशेष प्रक्रिया**– यो संविधान लागु भएदेखि यता पन्ध्र वर्षको अवधिभरि अनुच्छेद ३४८-को खण्ड (१)-मा उल्लिखित कुनै पनि प्रयोजनका निम्ति प्रयोग गरिने भाषाको प्रावधान गर्ने कुनै विधेयक अथवा संशोधन संसद्को कुनै सदनमा राष्ट्रपतिको पूर्व स्वीकृतिबिना पुरस्थापन वा प्रस्ताव गरिने छैन अनि राष्ट्रपतिले अनुच्छेद ३४४-को खण्ड (१) अन्तर्गत गठन गरिएको आयोगका सिफारिसहरूमाथि र सो अनुच्छेदको खण्ड (४) अन्तर्गत गठन गरिएको समितिको प्रतिवेदनमाथि विचार नगरेसम्म राष्ट्रपतिले यस्तो कुनै विधेयक पुरस्थापन गर्ने वा यस्तो कुनै संशोधन प्रस्ताव गर्ने सिफारिसहरूलाई स्वीकृति दिने छैनन्।

## अध्याय ४– विशेष निर्देश

**३५०. गुनासो निवारणका लागि अभ्यावेदनमा प्रयोग गरिने भाषा**– प्रत्येक व्यक्ति, कुनै पनि गुनासो निवारणका लागि सङ्घ वा राज्यका कुनै अधिकारी वा प्राधिकारीलाई यथासन्दर्भ सङ्घ वा राज्यमा प्रयोग हुने कुनै पनि भाषामा अभ्यावेदन दिने हकदार हुने छन्।

[2][**३५०क. प्राथमिक स्तरमा मातृभाषामा शिक्षाका सुविधाहरू**– प्रत्येक राज्य अनि राज्यभित्रका प्रत्येक स्थानीय प्राधिकारीले भाषिक अल्पसङ्ख्यक वर्गका बालबालिकालाई प्राथमिक स्तरको शिक्षा मातृभाषामा दिन पर्याप्त सुविधा प्रदान गर्ने प्रयास गर्ने छन् अनि राष्ट्रपतिले यस्ता सुविधाहरूको प्रावधान सुनिश्चित गर्न आवश्यक अथवा उपयुक्त ठानेका निर्देशहरू राज्यलाई दिनसक्ने छन्।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१.११.१९५६-देखि) "अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २१-द्वारा (१.११.१९५६-देखि) अनुच्छेद ३५० क अनि ३५० ख अन्तःस्थापित।

**३५०ख. भाषिक अल्पसङ्ख्यक वर्गका लागि विशेष अधिकारी**– (१) भाषिक अल्पसङ्ख्यक वर्गका लागि राष्ट्रपतिले नियुक्त गर्ने एक विशेष अधिकारी हुने छन्।

(२) यस संविधान अन्तर्गत भाषिक अल्पसङ्ख्यक वर्गका लागि प्रावधान गरिएको सुरक्षा उपायहरूसित सम्बन्धित सम्पूर्ण विषयहरूको अनुसन्धान गर्नु र राष्ट्रपतिले निर्देश दिएअनुसारका अन्तरालहरूमा ती विषयहरूका सम्बन्धमा राष्ट्रपतिलाई प्रतिवेदन दिनु विशेष अधिकारीको कर्त्तव्य हुने छ अनि राष्ट्रपतिले यस्ता सम्पूर्ण प्रतिवेदनहरू संसद्को प्रत्येक सदनसमक्ष प्रस्तुत गर्न लगाउने छन् अनि सम्बन्धित राज्यका सरकारहरूलाई पठाउने छन्।]

**351. हिन्दी भाषाको विकासका लागि निर्देश**– भारतको सम्मिश्रित संस्कृतिका सबै तत्त्वहरूका अभिव्यक्तिको माध्यम बन्न सकोस् भन्ने उद्देश्यले हिन्दी भाषाको प्रसार बढाउनु, यसको विकास गर्नु अनि यसको विशिष्टतामा हस्तक्षेप नगरीकन हिन्दुस्तानी र आठौँ अनुसूचीमा विनिर्दिष्ट भारतका अन्य भाषाहरूका रूप, शैली अनि अभिव्यक्तिहरूलाई आत्मसात् गर्दै अनि आवश्यक अथवा वाञ्छनीय भएका ठाउँमा शब्द भण्डारका लागि मुख्य रूपमा संस्कृतबाट अनि गौण रूपमा अन्य भाषाहरूबाट शब्द ग्रहण गर्दै यसको समृद्धि सुनिश्चित गर्नु सङ्घको कर्त्तव्य हुने छ।

# भाग १८

# आपातकालीन प्रावधान

**३५२. आपातको उद्‌घोषणा**– (१) युद्ध वा बाहिरी आक्रमण वा [1][सशस्त्र विद्रोह]-का कारणले भारत वा यस राज्यक्षेत्रको कुनै भागको सुरक्षामाथि सङ्कट आइपरेको छ भन्ने कुरामा राष्ट्रपति आश्वस्त भएका खण्डमा उनले उद्‌घोषणाद्वारा [2][सम्पूर्ण भारत वा उद्‌घोषणामा विनिर्दिष्ट सो राज्यक्षेत्रको सो भागका सम्बन्धमा यस सङ्कटको घोषणा गर्न सक्ने छन्।

[3][*स्पष्टीकरण*– युद्ध वा बाहिरी आक्रमण वा सशस्त्र विद्रोहको सङ्कट सन्निकट छ भन्ने कुरामा राष्ट्रपति आश्वस्त भएका खण्डमा भारत वा यस राज्यक्षेत्रको कुनै भागको सुरक्षालाई युद्ध वा बाहिरी आक्रमण वा सशस्त्र विद्रोहबाट खतरा छ भनेर घोषणा गर्ने आपातको उद्‌घोषणा, युद्ध वा यस्ता कुनै आक्रमण वा विद्रोह वास्तवमा घटित हुनुभन्दा अघि पनि गर्न सकिने छ।]

[4][(२) खण्ड (१) अन्तर्गत गरिएको उद्‌घोषणालाई कुनै उत्तरवर्ती उद्‌घोषणाद्वारा परिवर्तन गर्न वा रद्द गर्न सकिने छ।]

(३) खण्ड (१) अन्तर्गत उद्‌घोषणा वा यस्तो उद्‌घोषणालाई परिवर्तन गर्ने उद्‌घोषणा केन्द्रीय मन्त्रीमण्डलद्वारा (अर्थात् अनुच्छेद ७५ अन्तर्गत प्रधानमन्त्री तथा क्याबिनेट दर्जाका अन्य मन्त्रीहरू मिलेर बनिने परिषद्द्वारा) यस्तो उद्‌घोषणा जारी गर्न सकिन्छ भन्ने निर्णय राष्ट्रपतिलाई लिखित रूपमा प्रदान नगरिन्जेल उनले उपर्युक्त उद्घोषणा जारी गर्ने छैनन्।

(४) यस अनुच्छेद अन्तर्गत जारी गरिएका प्रत्येक उद्‌घोषणा संसद्‌को प्रत्येक सदनसमक्ष प्रस्तुत गरिने छ अनि सो उद्घोषणा पूर्ववर्ती उद्‌घोषणालाई रद्द गर्ने उद्‌घोषणा भएको अवस्थाबाहेक जारी गरिएको एक महिना अवधि समाप्त हुनअघि संसद्‌का दुवै सदनका निर्णयहरूद्वारा त्यसको अनुमोदन नगरिएसम्म सो एक महिनाको समय समाप्त हुँदा सो उद्घोषणा प्रवर्तनमा रहने छैन:

---

[1] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३७-द्वारा (२०.६.१९७९-देखि) "आन्तरिक अशान्ति" का स्थानमा प्रतिस्थापित।

[2] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ४८-द्वारा (३.१.१९७७-देखि) अन्तः स्थापित।

[3] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३७-द्वारा (२०.६.१९७९-देखि) अन्तः स्थापित।

[4] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३७-द्वारा (२०.६.१९७९-देखि) खण्ड (२), खण्ड (२क) र खण्ड (३) का स्थानमा प्रतिस्थापित।

यद्यपि लोकसभाको विघटन भइसकेको समयमा वा यस खण्डमा निर्दिष्ट एक महिना अवधिभित्र लोकसभाको विघटन भएको समयमा (पूर्ववर्ती उद्घोषणालाई रद्द गर्ने उद्घोषणा नभएको) यस्तो कुनै उद्घोषणा जारी गरिएका खण्डमा अनि राज्यसभाद्वारा उद्घोषणा अनुमोदन गर्ने सङ्कल्प पारित गरिए तापनि यस्तो उद्घोषणाका सम्बन्धमा कुनै निर्णय लोकसभाद्वारा सो एक महिना अवधि समाप्त हुनअघि पारित नगरिएका खण्डमा लोकसभाको पुनर्गठन भएपछि बस्ने लोकसभाको पहिलो बैठकको मितिदेखि तीस दिन समाप्त हुँदा, सो तीस दिनको निर्धारित अवधि समाप्त हुनअघि सो उद्घोषणालाई अनुमोदन गर्ने निर्णय लोकसभाद्वारा पनि पारित गरिएन भने सो उद्घोषणा प्रवर्तनमा रहने छैन।

(५) यस प्रकार अनुमोदित उद्घोषणा रद्द नगरिन्जेल खण्ड (४) अन्तर्गत उद्घोषणालाई अनुमोदन गर्ने निर्णयहरूमध्ये दोस्रो निर्णय पारित भएको मितिदेखि छ महिना अवधि समाप्त हुँदा प्रवर्तनमा रहने छैन:

यद्यपि यस्तो उद्घोषणालाई प्रभावकारी बनाइराख्न अनुमोदन गर्ने निर्णय संसद्का दुवै सदनहरूद्वारा पारित गरिएका खण्डमा अनि जतिपल्ट पारित गरिन्छ त्यतिपल्ट नै सो उद्धोषणा रद्द नगरिन्जेल यस खण्ड अन्तर्गत अन्यथा प्रवर्तनमा नरहने मितिदेखि सो उद्घोषणा थप छ महिना अवधिका लागि प्रभावमा रहिरहने छ:

यद्यपि यस्तो ६ महिना अवधिभित्र लोकसभाको विघटन भएका खण्डमा अनि राज्यसभाद्वारा यस्तो उद्घोषणालाई प्रभावकारी बनाइराख्न अनुमोदन गर्ने निर्णय पारित गरिए तापनि यस्तो उद्घोषणाको प्रभावको निरन्तरताका सम्बन्धमा कुनै निर्णय लोकसभाद्वारा सो छ महिना अवधि समाप्त हुनअघि पारित नगरिएका खण्डमा लोकसभाको पुनर्गठन भएपछि बस्ने लोकसभाको पहिलो बैठकको मितिदेखि तीस दिन समाप्त हुँदा, सो तीस दिनको निर्धारित अवधि समाप्त हुनअघि सो उद्घोषणालाई अनुमोदन गर्ने निर्णय लोकसभाद्वारा पनि पारित गरिएन भने सो उद्धोषणा प्रवर्तनमा रहने छैन।

(६) खण्ड (४) अनि खण्ड (५)-का प्रयोजनहरूका लागि कुनै निर्णय संसद्को कुनै पनि सदनद्वारा सो सदनको मोठ सदस्य सङ्ख्याको बहुमतद्वारा तथा सो सदनमा उपस्थित अनि मतदान गर्ने दिने सदस्यहरूमध्ये कम्तीमा पनि दुईतिहाइ बहुमतद्वारा मात्र पारित गर्न सकिने छ।

(७) पूर्वोल्लिखित खण्डहरूमा जुनसुकै कुरा निहित भए तापनि खण्ड (१) अन्तर्गत जारी गरिएको उद्घोषणा अथवा यस्तो उद्घोषणालाई परिवर्तन गर्ने उद्घोषणालाई यथासन्दर्भ अनुमोदन नगर्ने वा त्यसको प्रभावकारिताको निरन्तरतालाई अनुमोदन नगर्ने निर्णय लोकसभाले पारित गरेका खण्डमा राष्ट्रपतिले यस्तो उद्घोषणालाई रद्द गर्ने छन्।

(८) खण्ड (१) अन्तर्गत जारी गरिएको उद्घोषणा अथवा यस्तो उद्घोषणालाई परिवर्तन गर्ने उद्घोषणालाई यथासन्दर्भ अनुमोदन नगर्ने वा त्यसको प्रभावकारिताको निरन्तरतालाई अनुमोदन नगर्ने निर्णय प्रस्ताव गर्ने आशय भएको लोकसभाका मोठ सदस्य सङ्ख्याको दशमांशद्वारा हस्ताक्षर गरिएको लिखित सूचना–

(क) सदनको सत्र चलिरहेका खण्डमा अध्यक्षलाई; अथवा

(ख) सदनको सत्र नचलेका खण्डमा राष्ट्रपतिलाई,

–दिइएको छ भने यस्तो निर्णयमाथि विचार गर्ने प्रयोजनका लागि लोकसभाको विशेष बैठक यथासन्दर्भ अध्यक्ष वा राष्ट्रपतिलाई यस्तो सूचना प्राप्त भएको मितिदेखि चौध दिनभित्र गरिने छ ।]

[1][(९) राष्ट्रपतिले खण्ड (१) अन्तर्गत पहिला नै कुनै उद्घोषणा जारी गरेका भए पनि वा नभए पनि अनि यस्तो उद्घोषणा प्रवर्तनमा भए पनि वा नभए पनि यस अनुच्छेदद्वारा राष्ट्रपतिलाई प्रदत्त शक्ति अन्तर्गत युद्ध वा बाहिरी आक्रमण वा [2][सशस्त्र विद्रोह] अथवा युद्ध वा बाहिरी आक्रमण वा [2][सशस्त्र विद्रोह]का सङ्कटको सन्निकटता जस्ता विभिन्न आधारमा विभिन्न उद्घोषणाहरू जारी गर्ने शक्ति समाविष्ट हुने छ ।

[1]* * * * * * * *

**३५३. आपातको उद्घोषणाको प्रभाव**—आपातको उद्घोषणा प्रवर्तनमा रहँदा–

(क) यस संविधानमा जुनसुकै कुरा भए तापनि कुनै राज्यलाई सो राज्यले आफ्नो कार्यपालिका शक्ति कुन प्रकारले प्रयोग गर्नु पर्ने हो भन्नेबारे निर्देश दिने हदसम्म सङ्घको कार्यपालिका शक्तिको विस्तार हुने छ ।

(ख) कुनै विषयका सम्बन्धमा विधिहरू बनाउने संसद्को शक्ति अन्तर्गत सो विषय सङ्घ सूचीमा प्रगणित विषय नभए तापनि सो विषयका सम्बन्धमा सङ्घलाई वा सङ्घका अधिकारी अनि प्राधिकारीहरूलाई शक्ति प्रदान गर्ने अनि उनीहरूमाथि कर्त्तव्य अधिरोपण गर्ने वा शक्तिहरू प्रदान गर्न अनि कर्त्तव्य अधिरोपण गर्न प्राधिकृत गर्ने विधिहरू बनाउने शक्ति समावेश हुने छ:

---

[1] संविधान (अठतिसौँ संशोधन) अधिनियम, १९७५-को धारा ५-द्वारा (भूतलक्षी प्रभावसहित) खण्ड (४) अनि (५) अन्तः स्थापित अनि त्यसपछि खण्ड (४) लाई खण्ड (९) का रूपमा पुनर्सङ्ख्याङ्कित गरियो अनि खण्ड (५) संविधान (चवालीसौँ संशोधन) अधिनियम १९७८-को धारा ३७-द्वारा (२०.६.१९७९-देखि) खण्ड (५) त्यक्त।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३७-द्वारा (२०.६. १९७९-देखि) “आन्तरिक अशान्ति” का स्थानमा प्रतिस्थापित।

[1][ यद्यपि आपातको उद्घोषणा भारत राज्यक्षेत्रको केवल कुनै भागमा मात्र प्रवर्तनमा रहेका स्थितिमा–

(i) खण्ड (क) अन्तर्गत निर्देश दिने केन्द्रको कार्यपालिका शक्तिको, अनि

(ii) खण्ड (ख) अन्तर्गत विधिहरू बनाउने संसद्को शक्तिको,

विस्तार आपातको उद्घोषणा प्रवर्तनमा रहेको भारतको अथवा यसको राज्यक्षेत्रको कुनै भागको सुरक्षालाई भारतको अथवा यसको राज्यक्षेत्रको कुनै भागमा अथवा यिनका सम्बन्धमा घटित गतिविधिहरूद्वारा खतरा भएका खण्डमा र जहाँसम्म यस्तो खतरा हुन्छ त्यहाँसम्म आपातको उद्घोषणा प्रवर्तनमा रहेको कुनै राज्यको भाग अथवा सो राज्यइतर कुनै पनि राज्यमा हुने छ।

**३५४. आपातको उद्घोषणा प्रवर्तनमा रहँदा राजस्व वितरणसम्बन्धी प्रावधानहरूको अनुप्रयोग** –(१) आपातको उद्घोषणा प्रवर्तनमा रहेका बेला राष्ट्रपतिले आदेशद्वारा अनुच्छेद २६८-देखि अनुच्छेद २७९-सम्मका सबै वा कुनै प्रावधान, कुनै पनि स्थितिमा यस्तो उद्घोषणा प्रवर्तनमा नरहने वित्तीय वर्ष समाप्त भएपछि विस्तार नहुने, आदेशमा विनिर्देश गरिएको अवधिका लागि उनले उपयुक्त ठानेका अपवादहरू वा परिमार्जनहरूका अधीनमा रही प्रभावकारी हुने निर्देश दिन सक्ने छन्।

(२) खण्ड (१) अन्तर्गत जारी गरिएका प्रत्येक आदेश, जारी गरिएपछि जतिसक्दो चाँडो संसद्को प्रत्येक सदन समक्ष प्रस्तुत गरिने छ।

**३५५. बाह्य आक्रमण र आन्तरिक अशान्तिबाट राज्यको सुरक्षा गर्ने सङ्घको कर्त्तव्य** –बाहिरी आक्रमण र आन्तरिक अशान्तिबाट प्रत्येक राज्यको सुरक्षा गर्नु अनि यस संविधानका प्रावधान अनुसार प्रत्येक राज्य सरकारको सञ्चालन सुनिश्चित गर्नु सङ्घको कर्त्तव्य हुने छ।

**३५६. राज्यमा संवैधानिक तन्त्र विफल भएका स्थितिमा प्रावधान** – (१) राष्ट्रपतिलाई कुनै राज्यका राज्यपालद्वारा [2]*** प्रतिवेदन प्राप्त भएका खण्डमा अथवा अन्यथा, सो राज्यको शासन यस संविधानका प्रावधानअनुसार चलाउन सकिँदैन भन्ने स्थिति उत्पन्न भएका कुरामा राष्ट्रपति आश्वस्त भएका खण्डमा उनले उद्घोषणाद्वारा–

---

[1] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५०-द्वारा (३.१.१९७७-देखि) अन्तः स्थापित।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१.११.१९५६-देखि) “अथवा राजप्रमुख” शब्दहरू त्यक्त।

(क) सो राज्यको सरकारका सबै वा केही कार्यहरू अनि सो राज्यको विधायिकाबाहेक राज्यका राज्यपाल[1]*** अथवा कुनै अन्य निकाय वा प्राधिकारीमा निहित अथवा यीद्वारा प्रयोज्य सबै कर्त्तव्य वा केही शक्तिहरू आफ्ना हातमा लिन सक्ने छन्;

(ख) राज्यका विधायिकाका शक्तिहरू संसद्द्वारा वा त्यसको प्राधिकार अन्तर्गत प्रयोज्य हुने छ भन्ने घोषणा गर्न सक्ने छन्;

(ग) राज्यको कुनै निकाय वा प्राधिकारीसित सम्बन्धित यस संविधानका केही प्रावधानहरूको प्रवर्तनलाई पूर्ण रूपमा वा आंशिक रूपमा निलम्बन गर्नाका लागि प्रावधानहरूसहित उद्घोषणाका उद्देश्यहरूलाई प्रभावकारी बनाउनका लागि राष्ट्रपतिलाई आवश्यक वा वाञ्छनीय प्रतीत भएका आनुषङ्गिक अनि पारिणामिक प्रावधान गर्न सक्ने छन्:

यद्यपि यस खण्डको कुनै कुराले राष्ट्रपतिलाई उच्च न्यायालयमा निहित वा उच्च न्यायालयद्वारा प्रयोज्य कुनै शक्ति आफ्ना हातमा लिन वा उच्च न्यायालयसित सम्बन्धित यस संविधानको कुनै प्रावधानको प्रवर्तनलाई पूर्णतः वा अंशतः निलम्बन गर्नाका लागि प्राधिकृत गर्ने छैन।

(२) यस्तो कुनै उद्घोषणा कुनै उत्तरवर्ती उद्घोषणाद्वारा रद्द गर्न सकिने छ वा परिवर्तन गर्न सकिने छ।

(३) यस अनुच्छेद अन्तर्गत गरिएका प्रत्येक उद्घोषणा संसद्का प्रत्येक सदनसमक्ष प्रस्तुत गरिने छ तथा सो उद्घोषणा पूर्ववर्ती उद्घोषणालाई रद्द गर्ने उद्घोषणा भएको स्थितिबाहेक, दुई महिना अवधि समाप्त हुनअघि संसद्का दुवै सदनहरूका निर्णयहरूद्वारा अनुमोदन नगरिन्जेल सो दुई महिना अवधि समाप्त भएपछि सो उद्घोषणा प्रवर्तनमा रहने छैन:

यद्यपि लोकसभाको विघटन भइसकेको समयमा वा यस खण्डमा निर्दिष्ट दुई महिना अवधिभित्र लोकसभाको विघटन भएको समयमा (पूर्ववर्ती उद्घोषणालाई रद्द गर्ने उद्घोषणा नभएको) यस्तो कुनै उद्घोषणा जारी गरिएका खण्डमा अनि राज्यसभाद्वारा उद्घोषणा अनुमोदन गर्ने निर्णय पारित गरिए तापनि लोकसभाद्वारा यस्तो उद्घोषणाका सम्बन्धमा कुनै निर्णय सो दुई महिना अवधि समाप्त हुनअघि पारित नगरिएका खण्डमा लोकसभाको पुनर्गठन भएपछि बस्ने लोकसभाको पहिलो बैठकको मितिदेखि तीस दिन समाप्त हुँदा, सो तीस दिनको निर्धारित अवधि समाप्त हुनअघि सो उद्घोषणालाई अनुमोदन गर्ने निर्णय लोकसभाद्वारा पनि पारित गरिएको छैन भने सो उद्घोषणा प्रवर्तनमा रहने छैन।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम १९५६-को धारा २९ र अनुसूचीद्वारा (१.११.१९५६-देखि) "यथा सन्दर्भ, अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

(४) यस प्रकार अनुमोदन गरिएको उद्घोषणा रद्द नगरिन्जेल [1][सो उद्घोषणा जारी गरिएको मितिदेखि छ महिना] अवधि समाप्त हुँदा प्रवर्तनमा रहने छैन:

यद्यपि यस्तो उद्घोषणालाई प्रभावकारी बनाइराख्न अनुमोदन गर्ने निर्णय संसद्का दुवै सदनहरूद्वारा पारित गरिएका खण्डमा अनि जतिपल्ट पारित गरिन्छ त्यतिपल्ट नै सो उद्घोषणा रद्द नगरिन्जेल यस खण्ड अन्तर्गत अन्यथा प्रवर्तनमा नरहने मितिदेखि सो उद्घोषणा थप [2][६ महिना] अवधिका लागि प्रभावमा रहिरहने छ तर यस्तो उद्घोषणा कुनै पनि स्थितिमा तीन वर्षभन्दा अधिक समयसम्म प्रवर्तनमा रहने छैन:

यद्यपि यस्तो [2][छ महिना] अवधिभित्र लोकसभाको विघटन भएका खण्डमा अनि राज्यसभाद्वारा यस्तो उद्घोषणालाई प्रभावकारी बनाइराख्न अनुमोदन गर्ने निर्णय पारित गरिए तापनि यस्तो उद्घोषणाको प्रभावको निरन्तरताका सम्बन्धमा कुनै निर्णय लोकसभाद्वारा सो छ महिना अवधि समाप्त हुनअघि पारित नगरिएका खण्डमा लोकसभाको पुनर्गठन भएपछि बस्ने लोकसभाको पहिलो बैठकको मितिदेखि तीस दिन समाप्त हुँदा, सो तीस दिनको निर्धारित अवधि समाप्त हुनअघि सो उद्घोषणालाई अनुमोदन गर्ने निर्णय लोकसभाद्वारा पनि पारित गरिएको छैन भने सो उद्घोषणा प्रवर्तनमा रहने छैन:

[3][यद्यपि पन्जाब राज्यका सम्बन्धमा खण्ड (१) अन्तर्गत ११ मई १९८७-मा जारी गरिएको उद्घोषणाका स्थितिमा यस खण्डको पहिलो उपबन्धमा "तीन वर्ष" प्रति गरिएको निर्देशलाई [4][पाँच वर्ष] प्रति गरिएको निर्देश हो भन्ने अर्थ लगाइने छ।]

---

[1] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५०-द्वारा (३.१.१९७७-देखि) "छ महिना" का स्थानमा प्रतिस्थापित अनि त्यसपछि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३८-द्वारा (२०.६.१९७९-देखि) "खण्ड (३) अन्तर्गतको उद्घोषणालाई अनुमोदन गर्ने सङ्कल्पहरूमध्येको दोस्रो सङ्कल्प पारित भएको मितिदेखि एक वर्ष" का स्थानमा प्रतिस्थापित।

[2] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५०-द्वारा (३.१.१९७७-देखि) "छ महिना" का स्थानमा प्रतिस्थापित अनि त्यसपछि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३८-द्वारा (२०.६.१९७९-देखि) क्रमशः "एक वर्ष" का स्थानमा प्रतिस्थापित।

[3] संविधान (चौसट्ठियौँ संशोधन) अधिनियम, १९९०-को धारा २-द्वारा (१६.४.१९९०-देखि) अन्तःस्थापित ।

[4] संविधान (सतसट्ठियौँ संशोधन) अधिनियम, १९९०-को धारा २-द्वारा (४.१०.१९९०-देखि) प्रतिस्थापित अनि त्यसपछि संविधान (अठसट्ठियौँ संशोधन) अधिनियम, १९९१-को धारा २-द्वारा (१२.३.१९९१-देखि) प्रतिस्थापित।

[1][(५) खण्ड (४)-मा जुनसुकै कुरा भए तापनि खण्ड (३) अन्तर्गत अनुमोदन गरिएको उद्‌घोषणा जारी गरिएको मितिदेखि एक वर्ष अवधि समाप्त हुनेभन्दा अधिक कुनै अवधिका लागि यस्तो उद्‌घोषणालाई प्रभावकारी बनाइराख्ने सम्बन्धमा कुनै निर्णय संसद्‌को कुनै सदनद्वारा –

(क) यस्तो निर्णय पारित गरिएको समयमा आपातको उद्‌घोषणा यथासन्दर्भ सम्पूर्ण भारतमा अथवा सम्पूर्ण राज्य वा सो राज्यको कुनै भागमा प्रवर्तनमा नहुँदा; अनि

(ख) सम्बन्धित राज्यको विधानसभाको साधारण निर्वाचन गराउन असुविधा भएका कारणले यस्तो निर्णयमा विनिर्दिष्ट अवधिभित्र खण्ड (३) अन्तर्गत अनुमोदन गरिएको उद्‌घोषणालाई प्रभावकारी बनाइराख्न आवश्यक छ भन्ने कुरा निर्वाचन आयोगले प्रमाणित नगर्दा:]

–पारित गरिने छैन:

[2][यद्यपि यस खण्डको कुनै कुरा पन्जाब राज्यका सम्बन्धमा खण्ड (१) अन्तर्गत ११ मई १९८७-मा जारी गरिएको उद्‌घोषणामा लागु हुने छैन।]

**३५७. अनुच्छेद ३५६ अन्तर्गत जारी गरिएका उद्‌घोषणा अन्तर्गत विधायी शक्तिहरूको प्रयोग**– (१) अनुच्छेद ३५६-को खण्ड (१) अन्तर्गत जारी गरिएको उद्‌घोषणाद्वारा राज्यको विधायिकाका शक्तिहरू संसद्‌द्वारा वा संसद्‌को प्राधिकार अन्तर्गत प्रयोज्य हुने छन् भन्ने घोषणा गरिँदा –

(क) राज्यको विधायिकाको विधि बनाउने शक्ति राष्ट्रपतिलाई प्रदान गर्ने तथा यसरी प्रदान गरिएको शक्ति राष्ट्रपतिले अधिरोपण गर्न उपयुक्त सम्झेका सर्तहरूका अधीनमा रही उनीद्वारा विनिर्दिष्ट कुनै अन्य प्राधिकारीलाई सुम्पिन राष्ट्रपतिलाई प्राधिकृत गर्ने क्षमता संसद्‌लाई हुने छ;

(ख) सङ्घ वा सङ्घका अधिकारी अनि प्राधिकारीहरूलाई शक्ति प्रदान गर्ने वा तिनीहरूमाथि कर्त्तव्य अधिरोपण गर्ने अथवा शक्ति प्रदान गर्न वा कर्त्तव्य अधिरोपण गर्न प्राधिकृत गर्ने विधि बनाउने शक्ति प्रदान गर्ने क्षमता उपखण्ड (क) अन्तर्गत यस्तो शक्ति निहित भएको संसद्, राष्ट्रपति अथवा अन्य प्राधिकारीलाई हुने छ;

(ग) लोकसभाको सत्र नचलेका बेला राज्यको सर्वसञ्चित कोषबाट खर्च गर्नाका लागि संसद्‌को स्वीकृति प्राप्त नहुन्जेल यस्तो खर्चलाई प्राधिकृत गर्ने क्षमता राष्ट्रपतिलाई हुने छ।

[1] संविधान (अठतिसौँ संशोधन) अधिनियम, १९७५-को धारा ६-द्वारा (पूर्व प्रभाव सहित) अन्तःस्थापित अनि त्यसपछि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७९-को धारा ३८-द्वारा (२०-६-१९७९-देखि) खण्ड (५) का स्थानमा प्रतिस्थापित ।

[2] संविधान (त्रिसट्ठियौँ संशोधन) अधिनियम, १९८९-को धारा २-द्वारा (६.१.१९९०-देखि) उपबन्ध त्यक्त अनि त्यसपछि संविधान (चौँसट्ठियौँ संशोधन) अधिनियम, १९९०-को धारा २-द्वारा (१६.४.१९९०-देखि) अन्तःस्थापित।

[1][(२) अनुच्छेद ३५६ अन्तर्गत उद्घोषणा जारी नगरिएका खण्डमा विधि बनाउन सक्षम नहुने संसद् अथवा राष्ट्रपति अथवा खण्ड (१) को उपखण्ड (क)-मा निर्दिष्ट अन्य प्राधिकारीद्वारा राज्यको विधायिकाको शक्ति प्रयोग गर्दै बनाइएको विधि उद्घोषणा प्रवर्तनमा नरहेपछि सक्षम विधायिका वा अन्य प्राधिकारीद्वारा परिवर्तन वा रद्द वा संशोधन नगरिएसम्म प्रभावकारी रहिरहने छ।]

**३५८. आपातकालीन स्थितिहरूमा अनुच्छेद १९-का प्रावधानहरूको निलम्बन** –[2][(१) [3][ युद्ध वा बाहिरी आक्रमणका कारणले भारत वा भारतको राज्यक्षेत्रको कुनै भागको सुरक्षा सङ्कटमा परेको घोषणा गर्ने आपातको उद्घोषणा प्रवर्तनमा हुँदा] अनुच्छेद १९-को कुनै कुराले भाग ३-मा निहित प्रावधानहरू नभएको भए सो राज्यको विधि बनाउन वा कुनै कार्यकारी कार्यवाही गर्न सक्षम हुने राज्यलाई विधि बनाउन वा कुनै कार्यकारी कार्यवाही गर्न निषेध गर्ने छैन तर यसरी बनाइएको कुनै विधि, सो विधि प्रभावहीन हुनअघि गरिएका वा नगर्ने भनी त्याग गरिएका कुराबाहेक, उद्घोषणा प्रवर्तनमा नरहँदा असक्षमताको सीमासम्म तत्कालै प्रभावहीन हुने छ:

[4][यद्यपि [5][आपातको यस्तो उद्घोषणा] भारतको राज्यक्षेत्रको कुनै भागमा मात्र प्रवर्तनमा हुँदा कुनै राज्य वा सङ्घ राज्यक्षेत्रको कुनै भागको सुरक्षाका सम्बन्धमा वा यस राज्यक्षेत्रको कुनै भागमा सो आपातको उद्घोषणा प्रवर्तनमा नरहेका खण्डमा अनि भारतको सुरक्षा वा यस राज्यक्षेत्रको कुनै भागको सुरक्षामा ती गतिविधिद्वारा वा आपातको उद्घोषणा प्रवर्तनमा रहेको भारत राज्यक्षेत्रको भागमा भरइहेका त्यस्ता गतिविधिद्वारा खतरा उत्पन्न भएका खण्डमा र जहाँसम्म यस्तो खतरा रहन्छ त्यहाँसम्म यस अनुच्छेद अन्तर्गत यस्तो कुनै विधि बनाउन सकिने छ वा यस्ता कुनै कार्यकारी कार्यवाही गर्न सकिने छ।]

[6][(२) खण्ड (१) को कुनै कुरा –

---

[1] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५१-द्वारा (३.१.१९७७-देखि) प्रतिस्थापित।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३९-द्वारा (२०.६.१९७९-देखि) अनुच्छेद ३५८ लाई खण्ड (१) का रूपमा पुनर्सङ्ख्याङ्कित गरियो।

[3] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३९-द्वारा (२०.६.१९७९-देखि) "आपातको उद्घोषणा प्रवर्तनमा रहँदा" का स्थानमा प्रतिस्थापित।

[4] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५२-द्वारा (३.१.१९७७-देखि) जोडियो।

[5] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३९-द्वारा (२०.६.१९७९-देखि) "जहाँ आपातको उद्घोषणा" का स्थानमा प्रतिस्थापित।

[6] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ३९-द्वारा (२०.६.१९७९-देखि) अन्तः स्थापित।

(क) कुनै विधि बनाइएका बेला प्रवर्तनमा रहेको आपातको उद्घोषणासँग सो विधि सम्बन्धित रहेको आशय उल्लेख नभएको विधिमाथि ; अथवा

(ख) यस्तो उल्लेख भएको विधि अन्तर्गत नगरेर अन्यथा गरिएको कुनै कार्यकारी कार्यवाहीमाथि

–लागु हुने छैन ।]

**३५९. आपातकालीन स्थितिमा भाग ३-द्वारा प्रदत्त अधिकारहरूको प्रवर्तन निलम्बन**–(१) आपातकलको उद्घोषणा प्रवर्तनमा रहेका स्थितिमा राष्ट्रपतिले आदेशद्वारा आदेशमा विनिर्दिष्ट [1][अनुच्छेद २० र अनुच्छेद २१बाहेक भाग ३-द्वारा प्रदान गरिएका अधिकारहरू] लागु गराउन कुनै न्यायालयलाई आवेदन गर्ने अधिकार अनि उल्लिखित अधिकारहरू लागु गराउनका लागि कुनै पनि न्यायालयमा थातीमा रहेका सम्पूर्ण कार्यवाहीहरू उद्घोषणा प्रवर्तनमा रहेको अवधिभरि वा आदेशमा विनिर्दिष्ट छोटो समयका लागि निलम्बित रहने छन् भनी घोषणा गर्न सक्ने छन् ।

[2][(१क) भाग ३-द्वारा प्रदत्त [अनुच्छेद २० र अनुच्छेद २१बाहेक] कुनै अधिकारहरूको उल्लेख भएको खण्ड (१) अन्तर्गत जारी गरिएको कुनै आदेश प्रवर्तनमा रहँदा ती अधिकारहरू प्रदान गर्ने सो भागको कुनै कुराले सो भागमा यथापरिभाषित निहित प्रावधानहरू नभएको भए राज्यको विधि बनाउन वा कुनै कार्यकारी कार्यवाही गर्न सक्षम हुने राज्यलाई विधि बनाउन वा कुनै कार्यकारी कार्यवाही गर्न निषेध गर्ने छैन तर यसरी बनाइएका कुनै विधि, माथि उल्लिखित आदेश प्रवर्तनमा नरहँदा सो विधि प्रभावहीन हुनअघि गरिएका वा नगर्ने भनी त्याग गरिएका कुराबाहेक, उद्घोषणा प्रवर्तनमा नरहेको असक्षमताको सीमासम्म तत्कालै प्रभावहीन हुने छ:]

[3][ यद्यपि आपातको यस्तो उद्घोषणा] भारत राज्यक्षेत्रको कुनै भागमा मात्र प्रवर्तनमा रहँदा कुनै राज्य वा सङ्घ राज्यक्षेत्रको कुनै भागको सुरक्षाका सम्बन्धमा वा यस राज्यक्षेत्रको कुनै भागमा सो आपातको उद्घोषणा प्रवर्तनमा नभएका खण्डमा अनि भारतको सुरक्षा वा यस राज्यक्षेत्रको कुनै भागको सुरक्षा ती गतिविधिद्वारा वा आपातको उद्घोषणा प्रवर्तनमा रहेको भारत राज्यक्षेत्रको भागमा भइरहेका त्यस्ता गतिविधिद्वारा खतरा उत्पन्न भएका खण्डमा र जहाँसम्म यस्तो खतरा रहन्छ त्यहाँसम्म यस अनुच्छेद अन्तर्गत यस्तो कुनै विधि बनाउन सकिने छ वा यस्तो कुनै कार्यकारी कार्यवाही गर्न सकिने छ ।]

---

[1] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४०-द्वारा (२०.६.१९७९)-**देखि** "भाग ३-द्वारा प्रदत्त अधिकारहरू" का स्थानमा प्रतिस्थापित ।

[2] संविधान (अठतिसौँ संशोधन) अधिनियम, १९७५-को धारा ७-द्वारा (पूर्व प्रभावसहित) अन्तःस्थापित ।

[3] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५३-द्वारा (३.१.१९७७-देखि) जोडियो ।

[1][(१ख) खण्ड (१क) को कुनै पनि कुरा–

(क) कुनै विधि बनाइएका बेला प्रवर्तनमा रहेको आपातको उद्घोषणासँग सो विधि सम्बन्धित रहेको आशयको उल्लेख नभएको विधिमाथि ; अथवा

(ख यस्तो उल्लेख भएको विधि अन्तर्गत नगरेर अन्यथा गरिएको कुनै कार्यकारी कार्यवाहीमाथि

–लागु हुने छैन ।]

(२) उपर्युक्त रूपमा गरिएको आदेशको विस्तार सम्पूर्ण भारत राज्यक्षेत्रमा वा त्यसका कुनै भागमा हुन सक्ने छ:

[2][यद्यपि आपातको उद्घोषणा भारत राज्यक्षेत्रको कुनै भागमा मात्र प्रवर्तनमा रहँदा आपातको उद्घोषणा प्रवर्तनमा रहेको भारत राज्यक्षेत्रको भागमा वा त्यसका सम्बन्धमा हुने गतिविधिहरूका कारणले भारत वा यस राज्यक्षेत्रको अन्य कुनै भागको सुरक्षा खतरामा भएकाले कुनै आदेशको विस्तार आवश्यक छ भन्ने कुरामा राष्ट्रपति आश्वस्त नभएसम्म भारत राज्यक्षेत्रको कुनै अन्य भागमा कुनै यस्तो आदेशको विस्तार हुने छैन ।]

(३) खण्ड (१) अन्तर्गत जारी गरिएका प्रत्येक आदेश, जारी गरिएपछि जतिसक्दो चाँडो संसद्को प्रत्येक सदनसमक्ष राखिने छ ।

[3][**३५९क.** *पन्जाब राज्यमा यस भागको अनुप्रयोग*]– सविंधान (त्रिसट्ठीऔँ संशोधन) अधिनियम, १९८९-को धारा ३-द्वारा (६.१.१९९०-देखि) त्यक्त ।

**३६०. वित्तीय आपातका सम्बन्धमा प्रावधान**– (१) भारत वा यस राज्यक्षेत्रको कुनै भागको वित्तीय स्थायित्व वा साखमा सङ्कट उत्पन्न भएको छ भन्ने कुरामा राष्ट्रपति आश्वस्त भएका खण्डमा उनले उद्घोषणाद्वारा यस आशयको घोषणा गर्न सक्ने छन् ।

[4][(२) खण्ड (१) अन्तर्गत जारी गरिएको उद्घोषणालाई –

(क) कुनै उत्तरवर्ती उद्घोषणाद्वारा रद्द गर्न वा परिवर्तन गर्न सकिने छ;

(ख) संसद्का प्रत्येक सदनसमक्ष राखिने छ;

---

[1] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४०-द्वारा (२०.६.१९७९-देखि) अन्तःस्थापित ।

[2] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५३-द्वारा (३.१.१९७७-देखि) जोडियो ।

[3] संविधान (उनसाट्ठिऔँ संशोधन) अधिनियम, १९८८-को धारा ३-द्वारा (३०.३.१९८८-देखि) अन्तःस्थापित अनि यो त्यस अधिनियमको प्रारम्भदेखि अर्थात् ३०-मार्च १९८८-देखि दुई वर्षको अवधि समाप्त भएपछि प्रवृत्त रहने छैन ।

[4] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४१-द्वारा (२०.६.१९७९-देखि) खण्ड (२) का स्थानमा प्रतिस्थापित ।

(ग) दुई महिना अवधि समाप्त हुनअघि संसद्का दुवै सदनहरूको निर्णयद्वारा त्यसको अनुमोदन नगरिँदा सो दुई महिना अवधि समाप्त भएपछि सो उद्घोषणा प्रवर्तनमा रहने छैन:

यद्यपि लोकसभाको विघटन हुँदा वा उपखण्ड (ग)-मा निर्दिष्ट दुई महिना अवधिभित्रमा लोकसभाको विघटन भएको समयमा यस्तो कुनै उद्घोषणा जारी गरिएका खण्डमा अनि राज्यसभाद्वारा उद्घोषणा अनुमोदन गर्ने निर्णय पारित गरिए तापनि यस्तो उद्घोषणाका सम्बन्धमा कुनै निर्णय लोकसभाद्वारा सो दुई महिना अवधि समाप्त हुनभअघि पारित नगरिएका खण्डमा लोकसभाको पुनर्गठन भएपछि बस्ने लोकसभाको पहिलो बैठकको मितिदेखि तीस दिन समाप्त हुँदा, सो तीस दिनको निर्धारित अवधि समाप्त हुनअघि सो उद्घोषणालाई अनुमोदन गर्ने निर्णय लोकसभाद्वारा पनि पारित गरिएको छैन भने सो उद्घोषणा प्रवर्तनमा रहने छैन।]

(३) खण्ड (१)-मा उल्लिखित उद्घोषणा प्रवर्तनमा रहेको अवधिमा कुनै पनि राज्यलाई निर्देशहरूमा विनिर्दिष्ट गरिएअनुसारको वित्तीय औचित्यसम्बन्धी सिद्धान्तहरूको पालन गर्नाका निम्ति निर्देश दिने हदसम्म अनि राष्ट्रपतिले सो प्रयोजनका लागि आवश्यक र पर्याप्त ठानेका निर्देश दिने हदसम्म सङ्घको कार्यपालिका प्राधिकार विस्तार हुने छ।

(४) यस संविधानमा जुनसुकै कुरा भए तापनि –

(क) यस्तो कुनै निर्देशमा–

(i) राज्यका क्रियाकलापसँग सम्बन्धित सेवामा कार्यरत सबै वा कुनै वर्गका व्यक्तिहरूको वेतन र भत्ताहरूमा कटौतीको अपेक्षा गर्ने प्रावधान;

(ii) अनुच्छेद २०७-का प्रावधान लागु हुने धन विधेयकहरू वा अन्य विधेयकहरूलाई राज्यको विधायिकाद्वारा पारित गरेपछि राष्ट्रपतिको सोच–विचारका निम्ति आरक्षित राख्नुपर्ने अपेक्षा गर्ने प्रावधान;

–समावेश हुन सक्ने छ।

(ख) यस अनुच्छेद अन्तर्गत गरिएको उद्घोषणा प्रवर्तनमा रहँदाको समयावधिमा सर्वोच्च न्यायालय अनि उच्च न्यायालयका न्यायाधीशहरूसहित केन्द्रका क्रियाकलापसँग सम्बन्धित सेवामा कार्यरत सबै वा कुनै वर्गका व्यक्तिहरूको वेतन र भत्ताहरूमा कटौती गर्नाका लागि निर्देश दिनलाई राष्ट्रपति सक्षम हुने छन्।

[1][(५)* * * * *]

[1] खण्ड (५) लाई संविधान (अठतीसौँ संशोधन) अधिनियम, १९७५-को धारा ८-द्वारा (पूर्व प्रभावसहित) अन्तः स्थापित अनि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८ का धारा ४१-द्वारा (२०.६.१९७९-देखि) त्यक्त।

# भाग १९
# विविध

**३६१. राष्ट्रपति, राज्यपाल अनि राजप्रमुखहरूको संरक्षण** – (१) आफ्ना पदका शक्तिहरूको प्रयोग र कर्त्तव्यहरूको पालनका लागि वा ती शक्तिहरू प्रयोग गर्दै तथा कर्त्तव्यहरू पालन गर्दै आफूद्वारा गरिएका वा गरिने अभिप्राय राखिएका कुनै कार्यका लागि राष्ट्रपति अथवा राज्यका राज्यपाल वा राजप्रमुख कुनै न्यायालयप्रति उत्तरदायी हुने छैनन्:

यद्यपि अनुच्छेद ६१ अन्तर्गत आरोपको अनुसन्धानका लागि संसद्को कुनै सदनद्वारा नियुक्त गरिएको वा नामित कुनै न्यायालय, न्यायाधिकरण वा निकायद्वारा राष्ट्रपतिको आचरणको पुनरावलोकन गर्न सकिने छ:

यद्यपि यस खण्डको कुनै पनि कुराको अर्थ सो कुराले भारत सरकार वा कुनै राज्यको सरकार विरुद्ध उपयुक्त कार्यवाहीहरू गर्ने कुनै व्यक्तिको अधिकारमाथि प्रतिबन्ध लगाउँछ भनी लगाइने छैन।

(२) राष्ट्रपति वा कुनै राज्यका राज्यपाल [1]*** विरुद्ध उनको कार्यकालभरि कुनै न्यायालयमा कुनै पनि प्रकारको फौजदारी कार्यवाही प्रारम्भ वा जारी गरिने छैन।

(३) राष्ट्रपति वा कुनै राज्यका राज्यपाल [1]*** का कार्यकालभरि उनको पक्राउ वा कारावास सम्बन्धी कुनै पनि प्रक्रिया कुनै न्यायालयबाट जारी गरिने छैन।

(४) राष्ट्रपति वा कुनै राज्यका राज्यपाल [1]*** का रूपमा आफ्नो पद ग्रहण गर्नअघि वा ग्रहण गरेपछि उनीद्वारा उनको व्यक्तिगत क्षमताले गरिएको वा गरिने अभिप्राय राखिएको कुनै कार्यका सम्बन्धमा राष्ट्रपति वा यस्ता राज्यका राज्यपाल[1]*** विरुद्ध उपचारको दाबी गर्ने कुनै दिवानी कार्यवाही उनको कार्यकालभरि कार्यवाहीको प्रकृति, कार्यवाहीको कारण, यस्तो कार्यवाहीहरू आरम्भ गर्ने पक्षकारको नाम, वर्णन, निवास स्थान तथा सो पक्षकारले दाबी गरेको सो उपचारको दाबी गर्ने लिखित सूचना, यथासन्दर्भ राष्ट्रपति वा राज्यपाल [1]***-लाई प्रदान नगरिन्जेल वा उनका कार्यालयमा छोडेको दुई महिना समय समाप्त नभइन्जेल कुनै न्यायालयमा आरम्भ गरिने छैन।

---

[1] संविधान (सातौं संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) " अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

[1][३६१क. **संसद् तथा राज्यका विधायिकाका कार्यवाहीहरूका प्रकाशनको संरक्षण** – (१) कुनै व्यक्ति संसद्को कुनै सदन वा यथासन्दर्भ कुनै राज्यको विधानसभा वा कुनै राज्यको विधायिकाको कुनै सदनको कुनै पनि कार्यवाहीहरूको वस्तुत: सत्य विवरण कुनै समाचारपत्रमा प्रकाशन भएका सम्बन्धमा सो प्रकाशन विद्वेषपूर्वक गरिएको छ भन्ने प्रमाणित नगरिन्जेल कुनै न्यायालयमा कुनै पनि प्रकारको दिवानी वा फौजदारी कार्यवाहीको भागी हुने छैन:

यद्यपि यस खण्डको कुनै कुरा संसद्को कुनै सदन वा यथासन्दर्भ कुनै राज्यको विधानसभा वा कुनै राज्यको विधायिकाको कुनै सदनको गोप्य बैठकका कार्यवाहीहरूको विवरणको प्रकाशनमाथि लागु हुने छैन।

(२) खण्ड (१) कुनै प्रसारण केन्द्रमार्फत उपलब्ध कुनै कार्यक्रम वा सेवाको भागका रूपमा बेतार टेलिग्राफीमार्फत प्रसारित विवरण वा सामग्रीका सम्बन्धमा कुनै समाचारपत्रमा प्रकाशित विवरण वा सामग्रीहरूका सम्बन्धमा लागु हुने प्रकारले लागु हुने छ।

*स्पष्टीकरण*– यस अनुच्छेदमा "समाचार पत्र" पदावली अन्तर्गत कुनै समाचार एजेन्सीको कुनै समाचार पत्रमा प्रकाशनका लागि सामग्री रहेको विवरण समाविष्ट छ।

[2][३६१ख. **लाभप्रद राजनैतिक पदमा नियुक्तिका लागि अयोग्यता**– दसौँ अनुसूचीको परिच्छेद २ अन्तर्गत सदनको सदस्य हुन अयोग्य ठहरिएको कुनै पनि राजनीतिक दलको कुनै सदनका कुनै सदस्य उनी अयोग्य ठहरिएको मितिदेखि त्यस्तो सदस्यका रूपमा उनको पदको कार्यकाल समाप्त हुने मितिसम्म अथवा उनले कुनै सदनका निम्ति कुनै निर्वाचनमा प्रतिद्वन्द्विता गरेको अनि निर्वाचित घोषित भएको कुनै यस्तो मितिमध्ये जुन पहिला हुन्छ सो अवधिसम्म कुनै पनि लाभप्रद राजनीतिक पद धारण गर्न पनि अयोग्य हुने छन्।

*स्पष्टीकरण*– यस अनुच्छेदको प्रयोजनका लागि–

(क) दसौँ अनुसूचीको परिच्छेद १-को खण्ड (क)-मा दिइएको अर्थ नै "सदन" पदको अर्थ हो।

(ख) "लाभप्रद राजनीतिक पद" पदावलीले क्षतिपूरक प्रकृतिको वेतन वा पारिश्रमिक भुक्तानी गरिने पदबाहेकका–

(i) वेतन वा पारिश्रमिकको भुक्तानी यथासन्दर्भ भारत सरकार वा कुनै राज्य सरकारको सार्वजनिक राजस्वबाट गरिने भारत सरकार वा कुनै राज्य सरकार अन्तर्गतको कुनै पद;

---

[1] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४२-द्वारा अनुच्छेद ३६१क (२०.६.१९७९-देखि) अन्तः स्थापित।

[2] संविधान (एकानब्बेऔँ संशोधन) अधिनियम, २००३-को धारा ४-द्वारा (१.१.२००४-देखि) अनुच्छेद ३६१ ख अन्तःस्थापित।

(ii) वेतन वा पारिश्रमिकको भुक्तानी भारत सरकार वा राज्य सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेको कुनै निगमित वा अनिगमित निकायबाट गरिने कुनै पद;

–बुझाउँछ।

**३६२.** *[देशीय राज्यका शासकहरूको अधिकार तथा विशेषाधिकार।] संविधान (छब्बीसौँ संशोधन) अधिनियम, १९७१-को धारा २-द्वारा (२८–१२–१९७१-देखि) त्यक्त।*

**३६३. कतिपय सन्धि, सम्झौता आदिद्वारा उत्पन्न भएका विवादहरूमा न्यायालयको हस्तक्षेपमाथि प्रतिबन्ध– (१)** यस संविधानमा जुनसुकै कुरा भए तापनि तर अनुच्छेद १४३-को प्रावधानका अधीनमा रही यो संविधान लागु हुनअघि कुनै देशीय राज्यका शासकद्वारा गरिएको वा निष्पादन गरिएको अनि भारत अधिराज्यको सरकार वा त्यसको पूर्ववर्ती कुनै सरकार एउटा पक्षकार रहेको अनि यस्तो संविधान लागु भएपछि पनि प्रवर्तनमा भएको वा प्रवर्तनमा रहिरहेको सन्धि, सम्झौता, प्रसंविदा, वचनपत्र, सनद वा त्यस्तै नै अन्य कुनै दस्तावेजको कुनै प्रावधानबाट उत्पन्न विवाद अथवा यस्तै कुनै सन्धि, सम्झौता, प्रसंविदा, वचनपत्र, सनद वा त्यस्तै नै अन्य प्रकारका समान दस्तावेजसँग सम्बन्धित यस संविधानको कुनै प्रावधान अन्तर्गत प्राप्त कुनै अधिकार अथवा त्यसबाट उत्पन्न कुनै दायित्व वा बाध्यतासँग सम्बन्धित विवाद सर्वोच्च न्यायालय वा कुनै अन्य न्यायालयको अधिकारक्षेत्रभित्र पर्ने छैन।

(२) यस अनुच्छेदमा –

(क) "देशीय राज्य" पदावलीले महामहिमद्वारा वा भारत अधिराज्यको सरकारद्वारा यो संविधान लागु हुनअघि यस्तो राज्यका रूपमा मान्यता प्राप्त रहेको राज्यक्षेत्र; अनि

(ख) "शासक" पदावलीले महामहिमद्वारा वा भारत अधिराज्यको सरकारद्वारा यो संविधान लागु हुनअघि कुनै देशीय राज्यका शासकका रूपमा मान्यता प्राप्त रहेको यस्तो राजा, प्रमुख वा अन्य व्यक्ति;

–बुझाउँछ।

[1][**३६३क. देशीय राज्यका शासकलाई दिइएका मान्यताको समाप्ति अनि राजभत्ताको अन्त** – यस संविधानमा वा तत्काल प्रवृत्त कुनै विधिमा जुनसुकै कुरा भए तापनि–

(क) संविधान (छब्बीसौँ संशोधन) अधिनियम, १९७१ लागु हुनअघि कुनै समय राष्ट्रपतिद्वारा कुनै देशीय राज्यका शासकका रूपमा मान्यता प्राप्त राजा, प्रमुख वा अन्य व्यक्तिलाई अथवा सो अधिनियम लागु हुनअघि कुनै समय राष्ट्रपतिद्वारा यस्तो शासकका उत्तराधिकारीका रूपमा मान्यता प्राप्त व्यक्तिलाई सो संविधान अधिनियम लागु भएको दिनदेखि यस्तो शासक वा शासकका उत्तराधिकारीका रूपमा मान्यता प्राप्त हुने छैन।

---

[1] संविधान (छब्बिसौँ संशोधन) अधिनियम, १९७१-को धारा ३-द्वारा (२८.१२.१९७१-देखि) अन्तःस्थापित।

(ख) संविधान (छब्बीसौँ संशोधन) अधिनियम १९७१ लागु भएको दिनदेखि राजभत्ता समाप्त गरिन्छ अनि राजभत्ता सम्बन्धी सम्पूर्ण अधिकार, दायित्व एवम् बाध्यताहरू उन्मूलन गरिन्छ तथा तदनुसार खण्ड (क)-मा निर्दिष्ट यथासन्दर्भ शासक वा त्यस्ता शासकका उत्तराधिकारीलाई वा अन्य व्यक्तिलाई कुनै राशि राजभत्ताका रूपमा भुक्तानी गरिने छैन।]

**३६४. मुख्य बन्दरगाह एवम् विमान क्षेत्रहरूबारे विशेष प्रावधान**– (१) यस संविधानमा जुनसुकै कुरा भए तापनि राष्ट्रपतिले लोक अधिसूचनाद्वारा सो अधिसूचनामा विनिर्दिष्ट गरिएको मितिदेखि–

(क) संसद् वा कुनै राज्यको विधायिकाद्वारा बनाइएको कुनै विधि कुनै मुख्य बन्दरगाह वा विमान क्षेत्रलाई लागु हुने छैन अथवा सो अधिसूचनामा विनिर्दिष्ट गरिएका अपवादहरू र परिमार्जनहरूका अधीनमा रही लागु हुन्छ; अथवा

(ख) कुनै पनि विद्यमान विधि कुनै मुख्य बन्दरगाह वा विमान क्षेत्रमा सो मितिभन्दा अघि नै गरिएका वा नगर्ने भनी त्याग गरिएका कुराबाहेक प्रभावकारी रहने छैन अथवा यस्ता बन्दरगाह वा विमान क्षेत्रलाई लागु हुँदा सो अधिसूचनामा विनिर्दिष्ट गरिएका अपवादहरू र परिमार्जनहरूका अधीनमा रही लागु हुन्छ;

–भनी निर्देश दिन सक्ने छन्।

(२) यस अनुच्छेदमा –

(क) "मुख्य बन्दरगाह" पदावलीले संसद्द्वारा बनाइएका कुनै विधि वा कुनै विद्यमान विधिद्वारा अथवा यसका अधीनमा मुख्य बन्दरगाह घोषित गरिएको अनि यस अन्तर्गत त्यस समय यस्ता बन्दरगाहका सीमाभित्र समाविष्ट रहेका सम्पूर्ण क्षेत्र समाविष्ट भएको बन्दरगाह बुझाउँछ।

(ख) "विमानक्षेत्र" पदले वायु मार्गहरू, वायुयान र विमान चालनसित सम्बन्धित अधिनियमनहरूको प्रयोजनका लागि यथापरिभाषित विमानक्षेत्र बुझाउँछ।

**३६५. सङ्घद्वारा दिइएको निर्देश पालन गर्न अथवा यसलाई प्रभावकारी बनाउन विफल हुँदाको प्रभाव**–यस संविधानको कुनै प्रावधान अन्तर्गत सङ्घको कार्यकारी शक्तिको प्रयोग गर्दै दिइएका कतिपय निर्देशहरूको अनुपालन गर्न अथवा यसलाई प्रभावकारी बनाउन कुनै राज्य विफल हुँदा राष्ट्रपतिले त्यस राज्यको शासन यस संविधानको प्रावधान अनुसार चलाउन नसकिने स्थिति उत्पन्न भएको छ भन्ने ठहर गर्नु विधिपूर्ण हुने छ।

**३६६. परिभाषाहरू**– सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म यस संविधानमा निम्नलिखित पदहरूले निम्नलिखित अर्थ बुझाउँछन्–

(१) "कृषि आय" पदले भारतीय आयकरसित सम्बन्धित अधिनियमनहरूको प्रयोजनका लागि यथापरिभाषित कृषि आय बुझाउँछ;

(२) ‘‘आङ्ग्ल भारतीय’’ पदले पिता वा पितृ–परम्परामा कोही अन्य पुरुष पुर्खा युरोपेली मूलका भएका वा रहेका तर भारतको कुनै राज्यक्षेत्रका आदिवासी रहेको अनि केवल अस्थायी प्रयोजनहरूका लागि मात्र नबसेको अनि यस्ता राज्यक्षेत्रका सामान्यतया निवासी रहेका माता पिताबाट जन्मिएको वा जन्मिसकेको व्यक्ति बुझाउँछ;

(३) ‘‘अनुच्छेद’’ पदले यस संविधानका अनुच्छेद बुझाउँछ;

(४) ‘‘सापटी’’ मा वार्षिक ब्याज दिएर धन लिनु भन्ने अर्थ समाविष्ट छ अनि ‘‘ऋण’’ पदले तदनुसार अर्थ बुझाउने छ;

[1][(४ क)* * * * *]

(५) ‘‘खण्ड’’ पदले यस अनुच्छेदमा परेको खण्ड बुझाउँछ;

(६) ‘‘निगम कर’’ पदले कम्पनीहरूद्वारा भुक्तानी गर्नु पर्ने आयमाथिको कर बुझाउँछ अनि –

(क) कृषि आयका सम्बन्धमा प्रभार्य नभएका;

(ख) कम्पनीहरूद्वारा भुक्तानी गरिएका करका सम्बन्धमा कम्पनीहरूद्वारा व्यक्तिहरूलाई भुक्तानी गर्नु पर्ने लाभांशहरूबाट सो करलाई लागु अधिनियमनहरूद्वारा कुनै कटौती गर्न प्राधिकृत नभएका;

(ग) भारतीय आयकरको प्रयोजनका लागि यस्तो लाभांश प्राप्त गर्ने व्यक्तिहरूको मोठ आयको गणना गर्दा अथवा यस्ता व्यक्तिहरूद्वारा भुक्तानी गर्नुपर्ने वा तिनलाई फिर्ता गर्नु पर्ने भारतीय आयकरको गणना गर्दा यस प्रकार भुक्तानी गरिएको करलाई हिसाबमा ल्याउनका लागि कुनै प्रावधान विद्यमान नभएका;

–जस्ता सर्तहरू पूरा गर्ने करहरू बुझाउँछ–

(७) शङ्का भएका स्थितिमा ‘‘तत्स्थानी प्रान्त’’, ‘‘तत्स्थानी देशीय राज्य’’ वा ‘‘तत्स्थानी राज्य’’ पदले राष्ट्रपतिद्वारा प्रश्नमूलक कुनै विशिष्ट प्रयोजनका लागि, यथासन्दर्भ तत्स्थानी प्रान्त, तत्स्थानी देशी राज्य वा तत्स्थानी राज्य निर्धारण गर्न सकिने प्रान्त, देशी राज्य वा राज्य बुझाउँछ;

[1] खण्ड (४क) लाई संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५४-द्वारा (१.२.१९७७-देखि) अन्तःस्थापित तथा संविधान (त्रिचालिसौँ संशोधन) अधिनियम, १९७७-को धारा ११-द्वारा (१३.४.१९७८-देखि) त्यक्त गरियो।

(८) ‘‘ऋण’’ मा वार्षिक ब्याजका रूपमा मूलधन प्रतिदेयताको कुनै बाध्यता सम्बन्धी कुनै दायित्व अनि कुनै पनि प्रत्याभूति अन्तर्गत दायित्व समाविष्ट छ अनि ‘‘ऋणभार’’ पदको तदनुसार अर्थ लगाइने छ;

(९) ‘‘सम्पदा महसुल’’ पदले मृत्युका समयमा वा मृत्यु भएको मानिएका अवस्थामा हस्तान्तरित हुने अथवा संसद् वा कुनै राज्यको विधायिकाद्वारा बनाइएका विधिहरूको प्रावधान अन्तर्गत हस्तान्तरित ठानिने सम्पूर्ण सम्पत्तिको कर्त्तव्यसँग सम्बन्धित संसद् वा कुनै राज्यको विधायिकाद्वारा बनाइएका ती विधिहरूअनुसार वा तीद्वारा तोकिएको नियमअनुसार निर्धारित गर्न सकिने मूल मूल्यका आधारमा वा त्यसका सन्दर्भमा निर्धारित गरिने महसुल बुझाउँछ;

(१०) ‘‘विद्यमान विधि’’ पदले यो संविधान लागु हुनअघि कुनै विधि, अध्यादेश, आदेश, उपविधि, नियम वा विनियम बनाउने शक्ति भएको कुनै विधायिका, प्राधिकारी वा व्यक्तिद्वारा पारित गरिएको वा बनाइएको विधि, अध्यादेश, आदेश, उपविधि, नियम वा विनियम बुझाउँछ;

(११) ‘‘सङ्घीय न्यायालय’’ पदले भारत शासन अधिनियम, १९३५ अन्तर्गत गठित सङ्घीय न्यायालय बुझाउँछ;

(१२) ‘‘वस्तु’’ पदमा सम्पूर्ण सामग्री, मालताल अनि चिजहरू पर्दछन्;

[1][(१२क) ‘‘वस्तु अनि सेवा कर’’ पदले मानवीय उपभोगका लागि मदिराजन्य पदार्थहरूको आपूर्तिमा लगाइने करबाहेकका वस्तु वा सेवाहरूका आपूर्तिमा वा दुवैमा लगाइने कुनै पनि कर बुझाउँछ;

(१३) ‘‘प्रत्याभूति’’ मा यो संविधान लागु हुनअघि कुनै उपक्रमको लाभ विनिर्दिष्ट राशिभन्दा कम्ती भएका स्थितिमा भुक्तानी गर्न लिइएको कुनै पनि दायित्व समाविष्ट छ;

(१४) ‘‘उच्च न्यायालय’’ पदले यस संविधानका प्रयोजनका लागि कुनै राज्यका निम्ति उच्च न्यायालय भनी मानिएको न्यायालय बुझाउँछ अनि यसमा–

(क) भारतको राज्यक्षेत्रमा यस संविधान अन्तर्गत उच्च न्यायालयका रूपमा गठित वा पुनर्गठित कुनै न्यायालय; अनि

(ख) भारतको राज्यक्षेत्रमा संसद्ले विधिद्वारा यस संविधानका सम्पूर्ण वा केही प्रयोजनहरूका लागि उच्च न्यायालयका रूपमा घोषणा गरेको कुनै अन्य न्यायालय

–समाविष्ट छ;

(१५) ‘‘देशीय राज्य’’ पदले भारत अधिराज्यका सरकारबाट यस्तो राज्यका रूपमा मान्यता प्राप्त राज्यक्षेत्र बुझाउँछ;

---

[1] संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा १४ (i) द्वारा (१६.९.२०१६-देखि) अन्त:स्थापित।

(१६) "भाग" पदले यस संविधानको एउटा भाग बुझाउँछ;

(१७) "पेन्सन" पदले कुनै व्यक्तिलाई वा कुनै व्यक्तिका सम्बन्धमा भुक्तानी गर्नु पर्ने योगदानमूलक वा अयोगदानमूलक कुनै पेन्सन बुझाउँछ अनि यसमा यसरी भुक्तानी गर्नु पर्ने सेवानिवृत्ति वेतन, यस प्रकार भुक्तानी गर्नुपर्ने उपदान राशि तथा भविष्य निधिमा गरिएको योगदानको फिर्ता, ब्याजसहित वा ब्याजबिनाको वा कुनै अन्य अतिरिक्त धनराशिसहित भुक्तानी गर्नु पर्ने कुनै पनि धनराशि समाविष्ट छ;

(१८) "आपातको उद्घोषणा" पदले अनुच्छेद ३५२-को खण्ड (१) अन्तर्गत जारी गरिएको उद्घोषणा बुझाउँछ;

(१९) "लोक अधिसूचना" पदले यथासन्दर्भ भारतको राजपत्रमा वा कुनै राज्यको आधिकारिक राजपत्रमा भएको अधिसूचना बुझाउँछ;

(२०) "रेल" पदमा –

(क) पूर्ण रूपमा कुनै नगरपालिका क्षेत्रमा रहेको ट्रामपथ; वा

(ख) संसद्ले विधिद्वारा रेल होइन भनेर घोषणा गरेका, पूर्ण रूपमा कुनै एउटा राज्यमा रहेको अन्य कुनै सञ्चार मार्ग;

–समाविष्ट छैन;

[1][(२१) * * * *]

[2][(२२) "शासक" पदले संविधान (छब्बीसौँ संशोधन) अधिनियम, १९७१ लागु हुनअघि कुनै समय राष्ट्रपतिद्वारा कुनै देशी राज्यका शासकका रूपमा मान्यता दिइएका राजा, प्रमुख वा अन्य व्यक्ति अथवा उक्त अधिनियम यसरी लागु हुनअघि कुनै समय राष्ट्रपतिद्वारा यस्ता शासकका उत्तराधिकारीका रूपमा मान्यता दिइएको व्यक्ति बुझाउँछ;]

(२३) "अनुसूची" पदले यस संविधानको अनुसूची बुझाउँछ;

(२४) "अनुसूचित जाति" पदले यस संविधानका प्रयोजनका लागि अनुच्छेद ३४१ अन्तर्गत अनुसूचित जाति भनेर मानिएका जात, जाति वा जनजाति अथवा यस्ता जात, जाति वा जनजातिको भाग वा तिनीहरू माझको कुनै समूह बुझाउँछ;

(२५) "अनुसूची जनजाति" पदले यस संविधानको प्रयोजनका लागि अनुच्छेद ३४२ अन्तर्गत अनुसूचित जनजाति भनेर मानिएका जनजातिहरू अथवा जनजाति समूहहरू वा यस्ता जनजाति वा जनजाति समूहहरूको भाग वा तिनीहरू माझको कुनै समूह बुझाउँछ;

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा खण्ड (२१) त्यक्त।

[2] संविधान (छब्बिसौँ संशोधन) अधिनियम, १९७१-को धारा ४-द्वारा (२८.१२.१९७१-देखि) प्रतिस्थापित।

(२६) "प्रतिभूतिहरू" मा स्टक समाविष्ट छ;

[1]* * *

[2][(२६क) "सेवाहरू" पदले वस्तुबाहेकका अरू कुनै पनि कुरा बुझाउँछ;

(२६ख) "राज्य" पदमा धारा २४६ क, २६८, २६९, २६९ क र अनुच्छेद २७९ क का सन्दर्भमा विधायिकायुक्त केन्द्रशासित प्रदेश समाविष्ट छ];

[3][(२६ ग) "सामाजिक र शैक्षिक रूपमा पछौटे वर्ग" पदले यथासन्दर्भ अनुच्छेद ३४२ क अन्तर्गत केन्द्र सरकार वा राज्य वा केन्द्रशासित प्रदेशका प्रयोजनका लागि पछौटे मानिएका वर्ग बुझाउँछ];

(२७) "उपखण्ड" पदले कुनै खण्डभित्रको उपखण्ड बुझाउँछ;

(२८) "करारोपण" पदमा सामान्य वा स्थानीय वा विशेष कुनै पनि प्रकारको कुनै कर वा अधिरोपण समाविष्ट छ र "कर" को तदनुसार अर्थ लगाइने छ;

(२९) "आय माथि कर" पदावलीमा अतिरिक्त लाभ प्रकृतिको कर समाविष्ट छ;

[4][(२९क) "वस्तुको क्रय वा विक्रय माथि कर" पदावलीमा

(क) कुनै अनुबन्धको अनुसरणबाहेक नगद, स्थगित भुक्तानी वा अन्य मूल्यवान प्रतिफलका रूपमा कुनै पनि वस्तुको स्वामित्वको हस्तानान्तरणमाथि लगाइएको कर;

(ख) कुनै कार्यसम्बन्धी अनुबन्धको निष्पादनमा संलग्न वस्तुको स्वामित्व[चाहे त्यो वस्तुका रूपमा होस् वा कुनै अन्य रूपमा] -को हस्तानान्तरणमाथि लगाइएको कर;

(ग) भाडा खरिद वा किस्ताहरूमा भुक्तानी गर्ने कुनै प्रणालीद्वारा वस्तुहरूको आपूर्तिमाथि लगाइएको कर;

(घ) नगद, स्थगित भुक्तानी वा अन्य मूल्यवान प्रतिफलका रूपमा कुनै पनि प्रयोजनका निम्ति कुनै पनि वस्तु उपयोग गर्ने अधिकारको (चाहे त्यो विनिर्दिष्ट अवधिका लागि होस् वा नहोस्) हस्तानान्तरणमाथि लगाइएको कर;

---

[1] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५४-द्वारा (१.२.१९७७-देखि) खण्ड (२६क) अन्तःस्थापित अनि त्यसपछि संविधान (त्रिचालिसौँ संशोधन) अधिनियम, १९७७-को धारा ११-द्वारा त्यक्त।

[2] संविधान (एक सय एकौँ संशोधन ) अधिनियम, २०१६-को धारा १४ (ii) द्वारा (१६.९.२०१६-देखि) अन्त:स्थापित।

[3] संविधान (एक सय दुइऔँ संशोधन) अधिनियम, २०१८-को धारा ५-द्वारा (१४.८.२०१८-देखि) खण्ड (२६ग) अन्त:स्थापित अनि त्यसपछि संविधान (एक सय पाँचौँ संशोधन) अधिनियम, २०२१-को धारा ४-द्वारा (१५.९.२०२१-देखि) प्रतिस्थापित ।

[4] संविधान (छयालिसौँ संशोधन) अधिनियम, १९८२-को धारा ४-द्वारा (२.२.१९८३-देखि) खण्ड (२९क) अन्तः स्थापित।

(ङ) नगद, स्थगित भुक्तानी वा अन्य मूल्यवान प्रतिफलका रूपमा कुनै पनि अनिगमित सङ्गठन वा व्यक्तिहरूका निकायद्वारा आफ्ना कुनै सदस्यलाई लगाइने वस्तुहरूको आपूर्तिमाथि लगाइएको कर;

(च) नगद, स्थगित भुक्तानी वा अन्य मूल्यवान प्रतिफलका रूपमा गरिएको, कुनै सेवाका रूपमा वा कुनै सेवाका भागका रूपमा वा कुनै अन्य प्रकारले खाद्य पदार्थहरू वा मानवीय उपभोगको कुनै अन्य वस्तु वा कुनै पेयको (चाहे यस्तो पेय मादक होस् वा नहोस्) आपूर्तिमाथि लगाइएको कर;

–समाविष्ट छ।

अनि कुनै पनि वस्तुको यस्तो हस्तानान्तरण, वितरण वा आपूर्तिलाई यस्तो हस्तानान्तरण, वितरण वा आपूर्ति गर्ने व्यक्तिद्वारा गरिएको ती वस्तुहरूको विक्रय मानिने छ अनि सो हस्तानान्तरण, वितरण वा आपूर्ति प्रापक व्यक्तिद्वारा गरिएको ती वस्तुहरूको क्रय मानिने छ;]

[1][(३०) "केन्द्रशासित प्रदेश" पदले पहिलो अनुसूचीमा विनिर्दिष्ट कुनै केन्द्रशासित प्रदेश बुझाउँछ अनि यसमा भारतको राज्यक्षेत्रमा समाविष्ट तर सो अनुसूचीमा विनिर्दिष्ट नगरिएका अन्य क्षेत्र पनि समाविष्ट छन्।]

**३६७. व्याख्या**– (१) सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म अनुच्छेद ३७२ अन्तर्गत गरिएका अनुकूलनहरू र परिमार्जनहरूका अधीनमा रही यस संविधानको व्याख्याका लागि साधारण खण्ड अधिनियम १८९७, भारत अधिराज्यको विधायिकाको कुनै अधिनियमको व्याख्याका लागि लागु हुने प्रकारले लागु हुन्छ।

(२) यस संविधानमा संसद्‌को वा त्यसद्वारा बनाइएका अधिनियमहरू वा विधिहरूप्रतिको कुनै निर्देशलाई अथवा कुनै राज्यको [2]*** विधायिकाद्वारा बनाइएको अधिनियम वा विधिहरूप्रतिको कुनै निर्देशलाई यथासन्दर्भ राष्ट्रपति वा राज्यपाल [3]*** द्वारा निर्मित अध्यादेशप्रतिको निर्देश हो भन्ने अर्थ लगाइने छ।

(३) यस संविधानको प्रयोजनका लागि "विदेशी राज्य" पदले भारतभन्दा भिन्न कुनै राष्ट्र बुझाउँछ:

यद्यपि संसद्‌द्वारा बनाइएका कुनै विधिका प्रावधानहरूका अधीनमा रही राष्ट्रपतिले आदेशद्वारा [4] सो आदेशमा विनिर्दिष्ट प्रयोजनका लागि कुनै राष्ट्र विदेशी राष्ट्र होइन भन्ने घोषणा गर्न सक्ने छन्।

[5][(४)* * * *]

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ तथा अनुसूचीद्वारा (१.११.१९५६-देखि) खण्ड (३०) का स्थानमा प्रतिस्थापित।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "पहिलो अनुसूचीको भाग (क) र (ख)- मा विनिर्दिष्ट" शब्द तथा अक्षरहरू त्यक्त।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ तथा अनुसूचीद्वारा " अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

[4] संविधान (विदेशी राज्यका बारेमा घोषणा) आदेश, १९५० (स.आ.२) मा हेर्नुहोस्।

[5] संविधान (जम्मू अनि कश्मीरमा लागु) आदेश, २०१९ (स.आ २७२) (५.८.२०१९-देखि) जोडियो, यस स.आ. का पाठका लागि परिशिष्ट II हेर्नुहोस्।

# भाग २०

## संविधानको संशोधन

**३६८. [1][संविधान संशोधन गर्ने संसद्को शक्ति अनि संशोधनको प्रक्रिया]** –[2][(१) यस संविधानमा जुनसुकै कुरा भए तापनि संसद्ले आफ्नो संविधायी शक्ति प्रयोग गर्दै यस संविधानको कुनै पनि प्रावधानमा संयोजन वा परिवर्तन गरेर वा यसको निरस्तीकरण रूपमा यस अनुच्छेदमा अघि उल्लेख गरिएको प्रक्रियाअनुसार संशोधन गर्न सक्ने छ ।]

[3][(२)] यस संविधानको संशोधनको प्रारम्भ संसद्को कुनै एउटा सदनमा सो प्रयोजनका लागि विधेयक पुरस्थापन गरेर मात्रै गर्न सकिने छ अनि उक्त विधेयक, प्रत्येक सदनमा सो सदनको कुल सदस्य सङ्ख्याको बहुमतद्वारा तथा सो सदनका उपस्थित अनि मत दिने सदस्यहरूको कम्तीमा दुईतिहाइ बहुमतद्वारा पारित गरिँदा [4][सो विधेयक राष्ट्रपति समक्ष प्रस्तुत गरिने छ, यस विधेयकलाई उनले स्वीकृति दिने छन् र त्यसपछि] त्यही विधेयकका सर्तहरूअनुसार संविधान संशोधन हुने छ:

यद्यपि यस्तो संशोधन –

(क) अनुच्छेद ५४, अनुच्छेद ५५, अनुच्छेद ७३, [5][अनुच्छेद १६२, अनुच्छेद २४१ वा अनुच्छेद २७९ क]-मा ; अथवा

(ख) भाग ५-को अध्याय ४, भाग ६-को अध्याय ५, वा भाग ११-को अध्याय १-मा; अथवा

(ग) सातौँ अनुसूचीको कुनै पनि सूचीमा;

(घ) संसद्मा राज्यहरूको प्रतिनिधित्वमा; वा

(ङ) यस अनुच्छेदका प्रावधानहरूमा;

–कुनै परिवर्तन गर्नाका लागि गरिएका खण्डमा यस्तो संशोधनार्थ प्रावधान गर्ने विधेयक राष्ट्रपति समक्ष स्वीकृतिका निम्ति प्रस्तुत गरिनअघि सो संशोधनका लागि कम्तीमा आधा

---

[1] संविधान (चौबिसौँ संशोधन) अधिनियम, १९७१-को धारा ३-द्वारा (५.११.१९७१-देखि) "संविधानमा संशोधन गर्ने प्रक्रिया" का स्थानमा प्रतिस्थापित।

[2] संविधान (चौबिसौँ संशोधन) अधिनियम, १९७१को धारा ३-द्वारा (५.११.१९७१-देखि) अन्तः स्थापित।

[3] संविधान (चौबिसौँ संशोधन) अधिनियम, १९७१-को धारा ३-द्वारा (५.११.१९७१-देखि) अनुच्छेद ३६८ लाई खण्ड (२) का रूपमा पुनः संख्याङ्कन गरियो।

[4] संविधान (चौबिसौँ संशोधन) अधिनियम, १९७१-को धारा ३-द्वारा (५.११.१९७१-देखि) प्रतिस्थापित।

[5] संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा १५-द्वारा (१६.९.२०१६-देखि) "अनुच्छेद १६२ वा अनुच्छेद २४१" शब्द अनि अङ्कहरूका स्थानमा प्रतिस्थापित ।

राज्यहरूको [1]*** विधायिकाहरूद्वारा पारित सोही आशयका निर्णयहरूद्वारा ती विधायिकाहरूको अनुमोदन पनि आवश्यक हुने छ।

[2][(३) अनुच्छेद १३-को कुनै कुरा यस अनुच्छेद अन्तर्गत गरिएका कुनै संशोधनमाथि लागु हुने छैन।]

[3][(४) यस संविधानको ( यस अन्तर्गत भाग ३-को प्रावधान छ) यस अनुच्छेद अन्तर्गत [चाहे संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५५ लागु हुन अघि वा त्यसपछि गरिएका] गरिएको वा गर्ने अभिप्राय राखिएको कुनै संशोधनमाथि कुनै न्यायालयमा कुनै पनि आधारमा प्रश्न उठाइने छैन।

(५) शङ्काहरू निवारणका लागि यस अनुच्छेद अन्तर्गत यस संविधानका प्रावधानहरूमा संयोजन वा परिवर्तन गरेर वा निरस्तीकरणका रूपमा संशोधन गर्नाका लागि संसद्को संविधायी शक्तिमाथि कुनै प्रकारको बन्देज हुने छैन भनी घोषणा गरिन्छ।]

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "पहिलो अनुसूचीको भाग (क) तथा भाग (ख) मा विनिर्दिष्ट" शब्द तथा अक्षरहरू त्यक्त।

[2] संविधान (चौबिसौँ संशोधन) अधिनियम, १९७१-को धारा ३-द्वारा (५.११.१९७१-देखि) अन्तःस्थापित।

[3] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५५-द्वारा (३.१.१९७७-देखि) अन्तःस्थापित। सर्वोच्च न्यायालयको मिनर्ब मिल्स लिमिटेड तथा अन्य बनाम भारत सङ्घ तथा अन्य, एआइआर १९८०, एससी १७८९-को मुद्दामा यस धारालाई विधिअमान्य घोषणा गरियो।

# भाग २१

## [1][अस्थायी, सङ्क्रमणकालीन र विशेष प्रावधान]

**३६९. राज्य सूचीमा भएका कतिपय विषयहरूलाई समवर्ती सूचीमा रहेका विषय झैं मानेर विधि बनाउने सम्बन्धमा संसद्‌लाई दिइएको अस्थायी शक्ति** – यस संविधानमा जुनसुकै कुरा भए तापनि संसद्‌लाई यो संविधान लागु भएदेखि पाँच वर्ष अवधिभित्र निम्नलिखित विषयहरूलाई समवर्ती सूचीमा सूचीबद्ध भए झैं मानेर ती विषयहरूका बारेमा विधि बनाउने शक्ति हुने छ,अर्थात्–

(क) सुती अनि ऊनी वस्त्रहरू, काँचो कपास [ यस अन्तर्गत कातेको रुवा अनि नकातेको रुवा वा कपास पर्दछ] कपासको बिउ, कागज [यस अन्तर्गत खबरकागज पर्दछ], खाद्य पदार्थ [यस अन्तर्गत खानेयोग्य तेलहनहरू र तेल पर्दछन्], पशु आहार [यस अन्तर्गत पिना र अन्य सारकृत आहार पर्दछन्], कोइला [यस अन्तर्गत कोक अनि कोइलाको प्रकार पर्दछन्], फलाम, इस्पात अनि अभ्रकको कुनै राज्यभित्र व्यापार एवम् वाणिज्य तथा त्यसको उत्पादन, आपूर्ति अनि वितरण;

(ख) खण्ड (क)-मा वर्णित विषयहरूमध्ये कुनै विषयसित सम्बन्धित विधिहरूविरुद्ध अपराध, ती विषयहरूमध्ये कुनैका सम्बन्धमा सर्वोच्च न्यायालयबाहेक अन्य सबै न्यायालयहरूको अधिकारक्षेत्र अनि शक्तिहरू तथा कुनै न्यायालयमा लिइने शुल्क समाविष्ट नरहेको ती विषयहरूमध्ये कुनैका सम्बन्धमा शुल्क;

तर यस अनुच्छेदका प्रावधानहरूको अभाव भएका स्थितिमा विधि बनाउनका लागि सक्षम नहुने संसद्‌द्वारा बनाइएको कुनै विधि, सो अवधिको समाप्तिमा असक्षमताको सीमासम्म उक्त अवधिको समाप्तिअघि गरिएका वा नगर्ने भनी त्याग गरिएका कुराबाहेक प्रभावकारी रहने छैन।

[1] संविधान (तेह्रौं संशोधन) अधिनियम, १९६२-को धारा २-द्वारा (१.१२.१९६३-देखि) "अस्थायी तथा अन्तः कालीन प्रावधान" का स्थानमा प्रतिस्थापित।

**[**][1][३७०. जम्मू अनि कश्मीर राज्यका सम्बन्धमा अस्थायी प्रावधानहरू**– (१) यस संविधानमा जुनसुकै कुरा भए तापनि, –

(क) अनुच्छेद २३८का प्रावधानहरू जम्मू अनि कश्मीर राज्यका सम्बन्धमा लागु हुने छैनन्;

(ख) उक्त राज्यका लागि विधि बनाउने संसद्‌को शक्ति –

(i) राज्यको सरकारसँग परामर्श गरेर राष्ट्रपतिद्वारा भारत अधिराज्यमा राज्यको विलयलाई नियन्त्रित गर्ने विलयन पत्रमा निर्दिष्ट विषयहरूअनुरूप घोषित गरिएका र अधिराज्य विधानमण्डलमा सो राज्यका लागि विधि बनाउन सक्ने सङ्घ सूची र समवर्ती सूचीमा रहेका विषयमा; अनि

---

** राष्ट्रपतिले संसद्‌को अनुमोदनमा भारतको संविधानको अनुच्छेद ३७०-को खण्ड १ साथै पठित अनुच्छेद ३७०-को खण्ड ३-द्वारा प्रदत्त शक्तिहरूको प्रयोग गर्दै ६ अगस्त २०१९-देखि उक्त अनुच्छेद ३७०-को निम्नबाहेकका सबै खण्डहरू प्रचलनमा रहने छैन भनी घोषणा गर्छन्, अर्थात्:-

"३७०. यस संविधानका समय समयमा यथा परिमार्जित सबै प्रावधानहरू कुनै परिमार्जन वा अपवादबिना अनुच्छेद १५२ वा अनुच्छेद ३०८ वा यस संविधानको कुनै अन्य अनुच्छेद वा जम्मू-कश्मीरको संविधानमा कुनै अन्य प्रावधान वा कुनै विधि, कागतपत्र, निर्णय, अध्यादेश, आदेश, उपविधि, नियम, विनियम, अधिसूचना, भारतको राज्यक्षेत्रमा विधिको शक्ति भएको कुनै रुढि वा प्रथा, अथवा अनुच्छेद ३६३ अन्तर्गत यथा परिकल्पित वा अन्यथा भएको अन्य कुनै लिखत, सन्धि वा सम्झौतामा तत्प्रतिकूल जुनसुकै कुरा भए तापनि जम्मू अनि कश्मीर राज्यलाई लागु हुने छ।"

(परिशिष्ट ३ हेर्नु होस्) (सं.आ.२७३)।

[1] भारतको संविधानको खण्ड (३) द्वारा प्रदत्त शक्तिहरूको प्रयोग गर्दै राष्ट्रपतिले जम्मू अनि कश्मीर राज्यको संविधान सभाको सिफारिसमा १७ नोभेम्बर, १९५२-देखि उक्त अनुच्छेद ३७० त्यसको खण्ड (१) मा स्पष्टीकरणका स्थानमा निम्नलिखित स्पष्टीकरण राखिएको छ भन्ने परिमार्जनसहित प्रवर्तनीय हुने छ भनेर घोषणा गरे अर्थात्:-

"स्पष्टीकरण- यस अनुच्छेदको प्रयोजनका लागि "राज्यको सरकार' पदावलीले राज्यको विधानसभाको सिफारिसमा राष्ट्रपतिले राज्यको त्यस समय पदासिन मन्त्री परिषद्‌का सल्लाहमा कार्य गर्ने जम्मू अनि कश्मीरको * सदर-१ रियासतका रूपमा मान्यता प्रदान गरिएको व्यक्ति बुझाउँछ।"

(स.आ ४४, मिति १५ नोभेम्बर, १९५२)।

*अब "राज्यपाल"

(ii) राज्यको सरकारको सहमतिमा राष्ट्रपतिले आदेशद्वारा विनिर्दिष्ट गर्न सक्ने उक्त सूचीहरूका अन्य विषयहरूमा;

–सीमित रहने छ।

*स्पष्टीकरण*– यस अनुच्छेदका प्रयोजनका लागि राज्यको सरकार पदावलीले ५-मार्च, १९४८-को महाराजाको उद्घोषणा अन्तर्गत सो समयको मन्त्रीपरिषद्का सल्लाहमा जम्मू अनि कश्मीरका महाराजाका रूपमा कार्य गर्ने, राष्ट्रपतिद्वारा त्यस समय जम्मू अनि कश्मीरका महाराजाका रूपमा मान्यता प्राप्त व्यक्ति बुझाउँछ;

(ग) अनुच्छेद १ अनि यस अनुच्छेदका प्रावधानहरू सो राज्यका सम्बन्धमा लागु हुने छन्;

(घ) राष्ट्रपतिले आदेश* द्वारा विनिर्दिष्ट गरेका अपवादहरू र परिमार्जनहरूका अधीनमा रही यस संविधानका यस्ता अन्य प्रावधानहरू सो राज्यका सम्बन्धमा लागु हुने छन्:

यद्यपि परिच्छेद (i)-को उपखण्ड (ख)-मा निर्दिष्ट राज्यको अधिमिलन पत्रमा विनिर्दिष्ट विषयसँग सम्बन्धित कुनै आदेश राज्य सरकारसँग परामर्श गरेर मात्र जारी गरिने छ अन्यथा गरिने छैन:

यद्यपि अन्तिम पूर्ववर्ती उपबन्धमा निर्दिष्ट विषयहरूभन्दा भिन्न विषयहरूसँग सम्बन्धित आदेश सो सरकारको सहमतिमा मात्र गरिने छ अन्यथा गरिने छैन।

(२) खण्ड १-को उपखण्ड (ख) को परिच्छेद (ii)-मा वा सो खण्डको उपखण्ड (घ) को दोस्रो उपबन्धमा निर्दिष्ट राज्यको सरकारको सहमति सो राज्यको संविधान निर्माण गर्ने प्रयोजनका लागि संविधान सभा बोलाइनअघि दिइएका खण्डमा त्यसलाई यस्तो संविधान सभासमक्ष सो सभाले त्यसमाथि निर्णय लिन सकोस् भन्ने प्रयोजनका लागि प्रस्तुत गरिने छ।

(३) यस अनुच्छेदका पूर्वोल्लिखित प्रावधानहरूमा जुनसुकै कुरा भए तापनि राष्ट्रपतिले लोक अधिसूचनाद्वारा यो अनुच्छेद प्रवर्तनमा नरहने घोषणा गर्नसक्ने छन् अथवा उनले विनिर्दिष्ट गरेका अपवाद र परिमार्जनहरूसहित र मितिदेखि मात्र प्रवर्तनमा रहने घोषणा गर्न सक्ने छन्:

यद्यपि राष्ट्रपतिले यस्तो अधिसूचना जारी गर्नुभन्दा पहिला [1][खण्ड (२)-मा निर्दिष्ट राज्यको संविधानसभाको] सिफारिस आवश्यक हुने छ ।

---

* परिशिष्ट २ हेर्नु होस्।

[1] सं.आ २७२, मिति ५.८.२०१९-को धारा २-द्वारा (५.८.२०१९-देखि) "खण्ड (२) मा निर्दिष्ट "संविधान सभा" का स्थानमा प्रतिस्थापित।

[1]**[३७१.** [2]*** **महाराष्ट्र अनि गुजरात राज्यका सम्बन्धमा विशेष प्रावधान** –[3][(१) * * * * *]

(२) यस संविधानमा जुनसुकै कुरा भए तापनि राज्यपालको कुनै विशेष उत्तरदायित्वका लागि राष्ट्रपतिले [4][महाराष्ट्र वा गुजरात राज्य]-का सम्बन्धमा जारी गरेको आदेशद्वारा–

(क) यथासन्दर्भ विदर्भ, मराठवाडा [5][अनि रहल महाराष्ट्र वा यथासन्दर्भ] सौराष्ट्र, कच्छ अनि रहल गुजरातका प्रत्येक समितिहरूको कार्यकरणमाथि एउटा प्रतिवेदन प्रतिवर्ष राज्यको विधानसभासमक्ष प्रस्तुत गरिने छ भन्ने प्रावधान गर्दै सो सो स्थानका लागि पृथक् विकास समिति स्थापनाका निम्ति;

(ख) सम्पूर्ण राज्यका आवश्यकतालाई ध्यानमा राख्दै उक्त क्षेत्रहरूका विकास सम्बन्धी व्ययका लागि कोषहरूको न्यायोचित आवण्टनका निम्ति; अनि

(ग) सम्पूर्ण राज्यका आवश्यकतालाई ध्यानमा राख्दै उक्त सबै क्षेत्रहरूका सम्बन्धमा प्राविधिक शिक्षा अनि व्यावसायिक प्रशिक्षणका निम्ति पर्याप्त सुविधाहरूको अनि राज्य सरकारको नियन्त्रण अन्तर्गत सेवाहरूमा रोजगारका लागि पर्याप्त अवसरहरूको व्यवस्था गर्ने न्यायोचित व्यवस्था गर्नका निम्ति;

–प्रावधान गर्न सक्ने छन् ।

[6]**[३७१क. नागाल्यान्ड राज्यका सम्बन्धमा विशेष प्रावधान–** (१) यस संविधानमा जुनसुकै कुरा भए तापनि–

(क) संसद्को कुनै अधिनियम–

(i) नागाहरूका धार्मिक एवम् सामाजिक प्रथाहरू;

(ii) नागा रूढिवादी विधि अनि प्रक्रिया;

(iii) नागा रूढीवादी विधिअनुसार निर्णयहरू समावेश गर्ने दिवानी अनि फौजदारी न्यायको प्रशासन;

(iv) भूमि अनि यसका स्रोतहरूको स्वामित्व र हस्तानान्तरण;

–का सम्बन्धमा नागाल्यान्डको विधानसभाले निर्णयद्वारा निधो नगरेसम्म नागाल्यान्ड राज्यमाथि लागु हुने छैन ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २२-द्वारा (१.११.१९५६-देखि) अनुच्छेद ३७१ का स्थानमा प्रतिस्थापित ।

[2] संविधान (बत्तीसौँ संशोधन) अधिनियम, १९७३-को धारा २-द्वारा (१.७.१९७४-देखि) "आन्ध्र प्रदेश" शब्दहरू त्यक्त ।

[3] संविधान (बत्तीसौँ संशोधन) अधिनियम, १९७३-को धारा २-द्वारा (१.७.१९७४-देखि) खण्ड १ त्यक्त ।

[4] बम्बई पुनर्गठन अधिनियम १९६० (१९६०-को धारा ११) को धारा ८५-द्वारा (१.५.१९६०-देखि) " बम्बई राज्य" का स्थानमा प्रतिस्थापित ।

[5] बम्बई पुनर्गठन अधिनियम १९६० (१९६०-को ११) को धारा ८५-द्वारा (१.५.१९६०-देखि) " महाराष्ट्रको रहल भाग" का स्थानमा प्रतिस्थापित

[6] संविधान (तेह्रौँ संशोधन) अधिनियम, १९६२-को धारा २-द्वारा (१.१२.१९६३-देखि) अनुच्छेद ३७१ क अन्तःस्थापित ।

(ख) नागाल्यान्डका राज्यपालका विचारमा यस राज्यको निर्माण हुनु तत्काल अघि नागा पहाडी त्युएनसाङ्ग क्षेत्रमा विद्यमान आन्तरिक अशान्ति त्यस ठाउँमा वा त्यसको कुनै भागमा रहुन्जेल नागाल्यान्ड राज्यमा विधि अनि व्यवस्थाका सम्बन्धमा नागाल्यान्डका राज्यपालको विशेष उत्तरदायित्व रहने छ अनि राज्यपालले त्यस सम्बन्धमा आफ्ना कार्यको निर्वहन गर्दा गरिने कार्यवाहीहरूका बारेमा आफ्नो व्यक्तिगत निर्णयको प्रयोग मन्त्री परिषद्सित परामर्श गरेपछि गर्ने छन्:

यद्यपि कुनै मामिलाका सम्बन्धमा राज्यपालले यस उपखण्ड अन्तर्गत आफ्नो व्यक्तिगत निर्णयको प्रयोग गर्दै कार्य गरून् भन्ने अपेक्षा गरिएको मामिला हो वा होइन भन्ने प्रश्न उठेका खण्डमा राज्यपालले आफ्नो विवेकद्वारा गरेको निर्णय अन्तिम हुने छ अनि राज्यपालद्वारा गरिएको कुनै पनि कुराको वैधतामाथि उनले आफ्नो व्यक्तिगत निर्णयको प्रयोग गर्दै कार्य गर्नुपर्थ्यो वा गर्नुपर्दैन थियो भन्ने कुराका आधारमा प्रश्न उठाइने छैन:

यद्यपि राज्यपालको प्रतिवेदन प्राप्त गरेपछि वा अन्यथा नागाल्यान्ड राज्यमा विधि र व्यवस्थाका सम्बन्धमा राज्यपालले विशेष जिम्मेवारी राख्नु अब आवश्यक छैन भन्ने कुरामा राष्ट्रपति आश्वस्त भएका खण्डमा उनले आदेशद्वारा सो आदेशमा विनिर्दिष्ट मितिदेखि राज्यपाल सो जिम्मेवारीबाट मुक्त हुने छन् भनी निर्देशन दिन सक्ने छन्।

(ग) अनुदानको कुनै मागका सम्बन्धमा नागाल्यान्डका राज्यपालले आफ्नो सिफारिस गर्दा कुनै निर्दिष्ट सेवा वा प्रयोजनका लागि भारतको सर्वसञ्चित कोषबाट भारत सरकारद्वारा दिइएको कुनै धन सो सेवा वा प्रयोजनसित सम्बन्धित अनुदानको मागमा समावेश गरिएको छ र अन्य कुनै मागमा समावेश गरिएको छैन भन्ने कुरालाई नागाल्यान्डका राज्यपालले सुनिश्चित गर्ने छन्;

(घ) नागाल्यान्डका राज्यपालले लोक अधिसूचनाद्वारा यसका निम्ति निर्दिष्ट गरेको मितिबाट त्युएनसाङ्ग जिल्लाका लागि पैंतिसजना सदस्यहरू रहेको एउटा प्रादेशिक परिषद् गठन गरिने छ अनि राज्यपालले–

(i) प्रादेशिक परिषद्को संरचना अनि प्रादेशिक परिषद्को सदस्य चयन गरिने रीति:

–को प्रावधान गर्नका निम्ति आफ्नो विवेकअनुसार नियम बनाउने छन्:

यद्यपि त्युएनसाङ्ग जिल्लाको उपायुक्त प्रादेशिक परिषद्का पदेन अध्यक्ष हुने छन् अनि प्रादेशिक परिषद्का उपाध्यक्ष परिषद्का सदस्यहरूद्वारा उनीहरूमध्येबाटै निर्वाचित गरिने छ;

(ii) प्रादेशिक परिषद्को सदस्य छनोट हुनाका लागि र सदस्य हुनाका लागि योग्यता;

(iii) प्रादेशिक परिषद्का सदस्यहरूको पदावधि अनि ती सदस्यहरूलाई भुक्तानी गर्नुपर्ने वेतन र भत्ताहरू रहेका खण्डमा त्यस्ता वेतन र भत्ताहरू;

(iv) प्रादेशिक परिषद्को प्रक्रिया अनि कार्य सञ्चालन;

(v) प्रादेशिक परिषद्का अधिकारीहरू अनि कर्मचारी वर्गको नियुक्ति र तिनीहरूको सेवाका सर्तहरू; अनि

(vi) प्रादेशिक परिषद्को गठन अनि त्यसको उचित कार्यकरणका निम्ति नियम बनाउन आवश्यक रहेको कुनै अन्य विषय:

–को प्रावधान गर्नका निम्ति आफ्नो विवेकअनुसार नियम बनाउने छन्।

(२) यस संविधानमा जुनसुकै कुरा भए तापनि नागाल्यान्ड राज्यको निर्माण भएको मितिदेखि १० वर्षको अवधिसम्म अथवा प्रादेशिक परिषद्को सिफारिसमा राज्यपालले लोक अधिसूचनाद्वारा यसका निम्ति विनिर्दिष्ट अतिरिक्त अवधिका निम्ति–

(क) त्युएनसाङ्ग जिल्लाको प्रशासन राज्यपालद्वारा चलाइने छ;

(ख) सम्पूर्ण नागाल्यान्ड राज्यका आवश्यकताहरूको पूर्तिका लागि भारत सरकारद्वारा नागाल्यान्ड सरकारलाई कुनै धन दिइएका स्थितिमा राज्यपालले आफ्नो विवेकले त्युएनसाङ्ग जिल्ला लगायत राज्यका अन्य भागहरूमा सो धनको न्यायोचित आवण्टनका लागि प्रबन्ध गर्ने छन्।

(ग) नागाल्यान्डको विधायिकाको कुनै अधिनियम राज्यपालले प्रादेशिक परिषद्को सिफारिसमाथि लोक अधिसूचनाद्वारा निर्देश नगरेसम्म त्युएनसाङ्ग जिल्लामा लागु हुने छैन अनि राज्यपालले यस्तो कुनै अधिनियमका सम्बन्धमा त्यस्तो निर्देश दिँदा त्यो अधिनियम त्युएनसाङ्ग जिल्ला वा त्यसको कुनै भागमा लागु हुँदा राज्यपालले प्रादेशिक परिषद्को सिफारिसमा विनिर्दिष्ट गरेका अपवादहरू वा परिमार्जनहरूका अधिनमा रहेर प्रभावकारी हुने छ भनी निर्देश दिन सक्ने छन्:

यद्यपि, यस उपखण्ड अन्तर्गत दिइएको कुनै निर्देश त्यसको कुनै पूर्व प्रभाव परोस् भनेर दिन सकिने छ;

(घ) राज्यपालले त्युएनसाङ्ग जिल्लाको शान्ति, उन्नति र सुशासनका लागि विनियमहरू बनाउन सक्ने छन् अनि यस प्रकार बनाइएका कुनै पनि विनियमहरूले सो जिल्लामा तत्काल लागु संसद्को कुनै अधिनियमलाई वा अन्य कुनै विधिलाई आवश्यक परेका खण्डमा पूर्व प्रभावसहित निरसन वा संशोधन गर्न सक्ने छन्;

(ङ) (i) नागाल्यान्डको विधानसभामा त्युएनसाङ्ग जिल्लाको प्रतिनिधित्व गर्ने सदस्यहरूमध्ये एकजना सदस्यलाई मुख्यमन्त्रीका परामर्शमा राज्यपालद्वारा त्युएनसाङ्ग मामिला मन्त्रीका रूपमा नियुक्त गरिने छ अनि मुख्यमन्त्रीले आफ्नो सल्लाह दिँदा पूर्वोल्लिखित[1] सदस्यहरूको बहुमतको सिफारिसमा कार्य गर्ने छन् ।

---

[1] संविधान(कठिनाहरूको निराकरण) आदेश सङ्ख्या १०-को परिच्छेद २ मा भारतको संविधानको अधिनियम ३७१ क यसको खण्ड २-को उपखण्ड (ङ) को परिच्छेद (१) मा निम्नलिखित उपबन्ध जोडिए झैं गरी (१.१२.१९६३-देखि) प्रभावी हुने छ भन्ने प्रावधान रहेको छ-

"यद्यपि राज्यपालले मुख्यमन्त्रीका परामर्शअनुसार नागाल्यान्डको विधानसभामा त्युएनसाङ्ग जिल्लाका निम्ति आवन्टित स्थानहरूका पूर्तिका लागि विधिअनुसार व्यक्तिहरू चयनित नभएसम्म कुनै पनि व्यक्तिलाई त्युएनसाङ्ग मामिला मन्त्रीका रूपमा नियुक्त गर्न सक्ने छन्।"

(ii) त्युएनसाङ्ग जिल्लासँग सम्बन्धित सबै विषयहरूका निम्ति त्युएनसाङ्ग मामिला मन्त्रीले कार्य गर्ने छन् अनि त्यस सम्बन्धमा राज्यपालसम्म तिनको सोझो पहुँच रहने छ तर तिनले मुख्यमन्त्रीलाई त्यसबारे अवगत गराइराख्ने छन्;

(च) यस खण्डभित्रका पूर्वोल्लिखित प्रावधानहरूमा जुनसुकै कुरा भए तापनि त्युएनसाङ्ग जिल्लासँग सम्बन्धित सम्पूर्ण विषयहरूमा राज्यपालले आफ्नो विवेकअनुसार अन्तिम निर्णय लिने छन्;

(छ) अनुच्छेद ५४ र ५५ अनि अनुच्छेद ८० को खण्ड (४)-मा राज्यको विधानसभाका निर्वाचित सदस्यहरूप्रतिको अथवा यस्ता प्रत्येक सदस्यहरूप्रतिका निर्देशहरूमा यस अनुच्छेद अन्तर्गत स्थापित प्रादेशिक परिषद्द्वारा निर्वाचित नागाल्यान्डको विधानसभाका सदस्यहरू वा सदस्यप्रतिका निर्देशहरू समाविष्ट हुने छन्;

(ज) अनुच्छेद १७०-मा–

(i) "साठ्ठी" शब्दको स्थानमा "छयालीस" शब्दलाई प्रतिस्थापित गरिए झैं गरी खण्ड (१), नागाल्यान्डको विधानसभाका सम्बन्धमा प्रभावकारी हुने छ ;

(ii) उक्त खण्डमा निर्दिष्ट राज्यका प्रादेशिक निर्वाचन क्षेत्रहरूबाट प्रत्यक्ष निर्वाचनप्रतिको निर्देशमा यसै अनुच्छेद अन्तर्गत स्थापित प्रादेशिक परिषद्का सदस्यहरूद्वारा गरिएको निर्वाचन समाविष्ट हुने छ;

(iii) खण्ड (२) अनि (३)-मा निर्दिष्ट प्रादेशिक निर्वाचन क्षेत्रहरूप्रतिको निर्देशले कोहिमा अनि मोकोकचुङ जिल्लाहरूमा भएका प्रादेशिक निर्वाचन क्षेत्रहरूप्रतिको निर्देशलाई बुझाउने छ।

(३) यस अनुच्छेदका पूर्वोल्लिखित प्रावधानहरूमध्ये कुनै पनि प्रावधानलाई प्रभावकारी बनाउन कुनै समस्या उत्पन्न भएका खण्डमा राष्ट्रपतिले आदेशद्वारा उनलाई सो समस्या हटाउने प्रयोजनका निम्ति आवश्यक लागेको कुनै पनि कार्य (यस अन्तर्गत कुनै अन्य अनुच्छेदको अनुकूलन अथवा परिमार्जन समाविष्ट छ) गर्न सक्ने छन्:

यद्यपि नागाल्यान्ड राज्य गठन भएको दिनदेखि तीन वर्षको समाप्तिपछि यस्तो कुनै पनि आदेश दिइने छैन।

*स्पष्टीकरण*– नागाल्यान्ड राज्य अधिनियम, १९६२-मा रहेको अर्थ नै यस अनुच्छेदमा कोहिमा, मोकोकचुङ अनि त्युएनसाङ्ग जिल्लाहरूका अर्थ हुने छ।

[1][**३७१ ख. असम राज्यका सम्बन्धमा विशेष प्रावधान**– यस संविधानमा जुनसुकै कुरा भए तापनि राष्ट्रपतिले असम राज्यका सम्बन्धमा जारी गरिएको आदेशद्वारा छैटौँ अनुसूचीको परिच्छेद २० सँग

---

[1] संविधान (बाइसौँ संशोधन) अधिनियम, १९६९-को धारा ४-द्वारा (२५.९.१९६९-देखि) अन्तः स्थापित।

संलग्न सारिणीको [1][भाग १]-मा विनिर्दिष्ट जनजाति क्षेत्रहरूबाट निर्वाचित त्यस विधानसभाका सदस्यहरू अनि आदेशमा विनिर्दिष्ट गरे जति त्यस विधानसभाका अरू सदस्यहरू मिलेर गठन हुने यस राज्यको विधानसभाको एउटा समितिको गठन अनि त्यसका कार्यहरूका लागि तथा यस्तो समितिको गठन अनि त्यसको उपयुक्त कार्यकरिताका निम्ति त्यस विधानसभाको प्रक्रियाका नियमहरूमा गरिने परिमार्जनहरूका लागि प्रावधान गर्न सक्ने छन् ।]

[2][**३७१ ग. मणिपुर राज्यका सम्बन्धमा विशेष प्रावधान** – (१) यस संविधानमा जुनसुकै कुरा भए तापनि राष्ट्रपतिले मणिपुर राज्यका सम्बन्धमा जारी गरिएको आदेशद्वारा त्यस राज्यका पहाडी क्षेत्रहरूबाट निर्वाचित त्यस विधानसभाका सदस्यहरू मिलेर गठन हुने यस राज्यको विधानसभाको एउटा समितिको गठन तथा त्यसका कार्यहरूका निम्ति सरकारका कामकाजका नियमहरूमा अनि राज्यको विधानसभाको प्रक्रियाका नियमहरूमा गरिने परिमार्जनहरूका लागि र यस्तो समितिको उपयुक्त कार्यकरिता सुनिश्चित गर्ने उद्देश्यले राज्यपालको कुनै विशेष उत्तरदायित्वका लागि प्रावधान गर्न सक्ने छन् ।

(२) प्रतिवर्ष वा राष्ट्रपतिद्वारा आवश्यक ठानिएको कुनै पनि समयमा राज्यपालले मणिपुर राज्यका पहाडी क्षेत्रहरूको प्रशासनका सम्बन्धमा राष्ट्रपतिलाई प्रतिवेदन दिने छन् अनि सङ्घको कार्यपालिका शक्तिको विस्तार उक्त क्षेत्रहरूको प्रशासनबारे राज्यलाई निर्देश दिने कार्यसम्म हुने छ ।

*स्पष्टीकरण*– यस अनुच्छेदमा "पहाडी क्षेत्रहरू" पदावलीले राष्ट्रपतिले आदेशद्वारा पहाडी क्षेत्र घोषित गर्नसक्ने क्षेत्र बुझाउँछ ।]

[3][**३७१घ.** [4]**[आन्ध्र प्रदेश राज्य वा तेलङ्गना राज्यका] सम्बन्धमा विशेष प्रावधानहरू]** – [5][(१) राष्ट्रपतिले आन्ध्र प्रदेश राज्य वा तेलङ्गना राज्यका सम्बन्धमा जारी गरिएको आदेशद्वारा प्रत्येक राज्यका आवश्यकताहरूलाई ध्यानमा राख्दै यस्ता राज्यका विभिन्न भागहरूका मानिसहरूका लागि सरकारी रोजगार अनि शिक्षाका विषयमा न्यायोचित अवसरहरू एवम् सुविधाहरूका लागि प्रावधान गर्न सक्ने छन् अनि यस्ता राज्यहरूका विभिन्न भागहरूका लागि बेग्लाबेग्लै प्रावधानहरू गर्न सकिने छ ।]

---

[1] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) को धारा ७१-द्वारा (२१.१.१९७२-देखि) "भाग क" का स्थानमा प्रतिस्थापित ।

[2] संविधान (सत्ताइसौँ संशोधन) अधिनियम, १९७१-को धारा ५-द्वारा (१५.२.१९७२-देखि) अधिनियम ३७१ घ अन्तः स्थापित ।

[3] संविधान (बत्तिसौँ संशोधन) अधिनियम, १९७३-को धारा ३-द्वारा (१.७.१९७४-देखि) अनुच्छेद ३७१ घ अनि ३७१ ङ अन्तःस्थापित ।

[4] आन्ध्र प्रदेश पुनर्गठन अधिनियम, २०१४ (२०१४-को ६), धारा ९७-द्वारा (२.६.२०१४-देखि) "आन्ध्र प्रदेश राज्य" का स्थानमा प्रतिस्थापित ।

[5] आन्ध्र प्रदेश पुनर्गठन अधिनियम, २०१४-को धारा ९७-द्वारा (२.६.२०१४-देखि) खण्ड (१) का स्थानमा प्रतिस्थापित ।

(२) खण्ड (१) अन्तर्गत जारी गरिएको आदेशले विशेष गरेर –

(क) राज्य सरकारसँग राज्यको नागरिक सेवामा पदहरूको कुनै वर्ग वा वर्गहरूको अथवा राज्य अन्तर्गत नागरिक सेवा पदहरूको कुनै वर्ग वा वर्गहरूको राज्यका विभिन्न भागहरूका लागि बेग्लै स्थानीय संवर्गमा गठन गरियोस् भन्ने अनि यस प्रकार गठित स्थानीय संवर्गहरूमा यस्ता पदहरू धारण गर्ने व्यक्तिहरूलाई आदेशमा विनिर्दिष्ट सिद्धान्तहरू अनि प्रक्रियाअनुसार आवण्टन गरियोस् भन्ने अपेक्षा गर्न सक्छ;

(ख) राज्यको कुनै भाग वा भागहरूलाई–

(i) राज्य सरकार अन्तर्गत कुनै स्थानीय संवर्गमा [चाहे त्यसको गठन यस अनुच्छेद अन्तर्गत आदेशको अनुसरणमा वा अन्यथा गरिएको छ] पदहरूका निम्ति प्रत्यक्ष भर्तीका लागि;

(ii) राज्यभित्र कुनै स्थानीय प्राधिकारी अन्तर्गत कुनै संवर्गका पदहरूका निम्ति प्रत्यक्ष भर्तीका लागि; अनि

(iii) राज्यभित्र कुनै विश्वविद्यालयमा वा राज्य सरकारको नियन्त्रण अन्तर्गत कुनै अन्य शिक्षा संस्थानमा प्रवेशको प्रयोजनका लागि;

–स्थानीय क्षेत्र मानिने भनी विनिर्दिष्ट गर्न सक्ने छ।

(ग) आदेशमा विनिर्दिष्ट कुनै पनि अवधिसम्म यथासन्दर्भ यस्तो संवर्ग विश्वविद्यालय वा अन्य शैक्षणिक संस्थानका सम्बन्धमा स्थानीय क्षेत्रमा निवास गरेका वा अध्ययन गरेका प्रार्थीहरूलाई वा उनीहरूका पक्षमा –

(i) आदेशमा विनिर्दिष्ट गरिएको उपखण्ड (ख)-मा निर्दिष्ट कुनै संवर्गका पदहरूका लागि प्रत्यक्ष भर्तीका विषयमा;

(ii) आदेशमा विनिर्दिष्ट उपखण्ड (ख)-मा निर्दिष्ट विश्वविद्यालय वा अन्य शिक्षा संस्थानमा प्रवेशका विषयमा;

प्राथमिकता वा आरक्षण दिइने वा गरिने सीमा, तरिका अनि सर्तहरू विनिर्दिष्ट गर्न सक्ने छ।

(३) राष्ट्रपतिले आदेशद्वारा [1][आन्ध्र प्रदेश र तेलङ्गना राज्यका लागि] एउटा प्रशासनिक अधिकरणको गठनका निम्ति आदेशमा विनिर्दिष्ट अधिकारक्षेत्र, शक्ति र प्राधिकारको [यस अन्तर्गत संविधान (बत्तीसौँ संशोधन) अधिनियम, १९७३ लागु हुन तत्काल अघि (सर्वोच्च न्यायालयभन्दा बेग्लै) कुनै न्यायालय अथवा कुनै न्यायाधिकरण वा अन्य प्राधिकारीद्वारा प्रयोज्य अधिकारक्षेत्र, शक्ति र प्राधिकार समाविष्ट छ]– प्रयोग गर्नाका लागि निम्नलिखित विषयहरूका सम्बन्धमा प्रावधान गर्न सक्ने छन् –

---

[1] आन्ध्र प्रदेश पुनर्गठन अधिनियम, २०१४ (२०१४-को ६), धारा ९७-द्वारा (२.६.२०१४-देखि) "आन्ध्र प्रदेश राज्य" का स्थानमा प्रतिस्थापित।

(क) आदेशमा विनिर्दिष्ट राज्यको कुनै नागरिक सेवामा भएका पदहरूको वर्ग वा वर्गहरूमा अथवा राज्य अन्तर्गत लोक सेवामा भएका पदहरूको वर्ग वा वर्गहरूमा अथवा राज्यभित्र कुनै स्थानीय प्राधिकारीको नियन्त्रण अन्तर्गतका पदहरूको वर्ग वा वर्गहरूमा नियुक्ति, आवण्टन वा पदोन्नति;

(ख) आदेशमा विनिर्दिष्ट राज्यको कुनै नागरिक सेवामा भएका पदहरूको वर्ग वा वर्गहरूमा अथवा राज्य अन्तर्गत नागरिक सेवामा भएका पदहरूको वर्ग वा वर्गहरूमा अथवा राज्यभित्र कुनै स्थानीय प्राधिकारीको नियन्त्रण अन्तर्गतका पदहरूको वर्ग वा वर्गहरूमा नियुक्त, आवण्टित वा पदोन्नत व्यक्तिहरूको वरिष्ठता;

(ग) आदेशमा विनिर्दिष्ट राज्यको कुनै नागरिक सेवामा भएका पदहरूको वर्ग वा वर्गहरूमा अथवा राज्य अन्तर्गत नागरिक सेवामा भएका पदहरूको वर्ग वा वर्गहरूमा अथवा राज्यभित्र कुनै स्थानीय प्राधिकारीको नियन्त्रण अन्तर्गतका पदहरूको वर्ग वा वर्गहरूमा नियुक्त, आवण्टित वा पदोन्नत व्यक्तिहरूका सेवाका अन्य सर्तहरू।

(४) खण्ड (३) अन्तर्गत गरिएको आदेशले–

(क) राष्ट्रपतिले आदेशमा विनिर्देश गरेको प्रशासनिक अधिकरणको अधिकारक्षेत्रभित्रको कुनै विषयसित सम्बन्धित उजुरीहरूको निवारणका निम्ति अभ्यावेदन प्राप्त गर्नाका लागि अनि त्यसमाथि सो अधिकरणलाई उपयुक्त लागेको यस्तो आदेश गर्नाका लागि प्रशासनिक अधिकरणलाई प्राधिकृत गर्न सक्ने छ;

(ख) राष्ट्रपतिले आवश्यक ठानेका प्रशासनिक न्यायाधिकरणका शक्तिहरू र प्राधिकारहरू अनि प्रक्रियाका सम्बन्धमा प्रावधान (यस अन्तर्गत प्रशासनिक अधिकरण स्वयम्का अवमानका लागि दण्डित गर्ने शक्तिहरूका सम्बन्धमा पनि प्रावधान समाविष्ट छ) समावेश गर्न सक्ने छ;

(ग) आदेशमा विनिर्दिष्ट प्रशासनिक न्यायाधिकरणलाई त्यसको अधिकार क्षेत्रभित्र पर्ने विषयहरूसित सम्बन्धित अनि सो आदेश लागु हुन तुरुन्त अघि [सर्वोच्च न्यायालयभन्दा भिन्न] कुनै न्यायालय अथवा कुनै न्यायाधिकरण वा अन्य प्राधिकारी समक्ष थातीमा रहेका कार्यवाहीहरूका वर्गहरूको स्थानानन्तरणका लागि प्रावधान गर्न सक्ने छ;

(घ) राष्ट्रपतिले आवश्यक ठानेका अनुपूरक, आनुषङ्गिक अनि पारिणामिक प्रावधान [यस अन्तर्गत शुल्कबारे र परिसीमा, साक्षीका बारेमा वा तत्समय प्रवृत्ति कुनै विधिलाई कुनै पनि अपवादहरू वा परिमार्जन अन्तर्गत रहँदै लागु गर्नाका लागि प्रावधान समाविष्ट छ] समाविष्ट गर्न सक्ने छ।

*(५) राज्य सरकारले प्रशासनिक अधिकरणको कुनै पनि मुद्दालाई अन्तिम रूपले समाधान गर्ने आदेशको पुष्टि गरेको समय वा सो आदेश दिइएको मितिबाट तीन महिनाको अवधिको समाप्तिमध्ये जुन पहिले हुन्छ सो दिनदेखि सो आदेश प्रभावकारी रहने छ:

यद्यपि राज्य सरकारले लिखित रूपमा र कारणहरू विनिर्दिष्ट गरी जारी गरिएको विशेष आदेशद्वारा प्रशासनिक अधिकरणको कुनै आदेशलाई सो प्रभावकारी हुन अघि परिमार्जन वा रद्द गर्न सक्ने छ र यस्तो मामिलामा प्रशासनिक न्यायाधिकरणको आदेश केवल यस्तो परिमार्जित रूपमा मात्र प्रभावकारी रहने छ अथवा यथासन्दर्भ निष्प्रभावी रहने छ।

(६) राज्य सरकारद्वारा खण्ड (५)-को उपबन्ध अन्तर्गत जारी गरिएको प्रत्येक आदेश जारी गरिसकेपछि जतिसक्दो चाँडो राज्य विधायिकाको दुवै सदन समक्ष राखिने छ।

(७) राज्यको उच्च न्यायालयलाई प्रशासनिक न्यायाधिकरणमा अधीक्षणको शक्ति हुने छैन अनि (सर्वोच्च न्यायालयभन्दा भिन्न) कुनै न्यायालय अथवा कुनै न्यायाधिकरणले प्रशासनिक न्यायाधिकरणको वा त्यससँग सम्बन्धित अधिकारक्षेत्र, शक्ति वा प्राधिकारको अधीनमा कुनै अधिकारक्षेत्र, शक्ति वा प्राधिकारको प्रयोग गर्ने छैन।

(८) प्रशासनिक अधिकरणको निरन्तर अस्तित्व आवश्यक छैन भन्ने कुरामा राष्ट्रपति आश्वस्त भएका खण्डमा राष्ट्रपतिले आदेशद्वारा प्रशासनिक अधिकरणलाई निरस्त गर्न सक्ने छन् अनि यसरी निरस्त गर्न तत्काल अघि अधिकरणमा थातीमा रहेका मामिलाहरूको स्थानान्तरण गर्न र समाधानका लागि यस्ता आदेशमा उनलाई उपयुक्त लागेको प्रावधान गर्न सक्ने छन्।

(९) (क) कुनै न्यायालय, अधिकरण वा अन्य प्राधिकारीको कुनै निर्णय, डिक्री वा आदेश जुनसुकै कुरा भए तापनि–

(i) १ नोभेम्बर, १९५६-भन्दा पहिला यथाविद्यमान हैदराबाद राज्यको सरकार अन्तर्गत वा सो राज्यभित्रको कुनै स्थानीय प्राधिकारी अन्तर्गत सो मितिभन्दा पहिला कुनै पदमा; अथवा

(ii) संविधान (बत्तीसौँ संशोधन) अधिनियम, १९७३ लागु हुनअघि आन्ध्र प्रदेश राज्य सरकार अन्तर्गत वा सो राज्यभित्रको कुनै स्थानीय वा अन्य प्राधिकारी अन्तर्गत कुनै पदमा;

-रहेको कुनै व्यक्तिको नियुक्ति, पदस्थापना, पदोन्नति वा स्थानान्तरण अनि

(ख) उपखण्ड (क)-मा निर्दिष्ट कुनै व्यक्तिद्वारा वा उनीसमक्ष गरिएका कुनै कार्यवाही वा कुरा,

---

* सर्वोच्च न्यायालयले *पी. सांवभामूर्थी अनि* अन्य *बनाम आन्ध्र प्रदेश राज्य अनि अन्य* (१९८७) १ एस. सी. सी. ३६२ मा अनुच्छेद ३७१ घ को खण्ड (५) अनि त्यसका उपबन्धलाई असंवैधानिक अनि निष्प्रभावी घोषणा गरियो ।

-केवल यस्ता व्यक्तिको नियुक्ति, पदस्थापना, पदोन्नति वा स्थानान्तरण त्यसबेला प्रवृत्त यस्ता नियुक्ति पदस्थापना, पदोन्नति वा स्थानान्तरणका सम्बन्धमा यथासन्दर्भ हैदराबाद राज्यभित्र वा आन्ध्र प्रदेश राज्यको कुनै पनि भागभित्र निवासका बारेमा कुनै आवश्यकताको प्रावधान गर्ने कुनै विधिअनुसार नगरिएकै आधारमा मात्र सो नियुक्ति, पदस्थापना, पदोन्नति वा स्थानान्तरणलाई अवैध वा निष्क्रिय ठानिने छैन वा कहिले पनि अवैध वा निष्क्रिय रहेको ठानिने छैन।

(१०) यस संविधानको अन्य कुनै प्रावधानमा वा तत्कालीन प्रवृत्त कुनै अन्य विधिमा जुनसुकै कुरा भए तापनि यस अनुच्छेदका प्रावधानहरू अनि यस अन्तर्गत राष्ट्रपतिद्वारा जारी गरिएको कुनै आदेश प्रभावकारी हुने छ।

**३७१ङ. आन्ध्र प्रदेशमा केन्द्रीय विश्यविद्यालयको स्थापना** – संसद्ले विधिद्वारा आन्ध्र प्रदेश राज्यमा एउटा विश्वविद्यालयको स्थापनाका लागि प्रावधान गर्न सक्ने छ।]

[1]**[३७१च. सिक्किम राज्यका सम्बन्धमा विशेष प्रावधान**– यस संविधानमा जुनसुकै कुरा भए तापनि–

(क) सिक्किम राज्यको विधानसभा कम्तीमा तीस जना सदस्यहरू मिलेर गठित हुने छ;

(ख) संविधान (छत्तीसौँ संशोधन) अधिनियम, १९७५ लागु भएको मितिदेखि–(यसलाई यस अनुच्छेदमा यसपछि तोकिएको दिन भनेर निर्दिष्ट गरिएको छ।)

(i) अप्रेल, १९७४-मा सिक्किममा भएको निर्वाचनहरूको परिणामस्वरूप उक्त निर्वाचनहरूमा निर्वाचित बत्तीस सदस्यहरू [यसलाई यसपछि आसीन सदस्य भनेर निर्दिष्ट गरिएको छ] द्वारा बनिएको सिक्किमको विधानसभालाई यस संविधान अन्तर्गत विधिवत् रूपले गठित सिक्किम राज्यको विधानसभा ठानिने छ।

(ii) आसीन सदस्यहरू यस संविधान अन्तर्गत विधिवत् रूपले निर्वाचित सिक्किम राज्यको विधानसभाका सदस्य ठानिने छन्, अनि

(iii) सिक्किम राज्यको उक्त विधानसभाले यस संविधान अन्तर्गत राज्यको विधानसभाका शक्तिहरूको प्रयोग र कार्यहरूको पालन गर्ने छ।

---

[1] संविधान (छत्तिसौँ संशोधन) अधिनियम, १९७५-को धारा ३-द्वारा अनुच्छेद ३७१ च (२६.४.१९७५-देखि) अन्तः स्थापित।

(ग) खण्ड (ख) अन्तर्गत सिक्किम राज्यको विधानसभा मानिएको विधानसभाका स्थितिमा अनुच्छेद १७२-को खण्ड (१)-मा [1][पाँच वर्ष] अवधिप्रतिका निर्देशहरूलाई ती [2][चार वर्ष] अवधिप्रतिका निर्देश हुन् भन्ने अर्थ लगाइने छ अनि [2][चार वर्ष]-को उक्त अवधि तोकिएको दिनदेखि प्रारम्भ भएको ठानिने छ;

(घ) संसद्ले विधिद्वारा अन्य प्रावधान नगरुन्जेल सिक्किम राज्यलाई लोकसभामा एउटा आसन आवण्टित गरिने छ अनि सिक्किम राज्यले सिक्किम संसदीय निर्वाचन क्षेत्र भनिने एउटा निर्वाचन क्षेत्र गठन गर्ने छ;

(ङ) तोकिएका दिनमा अस्तित्वमा रहेको लोकसभामा सिक्किम राज्यका प्रतिनिधि सिक्किम राज्यको विधानसभाका सदस्यहरूद्वारा निर्वाचित गरिने छ;

(च) सिक्किमका जनताका विभिन्न भागहरूको अधिकार र हितहरूको संरक्षण गर्ने प्रयोजनका लागि सो भागहरूसँग सम्बन्धित प्रार्थीहरूद्वारा भर्न सकिने सिक्किम राज्यको विधानसभामा आसनहरूको सङ्ख्याका निम्ति र सिक्किम राज्यको विधानसभाको निर्वाचनका लागि केवल सो भागहरूसँग सम्बन्धित प्रार्थीले मात्र उम्मेदवारी दिन सक्ने विधानसभा निर्वाचन क्षेत्रहरूको परिसीमनका लागि संसद्ले प्रावधान गर्न सक्ने छ;

(छ) शान्तिका लागि र सिक्किमका जनताका विभिन्न भागहरूको सामाजिक एवम् आर्थिक उन्नति सुनिश्चित गर्नाका लागि न्यायोचित व्यवस्था गर्न सिक्किमका राज्यपालको विशेष उत्तरदायित्व हुने छ अनि यस खण्ड अन्तर्गत आफ्नो विशेष उत्तरदायित्वको निर्वहनमा सिक्किमका राज्यपालले राष्ट्रपतिले समय समयमा जारी गर्न उपयुक्त ठानेका निर्देशहरूका अधीनमा रही आफ्नो विवेकले कार्य गर्ने छन्;

(ज) तोकिएको दिनभन्दा तत्काल अघि सिक्किम सरकारमा वा सिक्किम सरकारका प्रयोजनका लागि कुनै अन्य प्राधिकारी वा व्यक्तिमा निहित रहेका सबै सम्पत्ति र सम्पदाहरू नियत दिनदेखि सिक्किम राज्यको सरकारमा [चाहे त्यो सिक्किम राज्यमा समाविष्ट राज्यक्षेत्र भित्र होस् वा राज्यक्षेत्र बाहिर] निहित हुने छन्;

---

[1] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५६-द्वारा (३.१.१९७७-देखि) "पाँच वर्ष" का स्थानमा प्रतिस्थापित अनि त्यसपछि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४३-द्वारा (६.९.१९७९-देखि) "छ वर्ष" का स्थानमा प्रतिस्थापित।

[2] संविधान (बयालिसौँ संशोधन) अधिनियम, १९७६-को धारा ५६-द्वारा (३.१.१९७७-देखि "चार वर्ष" का स्थानमा प्रतिस्थापित, अनि त्यसपछि संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-को धारा ४३-द्वारा (६.९.१९७९-देखि) "पाँच वर्ष" का स्थानमा प्रतिस्थापित।

(झ) सिक्किम राज्यमा समाविष्ट राज्यक्षेत्रहरूमा तोकिएको दिनभन्दा तत्काल अघि उच्च न्यायालयका रूपमा कार्यरत उच्च न्यायालयलाई सो तोकिएको दिनदेखि सिक्किम राज्यको उच्च न्यायालय ठानिने छ;

(ञ) सिक्किम राज्यको राज्यक्षेत्रभरि दिवानी, फौजदारी अनि राजस्व अधिकारक्षेत्र भएका सम्पूर्ण न्यायालयहरूले अनि सबै न्यायिक, कार्यकारी र अनुसचिवीय अधिकारीहरूले र प्राधिकारीहरूले तोकिएको दिनदेखि यस संविधानका प्रावधानहरूका अधीनमा रही आफ्ना–आफ्ना कार्यहरू निरन्तर गरिरहने छन्;

(ट) सिक्किम राज्यमा समाविष्ट राज्यक्षेत्रमा वा त्यसको कुनै भागमा सो तोकिएको दिनभन्दा तत्काल अघि प्रवृत्त सम्पूर्ण विधिहरू त्यहाँ कुनै सक्षम विधायिका वा अन्य सक्षम प्राधिकारीद्वारा त्यसको संशोधन वा निरसन नगरिन्जेल प्रवृत्त बनिरहने छन्;

(ठ) सिक्किम राज्यको प्रशासनका सम्बन्धमा खण्ड (ट)-मा निर्दिष्ट विधिको प्रयोगलाई सुगम बनाउने प्रयोजनका लागि अनि कुनै यस्तो विधिका प्रावधानहरूलाई यस संविधानको प्रावधानअनुरूप बनाउने प्रयोजनका लागि राष्ट्रपतिले नियत दिनदेखि दुई वर्षभित्रमा आदेशद्वारा निरसन वा संशोधनका रूपमा आवश्यक वा उपयुक्त लागेका यस्तो विधिको अनुकूलन र परिमार्जनहरू गर्न सक्ने छन् अनि त्यसबेला यस्तो प्रत्येक विधि यसप्रकार गरिएका अनुकूलनहरू र परिमार्जनहरूका अधीनमा रही प्रभावकारी हुने छ अनि कुनै यस्तो अनुकूलन वा परिमार्जनमाथि कुनै न्यायालयमा प्रश्न उठाइने छैन;

(ड) नियत दिनभन्दा अघि गरिएको वा निष्पादित गरिएको र भारत सरकार वा त्यसको पूर्ववर्ती कुनै सरकार पक्षकार रहेका कुनै सन्धि, अनुबन्ध, वचनबद्धता वा यस्ता कुनै लिखत भएका खण्डमा सर्वोच्च न्यायालय वा कुनै न्यायालयलाई सिक्किमका सम्बन्धमा त्यसबाट उत्पन्न कुनै विवाद वा अन्य विषयमा अधिकारक्षेत्र हुने छैन, तर यस खण्डको कुनै कुराबारे त्यसले अनुच्छेद १४३-का प्रावधानहरूको न्यूनीकरण गर्दछ भन्ने अर्थ लगाइने छैन;

(ढ) सिक्किम राज्यका लागि उपयुक्त लागेका प्रतिबन्धहरू वा परिमार्जनहरूसहित राष्ट्रपतिले लोक अधिसूचनाद्वारा सो अधिसूचना जारी गरिएको मितिमा भारतको कुनै राज्यमा प्रवृत्त भएका कुनै पनि अधिनियमितिको विस्तार गर्न सक्ने छन्;

(ण) यस अनुच्छेदका पूर्वोल्लिखित प्रावधानहरूमध्ये कुनै प्रावधानलाई प्रभावकारी बनाउन कुनै समस्या उत्पन्न भएका खण्डमा राष्ट्रपतिले आदेशद्वारा * सो समस्या समाधान गर्ने प्रयोजनका लागि उनलाई आवश्यक लागेको कुनै पनि कुरा (यस अन्तर्गत अन्य कुनै अनुच्छेदको कुनै अनुकूलन वा परिमार्जन समाविष्ट छन्) गर्न सक्ने छन्:

* संविधान (समस्याहरूको निराकरण) आदेश सङ्ख्या ११ (स.आ. ९९) हेर्नुहोस्।

यद्यपि तोकिएको दिनदेखि दुई वर्ष समाप्त भएपछि यस्तो कुनै पनि आदेश जारी गरिने छैन;

(त) सिक्किम राज्य वा त्यसमा समाविष्ट राज्यक्षेत्रहरूमा वा तिनका सम्बन्धमा तोकिएको दिनमा प्रारम्भ हुने र संविधान (छत्तीसौँ संशोधन) अधिनियम, १९७५ ले राष्ट्रपतिको अनुमति प्राप्त गरेको मितिभन्दा ठिक अघि समाप्त हुने अवधिभित्रमा गरिएका सबै कुरा अनि लिइएका सबै कार्यवाहीहरू यो संविधान (छत्तीसौँ संशोधन) अधिनियम, १९७५-द्वारा यथासंशोधित र यसै संविधानका प्रावधान अनुरूप रहेसम्म सम्पूर्ण प्रयोजनहरूका लागि यस प्रकार यथासंशोधित यस संविधान अन्तर्गत विधिसम्मत गरिएको वा लिइएको ठानिने छ।]

[1][**३७१छ. मिजोरम राज्यका सम्बन्धमा विशेष प्रावधान**– यस संविधानमा जुनसुकै कुरा भए तापनि –

(क) संसद्को कुनै अधिनियम–

(i) मिजोहरूको धार्मिक एवम् सामाजिक प्रथाहरू;

(ii) मिजो रूढिवादी विधि अनि प्रक्रिया;

(iii) मिजो रूढिवादी विधिअनुसार निर्णयहरू समावेश गर्ने दिवानी अनि फौजदारी न्यायको प्रशासन;

(iv)भूमि अनि यसका स्रोतहरूको स्वामित्व र हस्तानान्तरण;

–विषयहरूका सम्बन्धमा मिजोरमको विधानसभाले निर्णयद्वारा निधो नगरेसम्म मिजोरम राज्यलाई लागु हुने छैन:

यद्यपि यस खण्डको कुनै कुरा संविधान (त्रिपन्नौँ संशोधन) अधिनियम, १९८६ लागु हुन तत्काल अघि मिजोरम सङ्घ राज्यक्षेत्रमा प्रवृत्त कुनै केन्द्रीय अधिनियममाथि लागु हुने छैन–

(ख) मिजोरम राज्यको विधानसभा कम्तीमा चालिस जना सदस्यहरू मिलेर गठित हुने छ।]

[2][**३७१ज. अरुणाचल प्रदेश राज्यका सम्बन्धमा विशेष प्रावधान**– यस संविधानमा जुनसुकै कुरा भए तापनि–

(क) अरुणाचल प्रदेश राज्यमा विधि अनि व्यवस्थाका सम्बन्धमा अरुणाचल प्रदेशका राज्यपालको विशेष उत्तरदायित्व रहने छ अनि राज्यपालले त्यस सम्बन्धमा आफ्नो कार्यहरूको निर्वहन गर्दा गरिने कार्यवाहीहरूका बारेमा आफ्नो व्यक्तिगत निर्णयको प्रयोग मन्त्री परिषद्सित परामर्श गरेपछि गर्ने छन्:

---

[1] संविधान (त्रिपन्नौँ संशोधन) अधिनियम, १९८६-को धारा २-द्वारा (२०.२.१९८७-देखि) अधिनियम ३७१ छ अन्तःस्थापित।

[2] संविधान (पचपन्नौँ संशोधन) अधिनियम, १९८६-को धारा २-द्वारा अधिनियम ३७१ ज अन्तःस्थापित।

यद्यपि कुनै मामिलाका सम्बन्धमा राज्यपालले यस खण्ड अन्तर्गत आफ्नो व्यक्तिगत निर्णयको प्रयोग गर्दै कार्य गरून् भन्ने अपेक्षा गरिएको मामिला हो वा होइन भन्ने प्रश्न उठेका खण्डमा राज्यपालले आफ्नो विवेकद्वारा गरेको निर्णय अन्तिम हुने छ अनि राज्यपालद्वारा गरिएको कुनै पनि कुराको वैधतामाथि उनले आफ्नो व्यक्तिगत निर्णयको प्रयोग गर्दै कार्य गर्नुपर्थ्यो वा गर्नुपर्दैन थियो भन्ने कुराका आधारमा प्रश्न उठाइने छैन:

यद्यपि राज्यपालको प्रतिवेदन प्राप्त गरेपछि वा अन्यथा अरुणाचल प्रदेश राज्यमा विधि र व्यवस्थाका सम्बन्धमा राज्यपालले विशेष जिम्मेवारी राख्नु अब आवश्यक छैन भन्ने कुरामा राष्ट्रपति आश्वस्त भएका खण्डमा उनले आदेशद्वारा सो आदेशमा विनिर्दिष्ट मितिदेखि राज्यपाल सो जिम्मेवारीबाट मुक्त हुने छन् भनी निर्देशन दिन सक्ने छन्।

(ख) अरुणाचल प्रदेश राज्यको विधानसभा कम्तीमा तीस जना सदस्यहरू मिलेर गठित हुने छ।]

[1]**[३७१झ. गोवा राज्यका सम्बन्धमा विशेष प्रावधान**– यस संविधानमा जुनसुकै कुरा भए तापनि गोवा राज्यको विधानसभा कम्तीमा तीस जना सदस्यहरू मिलेर गठित हुने छ।]

[2][**३७१ञ. कर्नाटक राज्यका सम्बन्धमा विशेष प्रावधान**– १) राष्ट्रपतिले राज्यपालको कुनै विशेष उत्तरदायित्वका लागि कर्नाटक राज्यका सम्बन्धमा गरिएको आदेशद्वारा–

(क) हैदराबाद–कर्नाटक क्षेत्र विकास बोर्डको कार्यकरणमाथि एउटा प्रतिवेदन प्रतिवर्ष राज्यको विधानसभा समक्ष प्रस्तुत गरिने छ भन्ने प्रावधान गर्दै हैदराबाद–कर्नाटक क्षेत्रका लागि एउटा पृथक विकास बोर्डको स्थापनाका निम्ति;

(ख) सम्पूर्ण राज्यका आवश्यकतालाई ध्यानमा राख्दै उक्त क्षेत्रहरूका विकास सम्बन्धी व्ययका लागि कोषहरूको न्यायोचित आवण्टनका निम्ति; अनि

(ग) सम्पूर्ण राज्यका आवश्यकतालाई ध्यानमा राख्दै उक्त क्षेत्रहरूसँग सम्बन्धित मानिसहरूका लागि सार्वजनिक रोजगार, शिक्षा अनि व्यावसायिक प्रशिक्षणका विषयमा न्यायोचित अवसर अनि सुविधहरूका निम्ति;

–प्रावधान गर्न सक्ने छन्।

(२) खण्ड (१) को उप–खण्ड (ग) अन्तर्गत गरिएको आदेशले–

(क) हैदराबाद–कर्नाटक क्षेत्रमा जन्मका आधारमा वा स्थायी बासिन्दाका रूपमा सो क्षेत्रसँग सम्बन्धित छात्र–छात्राका लागि शैक्षणिक अनि व्यवसायिक प्रशिक्षण संस्थानहरूमा आनुपातिक आरक्षणको व्यवस्था गर्नाका निम्ति; अनि

---

[1] संविधान (छपन्नौँ संशोधन) अधिनियम, १९८६-को धारा २-द्वारा (३०.५.१९८७-देखि) अनुच्छेद ३७१ झ अन्तःस्थापित।

2 संविधान (अन्ठानब्बेऔँ संशोधन) अधिनियम, २०१२-को धारा २-द्वारा (१.१०.२०१३-देखि) अनुच्छेद ३७१ ञ अन्तःस्थापित।

(ख) राज्य सरकार अन्तर्गत रहेका अनि हैदराबाद–कर्नाटक क्षेत्रमा भएका राज्य सरकारका नियन्त्रण अन्तर्गतका कुनै निकाय वा सङ्गठनभित्र पद वा पदहरूको वर्गहरू खुट्ट्याउनका निम्ति अनि जन्मका आधारमा वा स्थायी बासिन्दाका रूपमा सो क्षेत्रसँग सम्बन्धित छात्र–छात्राका लागि ती पदहरूमा आनुपातिक आरक्षणको व्यवस्था गर्नाका निम्ति अनि आदेशमा विनिर्दिष्ट गरेअनुसार ती पदहरूमा प्रत्यक्ष भर्ती वा पदोन्नतिद्वारा अथवा अन्य कुनै पनि प्रकारले नियुक्तिका निम्ति;

–प्रावधान गर्न सक्ने छ।

**३७२. विद्यमान विधिहरूको प्रवर्तनमा निरन्तरता र तिनीहरूको अनुकूलन–** (१) अनुच्छेद ३९५-मा निर्दिष्ट अधिनियमनहरू यस संविधानद्वारा निरस्त भए तापनि यस संविधानका अन्य प्रावधानहरूका अधीनमा रही यो संविधान लागु हुन तत्काल अघि भारतको राज्यक्षेत्रमा प्रवृत्त सबै विधिहरूको सक्षम विधायिका वा अन्य सक्षम प्राधिकारीद्वारा परिवर्तन, निरस्तीकरण वा संशोधन नगरिएसम्म त्यहाँ प्रवृत्त रहिरहने छन्।

(२) भारतको राज्यक्षेत्रमा प्रवृत्त कुनै विधिका प्रावधानहरूलाई भारतको संविधानका प्रावधानहरू अनुरूप बनाउने प्रयोजनका लागि राष्ट्रपतिले आदेश* द्वारा यस्ता विधिमा निरस्तीकरण अथवा संशोधनका रूपमा आवश्यक अथवा उचित अनुकूलन र परिमार्जनहरू गर्न सक्ने छन् र यो विधि यस प्रकार गरिएका अनुकूलन र परिमार्जनका अधीनमा रही आदेशमा विनिर्दिष्ट गरिएको मितिबाट प्रभावकारी हुने छ र यस्तो अनुकूलन र परिमार्जनमाथि कुनै पनि न्यायालयमा प्रश्न उठाइने छैन भनी प्रावधान गर्न सक्ने छन्।

(३) खण्ड (२) को कुनै कुराले –

(क) यो संविधान लागु भएको [1][तीन वर्ष] सकिएपछि कुनै विधिको कुनै अनुकूलन वा परिमार्जन गर्नका लागि राष्ट्रपतिलाई सशक्त गर्दछ; वा

(ख), राष्ट्रपतिद्वारा उक्त खण्डअन्तर्गत अनुकूलन वा रूपान्तरण गरिएको कुनै विधिको निरस्तीकरण वा संशोधन गर्नबाट कुनै सक्षम विधायिका वा अन्य सक्षम प्राधिकारीलाई रोक लगाउँदछ;

–भनी ठानिने छैन।

---

* अधिसूचना सङ्ख्या वि.नि.आ.११५, मिति ५ जुन १९५०, भारतको राजपत्र, असाधारण, भाग २, अनुभाग ३, पृष्ठ ५१; स.का.नि.आ. ८७०. मिति ४ नोभेम्बर, १९५०, भारतका राजपत्र, असाधारण, भाग २, अनुभाग ३, अधिसूचना सङ्ख्या वि.नी.आ. ५०८ मिति ४ अप्रेल, १९५१, भारतो राजपत्र, , असाधारण, भाग २, अनुभाग ३, पृष्ठ २८७, अधिसूचना सङ्ख्या वि.नी.आ. ११४० ख, मिति २ जुलाई,१९५२, भारतको राजपत्र, , असाधारण, भाग २, अनुभाग ३, पृष्ठ ६१६/१, अनि त्रावणकोर- कोचिन भूमि अर्जन विधि अनुकूल आदेश, १९५२, मिति २० नोभेम्बर, १९५२, भारतको राजपत्र असाधारण, भाग २, अनुभाग ३, पृष्ठ ९२३-द्वारा यथा संशोधित विधि अनुकूल आदेश, १९५०, मिति २६ जनवरी, १९५०, भारतको राजपत्र, असाधारण, पृष्ठ ४४९ हेर्नुहोस्।

[1] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा १२-द्वारा (१८.६.१९५१-देखि) "दुई वर्ष" का स्थानमा प्रतिस्थापित।

*स्पष्टीकरण* १– यस अनुच्छेदमा "प्रवृत्त विधि" पदावली अन्तर्गत भारतको राज्यक्षेत्रमा यो संविधान लागु हुन अघि कुनै विधायिका अथवा अन्य सक्षम प्राधिकारीद्वारा पारित गरिएको अथवा बनाइएको र पहिले नै नहटाइएको विधि पर्दछ, चाहे सो विधि अथवा यसको कुनै अंश त्यस समय सम्पूर्ण अथवा कुनै विशिष्ट क्षेत्रहरूमा सञ्चालनमा नरहेको नै किन नहोस्।

*स्पष्टीकरण* २–भारतको राज्यक्षेत्रमा कुनै विधायिकाद्वारा वा अन्य सक्षम प्राधिकारीद्वारा पारित गरिएको वा बनाइएको यो संविधान लागु हुनु तत्काल अघि राज्यक्षेत्रबाहिर अनि भारत राज्यक्षेत्र भित्र पनि प्रभावकारी रहेको कुनै पनि विधि पूर्वोक्त अनुकूलन र परिमार्जनहरूका अधीनमा रही राज्यक्षेत्र बाहिर पनि प्रभावकारी भइरहने छ।

*स्पष्टीकरण* ३– यस अनुच्छेदमा भएको कुनै पनि कुराको अर्थ यसले प्रवृत्त अस्थायी विधिको समाप्तिको निर्धारित मितिभन्दा बाहिर अथवा यो संविधान लागु नभएको भए सो विधि समाप्त हुने मितिभन्दा बाहिर यसलाई निरन्तरता दिने छ भनी लगाइने छैन।

*स्पष्टीकरण* ४– कुनै प्रान्तका राज्यपालद्वारा भारत शासन अधिनियम, १९३५-को धारा ८८ अन्तर्गत प्रख्यापित र यस संविधान लागु हुन तत्काल अघि प्रवृत्त अध्यादेश तत्स्थानी राज्यका राज्यपालद्वारा पहिला नै फिर्ता लिइएको छैन भने यो संविधान लागु भएपछि अनुच्छेद ३८२-को खण्ड (१) अन्तर्गत कार्यरत सो राज्यको विधानसभाको प्रथम अधिवेशनदेखि हप्ता समाप्त भएपछि प्रवर्तनमा रहने छैन अनि यस अनुच्छेदमा भएको कुनै पनि कुराको अर्थ यसले यस्तो कुनै अध्यादेशलाई उक्त अवधि अघि प्रवृत्त बनाइराख्दछ भनी लगाइने छैन।

[1][**३७२क. राष्ट्रपतिको विधिहरूको अनुकूलन गर्ने शक्ति**– (१) संविधान (सातौँ संशोधन) अधिनियम, १९५६ लागु हुन तत्काल अघि भारतमा अथवा यसका कुनै भागमा लागु रहेको कुनै विधिका प्रावधानहरूलाई सो अधिनियमद्वारा यथासंशोधित भारतको संविधानका प्रावधानहरू अनुरूप बनाउने प्रयोजनका लागि राष्ट्रपतिले १ नोभेम्बर, १९७५ भन्दा पहिला जारी गरिएको आदेश*द्वारा, यस्ता विधिमा निरसन अथवा संशोधनका रूपमा आवश्यक अथवा उचित अनुकूलन र परिमार्जनहरू गर्न सक्ने छन् र यो विधि यस प्रकार गरिएका अनुकूलन र परिमार्जनका अधीनमा रही आदेशमा विनिर्दिष्ट गरिए अनुसारको मितिबाट प्रभावकारी हुने छ र यस्तो अनुकूलन र परिमार्जनमाथि कुनै पनि न्यायालयमा प्रश्न उठाइने छैन भनी प्रावधान गर्न सक्ने छन्।

(२) खण्ड (१) को कुनै पनि कुराले कुनै सक्षम विधायिका वा अन्य सक्षम प्राधिकारीलाई, राष्ट्रपतिद्वारा उक्त खण्डअन्तर्गत अनुकूलन वा परिमार्जन गरिएको कुनै विधिको निरसन वा संशोधन गर्नबाट रोक लगाउने छ भन्ने ठानिने छैन।]

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २३-द्वारा (१.११.१९५६-देखि) अन्तः स्थापित।

* १९५६ तथा १९५७-को विधि अनुकूलन आदेश हेर्नुहोस्।

**३७३. कतिपय स्थितिहरूमा निवारक थुनामा राखिएका व्यक्तिसम्बन्धी आदेश जारी गर्नसक्ने राष्ट्रपतिको शक्ति**–अनुच्छेद २२-को खण्ड (७) अन्तर्गत संसद्‌ले प्रावधान नगरेसम्मको अवधि वा यो संविधान लागु भएदेखि एक वर्ष समाप्त नभएसम्मको अवधिमध्ये जुन पहिले आउँछ तबसम्म उक्त अधिनियमका खण्ड (४) र खण्ड (७)-मा संसद्‌प्रति गरिएको कुनै पनि निर्देशलाई राष्ट्रपति प्रतिको निर्देशद्वारा र संसद्‌द्वारा बनाइएको कुनै पनि विधिप्रतिको निर्देशलाई राष्ट्रपतिद्वारा जारी गरिएको आदेशप्रतिको निर्देशद्वारा स्थानापन्न गरिएझैं मानेर प्रभावकारी हुने छ ।

**३७४. सङ्घीय न्यायालयका न्यायाधीश र सङ्घीय न्यायालयमा वा सपरिषद् महामहिमसमक्ष थातीमा रहेका कार्यवाहीबारे प्रावधान** – (१)यो संविधान लागु हुन तत्काल अघि पद धारण गर्ने सङ्घीय न्यायालयका न्यायाधीशहरूले अन्यथा नरोजेका खण्डमा संविधान यसरी लागु हुँदा उनीहरू सर्वोच्च न्यायालयका न्यायाधीश हुने छन् अनि त्यसपछि सर्वोच्च न्यायालयका न्यायाधीशहरूका सम्बन्धमा अनुच्छेद १२५ अन्तर्गत प्रावधान गरिएका वेतन र भत्ता अनि अनुपस्थिति विदा र पेन्सनका सम्बन्धमा रहेका अधिकारहरूका हकदार हुने छन् ।

(२) यो संविधान लागु हुँदा सङ्घीय न्यायालयमा थातीमा रहेका सबै दिवानी वा फौजदारी मुद्दा, पुनरावेदन र कार्यवाहीहरू सर्वोच्च न्यायालयमा स्थानान्तरण गरिने छन् र तिनको सुनवाइ गर्ने र निर्धारण गर्ने क्षेत्राधिकार सर्वोच्च न्यायालयलाई हुने छ अनि सङ्घीय न्यायालयद्वारा यो संविधान लागु हुनअघि सुनाइएका वा दिइएका निर्णय र आदेशको बल र प्रभाव ती आदेश वा निर्णय सर्वोच्च न्यायालयद्वारा सुनाइए वा दिइए झैं गरी हुने छ ।

(३) भारतभित्रको कुनै पनि न्यायालयको कुनै निर्णय, डिक्री वा आदेश वा त्यसका सम्बन्धमा गरिएका पुनरावेदन र याचिकाहरू समाधान गर्न सपरिषद् महामहिमद्वारा प्रयोग गरिएको अधिकारक्षेत्रलाई सो अधिकारक्षेत्रको प्रयोग विधिद्वारा प्राधिकृत रहेसम्म विधिअमान्य गर्नका लागि यस संविधानको कुनै पनि कुराको सञ्चालन गरिने छैन अनि यस्तो कुनै पुनरावेदन वा याचिकामाथि यो संविधान आरम्भ भएपछि जारी गरिएको सपरिषद् महामहिमको कुनै आदेश सम्पूर्ण प्रयोजनका लागि त्यो सर्वोच्च न्यायालयद्वारा यस्ता न्यायालयलाई यस संविधानद्वारा प्रदान गरिएको अधिकारक्षेत्रको प्रयोग गरेर जारी गरिएको कुनै आदेश वा डिक्री झैं प्रभावकारी हुने छ ।

(४) पहिलो अनुसूचीको भाग ख मा विनिर्दिष्ट राज्यमा प्रिवी काउन्सिलका रूपमा कार्यरत प्राधिकारीको राज्यभित्रको कुनै पनि न्यायालयको कुनै निर्णय, डिक्री अथवा आदेशमाथिका अथवा यिनका सम्बन्धमा गरिएका पुनरावेदन र याचिकाहरूमाथि विचार गर्ने र निर्णय गर्ने अधिकार यो संविधान लागु भएदेखि समाप्त हुने छ र उक्त प्राधिकारीसमक्ष यसरी लागु भएपछि थातीमा रहेका सबै पुनरावेदन र अन्य कार्यवाहीहरूलाई सर्वोच्च न्यायालयमा स्थानान्तरण गरिने छ र सो न्यायालयद्वारा नै यिनको समाधान पनि गरिने छ ।

(५) यस अनुच्छेदका प्रावधानहरूलाई प्रभावकारी पार्नका लागि संसद्‌ले विधिद्वारा थप प्रावधान गर्न सक्ने छ ।

**३७५. संवैधानिक प्रावधानहरूका अधीनमा रही न्यायालय, प्राधिकारी अनि अधिकारीहरूले कार्य गरिरहनु**–दिवानी, फौजदारी तथा राजस्व अधिकारक्षेत्र भएका सम्पूर्ण न्यायालय अनि सम्पूर्ण न्यायिक, कार्यपालक र अनुसचिवीय प्राधिकारी र अधिकारीहरूले यस संविधानका अधीनमा रही भारतको राज्यक्षेत्रभरि आफ्ना आफ्ना कार्यहरू गरिरहने छन्।

**३७६. उच्च न्यायालयका न्यायाधीशहरूका सम्बन्धमा प्रावधान**– (१) अनुच्छेद २१७-को खण्ड (२)-मा जुनसुकै कुरा भए तापनि यो संविधान लागु हुन तत्काल अघि कुनै प्रान्तका उच्च न्यायालयको पद धारण गर्ने न्यायाधीशहरूले अन्यथा नरोजेका संविधान यसरी लागु हुँदा उनीहरू तत्स्थानी राज्यका उच्च न्यायालयका न्यायाधीश हुने छन् र त्यसपछि यस्तो उच्च न्यायालयका न्यायाधीशहरूका सम्बन्धमा अनुच्छेद २२१ अन्तर्गत प्रावधान गरिएका वेतन र भत्ता अनि अनुपस्थिति बिदा र पेन्सनका सम्बन्धमा रहेका अधिकारहरूका हकदार हुने छन्। [1][यस्ता कुनै न्यायाधीश भारतका नागरिक नभए तापनि यस्तो उच्च न्यायालयका मुख्य न्यायधीशका रूपमा अथवा अन्य कुनै उच्च न्यायालयका मुख्य न्यायाधीश अथवा न्यायाधीशका रूपमा नियुक्त हुनका लागि योग्य हुने छन्।]

(२) यो संविधान लागु हुन तत्काल अघि पहिलो अनुसूचीको भाग (ख)-मा विनिर्दिष्ट कुनै राज्यको तत्स्थानी कुनै देशीय राज्यको उच्च न्यायालयका पद धारण गर्ने न्यायाधीशले अन्यथा नरोजेका खण्डमा संविधान यसरी लागु हुँदा उनीहरू सो प्रकार विनिर्दिष्ट राज्यको उच्च न्यायालयका न्यायाधीश हुने छन् अनि अनुच्छेद २१७-को खण्ड (१) र खण्ड (२)-मा कुनै कुरा भए तापनि सो अनुच्छेदको खण्ड (१) को उपबन्धका अधीनमा रही राष्ट्रपतिले आदेशद्वारा निर्धारण गरेको अवधि पुरा नहुन्जेल पद धारण गरिरहने छन् ।

(३) यस अनुच्छेदमा "न्यायाधीश" पद अन्तर्गत कार्यकारी न्यायाधीश वा अतिरिक्त न्यायाधीश समाविष्ट हुँदैनन्।

**३७७. भारतका नियन्त्रक-महालेखा परीक्षकका सम्बन्धमा प्रावधान**–यो संविधान लागु हुन तत्काल अघि पद धारण गरेका भारतका नियन्त्रक-महालेखा परीक्षकले अन्यथा नरोजेका खण्डमा संविधान यसरी लागु भएपछि उनी भारतका नियन्त्रक महालेखा परीक्षक हुने छन् र त्यसपछि भारतका नियन्त्रक-महालेखा परीक्षकका सम्बन्धमा अनुच्छेद १४८-को खण्ड (३) अन्तर्गत प्रावधान गरिएका वेतन र भत्ता अनि अनुपस्थिति बिदा र पेन्सनका सम्बन्धमा रहेका अधिकारहरूका हकदार हुने छन् अनि संविधान यसरी लागु हुन तत्काल अघि उनीमाथि लागु भएका प्रावधान अन्तर्गत निर्धारण गरिएको आफ्नो पदावधिको समाप्तिसम्म पद धारणका हकदार हुने छन्।

---

[1] संविधान (पहिलो संशोधन) अधिनियम, १९५१-को धारा १३-द्वारा (१८.०६.१९५१-देखि) जोडियो।

**३७८. लोकसेवा आयोगका सम्बन्धमा प्रावधान**– (१) यो संविधान लागु हुन तत्काल अघि भारत अधिराज्यको लोकसेवा आयोगको पद धारण गरेका सदस्यहरूले अन्यथा नरोजेका खण्डमा संविधान यसरी लागु भएपछि उनीहरू सङ्घ लोकसेवा आयोगका सदस्य हुने छन् र अनुच्छेद ३१६-को खण्ड (१) र खण्ड (२)-मा जुनसुकै कुरा भए तापनि सो अनुच्छेदको खण्ड (२)-को उपबन्धका अधीनमा रही संविधान यसरी लागु हुन तत्काल अघि त्यस्ता सदस्यमाथि लागु भएका नियमहरू अन्तर्गत निर्धारण गरिएको आफ्नो पदावधिको समाप्तिसम्म पद धारण गरिरहने छन्।

(२) यो संविधान लागु हुन तत्काल अघि कुनै प्रान्तको लोकसेवा आयोगको वा प्रान्तहरूको समूहका आवश्यकता पूर्ति गर्ने कुनै लोकसेवा आयोगका सदस्यहरूले अन्यथा नरोजेका खण्डमा संविधान यसरी लागु भएपछि उनीहरू यथासन्दर्भ तत्स्थानी राज्यको लोकसेवा आयोगका सदस्य वा तत्स्थानी राज्यहरूका आवश्यकता पूर्ति गर्ने संयुक्त राज्य लोकसेवा आयोगका सदस्य हुने छन् अनि अनुच्छेद ३१६-को खण्ड (१) अनि खण्ड (२)-मा जुनसुकै कुरा भए तापनि सो अनुच्छेदको खण्ड (२) को उपबन्धका अधीनमा रही संविधान यसरी लागु हुन तत्काल अघि त्यस्ता सदस्यमाथि लागु भएका नियमहरू अन्तर्गत निर्धारण गरिएको आफ्नो पदावधिको समाप्तिसम्म पद धारण गरिरहने छन्।

[1][**३७८क. आन्ध्र प्रदेश विधानसभाको अवधिका सम्बन्धमा विशेष प्रावधान** – अनुच्छेद १७२-मा जुनसुकै कुरा कुनै कुरा भए तापनि राज्य पुनर्गठन अधिनियम, १९५६-को धारा २८ र २९-को प्रावधान अन्तर्गत गठित आन्ध्रप्रदेश राज्यको विधानसभाको विघटन पहिल्यै नगरिएका खण्डमा उक्त धारा २९-मा निर्दिष्ट मितिदेखि अधिकतम पाँच वर्षको अवधिसम्म सो विधानसभाको निरन्तरता रहने छ र उक्त अवधिको समाप्तिको परिणामस्वरूप सो विधानसभाको विघटन हुने छ।]

**३७९.** *[अस्थायी संसद् तथा यसका अध्यक्ष अनि उपाध्यक्षका सम्बन्धमा प्रावधानहरू]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त ।*

**३८०.** *[राष्ट्रपतिका सम्बन्धमा प्रावधान]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त।*

**३८१.** *[राष्ट्रपतिको मन्त्रीपरिषद्]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त।*

**३८२.** *[प्रथम अनुसूचीको भाग-क मा रहेका अस्थायी विधायिकाका सम्बन्धमा प्रावधान]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा(१–११–१९५६देखि) त्यक्त।*

**३८३.** *[प्रान्तका राज्यपालबारे प्रावधान]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त ।*

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा२४-द्वारा (१.११.१९५६-देखि) अन्तः स्थापित।

**३८४.** *[राज्यपालहरूको मन्त्रीपरिषद्]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त ।*

**३८५.** *[प्रथम अनुसूचीको भाग-ख मा रहेका राज्यमा अस्थायी विधायिकाका सम्बन्धमा प्रावधान]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त ।*

**३८६.** *[प्रथम अनुसूचीको भाग ख-मा रहेका राज्यका लागि मन्त्रीपरिषद्]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त ।*

**३८७.** *[कतिपय निर्वाचनका प्रयोजनका लागि जनसङ्ख्या निर्धारणका सम्बन्धमा विशेष प्रावधान]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त ।*

**३८८.** *[अस्थायी संसद् र राज्यका अस्थायी विधायिकाका आकस्मिक रिक्त पदहरू भर्ना गर्ने सम्बन्धमा प्रावधान]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त ।*

**३८९.** *[अधिराज्यका विधायिका र प्रान्त अनि देशी राज्यका विधायिकामा थातीमा रहेका विधेयकका सम्बन्धमा प्रावधान]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त ।*

**३९०.** *[यो संविधान लागु भएबाट ३१-मार्च १९५०-भित्र प्राप्त गरिएको वा जुटाइएको वा व्यय गरिएको राशि]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त ।*

**३९१.** *[कतिपय आकस्मिक अवस्थामा पहिलो अनि चौथो अनुसूची संशोधन गर्ने राष्ट्रपतिको शक्ति]– संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ र अनुसूचीद्वारा (१–११–१९५६देखि) त्यक्त ।*

**३९२. कठिनता हटाउने राष्ट्रपतिको शक्ति**– (१) विशेषतः भारत सरकार अधिनियम, १९३५-का प्रावधानहरूबाट यस संविधानका प्रावधानहरूमा हुने सङ्क्रमणका सम्बन्धमा आइपर्ने कुनै कठिनतालाई हटाउने प्रयोजनका लागि राष्ट्रपतिले आदेशद्वारा, उनले आवश्यक अथवा उचित ठानेको परिमार्जन, परिवर्धन अथवा निरसनका रूपमा गरिएको अनुकूलनका अधीनमा रही सो आदेशमा विनिर्दिष्ट अवधिभित्र यो संविधान प्रभावकारी हुने छ भनी निर्देश दिन सक्ने छन्:

यद्यपि भाग ५-को अध्याय २ अन्तर्गत यथायोग्य रूपमा गठित संसद्को प्रथम अधिवेशनपछि यस्तो कुनै आदेश जारी गरिने छैन।

(२) खण्ड (१) अन्तर्गत जारी गरिएको प्रत्येक आदेश संसद् समक्ष प्रस्तुत गरिने छ।

(३) यो अनुच्छेद अनि अनुच्छेद ३२४, अनुच्छेद ३६७-को खण्ड (३) र अनुच्छेद ३९१ द्वारा राष्ट्रपतिलाई प्रदान गरिएका शक्ति, यो संविधान लागु हुनअघि भारत अधिराज्यका गवर्नर जनरलद्वारा प्रयोज्य हुने छन्।

# भाग २२

# सङ्क्षिप्त नाम, लागु, [1][हिन्दीमा प्राधिकृत पाठ] एवम् निरस्तीकरण]

**३९३. सङ्क्षिप्त नाम**–यस संविधानलाई भारतको संविधान भनिने छ।

**३९४. लागु** – यो अनुच्छेद र अनुच्छेद ५, ६, ७, ८, ९, ६०, ३२४, ३६६, ३६७, ३७९, ३८०, ३८८, ३९१, ३९२ र ३९३ तत्काल लागु हुने छन् अनि यस संविधानका रहल प्रावधानहरू यस संविधानमा लागु हुने दिन भनेर निर्दिष्ट गरिएको २६ जनवरी, १९५० का दिन लागु हुने छन्।

[2][**३९४क. हिन्दी भाषामा प्राधिकृत पाठ**– (१) राष्ट्रपतिले –

(क) हिन्दी भाषामा रहेको केन्द्रीय विधिको प्राधिकृत पाठहरूमा अपनाइएको भाषा, शैली र शब्दावली अनुरूप बनाउनका निम्ति आवश्यक रहेका परिमार्जनहरूसहित संविधान सभाका सदस्यहरूले हस्ताक्षर गरेका अनि यस संविधानको हिन्दी अनुवादको प्रकाशन हुनअघि गरिएका यस संविधानका सबै संशोधनहरूलाई त्यसमा सम्मिलित गर्दै सो हिन्दी अनुवादलाई; तथा

(ख) अङ्ग्रेजी भाषामा गरिएको यस संविधानको प्रत्येक संशोधनको हिन्दी अनुवादलाई

–आफ्नो प्राधिकार अन्तर्गत प्रकाशन गराउने छन्।

(२) खण्ड (१) अन्तर्गत प्रकाशित यो संविधान र यसका प्रत्येक संशोधनको अनुवादको अर्थ यसको मूलमा जे छ त्यही नै लगाइने छ अनि यस्तो अनुवादको कुनै भागको अर्थ यस प्रकारले लगाउनमा कुनै कठिनता उत्पन्न भएका खण्डमा राष्ट्रपतिले त्यसको उपयुक्त पुनरीक्षण गराउने छन्।

(३) यस संविधानको र यसको प्रत्येक संशोधनको यस अनुच्छेद अन्तर्गत प्रकाशित अनुवाद सबै प्रयोजनका लागि हिन्दी भाषामा यसको प्राधिकृत पाठ मानिने छ।]

**३९५. निरस्तीकरण**– "प्रिवी काउन्सिल" अधिकारक्षेत्र उन्मूलन अधिनियम १९४९ छाडी भारत सरकार अधिनियम, १९३५ लाई संशोधन गर्ने वा अनुपूरण गर्ने सबै अधिनियमितिहरूसहित भारत स्वतन्त्रता अधिनियम १९४७ र भारत सरकार अधिनियम, १९३५ अधिनियमलाई यसद्वारा निरस्त गरिन्छ।

---

[1] संविधान (अन्ठाउन्नौँ संशोधन) अधिनियम, १९८७-को धारा २-द्वारा (९.१२.१९८७-देखि) अन्तः स्थापित।

[2] संविधान (अन्ठाउन्नौँ संशोधन) अधिनियम, १९८७-को धारा ३-द्वारा (९.१२.१९८७-देखि) अनुच्छेद ३९४क अन्तः स्थापित।

# [1][पहिलो अनुसूची]

(अनुच्छेद १ अनि अनुच्छेद ४)

## १. राज्यहरू

| *नाम* | *राज्यक्षेत्रहरू* |
|---|---|
| १. आन्ध्रप्रदेश | [2][आन्ध्र प्रदेश र मद्रास (सीमा परिवर्तन) अधिनियम १९५९-को द्वितीय अनुसूची [3][तथा आन्ध्र प्रदेश पुनर्गठन अधिनियम २०१४-को धारा ३मा]-मा भएका राज्यक्षेत्रबाहेक आन्ध्र राज्य अधिनियम, १९५३-को धारा ३-को उपधारा (१), राज्य पुनर्गठन अधिनियम १९५६-को धारा ३-को उपधारा (१), आन्ध्र प्रदेश तथा मद्रास (सीमा परिवर्तन) अधिनियम १९५९-को प्रथम अनुसूची अनि आन्ध्र प्रदेश र मैसुर (राज्यक्षेत्रअन्तरण) अधिनियम, १९६८-का अनुसूचीमा विनिर्दिष्ट राज्यक्षेत्रहरू।] |
| २. असम | असम (सीमा परिवर्तन) अधिनियम, १९५१ -का अनुसूचीमा विनिर्दिष्ट राज्यक्षेत्रहरू [4][अनि नागाल्यान्ड राज्य अधिनियम, १९६२-को धारा ३-को उपधारा (१)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू] [5][अनि पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१-को धारा ५, ६ र ७-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू] [6][अनि संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को दोस्रो अनुसूचीका भाग १-मा निर्दिष्ट राज्यक्षेत्रहरूसँग सम्बन्धित रहेसम्म संविधान (नवौँ संशोधन) अधिनियम, १९६०-को धारा ३-को उपधारा (क)-मा जुनसुकै कुरा भए तापनि संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को दोस्रो अनुसूचीका भाग १-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू] बाहेक यो संविधान लागु हुन तत्काल अघिका असम प्रान्त, खासी राज्यहरू र असम जनजाति क्षेत्रहरूमा समाविष्ट राज्यक्षेत्रहरू। |

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २ -द्वारा (१.११.१९५६-देखि) पहिलो अनुसूचीका स्थानमा प्रतिस्थापित।

[2] आन्ध्र प्रदेश अनि मैसुर (राज्य क्षेत्र अन्तरण) अधिनियम १९६८ (१९६८-को ३६) -को धारा ४ -द्वारा (१.१०.१९६८ -देखि) पूर्ववत् प्रविष्टिका स्थानमा प्रतिस्थापित।

[3] आन्ध्र प्रदेश पुनर्गठन अधिनियम, २०१४ (२०१४-को ६) -को धारा १० -द्वारा (२.६.२०१४ -देखि) अन्त:स्थापित।

[4] नागाल्यान्ड राज्य अधिनियम, १९६२ (१९६२-को २७) -को धारा ४ -द्वारा (१. १२. १९६३-देखि) जोडियो।

[5] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -को धारा ९ -द्वारा (२१. ०१. १९७२-देखि) जोडियो।

[6] संविधान (एक सयौँ संशोधन) अधिनियम, २०१५-को धारा ३-द्वारा (३१.७.२०१५-देखि) जोडियो। यस अधिनियमको पाठ हेर्न परिशिष्ट १ हेर्नुहोस्।

(पहिलो अनुसूची)

| *नाम* | *राज्यक्षेत्रहरू* |
|---|---|
| ३. बिहार | [बिहार अनि पश्चिम बङ्गाल (राज्यक्षेत्रहरूको अन्तरण) अधिनियम १९५६-को धारा ३-को उपधारा (१)-मा विनिर्दिष्ट अनि पहिले उल्लिखित अधिनियमको धारा ३-को उपधारा (१)-को खण्ड (क) [1][अनि बिहार पुनर्गठन अधिनियम, २०००-को धारा ३-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू] बाहेक [2][यो संविधान लागु हुन तत्काल अघि बिहार प्रान्तमा समाविष्ट राज्यक्षेत्र अथवा सो प्रान्तका भाग झैं मानिएर प्रशासित राज्यक्षेत्रहरू अनि बिहार र उत्तर प्रदेश (सीमा परिवर्तन) अधिनियम, १९६८-को धारा ३-को उपधारा (१)-को खण्ड (क)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू ।] |
| [3][४. गुजरात | बम्बई पुनर्गठन अधिनियम, १९६०-को धारा ३-को उपधारा (१)-मा निर्दिष्ट राज्यक्षेत्रहरू ।] |
| ५. केरल | राज्य पुनर्गठन अधिनियम, १९५६-को धारा५-का उपधारा(१)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू । |
| ६. मध्यप्रदेश | [4][मध्य प्रदेश पुनर्गठन अधिनियम, २०००-का धारा ३-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू बाहेक] राज्य पुनर्गठन अधिनियम, १९५६-को धारा ९-काउपधारा (१) [5][अनि राजस्थान र मध्य प्रदेश (राज्यक्षेत्र अन्तरण) अधिनियम, १९५९-को पहिलो अनुसूचीमा] विनिर्दिष्ट राज्यक्षेत्रहरू । |

---

[1] बिहार पुनर्गठन अधिनियम, २०००(२०००-को ३०) -को धारा ५ -द्वारा (१५.११.२०००-देखि) जोडियो ।

[2] बिहार अनि उत्तरप्रदेश (सीमा परिवर्तन) अधिनियम १९६८ (१९६८-को २४) -को धारा ४ -द्वारा (१०.६.१९७०-देखि) पूर्ववत् प्रविष्टिका स्थानमा प्रतिस्थापित।

[3] मुम्बई पुनर्गठन अधिनियम, १९६०(१९६०-को ११) -को धारा४-द्वारा (१.५.१९६०-देखि) प्रविष्टि ४-का स्थानमा प्रतिस्थापित।

[4] मध्य प्रदेश पुनर्गठन अधिनियम, २००० (२०००-को २८) -को धारा ५ -द्वारा (१.११.२०००-देखि) जोडियो।

[5] राज्यस्थान अनि मध्यप्रदेश (राज्यक्षेत्रअन्तरण) अधिनियम, १९५९ (१९५९-को ४७) -को धारा ४ -द्वारा (१.१०.१९५९-देखि) अन्तः स्थापित ।

| *नाम* | *राज्यक्षेत्रहरू* |
|---|---|
| [1][७. तमिलनाडू] | आन्ध्र राज्य अधिनियम, १९५३-को धारा ३-को उपधारा (१) अनि धारा ४-को उपधारा (१)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू अनि [2][राज्य पुनर्गठन अधिनियम, १९५६-को धारा ५-को उपधारा (१)-को खण्ड (ख), धारा ६ अनि धारा ७-को उपधारा (१)-को खण्ड (घ)-मा विनिर्दिष्ट अनि आन्ध्र प्रदेश र मद्रास (सीमा-परिवर्तन) अधिनियम, १९५९-को पहिलो अनुसूचीमा विनिर्दिष्ट राज्यक्षेत्रहरू] बाहेक यो संविधान लागु हुन तत्काल अघि मद्रास प्रान्तमा समाविष्ट रहेका अथवा सो प्रान्तका भाग झैं मानिएर प्रशासित राज्यक्षेत्रहरू अनि राज्य पुनर्गठन अधिनियम, १९५६-का धारा ४-मा [3][तथा आन्ध्र प्रदेश अनि मद्रास (सीमा परिवर्तन) अधिनियम, १९५९-को दोस्रो अनुसूचीमा] विनिर्दिष्ट राज्यक्षेत्रहरू। |
| [4][८. महाराष्ट्र | बम्बई पुनर्गठन अधिनियम, १९६०-को धारा ३-का उपधारा (१)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू बाहेक राज्य पुनर्गठन अधिनियम, १९५६-को धारा ८-का उपधारा (१)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू] |
| [5][[6][९.] कर्नाटक | [7][आन्ध्र प्रदेश अनि मैसुर (राज्यक्षेत्र अन्तरण) अधिनियम, १९६८-का अनुसूचीमा विनिर्दिष्ट राज्यक्षेत्रहरू बाहेक] राज्य पुनर्गठन अधिनियम, १९५६-को धारा ७-का उपधारा (१)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू। |

---

[1] मद्रास राज्य (नाम परिवर्तन) अधिनियम, १९६८ (१९६८-को ५३) -को धारा ५ -द्वारा (१४.१.१९६९-देखि) "७. मद्रास"-का स्थानमा प्रतिस्थापित।

[2] आन्ध्र प्रदेश अनि मद्रास (सीमा परिवर्तन) अधिनियम, १९५९(१९५९-को ५६) -को धारा (१.४.१९६०-देखि) केही शब्दहरूका स्थानमा प्रतिस्थापित।

[3] आन्ध्र प्रदेश अनि मद्रास (सीमा परिवर्तन) अधिनियम, १९५९ (१९५९-को ५६) -को धारा ६ -द्वारा (१.४.१९६०-देखि) अन्तः स्थापित ।

[4] बम्बई पुनर्गठन अधिनियम, १९६० (१९६०-को ११) -को धारा ४-द्वारा (१.५.१९६०-देखि) अन्तः स्थापित ।

[5] मैसुर राज्य (नाम-परिवर्तन) अधिनियम, १९७३ (१९७३-को ३१) -को धारा ५ -द्वारा (१.११.१९७३-देखि) "९मैसुर" का स्थानमा प्रतिस्थापित।

[6] बम्बई पुनर्गठन अधिनियम, १९६० (१९६०-को ११) -को धारा ४ -द्वारा (१.१९६०-देखि) ८-देखि १४-सम्मका प्रविष्टिलाई प्रविष्टि ९-देखि १५-सम्मका प्रविष्टिका रूपमा पुनःसङ्ख्याङ्कन गरियो।

[7] आन्ध्र प्रदेश अनि मैसुर (राज्यक्षेत्र अन्तरण) अधिनियम, १९६८ (१९६८-को ३६) -को धारा ४-द्वारा (१.१०.१९६८-देखि) अन्तः स्थापित ।

(पहिलो अनुसूची)

| *नाम* | *राज्यक्षेत्रहरू* |
|---|---|
| [1][१०.][2][ओडिसा] | यो संविधान लागु हुन तत्काल अघि उडिसा प्रान्तमा समाविष्ट अथवा सो प्रान्तका भाग झैं मानिएर प्रशासित राज्यक्षेत्रहरू। |
| [1][११.] पन्जाब | [3][संविधान (नवौँ संशोधन) अधिनियम, १९६०-को पहिलो अनुसूचीका भाग २-मा निर्दिष्ट] [4][अनि पन्जाब पुनर्गठन अधिनियम, १९६६-को धारा ३-को उपधारा (१), धारा ४ अनि धारा ५-का उपधारा (१)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू बाहेक] राज्य पुनर्गठन अधिनियम, १९५६-का धारा ११-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू [5][अनि अर्जित राज्यक्षेत्र (विलयन) अधिनियम, १९६०-को प्रथम अनुसूचीका भाग २-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू] |
| [1][१२.] राजस्थान | [6][राजस्थान अनि मध्य प्रदेश (राज्यक्षेत्र अन्तरण) अधिनियम, १९५९-का पहिलो अनुसूचीमा विनिर्दिष्ट राज्यक्षेत्रहरू बाहेक] राज्य पुनर्गठन अधिनियम, १९५६-का धारा १०-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू। |

---

[1] बम्बई पुनर्गठन अधिनियम १९६० (१९६०-को ११) -का धारा ४ -द्वारा (१.५.१९६०-देखि) ८-देखि १४-सम्मका प्रवृष्टिलाई९-देखि १५-सम्मको प्रविष्टिका रूपमा पुनःसङ्ख्याङ्कित गरियो।

[2] उडिसा (नाम संशोधन) अधिनियम, २०११ (२०११-को १५) -का धारा ६-द्वारा (१-११-२०११-देखि) "उडिसा" -का स्थानमा प्रतिस्थापित।

[3] संविधान(नवौँ संशोधन) अधिनयम, १९६०-का धारा ३-द्वारा (१७.१.१९६१-देखि) जोडियो।

[4] पन्जाब पुनर्गठन अधिनियम, १९६६ (१९६६-को ३१) -का धारा ७ -द्वारा (१.११.१९६६-देखि) अन्तः स्थापित।

[5] अर्जित राज्यक्षेत्र विलयन अधिनियम, १९६० (१९६०-को ६४) -का धारा ४ -द्वारा (१७.१.१९६१-देखि) अन्तः स्थापित।

[6] राजस्थान अनि मध्यप्रदेश (राज्यक्षेत्र अन्तरण) अधिनियम, १९५९(१९५९-को ४७) -का धारा ४ -द्वारा (१.१०.१९५९-देखि) अन्तः स्थापित।

(पहिलो अनुसूची)

| *नाम* | *राज्यक्षेत्रहरू* |
|---|---|
| [1][१३. उत्तर प्रदेश] | [बिहार अनि उत्तर प्रदेश (सीमा परिवर्तन) अधिनियम, १९६८-को धारा ३-को उपधारा (१)-का खण्ड (क)-मा [2][अनि उत्तर प्रदेश पुनर्गठन अधिनियम, २०००-को धारा ३-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू] अनि हरियाणा र उत्तर प्रदेश (सीमा परिवर्तन) अधिनियम, १९७९-को धारा ४-को उपधारा (१)-को खण्ड (क)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू बाहेक [3][यो संविधान लागु हुन तत्काल अघि संयुक्त प्रान्त नामले चिनिने प्रान्तमा समाविष्ट अथवा सो प्रान्तका भाग झैं मानिएर प्रशासित राज्यक्षेत्रहरू, बिहार अनि उत्तर प्रदेश (सीमा परिवर्तन) अधिनियम, १९६८-को धारा ३-को उपधारा (१)-का खण्ड (ख)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू अनि हरियाणा र उत्तर प्रदेश (सीमा परिवर्तन) अधिनियम, १९७९-को धारा ४-को उपधारा (१)-का खण्ड (ख)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू] |
| [1][१४. पश्चिम बङ्गाल | [संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को पहिलो अनुसूचीका भाग ३-मा निर्दिष्ट र दोस्रो अनुसूचीका भाग ३-मा निर्दिष्ट राज्यक्षेत्रहरूसँग सम्बन्धित रहेसम्म संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को दोस्रो अनुसूचीका भाग ३-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू बाहेक] यो संविधान लागु हुन तत्काल अघि पश्चिम बङ्गाल प्रान्तमा समाविष्ट अथवा सो प्रान्तका भाग झैं मानिएर प्रशासित राज्यक्षेत्रहरू अनि चन्दरनगर (विलयन) अधिनियम, १९५४-को धारा २-काखण्ड (ग)-मा यथापरिभाषित चन्दरनगरका राज्यक्षेत्र अनि बिहार र पश्चिम बङ्गाल (राज्यक्षेत्र अन्तरण) अधिनियम, १९५६-को धारा ३-का उपधारा १-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू [4][अनि साथै पहिलो अनुसूचीको भाग ३-मा निर्दिष्ट राज्यक्षेत्रहरू ।] |

[1] बम्बई पुनर्गठन अधिनियम, १९६० (१९६०-को ११) -का धारा ४-द्वारा (१.५.१९६०-देखि) ८-देखि १४-सम्मका प्रविष्टिलाई ९ -देखि १५-सम्मका प्रविष्टिका रूपमा पुनः सङ्ख्याङ्कन गरियो ।

[2] उत्तरप्रदेश पुनर्गठन अधिनियम, २००० (२०००-को २९) -का धारा ५-द्वारा (९.११.२०००-देखि) अन्त: स्थापित ।

[3] हरियाणा अनि उत्तर प्रदेश (सीमा-परिवर्तन) ) अधिनियम, १९७९-का (१९७९-को ३१) धारा ५-द्वारा (१५.९.१९८३-देखि) “१३.उत्तरप्रदेश” प्रविष्टिका स्थानमा प्रतिस्थापित ।

[4] संविधान (एकसयौँ संशोधन) अधिनियम, २०१५-का धारा ३-द्वारा (३१.७.२०१५-देखि) जोडियो । यस अधिनियमको पाठहेर्न परिशिष्ट १ हेर्नुहोस् ।

(पहिलो अनुसूची)

| *नाम* | *राज्यक्षेत्रहरू* |
|---|---|
| [1][[2][** | * * * *]] |
| [3][[4][१५. नागाल्यान्ड | नागाल्यान्ड राज्य अधिनियम, १९६२-को धारा ३-का उपधारा (१)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू ।] |
| [3][[5][१६.] हरियाणा | [हरियाणा र उत्तर प्रदेश (सीमा परिवर्तन) अधिनियम,१९७९-को धारा ४-को उपधारा (१)-का खण्ड (v)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू बाहेक [6][पन्जाब पुनर्गठन अधिनियम, १९६६-को धारा ३-का उपधारा (१)-मा विनिर्दिष्ट अनि हरियाणा र उत्तर प्रदेश (सीमा परिवर्तन) अधिनियम, १९७९-को धारा ४-को उपधारा (१)-का खण्ड (क)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू ।] |
| [3][[7][१७. हिमाचल प्रदेश | यो संविधान लागु हुन तत्काल अघि हिमाचल प्रदेश अनि बिलासपुर नामले चिनिने मुख्य आयुक्त भएको प्रान्तझैं मानिएर प्रशासित राज्यक्षेत्रहरू अनि पन्जाब पुनर्गठन अधिनियम १९६६-को धारा ५-काउपधारा (१)-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू ।] |
| [3][[8][१८.] मणिपुर | यो संविधान लागु हुन ठिक अघि मणिपुर नामले चिनिने मुख्य आयुक्त भएको प्रान्तझैं मानिएर प्रशासित राज्यक्षेत्र ।] |

[1] जम्मू अनि कश्मीर पुनर्गठन अधिनियम २०१९ (२०१९-को ३४) -को धारा ६-द्वारा ३१.१०.२०१९-देखि जम्मू अनि कश्मीरसँग सम्बन्धित प्रविष्टि १५ हटाइयो ।

[2] बम्बई पुनर्गठन अधिनियम, १९६० (१९६०-को ११) -का धारा ४-द्वारा (१.५.१९६०-देखि) ८-देखि १४--सम्मका प्रविष्टिलाई प्रविष्टि ९ -देखि १५-सम्मका प्रविष्टिका रूपमा पुनः सङ्ख्याङ्कन गरियो ।

[3] जम्मू अनि कश्मीर पुनर्गठन अधिनियम, २०१९ (२०१९-को ३४) -का धारा ६-द्वारा (३१.१०.२०१९-देखि) प्रविष्टि १६-देखि २९--सम्मका प्रविष्टिलाई १५-देखि २८-सम्मका प्रविष्टिका रूपमा पुनःसङ्ख्याङ्कन गरियो ।

[4] नागाल्यान्ड राज्य अधिनियम, १९६२ (१९६२-को २७) -का धारा ४-द्वारा (१.१२.१९६३-देखि) अन्तः स्थापित ।

[5] पन्जाब पुनर्गठन अधिनियम, १९६६ (१९६६-को ३१) -का धारा ७-द्वारा (१.११.१९६६-देखि) अन्तः स्थापित । अनि त्यसपछि हरियाणा र उत्तर प्रदेश (सीमा परिवर्तन) अधिनियम १९७९ (१९७९-का ३१) धारा ५-द्वारा (१५.९.१९८३-देखि) त्यहाँ भएका प्रविष्टि संशोधन गरियो ।

[6] हरियाणा र उत्तर प्रदेश (सीमा परिवर्तन) अधिनियम, १९७९ (१९७९-को ३१) -का धारा ५-द्वारा संशोधित प्रविष्टिलाई (१५.९.१९८३-देखि) "१७. हरियाणा" प्रविष्टिका स्थानमा प्रतिस्थापित ।

[7] हिमाचल प्रदेश राज्य अधिनियम १९७० (१९७० क ५३) -का धारा ४-द्वारा (२५.१.१९७१-देखि) अन्तः स्थापित ।

[8] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -को धारा ९-द्वारा (२१.१.१९७२-देखि) अन्तः स्थापित ।

(पहिलो अनुसूची)

| *नाम* | *राज्यक्षेत्रहरू* |
|---|---|
| [1][१९]. त्रिपुरा | [संविधान (एक सयौँ संशोधन) अधिनियम, २०१५-को दोस्रो अनुसूचीका भाग २-मा निर्दिष्ट राज्यक्षेत्रहरूसँग सम्बन्धित रहेसम्म संविधान (नवौं संशोधन) अधिनियम, १९६०-को धारा ३-का खण्ड (घ)-मा जुनसुकै कुरा भए तापनि] यो संविधान लागु हुन तत्काल अघि त्रिपुरा नामले चिनिने मुख्य आयुक्त भएको प्रान्तझैं मानिएर प्रशासित राज्यक्षेत्र [2][अनि संविधान (एक सयौँ संशोधन) अधिनियम, २०१५-को पहिलो अनुसूचीका भाग २-मा निर्दिष्ट राज्यक्षेत्रहरू] |
| [1][२०.] मेघालय | [संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को दोस्रो अनुसूचीका भाग २-मा निर्दिष्ट राज्यक्षेत्रहरू बाहेक] पूर्वोत्तर राज्यक्षेत्रहरू (पुनर्गठन) अधिनियम, १९७१-का धारा ५-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू] [2][अनि पहिलो अनुसूचीको भाग १-मा निर्दिष्ट राज्यक्षेत्रहरू ।] |
| [1][[3][२१.] सिक्किम | संविधान (छत्तीसौँ संशोधन)अधिनियम, १९७५ लागु हुन तत्काल अघि सिक्किममा समाविष्ट राज्यक्षेत्रहरू] |
| [1][[4][२२.] मिजोरम | पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१-को धारा ६-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू ।] |
| [1][[5][२३.]अरुणाचल प्रदेश | पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१-का धारा ७-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू ।] |
| [1][[6][२४.] गोवा | गोवा, दमन अनि दिऊ पुनर्गठन अधिनियम, १९८७-का धारा ३-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू ।] |

[1] जम्मू अनि कश्मीर पुनर्गठन अधिनियम २०१९ (२०१९-को ३४) -को धारा ६-द्वारा ३१.१०.२०१९-देखि १६-देखि २९--सम्मका प्रविष्टिलाई १५-देखि २८-सम्मका प्रविष्टिका रूपमा पुन:सङ्ख्याङ्कन गरियो।

[2] संविधान (एकसयौँ संशोधन) अधिनियम, २०१५-को धारा ३-द्वारा (३१.७.२०१५-देखि) जोडियो। यस अधिनियमको पाठ हेर्न परिशिष्ट १ हेर्नुहोस्।

[3] संविधान (छत्तीसौँ संशोधन) अधिनियम, १९७५-को धारा २-द्वारा (२६.४.१९७५-देखि) अन्तः स्थापित।

[4] मिजोरम राज्य अधिनियम १९८६ (१९८६-को ३४) -को धारा ४-द्वारा (२०.२.१९८७-देखि) अन्त: स्थापित।

[5] अरुणाचल प्रदेश राज्य अधिनियम, १९८६ (१९८६-को ६९) -को धारा ४-द्वारा (२०.२.१९८७-देखि) अन्त:स्थापित।

[6] गोवा, दमन र दिऊ पुनर्गठन अधिनियम, १९८७ (१९८७-को १८) -को धारा ५-द्वारा (३०.५.१९८७-देखि) अन्त:स्थापित।

(पहिलो अनुसूची)

| *नाम* | *राज्यक्षेत्रहरू* |
|---|---|
| [1][[2][२५.] छत्तीसगढ | मध्य प्रदेश पुनर्गठन अधिनियम, २०००-का धारा ३-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू।] |
| [1][[3][२६. ][4] [उत्तराखण्ड] | उत्तर प्रदेश पुनर्गठन अधिनियम, २०००-कोधारा ३ विनिर्दिष्ट राज्यक्षेत्रहरू।] |
| [1][[5][२७.] झारखण्ड | बिहार पुनर्गठन अधिनियम, २०००-काधारा ३-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू।] |
| [1][[6][२८.] तेलङ्गना | आन्ध्र प्रदेश पुनर्गठन अधिनियम, २०१४-काधारा ३-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू।] |

## २. केन्द्रशासित प्रदेश

| *नाम* | *विस्तार* |
|---|---|
| १. दिल्ली | यो संविधान लागु हुन तत्काल अघि दिल्लीको मुख्य आयुक्त रहेका प्रान्तमा समाविष्ट राज्यक्षेत्र। |
| [7][* | ****] |
| [8][२.] अन्दमान अनि निकोबार द्वीप | यो संविधान लागु हुन तत्काल अघि अन्दमान अनि निकोबार द्वीपको मुख्य आयुक्तयुक्त प्रान्तमा समाविष्ट रहेका राज्यक्षेत्र। |

[1] जम्मू अनि कश्मीर पुनर्गठन अधिनियम, २०१९ (२०१९-को ३४) -का धारा ६-द्वारा (३१.१०.२०१९-देखि) १६-देखि २९--सम्मका प्रविष्टिलाई १५-देखि २८-सम्मका प्रविष्टिका रूपमा पुन:सङ्ख्याङ्कन गरियो।

[2] मध्यप्रदेश पुनर्गठन अधिनियम, २००० (२०००-को २८) -का धारा ५-द्वारा ( १.११.२०००-देखि) अन्तः स्थापित।

[3] उत्तरप्रदेश पुनर्गठन अधिनियम, २००० (२०००-को २९) -का धारा ५-द्वारा (९.११. २०००-देखि) अन्तः स्थापित।

[4] उत्तराञ्चल (नाम परिवर्तन) अधिनियम, २००६ (२००६-को ५२) -का धारा ४-द्वारा (१.१.२००७-देखि) 'उत्तराञ्चल' शब्दका स्थानमा प्रतिस्थापित।

[5] बिहार पुनर्गठन अधिनियम, २०००(२०००-को ३०) -का धारा ५-द्वारा (१५.११.२०००-देखि) जोडियो।

[6] आन्ध्र प्रदेश पुनर्गठन अधिनियम २०१४ (२०१४-को ६) -का धारा १०-द्वारा (२.६.२०१४-देखि) अन्तः स्थापित।

[7] हिमाचल प्रदेश राज्य अधिनियम, १९७० (१९७०-को ५३) -का धारा४-द्वारा (२५.१.१९७१-देखि) "हिमाचलप्रदेश"सँग सम्बन्धित प्रविष्टि २ हटाइयो अनि ३-देखि १०-सम्मका प्रविष्टिलाई २-देखि ९-सम्मका प्रविष्टिका रूपमा पुन:सङ्ख्याङ्कन गरियो तथा त्यसपछि पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम १९७१ (१९७१-को ८१) -का धारा ९-द्वारा (२१.१.१९७२-देखि) मणिपुर अनि त्रिपुरा आदिसँग सम्बन्धित प्रविष्टि २ अनि प्रविष्टि ३ हटाइयो।

[8] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ९-द्वारा (२१.१.१९७२-देखि) ४-देखि ९-सम्मका प्रविष्टिलाई २-देखि ७-सम्मका प्रविष्टिका रूपमा पुन:सङ्ख्याङ्कन गरियो।

| *नाम* | *राज्यक्षेत्रहरू* |
|---|---|
| [1][३.][2][लक्षद्वीप] | राज्य पुनर्गठन अधिनियम, १९५६-काधारा ६-मा विनिर्दिष्ट राज्यक्षेत्र। |
| [3][[1][४.] दादरा र नगर हवेली अनि दमन र दिऊ | ११अगस्ट, १९६१ भन्दा तत्काल पहिला स्वतन्त्र दादरा र नगर हवेलीमा समाविष्ट राज्यक्षेत्र अनि गोवा, दमन र दिऊ पुनर्गठन अधिनियम, १९८७-का धारा ४-मा विनिर्दिष्ट राज्यक्षेत्र।] |
| [4][[1][*][3][ | * * * *] |
| [5][[1][६.][6] [पुडुचेरी] | १६अगस्ट, १९६२ भन्दा तत्काल पहिला भारतमा पन्डिचेरी, कारिकल, माही र यनम नामले चिनिने फ्रान्सेली अधिस्थापनमा समाविष्ट राज्यक्षेत्रहरू।] |
| [7][[1][७.] चण्डीगढ | पन्जाब पुनर्गठन अधिनियम, १९६६-का धारा ४-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू।] |

[1] पूर्वोत्तर क्षेत्र पुनर्गठन अधिनियम १९७१ (१९७१-को ८१) -का धारा ९ -द्वारा (२१.१.१९७२-देखि) ४-देखि ९--सम्मका प्रविष्टिलाई (क्रमशः) २-देखि ७-सम्मका प्रविष्टिका रूपमा पुनःसङ्ख्याङ्कन गरियो।

[2] लक्कादिव, मिनिकोय अनि अमीनदिवी द्वीप (नाम परिवर्तन) अधिनियम, १९७३ (१९७३-को ३४) -का धारा ५-द्वारा (१.११.१९७३-देखि) "लक्कादिवी, मिनिकोय, अमिनदिवीद्वीप"-का स्थानमा प्रतिस्थापित।

[3] दादरा र नगर हवेलीसँग सम्बन्धित प्रविष्टि ४ संविधानको(दसौं संशोधन) अधिनियम, १९६१-को धारा २-द्वारा (११.८.१९६१-देखि) अन्तः स्थापित अनि त्यसपछि क्रमशः दादर र नगर हवेली अनि दमन र दिऊ (केन्द्रशासित प्रदेशहरूको विलयन) अधिनियम, २०१९ (२०१९-को ४४) -को धारा ५-द्वारा (१९.१२.२०१९-देखि) प्रविष्टि ४र ५-का स्थानमा प्रतिस्थापित।

[4] गोवा, दमन र दिऊ (पुनर्गठन) अधिनियम, १९८७ (१९८७-को १८) -को धारा ५-द्वारा प्रविष्टि ५-का स्थानमा(३०.५.१९८७-देखि) प्रतिस्थापित।

[5] संविधान (चौधौं संशोधन) अधिनियम, १९६२-का धारा ३-द्वारा (पूर्वप्रभावी रूपमा) अन्तः स्थापित।

[6] पन्डिचेरी (नाम परिवर्तन) अधिनियम, २००६ (२००६-को ४४) -का धारा ५-द्वारा "पन्डिचेरी"-का स्थानमा (१.१०.२००६-देखि) प्रतिस्थापित।

[7] पन्जाब पुनर्गठन अधिनियम, १९६६ (१९६६-को ३१) -का धारा ७-द्वारा (१.११.१९६६-देखि) अन्तः स्थापित।

(पहिलो अनुसूची)

| *नाम* | *राज्यक्षेत्रहरू* |
|---|---|
| [1][* | * * * * ] |
| [1][* | * * * *] |
| [2][८. जम्मू अनि कश्मीर | जम्मू अनि कश्मीर पुनर्गठन अधिनियम, २०१९-का धारा ४-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू।] |
| ९. लद्दाख | जम्मू अनि कश्मीर पुनर्गठन अधिनियम, २०१९-का धारा ३-मा विनिर्दिष्ट राज्यक्षेत्रहरू।] |

[1] मिजोरमसँग सम्बन्धित प्रविष्टि ८-लाई मिजोरम राज्य अधिनियम, १९८६ (१९८६-को ३४) -का धारा ४-द्वारा (२०.२.१९८७-देखि) हटाइयो अनि अरुणाचल प्रदेशसँग सम्बन्धित प्रविष्टि ९-लाई प्रविष्टि ८-का रूपमा पुन:सङ्ख्याङ्कन गरियो अनि अरुणाचल प्रदेशसँग सम्बन्धित प्रविष्टि ८-लाई अरुणाचल प्रदेश राज्य अधिनियम, १९८६ (१९८६-को ६९) -का धारा ४-द्वारा (१५.४.१९८७-देखि) हटाइयो।

[2] जम्मू अनि कश्मीर पुनर्गठन अधिनियम, २०१९ (२०१९-को ३४) -का धारा ६-द्वारा (३१.१०.२०१९-देखि) अन्त: स्थापित।

# दोस्रो अनुसूची

[अनुच्छेद ५९ (३), ६५(३), ७५(६) ९७, १२५, १४८ (३), १५८ (३) ,
१६४ (५), १८६ अनि २२१]

# भाग क

## राष्ट्रपति अनि [1]* * * राज्यका राज्यपालका सम्बन्धमा प्रावधानहरू

१. राष्ट्रपति अनि राज्यका राज्यपालहरूलाई [1]* * * प्रति महिना निम्नलिखित पारिश्रमिक भुक्तान गरिने छ-

| | | |
|---|---|---|
| राष्ट्रपति | ....... | १०,००० रूपियाँ।* |
| राज्यका राज्यपाल | ....... | ५,५०० रूपियाँ।** |

२. राष्ट्रपति अनि [2]*** राज्यहरूका राज्यपालहरूलाई यो संविधान लागु हुन तत्काल अघि क्रमैले भारत अधिराज्यका गवर्नर जनरल तथा तत्स्थानी प्रान्तका गर्वनरहरूलाई भुक्तानी गरिने भत्ता भुक्तान गरिने छ।

३. राष्ट्रपति अनि [3][राज्य]–का राज्यपालहरू आआफ्ना पदावधिभरि यो संविधान लागु हुन तत्काल अघि क्रमैले गवर्नर जनरल तथा तत्स्थानी प्रान्तका गवर्नरहरू हकदार रहेका विशेषाधिकारहरूकै हकदार हुने छन्।

४. उपराष्ट्रपति वा अन्य कुनै व्यक्तिले राष्ट्रपतिका कार्यहरू निर्वहन गर्दा वा राष्ट्रपतिका रूपमा कार्य गर्दा अथवा कुनै व्यक्तिले राज्यपालका कार्यहरू निर्वहन गर्दा यथासन्दर्भ तिनले जसका कार्यहरू निर्वहन गर्दछन् वा जसका लागि तिनले सो रूपमा कार्य गर्दछन् तिनै राष्ट्रपति र राज्यपालले पाउने पारिश्रमिक, भत्ता र विशेषाधिकारहरूकै उनी हकदार हुने छन्।

[4]* * * * *

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूची-द्वारा (१.११.१९५६-देखि) “अनुसूचीका भाग क-मा विनिर्दिष्ट” शब्दहरू अनि अक्षर त्यक्त।

* वित्त अधिनियम २०१८-को (२०१८-को १३) -को धारा १३७ -द्वारा (१.११.१९५६-देखि) अहिले यो पाँच लाख रुपियाँ छ।

** वित्त अधिनियम २०१८-को (२०१८-को १३) -को धारा १६१ -द्वारा (१.११.१९५६-देखि) अहिले यो तीन लाख पचास हजार रुपियाँ छ।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूची-द्वारा (१.११.१९५६-देखि) “यसरी विनिर्दिष्ट” शब्दहरू त्यक्त।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूची-द्वारा “यस्ता राज्यहरू” का स्थानमा प्रतिस्थापित।

[4] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूची-द्वारा (१.११.१९५६-देखि) भाग ख त्यक्त।

(दोस्रो अनुसूची)

## भाग ग

### लोकसभाका अध्यक्ष र उपाध्यक्ष अनि राज्यसभाका सभापति र उपसभापति अनि [1][राज्य]-को विधानसभाका [2]*** अध्यक्ष र उपाध्यक्ष तथा विधानपरिषद्का सभापति र उपसभापतिका सम्बन्धमा प्रावधानहरू

७. लोकसभाका अध्यक्ष अनि राज्यसभाका सभापतिलाई यो संविधान लागु हुन तत्काल अघि भारत अधिराज्यको संविधानसभाका अध्यक्षलाई भुक्तानी गरिनु पर्ने वेतन र भत्ताहरू नै भुक्तान गरिने छ तथा लोकसभाका उपाध्यक्ष अनि राज्यसभाका उपसभापतिलाई यो संविधान लागु हुन तत्काल अघि भारत अधिराज्यको संविधानसभाका उपाध्यक्षलाई भुक्तानी गरिनु पर्ने वेतन र भत्ताहरू नै भुक्तान गरिने छ।

८. राज्यको विधानसभाका [3]*** अध्यक्ष अनि उपाध्यक्ष तथा [4][राज्य]- को विधानपरिषद्का सभापति अनि उपसभापतिलाई यो संविधान लागु हुन तत्काल अघि क्रमैले तत्स्थानी प्रान्तको विधानसभाका अध्यक्ष र उपाध्यक्ष अनि विधानपरिषद्का सभापति र उपसभापतिलाई भुक्तानी गरिनु पर्ने वेतन र भत्ताहरू भुक्तान गरिने छ तथा संविधान यसरी लागु हुन तत्काल अघि तत्स्थानी प्रान्तको कुनै विधानपरिषद् नभएका स्थितिमा सो राज्यको विधानपरिषद्का सभापति अनि उपसभापतिलाई सो राज्यका राज्यपालद्वारा निर्धारण गरिएका वेतन र भत्ताहरू नै भुक्तान गरिने छ।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूची-द्वारा (१.११.१९५६-देखि) ‘‘कुनै यस्ता राज्य’’-का स्थानमा प्रतिस्थापित।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूची-द्वारा (१.११.१९५६-देखि) ‘‘पहिलो अनुसूचीको भाग क -को कुनै राज्यका’’ शब्द तथा अक्षर त्यक्त।

[3] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूची-द्वारा (१.११.१९५६-देखि) ‘‘पहिलो अनुसूचीको भाग क-मा विनिर्दिष्ट राज्यका’’ शब्द तथा अक्षर त्यक्त।

[4] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूची-द्वारा (१.११.१९५६-देखि) ‘‘ यस्तो राज्य’’ का स्थानमा प्रतिस्थापित।

(दोस्रो अनुसूची)

# भाग घ

## सर्वोच्च न्यायालय अनि [1]*** उच्च न्यायालयका न्यायाधीशहरूका सम्बन्धमा प्रावधानहरू

९. (१) सर्वोच्च न्यायालयका न्यायाधीशहरूलाई उनीहरूले वास्तविक सेवामा बिताएका समयका निम्ति प्रति महिना निम्नलिखित दरले वेतन भुक्तान गरिने छ: –

| | | |
|---|---|---|
| मुख्य न्यायाधीश | ....... | [2][१०,००० रुपियाँ] ।* |
| अन्य कुनै न्यायाधीश | ....... | [3][९,००० रुपियाँ] ।** |

यद्यपि सर्वोच्च न्यायालयका कुनै न्यायाधीशले आफ्नो नियुक्तिको समय भारत सरकार अथवा त्यसका पूर्ववर्ती सरकारहरूमध्ये कुनै अथवा राज्यका सरकार वा त्यसका पूर्ववर्ती सरकारहरूमध्ये कुनै सरकार अन्तर्गत पूर्व सेवाका सम्बन्धमा (अशक्तता वा क्षतिपेन्सनभन्दा भिन्न) कुनै पेन्सन प्राप्त गरिरहेका खण्डमा सर्वोच्च न्यायालयमा गरिएको सेवाका निम्ति उनका वेतनबाट –

(क) त्यस पेन्सनको राशि; अनि

(ख) उनले यस्तो नियुक्ति अघि यस्तो पूर्व सेवाका सम्बन्धमा आफूले पाउने पेन्सनका एक भागको साटो त्यसको परिवर्तित मूल्य प्राप्त गरेका खण्डमा पेन्सनका त्यस भागको राशि; अनि

(ग) उनले यस्तो नियुक्ति अघि यस्तो पूर्व सेवाका सम्बन्धमा सेवानिवृत्ति उपदान प्राप्त गरेका खण्डमा सो उपदानको समतुल्य पेन्सन [4] [– घटाइने छ ।

(२) सर्वोच्च न्यायालयका प्रत्येक न्यायाधीश निःशुल्क सरकारी निवास उपयोगका हकदार हुने छन् ।

(३) यो संविधान लागु हुन तत्काल अघि –

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २५ (क) -द्वारा (१.११.१९५६-देखि) “पहिलो अनुसूचीको भाग क का राज्यहरूमा” शब्द तथा अक्षर त्यक्त ।

[2] संविधान (चौवन्नौँ संशोधन) अधिनियम, १९८६-को धारा ४-द्वारा (१.४.१९८६-देखि) “पाँच हजार रुपियाँका स्थानमा दस हजार रुपियाँ” प्रतिस्थापित ।

* उच्च न्यायालय अनि सर्वोच्च न्यायालय न्यायाधीश (वेतन अनि सेवा सर्त) संशोधन अधिनियम, २०१८ (२०१८-को १०) को धारा ६ अनुसार (१.१.२०१६-देखि) अहिले यो दुई लाख अस्सी हजार रुपियाँ छ ।

[3] संविधान (चौवन्नौँ संशोधन) अधिनियम, १९८६ (१९८६-को ३४) -का धारा ४-द्वारा (१.४.१९८६-देखि) “चार हजार रुपियाँ”-का स्थानमा प्रतिस्थापित ।

** उच्च न्यायालय अनि सर्वोच्च न्यायालय न्यायाधीश (वेतन अनि सेवा सर्त) संशोधन अधिनियम, २०१८ (२०१८-को १०) -का धारा ६ अनुसार (१.१.२०१६-देखि) अहिले यो दुई लाख पचास हजार रुपियाँ छ ।

[4] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा २५ ख-द्वारा “सो पेन्सनको रकम घटाइने छ” का स्थानमा प्रतिस्थापित ।

(क) सङ्घीय न्यायालयको मुख्य न्यायाधीशका रूपमा पद धारण गरिरहेका र संविधान यसरी लागु हुँदा अनुच्छेद ३७४-को खण्ड (१) अन्तर्गत सर्वोच्च न्यायालयका मुख्य न्यायाधीश बनेका व्यक्तिमाथि; अथवा

(ख) सङ्घीय न्यायालयको अन्य कुनै पनि न्यायाधीशका रूपमा पद धारण गरिरहेका र संविधान यसरी लागु हुँदा उक्त खण्ड अन्तर्गत सर्वोच्च न्यायालय (मुख्य न्यायाधीशभन्दा भिन्न) न्यायाधीश बनेका व्यक्तिमाथि

–त्यस्तो मुख्य न्यायाधीश अथवा अन्य न्यायाधीशका रूपमा उनले यस्तो पद धारण गरेका समयमा यस परिच्छेदको उप परिच्छेद (२)-मा भएको कुनै पनि कुरा लागु हुने छैन अनि त्यसरी सर्वोच्च न्यायालयका मुख्य न्यायाधीश अथवा अन्य न्यायाधीश बनेका प्रत्येक न्यायाधीशले यथासन्दर्भ मुख्य न्यायाधीश अथवा अन्य न्यायाधीशका रूपमा वास्तविक सेवामा बिताएको समयका निम्ति यस परिच्छेदको उप परिच्छेद (१)मा विनिर्दिष्ट वेतनबाहेक विशेष वेतनका रूपमा यसरी विनिर्दिष्ट वेतन र यस्तो प्रारम्भभन्दा पहिला उनले प्राप्त गरेको वेतनबिचको फरक बराबरको रकम प्राप्त गर्ने हकदार हुने छन्।

(४) सर्वोच्च न्यायालयका प्रत्येक न्यायाधीशले भारतको राज्यक्षेत्रभित्र कर्त्तव्य पालन गर्दा गरिएको यात्रामा भएको खर्चको प्रतिपूर्तिका लागि यात्राका सम्बन्धमा राष्ट्रपतिले समय समयमा निर्धारण गरेका उपयुक्त भत्ता प्राप्त गर्ने छन् अनि यात्राका सम्बन्धमा राष्ट्रपतिले समय समयमा निर्धारण गरेका उपयुक्त सुविधाहरू उनलाई प्रदान गरिने छ।

(५) सर्वोच्च न्यायालयका न्यायाधीशहरूका (बिदा भत्ता समावेश भएको) अनुपस्थिति बिदा अनि पेन्सनसम्बन्धी अधिकारहरू यो संविधान लागु हुन तत्काल अघि सङ्घीय न्यायालयका न्यायाधीशहरूमाथि लागु भएका प्रावधानहरूद्वारा शासित हुने छन्।

१०. (१) [1][उच्च न्यायालयका न्यायाधीशहरूलाई उनीहरूले वास्तविक सेवामा बिताएको समयका निम्ति प्रति महिना निम्नलिखित दरले वेतनको भुक्तान गरिने छ, अर्थात्–

| | | |
|---|---|---|
| मुख्य न्यायाधीश | ....... | [2][९,००० रुपियाँ][*] |
| अन्य कुनै न्यायाधीश | ....... | [3][८,००० रुपियाँ]:[**] |

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २५ (ग) , (i) -द्वारा (१.११.१९५६-देखि) उपपरिच्छेद (१) -का स्थानमा प्रतिस्थापित।

[2] संविधान (चौवन्नौँ संशोधन) अधिनियम, १९८६-का धारा ४-द्वारा (१.४.१९८६-देखि) “४००० रुपियाँ”-का स्थानमा प्रतिस्थापित।

[*] उच्च न्यायालय अनि सर्वोच्च न्यायालय न्यायाधीश (वेतन अनि सेवा सर्त) संशोधन अधिनियम, २०१८ (२०१८-को १०) -का धारा २ अनुसार (१.१.२०१६-देखि) अहिले यो दुई लाख पचास हजार रुपियाँ छ।

[3] संविधान (चौवन्नौँ संशोधन) अधिनियम, १९८६-को धारा ४-द्वारा (१.४.१९८६-देखि) “३५०० रुपियाँ”-का स्थानमा प्रतिस्थापित।

[**] उच्च न्यायालय अनि सर्वोच्च न्यायालयका न्यायाधीशहरूको (तलब र सेवाका सर्तहरू) संशोधन अधिनियम, २०१८ (२०१८-को १०) -को धारा २-द्वारा (१.१.२०१६-देखि) अहिले दुई लाख पच्चीस हजार रुपियाँ छ।

यद्यपि कुनै उच्च न्यायालयका कुनै न्यायाधीशले आफ्नो नियुक्तिका समयमा भारत सरकार अथवा त्यसका पूर्ववर्ती सरकारहरूमध्ये कुनै अथवा राज्य सरकार वा त्यसका पूर्ववर्ती सरकारहरूमध्ये कुनै सरकार अन्तर्गत गरिएको पूर्व सेवाका सम्बन्धमा (अशक्तता अथवा क्षति पेन्सनभन्दा भिन्न) कुनै पेन्सन प्राप्त गरिरहेका खण्डमा उच्च न्यायालयमा गरिएको सेवाका निम्नि उनका वेतनबाट–

(क) सो पेन्सनको राशि, अनि

(ख) उनले यस्तो नियुक्तिभन्दा अघि यस्तो पूर्व सेवाका सम्बन्धमा आफूले पाउन बाँकी रहेको पेन्सनको एक भागको साटो त्यसको रूपान्तरित मूल्य प्राप्त गरेका खण्डमा पेन्सनको सो भागको रकम, अनि

(ग) उनले यस्तो नियुक्तिभन्दा अघि यस्तो पूर्व सेवाका सम्बन्धमा सेवानिवृत्ति उपदान प्राप्त गरेका खण्डमा सो उपदानको समतुल्य पेन्सन

– घटाइने छ।

२. यो संविधान लागु हुन तत्काल अघि–

(क) कुनै प्रान्तका उच्च न्यायालयको मुख्य न्यायाधीशका रूपमा पद धारण गरिरहेका अनि संविधान यसरी लागु हुँदा अनुच्छेद ३७६-को खण्ड (१) अन्तर्गत तत्स्थानी राज्यको उच्च न्यायालयको मुख्य न्यायाधीश बनेका, अथवा

(ख) कुनै प्रान्तको उच्च न्यायालयको अन्य कुनै न्यायाधीशका रूपमा पद धारण गरिरहेका अनि संविधान यसरी लागु हुँदा उक्त खण्ड अन्तर्गत तत्स्थानी राज्यका उच्च न्यायालयको (मुख्य न्यायाधीशभन्दा भिन्न) न्यायाधीश बनेका

–प्रत्येक व्यक्तिले यो संविधान लागु हुन तत्काल अघि यस परिच्छेदको उपपरिच्छेद (१)-मा विनिर्दिष्ट दरभन्दा उच्चतर दरमा वेतन प्राप्त गरिरहेका खण्डमा यथासन्दर्भ यस्ता मुख्य न्यायाधीश अथवा अन्य न्यायाधीशका रूपमा वास्तविक सेवामा बिताएको समयका निम्ति उनी यस परिच्छेदको उपपरिच्छेद (१)-मा विनिर्दिष्ट वेतनबाहेक विशेष वेतनका रूपमा यसरी विनिर्दिष्ट गरिएको वेतन र यो संविधान लागु हुन तत्काल अघि उनले प्राप्त गरिरहेको वेतनबिचको फरक बराबरको रकम प्राप्त गर्ने हकदार हुने छन्।

[1][(३) संविधान (सातौँ संशोधन) अधिनियम, १९५६ लागु हुन तत्काल अघि पहिलो अनुसूचीको भाग ख मा विनिर्दिष्ट कुनै उच्च न्यायालयको मुख्य न्यायाधीशका रूपमा पद धारण गरिरहेका र संविधान यसरी लागु हुँदा उक्त अधिनियमद्वारा यथा संशोधित उक्त अनुसूचीमा विनिर्दिष्ट कुनै राज्यको उच्च न्यायालयको मुख्य न्यायाधीश भएका कुनै व्यक्तिले संविधान यसरी लागु हुन तत्काल अघि आफ्नो वेतनबाहेक भत्ताका रूपमा कुनै रकम प्राप्त गरिरहेका खण्डमा यस्ता मुख्य न्यायाधीशका रूपमा वास्तविक सेवामा बिताएको समयका निम्ति यस परिच्छेदको उपपरिच्छेद (१)-मा विनिर्दिष्ट वेतनबाहेक भत्ताका रूपमा त्यही रकम प्राप्त गर्ने हकदार हुने छन्।]

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २५ (ग) (ii) -द्वारा (१.११.१९५६-देखि) उपपरिच्छेद (३) अनि (४) का स्थानमा प्रतिस्थापित।

(दोस्रो अनुसूची)

११. सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म यस भागमा–

(क) “मुख्य न्यायाधीश” पदमा कार्यकारी मुख्य न्यायाधीश र “न्यायाधीश” पदमा *तदर्थ* न्यायाधीश समाविष्ट हुँदछन्;

(ख) “वास्तविक सेवा” पदमा–

(i) न्यायाधीशका रूपमा कर्त्तव्य पालन गर्दा अथवा राष्ट्रपतिको अनुरोधमा निर्वहनका लागि जिम्मा लिएका अन्य कार्यहरूको सम्पादन गर्दा खर्चेको समय;

(ii) न्यायाधीश बिदा लिएर अनुपस्थित हुँदाको समयबाहेकको छुट्टी;

(iii) उच्च न्यायालयबाट सर्वोच्च न्यायालयमा अथवा एउटा उच्च न्यायालयबाट अर्को उच्च न्यायालयमा स्थानान्तरण हुँदाको पद ग्रहण अवधि;

–समाविष्ट हुँदछन्।

# भाग ङ

## भारतका नियन्त्रक एवम् महालेखा परीक्षकबारे प्रावधानहरू

१२. (१) भारतका नियन्त्रक एवम् महालेखा परीक्षकलाई *चार हजार रुपियाँ प्रति महिनाका दरले वेतनको भुक्तान गरिने छ।

(२) यो संविधान लागु हुन तत्काल अघि भारतका महालेखा परीक्षकका रूपमा पद धारण गरिरहेका अनि संविधान यसरी लागु हुँदा अनुच्छेद ३७७ अन्तर्गत भारतका नियन्त्रक एवम् महालेखा परीक्षक भएका कुनै व्यक्ति यस परिच्छेदको उपपरिच्छेद (१)-मा विनिर्दिष्ट वेतनबाहेक विशेष वेतनका रूपमा यसरी विनिर्दिष्ट वेतन यो संविधान लागु हुन तत्काल अघि भारतका महालेखा परीक्षकका रूपमा उनले प्राप्त गरिरहेको वेतनबिचको फरक बराबरको रकम प्राप्त गर्ने हकदार हुने छन्।

(३) भारतका नियन्त्रक एवम् महालेखा परीक्षकका अनुपस्थिति बिदा र पेन्सन तथा सेवाका अन्य सर्तसम्बन्धी अधिकारहरू यथासन्दर्भ यो संविधान लागु हुन तत्काल अघि भारतका महालेखा परीक्षकमाथि लागु भएका प्रावधानहरूद्वारा शासित हुने छन् र शासित भइरहने छन् अनि ती प्रावधानहरूमा भएका गवर्नर जेनरलप्रतिका सबै निर्देशहरूको अर्थ यी राष्ट्रपतिप्रतिका निर्देश हुन् भनी लगाइने छ।

---

* भारतका नियन्त्रक-महालेखा परीक्षक (कर्त्तव्य, शक्ति अनि सेवाका सर्तहरू) अधिनियम, १९७१ (१९७१-को ५६) -को धारा ३-द्वारा भारतका नियन्त्रक एवम् महालेखा परीक्षकलाई सर्वोच्च न्यायालयका न्यायाधीशहरू बराबरको वेतन भुक्तान गरिने छ। उच्च न्यायालय अनि सर्वोच्च न्यायालय न्यायाधीश (वेतन अनि सेवा सर्तहरू) संशोधन अधिनियम, २०१८ (२०१८-को १०) -को धारा ६-द्वारा (१.१.२०१६-देखि) सर्वोच्च न्यायालयका न्यायाधीशहरूको वेतन प्रति महिना “दुई लाख पचास हजार रुपियाँ”-सम्म बढाइएको छ।

# तेस्रो अनुसूची

[अनुच्छेद ७५ (४), ९९, १२४ (६), १४८ (२), १६४ (३), १८८ अनि २१९]*

## शपथ अथवा अभिपुष्टिका ढाँचा

१

सङ्घको मन्त्री पदका निम्ति शपथको ढाँचा**:-**

“म, क.ख., $\frac{\text{ईश्वरका नाममा शपथ लिंदछु}}{\text{सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु}}$, म, विधिद्वारा स्थापित भारतको संविधानप्रति साँचो श्रद्धा र निष्ठा राख्ने छु, [1][म भारतको सार्वभौमसत्ता र अखण्डता अक्षुण्ण राख्ने छु,] म सङ्घको मन्त्रीका रूपमा आफ्ना कर्त्तव्यहरू श्रद्धापूर्वक अनि शुद्ध अन्तःकरणद्वारा निर्वहन गर्ने छु तथा म भय वा पक्षपात, अनुराग वा द्वेषरहित भएर सबै प्रकारका मानिसहरूप्रति संविधान र विधि अनुसार न्याय गर्ने छु।”

२

सङ्घको मन्त्री पदका निम्ति गोपनीयताका शपथको ढाँचा**:-**

““‘म, क.ख., $\frac{\text{ईश्वरका नाममा शपथ लिंदछु}}{\text{सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु}}$, सङ्घको मन्त्रीका रूपमा आफ्ना कर्त्तव्यहरूको विधिवत् निर्वहनका लागि आवश्यक नभएसम्म मेरा विचारका निम्ति ल्याइएका विषय अथवा मलाई जानकारी भएका विषय कुनै व्यक्ति अथवा व्यक्तिहरूलाई म प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सूचित अथवा प्रकट गर्ने छुइनँ।”

[2][३

**क**

संसद्को निर्वाचनका लागि प्रार्थीद्वारा लिइने शपथ अथवा गरिने अभिपुष्टिको ढाँचा:-

---

* अनुच्छेद ८४ (क) तथा १७३ (क) -मा पनि हेर्नु होस्।

[1] संविधान (सोह्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ५-द्वारा (५.१०.१९६३-देखि) अन्तः स्थापित।

[2] संविधान (सोह्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ५-द्वारा (५.१०.१९६३-देखि) ढाँचा ३-का स्थानमा प्रतिस्थापित।

(तेस्रो अनुसूची)

"म, क.ख., राज्यसभा (वा लोकसभा)-मा आसन पूर्तिका निम्ति एकजना मनोनीत प्रार्थीका रूपमा ईश्वरका नाममा शपथ लिंदछु / सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु, म विधिद्वारा स्थापित भारतको संविधानप्रति साँचो श्रद्धा अनि निष्ठा राख्ने छु अनि म भारतको सार्वभौमसत्ता र अखण्डता अक्षुण्ण राख्ने छु।"

## ख

संसद्को सदस्यद्वारा लिइने शपथ अथवा गरिने अभिपुष्टिको ढाँचा -

"म, क.ख., राज्यसभा (वा लोकसभा)-को राज्यसभा (वा लोकसभा)-को एकजना सदस्यका रूपमा निर्वाचित भएको हुनाले ईश्वरका नाममा शपथ लिंदछु / सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु, विधिद्वारा स्थापित भारतको संविधानप्रति साँचो श्रद्धा अनि निष्ठा राख्ने छु अनि म भारतको सार्वभौमसत्ता र अखण्डता अक्षुण्ण राख्ने छु तथा मैले ग्रहण गर्न लागिरहेको पदका कर्त्तव्यहरू श्रद्धापूर्वक निर्वहन गर्ने छु।

## ४

सर्वोच्च न्यायालयका न्यायाधीश अनि भारतका नियन्त्रक एवम् महालेखा परीक्षकद्वारा लिइने शपथ अथवा गरिने अभिपुष्टिको ढाँचा:-

"म, क.ख., भारतको सर्वोच्च न्यायालयको मुख्य न्यायाधीश (अथवा न्यायाधीश) (अथवा भारतको नियन्त्रक एवम् महालेखा परीक्षक)-का रूपमा नियुक्त भएको हुनाले ईश्वरका नाममा शपथ लिंदछु / सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु, म विधिद्वारा स्थापित भारतको संविधानप्रति साँचो श्रद्धा अनि निष्ठा राख्ने छु, [1][म भारतको सार्वभौमसत्ता अनि अखण्डता अक्षुण्ण राख्ने छु] तथा म विधिवत् रूपले अनि श्रद्धापूर्वक तथा आफ्नो सर्वोत्तम योग्यता, ज्ञान र विवेकद्वारा भय वा पक्षपात, अनुराग वा द्वेषरहित भएर आफ्नो पदका कर्त्तव्यहरू पालन गर्ने छु तथा संविधान अनि विधिहरूको मर्यादा कायम राख्ने छु।"

---

[1] संविधान (सोह्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ५-द्वारा (५.१०.१९६३-देखि) अन्तः स्थापित।

५

राज्यको मन्त्री पदका निम्ति शपथको ढाँचा:-

“म, क.ख., $\frac{\text{ईश्वरका नाममा शपथ लिँदछु}}{\text{सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु}}$, म, विधिद्वारा स्थापित भारतको संविधानप्रति साँचो श्रद्धा र निष्ठा राख्ने छु, [1][म भारतको सार्वभौमसत्ता र अखण्डता अक्षुण्ण राख्ने छु,] म............ राज्यका मन्त्रीका रूपमा आफ्ना कर्त्तव्यहरू श्रद्धापूर्वक अनि शुद्ध अन्तःकरणद्वारा निर्वहन गर्ने छु तथा म भय वा पक्षपात, अनुराग वा द्वेषरहित भएर सबै प्रकारका मानिसहरूप्रति संविधान र विधिअनुसार न्याय गर्ने छु।”

६

राज्यको मन्त्री पदका निम्ति गोपनीयताबारे शपथको ढाँचा:-

“म, क.ख., $\frac{\text{ईश्वरका नाममा शपथ लिँदछु}}{\text{सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु}}$, राज्यका मन्त्रीका रूपमा मेरा विचारका निम्ति ल्याइएका विषय अथवा मलाई जानकारी भएका विषय कुनै व्यक्ति अथवा व्यक्तिहरूलाई आफ्ना कर्त्तव्यहरूको विधिवत् निर्वहनका लागि आवश्यक नभएसम्म म प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सूचित अथवा प्रकट गर्ने छुइनँ।”

[2][७

## क

राज्यका विधायिकाको निर्वाचनका लागि प्रार्थीद्वारा लिइने शपथ अथवा गरिनु पर्ने अभिपुष्टिको ढाँचा:-

“म, क.ख., विधानसभा (वा विधानपरिषद्)-मा आसन पूर्तिका निम्ति एकजना मनोनीत प्रार्थीका रूपमा $\frac{\text{ईश्वरका नाममा शपथ लिँदछु}}{\text{सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु}}$, विधिद्वारा स्थापित भारतको संविधानप्रति साँचो श्रद्धा अनि निष्ठा राख्ने छु अनि म भारतको सार्वभौमसत्ता र अखण्डता अक्षुण्ण राख्ने छु।”

---

[1] संविधान (सोह्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ५-द्वारा (५.१०.१९६३-देखि) अन्तः स्थापित।

[2] संविधान (सोह्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ५-द्वारा (५.१०.१९६३-देखि) प्ररूप ७-का स्थानमा प्रतिस्थापित।

(तेस्रो अनुसूची)

## ख

राज्यको विधायिकाका सदस्यद्वारा लिइने अथवा शपथ गरिने अभिपुष्टिको ढाँचा:-

"म, क.ख., विधानसभा (वा विधानपरिषद्)-को एकजना निर्वाचित सदस्यका रूपमा निर्वाचित भएको हुनाले $\frac{\text{ईश्वरका नाममा शपथ लिँदछु}}{\text{सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु}}$, विधिद्वारा स्थापित भारतको संविधानप्रति साँचो श्रद्धा अनि निष्ठा राख्ने छु अनि म भारतको सार्वभौमसत्ता र अखण्डता अक्षुण्ण राख्ने छु तथा मैले ग्रहण गर्न लागिरहेको पदका कर्त्तव्यहरू श्रद्धापूर्वक निर्वहन गर्ने छु।"

## ८

उच्च न्यायालयका न्यायाधीशहरूद्वारा लिइने शपथ अथवा गरिने अभिपुष्टिको ढाँचा:-

"म, क.ख.,.........को उच्च न्यायालयको मुख्य न्यायाधीश (अथवा न्यायाधीश)-का रूपमा नियुक्त भएको हुनाले $\frac{\text{ईश्वरका नाममा शपथ लिँदछु}}{\text{सत्यनिष्ठापूर्वक अभिपुष्टि गर्दछु}}$, म विधिद्वारा स्थापित भारतको संविधानप्रति साँचो श्रद्धा अनि निष्ठा राख्ने छु, [1][म भारतको सार्वभौमसत्ता अनि अखण्डता अक्षुण्ण राख्ने छु] तथा म यथोचित रूपमा अनि श्रद्धापूर्वक तथा आफ्नो सर्वोत्तम योग्यता, ज्ञान र विवेकद्वारा भय वा पक्षपात, अनुराग वा द्वेषरहित भएर आफ्नो पदका कर्त्तव्यहरूको पालन गर्ने छु तथा संविधान अनि विधिहरूको मर्यादा कायम राख्ने छु।"

---

[1] संविधान (सोह्रौँ संशोधन) अधिनियम, १९६३-को धारा ५-द्वारा (५.१०.१९६३-देखि) अन्तः स्थापित।

# [1][चौथो अनुसूची

## [अनुच्छेद ४(१) र ८०(२)]

### राज्यसभामा आसनहरूको आवण्टनः-

निम्न तालिकाको पहिलो स्तम्भमा विनिर्दिष्ट प्रत्येक राज्य अथवा सङ्घ राज्यक्षेत्रलाई दोस्रो स्तम्भमा यथासन्दर्भ सो राज्य अथवा सो सङ्घ राज्यक्षेत्रका नामसामु विनिर्दिष्ट सङ्ख्या अनुसारका आसन आवण्टन गरिने छ**:**

## तालिका

| | | |
|---|---|---|
| १. | आन्ध्र प्रदेश............................................................ | [2][११] |
| [3][२. | तेलङ्गना................................................................ | ७] |
| [4][३.] | असम.................................................................. | ७ |
| [4] [४.] | बिहार.................................................................. | [5][१६] |
| [6][[4][५.] | झारखण्ड .............................................................. | ६] |
| [7][[8][ [4][६.] | गोवा.................................................................. | १]] |
| [9][[8][ [4][७.] | गुजरात................................................................ | ११]] |
| [10][[8] [[4][८.] | हरियाणा............................................................... | ५]] |
| [8][[4][९.] | केरल.................................................................. | ९ |

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा ३ (२) -द्वारा (१.११.१९५६-देखि) 'चौथो अनुसूची'-का स्थानमा प्रतिस्थापित।

[2] आन्ध्र प्रदेश पुनर्गठन अधिनियम, २०१४-को धारा १२-द्वारा "१८"-का स्थानमा (२.६.२०१४-देखि) प्रतिस्थापित।

[3] आन्ध्र प्रदेश पुनर्गठन अधिनियम, २०१४-को धारा १२-द्वारा (२.६.२०१४-देखि) अन्तः स्थापित ।

[4] आन्ध्र प्रदेश पुनर्गठन अधिनियम, २०१४-को धारा १२-द्वारा (२.६.२०१४-देखि) २-देखि ३०-सम्मका प्रविष्टिलाई क्रमशः ३-देखि ३१-सम्मका प्रविष्टिका रूपमा पुनः सङ्ख्याङ्कन गरियो।

[5] बिहार पुनर्गठन अधिनियम, २००० (२०००-को ३०) -को धारा ७-द्वारा "२२"-का स्थानमा (१५.११.२०००-देखि) प्रतिस्थापित।

[6] बिहार पुनर्गठन अधिनियम, २००० (२०००-को ३०) -को धारा ७-द्वारा "२२"-का स्थानमा (१५.११.२०००-देखि) अन्तः स्थापित।

[7] गोवा, दमन र दिऊ (पुनर्गठन) अधिनियम, १९८७ (१९८७-को १८) -को धारा ६ (क) अनि (ख) -द्वारा (३०.५.१९८७--देखि) ४-देखि २६-सम्मका प्रविष्टिलाई क्रमशः ५-देखि २७-सम्मका प्रविष्टिका रूपमा पुनः सङ्ख्याङ्कन अनि प्रविष्टि "गोवा....१" अन्तः स्थापित गरियो।

[8] बिहार पुनर्गठन अधिनियम, २००० (२०००-को ३०) -को धारा ७-द्वारा (१५.११.२०००-देखि) ४-देखि २९-सम्मका प्रविष्टिलाई ५-देखि ३०-सम्मका प्रविष्टिका रूपमा पुनः सङ्ख्याङ्कन गरियो ।

[9] बम्बई पुनर्गठन अधिनियम, १९६० (१९६०-को ११) -को धारा ६-द्वारा (१.५.१९६०-देखि) प्रविष्टि "४" का स्थानमा प्रतिस्थापित।

[10] पन्जाब पुनर्गठन अधिनियम, १९६६ (१९६६-को ३१) -को धारा ९-द्वारा (१.११.१९६६-देखि) अन्तः स्थापित।

# भारतको संविधान

(चौथो अनुसूची)

| | | |
|---|---|---|
| [1][[2][१०.]] | मध्य प्रदेश............................................................ | [3][११] |
| [4][[1][[2][११.] | छत्तीसगढ............................................................ | ५]] |
| [5][[1][[2][१२.] | तमिलनाडू........................................................... | [6][१८]] |
| [7][[1][[2][१३.] | महाराष्ट्र............................................................ | १९]] |
| [8][[1][[2][१४.] | कर्नाटक............................................................ | १२]] |
| [1][[2][१५.] | [9][ओडिसा]............................................................ | १०] |
| [1][[2][१६.] | पन्जाब............................................................ | [10][७] |
| [1][[2][१७.] | राजस्थान............................................................ | १०] |
| [1][[2][१८.] | उत्तर प्रदेश............................................................ | [11][३१] |
| [12][[1][[2][१९.] | [13][उत्तराखण्ड]............................................................ | ३]] |
| [1][[2][२०.] | पश्चिम बङ्गाल............................................................ | १६] |
| [14][[1][[2][** | * * *............................................................ | *] |
| [15][[16][[1][[2][२१.] | नागाल्यान्ड............................................................ | १] ] |

[1] बिहार पुनर्गठन अधिनियम, २००० (२०००-को ३०) -को धारा ७-द्वारा (१५.११.२०००-देखि) प्रविष्टि ४-देखि २९-सम्मका प्रविष्टिलाई ५-देखि ३०-सम्मका प्रविष्टिका रूपमा पुन: सङ्ख्याङ्कन गरियो।

[2] आन्ध्र प्रदेश पुनर्गठन अधिनियम, २०१४ (२०००-को २८) -को धारा १२-द्वारा (२.६.२०१४-देखि) प्रविष्टि २-देखि ३०-सम्मका प्रविष्टिलाई क्रमशः ३-देखि ३१-सम्मका प्रविष्टिका रूपमा पुन: सङ्ख्याङ्कन गरियो ।

[3] मध्य प्रदेश पुनर्गठन अधिनियम, २००० (२०००-को २८) -को धारा ७-द्वारा (१.११.२०००-देखि) “१६”-का स्थानमा प्रतिस्थापित ।

[4] मध्य प्रदेश पुनर्गठन अधिनियम, २००० (२०००-को २८) -को धारा ७-द्वारा (१.११.२०००-देखि) अन्त: स्थापित।

[5] मद्रास राज्य (नाम परिवर्तन) अधिनियम, १९६८ (१९६८-को ५३) -का धारा ५-द्वारा (१४.१.१९६९-देखि) “८. मद्रास” (“११”-का रूपमा पुनसङ्ख्याङ्कित) -का स्थानमा प्रतिस्थापित।

[6] आन्ध्र प्रदेश अनि मद्रास (सीमा परिवर्तन) अधिनियम, १९५९ (१९५९-को ५६) -को धारा ८-द्वारा (१.४.१९६०-देखि) “१७”-का स्थानमा प्रतिस्थापित।

[7] बम्बई पुनर्गठन अधिनियम, १९६० (१९६०-को ११) -को धारा ६ -द्वारा (१.५.१९६०-देखि) अन्तः स्थापित।

[8] मैसुर राज्य (नाम परिवर्तन) अधिनियम, १९७३ (१९७३-को ३१) -को धारा ५-द्वारा (१.११.१९७३-देखि) “१०. मैसुर”-का स्थानमा प्रतिस्थापित।

[9] उडिस्सा (नाम परिवर्तन) अधिनियम, २०११ (२०११-को १५) -को धारा ७-द्वारा (१.११.२०११-देखि) “उडिस्सा”-का स्थानमा प्रतिस्थापित।

[10] पन्जाब पुनर्गठन अधिनियम, १९६६ (१९६६-को ३१) -को धारा ९-द्वारा (१.११.१९६६-देखि) “११”-का स्थानमा प्रतिस्थापित।

[11] उत्तर प्रदेश पुनर्गठन अधिनियम, २००० (२०००-को २९) -को धारा ७-द्वारा (९.११.२०००-देखि) “३४”-का स्थानमा प्रतिस्थापित।

[12] उत्तर प्रदेश पुनर्गठन अधिनियम, २००० (२०००-को २९) -को धारा ७-द्वारा (९.११.२०००-देखि) अन्त: स्थापित।

[13] उत्तराञ्चल (नाम परिवर्तन) अधिनियम, २००६ (२००६-को ५२) -को धारा ५-द्वारा (१.१.२००७-देखि) “उत्तराञ्चल” शब्दका स्थानमा प्रतिस्थापित ।

[14] **जम्मू अनि कश्मीर पुनर्गठन अधिनियम, २०१९ (२०१९-को ३४) -को धारा ८-द्वारा (३१.१०.२०१९-देखि) जम्मू अनि कश्मीरसँग सम्बन्धित प्रविष्टि २१ हटाइयो।

[15] जम्मू अनि कश्मीर पुनर्गठन अधिनियम, २०१९ (२०१९-को ३४) -को धारा ८-द्वारा (३१.१०.२०१९-देखि) प्रविष्टि २२-देखि ३१-सम्मका प्रविष्टिलाई २१-देखि ३०-सम्मका प्रविष्टिका रूपमा पुन: सङ्ख्याङ्कन गरियो।

[16] नागाल्यान्ड राज्य अधिनियम, १९६२ (१९६२-को २७) -को धारा ६-द्वारा (१.१२.१९६३-देखि) अन्तः स्थापित।

(चौथो अनुसूची)

| | | |
|---|---|---|
| [1][2][3][4][२२.] | हिमाचल प्रदेश.......................................................... | ३]]] |
| [3][2][4][२३.] | मणिपुर.......................................................... | १] |
| [3][2][4][२४.] | त्रिपुरा.......................................................... | १]] |
| [3][2][4][२५.] | मेघालय.......................................................... | १]] |
| [5][3][2][4][२६.] | सिक्किम.......................................................... | १]] |
| [6][3][2][4][२७.] | मिजोरम.......................................................... | १]] |
| [7][3][2][4][२८.] | अरुणाचल प्रदेश.......................................................... | १]] |
| [3][2][4][२९.] | दिल्ली.......................................................... | ३] |
| [3][2][4][३०.] | [8][पुडुचेरी].......................................................... | १]] |
| [9][3][2][4][३१. | जम्मू अनि कश्मीर.......................................................... | ४] |
| | मोठ | [10][२३३] |

[1] हिमाचल प्रदेश राज्य अधिनियम, १९७० (१९७०-का ५३) को धारा ५-द्वारा (२५.१.१९७१-देखि) अन्तः स्थापित।

[2] बिहार पुनर्गठन अधिनियम, २००० (२०००-को ३०) -को धारा ७-द्वारा (१५.११.२०००-देखि) प्रविष्टि ४-देखि २९-सम्मका प्रविष्टिलाई ५-देखि ३०-सम्मका प्रविष्टिका रूपमा पुन: सङ्ख्याङ्कन गरियो।

[3] आन्ध्र प्रदेश पुनर्गठन अधिनियम, २०१४ (२०१४-को ६) -को धारा १२-द्वारा (२.६.२०१४-देखि) प्रविष्टि २-देखि ३०-सम्मका प्रविष्टिलाई ३-देखि ३१-सम्मका प्रविष्टिका रूपमा पुन:सङ्ख्याङ्कित गरियो।

[4] जम्मू अनि कश्मीर पुनर्गठन अधिनियम, २०१९ (२०१९-को ३४) -को धारा ८-द्वारा (३१.१०.२०१९-देखि) प्रविष्टि २२-देखि ३१-सम्मका प्रविष्टिलाई २१-देखि ३०-सम्मका प्रविष्टिका रूपमा पुन: सङ्ख्याङ्कन गरियो।

[5] संविधान (छत्तीसौँ संशोधन) अधिनियम, १९७५-का धारा ४-द्वारा (२६.४.१९७५-देखि) अन्तः स्थापित।

[6] मिजोरम राज्य अधिनियम, १९८६ (१९८६-को ३४) -को धारा ५-द्वारा (२०.२.१९८७-देखि) अन्त: स्थापित।

[7] अरुणाचल प्रदेश अधिनियम, १९८६ (१९८६-को ६९) -को धारा ५-द्वारा (२०.२. १९८७-देखि) अन्त: स्थापित।

[8] पन्डिचेरी (नाम परिवर्तन) अधिनियम, २००६ (२००६-को ४४) -को धारा ४-द्वारा (१.१०.२००६-देखि) "पन्डिचेरी"-का स्थानमा प्रतिस्थापित।

[9] जम्मू अनि कश्मीर पुनर्गठन अधिनियम, २०१९ (२०१९-को ३४) -को धारा ८-द्वारा (३१.१०.२०१९-देखि) अन्त: स्थापित।

[10] गोवा, दमन र दिऊ (पुनर्गठन) अधिनियम, १९८७ (१९८७-को १८) -को धारा ६-द्वारा (३०.५.१९८७-देखि) "२३२"-का स्थानमा प्रतिस्थापित।

# पाँचौँ अनुसूची

[अनुच्छेद २४४ (१)]

## अनुसूचित क्षेत्र अनि अनुसूचित जनजातिको प्रशासन अनि नियन्त्रण विषयक प्रावधानहरू

## भाग क

### सामान्य

**१. व्याख्या-** यस अनुसूचीमा सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म "राज्य" [1]*** पदमा [2][असम [3][,[4][मेघालय, त्रिपुरा अनि मिजोरम]]] राज्यहरू समावेश हुँदैनन्।

**२. अनुसूचित क्षेत्रहरूमा कुनै राज्यको कार्यपालिका शक्ति-** यस अनुसूचीका प्रावधानहरूका अधीनमा कुनै राज्यको कार्यपालिका शक्तिको विस्तार सो राज्यका अनुसूचित क्षेत्रहरूसम्म हुन्छ।

**३. अनुसूचित क्षेत्रहरूको प्रशासनका सम्बन्धमा राष्ट्रपतिलाई राज्यपाल [5]***-द्वारा प्रतिवेदन-** अनुसूचित क्षेत्रयुक्त प्रत्येक राज्यका राज्यपालले [5]*** प्रतिवर्ष अथवा राष्ट्रपतिद्वारा आवश्यक ठानिँदा सो राज्यका अनुसूचित क्षेत्रको प्रशासनका सम्बन्धमा राष्ट्रपतिसमक्ष प्रतिवेदन प्रस्तुत गर्ने छन् अनि राज्यलाई उक्त क्षेत्रहरूको प्रशासनका विषयमा निर्देश दिने सीमासम्म सङ्घको कार्यपालिका शक्तिको विस्तार हुने छ।

## भाग ख

### अनुसूचित क्षेत्र अनि अनुसूचित जनजातिहरूको प्रशासन अनि नियन्त्रण

**४. जनजाति सल्लाहकार परिषद्-** (१) अनुसूचित क्षेत्रयुक्त प्रत्येक राज्यमा अनि राष्ट्रपतिले निर्देश दिएका खण्डमा अनुसूचित जनजातिहरू भएका तर अनुसूचित क्षेत्र चाहिँ नभएका राज्यमा बीसजनाभन्दा अधिक सदस्यहरू नभएको एउटा जनजाति सल्लाहकार परिषद् स्थापित गरिने छ र यी सदस्यहरूमध्ये यथाशक्य निकटतम तीनचौथाइ सदस्यहरू सो राज्यका विधानसभाका अनुसूचित जनजातिहरूका प्रतिनिधि हुने छन्:

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "पहिलो अनुसूचीको भाग क वा भाग ख-मा विनिर्दिष्ट राज्य बुझाउँछ तर" शब्द र अक्षरहरू गरिएको छ।

[2] पूर्वोत्तर क्षेत्र पुनर्गठन अधिनियम, १९७१-का धारा ७१-द्वारा (२१.१.१९७२-देखि) "असम राज्य"-का स्थानमा प्रतिस्थापित।

[3] संविधान (उनन्चासौँ संशोधन) अधिनियम, १९८४-का धारा ३-द्वारा (१.४.१९८५-देखि) "अनि मेघालय"-का स्थानमा प्रतिस्थापित

[4] मिजोरम राज्य अधिनियम, १९८६ (१९८६-को ३४) -का धारा ३९-द्वारा (२०.२.१९८७-देखि) "मेघालय अनि त्रिपुरा"-का स्थानमा प्रतिस्थापित।

[5] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-को धारा २९ अनि अनुसूचीद्वारा "अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

(पाँचौँ अनुसूची)

यद्यपि, सो राज्यका विधानसभामा अनुसूचित जनजातिका प्रतिनिधिहरूको सङ्ख्या जनजाति सल्लाहकार परिषद्का यस्ता प्रतिनिधिहरूद्वारा पूर्ति गरिने आसनहरूको सङ्ख्याभन्दा थोरै भएका खण्डमा रहल आसन ती जनजातिका अन्य सदस्यहरूद्वारा पूर्ति गरिने छन्।

(२) राज्यपालद्वारा [1]*** जनजाति सल्लाहकार परिषद्लाई पठाइएका राज्यका अनुसूचित जनजातिहरूको कल्याण र उन्नतिसँग सम्बन्धित विषयहरूमा परामर्श दिनु जनजाति सल्लाहकार परिषद्को कर्त्तव्य हुने छ।

(३) राज्यपालले [2]*** –

(क) परिषद्का सदस्यहरूको सङ्ख्या, तिनीहरूको नियुक्ति अनि परिषद्का अध्यक्ष तथा अधिकारी अनि कर्मचारीहरूका नियुक्तिको तरिका;

(ख) परिषद्का अधिवेशनहरूको सञ्चालन तथा सामान्यतया त्यसको प्रक्रिया; अनि

(ग) अन्य सम्पूर्ण आनुषङ्गिक विषयहरू

– यथासन्दर्भ निर्धारण अथवा विनियमन गर्नाका निम्ति नियम बनाउनसक्ने छन्।

**५. अनुसूचित क्षेत्रमा लागु हुने विधि- (**१) यस संविधानमा जुनसुकै कुरा भए तापनि राज्यपालले [1]*** लोक अधिसूचनाद्वारा संसद् अथवा सो राज्यका विधायिकाको कुनै विशिष्ट अधिनियम सो राज्यको अनुसूचित क्षेत्र वा त्यसका कुनै भागमा लागु हुने छैन अथवा सो राज्यको अनुसूचित क्षेत्र वा त्यसका कुनै भागमा उनले अधिसूचनामा निर्देश गरेका अपवाद र परिमार्जनहरूसहित लागु हुने छ भनी निर्देश दिन सक्नेछन् अनि यस उपपरिच्छेद अन्तर्गत दिइने कुनै निर्देश पूर्वप्रभावी हुने गरी दिइने छ।

(२) राज्यपालले तत्समय अनुसूचित क्षेत्र रहेको राज्यको कुनै क्षेत्रको शान्ति अनि सुशासनका निम्ति विनियमहरू बनाउन सक्ने छन्।

विशिष्टतया तथा पूर्वोल्लिखित शक्तिको व्यापकतामाथि प्रतिकूल प्रभाव नपारी यस्ता विनियमले-

(क) यस्ता क्षेत्रका अनुसूचित जनजातिका सदस्यहरूद्वारा अथवा तिनीहरूमाझ भूमिको स्थानन्तरणमाथि निषेध अथवा प्रतिबन्ध लगाउन सक्ने छन्

(ख) यस्ता क्षेत्रको जनजातिका सदस्यहरूलाई गरिने भूमिको आवण्टनको विनियमन गर्न सक्ने छन्**;**

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा२९अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "यथा सन्दर्भ अथवा राजप्रमुख" शब्दहरू त्यक्त।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-काधारा२९अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) "अथवा राजप्रमुख" शब्दहरूत्यक्त।

(ग) यस्ता क्षेत्रका अनुसूचित जनजातिका सदस्यहरूलाई धन उधारो दिने व्यक्तिहरूद्वारा साहुकारका रूपमा गर्ने व्यवसायको सञ्चालनको विनियमन गर्नसक्ने छन्।

(३) यस परिच्छेदको उपपरिच्छेद (२) -मा निर्दिष्ट कुनै विनियम बनाउन राज्यपाल [1]*** -ले संसद् अथवा राज्यका विधायिकाको अधिनियम अथवा प्रश्नगत क्षेत्रमा तत्समय लागु कुनै विद्यमान विधि निरस्त अथवा संशोधन गर्न सक्ने छन्।

(४) यस अनुच्छेद अन्तर्गत बनाइएका सबै विनियम राष्ट्रपतिसमक्ष स्वीकृतिका निम्ति तत्कालै प्रस्तुत गरिने छन् अनि उनले त्यसमाथि अनुमति नदिएसम्म त्यसको कुनै प्रभाव हुने छैन।

(५) विनियम बनाउने राज्यपाल [1]*** -ले जनजाति सल्लाहकार परिषद्युक्त राज्य भएका स्थितिमा सो परिषद्को परामर्श नलिई यस अनुच्छेद अन्तर्गत कुनै विनियम बनाइने छैन।

## भाग ग

### अनुसूचित क्षेत्रहरू

**६. अनुसूचित क्षेत्रहरू- (१)** यस संविधानमा "अनुसूचित क्षेत्र" पदावलीले राष्ट्रपतिका आदेश*द्वारा अनुसूचित क्षेत्र भनी घोषणा गरिएका क्षेत्र बुझाउँदछ।

(२) राष्ट्रपतिले कुनै पनि समय आदेश** द्वारा–

(क) कुनै सम्पूर्ण अनुसूचित क्षेत्र अथवा त्यसको कुनै विनिर्दिष्ट भाग अनुसूचित क्षेत्र अथवा यस्ता क्षेत्रको भाग रहने छैन भनी निर्देश दिन सक्नेछन्।

[2][(कक) कुनै राज्यमा भएको कुनै अनुसूचित क्षेत्रका क्षेत्रलाई सो राज्यका राज्यपालसँग परामर्श गरेपछि बढाउन सक्ने छन्**;**]

(ख) केवल सीमाहरूको परिशोधनमार्फत मात्र कुनै अनुसूचित क्षेत्रको परिवर्तन गर्न सक्नेछन्**;**

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम**,** १९५६-को धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) **"**अथवा राजप्रमुख**"** शब्दहरू त्यक्त।

* अनुसूचित क्षेत्र (भाग क राज्य) आदेश, १९५० (सं.आ. ९) , अनुसूचित क्षेत्र (भाग ख राज्य) आदेश, १९५० (सं.आ.२६) , अनुसूचित क्षेत्र (हिमाचल प्रदेश) आदेश, १९७५ (सं.आ. १०२) अनि अनुसूचित क्षेत्र (बिहार, गुजरात, मध्य प्रदेश र उडिसा राज्य) आदेश, १९७७ (सं.आ. १०९) हेर्नुहोस्।

** मद्रास अनुसूचित क्षेत्र (समाप्ति) आदेश, १९५० (सं.आ. ३०) अनि आन्ध्र अनुसूचित क्षेत्र (समाप्ति) आदेश, १९५५ (सं.आ. ५०) हेर्नुहोस्।

[2] संविधान पाँचौँ अनुसूची (संशोधन) अधिनियम, १९७६ (१९७६-को १०१) -को धारा २ -द्वारा (७.९.१९७६ -देखि) अन्तःस्थापित।

(ग) कुनै राज्यका सीमाहरूको कुनै परिवर्तन हुँदा अथवा सङ्घमा कुनै नयाँ राज्यको प्रवेश हुँदा अथवा नयाँ राज्यको स्थापना हुँदा अघिदेखि कुनै पनि राज्यमा सम्मिलित नभएका राज्य अथवा त्यसको कुनै क्षेत्रलाई अनुसूचित क्षेत्र घोषित गर्न सक्नेछन्;

[1][(घ) कुनै राज्य अथवा राज्यका सम्बन्धमा यस अनुच्छेद अन्तर्गत जारी गरिएको आदेश अथवा आदेशहरूको खण्डन गर्न सक्नेछन् अनि सम्बन्धित राज्यका राज्यपालसँग परामर्श गरेर अनुसूचित क्षेत्र हुने क्षेत्रहरू पुनर्निधार्ण गर्नका लागि नयाँ आदेश जारी गर्न सक्नेछन्;]

अनि यस्ता कुनै आदेशमा राष्ट्रपतिलाई अति आवश्यक र उपयुक्त लाग्ने आनुषङ्गिक अनि पारिणामिक प्रावधान हुन सक्नेछ तर माथि भनिए अनुसारबाहेक यस परिच्छेदको उपपरिच्छेद (१) अन्तर्गत जारी गरिएको आदेश कुनै परवर्ती आदेशद्वारा परिवर्तन गरिने छैन।

## भाग घ

### अनुसूचीको संशोधन

**७. अनुसूचीको संशोधन-** (१) संसद्ले समय समयमा विधिद्वारा यस अनुसूचीका प्रावधानहरूमध्ये कुनै पनि प्रावधानलाई परिवर्द्धन, परिवर्तन अथवा निरस्तीकरणका रूपमा संशोधन गर्न सक्नेछ अनि यस प्रकार अनुसूची संशोधन गरिँदा यस संविधानमा गरिएका यस अनुसूचीप्रति गरिएको कुनै पनि निर्देश सो प्रकार संशोधित सो अनुसूचीप्रतिको निर्देश हो भन्ने अर्थ लगाइने छ।

(२) यस परिच्छेदको उपपरिच्छेद (१) -मा उल्लिखित कुनै पनि विधिलाई अनुच्छेद ३६८-को प्रयोजनका लागि यस संविधानको संशोधन ठानिने छैन।

# छैटौँ अनुसूची

[अनुच्छेद २४४ (२) अनि अनुच्छेद २७५ (१)]

## [1][असम, मेघालय, त्रिपुरा अनि मिजोरम राज्य]-का जनजाति क्षेत्रका प्रशासनका सम्बन्धमा प्रावधान।

[2]**१. स्वशासित जिल्ला अनि स्वशासित प्रदेश**–(१) यस अनुच्छेदका प्रावधानहरूका अधीनमा रही यस अनुसूचीको अनुच्छेद २०-मा संलग्न तालिकामा अन्तर्भुक्त [3][[4][ भाग १, २ अनि २ क] अनि भाग ३]-को प्रत्येक सामग्रीमा भएका जनजाति क्षेत्रहरू एक एकवटा स्वशासित जिल्ला हुने छन्।

(२) कुनै स्वशासित जिल्लामा भिन्नाभिन्नै अनुसूचित जनजातिहरू रहेका खण्डमा राज्यपालले लोक अधिसूचनाद्वारा उनीहरू बसोबास गरेका क्षेत्र अथवा क्षेत्रलाई स्वशासित प्रदेशहरूमा विभाजन गर्न सक्छन्।

(३) राज्यपालले लोक अधिसूचनाद्वारा –

(क) उक्त तालिकाको [3][कुनै भाग]-मा रहेको कुनै क्षेत्र सम्मिलित गर्न सक्ने छन्;

(ख) उक्त तालिकाको [3][कुनै भाग]-मा रहेको कुनै क्षेत्र अपवर्जित गर्न सक्ने छन्;

(ग) नयाँ स्वशासित जिल्ला सिर्जना गर्न सक्ने छन्;

(घ) कुनै स्वशासित जिल्लाको क्षेत्रफल बढाउन सक्ने छन्;

(ङ) कुनै स्वशासित जिल्लाको क्षेत्रफल घटाउन सक्ने छन्;

(च) एउटा स्वशासित जिल्ला बनाउन दुई अथवा अधिक स्वशासित जिल्ला अथवा त्यसका भागहरू एकीकृत गर्न सक्ने छन्;

[5][(चच) कुनै स्वशासित जिल्लाको नाम परिवर्तन गर्न सक्ने छन्;]

(छ) कुनै स्वशासित जिल्लाका सीमाहरू तोक्न सक्ने छन्:

---

[1] मिजोरम राज्य अधिनियन, १९८६ (१९८६-को ३४) -का धारा ३९-द्वारा केही शब्दहरूका स्थानमा (२०.२.१९८७-देखि) प्रतिस्थापित।

[2] परिच्छेद १-मा संविधान (संशोधन अधिनियम) , २००३ (२००३-को ४४) , धारा २, (७.९.२००३-देखि) -को छैटौँ अनसूची असम राज्यमा प्रयोजनका निम्ति उप-परिच्छेद (२) पछि निम्न प्रावधानहरू - "यस उप-परिच्छेदमा भएका कुनै पनि प्रावधानहरू बोडोल्यान्ड क्षेत्रीय जिल्लामा प्रयोग्य हुने छैन" अन्तः स्थापित ।

[3] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-का ८१) धारा ७१ (i) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) "भाग क"-का स्थानमा प्रतिस्थापित।

[4] संविधानको (उनन्चासौँ संशोधन) अधिनियम, १९८४, धारा ४, (१.४.१९८५-देखि) "भाग I अनि II"-का स्थानमा प्रतिस्थापित।

[5] असम पुनर्गठन (मेघालय) अधिनियम, १९६९ (१९६९-को ५५) -को धारा ७४ अनि चौथो अनुसूचीद्वारा (२.४.१९७०-देखि) अन्तः स्थापित।

यद्यपि यस अनुसूचीको अनुच्छेद १४-को उपपरिच्छेद (१) अन्तर्गत नियुक्त आयोगका प्रतिवेदनमाथि परामर्श गरेपछि मात्र राज्यपालद्वारा यस उपपरिच्छेदका खण्ड (ग), (घ), (ङ) अनि (च) अन्तर्गत कुनै आदेश जारी गरिने छ अन्यथा गरिने छैन।

[1][यद्यपि राज्यपालद्वारा यस उपअनुच्छेद अन्तर्गत दिइएका आदेशमा आदेशका प्रावधानलाई प्रभावकारी बनाउन राज्यपाललाई आवश्यक प्रतीत भएका (परिच्छेद २० अनि उक्त तालिकाका कुनै भागको कुनै विषयको कुनै संशोधनसहितका) आनुषङ्गिक अनि पारिणामिक प्रावधानहरू समाविष्ट हुँदछन्।] ।]

[2]**२. जिल्ला परिषद् अनि प्रादेशिक परिषद्को गठन**–[3][(१) प्रत्येक स्वशासित जिल्लाका निम्ति तीसभन्दा अनधिक सदस्यहरू मिलेर बनिएको एउटा जिल्ला परिषद् हुने छ जसमा चारभन्दा अनधिक सदस्यहरू राज्यपालद्वारा मनोनीत गरिने छन् अनि रहल सदस्यहरूलाई वयस्क मताधिकारका आधारमा निर्वाचित गरिने छ।]

---

[1] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ७१ (१) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) अन्तः स्थापित।

[2] संविधान संशोधन अधिनियम, २००३ (२००३-को ४४) , धारा २-का छैटौँ अनुसूचीको परिच्छेद २ असम राज्यमा लागु हुनका निम्ति संशोधन गरी उप परिच्छेद (१) -मा निम्न प्रावधानहरू समावेश गरिएका छन् -

"बोडोल्यान्ड प्रादेशिक परिषद्मा ४६ जनाभन्दा अनधिक सदस्य रहने छन्, जसमा ४० जना वयस्क मताधिकारका आधारमा निर्वाचित हुने छन्, जसमध्ये ३० जना अनुसूचित जनजातिका निम्ति आरक्षित हुने छन्, ५ जना गैर जनजाति समुदायका निम्ति, ५ जना सबै समुदायका निम्ति खुल्ला हुने छन् र शेष ६ जना सदस्यहरू, प्रतिनिधित्व नभएका समुदायबाट समान अधिकार र विशेष अधिकारसहित राज्यपालले मनोनित गर्ने छन्, जसलाई मतदान अधिकार लगायतका विशेष अधिकारहरू प्रदान गरिने छ। बोडोल्यान्डको क्षेत्र प्रतिनिधित्व नभएका समुदायहरूमध्येबाट थोरैमा २ जना महिला सदस्यहरू पनि हुनु पर्दछ।"

संविधान छैटौँ अनुसूची (संशोधन) अधिनियम, १९९५ (१९९५-को ४२) -को धारा २-मा असम राज्यको प्रयोजनका निम्ति दोस्रो परिच्छेद संशोधन गरी उपपरिच्छेद (३) -का रूपमा अन्त: स्थापित गरिएको छ -

"उत्तर कछाड जिल्लाका निम्ति गठन गरिएको जिल्ला परिषद्लाई उत्तर कछाड पहाड स्वशासित परिषद् भनिने छ भने कार्वीआङ्लङ जिल्लाका निम्ति गठन गरिएको जिल्ला परिषद्लाई कार्वीआङ्लङ स्वशासित परिषद् भनिने छ।"

संविधान छैटौँ अनुसूची (संशोधन) अधिनियम, २००३ (२००३-को ४४)-को धारा २-द्वारा असम राज्यमा लागु हुनका निम्ति निम्ति परिच्छेद २-लाई संशोधन गरी निम्न प्रावधानहरूसहित अन्तःस्थापन गरिएको उपपरिच्छेद ३ मा-

"अझ, बोडोल्यान्ड प्रशासकीय क्षेत्रका निम्ति गठन गरिएको जिल्ला परिषद्लाई बोडोल्यान्ड क्षेत्रीय परिषद् भनिने छ।" अन्तः स्थापित ।

[3] असम पुनर्गठन (मेघालय) अधिनियम, १९६९ (१९६९-को ५५) -को धारा ७४ अनि चौथो अनुसूचीद्वारा (२.४.१९७०-देखि) उपपरिच्छेद (१) -का स्थानमा प्रतिस्थापित।

(छैटौँ अनुसूची)

(२) यस अनुसूचीको अनुच्छेद १-को उपअनुच्छेद (२) अन्तर्गत स्वशासित प्रदेशका रूपमा गठित प्रत्येक क्षेत्रका निम्ति एउटा पृथक् प्रादेशिक परिषद् हुने छ।

(३) प्रत्येक जिल्ला परिषद् अनि प्रत्येक प्रादेशिक परिषद् क्रमशः "(जिल्लाको नाम)-को जिल्ला परिषद्" अनि "(प्रदेशको नाम)-को प्रादेशिक परिषद्" निगमगत निकाय हुने छ, यसको चिरस्थायी उत्तराधिकार र साझा मोहर हुने छ अनि सोही नामले यसले मुद्दा लगाउने छ अथवा अथवा यसमाथि मुद्दा लगाइने छ।

(४) यस अनुसूचीका प्रावधानका अधीनमा रही कुनै स्वशासित जिल्लाको प्रशासन यस अनुसूची अन्तर्गत त्यस्ता जिल्लाभित्र कुनै प्रादेशिक परिषद्मा निहित नभएसम्म त्यस्ता जिल्लाको जिल्ला परिषद्मा निहित हुने छ अनि स्वशासित प्रदेशको प्रशासन त्यस्ता प्रदेशको प्रादेशिक परिषद्मा निहित हुने छ।

(५) प्रादेशिक परिषद् भएका स्वशासित जिल्लामा प्रादेशिक परिषद्को प्राधिकार अन्तर्गत क्षेत्रका सम्बन्धमा जिल्ला परिषद्लाई यस अनुसूचीद्वारा यस्ता क्षेत्रका सम्बन्धमा प्रदान गरिएका शक्तिहरूबाहेक प्रादेशिक परिषद्द्वारा यसलाई सुम्पिइएका शक्तिहरू मात्र जिल्ला परिषद्मा रहने छन्।

(६) राज्यपालले सम्बन्धित स्वशासित जिल्ला अथवा प्रदेशभित्र विद्यमान जनजाति परिषद् र अन्य प्रतिनिधि जनजाति सङ्गठनहरूसँग विचार विमर्श गरेर पहिलोपल्ट गरिने जिल्ला परिषद् र प्रादेशिक परिषद्हरूको गठनका लागि नियमहरू बनाउने छन् अनि यस्ता नियमहरूमा –

(क) जिल्ला परिषद् अनि प्रादेशिक परिषद्हरूको संरचना तथा तिनलाई आसनहरूको आवण्टन,

(ख) ती परिषद्का लागि गरिने निर्वाचनहरूको प्रयोजनका निम्ति प्रादेशिक निर्वाचन क्षेत्रहरूको सीमाङ्कन,

(ग) यस्ता निर्वाचनमा मतदान गर्नाका निम्ति चाहिने योग्यता अनि त्यसका निम्ति मतदाता सूचीहरूको तयारी,

(घ) यस्ता निर्वाचनमा यस्ता परिषद्का सदस्य निर्वाचित हुनाका निम्ति योग्यता

(ङ) [1][प्रादेशिक परिषद्का सदस्यहरूको पदावधि;

[1] असम पुनर्गठन (मेघालय) अधिनियम, १९६९ (१९६९-को ५५) -को धारा ७४ अनि चौथो अनुसूचीद्वारा (२.४.१९७०-देखि) "यस्ता परिषद्"-का स्थानमा प्रतिस्थापित।

(च) यस्ता परिषद्का निम्ति हुने निर्वाचन अथवा मनोनयनसँग सम्बन्धित अथवा संयुक्त अन्य कुनै विषय

(छ) [1][(कुनै स्थान रिक्त भए तापनि कार्य गर्ने शक्तिसहित)] जिल्ला परिषद् अनि प्रादेशिक परिषद्रूको प्रक्रिया अनि तिनीहरूको कार्य सञ्चालन,

(ज) जिल्ला परिषद् अनि प्रादेशिक परिषद्का अधिकारी अनि कर्मचारीवर्गको नियुक्ति;

–को प्रावधान गरिने छ।

[1][(६क) अनुच्छेद १६ अन्तर्गत पहिले नै जिल्ला परिषद्को विघटन नगरिएका खण्डमा यसका निर्वाचित सदस्यहरूले परिषद्को साधारण निर्वाचनपछि परिषद्को प्रथम अधिवेशनका निम्ति तय गरिएको मितिदेखि पाँच वर्षको अवधिका लागि पद धारण गर्ने छन् अनि कुनै मनोनीत सदस्यले राज्यपालको चाहना रहेसम्म पद धारण गर्ने छन्:

यद्यपि आपातको उद्घोषणा लागु रहँदा अथवा राज्यपालका विचारमा निर्वाचनको आयोजनालाई असम्भव तुल्याउने परिस्थिति आइपरेका खण्डमा राज्यपालद्वारा उक्त पाँच वर्षको अवधि एकपल्टमा एकवर्षभन्दा अधिक नबढ्ने गरी अनि आपातको उद्घोषणा लागु रहेका स्थितिमा सो उद्घोषणाको प्रभाव समाप्त भएपछि कुनै पनि परिस्थितिमा यसको विस्तार छ महिनाभन्दा अधिक नहुने गरी बढाइने छ।

यद्यपि आकस्मिक रिक्त पद पूर्ति गर्न भनी निर्वाचित सदस्यले उनले प्रतिस्थापन गरेका सदस्यको रहल पदावधिका निम्ति मात्र पद धारण गर्ने छन्।

(७) जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्को गठन पहिलोपल्ट भएपछि यसले [1][राज्यपालको अनुमोदन लिएर] यस परिच्छेदको उपपरिच्छेद (६)-मा विनिर्दिष्ट विषयका निम्ति नियम बनाउन सक्ने छन् अनि [२][उस्तै अनुमोदन लिएर]–

(क) अधीनस्थ स्थानीय परिषद् अथवा बोर्डहरूको गठन तथा तिनका प्रक्रिया अनि कार्य सञ्चालनको; अनि

(ख) यथासन्दर्भ जिल्ला अथवा प्रदेशको प्रशासन विषयक कार्य सञ्चालनसँग सम्बन्धित सामान्यतया सम्पूर्ण विषयहरूको;

-विनियमन गर्ने नियम पनि बनाउन सक्ने छन्:

---

[1] असम पुनर्गठन (मेघालय) अधिनियन, १९६९ (१९६९-को ५५) -का धारा ७४ अनि चौथो अनुसूची-द्वारा (२.४.१९७०-देखि) अन्तः स्थापित।

(छैटौँ अनुसूची)

यद्यपि यस उपपरिच्छेद अन्तर्गत जिल्ला अथवा प्रादेशिक परिषद्द्वारा नियमहरू नबनाइन्जेल यस्ता प्रत्येक परिषद्को निर्वाचनका लागि, अधिकारी र कर्मचारीका लागि, अनि प्रक्रिया र कार्य सञ्चालनका लागि राज्यपालद्वारा यस परिच्छेदको उपपरिच्छेद (६) अन्तर्गत बनाइएका नियमहरू प्रभावकारी रहने छन् ।

[1]* * * *

[2]**३. जिल्ला परिषद् अनि प्रादेशिक परिषद्हरूको विधि बनाउने शक्ति** – (१) कुनै स्वशासित प्रदेशका प्रादेशिक परिषद्लाई यस्ता प्रदेशभित्रका सबै क्षेत्रहरूका सम्बन्धमा, र स्वशासित

---

[1] असम पुनर्गठन (मेघालय) अधिनियन, १९६९ (१९६९-को ५५) -का धारा ७४ अनि चौथो अनुसूचीद्वारा (२.४.१९७०-देखि) द्वितीय उपबन्ध हटाइयो ।

[2] संविधान (संशोधन) अधिनियम, २००३, (२००३-को ४४) , (७.९.२००३-देखि) , धारा २,-को छैटौँ अनुसूचीमा असम राज्यद्वारा अपिल गरिएको तेस्रो परिच्छेदमा संशोधन गरी उपपरिच्छेद (३) -का रूपमा राखिएको छ-

"(३) यस प्रावधान परिच्छेद ३ क-को उपपरिच्छेद (२) अथवा परिच्छेद ३ ख-को उपपरिच्छेद (२) तथा परिच्छेद ३ क-को उपपरिच्छेद (२) अथवा परिच्छेद ३ ख-को उपपरिच्छेद (२) अनुसार राज्यपाल समक्ष प्रेषित गरिनु पर्छ र उनले स्वीकृत नगरेसम्म त्यो विधि लागु हुने छैन ।"

तेस्रो परिच्छेदपछि संविधान (संशोधन) अधिनियम, १९९५ (१९९५-को ४२) , (१२.९.१९९५-देखि) धारा २ अन्तर्गत असम राज्यद्वारा अपिल गरिएको छैटौँ अनुसूचीमा निम्नलिखित परिच्छेदहरू अन्त: स्थापित गरिएका छन् -

**"३क. उत्तर कछाड पहाड स्वशासित परिषद् र कार्वीआङ्लाङ स्वशासित परिषद्लाई विधि निर्माण गर्ने अतिरिक्त शक्ति प्रदान गरिएको छ"**- (१) परिच्छेद ३-का प्रावधानमा पूर्वाग्रहरहित उत्तर कछाड पहाड स्वशासित परिषद् अनि कार्वीआङ्लाङ स्वशासित परिषद्ले आआफ्नो क्षेत्र आधिकारिक क्षेत्रभित्र विभिन्न विषयहरूमा विधि निर्माण गर्न सक्ने अधिकार रहेको छ, यस सन्दर्भमा-

(क) उद्योग अनि सातौँ अनुसूचीको सूची १-को, प्रविष्टि ७ अनि ५२ अन्तर्गतका विषय;

(ख) यातायात, सडक, पुल निर्माण, घाट र सातौँ अनुसूचीको सूची १-मा निर्दिष्ट गरिएका यातायातका अन्य साधन, नगरपालिकाका ट्राम, घिर्लिङ, आन्तरिक जलपथ अनि यातायात आवागमनका अन्य साधनहरूका सन्दर्भमा विधि निर्माण गर्न सक्ने अधिकार सूची i अनि सूची iii अन्तर्गत राखिएका छन् ।

(ग) खाद्य भण्डारणको संरक्षण र संवर्द्धन अनि पशुरोगहरूको रोकथाम; पशु चिकित्सासम्बन्धी प्रशिक्षण अनि अभ्यास तथा पशु खोरसम्बन्धी विधि निर्माण गर्न सक्ने अधिकार रहेका छन् ।

(घ) प्राथमिक र माध्यमिक शिक्षा;

(ङ) कृषि, कृषि शिक्षा र अनुसन्धान, कीटाणुबाट संरक्षण र बोटविहरूवाहरूलाई रोगबाट रोकथाम;

(च) मत्स्यपालन;

---

(पाद टिप्पणी क्रमशः), —

(छ) जल तथा जल आपूर्ति, सिँचाइ, नहर, ढलान र तटबन्ध, जल भण्डारण र जलविद्युत सातौँ अनुसूचीको प्रविष्टि ५६-को सूची I-का अधिकारमा रहने छ ।

(ज) सामाजिक सुरक्षा अनि बिमा, रोजगारी अनि बेरोजगारी;

(झ) गाउँ, धानखेती, बजार वा सहर आदिको संरक्षणका लागि बाढ नियन्त्रण योजनाहरू; (प्राविधिक प्रवृत्तिको होइन)

(ङ) रङ्गमञ्च र नाटकीय प्रदर्शन, सिनेमा सातौँ अनुसूचीको सूची I-को प्रविष्टि ६०-को प्रावधानका अधीनमा रहने छन्, खेलकुद, मनोरञ्जन;

(ट) सार्वजनिक स्वास्थ्य र सरसफाइ, अस्पताल र स्वास्थ्य केन्द्र;

(ठ) साना सिँचाइका क्षेत्र;

(ड) व्यापार वाणिज्य र खाद्य पदार्थको उत्पादन, आपूर्ति एवम् वितरण, गाईवस्तुको आहार, काँचो कपास र काँचो पाटको उत्पादन;

(ढ) पुस्तकालय, सङ्ग्राहालय र राज्यद्वारा नियन्त्रित वा वृत्तपोषित अन्य संस्थान; संसदद्वारा निर्मित कुनै विधिले राष्ट्रिय महत्त्वयुक्त घोषणा गरेका पुराना ऐतिहासिक स्मारक र अभिलेख; अनि

(ण) भूमि पृथकीकरण ।

(२) उत्तर कछाड पहाड स्वशासित परिषद् र कर्वीआङ्लाङ स्वशासित परिषद्द्वारा निर्माण गरिएका विधिको परिच्छेद ३ अन्तर्गत वा यस परिच्छेद अन्तर्गत बनेका सबै विधि, जबसम्म यी विधि सातौँ अनुसूचीक e सूची III-मा निर्दिष्ट मामिलाहरूसँग सम्बन्धित हुन्छन्, यी विधिहरूलाई तत्काल राज्यपालका माध्यमद्वारा राष्ट्रपति समक्ष प्रेषित गरिनु पर्ने छ ।

(३) कुनै पनि विधि राष्ट्रपतिको सहमतिका निम्ति निर्दिष्ट गरिन्छ, तब राष्ट्रपतिले उक्त विधि सम्बन्धी आफ्नो सहमति भए नभएको घोषणा तत्कालै गर्नु पर्ने छ :

यसका साथै राष्ट्रपतिले राज्यपाललाई विधिका सन्दर्भमा उत्तर कछाड पहाड स्वशासित परिषद् वा कर्वीआङ्लाङ स्वशासित परिषद्लाई यथा सन्दर्भमा फिर्ता गर्न निर्देश दिन सक्ने छ, तथा उक्त परिषद्ले पुनर्विचार गर्न अनुरोध गर्ने सन्देशसहित विधि वा त्यसका कुनै पनि निर्दिष्ट प्रावधानहरू विशेष गरी, राष्ट्रपतिले आफ्नो सन्देशमा सिफारिस गरे अनुसार कुनै पनि संशोधन प्रस्तुत गर्ने वाञ्छनीयता विचार गर्ने छ र जब विधि फिर्ता हुन्छ, उक्त परिषद्ले तदनुसार विधिको अवधि अनुरूप विचार गर्ने छ। त्यस्तो सन्देश प्राप्त भएको ६ महिनापछि उक्त परिषद्ले संशोधनसहित वा संशोधनरहित विधि पारित गरेमा राष्ट्रपति समक्ष उनका सहमतिका लागि पुनः प्रस्तुत गरिनु पर्ने छ।

संविधान (संशोधन) अधिनियम २००३ (२००३-को ४४) , धारा २ (७.९.२००३-देखि) -मा तेस्रो परिच्छेद पश्चात् असम राज्यमा कार्यान्वयनका निम्ति गरिएको छैटौँ अनुसूचीमा निम्नलिखित विषयहरू अन्तः स्थापित गरिएका छन् -

**"३ख. बोडोल्यान्ड क्षेत्रीय परिषद्ले विधि निर्माणका निम्ति पाएका अतिरिक्त अधिकारहरू** - (१) परिच्छेद ३-का प्रावधानहरूमा पूर्वाग्रहरहित बोडोल्यान्ड क्षेत्रीय परिषद्ले आफ्ना क्षेत्रभित्र निम्नका सम्बन्धमा विधि निर्माण गर्न सक्ने निम्न अधिकार पाउने छ, जस्तै –

(i) कृषि, कृषिसम्बन्धी शिक्षा र अनुसन्धान, कीटाणुबाट संरक्षण र बोटबिरुवाहरूलाई रोगबाट रोकथाम; (ii) पशुपालन अनि पशुचिकित्सा, खाद्य पदार्थको उत्पादन, आपूर्ति एवम् वितरण, पशुरोगको रोकथाम, पशुचिकित्सा सम्बन्धी शिक्षण अनि अभ्यास, पशुधन; (iii) सहकार्य; (iv) सांस्कृतिक मामिलाहरू; (v) शिक्षा, प्राथमिक र माध्यमिक शिक्षा, उच्च

माध्यमिक शिक्षा तथा व्यावसायिक तालिमसहितको शिक्षा, वयस्य शिक्षा, महाविद्यालय स्तरको शिक्षा (सामान्य) ; (vi) मत्स्यपालन; (vii) गाउँ, धानखेती, बजार वा सहर आदिको संरक्षणका लागि बाढी नियन्त्रण योजनाहरू; (प्राविधिक प्रवृत्तिको होइन) ; (viii) खाद्य एवम् नागरिक आपूर्ति; (ix) वन (आरक्षित वनबाहेक) ; (x) हस्तकला र खादी (कपडा) ; (xi) स्वास्थ्य एवम् परिवार कल्याण; (xii) मादक पदार्थ, अफिम र सातौँ अनुसूचीको सूची (१) -को चौरासीऔँ प्रविष्टिको प्रावधानका अधीनमा राखिएका अन्य सामग्रीहरू; (xiii) सिँचाइ; (xiv) श्रम र रोजगारी; (xv) भूमि र राजस्व; (xvi) पुस्तकालयीय सेवाहरू (राज्य सरकारद्वारा वित्त पोषित र नियन्त्रित) ; (xvii) चिट्ठा (सातौँ अनुसूचीको सूची १-को प्रविष्टि ४० अधीनस्थ) रङ्गमञ्च, नाटकीय प्रदर्शन र सिनेमा (सातौँ अनुसूचीको सूची १-को प्रविष्टि ४० अधीनस्थ विषयहरू) ; (xviii) बजार र मेलाहरू; (xix) नगरपालिका, सुधारकोष, जिल्ला परिषद् बोर्ड र जिल्ला बोर्डका अन्य स्थानीय निकायहरू; (xx) सङ्ग्राहलय र पुरातत्त्व संस्थानहरू (राज्यद्वारा नियन्त्रित तथा वित्तपोषित) , प्राचीन एवम् ऐतिहासिक स्मारक र अभिलेखहरू (संसद्द्वारा निर्मित कुनै विधिले राष्ट्रिय महत्त्वयुक्त घोषणा गरेका; (xxi) पञ्चायत एवम् ग्रामीण विकास; (xxii) योजना एवम् विकास; (xxiii) मुद्रण एवम् लेखन सामग्री; (xxiv) सार्वजनिक स्वास्थ्य एवम् अभियान्तिकी; (xxv) सार्वजनिक निर्माण विभाग; (xxvi) प्रचार र जन सम्पर्क; (xxvii) जन्म र मृत्यु पञ्जीकरण; (xxviii) राहत र पुनः स्थापना (xxix) रेशम खेती; (xxx) लघु घरेलु र ग्रामीण उद्योग (सातौँ अनुसूचीको सूची १-को ७ र ५२ प्रविष्टि अधीनस्थ रहेका विषयहरू) ; (xxxi) समाज कल्याण; (xxxii) माटाको संरक्षण; (xxxiii) खेलकुद र युवा कल्याण; (xxxiv) तथ्याङ्क; (xxxv) पर्यटन; (xxxvi) यातायात (सडक, पुल, घाट अनि साधनहरू सातौँ अनुसूचीको सूची I-मा निर्दिष्ट नगरिएका यातायातका अन्य साधनहरू) , नगरपालिकाका ट्रामपथ, घिर्लिङ, आन्तरिक जलमार्ग आदि तथा यान्त्रिक रूपमा चल्ने सवारी साधनबाहेक अन्य सवारी साधनहरू जुन सातौँ परिच्छेदको सूची I अनि III-मा अन्तर्भुक्त गरिएका छन्। (xxxvii) आदिवासी अनुसन्धान संस्थान राज्य सरकारद्वारा नियन्त्रित र वृत्तपोषित; (xxxviii) सहर विकास नगर र देशको योजना; (xxxix) तौल र मापन (संविधानको सातौँ अनुसूचीको सची १-को प्रविष्टि ५०-को प्रावधान अधीनस्थ विषयहरू) अनि (X१) जनजाति र पछाडिएका वर्गको कल्याण :

उपर्युक्त विधिहरूमा जे जस्ता प्रावधानहरू भए तापनि -

(क) यस अधिकार अन्तर्गत आफ्नो भूमिका सम्बन्धमा कुनै पनि नागरिकको विद्यमान अधिकार र विशेष अधिकारहरू समाप्त वा परिमार्जन गरिने छैन ।

(ख) बोडोल्यान्ड जिल्ला क्षेत्रीय प्रशासनका आधारमा पैतृक सम्पत्तिको बाँडफाँड, हस्तान्तरण र सम्पत्तिमा सम्झौता तथा अन्य कुनै तरिकाबाट भूमि प्राप्त गर्ने प्रावधान अस्वीकार अथवा निषेध गर्ने प्रावधान रहेको छ।

(२) सबै यस्ता विधिहरू जुन परिच्छेद ३ वा यस अधीनस्थ रहेका अन्य नियमहरू जुन सातौँ अनुसूचीको सूची ३-द्वारा निर्दिष्ट गरिएका छन्, यस्ता मामिलाहरू तत्कालै राज्यपालका माध्यमद्वारा राष्ट्रपतिलाई प्रस्तुत गरिनु पर्छ ।

(३) जब राष्ट्रपतिको सहमतिका लागि विधि निर्दिष्ट गरिन्छ, तब राष्ट्रपतिले उक्त विधिमा आफू सहमत वा असहमत भएको घोषणा गर्नु पर्छ ।

बोडोल्यान्ड क्षेत्रीय परिषद्को विधि फिर्ता गर्ने सम्बन्धमा राष्ट्रपतिले राज्यपाललाई निर्देश दिन सक्छन्। उक्त परिषद्ले विधि वा त्यसका कुनै निर्दिष्ट प्रावधानहरूबारे पुनर्विचार गर्ने वा विशेष गरी राष्ट्रिपतिले आफ्नो सन्देशमा सिफारिस गरेको कुनै पनि संशोधन प्रस्तुत गर्ने वाञ्छनीयता विचार गर्ने गर्छ र विधि फिर्ता गर्ने नगर्ने कुरा विचार गर्न सक्छ। यस्तो सूचना प्राप्त भएको छ महिनाको अन्तरालमा यदि कुनै विधि संशोधन वा संशोधनरहित पुनः प्रस्तुत गरी परिषद्द्वारा अन्तर्भुक्त गरिएका कुराहरू तत्कालै राष्ट्रपति समक्ष प्रस्तुत गर्नु पर्छ।"

जिल्लाको जिल्ला परिषद्लाई जिल्लाभित्र प्रादेशिक परिषद्को प्राधिकार अन्तर्गत क्षेत्रहरू भएका खण्डमा ती क्षेत्रबाहेक जिल्लाभित्रका सबै क्षेत्रहरूका सम्बन्धमा निम्नलिखित सम्बन्धमा विधि बनाउने शक्ति प्राप्त हुने छ –

(क) कृषि अथवा चरनको प्रयोजनका निम्ति अथवा निवास अथवा कृषिभन्दा भिन्न अन्य प्रयोजनका निम्ति अथवा कुनै गाउँ अथवा सहरका बासिन्दाका हितको सम्वर्द्धन गर्ने सम्भावना भएको अन्य कुनै प्रयोजनका निम्ति आरक्षित वनभूमिभन्दा भिन्न भूमिको आवण्टन, भोगचलन अथवा उपयोग अथवा पृथक्करण;

यद्यपि भोग चलनमा रहेको अथवा नरहेको कुनै पनि भूमि अधिग्रहणलाई प्राधिकृत गर्ने तत्समय प्रवृत्त विधिअनुसार सार्वजनिक प्रयोजनका निम्ति [1][सम्बन्धित राज्य सरकद्वारा] गरिने अनिवार्य अधिग्रहण माथि यस्ता विधिहरूमा भएको कुनै पनि कुराले रोक लगाउने छैन।

(क) आरक्षित वनेतर वनहरूको प्रबन्धन,

(ख) कृषि प्रयोजनका निम्ति कुनै नहर अथवा कुलाको उपयोग,

(ग) झुम खेतीको पद्धति अथवा ठाउँ सरेर गर्ने खेतीका अन्य रूपहरूको विनियमन,

(घ) ग्राम अथवा नगर समिति अथवा परिषद्हरूको स्थापना अनि तिनका शक्तिहरू,

(ङ) ग्राम अथवा नगर प्रशासनसँग सम्बन्धित अन्य कुनै विषय जसअन्तर्गत ग्राम अथवा नगर पुलिस अनि जनस्वास्थ्य अनि स्वच्छता पर्दछन्,

(च) प्रधान अथवा मुखियाहरूको नियुक्ति अथवा उत्तराधिकार

(छ) सम्पत्तिको उत्तराधिकार

(ज) [2][बिहे अनि छुटानाम;]

(झ) सामाजिक रीतिथिति।

(२) यस अनुच्छेदमा आरक्षित 'वन' पदले यस्तो कुनै पनि क्षेत्र बुझाउँछ जुन क्षेत्र असम वन विनियम, १८९१ अन्तर्गत अथवा प्रश्नगत क्षेत्रमा तत्समय प्रवृत्त रहेका अन्य कुनै विधि अन्तर्गत आरक्षित वन हो।

---

[1] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ७१ (१) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) केही शब्दहरूका स्थानमा प्रतिस्थापित।

[2] असम पुनर्गठन (मेघालय) अधिनियन, १९६९ (१९६९-को ५५) -का धारा ७४ अनि चौथो अनुसूचीद्वारा (२.४.१९७०-देखि) खण्ड (झ) -का स्थानमा प्रतिस्थापित।

(३) यस अनुच्छेद अन्तर्गत बनाइएका सम्पूर्ण विधिहरू राज्यपाल समक्ष तुरुन्त प्रस्तुत गरिने छ अनि उनले अनुमति नदिन्जेल यी विधि प्रभावी हुने छैनन्।

[1]**४. स्वशासित जिल्ला र स्वशासित क्षेत्रहरूमा न्याय प्रशासन** - (१) कुनै स्वशासित प्रदेशको प्रादेशिक परिषद्ले यस्तो प्रदेशभित्रका सबै क्षेत्रहरूका निम्ति र स्वशासित जिल्लाको जिल्ला परिषद्ले जिल्लाभित्र प्रादेशिक परिषद्को प्राधिकार अन्तर्गत क्षेत्रहरू भएका खण्डमा ती क्षेत्रबाहेक जिल्लाभित्रका सबै क्षेत्रहरूका निम्ति यस्ता क्षेत्रभित्रका अनुसूचित जनजातिका मात्र पक्ष रहेका सबै पक्षबिचका परिच्छेद ५-को उपपरिच्छेद १-का प्रावधानहरू लागु हुने मुद्दा र मामिलाइतर मुद्दा र मामिलाको सुनवाइका निम्ति राज्यमा भएका कुनै न्यायालयको अपवर्जन गर्दै ग्राम परिषद् अथवा न्यायालयहरू गठन गर्न सक्ने छन् अनि उपयुक्त व्यक्तिहरूलाई यस्ता ग्राम परिषद्का सदस्यका रूपमा अथवा यस्ता न्यायालयका पीठासीन अधिकारीका रूपमा नियुक्त गर्न सक्ने छन् अनि यस अनुसूचीको परिच्छेद ३ अन्तर्गत बनाइएका विधिहरूको प्रशासनका लागि आवश्यक हुने अधिकारीहरूलाई पनि नियुक्त गर्न सक्ने छन्।

(२) यस संविधानमा जुनसुकै कुरा भए तापनि स्वशासित प्रदेशको प्रादेशिक परिषद् अथवा यसका लागि प्रादेशिक परिषद्द्वारा बनाइएको कुनै पनि न्यायालयले अथवा स्वशासित जिल्लाभित्रको कुनै क्षेत्रका लागि प्रादेशिक परिषद् नभएका खण्डमा यस्ता जिल्लाका लागि जिल्ला परिषद्ले अथवा यसका लागि जिल्ला परिषद्द्वारा बनाइएको कुनै पनि न्यायालयले यस अनुसूचीको परिच्छेद ५-को उपपरिच्छेद १-का प्रावधानहरू लागु हुने मुद्दा र मामिलाबाहेक यस परिच्छेदको उपपरिच्छेद १ अन्तर्गत यथासन्दर्भ यस्तो प्रदेश अथवा क्षेत्रभित्र बनाइएको न्यायालय अथवा ग्राम परिषद्द्वारा सुनवाइ गर्न सकिने सबै मुद्दा र मामिलाहरूका सम्बन्धमा पुनरावेदन न्यायालयका शक्तिको प्रयोग गर्ने छ र उच्च न्यायालय र सर्वोच्च न्यायालयइतर अन्य कुनै न्यायालयलाई यस्ता मुद्दा र मामिलामाथि क्षेत्राधिकार प्राप्त हुने छैन।

(३) यस परिच्छेदको उपपरिच्छेद (२)-का प्रावधानहरू लागु हुने मुद्दा र मामिलामाथि राज्यपालले समय समयमा आदेशद्वारा विनिर्दिष्ट गरेको क्षेत्राधिकार [2]***उच्च न्यायालयले प्राप्त गर्ने छ र यसले सो क्षेत्राधिकारको प्रयोग गर्ने छ।

---

[1] संविधान (संशोधन) अधिनियम, २००३ (२००३-को ४४) धारा २, (७.६.२००३-देखि) -को छैटौँ अनुसूचीद्वारा असम राज्यमा यसको आवेदन अनुसार परिच्छेद ४ संशोधन गरिएको छ, तथा निम्नलिखित उपपरिच्छेद (५) पछाडि अन्तर्भुक्त गरिएको छ –

"(६) यस अनुच्छेदमा भएको कुनै पनि प्रावधान दोस्रो परिच्छेदको उप-परिच्छेद (३) अन्तर्गत गठन गरिएको बोडोल्यान्ड क्षेत्रीय परिषद्मा लागु हुने छैन ।"

[2] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ७१ (१) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) "आसामका" शब्दहरू त्यक्त।

(छैटौँ अनुसूची)

(४) यथासन्दर्भ प्रादेशिक परिषद् अथवा जिल्ला परिषद्ले राज्यपालको पूर्व अनुमोदनसहित–

(क) ग्राम परिषद् अनि न्यायालयहरूको गठन अनि यस परिच्छेद अन्तर्गत उनीहरूद्वारा प्रयोग गरिनु पर्ने शक्तिहरू,

(ख) यस परिच्छेदको उपपरिच्छेद (१) अन्तर्गत मुद्दा अनि मामिलाहरूको सुनवाइमा ग्राम परिषद् अथवा न्यायालयहरूद्वारा अनुसरण गरिने प्रक्रिया,

(ग) यस परिच्छेदको उपपरिच्छेद (२) अन्तर्गत पुनरावेदन अनि अन्य कार्यवाहीहरूमा प्रादेशिक परिषद् अथवा जिल्ला परिषद् अथवा यस्तो परिषद्द्वारा गठित कुनै न्यायालयद्वारा अनुसरण गरिने प्रक्रिया,

(घ) यस्ता परिषद् अनि न्यायालयहरूका निर्णय अनि आदेशहरूको प्रर्वतन,

(ङ) यस परिच्छेदको उपपरिच्छेद (१) अनि उपपरिच्छेद (२)-का प्रावधानहरूको कार्यान्वयनका निम्ति अन्य सम्पूर्ण आनुषङ्गिक विषय

-को विनियमन गर्ने नियम बनाउन सक्ने छ।

[1][(५) [2][सम्बन्धित राज्यको सरकारसँग विचार विमर्श गरेपछि] राष्ट्रपतिले अधिसूचनाद्वारा यसका निम्ति तय गरेको मितिबाट अधिसूचनामा विनिर्दिष्ट स्वशासित जिल्ला र प्रदेशका सम्बन्धमा यो परिच्छेद–

(i) उपपरिच्छेद (१)-मा भएका "यस्ता क्षेत्रभित्रका अनुसूचित जनजातिका मात्र पक्ष रहेका सबै पक्षबिचका यस अनुसूचीको परिच्छेद ५-को उपपरिच्छेद १-का प्रावधानहरू लागु हुने मुद्दा र मामिलाबाहेकका" शब्दहरूलाई "राज्यपालले यसका निम्ति विनिर्दिष्ट गर्ने यस अनुसूचीको परिच्छेद ५-को उपपरिच्छेद (१)-मा निर्दिष्ट प्रकृति नभएका मुद्दा र मामिला" शब्दहरूद्वारा प्रतिस्थापित गरिए झैं मानेर;

(ii) उपपरिच्छेद (२) र (३) निरस्त गरिए झैं मानेर;

(iii) उप परिच्छेद(४)-मा-

(क) भएको "यथासन्दर्भ प्रादेशिक परिषद् अथवा जिल्ला परिषद्ले राज्यपालको पूर्व अनुमोदनसहित विनियमनका निम्ति नियम बनाउन सक्ने छ" शब्दहरूलाई "राज्यपालले विनियमन गर्ने नियम बनाउन सक्ने छन्" शब्दहरूद्वारा प्रतिस्थापित गरिए झैं मानेर

(ख) भएको खण्ड (क)-लाई

---

[1] असम पुनर्गठन (मेघालय) अधिनियन, १९७९ (१९७९-को ५५) -का धारा ७४ अनि चौथो अनुसूचीद्वारा (२.४.१९७०-देखि) अन्तः स्थापित।

[2] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ७१ (१) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) केही शब्दहरूका स्थानमा प्रतिस्थापित।

"(क) ग्राम परिषद् र न्यायालयहरूको गठन, यस परिच्छेद अन्तर्गत उनीहरूले प्रयोग गर्ने शक्ति अनि ग्राम परिषद् र न्यायालयहका निर्णयविरुद्ध पुनरावेदन गरिने न्यायालयहरू" -खण्डद्वारा प्रतिस्थापन गरिए झैं मानेर

(ग) भएको खण्ड (ग)-लाई

"(ग) प्रादेशिक अथवा जिल्ला परिषद् अथवा यस्ता परिषद्द्वारा गठित कुनै न्यायालय समक्ष उपपरिच्छेद ५ अन्तर्गत राष्ट्रपतिद्वारा तय गरिएको मितिभन्दा तत्काल पहिला थातीमा रहेका पुनरावेदन र अन्य कार्यवाहीहरूको अन्तरण", -खण्डद्वारा प्रतिस्थापन गरिए झैं मानेर अनि

(घ) खण्ड ङ का "उपपरिच्छेद (१) र (२)" शब्द, बन्धनी र सङ्ख्याहरूलाई "उपपरिच्छेद (१)" शब्द, बन्धनी र सङ्ख्याहरूद्वारा प्रतिस्थापन गरिए झैं मानेर

-यो परिच्छेद प्रभावकारी हुने छ।

**५. केही मुद्दा, मामिला अनि अपराधहरूको सुनवाइका निम्ति प्रादेशिक परिषद्, जिल्ला परिषद्, कतिपय न्यायालय अनि अधिकारीहरूलाई नागरिक प्रक्रिया संहिता, १९०८ अनि दण्ड प्रक्रिया संहिता, १८९८[1] अन्तर्गत शक्ति प्रदान** –(१) राज्यपालले कुनै स्वशासित जिल्ला अथवा स्वशासित प्रदेशमा यसका निम्ति राज्यपालद्वारा विनिर्दिष्ट कुनै प्रवृत्त विधिबाट उत्पन्न मुद्दा वा मामिलाहरूको सुनवाइका निम्ति अथवा भारतीय दण्ड संहिता अन्तर्गत वा यस्तो जिल्ला वा प्रदेशमा तत्समय लागु रहेको कुनै यस्तो विधि अन्तर्गत मृत्यु, आजीवन निर्वासन अथवा कम्तीमा पाँच वर्षभन्दा कम्ती अवधिका निम्ति कारावासद्वारा दण्डनीय अपराधहरूको विचारणका निम्ति, यस्तो जिल्ला अथवा प्रदेशमाथि प्राधिकार राख्ने जिल्ला परिषद् अथवा प्रादेशिक परिषद् वा यस्तो जिल्ला परिषद्द्वारा गठित न्यायालयहरू अथवा राज्यपालद्वारा यसका निम्ति नियुक्त कुनै अधिकारीलाई यथासन्दर्भ नागरिक प्रक्रिया संहिता, १९०८ अथवा दण्ड प्रक्रिया संहिता, १८९८[1] अन्तर्गत उनलाई उपयुक्त लागेका शक्तिहरू प्रदान गर्न सक्ने छन् र त्यसपछि उक्त परिषद्, न्यायालय वा अधिकारीले यसरी प्रदान गरिएका शक्तिहरू प्रयोग गर्दै मुद्दा, मामिला वा अपराधहरूको सुनवाइ गर्ने छन्।

(२) राज्यपालले यस परिच्छेदको उपपरिच्छेद (१) अन्तर्गत कुनै जिल्ला परिषद्, प्रादेशिक परिषद्, न्यायालय अथवा अधिकारीलाई प्रदान गरिएका शक्तिमध्ये कुनै शक्ति फिर्ता लिन अथवा परिमार्जन गर्न सक्ने छन्।

(३) यस परिच्छेदमा स्पष्टतया जसरी प्रावधान गरिएको छ त्यसबाहेक यस परिच्छेदका प्रावधान लागु हुने कुनै स्वशासित जिल्लामा अथवा कुनै स्वशासित प्रदेशमा नागरिक प्रक्रिया संहिता १९०८ अनि दण्ड प्रक्रिया संहिता, १८९८[1] कुनै मुद्दा, मामिला अथवा अपराधहरूको सुनवाइमा लागु हुने छैन।

---

[1] दण्ड प्रक्रिया संहिता १९७३ (१९७३-को २) हेर्नु होस्।

[1][(४) कुनै स्वशासित जिल्ला अथवा स्वशासित प्रदेशका सम्बन्धमा राष्ट्रपतिद्वारा परिच्छेद ४-को परिअनुच्छेद (५) अन्तर्गत निर्धारित मितिदेखि यस अनुच्छेदमा भएका कुनै पनि कुरा त्यस जिल्ला अथवा प्रदेशमा लागु हुने सन्दर्भमा, यस कुराले यस परिच्छेदका उपपरिच्छेद (१)-मा निर्दिष्ट शक्तिहरूमध्ये कुनै पनि शक्ति जिल्ला परिषद् अथवा प्रादेशिक परिषद् अथवा जिल्ला परिषद्द्वारा गठित न्यायालयहरूलाई प्रदान गर्नाका निम्ति राज्यपाललाई प्राधिकृत गर्दैन।

[2]**[६. जिल्ला परिषद्को प्राथमिक विद्यालय आदि स्थापन गर्ने शक्ति** – (१) स्वशासित जिल्लाका जिल्ला परिषद्ले जिल्लामा प्राथमिक विद्यालय, औषधालय, बजार [3][बेवारिसे पशु थुन्ने खोर, डुङ्गा, मत्स्य पालन क्षेत्र, सडक, सडक परिवहन अनि जलमार्गको स्थापना, निर्माण अनि प्रबन्ध गर्न सक्ने छ तथा राज्यपालको पूर्व अनुमोदनपूर्वक तिनको विनियम अनि नियन्त्रणका निम्ति विनियमन बनाउन सक्ने छ अनि विशेष रूपमा जुन भाषा अनि शैलीमा जिल्लाका प्राथमिक विद्यालयहरूमा प्राथमिक शिक्षा दिइने छ तिनको निर्धारण गर्न सक्ने छ।

(२) राज्यपालले जिल्ला परिषद्को सहमतिमा कृषि, पशुपालन, सामुदायिक परियोजना, सहकारी समिति, समाज कल्याण, ग्राम योजना अथवा [4]***राज्यको कार्यपालिका शक्ति विस्तार हुने कुनै पनि विषयका सम्बन्धमा कार्यहरू सो परिषद्लाई अथवा यसका अधिकारीहरूलाई ससर्त अथवा निःसर्त सुम्पिन सक्ने छन्।

**७. जिल्ला अनि प्रादेशिक कोषहरू** – (१) प्रत्येक स्वशासित जिल्लाका निम्ति एउटा जिल्ला कोष अनि प्रत्येक स्वशासित प्रदेशका निम्ति एउटा प्रादेशिक कोष गठन गरिने छ जसमा क्रमशः सो जिल्लाको जिल्ला परिषद् अनि सो प्रदेशको प्रादेशिक परिषद्द्वारा यस संविधानको प्रावधान अनुसार यथासन्दर्भ सो जिल्ला अथवा प्रदेशको प्रशासनका क्रममा प्राप्त सम्पूर्ण धनराशिहरू जम्मा गरिने छ।

---

[1] असम पुनर्गठन (मेघालय) अधिनियन, १९६९ (१९६९-को ५५) -को धारा ७४ अनि चौथो अनुसूचीद्वारा (२.४.१९७०-देखि) अन्तः स्थापित।

[2] असम पुनर्गठन (मेघालय) अधिनियन, १९६९ (१९६९-को ५५) -को धारा ७४ अनि चौथो अनुसूचीद्वारा (२.४.१९७०-देखि) परिच्छेद ६-का स्थानमा प्रतिस्थापित।

[3] निरस्तीकरण अनि संशोधन अधिनियम, १९७४ (१९७४-को ५६) -को धारा ४ -द्वारा "कान्जी हाउस"-का स्थानमा प्रतिस्थापित।

[4] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -को धारा ७१ (१) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) "यथा सन्दर्भ, आसाम अथवा मेघालय" शब्दहरू हटाइयो।

[1][(२) राज्यपालले यथासन्दर्भ जिल्ला कोष अथवा प्रादेशिक कोष प्रबन्धका निम्ति अनि उक्त कोषमा धन भुक्तानी गर्ने, त्यसबाट पैसा निकाल्ने, त्यसमा जम्मा पैसाको संरक्षणअथवा पूर्वोक्त विषयसँग सम्बन्धित अथवा यिनका आनुषङ्गिक कुनै अन्य विषयका सम्बन्धमा अनुसरण गरिने प्रक्रियाका निम्ति नियम बनाउन सक्ने छन्।

(३) यथासन्दर्भ जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्का लेखाहरू राष्ट्रपतिको अनुमोदनपूर्वक भारतका नियन्त्रक-महालेखापरीक्षकद्वारा तय गरिएको निश्चित ढाँचामा राखिने छ।

(४) नियन्त्रक-महालेखापरीक्षकले आफूले उचित ठाने अनुसार जिल्ला परिषद् अनि प्रादेशिक परिषद्का लेखाहरूको लेखापरीक्षण गराउने छन् अनि नियन्त्रक-महालेखापरीक्षकका यस्ता लेखाहरूसँग सम्बन्धित प्रतिवेदनहरू राज्यपाललाई बुझाइने छ जसले ती प्रतिवेदनहरू परिषद् समक्ष प्रस्तुत गर्न लगाउने छन्।]

**८. भू-राजस्वको मूल्याङ्कन अनि सङ्कलन गर्ने तथा कर अधिरोपण गर्ने शक्ति–** (१) कुनै स्वशासित प्रदेशको प्रादेशिक परिषद्लाई यस्तो प्रदेशभित्रका सबै भूमिहरूका सम्बन्धमा र स्वशासित जिल्लाको जिल्ला परिषद्लाई जिल्लाभित्र प्रादेशिक परिषद्को प्राधिकार अन्तर्गत क्षेत्रहरूमा भूमि भएका खण्डमा ती भूमिबाहेक जिल्लाभित्रका सबै भूमिहरूका सम्बन्धमा [2][ राज्य सरकारद्वारा सामान्यतया राज्यमा भू-राजस्वको प्रयोजनका निम्ति भूमि निर्धारण] तत्समय अनुसरण गरिएका सिद्धान्तहरू अनुसार राजस्व निर्धारण अनि सङ्कलन गर्ने शक्ति प्राप्त हुने छ।

(२) स्वशासित प्रदेशभित्रका क्षेत्रहरूका सम्बन्धमा यस्ता प्रदेशभित्रको प्रादेशिक परिषद् अनि स्वशासित जिल्लाको जिल्ला परिषद्लाई जिल्लाभित्र प्रादेशिक परिषद्को प्राधिकार अन्तर्गत क्षेत्रहरूमा भूमि भएका खण्डमा ती भूमिबाहेक जिल्लाभित्रका सबै भूमिहरूका सम्बन्धमा भूमि र भवनहरूमाथि कर तथा यस्ता क्षेत्रहरूका निवासी व्यक्तिहरूमाथि पथकरको उद्ग्रहण अनि सङ्कलन गर्ने शक्ति प्राप्त हुने छ।

(३) स्वशासित जिल्लाको जिल्ला परिषद्लाई यस्तो जिल्लाभित्र निम्नलिखित सम्पूर्ण अथवा कुनै करहरूको उद्ग्रहण अनि सङ्कलन गर्ने शक्ति प्राप्त हुने छ, अर्थात् –

(क) वृत्ति, व्यापार, आजीविका अनि रोजगारमाथि कर,

(ख) पशु, यान अनि नौकाहरूमाथि कर,

---

[1] असम पुनर्गठन (मेघालय) अधिनियन, १९६९ (१९६९-को ५५) -को धारा ७४ अनि चौथो अनुसूचीद्वारा (२.४.१९७०-देखि) उपपरिच्छेद (२) -का स्थानमा प्रतिस्थापित।

[2] पूर्वोक्त क्षेत्र (पुनर्गठन) अधिनियन, १९७१ (१९७१-को ८१) -को धारा ७१ (१) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) केही शब्दहरूका स्थानमा प्रतिस्थापित।

(ग) बिक्रीका निम्ति बजारमा वस्तुको प्रवेशमाथि कर अनि नौकाहरूमा यात्रा गर्ने यात्रु र ढुवानी गरिएका वस्तुहरूमाथि पथकर; [1]***

(घ) विद्यालय, औषधालय वा सडकको मर्मत-सम्भारका निम्ति कर;

[2][र]

[3][(ङ) मनोरञ्जन र आमोद-प्रमोदमा कर ।]

(४) यस अनुच्छेदको उपपरिच्छेद (२) अनि उपपरिच्छेद (३)-मा विनिर्दिष्ट कुनै पनि करको उद्ग्रहण र सङ्कलनको प्रावधान गर्न यथासन्दर्भ प्रादेशिक परिषद् अथवा जिल्ला परिषद्ले विनियम बनाउन सक्ने छ [4][अनि यस्तो प्रत्येक विनियम तुरुन्तै राज्यपालसमक्ष प्रस्तुत गरिने छ अनि उनले अनुमति नदिएसम्म यसको कुनै प्रभाव हुने छैन ।]

**[5]९. खनिजहरू खोज्ने अथवा निकाल्ने प्रयोजनका निम्ति अनुज्ञप्ति अथवा पट्टाहरू** – (१) कुनै स्वशासित जिल्लाभित्रको कुनै क्षेत्रका सम्बन्धमा खनिजहरू खोज्ने अथवा निकाल्ने प्रयोजनका निम्ति राज्य सरकारद्वारा दिइएका अनुज्ञप्ति अथवा पट्टाहरूबाट प्रत्येक वर्ष उपार्जित स्वामित्व [6][राज्य सरकार] अनि यस्ता जिल्लाको जिल्ला परिषद्माझ भएको सम्झौता अनुसारको अंश सो जिल्ला परिषद्लाई दिइने छ ।

(२) जिल्ला परिषद्लाई दिइनु पर्ने यस्ता स्वामित्वको अंशका सम्बन्धमा कुनै विवाद उत्पन्न भएका खण्डमा सो विवाद निर्धारणका निम्ति राज्यपाल समक्ष प्रस्तुत गरिने छ तथा राज्यपालले आफ्नो विवेक अनुसार तोकेको रकमलाई यस परिच्छेदको उपपरिच्छेद(१) अन्तर्गत जिल्ला परिषद्लाई भुक्तानी गर्नु पर्ने रकम ठानिने छ अनि राज्यपालद्वारा लिइएको निर्णय नै निर्णायक हुने छ ।

---

[1] संविधान (एक सय एक संशोधन) अधिनियम, २०१६, धारा १६ (i) , (१६.९.२०१६-देखि) अन्त: स्थापित ।

[2] संविधान (एक सय एक संशोधन) अधिनियम, २०१६, धारा १६ (ii) , (१६.९.२०१६-देखि) अन्त: स्थापित ।

[3] संविधान (एक सय एक संशोधन) अधिनियम, २०१६, धारा १६ (iii) , (१६.९.२०१६-देखि) अन्त: स्थापित ।

[4] असम पुनर्गठन (मेघालय) अधिनियन, १९६९ (१९६९-को ५५) -को धारा ७४ अनि चौथो अनुसूचीद्वारा (२.४.१९७०-देखि) अन्तः स्थापित ।

[5] संविधान (संशोधन) अधिनियम, १९८८ (१९८८-को ६७) , (१६.१२.१९८८) -को धारा २ अनुसार परिच्छेद १-लाई छैटौँ अनुसूचीद्वारा त्रिपुरा र मिजोरम राज्यमा यसको आवेदन संशोधन गरी निम्न उपपरिच्छेद (२) -लाई अन्त: स्थापित गरिएको छ–

"(३) राज्यपालले जिल्ला परिषद्लाई दिने धनराशिको अंश उपपरिच्छेद (१) अथवा उपपरिच्छेद (२) अन्तर्गत कुनै सम्झौता भएको एक वर्षभित्र सो परिषद्लाई निर्देशन दिन सक्ने छन् ।"

[6] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम १९७१ (१९७१-को ८१-को धारा ७१ (झ) अनि आठौँ अनुसूची-द्वारा (२१.१.१९७२-देखि) 'असम सरकार' का स्थानमा प्रतिस्थापित ।

[1]**१०. गैर-जनजातिहरूद्वारा गरिने साहुकारी अनि व्यापारको नियन्त्रणका निम्ति विनियम बनाउने जिल्ला परिषद्को शक्ति-** (१) स्वशासित जिल्लाको जिल्ला परिषद्ले सो जिल्लाभित्र बसोबास गर्ने अनुसूचित जनजातिइतर व्यक्तिहरूद्वारा गरिने त्यस जिल्लाभित्रको साहुकारी अथवा व्यापारको विनियमन अनि नियन्त्रणका निम्ति विधि बनाउन सक्ने छ।

(२) विशेष गरी अनि पूर्वोल्लिखित शक्तिको व्यापकतामाथि प्रतिकूल प्रभाव नपारी यस्ता विनियमहरूले-

(क) यसका निम्ति जारी गरिएको अनुज्ञप्ति धारकबाहेक अरू कसैले पनि साहुकारीको कारोबार गर्न नसक्ने भनी ठहर गर्न सक्ने छन्;

(ख) साहुकारद्वारा लगाइने अथवा असुल गरिने ब्याजको अधिकतम दर तोक्न सक्ने छन्;

(ग) साहुकारहरूले लेखाको सम्भार गर्नु पर्ने र जिल्ला परिषद्द्वारा सो कामका लागि नियुक्त अधिकारीहरूद्वारा त्यस्ता लेखाहरूको निरीक्षण गर्नु पर्ने प्रावधान बनाउन सक्ने छन्।

(घ) जिल्ला परिषद्द्वारा यसका निम्ति जारी गरिएको अनुज्ञप्तिका अधीनमा रहेर मात्र सो जिल्लामा बसोबास गर्ने गैर अनुसूचित जनजातिका कुनै पनि व्यक्तिले कुनै पनि वस्तुको थोक अथवा खुद्रा व्यापार गर्न पाउने छ अन्यथा पाउने छैन भनी ठहर गर्न सक्ने छन्।

---

[1] संविधानको (संशोधन) अधिनियम, १९८८ (१९८८-को ६७) -को छैटौँ अनुसूची, धारा २-द्वारा परिच्छेद १०-लाई त्रिपुरा र मिजोरम राज्यहरूमा लागु गर्नाका निम्ति निम्न लिखित रूपले (१६.१२.१९८८-देखि) संशोधित गरियो:

(क) शीर्षकबाट "गैर-जनजातिहरूद्वारा" शब्दहरू त्यक्त;

(ख) उप-परिच्छेदमा (१) -बाट "अनुसूचित जनजातिबाहेक" शब्दहरू त्यक्त;

(ग) उपपरिच्छेद (२) -का उपधारा (घ) -मा निम्नलिखित खण्ड प्रतिस्थापित गरिने छ, अर्थात्:

"(घ) जिल्ला परिषद्द्वारा दिइएको अनुज्ञप्तिका अधीनमा मात्र त्यस जिल्लामा बसोबास गर्ने निवासीबाहेक अरू कसैले त्यस जिल्लामा कुनै वस्तुको थोक अथवा खुद्रा व्यापार गर्न पाउने छैन भन्ने प्रावधान विहित गर्ने छ:"।

यद्यपि जिल्ला परिषद्का मोठ सदस्य सङ्ख्याको कम्तीमा तीन चौथाइ बहुमतद्वारा पारित नभएसम्म यस परिच्छेद अन्तर्गत कुनै पनि विनियम बनाउन सकिने छैन;

यद्यपि यस्ता विनियम बनाउन अघिदेखि नै जिल्लाभित्र व्यापार गर्दै आएका साहुकार अथवा व्यापारीलाई यस्ता विनियम अन्तर्गत अनुज्ञप्ति प्रदान गर्न अस्वीकार गर्ने क्षमता हुने छैन।

(३) यस परिच्छेद अन्तर्गत बनाइएका सम्पूर्ण विनियमहरू राज्यपाल समक्ष तुरुन्तै प्रस्तुत गरिने छ अनि उनले अनुमति नदिन्जेल यिनको कुनै प्रभाव हुने छैन।

****

**११. यस अनुसूचीअन्तर्गत बनाइएका विधि, नियम अनि विनियमहरूको प्रकाशन-** जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्द्वारा यस अनुसूची अन्तर्गत बनाइएका सम्पूर्ण विधि, नियम अनि विनियमहरू तुरुन्तै राज्यका राजपत्रमा प्रकाशित गरिने छन् अनि यस्तो प्रकाशनपछि यिनलाई विधिको शक्ति प्राप्त हुने छ।

**-*****१२. [1][ असम राज्यमा भएका स्वशासित जिल्ला अनि स्वशासित प्रदेशहरूमा संसद् र असम राज्यको विधायिकाका अधिनियमहरूको अनुप्रयोग**– (१) यस संविधानमा जुनसुकै कुरा भए तापनि–

* संविधान (संशोधन) अधिनियम, २००३ (२००३-को ४४) -को छैटौँ अनुसूची, धारा २-द्वारा (७.९.२००३-देखि) परिच्छेद १०-लाई असम राज्यमा लागु गर्नाका निम्ति, उपपरिच्छेद (३) पछिका निम्न उपपरिच्छेद अन्तः स्थापित गर्नाका निम्ति संशोधित गरियो-

"(४) यस परिच्छेदका कुनै पनि कुरा, अनुसूचीको परिच्छेद २-को उप-परिच्छेद (३) -का प्रावधान अधीन गठन गरिएको बोडोल्यान्ड क्षेत्रीय परिषद्मा लागु हुने छैन।"

** संविधानको (छैटौँ अनुसूची संशोधन) अधिनियम, १९५५ (१९५५-को ४२) , धारा २ (१२.९.१९९५-देखि) -द्वारा परिच्छेद १२ लाई असम राज्यमा कार्यान्वियन गर्नाका निम्ति निम्न लिखित रूपले संशोधित गरिएको छ -

'परिच्छेद १२ को, उपपरिच्छेद (१) -को खण्ड क-मा' यस अनुसूचीको अनुच्छेद ३ अथवा अनुच्छेद ३ क-मा निर्दिष्ट विषयहरू' शब्द र अङ्कका स्थानमा, "यस अनुसूचीका परिच्छेद ३ अथवा ३ क परिच्छेद अथवा ३ ख-मा निर्दिष्ट गरिएका विषयहरू" शब्द, अङ्क र अक्षरद्वारा प्रतिस्थापित गरिने छ।"

*** संविधानको (छैटौँ अनुसूची संशोधन) अधिनियम, १९५५ (१९५५-को ४२) (१२.९.१९९५-देखि) धारा २- द्वारा परिच्छेद १२-लाई असम राज्यमा लागु गर्नाका निम्ति निम्न लिखित रूपले संशोधित गरिएको छ -

"परिच्छेद १२ को, उप-परिच्छेद (१) -को खण्ड क-मा" यस अनुसूचीको अनुच्छेद ३ अथवा अनुच्छेद ३ क-मा निर्दिष्ट विषयहरू" शब्द र अङ्कका स्थानमा, "यस अनुसूचीको परिच्छेद ३ अथवा ३ क परिच्छेद अथवा ३ ख-मा निर्दिष्ट गरिएका विषयहरू" शब्द, अङ्क र अक्षरद्वारा प्रतिस्थापित गरिने छ।"

[1] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -को धारा ७१ (१) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) शीर्षकका स्थानमा प्रतिस्थापित।

(क) कुनै जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्‌ले विधि बनाउन सक्ने विषयका रूपमा यस अनुसूचीको परिच्छेद ३-मा विनिर्दिष्ट कुनै पनि विषयका सम्बन्धमा [1][असम राज्यको विधायिका]-को कुनै पनि अधिनियम अनि कुनै अपरिष्कृत अल्कोहलयुक्त पेयको उपभोग प्रतिबन्धित अथवा निषेधित गर्ने [1][असम राज्यको विधायिका]-को कुनै पनि अधिनियम[2][सो राज्यमा भएको] कुनै पनि स्वशासित जिल्ला अथवा स्वशासित परिषद्‌मा तबसम्म लागु हुने छैन जबसम्म दुवै स्थितिहरूमध्ये प्रत्येक स्थितिमा त्यस्ता जिल्लाको अथवा त्यस्ता प्रदेशमाथि क्षेत्राधिकार रहेको जिल्ला परिषद्‌ले लोक अधिसूचनाद्वारा यी अधिनियम लागु हुने छन् भनी निर्देश दिँदैन अनि जिल्ला परिषद्‌ले कुनै पनि अधिनियमका सम्बन्धमा यस्तो निर्देश दिँदा यो अधिनियम यस्तो जिल्ला अथवा यस्ता प्रदेशमा अथवा यसका कुनै पनि भागमा लागु हुँदा यस्तो परिषद्‌ले उचित ठानेका अपवाद र परिमार्जनहरूका अधीनमा रही प्रभावकारी रहने छ भनी निर्देश दिन सक्ने छ;

(ख) यस उपअनुच्छेदको खण्ड (क)-का प्रावधानहरू लागु नहुने संसद् अथवा [1][असम राज्यको विधायिका]-को कुनै पनि अधिनियम [2][सो राज्यमा भएको] कुनै स्वशासित जिल्ला अथवा स्वशासित प्रदेशमाथि लागु हुने छैन अथवा उनले अधिसूचनामा विनिर्दिष्ट गरेका अपवाद र परिमार्जनहरूका अधीनमा रही यस्तो जिल्ला अथवा प्रदेश अथवा यसका कुनै भागमा लागु हुने छ भनी राज्यपालले लोक अधिसूचनाद्वारा निर्देश दिन सक्ने छन्।

(२) यस परिच्छेदको उपपरिच्छेद (१) अन्तर्गत दिइने कुनै पनि निर्देश यसको पूर्वप्रभाव हुने गरी दिन सकिने छ।

[3]**[१२क. मेघालय राज्यमा भएका स्वशासित जिल्ला अनि स्वशासित प्रदेशहरूमा संसद् अनि मेघालय राज्यको विधायिकाका अधिनियमहरूको**– यस संविधानमा जुनसुकै कुरा भए तापनि -

---

[1] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ७१ (१) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) राज्यको विधानमण्डलका स्थानमा प्रतिस्थापित।

[2] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ७१ (१) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) अन्तः स्थापित।

[3] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ७१ (१) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) परिच्छेद १२ क-का स्थानमा प्रतिस्थापित।

(क) यस अनुसूचीको परिच्छेद ३-का उपपरिच्छेद (१)-मा विनिर्दिष्ट विषयहरूमध्ये कुनै विषयका सम्बन्धमा मेघालय राज्यमा भएको कुनै जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्द्वारा बनाइएको कुनै विधिको कुनै प्रावधान अथवा यस अनुसूचीको परिच्छेद ८ अथवा परिच्छेद १० अन्तर्गत त्यस राज्यमा भएको कुनै जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्द्वारा बनाइएको कुनै विनियमको कुनै प्रावधान मेघालय राज्यको विधायिकाद्वारा सो विषयका सम्बन्धमा बनाइएको कुनै विधिको कुनै प्रावधानको प्रतिकूल भएका खण्डमा यथासन्दर्भ सो जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्द्वारा बनाइएको विधि अथवा विनियम मेघालय राज्यका विधायिकाद्वारा बनाइएको विधिभन्दा पहिला अथवा पछि जहिल्यै बनाइए तापनि सो प्रतिकूलताको सीमासम्म निष्क्रिय हुने छ अनि मेघालय राज्यको विधायिकाद्वारा बनाइएको विधि प्रभावकारी हुने छ;

(ख) राष्ट्रपतिले संसद्का कुनै अधिनियमका सम्बन्धमा अधिसूचनाद्वारा यो अधिनियम मेघालय राज्यका कुनै स्वशासित जिल्ला अथवा कुनै स्वशासित प्रदेशमा लागु हुने छैन अथवा उनले अधिसूचनामा विनिर्दिष्ट गरेका अपवाद र परिमार्जनहरूका अधीनमा रही यस्ता जिल्ला अथवा प्रदेश अथवा यसका कुनै भागमा लागु हुने छ भनी निर्देश दिन सक्ने छन् अनि यस्तो कुनै पनि निर्देश यसको पूर्वप्रभाव हुने गरी दिन सकिने छ ।]

[1]**[१२कक. त्रिपुरा राज्यमा जिल्ला अनि स्वशासित प्रदेशहरूमा संसद् अनि त्रिपुरा राज्यको विधायिकाका अधिनियमहरूको अनुप्रयोग**– यस संविधानमा जुनसुकै कुरा भए तापनि-

(क) कुनै जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्ले विधि बनाउन सक्ने विषयका रूपमा यस अनुसूचीको परिच्छेद ३-मा विनिर्दिष्ट कुनै पनि विषयका सम्बन्धमा रहेको त्रिपुरा राज्यको विधायिकाको कुनै पनि अधिनियम अनि अपरिष्कृत अल्कोहलयुक्त पेयको उपभोग प्रतिबन्धित अथवा निषेधित गर्ने त्रिपुरा राज्यको विधायिकाको कुनै पनि अधिनियम त्यस राज्यमा भएको कुनै पनि स्वशासित जिल्ला अथवा स्वशासित परिषद्मा तबसम्म लागु हुने छैन जबसम्म दुवै स्थितिहरूमध्ये प्रत्येक स्थितिमा त्यस्ता जिल्ला अथवा त्यस्ता प्रदेशमाथि क्षेत्राधिकार रहेको जिल्ला परिषद्ले लोक अधिसूचनाद्वारा यी अधिनियम लागु हुने छन् भनी निर्देश दिँदैन अनि जिल्ला परिषद्ले कुनै पनि अधिनियमका सम्बन्धमा यस्तो निर्देश दिँदा यो अधिनियम सो जिल्ला अथवा यस्ता प्रदेशमा अथवा यसका कुनै पनि भागमा लागु हुँदा यस्ता परिषद्ले उचित ठानेका अपवाद र परिमार्जनहरूका अधीनमा रही प्रभावी रहने छ भनी निर्देश दिन सक्ने छ;

[1] संविधानको छैटौं अनुसूची (संशोधन) अधिनियम, १९८८ (१९८८-को ६७) -का धारा २-द्वारा परिच्छेद १२ कक अनि १२ख कका स्थानमा प्रतिस्थापित। परिच्छेद १२ कक संविधान (उनन्चासौं संशोधन) अधिनियम, १९८४-का धारा ४ -द्वारा (१.४.१९८५-देखि) “असम” शब्द त्यक्त।

(ख) यस उपपरिच्छेदको खण्ड (क)-का प्रावधानहरू लागु नहुने संसद् अथवा त्रिपुरा राज्यको विधायिकाका कुनै पनि अधिनियम सो राज्यमा भएको कुनै स्वशासित जिल्ला अथवा स्वशासित प्रदेशमाथि लागु हुने छैन अथवा उनले अधिसूचनामा विनिर्दिष्ट गरेका अपवाद र परिमार्जनहरूका अधीनमा रही सो जिल्ला अथवा प्रदेश अथवा यसका कुनै भागमा लागु हुने छ भनी राज्यपालले लोक अधिसूचनाद्वारा निर्देश दिन सक्ने छन्;

(ग) राष्ट्रपतिले संसद्को कुनै अधिनियमका सम्बन्धमा अधिसूचनाद्वारा यो अधिनियम त्रिपुरा राज्यको कुनै स्वशासित जिल्ला अथवा कुनै स्वशासित प्रदेशमाथि लागु हुने छैन अथवा उनले अधिसूचनामा विनिर्दिष्ट गरेका अपवाद र परिमार्जनहरूका अधीनमा रही यस्ता जिल्ला अथवा प्रदेश अथवा यसका कुनै भागमा लागु हुने छ भनी निर्देश दिन सक्ने छन् अनि यस्ता कुनै पनि निर्देश यसको पूर्वप्रभाव हुने गरी दिन सकिने छ।

**१२ख. मिजोरम राज्यमा भएका जिल्ला अनि स्वशासित प्रदेशहरूमा संसद् अनि त्रिपुरा राज्यको विधायिकाका अधिनियमहरूको अनुप्रयोग-** यस संविधानमा जुनसुकै कुरा भए तापनि-

(क) कुनै जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्ले विधि बनाउन सक्ने विषयका रूपमा यस अनुसूचीका परिच्छेद ३-मा विनिर्दिष्ट कुनै पनि विषयका सम्बन्धमा रहेका मिजोरम राज्यको विधायिकाको कुनै पनि अधिनियम अनि अपरिष्कृत अल्कोहलयुक्त पेयको उपभोग प्रतिबन्धित अथवा निषेधित गर्ने त्रिपुरा राज्यको विधायिकाको कुनै पनि अधिनियम त्यस राज्यमा भएको कुनै पनि स्वशासित जिल्ला अथवा स्वशासित परिषद्मा तबसम्म लागु हुने छैन जबसम्म दुवै स्थितिहरूमध्ये प्रत्येक स्थितिमा यस्ता जिल्ला अथवा यस्ता प्रदेशमाथि क्षेत्राधिकार रहेका जिल्ला परिषद्ले लोक अधिसूचनाद्वारा यी अधिनियम लागु हुने छन् भनी निर्देश दिँदैन अनि जिल्ला परिषद्ले कुनै पनि अधिनियमका सम्बन्धमा यस्तो निर्देश दिँदा यो अधिनियम यस्तो जिल्ला अथवा यस्ता प्रदेश अथवा यसको कुनै पनि भागमा लागु हुँदा यस्ता परिषद्ले उचित ठानेका अपवाद र परिमार्जनहरूका अधीनमा रही प्रभावी रहने छ भनी निर्देश दिन सक्ने छ;

(ख) यस उपपरिच्छेदको खण्ड (क)-का प्रावधानहरू लागु नहुने संसद् अथवा मिजोरम राज्यको विधायिकाको कुनै पनि अधिनियम सो राज्यमा भएको कुनै स्वशासित जिल्ला अथवा स्वशासित प्रदेशमाथि लागु हुने छैन अथवा उनले अधिसूचनामा विनिर्दिष्ट गरेका अपवाद र परिमार्जनहरूका अधीनमा रही यस्ता जिल्ला अथवा प्रदेश अथवा यसका कुनै भागमा लागु हुने छ भनी राज्यपालले लोक अधिसूचनाद्वारा निर्देश दिन सक्ने छन्;

(ग) राष्ट्रपतिले संसद्का कुनै अधिनियमका सम्बन्धमा अधिसूचनाद्वारा यो अधिनियम मिजोरम राज्यको स्वशासित जिल्ला अथवा कुनै स्वशासित प्रदेशमा लागु हुने छैन अथवा उनले अधिसूचनामा विनिर्दिष्ट गरेका अपवाद र परिमार्जनहरूका अधीनमा रही यस्तो जिल्ला अथवा प्रदेश अथवा यसका कुनै भागमा लागु हुने छ भनी निर्देश दिन सक्ने छन् अनि यस्ता कुनै पनि निर्देश यसको पूर्वप्रभाव हुने गरी दिन सकिने छ।

**१३. स्वशासित जिल्लासँग सम्बन्धित प्राक्कलित प्राप्ति अनि व्ययको वार्षिक वित्तीय विवरण पृथक् रूपले देखाइनु**– [1]***राज्यको सर्वसञ्चित कोषमा जम्मा हुनु पर्ने कुनै स्वशासित जिल्लासँग सम्बन्धित प्राक्कलित प्राप्ति अथवा सर्वसञ्चित कोषबाट गरिनु पर्ने कुनै स्वशासित जिल्लासँग सम्बन्धित प्राक्कलित व्ययलाई पहिला जिल्ला परिषद् समक्ष विचार विमर्शका निम्ति राखिने छ अनि त्यस्ता विचार विमर्शपछि अनुच्छेद २०२ अन्तर्गत राज्यको विधायिका समक्ष प्रस्तुत गरिने वार्षिक वित्तीय विवरणमा पृथक् रूपमा देखाइने छ।

[2][**१४. स्वशासित जिल्ला अनि स्वशासित प्रदेशहरूका प्रशासनको जाँच अनि त्यसमाथि प्रतिवेदन प्रस्तुत गर्नाका निम्ति आयोगको नियुक्ति** - (१) राज्यपालले परिच्छेद १-को उपपरिच्छेद (३)-का खण्ड (ग), (घ), (ङ) र (च)-मा विनिर्दिष्ट विषयहरू समाविष्ट भएका राज्यका स्वशासित जिल्ला र स्वशासित परिषद्का सम्बन्धमा आफूद्वारा तोकिएको कुनै पनि विषयको जाँच गर्न र त्यसमाथि प्रतिवेदन प्रस्तुत गर्नाका निम्ति जुनसुकै वेला आयोगलाई नियुक्त गर्न सक्ने छन् अथवा सामान्यतया राज्यका स्वशासित जिल्ला र स्वशासित परिषद्का प्रशासन अनि विशेष रूपमा–

(क) यस्ता जिल्ला अनि प्रदेशहरूमा शैक्षिक र चिकित्सा सुविधा अनि सञ्चार व्यवस्थाका प्रावधानको;

(ख) यस्ता जिल्ला अनि प्रदेशहरूका सम्बन्धमा कुनै नयाँ वा विशेष विधानका आवश्यकताको; अनि

(ग) जिल्ला अनि प्रादेशिक परिषद्हरूद्वारा बनाइएका विधि, नियम र विनियमहरूका प्रशासनको,

–समय समयमा जाँच गर्न र त्यसमाथि प्रतिवेदन प्रस्तुत गर्न आयोगलाई नियुक्त गर्न सक्ने छन् अनि यस्ता आयोगद्वारा अनुसरण गरिने प्रक्रियालाई परिभाषित गर्ने छन्।

---

[1] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ७१ (१) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) "असम" त्यक्त।

[2] संविधानको छैटौँ अनुसूची (संशोधन) अधिनियम, १९९५ (१९९५-को ४२) , धारा २-द्वारा (१२.९.१९९५-देखि) परिच्छेद १४-लाई असम राज्यमा कार्यान्वयन गर्नाका निम्ति निम्न प्रकार संशोधित गरियो:- 'परिच्छेद १४-का उपपरिच्छेद (२) -मा "राज्यपालका तत्सम्बन्धित अनुमोदनहरूसहित" शब्दहरूद्वारा त्यक्त।

(२) यस्ता प्रत्येक आयोगको प्रतिवेदन, सो प्रतिवेदनका सम्बन्धमा रहेको राज्यपालको अनुमोदन अनि[1][राज्य सरकार]-द्वारा त्यसमाथि गरिनाका लागि प्रस्तावित कारबाहीका सम्बन्धमा रहेको स्पष्टीकरणात्मक ज्ञापनपत्रसहित सम्बन्धित मन्त्रीद्वारा राज्यका विधायिका समक्ष प्रस्तुत गरिने छ।

(३) मन्त्रीहरूबिच राज्य सरकारका कार्यको आवण्टन गर्दा राज्यपालले आफ्ना एकजना मन्त्रीलाई विशेष रूपमा राज्यका स्वशासित जिल्ला अनि स्वशासित प्रदेशहरूको कल्याणका अभिभारामा राख्न सक्ने छन्।

[2][**१५. जिल्ला परिषद् अनि प्रादेशिक परिषद्का कार्य अनि निर्णयहरूको निष्प्रभावीकरण अथवा निलम्बन**– (१) कुनै पनि बेला राज्यपाललाई जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्का कुनै कार्य अथवा निर्णयले भारतको सुरक्षा सङ्कटमा पार्ने सम्भावना छ अथवा [3][लोक व्यवस्थामाथि प्रतिकूल प्रभाव पार्ने सम्भावना छ] भन्ने लागेका खण्डमा उनले त्यस्ता कार्य अथवा निर्णयलाई निष्प्रभाव पार्न अथवा निलम्बन गर्न सक्ने छन् अनि आयोग अथवा यस्ता कार्यको निरन्तरता अथवा यस्ता निर्णयहरूलाई प्रभावकारी बनाउनबाट रोक्नाका लागि परिषद्को निलम्बन अनि परिषद्मा निहित भएका अथवा परिषद्द्वारा प्रयोग गर्नु पर्ने सबै अथवा कुनै पनि शक्ति हात लिने कार्यसहित) आफूलाई आवश्यक लागेका पाइला चाल्न सक्ने छन्।

(२) यस परिच्छेदको उपपरिच्छेद (१) अन्तर्गत राज्यपालद्वारा जारी गरिएको कुनै पनि आदेश, सो आदेशका कारणसहित जतिसक्दो चाँडो राज्यका विधायिका समक्ष प्रस्तुत गरिने छ अनि राज्यका विधायिकाद्वारा फिर्ता नलिएका खण्डमा सो आदेश दिइएको मितिदेखि बाह्र महिना अवधिसम्म प्रभावकारी भइरहने छ।

यद्यपि यस्ता आदेश प्रभावकारी बनाइराख्न अनुमोदन गर्ने सङ्कल्प राज्यका विधायिकाद्वारा पारित गरिएका खण्डमा र जतिपल्ट यसो गरिन्छ त्यतिपल्ट राज्यपालद्वारा रद्द नगरिएका खण्डमा यस अनुच्छेद अन्तर्गत यो आदेश अन्यथा प्रवर्तनमा नरहने मितिदेखि बाह्र महिनाको अतिरिक्त अवधिसम्म प्रभावकारी भइरहने छ।

---

[1] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ७१ (झ) अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) “असम सरकार” का स्थानमा प्रतिस्थापित।

[2] संविधान (संशोधन) अधिनियम, १९८८ (१९८८-को ६७) -को छैटौँ अनुसूचीका धारा २-द्वारा परिच्छेद १५ (१६.१२.१९८८-देखि) , त्रिपुरा र मिजोरम राज्यहरूमा कार्यान्वयन गर्नाका निम्ति निम्नलिखित रूपले संशोधित गरिएको छ-

परिच्छेद १५-का उपपरिच्छेद (२) मा, -

‘(क) प्रारम्भिक परिच्छेदमा, “राज्यका विधायिकाद्वारा” शब्दहरूलाई “उनीद्वारा” द्वारा प्रतिस्थापन गरिने छ;

(ख) प्रविष्टि हटाइने छ।’

[3] असम पुनर्गठन मेघालय अधिनियम, १९६९ (१९६९-को ५५)-को धारा र चौथो अनुसूचीद्वारा (२-४-१९७०-देखि) अन्तःस्थापित)

[1][**१६. जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्को विघटन-** [2][(१)] राज्यपालले यस अनुसूचीको परिच्छेद १४ अन्तर्गत नियुक्त आयोगका परामर्श अनुसार लोक अधिसूचनाद्वारा जिल्ला अथवा प्रादेशिक परिषद् विघटन गर्न आदेश दिन सक्ने छन् अनि-

(क) परिषद्को पुनर्गठनका निम्ति शीघ्र नयाँ साधारण निर्वाचन आयोजन गरियोस् भनी निर्देश दिन सक्ने छन्; अथवा

(ख) राज्यका विधायिकाको अघिल्लो अनुमोदनका अधीनमा रही यस्ता परिषद्को प्राधिकार अन्तर्गत क्षेत्रको प्रशासन अधिकतम बाह्र महिनाको अवधिका निम्ति आफ्नो अधिकारमा लिन सक्ने छन् अथवा उक्त अनुच्छेद अन्तर्गत नियुक्त आयोग अथवा अन्य कुनै निकायलाई दिन सक्ने छन्:

यद्यपि यस परिच्छेदको खण्ड (क) अन्तर्गत कुनै आदेश जारी गरिएपछि नयाँ साधारण निर्वाचन भएपछि परिषद्को पुनर्गठन थातीमा रहुन्जेल राज्यपालले प्रश्नगत क्षेत्र प्रशासनका सम्बन्धमा यस परिच्छेदका खण्ड (ख)-मा निर्दिष्ट कार्वाही गर्न सक्ने छन्:

यद्यपि यथासन्दर्भ जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्लाई राज्यका विधायिका समक्ष आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने अवसर नदिइकन यस अनुच्छेदको खण्ड (ख) अन्तर्गत कुनै कारवाही गरिने छैन।

[1] संविधान (संशोधन) अधिनियम, १९८८ (१९८८-को ६७) -का छैटौँ अनुसूचीद्वारा धारा २-द्वारा (१६.१२.१९८८-देखि) , परिच्छेद १६ त्रिपुरा र मिजोरम राज्यहरूमा कार्यान्वयन गर्नाका निम्ति निम्न रूपले संशोधित गरियो:-

(क) उपपरिच्छेद (१) -का खण्ड (ख) -मा आउने "राज्यका विधायिकाको पूर्व अनुमोदनका अधीनमा" शब्दहरू अनि दोस्रो प्रावधान त्यक्त;

(ख) उपपरिच्छेद (३) -का स्थानमा निम्नलिखित उपपरिच्छेद प्रतिस्थापित गरिने छ, अर्थात्: -

"(३) यस परिच्छेदको उपपरिच्छेद (१) वा उपपरिच्छेद (२) अन्तर्गत गरिएका प्रत्येक आदेश अनि त्यसका कारणहरूसहित राज्यको विधायिका समक्ष राखिने छ।"

[2] असम पुनर्गठन (मेघालय) अधिनियम, १९६९ (१९६९-को ५५) -का धारा ७४ अनि चौथो अनुसूचीद्वारा (२.४.१९७०-देखि) परिच्छेद १६-लाई उपपरिच्छेद (१) -का रूपमा पुनः सङ्ख्याङ्कन गरियो।

(छैटौं अनुसूची)

[1][(२) कुनै पनि वेला राज्यपाललाई कुनै स्वशासित जिल्ला अथवा प्रदेशको प्रशासन यस अनुसूचीका प्रावधान अनुसार चलाउन नसकिने परिस्थिति उत्पन्न भएको छ भन्ने लागेका खण्डमा उनले लोक अधिसूचनाद्वारा यथासन्दर्भ जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्मा निहित अथवा यिनीहरूद्वारा प्रयोग गर्नु पर्ने सबै कार्य अथवा शक्ति अथवा कुनै पनि कार्य अथवा शक्ति आफ्ना अधिकारमा लिन सक्ने छन् अनि यस्ता कार्य र शक्तिहरूको प्रयोगका निम्ति उनले विनिर्देश गरेका व्यक्ति अथवा प्राधिकारीद्वारा सो कार्य र शक्तिहरूको प्रयोग अधिकतम छ महिनाका लागि प्रयोक्तव्य हुने छन् भनी घोषणा गर्न सक्ने छन्:

यद्यपि राज्यपालले अतिरिक्त आदेश अथवा आदेशहरूद्वारा आरम्भिक आदेशको प्रवर्तन एकपल्टमा अधिकतम छ महिनाका लागि बढाउन सक्ने छन्।

(३) यस परिच्छेदको उपपरिच्छेद (२) अन्तर्गत जारी गरिएको प्रत्येक आदेश, सो आदेशका कारणसहित राज्यका विधायिका समक्ष प्रस्तुत गरिने छ अनि सो आदेश जारी गरिएपछि बसेको राज्यका विधायिकाको पहिलो बैठकको मितिबाट तीस दिनको अवधि समाप्त भएपछि, सो अवधि समाप्त हुनअघि नै राज्यका विधायिकाद्वारा यसलाई अनुमोदित गरिएको छैन भने प्रवर्तनमा रहने छैन।]

[2]**[१७. स्वशासित जिल्लाहरूमा निर्वाचन क्षेत्रहरू गठन गर्दा ती जिल्लाहरूबाट क्षेत्रहरूको अपवर्जन**- राज्यपालले [3][असम अथवा मेघालयको [4][अथवा त्रिपुरा] [5][अथवा मिजोरम विधानसभा]-का निर्वाचनको प्रयोजनका निम्ति आदेशद्वारा [6][यथासन्दर्भ असम अथवा मेघालय राज्यमा [4][अथवा त्रिपुरा] [5][अथवा मिजोरम राज्यमा] रहेको कुनै स्वशासित जिल्लाभित्रको कुनै पनि क्षेत्र विधानसभामा यस्ता जिल्लाका लागि आरक्षण गरिएका आसन अथवा आसनहरू पूर्तिका निम्ति कुनै पनि निर्वाचन क्षेत्रको भाग बन्ने छैन तर विधानसभामा यसरी आरक्षण नगरिएका आसन अथवा आसनहरू पूर्तिका निम्ति आदेशमा विनिर्दिष्ट निर्वाचन क्षेत्रको भाग बन्ने छ भनी घोषणा गर्न सक्ने छन्।

[7][**१८** * * * * *]

---

[1] असम पुनर्गठन (मेघालय) अधिनियम, १९६९-का धारा ७४ अनि चौथो अनुसूचीद्वारा अन्तः स्थापित।

[2] संविधानको छैटौं अनुसूची (संशोधन) अधिनियम, २००३ (२००३-को ४४) धारा २-द्वारा (७.९.२००३-देखि) परिच्छेद १७ असम राज्यमा लागु गर्न अनि निम्न लिखित प्रावधानलाई अन्तः स्थापित गर्न संशोधित गरिएको छ:--

"यस परिच्छेदमा भएका कुनै पनि कुरा बोडोल्यान्ड प्रादेशिक क्षेत्रीय परिषद्मा लागु हुने छैन।"

[3] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ७१ (झ) अनि आठौं अनुसूचीद्वारा (२१.१.१९७२-देखि) "असम विधानसभा"-का स्थानमा अन्तः स्थापित गरियो।

[4] संविधान (उनन्चासौं संशोधन) अधिनियम, १९८४ धारा ४ -द्वारा (१.४.१९८५-देखि) अन्तः स्थापित।

[5] मिजोरम राज्य अधिनियम १९८६ (३४-को १९८६) , धारा ३९-द्वारा, (२०.२.१९८७-देखि) अन्तः स्थापित।

[6] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१ (१९७१-को ८१) -का धारा ७१ (झ) अनि आठौं अनुसूचीद्वारा (२१.१.१९७२-देखि) "असम विधानसभा"-का स्थानमा अन्तः स्थापित गरियो।

[7] पूर्ववत् परिच्छेद १८ त्यक्त।

(छैटौँ अनुसूची)

[1][**१९. सङ्क्रमणकालीन प्रावधानहरू-** (१) संविधान लागु भएपछि जतिसक्दो छिटो राज्यपालले यस अनुसूची अन्तर्गत राज्यको प्रत्येक स्वशासित जिल्लाका लागि जिल्ला परिषद् गठन गर्नाका निम्ति पाइला चाल्ने छन् र कुनै स्वशासित जिल्लाका लागि यसरी जिल्ला परिषद् गठन नगरिएसम्म यस्ता जिल्लाको प्रशासन राज्यपालमा निहित हुने छ र यस्ता जिल्लाभित्रको क्षेत्रहरूका प्रशासनमा यस अनुसूचीका पूर्ववर्ती प्रावधानहरूको साटो निम्न प्रावधानहरू लागु हुने छन्:-

(क) संसद् अथवा राज्यको विधायिकाको कुनै अधिनियम यस्ता कुनै क्षेत्रमा तबसम्म लागु हुने छैन जबसम्म राज्यपालले सार्वजनिक अधिसूचनाद्वारा यो लागु गर्ने निर्देश दिने छैनन् र राज्यपालले कुनै पनि अधिनियमका सम्बन्धमा यसरी निर्देश दिँदा सो अधिनियम क्षेत्र अथवा यसका कुनै विनिर्दिष्ट भागमा लागु हुँदा उनले उपयुक्त ठानेका अपवाद र परिमार्जनहरूका अधीनमा रही प्रभावी हुने छ भनी निर्देश दिन सक्ने छन्।

(ख) राज्यपालले यस्ता कुनै क्षेत्रको शान्ति र सुशासनका निम्ति विनियमहरू बनाउन सक्ने छन् र यसरी बनाइएका कुनै पनि विनियमले संसद् अथवा राज्य विधायिकाको कुनै पनि अधिनियम अथवा यस्ता क्षेत्रमा तत्समय लागु भएको कुनै विद्यमान विधि रद्द गर्न अथवा संशोधन गर्न सक्ने छन्।

(२) यस परिच्छेदको उपपरिच्छेद (१)-को खण्ड (क) अन्तर्गत दिइएको कुनै पनि निर्देश यसको पूर्वप्रभाव हुने गरी दिन सक्ने छन्।

---

[1] संविधान (संशोधन) अधिनियम, २००३ (२००३-को ४४) , छैटौँ अनुसूचीका धारा २-द्वारा (७.९.२००३-देखि) अनुच्छेद १९ असम राज्यमा लागु गर्नाका निम्ति संशोधित गरेर उपपरिच्छेद (३) पछि निम्नलिखित उप-परिच्छेद अन्त: स्थापित गरियो:-

"(४) यस अधिनियमको आरम्भपश्चात, यथाशीघ्र असममा बोडोल्यान्ड प्रादेशिक क्षेत्र जिल्लाका लागि एउटा अन्तरिम कार्यकारी परिषद् राज्यपालद्वारा बोडो आन्दोलनका नेताहरूमध्ये, जो समझौता ज्ञापनपत्रका हस्ताक्षरकर्ताहरू पनि हुन्, लिएर गठन गरिने छ अनि त्यसमा त्यस क्षेत्रका गैर-आदिवासी समुदायहरूलाई पनि पर्याप्त प्रतिनिधित्व दिइने छ:

यद्यपि अन्तरिम परिषद् ६ महिनाको अवधिका निम्ति हुने छ जसमा परिषद्को निर्वाचन गराउने प्रयास गरिने छ।

*स्पष्टीकरण-* यस उप-परिच्छेदको उद्देश्यका निम्ति "सम्झौताको ज्ञापनपत्र" भन्नाले भारत सरकार, असम सरकार र बोडो लिबरेसन टाइगर्समाझ फेब्रुअरी १०, २००३-का दिन हस्ताक्षर गरिएको ज्ञापनपत्र हो।

(३) यस परिच्छेदको उपपरिच्छेद (१)-को खण्ड (ख)-का अधीनमा बनाइएका सम्पूर्ण विनियम राष्ट्रपति समक्ष तुरुन्तै प्रस्तुत गरिने छ अनि जबसम्म उनले अनुमति दिँदैनन् तबसम्म त्यसको कुनै प्रभाव हुने छैन।

[1]**[२०. जनजाति क्षेत्र – (१)** तल दिइएको तालिकाको भाग १, भाग २ [2][भाग २ क] अनि भाग ३-मा विनिर्दिष्ट क्षेत्रहरू क्रमशः असम राज्य, मेघालय राज्य [त्रिपुरा राज्य] अनि मिजोरम [3][राज्य]-का जनजाति क्षेत्र हुने छन्।

(२) [4][तल दिइएको तालिकाका भाग १ भाग २ अनि भाग ३-मा] रहेको कुनै जिल्लाप्रति गरिएको कुनै निर्देशको अर्थ पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियम, १९७१-का धारा २-को खण्ड (ख) अन्तर्गत निश्चित गरिएको दिनभन्दा तत्काल अघि विद्यमान सो नामको स्वशासित जिल्लाभित्र समाविष्ट राज्यक्षेत्रहरूप्रति गरिएको निर्देश भनी लगाइने छ;

यद्यपि यस अनुसूचीको परिच्छेद ३-को उपपरिच्छेद (१)-का खण्ड (ङ) अनि खण्ड (च), परिच्छेद ४, परिच्छेद ५, परिच्छेद ६, परिच्छेद ८-का उपपरिच्छेद (२), उपपरिच्छेद (३)-को खण्ड क, खण्ड (ख) अनि खण्ड (घ), अनि उपपरिच्छेद (४) तथा परिच्छेद १०-का उपपरिच्छेद (२)-को खण्ड (घ)-को प्रयोजनका निम्ति शिलङ नगरपालिकामा समाविष्ट क्षेत्रको कुनै पनि भाग [5][खासी पहाडी जिल्ला] भित्र रहेको मानिने छैन।

[2][(३) तल दिइएको तालिकाको भाग २ क-मा रहेको "त्रिपुरा जनजाति क्षेत्र जिल्ला" प्रति गरिएको निर्देशको अर्थ त्रिपुरा जनजाति क्षेत्र स्वशासित जिल्ला परिषद् अधिनियम, १९७९-को पहिलो अनुसूचीमा विनिर्दिष्ट जनजाति क्षेत्रहरू समाविष्ट भएका राज्यक्षेत्रप्रति गरिएको निर्देश भनी लगाइने छ।]

---

[1] पूर्वोत्तर क्षेत्र (पुनर्गठन) अधिनियन,१९७१ (१९७१-को ८१) -का धारा ७१ अनि आठौँ अनुसूचीद्वारा (२१.१.१९७२-देखि) परिच्छेद अनि २०क-का स्थानमा प्रतिस्थापित।

[2] संविधान (उनन्चासौँ संशोधन) अधिनियम,१९८४-का धारा ४-द्वारा (१.४.१९८५-देखि) अन्तः स्थापित।

[3] मिजोराम राज्य अधिनियम, १९८६ (१९८६-को ३४) -का धारा ३९-द्वारा (२०.२०१९८७) "सङ्घ राज्यक्षेत्र"-का स्थानमा प्रतिस्थापित।

[4] संविधान (उनन्चासौँ संशोधन) अधिनियन,१९८४-का धारा ४-द्वारा (९.४.१९८५-देखि) अन्तः स्थापित।

[5] मेघालय सरकारको अधिसूचना सङ्ख्या डि.सि.ए ३१/७२/११, मिति १४ जुन १९७३, मेघालयको राजपत्र, भाग ५क, मिति २३.६.१९७३, पृष्ठ २०० द्वारा प्रतिस्थापित।

## (छैटौँ अनुसूची)

### तालिका

### भाग १

१. उत्तरी कछाड पहाडी जिल्ला।

२. [1][कार्बी आङलाङ जिल्ला।]

[2][३. बोडोल्यान्ड प्रादेशिक क्षेत्र जिल्ला।]

### भाग २

[3][१. खासी पहाडी जिल्ला।

२. जयन्तिया पहाडी जिल्ला।]

३. गारो पहाडी जिल्ला।

### [4][भाग २ क]

त्रिपुरा जनजाति क्षेत्र जिल्ला ।

### भाग ३

[5] ***

[6][१. चकमा जिल्ला।]

[7][२. मारा जिल्ला।

३. लई जिल्ला।]]

[8][**२०क मिजो जिल्ला परिषद्को विघटन** – (१) यस अनुसूचीमा जुनसुकै कुरा भए तापनि निर्धारित मितिभन्दा तत्काल अघि विद्यमान मिजो जिल्लाको जिल्ला परिषद् (जसलाई यसपश्चात् मिजो जिल्ला परिषद् भनिएको छ) विघटित हुने छ अनि विद्यमान रहने छैन।

---

[1] मेघालय सरकारको अधिसूचना स.डी.सी.ए.३१/७२/११ मिति १४ जून १९७३ मेघालयको राजपत्र, भाग ५ क. मिति २३.६.१९७३, पृष्ठ २००-द्वारा प्रतिस्थापित।

[2] संविधान (संशोधन) अधिनियम, २००३ (२००३-को ४४) -को छैटौँ अनुसूचीका धारा २-द्वारा (७.९.२००३-देखि) अन्त: स्थापित।

[3] मेघालय सरकारको अधिसूचना मिति १४.१०.१९६७-को अधिसूचना स.टी.ए.डी./आर/११५/७४/४७ -द्वारा "मिकिर पहाडी जिल्लाका" स्थानमा प्रतिस्थापित।

[4] संविधान (उनन्चासौँ संशोधन) अधिनियम, १९८४-का धारा ४-द्वारा (१.४.१९८५-देखि) अन्त: स्थापित।

[5] सङ्घ राज्यक्षेत्र शासन (संशोधन) अधिनियम, १९७१ (१९७१-को ८३) -का धारा १३-द्वारा (२९.४.१९७२-देखि) "मिजो जिल्ला" शब्दहरू हटाइयो।

[6] मिजोराम राजपत्र, १९७२ मिति ५ मई, १९७२, जिल्द १, भाग २, पृष्ट १७-मा प्रकाशित, मिजोरम जिल्ला परिषद् (विविध प्रावधान) आदेश १९७२-द्वारा (२९.४.१९७२-देखि) अन्तः स्थापित।

[7] संविधान (संशोधन) अधिनियम, १९८८ (१९८८-को ६७) , -को छैटौँ अनुसूची धारा २ -द्वारा (१६.१२.१९८८-देखि) सङ्ख्या २ र ३ र यससँग सम्बन्धित प्रविष्टिहरूका लागि प्रतिस्थापित।

[8] सङ्घ राज्यक्षेत्र शासन (संशोधन) अधिनियम, १९७१ (१९७१-को ८३) -का धारा १३-द्वारा (२९.४.१९७२-देखि) परिच्छेद २०-का स्थानमा प्रतिस्थापित।

(२) मिजोरम केन्द्रशासित प्रदेशका प्रशासकले एक अथवा अधिक आदेशहरूद्वारा निम्नलिखित सम्पूर्ण अथवा कुनै विषयका निम्ति प्रावधान गर्न सक्ने छन्-

(क) सङ्घ अथवा कुनै अन्य प्राधिकारीलाई मिजोराम जिल्ला परिषद्का जायजेथा, अधिकार अनि दायित्वहरू (जसमा यसद्वारा गरिएका कुनै अनुबन्ध अन्तर्गतका अधिकार र दायित्वहरू समाविष्ट छन्) पूर्णरूपमा अथवा आंशिक रूपमा हस्तान्तरण;

(ख) मिजो जिल्ला परिषद् पक्षकार भएको कुनै पनि विधिको कारबाहीमा पक्षकारका रूपमा मिजो जिल्ला परिषद्का ठाउँमा सङ्घ अथवा अन्य कुनै प्राधिकारीको प्रतिस्थापन, अथवा सङ्घ अथवा अन्य कुनै प्राधिकारीको संयोजन,

(ग) मिजो जिल्ला परिषद्को कुनै पनि कर्मचारीको सङ्घ अथवा कुनै अन्य प्राधिकारीमा अथवा सङ्घ अथवा प्राधिकरणद्वारा स्थानान्तरण अथवा पुनर्नियोजन, यस्तो स्थानान्तरण अथवा पुनर्नियोजनपछि यस्ता कर्मचारीमा लागु हुने सेवाका नियम तथा सर्तहरू;

(घ) मिजो जिल्ला परिषद्द्वारा बनाइएको अनि यसको विघटनभन्दा तत्काल अघिसम्म प्रवर्तनमा रहेको कुनै पनि विधिको निरस्तीकरण अथवा संशोधनहरूका रूपमा प्रशासकद्वारा यसका निम्ति गरिएका अनुकूलन अनि परिमार्जनहरूका अधीनमा रही सक्षम विधायिका अथवा अन्य कुनै प्राधिकारीद्वारा यस्ता विधिहरूको परिवर्तन, निरस्तीकरण अथवा संशोधन नगरुन्जेलको निरन्तरता;

(ङ) प्रशासकले आवश्यक ठानेका आनुषङ्गिक, पारिणामिक र अनुपूरक विषयहरू ।

*स्पष्टीकरण*– यस परिच्छेद अनि यस अनुसूचीका परिच्छेद २० ख-मा “निर्धारित मिति” पदले केन्द्रशासित प्रदेश शासन अधिनियम, १९६३ (१९६३-को २०)-का प्रावधान अन्तर्गत अनि त्यस अनुसार विधिपूर्वक यथोचित रूपले मिजोरम केन्द्रशासित प्रदेशको विधानसभा गठन भएको मिति बुझाउँछ ।

[1][**२०ख. मिजोरम केन्द्रशासित प्रदेशमा रहेका स्वशासित क्षेत्रहरू स्वशासित जिल्ला हुने अनि त्यसका पारिणामिक सङ्क्रमणकालीन प्रावधानहरू-** (१) यस अनुसूचीमा जुनसुकै कुरा भए तापनि—

(क) मिजोरम केन्द्रशासित प्रदेशमा निर्धारित मितिभन्दा तत्काल अघि विद्यमान प्रत्येक स्वशासित क्षेत्र सो मितिदेखि सो केन्द्रशासित प्रदेशको स्वशासित जिल्ला हुने छ (जसलाई यहाँ यसपछि तत्स्थानी नयाँ जिल्ला भनिएको छ) अनि त्यसका प्रशासकले एक अथवा अधिक आदेशहरूद्वारा यस खण्डका प्रावधानहरू प्रभावकारी तुल्याउन आवश्यक पारिणामिक संशोधनहरू यस अनुसूचीका परिच्छेद २० (जस अन्तर्गत तालिकाको भाग ३-लाई सो परिच्छेदसँग संलग्न गरिएको छ)-मा गरिने छ अनि त्यसपछि उक्त परिच्छेद अनि उक्त भाग ३-लाई तदनुसार संशोधन गरिएको ठानिने छ भनी निर्देश दिन सक्ने छन् ।

---

[1] केन्द्रशासित राज्य सरकारको (संशोधन) अधिनियम, १९७१ (१९७१-को ८३) -को धारा १३, अनुच्छेद २० क-का लागि (६.२.१९७२-देखि) प्रतिस्थापित ।

(छैटौँ अनुसूची)

(ख) मिजोरम केन्द्रशासित प्रदेशमा निर्धारित मितिभन्दा तत्काल अघि रहेको स्वशासित प्रदेशको प्रत्येक प्रादेशिक परिषद् (जसलाई यसपछि विद्यमान प्रादेशिक परिषद् भनिएको छ)-लाई सो मितिदेखि अनि तत्स्थानी नयाँ जिल्लाका निम्ति जिल्ला परिषद् विधिपूर्वक गठन नभइन्जेल सो जिल्लाको जिल्ला परिषद् (जसलाई यसपछि तत्स्थानी नयाँ जिल्ला परिषद् भनिएको छ) ठानिने छ।

(२) विद्यमान प्रादेशिक परिषद्को प्रत्येक निर्वाचित अथवा मनोनीत सदस्यलाई तत्स्थानी नयाँ जिल्ला परिषद्का निम्ति यथासन्दर्भ निर्वाचित वा मनोनीत गरिएको मानिने छ अनि यस अनुसूची अन्तर्गत तत्स्थानी नयाँ जिल्लाका निम्ति विधिपूर्वक जिल्ला परिषद् गठन नभइन्जेल पद धारण गर्ने छ।

(३) तत्स्थानी नयाँ जिल्ला परिषद्द्वारा यस अनुसूचीको परिच्छेद (२)-को उपपरिच्छेद (७) अनि परिच्छेद ४-को उपपरिच्छेद (४) अन्तर्गत नियमहरू नबनाइन्जेल विद्यमान प्रादेशिक परिषद्द्वारा उक्त प्रावधानहरू अन्तर्गत बनाइएका अनि निर्धारित मितिभन्दा तत्काल अघि प्रवृत्त रहेका नियमहरू मिजोरम केन्द्रशासित प्रदेशका प्रशासकद्वारा तिनमा गरिएका अनुकूलन र परिमार्जनका अधीनमा रही तत्स्थानी नयाँ जिल्ला परिषद्का सम्बन्धमा प्रभावी हुने छन्।

(४) मिजोरम केन्द्रशासित प्रदेशका प्रशासकले एक अथवा अधिक आदेशहरूद्वारा निम्नलिखित सम्पूर्ण अथवा कुनै विषयहरूका निम्ति प्रावधान गर्न सक्ने छन्-

(क) विद्यमान प्रादेशिक परिषद्का जायजेथा, अधिकार अनि दायित्वहरू (जसमा यसद्वारा गरिएका कुनै अनुबन्ध अन्तर्गतका अधिकार र दायित्वहरू समाविष्ट छन्) तत्स्थानी नयाँ जिल्ला परिषद्लाई पूर्णरूपमा अथवा आंशिक रूपमा हस्तान्तरण;

(ख) विद्यमान प्रादेशिक परिषद् पक्षकार भएका कुनै पनि विधिक कार्यबाहीमा पक्षकारका रूपमा विद्यमान प्रादेशिक परिषद्का ठाउँमा तत्स्थानी नयाँ जिल्ला परिषद्को प्रतिस्थापन;

(ग) विद्यमान प्रादेशिक परिषद्का कुनै पनि कर्मचारीको तत्स्थानी नयाँ जिल्ला परिषद् अथवा तत्स्थानी नयाँ जिल्ला परिषद्द्वारा स्थानान्तरण अथवा पुनर्नियोजन, यस्तो स्थानान्तरण अथवा पुनर्नियोजनपछि यस्ता कर्मचारीमा लागु हुने सेवाका नियम तथा सर्तहरू;

(घ) विद्यमान प्रादेशिक परिषद्द्वारा बनाइएको अनि तोकिएको मितिभन्दा तत्काल अघिसम्म प्रवृत्त कुनै पनि विधिको निरस्तीकरण अथवा संशोधनहरूका रूपमा प्रशासकद्वारा यसका निम्ति गरिएका अनुकूलन अनि परिमार्जनहरूका अधीनमा रही सक्षम विधायिका अथवा अन्य कुनै सक्षम प्राधिकारीद्वारा यस्ता विधिहरूको परिवर्तन, संशोधन अथवा निरस्त नगरुन्जेलको निरन्तरता;

(ङ) प्रशासकले आवश्यक ठानेका आनुषङ्गिक, पारिणामिक र अनुपूरक विषयहरू।]

[1][**२०खक. राज्यपालद्वारा आफ्ना कार्यहरूको निर्वहनमा विवेकाधीन शक्तिहरूको प्रयोग** — राज्यपालले यस अनुसूचीको परिच्छेद १-का उपपरिच्छेद (२) अनि उपपरिच्छेद (३), परिच्छेद २-का उपपरिच्छेद (१) उपपरिच्छेद (६), उपपरिच्छेद (६क)-को पहिलो उपबन्धलाई छाडेर उपपरिच्छेद (६क) अनि उपपरिच्छेद (७), परिच्छेद ३-को उपपरिच्छेद (३), परिच्छेद ४-का उपपरिच्छेद (४), परिच्छेद ५, परिच्छेद ६-को उपपरिच्छेद (१), परिच्छेद ७-को उपपरिच्छेद (२), परिच्छेद ८-को उपपरिच्छेद (४), परिच्छेद ९-को उपपरिच्छेद (३), परिच्छेद १०-का उपपरिच्छेद (३), परिच्छेद १४-का उपपरिच्छेद (१), परिच्छेद १५-को उपपरिच्छेद (१) अनि परिच्छेद १६-का उपपरिच्छेद (१) अनि उपपरिच्छेद (२) अन्तर्गत आफ्नो कार्य निर्वाह गर्दा मन्त्रीपरिषद् अनि यथासन्दर्भ उत्तर कछाड पहाड स्वशासित परिषद् अथवा कार्बी आङ्लाङ स्वशासित परिषद्सित परामर्श गरेपछि आफ्नो विवेक अनुसार आवश्यक ठानेको कारबाही गर्ने छन्।]

[2][**२०खख. राज्यपालद्वारा आफ्नो कार्यहरूका निर्वहनमा विवेकाधीन शक्तिहरूको प्रयोग-** राज्यपालले यस अनुसूचीको परिच्छेद १-का उपपरिच्छेद (२) अनि उपपरिच्छेद (३), परिच्छेद २-का उपपरिच्छेद (१) अनि उपपरिच्छेद (७), परिच्छेद ३-को उपपरिच्छेद (३), परिच्छेद ४-को उपपरिच्छेद (४), परिच्छेद ५, परिच्छेद ६-को उपपरिच्छेद (१), परिच्छेद ७-को उपपरिच्छेद (२), परिच्छेद ९-को उपपरिच्छेद (३), परिच्छेद १४-को उपपरिच्छेद (१), परिच्छेद १५-को उपपरिच्छेद (१), अनि परिच्छेद १६-का उपपरिच्छेद (१) अनि उपपरिच्छेद (२) अन्तर्गत आफ्ना कार्यहरू निर्वहन गर्दा मन्त्री परिषद्बाट अनि उनले आवश्यक ठानेका खण्डमा सम्बन्धित जिल्ला परिषद् अथवा प्रादेशिक परिषद्सँग परामर्श गरेपछि आफ्नो विवेकअनुसार आवश्यक ठानेको कारबाही गर्ने छन् ।]

---

[1] संविधानको छैटौँ अनुसूची (संशोधन) अधिनियम, १९९५ (१९९५ को ४२) को धारा २ द्वारा (१२.९.१९९५ देखि) असम राज्यमा लागु हुने गरी अनुच्छेद २० खक अन्तःस्थापित।

[2] संविधानको छैटौँ अनसूची (संशोधन) अधिनियम, १९८८ (१९८८ को ६७) को धारा २ द्वारा (१६.१२.१९८८ देखि) त्रिपुरा र मिजोरम राज्यमा लागु हुने गरी अनुच्छेद २० खख अन्तःस्थापित।

[1][**२०ग. व्याख्या**– यसका निम्ति बनाइएका कुनै पनि प्रावधानका अधीनमा रही यस अनुसूचीका प्रावधानहरू केन्द्रशासित प्रदेश मिजोरममा लागु हुँदा–

(1) राज्यका राज्यपाल अनि राज्यका सरकारप्रति गरिएका निर्देश अनुच्छेद २३९ अन्तर्गत नियुक्त केन्द्रशासित प्रदेश "राज्य सरकार" प्रशासकप्रति गरिएका निर्देशझैं मानिएर, राज्य (राज्यको सरकार पदबाहेक)-प्रति गरिएका निर्देशहरू केन्द्रशासित प्रदेश मिजोरमप्रति गरिएका निर्देशझैं मानिएर अनि राज्यका विधायिकाप्रति गरिएका निर्देशलाई केन्द्रशासित प्रदेश मिजोरमको विधानसभाप्रति गरिएका निर्देशझैं मानिएर;

(2) (क) परिच्छेद ४-का उप परिच्छेद (५)-मा सम्बन्धित राज्य सरकारसँग परामर्शका लागि रहेका प्रावधानहरू निरस्त गरिएका हुन् झैं मानिएर;

(ख) परिच्छेद ६-का उप परिच्छेद (२)-मा "जसमाथि राज्यको कार्यपालिका शक्ति विस्तारित हुँदछ"-का ठाउँमा "जसका सम्बन्धमा केन्द्रशासित प्रदेश मिजोरमका विधानसभामा विधि बनाउने शक्ति हुने छ" शब्दहरू प्रतिस्थापित गरिएका हुन् झैं मानिएर;

(ग) परिच्छेद १३मा, "अनुच्छेद २०२ अन्तर्गत" शब्द र सङ्ख्याहरूलाई निरस्त गरिएको झैं मानिएर

– लागु हुने छन्।

**२१. अनुसूचीको संशोधन**– (१) संसद्ले समय समयमा विधिद्वारा संयोजन, परिवर्तन अथवा निरस्तीकरणका रूपमा यस अनुसूचीको कुनै पनि प्रावधान संशोधन गर्न सक्ने छ अनि यसरी अनुसूचीको संशोधन भइसकेपछि यस संविधानमा यस अनुसूचीप्रति गरिएको कुनै पनि निर्देशको अर्थ यस प्रकार संशोधन गरिएको अनुसूचीप्रति गरिएको निर्देश भनी लगाइने छ।

(२) यस परिच्छेदका उपपरिच्छेद (१)-मा उल्लिखित कुनै पनि विधिलाई अनुच्छेद ३६८-का प्रयोजनहरूका निम्ति यस संविधानको संशोधन मानिने छैन।

---

[1] केन्द्रशासित प्रदेश सरकार (संशोधन) अधिनियम १९७१ (१९७१-को ८३), धारा १३-द्वारा (१६.२.१९७२-देखि) परिच्छेद २० क-का निम्ति प्रतिस्थापित।

# सातौँ अनुसूची

(अनुच्छेद २४६)

## सूची I– सङ्घ सूची

१. रक्षाका निम्ति तयारी अनि युद्धका समय युद्धको सञ्चालन र त्यसको समापनपछि प्रभावी सैन्य विघटनमा सहायक हुने सबै क्रियाकलाप समाविष्ट रहेको भारत अनि यसका प्रत्येक भागको रक्षा।

२. नौसेना, थलसेना अनि वायुसेना; सङ्घका अन्य कुनै सशस्त्र बलहरू।

[1][२क. सङ्घका कुनै सशस्त्र बल वा सङ्घका नियन्त्रणाधीन अन्य कुनै बल अथवा त्यसको कुनै टुकडी वा एकाइको कुनै राज्यमा नागरिक शक्तिका सहायताका निम्ति तैनाथी; यस्तो तैनाथीका समयमा सो सशस्त्र बलका सदस्यका शक्ति, अधिकारक्षेत्र, विशेषाधिकार अनि उत्तरदायित्व।]

३. छाउनी क्षेत्रहरूको परिसीमन, ती क्षेत्रका स्थानीय स्वशासन, ती क्षेत्रभित्र छाउनी प्राधिकरणहरूको गठन अनि शक्ति तथा यस्ता क्षेत्रमा गृह आवास सुविधा (यस अन्तर्गत भाडाको नियन्त्रण समाविष्ट छ)-को विनियमन।

४. नौसेना, थलसेना अनि वायुसेनाका कार्यहरू।

५. हतियार, आग्नेयास्त्र, गोला बारुद र विस्फोटक।

६. परमाणु ऊर्जा अनि त्यसको उत्पादनका लागि आवश्यक खनिज सम्पदा।

७. संसद्ले विधिद्वारा रक्षाको प्रयोजन अथवा युद्ध सञ्चालनका लागि आवश्यक घोषित गरेका उद्योगहरू।

८. केन्द्रीय गुप्तचर अनि अन्वेषण ब्युरो।

९. रक्षा, वैदेशिक मामिला, अथवा भारतका सुरक्षा सम्बन्धी कारणहरूले निवारक थुना; यस्तो थुनामा राखिएका व्यक्तिहरू।

१०. वैदेशिक मामिला; सङ्घले कुनै विदेशी राष्ट्रसँग सम्बन्ध स्थापित गर्ने सबै विषयहरू।

११.कूटनीतिक, वाणिज्यदूत र व्यापारिक प्रतिनिधित्व।

१२. संयुक्त राष्ट्र सङ्घ।

१३. अन्तर्राष्ट्रिय सम्मेलन, संस्था अनि अन्य निकायहरूमा भाग लिनु अनि त्यसमा गरिएका निर्णयहरूको कार्यान्वयन।

१४. विदेशी राष्ट्रहरूसित सन्धि र सम्झौता गर्नु अनि विदेशी राष्ट्रहरूसँग गरिएका सन्धि, सम्झौता अनि महासन्धिहरूको कार्यन्वयन।

---

[1]संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-का धारा ५७ -द्वारा (३.१.१९७७-देखि) अन्तः स्थापित।

१५. युद्ध अनि शान्ति।

१६. वैदेशिक अधिकारक्षेत्र।

१७. नागरिकता, देशीकरण अनि अन्य देशीय।

१८. प्रत्यर्पण।

१९. भारतमा प्रवेश, त्यहाँबाट आप्रवासन अनि निष्कासन; पारपत्र अनि विजा

२०. भारत बाहिरका स्थानहरूमा गरिने तीर्थ यात्राहरू।

२१. खुला समुद्र वा वायु क्षेत्रमा गरिएका समुद्री डकैती र अपराध; भूमि वा खुला समुद्र वा वायु क्षेत्रमा गरिएका राष्ट्रहरूको विधि विरुद्धका अपराधहरू।

२२. रेल।

२३. संसद्वारा बनाइएका विधिद्वारा अथवा त्यस अन्तर्गत राष्ट्रिय राजमार्ग घोषित गरिएका राजमार्गहरू।

२४. संसद्ले विधिद्वारा राष्ट्रिय जलमार्गका रूपमा घोषणा गरेका आन्तरिक जलमार्गहरूमा यन्त्रचालित जलयानहरूसँग सम्बन्धित नौ परिवहन र नौविज्ञान; यस्ता जलमार्गहरूमा मार्गको नियम।

२५. ज्वारीय जलमा हुने नौपरिवहन र नौविज्ञानसहित नौपरिवहन र नौविज्ञान; वाणिज्यिक समुद्री बेडाका निम्ति शिक्षा अनि प्रशिक्षणको व्यवस्था तथा राज्यहरू र अन्य अभिकरणहरूले प्रदान गर्ने यस्ता शिक्षा र प्रशिक्षणको विनियमन।

२६. नौ परिवहन र वायुयानहरूको सुरक्षाका निम्ति प्रकाशपोत, प्रकाश स्तम्भ अनि अन्य व्यवस्था समाविष्ट रहेको प्रकाश घर।

२७. संसद्वारा बनाइएका विधि वा विद्यमान विधि वा त्यस अन्तर्गत मुख्य बन्दरगाह घोषित गरिएका बन्दरगाह, जस अन्तर्गत त्यसको परिसीमन अनि त्यहाँ बन्दरगाह प्राधिकारीहरूको गठन अनि तिनीहरूका शक्तिहरू समाविष्ट छन्।

२८. बन्दरगाह संसर्ग रोध(क्वाराइन्टाइन) जस अन्तर्गत त्यससँग सम्बद्ध अस्पतालहरू समाविष्ट छन्; नाविकीय र समुद्रीय अस्पतालहरू।

२९. वायुमार्ग, वायुयान अनि हवाई विज्ञान; विमानक्षेत्रहरूको व्यवस्था; विमान यातायात र विमानक्षेत्रहरूको विनियमन अनि सङ्गठन; वैमानिक शिक्षा र प्रशिक्षणका लागि व्यवस्था तथा राज्य र अन्य अभिकरणहरूद्वारा दिइने यस्तो शिक्षा अनि प्रशिक्षणको विनियमन।

३०. रेल, समुद्र वा वायु मार्ग अथवा यन्त्रचालित जलयानहरूमा राष्ट्रिय जलमार्गद्वारा यात्री अनि वस्तुहरूको वहन।

३१. डाक अनि तार; टेलिफोन, बेतार, प्रसारण अनि त्यस्तै अन्य सञ्चार साधन।

३२. कुनै [1]***राज्य स्थित सम्पत्तिका सम्बन्धमा त्यस राज्यको विधानका अधीनमा रहेर संसद्ले विधिद्वारा अन्यथा प्रावधान गर्ने बाहेकका सङ्घको सम्पत्ति अनि त्यसबाट प्राप्त राजस्व।

[2][३३* * * * *]

३४ .देशी राज्यहरूका शासकहरूको सम्पत्तिका लागि प्रतिपाल्य अधिकरणहरू।

३५. सङ्घको सार्वजनिक ऋण।

३६. मुद्रा, सिक्का निर्माण अनि वैध मुद्रा; वैदेशिक मुद्रा।

३७. विदेशी ऋणहरू।

३८. भारतीय रिजर्व ब्याङ्क।

३९. डाकघर बचत ब्याङ्क।

४०. भारत सरकार अथवा कुनै राज्यका सरकारद्वारा सञ्चालित चिट्ठा।

४१. विदेशी राष्ट्रहरूसँग व्यापार अनि वाणिज्य; भन्सार सीमाहरूको वारिपारि आयात र निर्यात; भन्सार सीमाको परिभाषा।

४२. अन्तरराज्यिक व्यापार अनि वाणिज्य।

४३. ब्याङ्किङ, बिमा अनि वित्तीय निगम समाविष्ट भएका तर सहकारी समितिहरू समाविष्ट नभएका व्यापारिक निगमहरूको निगमन, विनियमन अनि परिसमापन।

४४. विश्वविद्यालयहरू छाडेर एउटा मात्र राज्यमा आफ्नो उद्देश्य सीमित नगरेका व्यापारिक वा अव्यापारिक निगमहरूको निगमन, विनियमन अनि परिसमापन।

४५. ब्याङ्किङ।

४६. विनिमय पत्र, चेक, वचन पत्र अनि त्यस्तै अन्य लिखतहरू।

४७. बिमा।

४८. स्टक विनिमय अनि भविष्य बजार।

४९. स्वाधिकार, आविष्कार अनि डिजाइनहरू; प्रतिलिपि अधिकार; व्यापार चिह्न अनि पण्य वस्तु चिह्न।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६) "पहिलो अनुसूचीको भाग क अथवा भाग ख-मा विनिर्दिष्ट" शब्द अनि अक्षरहरू हटाइयो।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा २६-द्वारा (१.११.१९५६-देखि) प्रविष्टि ३३ हटाइयो।

५०. तौल तथा नापका मानकहरूको स्थापना गर्नु।

५१. भारतबाहिर निर्यात गरिने अथवा एउटा राज्यबाट अर्को राज्यमा परिवहन गरिने वस्तुहरूको गुणवत्ताका मानकहरूको स्थापना गर्नु।

५२. संसद्ले विधिद्वारा जुन उद्योगहरूका सम्बन्धमा सङ्घको नियन्त्रण लोकहितमा उपयुक्त छ भनेर घोषणा गरेको छती उद्योगहरू।

५३. तेलक्षेत्र अनि खनिज तेल सम्पत्ति स्रोतहरूको विनियमन अनि विकास; पेट्रोलियम अनि पेट्रोलियम उत्पादहरू; संसद्ले विधिद्वारा भयानक रूपले ज्वलनशील भनेर घोषणा गरेका अन्य तरल अनि पदार्थहरू।

५४. संसद्ले विधिद्वारा सङ्घको नियन्त्रण अन्तर्गत जुन सीमासम्म खानीहरूको विनियमन अनि खनिजहरूका विकासलाई लोकहितमा उपयुक्त छ भनेर घोषणा गरेको छ त्यस सीमासम्म खानीहरूको विनियमन अनि खनिजहरूको विकास।

५५. खानी अनि तेलक्षेत्रहरूमा श्रम अनि सुरक्षाको विनियमन।

५६. संसद्ले विधिद्वारा सङ्घको नियन्त्रण अन्तर्गत जुन सीमासम्म अन्तरराज्यिक नदी अनि नदी उपत्यकाहरूको नियमन र विकास लोकहितमा उपयुक्त छ भनेर घोषणा गरेको छ त्यस सीमासम्म अन्तरराज्यिक नदी अनि नदी उपत्यकाहरूको नियमन र विकास।

५७. राज्यक्षेत्रीय सागरखण्डदेखि बाहिर माछा मार्नु अनि माछा पालन क्षेत्र।

५८. सङ्घका अभिकरणहरूद्वारा नुनको निर्माण, आपूर्ति अनि वितरण; अन्य अधिकरणहरूद्वारा गरिएको नुनको विनियमन आपूर्ति अनि वितरणको विनियमन अनि नियन्त्रण।

५९. अफिमको खेती, त्यसको निर्माण अनि निर्यातका निम्ति विक्रय।

६०. प्रदर्शनका निम्ति चलचित्र फिल्महरूको स्वीकृति।

६१. सङ्घका कर्मचारीहरूसँग सम्बन्धित औद्योगिक विवाद।

६२.यो संविधान लागु हुँदा राष्ट्रिय पुस्तकालय, भारतीय सङ्ग्रहालय, साम्राज्यिक युद्ध सङ्ग्रहालय, भिक्टोरिया स्मारक अनि भारतीय युद्ध स्मारक नामहरूले परिचित संस्थान अनि भारत सरकारद्वारा पूर्णतः अथवा आंशिक वित्तपोषित र संसद्ले विधिद्वारा राष्ट्रिय महत्त्वका भनी घोषित गरेका त्यस्तै अन्य कुनै संस्थान।

६३. यो संविधान लागु हुँदा काशी हिन्दु विश्वविद्यालय, अलीगढ मुस्लिम विश्वविद्यालय [1][दिल्ली विश्वविद्यालय; अनुच्छेद ३७१ ङ-लाई अनुसरण गरेर स्थापित विश्वविद्यालय;] नामहरूद्वारा परिचित संस्थान अनि संसद्ले विधिद्वारा राष्ट्रिय महत्त्वका भनी घोषित गरेका त्यस्तै अन्य कुनै संस्थान।

---

[1] संविधान (बत्तीसौँ संशोधन) अधिनियम, १९७३-का धारा ४ -द्वारा (१.७.१९७४-देखि) “दिल्ली विश्वविद्यालय अनि”-का स्थानमा प्रतिस्थापित।

६४. भारत सरकारद्वारा पूर्णतः तथा आंशिक वित्तपोषित अनि संसद्‌ले विधिद्वारा राष्ट्रिय महत्त्वका भनी घोषित गरेका वैज्ञानिक अथवा प्राविधिक शिक्षा संस्थानहरू।

६५.

(क) पुलिस अधिकारीहरूको प्रशिक्षणसहित वृत्तिक, व्यावसायिक वा प्राविधिक प्रशिक्षणका लागि; अथवा

(ख) विशेष अध्ययन वा अनुसन्धानको अभिवृद्धिका लागि; अथवा

(ग) अपराधको अनुसन्धान गर्न वा अपराध पत्तो लगाउन वैज्ञानिक वा प्राविधिक सहायताका लागि रहेका

–सङ्घका अभिकरण अनि संस्थानहरू।

६६. उच्चतर शिक्षा अथवा अनुसन्धान अनि वैज्ञानिक र प्राविधिक संस्थानहरूमा मापदण्डहरूको समन्वयन र निर्धारण।

६७. [1][संसद्द्वारा बनाइएका विधिद्वारा अथवा त्यस अन्तर्गत घोषित] राष्ट्रिय महत्त्वका प्राचीन र ऐतिहासिक स्मारक अनि अभिलेख तथा पुरातात्त्विक स्थान र अवशेषहरू।

६८. भारतीय सर्वेक्षण, भारतीय भूवैज्ञानिक, वनस्पति विज्ञान, प्राणी विज्ञान अनि मानव शास्त्र सर्वेक्षण; मौसम विज्ञान सङ्गठनहरू।

६९. जनगणना।

७०. सङ्घ लोक सेवा; अखिल भारतीय सेवाहरू; सङ्घ लोक सेवा आयोग।

७१. सङ्घका पेन्सनहरू अर्थात् भारत सरकारद्वारा अथवा भारतको सर्वसञ्चित कोषबाट भुक्तानी गर्नु पर्ने पेन्सनहरू।

७२. संसद्का लागि, राज्यहरूका विधायिकाका लागि तथा राष्ट्रपति अनि उपराष्ट्रपतिका पदहरूका लागि निर्वाचन, निर्वाचन आयोग।

७३. सांसद्, राज्यसभाका सभापति अनि उपसभापति तथा लोकसभाका अध्यक्ष अनि उपाध्यक्षका वेतन अनि भत्ताहरू।

७४. संसद्को प्रत्येक सदन र प्रत्येक सदनका सदस्यहरू तथा समितिहरूका शक्ति, विशेषाधिकार र सुरक्षा कवचहरू; संसद् समिति वा संसद्द्वारा नियुक्त आयोगहरू समक्ष साक्ष्य प्रदान गर्न वा अभिलेख प्रस्तुत गर्नाका लागि व्यक्तिहरूको बाध्यतामूलक उपस्थितिको व्यवस्था।

७५. राष्ट्रपति अनि राज्यपालहरूको पारिश्रमिक, भत्ता, विशेषाधिकार अनि अनुपस्थिति बिदाका सम्बन्धमा अधिकार; सङ्घका मन्त्रीहरूका वेतन अनि भत्ताहरू; भारतका नियन्त्रक-महालेखा परीक्षकका वेतन, भत्ता अनि अनुपस्थिति बिदाका सम्बन्धमा अधिकार अनि सेवाका अन्य सर्तहरू।

---

[1] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा २७-द्वारा (१.११.१९५६-देखि) “संसद्द्वारा विधिद्वारा घोषित”-का स्थानमा प्रतिस्थापित।

७६. सङ्घ अनि राज्यका लेखाहरूको लेखापरीक्षण।

७७. सर्वोच्च न्यायालयको गठन, सङ्गठन, अधिकारक्षेत्र अनि शक्तिहरू (यस अन्तर्गत ती न्यायालयहरूको अवमानना पनि समाविष्ट छ) अनि त्यहाँ लिइने शुल्क; सर्वोच्च न्यायालय समक्ष विधि व्यवसाय गर्न हकदार व्यक्ति।

७८. उच्च न्यायालयका अधिकारी अनि सेवकहरूका विषय सम्बन्धी प्रावधान छाडी उच्च न्यायालयहरूको गठन अनि सङ्गठन [1][(यस अन्तर्गत विदा समाविष्ट छ)]; उच्च न्यायालयहरू समक्ष विधि व्यवसाय गर्न हकदार व्यक्ति।

[2][७९. कुनै उच्च न्यायालयको अधिकारक्षेत्रका कुनै केन्द्रशासित प्रदेशमा विस्तारण अनि त्यसबाट अपवर्जन।]

८०. कुनै राज्यका पुलिस बललाई सो राज्यबाहिरका कुनै पनि क्षेत्रमा सो क्षेत्र स्थित भएको राज्यका सरकारको सहमतिबिना शक्ति अनि अधिकारक्षेत्र प्रयोग गर्न समर्थ बनाउन नसक्ने प्रकारले कुनै राज्यको पुलिस बलका सदस्यहरूको शक्ति अनि अधिकारक्षेत्रको सो राज्यबाहिर कुनै क्षेत्रमा विस्तारण; कुनै राज्यको पुलिसबलका सदस्यहरूको शक्ति अनि अधिकारक्षेत्रको सो राज्यदेखि बाहिर रेल क्षेत्रहरूमा विस्तारण।

८१. अन्तरराज्यिक प्रवास; अन्तरराज्यिक संसर्ग रोध(क्वारेन्टाइन)।

८२. कृषि आयइतर आयमाथिका करहरू।

८३. निर्यात शुल्क समाविष्ट भएका सीमा शुल्कहरू।

[3][८४. भारतमा उत्पादित वा निर्मित-

(क) अपरिष्कृत पेट्रोलियम;

(ख) उच्च गति डिजल;

(ग) मोटर स्पिरिट (सामान्यतया पेट्रोल भनेर चिनिन्छ);

(घ) प्राकृतिक ग्यास;

(ङ) उड्डयन टर्बाइन इन्धन; र

(च) सुर्ती र सुर्तीजन्य उत्पादहरू।]

-माथिका अन्तःशुल्क ।

८५. निगम कर।

---

[1] संविधान (पन्ध्रौँ संशोधन) अधिनियम, १९६३-का धारा १२-द्वारा (पूर्वप्रभावी रूपमा) अन्तः स्थापित।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा २९ अनि अनुसूचीद्वारा (१.११.१९५६-देखि) प्रविष्टि ७९-का स्थानमा प्रतिस्थापित।

[3] संविधान (एकसय एकौँ संशोधन) अधिनियम, २०१६-का धारा १७ (क) (i) -द्वारा (१६.९.२०१६-देखि) प्रविष्टि ८४-का स्थानमा प्रतिस्थापित।

(सातौँ अनुसूची)

८६. कृषि भूमि समाविष्ट नभएका व्यक्तिहरू अनि कम्पनीका सम्पत्तिको पुँजी मूल्यमाथिका करहरू; कम्पनीहरूको पुँजीमाथिका करहरू।

८७. कृषि भूमिभन्दा भिन्न सम्पत्तिका सम्बन्धमा सम्पदा शुल्कहरू।

८८. कृषि भूमिभन्दा भिन्न सम्पत्तिको उत्तराधिकारका सम्बन्धमा शुल्कहरू।

८९. रेल, समुद्र अथवा वायुमार्गद्वारा वहन गरिने सामान अथवा यात्रीहरूमाथिका सीमा करहरू; रेल भाडा अनि माल भाडामाथिका करहरू।

९०. स्टक विनिमय अनि भविष्य बजारका लेनदेनहरूमा टिकट महसुलभन्दा भिन्न करहरू।

९१. विनिमयपत्रहरू, चेकहरू, वचन पत्रहरू, वहन पत्रहरू, प्रत्यय पत्रहरू, बिमा नीतिहरू, अंशहरूको हस्तान्तरण, कम्पनी ऋणपत्र, प्रति पत्र अनि रसिदहरूका सम्बन्धमा टिकट महसुलका दरहरू।

[1][९२. *** ** *]

[2][९२क. अन्तरराज्यिक व्यापार अथवा वाणिज्यका क्रममा समाचारपत्रभन्दा भिन्न वस्तुहरूको क्रय अथवा विक्रय भएका स्थितिमा ती समाचारपत्रहरूभन्दा भिन्न वस्तुहरूको क्रय अथवा विक्रयमाथिका करहरू।]

[3][९२ख. अन्तरराज्यिक व्यापार अथवा वाणिज्यका क्रममा वस्तुको चलानी गरिएका स्थितिमा ती वस्तुहरूको चलानीमाथि (चाहे चलानी सो चलानी गर्ने व्यक्तिप्रति अथवा कुनै अन्य व्यक्तिप्रति गरिएको होस्) करहरू।

[4][९२ग. * ** * * *]

९३. यस सूचीका विषयमध्ये कुनै पनि विषयसँग सम्बन्धित विधि विरुद्धका अपराधहरू।

९४. यस सूचीका विषयमध्ये कुनै पनि विषयको प्रयोजनका लागि जाँच, सर्वेक्षण अनि साङ्ख्यिकीहरू।

९५. यस सूचीका विषयहरूमध्ये कुनै पनि विषयहरूका सम्बन्धमा सर्वोच्च न्यायालयबाहेक अन्य सबै न्यायालयहरूका अधिकारक्षेत्र अनि शक्तिहरू; नावधिकरण अधिकारक्षेत्र।

९६. यस सूचीका विषयहरूमध्ये कुनै पनि विषयका सम्बन्धमा शुल्कहरू, तर यस अन्तर्गत कुनै न्यायालयहरूमा लिइने शुल्कहरू समाविष्ट छैनन्।

९७. सूची I अथवा सूची II दुवैमा उल्लेख नभएका कुनै पनि करसहित सो सूची २ अथवा सूची ३-मा गणना नभएका अन्य कुनै विषय।

---

[1] संविधान (एकसय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा १७ (क) (ii) -द्वारा (१६-९-२०१६-देखि) प्रविष्टि ९२ त्यक्त ।

[2] संविधान (छैटौँ संशोधन) अधिनियम, १९५६-को धारा २ -द्वारा (११.९.१९५६-देखि) अन्तः स्थापित।

[3] संविधान (छयालीसौँ संशोधन) अधिनियम, १९८२-का धारा ५-द्वारा (२.२.१९८३-देखि) अन्तः स्थापित।

[4] प्रविष्टि ९२ ग संविधान (अठासीऔँ संशोधन) अधिनियम, २००३-का धारा ४-द्वारा (मिति सूचित नगरिएको) अन्त:स्थापित अनि संविधान (एक सय एकौँ संशोधन) अधिनियम २०१६-को धारा १७ (क) (ii) -द्वारा (१६.९.२०१६) -देखि त्यक्त

(सातौँ अनुसूची)

## सूची II – राज्य सूची

१. लोक व्यवस्था (तर यस अन्तर्गत नागरिक शक्तिको सहायताका निम्ति [1][नौसेना, थलसेना वा वायुसेना अथवा सङ्घको कुनै अन्य सशस्त्र बल अथवा सङ्घको नियन्त्रण अधीनका कुनै अन्य बल अथवा त्यसको कुनै टुकडी वा एकाइको प्रयोग] समाविष्ट छैन।)।

[2][२. सूची I-को प्रविष्टि २ क-का प्रावधानहरूका अधीनमा रही पुलिस बल (यसमा रेल अनि ग्राम पुलिस समाविष्ट छन्)।]

३.[3]*** उच्च न्यायालयका अधिकारी अनि सेवकहरू; भाडा अनि राजस्व न्यायालयहरूको प्रक्रिया; सर्वोच्च न्यायालयबाहेक सबै न्यायालयहरूमा लिइने शुल्क।

४. कारागार, सुधारालय, बाल सुधार गृह अनि सोही प्रकारका अन्य संस्थानहरू अनि तिनमा थुनिएका व्यक्तिहरू; कारागारहरू अनि अन्य संस्थानहरूको उपयोगका निम्ति अन्य राज्यहरूसँग व्यवस्थापन।

५. स्थानीय शासन अर्थात् नगर निगमहरू, सुधार गुठीहरू, जिल्ला बोर्डहरू, खनन-बस्ती प्राधिकरणहरू अनि स्थानीय स्वशासन अथवा ग्राम प्रशासनको प्रयोजनका लागि अन्य स्थानीय प्राधिकरणहरूको गठन अनि शक्तिहरू।

६. लोक स्वास्थ्य अनि स्वच्छता; अस्पताल अनि औषधालयहरू।

७. भारतबाहिरका स्थानहरूमा गरिने तीर्थ यात्राइतर तीर्थ यात्राहरू।

८. मादक तरल पदार्थ अर्थात् मादक तरल पदार्थहरूको उत्पादन, निर्माण, कब्जा, परिवहन, क्रय अनि विक्रय।

९. अशक्त र रोजगारका निम्ति अयोग्य व्यक्तिहरूलाई आडभर।

१०. शव गाड्नु अनि चिहान; शवदाह अनि शवदाह स्थलहरू।

[4][११ * * * * *]

१२. राज्यद्वारा नियन्त्रित अथवा वित्तपोषित पुस्तकालय, सङ्ग्रहालय अनि सोही प्रकारका अन्य संस्थानहरू; [5][संसद् अथवा त्यस अन्तर्गत बनाइएका विधिद्वारा] राष्ट्रिय महत्त्वका भनी घोषित प्राचीन अनि ऐतिहासिक स्मारक अनि अभिलेखइतर प्राचीन अनि ऐतिहासिक स्मारक अनि अभिलेखहरू।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-का धारा ५७ -द्वारा (३.१.१९७७-देखि) केही शब्दहरूका स्थानमा प्रतिस्थापित।

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-का धारा ५७-द्वारा (३.१.१९७७-देखि) प्रविष्टि २ का स्थानमा प्रतिस्थापित।

[3] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-का धारा ५७-द्वारा (३.१.१९७७-देखि) केही शब्दहरू त्यक्त।

[4] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-का धारा ५७ -द्वारा (३.१.१९७७-देखि) प्रविष्टि १९ र २० त्यक्त।

[5] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा २७-द्वारा (१.११.१९५६-देखि) "संसद्द्वारा विधिद्वारा घोषित"-का स्थानमा प्रतिस्थापित।

(सातौँ अनुसूची)

१३. सञ्चार अर्थात् सडक, पुल, नाउ अनि सूची I-मा विनिर्दिष्ट नगरिएका अन्य सञ्चार साधनहरू; नगरपालिका ट्रामपथ; घिर्लिङमार्ग; अन्तरदेशीय जलमार्गहरूका सम्बन्धमा रहेका सूची I अनि सूची III-का प्रावधानहरूका अधीनमा रही अन्तरदेशीय जलमार्ग अनि त्यहाँको यातायात; यन्त्रचालित वाहनइतर वाहनहरू।

१४. कृषि शिक्षा अनि अनुसन्धान, नाशकारी कीटाणुबाट संरक्षण अनि बोटबिरुवामा लाग्ने रोगहरूको रोकथाम समाविष्ट रहेको कृषि।

१५. पशुधनको संरक्षण, सुरक्षा अनि सुधार तथा जीव-जन्तुका रोगहरूको रोकथाम; पशुचिकित्सा प्रशिक्षण अनि व्यवसाय।

१६. बेवारिसे पशु थुन्ने खोर अनि पशु अत्याचारको रोकथाम ।

१७. सूची I-को प्रविष्टि ५६-को प्रावधानका अधीनमा रही जल, अर्थात् जल आपूर्ति, सिँचाइ अनि नहर, जल निकास अनि बाँध, जल भण्डारण अनि जल शक्ति।

१८. भूमि अर्थात् भूमि वा त्यसमाथि अधिकार, भूस्वामी अनि मोहीको सम्बन्ध अनि भाडाहरूको सङ्ग्रहण समाविष्ट रहेका भू-म्याद; कृषि भूमिको हस्तान्तरण अनि अन्य सङ्क्रमण; भूमि सुधार अनि कृषि ऋणहरू; उपनिवेशन।

[1][१९* * * * *

२०.* * * * *]

२१-माछा पालन।

२२. सूची I का प्रविष्टि ३४-का प्रावधानहरूका अधीनमा रही प्रतिपाल्य अधिकरण; विधिगत अधिकार रहेका अनि कुर्की गरिएका सम्पदा।

२३. सङ्घको नियन्त्रण अन्तर्गत विनियमन अनि विकासका सम्बन्धमा सूची १-का प्रावधानहरूका अधीनमा रहेका खानीहरूको विनियमन अनि खनिज विकास।

२४. सूची १-का [2][प्रविष्टि ७ अनि प्रविष्टि ५२]-का प्रावधानहरूका अधीनमा रही उद्योग।

२५. ग्यास अनि ग्यास-कार्यहरू।

२६. सूची III-को प्रविष्टि ३३-का प्रावधानहरूका अधीनमा रही राज्यभित्र व्यापार अनि वाणिज्य।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-का धारा ५८-द्वारा (३.१.१९७७-देखि) "प्रविष्टि १९ अनि प्रविष्टि २०" त्यक्त।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा २८-द्वारा (१.११.१९५६-देखि) प्रविष्टि ५२-का स्थानमा प्रतिस्थापित।

२७. सूची III का प्रविष्टि ३३-का प्रावधानहरूका अधीनमा रही वस्तुहरूको उत्पादन, आपूर्ति अनि वितरण।

२८. बजार अनि मेलाहरू।

[1][२९* * * * *]

३०. साहुकारी अनि साहुकारहरू; कृषि ऋणग्रस्तताबाट मुक्ति।

३१. धर्मशाला अनि धर्मशाला सञ्चालक।

३२. सूची I-मा विनिर्दिष्ट नियमभन्दा भिन्न निगम अनि विश्वविद्यालयहरूको निगमन, विनियमन र परिसमापन; अनिगमित व्यापारिक, साहित्यिक, वैज्ञानिक, धार्मिक अनि अन्य समाज र संस्थाहरू; सहकारी संस्थाहरू।

३३. नाट्यशाला अनि नाट्य प्रदर्शन; सूची I का प्रविष्टि ६०-को प्रावधानहरूका अधीनमा रही सिनेमा, खेलकुद, मनोरञ्जन अनि आमोद-प्रमोद।

३४. बाजी अनि जुवा।

३५. राज्यमा निहित अथवा त्यसका कब्जामा रहेका कार्य, भूमि अनि भवनहरू।

[2][३६** * * *]

३७. संसद्द्वारा बनाइएको कुनै विधिका प्रावधानहरूका अधीनमा रही राज्यको विधानसभाका लागि निर्वाचन।

३८. राज्यको विधानसभाका सदस्य, विधानसभाका अध्यक्ष र उपाध्यक्ष अनि विधानपरिषद् भएका खण्डमा त्यसका सभापति र उपसभापतिका वेतन अनि भत्ताहरू।

३९. विधानसभा अनि त्यसका सदस्य अनि समितिहरू तथा विधानपरिषद् भएका खण्डमा सो विधानपरिषद् अनि त्यसका सदस्य र त्यसमा भएका समितिहरूको शक्ति, विशेषाधिकार अनि रक्षा कवच; राज्यको विधानसभाका समितिहरू समक्ष साक्ष्य प्रदान गर्न अथवा कागज पत्र प्रस्तुत गर्नाका निम्ति व्यक्तिहरूलाई उपस्थित गराउनु।

४०. राज्यका मन्त्रीहरूका वेतन अनि भत्ताहरू।

४१. राज्य लोक सेवाहरू; राज्य लोक सेवा आयोग।

४२. राज्यका पेन्सन अर्थात् राज्यद्वारा अथवा राज्यको सर्वसञ्चित कोषबाट भुक्तानी गरिने पेन्सनहरू।

४३. राज्यको सार्वजनिक ऋण।

४४. गाडधन।

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-का धारा ५७ -द्वारा (३.१.१९७७-देखि) प्रविष्टि २९ त्यक्त।

[2] संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा २६-द्वारा (१.११.१९५६-देखि) प्रविष्टि ३६ त्यक्त।

४५ राजस्व निर्धारण अनि सङ्कलन, भू-अभिलेखहरूको सम्भार, राजस्व प्रयोजनहरूका लागि अनि अधिकारका अभिलेखहरूका लागि सर्वेक्षण अनि राजस्वहरूको अन्य सङ्क्रामण समाविष्ट रहेको भू-राजस्व।

४६. कृषि आयमाथिका करहरू।

४७. कृषि भूमिको उत्तराधिकारका सम्बन्धमा शुल्कहरू।

४८. कृषि भूमिका सम्बन्धमा सम्पदा शुल्क।

४९. भूमि अनि भवनहरूमाथिका करहरू।

५०. संसद्ले विधिद्वारा खनिज विकासका सम्बन्धमा आरोपण गरेका सीमाहरूका अधीनमा रही खनिज सम्बन्धी अधिकारमाथिका करहरू।

५१. मादक पदार्थयुक्त औषधीय र प्रसाधन सामग्री अनि यस प्रविष्टिको उपपरिच्छेद (ख)-मा समाविष्ट कुनै पनि पदार्थ छाडी राज्यमा निर्मित अथवा उत्पादित-

(क) मानवीय उपभोगका लागि रहेका मादक तरल पर्दाथहरू;

(ख) अफिम, भाङ र अन्य लागु औषधि तथा लागु पदार्थहरू

-माथि लागेका अन्तः शुल्कहरू अनि भारतमा अन्यत्र निर्मित अथवा उत्पादित सोही वस्तुमाथि सोही दर अथवा निम्नतर दरले प्रतिकारी महसुल।

[1][५२.* * * * * *]

५३. बिजुलीको खपत वा बिक्रीमा लाग्ने करहरू ।

[2][५४. अपरिष्कृत पेट्रोलियम, उच्च गति डिजल, मोटर स्पिरिट (सामान्यतया पेट्रोल भनेर चिनिन्छ), प्राकृतिक ग्यास, उड्डयन टर्बाइन इन्धन र मानवीय उपभोगका लागि रहेका मादक पदार्थका बिक्रीमा लाग्ने कर, तर यसमा अन्तरराज्य व्यापार वा वाणिज्यका क्रममा अथवा अन्तरराष्ट्रिय व्यापार वा वाणिज्यका क्रममा हुने यस्ता वस्तुहरूका बिक्रीमाथिको कर समाविष्ट छैन।]

[3][५५. * * * * * *]

५६. सडक अथवा अन्तरदेशीय जलमार्गहरूद्वारा वहन गरिने वस्तु अनि यात्रीहरूमाथिका करहरू।

---

[1] संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६ -द्वारा धारा १७ (ख) (i) -द्वारा (१६.९.२०१६-देखि) प्रविष्टि ५२ त्यक्त।

[2] संविधान (छैटौँ संशोधन) अधिनियम, १९५६-का धारा २-द्वारा (११.९.१९५६-देखि) प्रतिस्थापित तथा फेरि संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६ -द्वारा धारा १७ (ख) (ii) -द्वारा (१६.९.२०१६-देखि) प्रतिस्थापित।

[3] संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा १७ (ख) -का (iii) -द्वारा (१६.९.२०१६-देखि) त्यक्त।

५७. सूची III-का प्रविष्टि ३५-को प्रावधानहरूका अधीनमा रही ट्रामकारसहित सडकहरूमा उपयोग योग्य यन्त्रचालित वा यन्त्रबिनै चल्ने वाहनहरूमाथिका करहरू।

५८. जीवजन्तु अनि नाउहरूमाथिका करहरू।

५९, पथकर।

६०. वृत्ति, व्यापार, आजीविका अनि रोजगारमाथिका करहरू।

६१. प्रतिव्यक्ति कर।

[1][६२. पञ्चायत वा नगरपालिका वा प्रादेशिक परिषद् वा जिल्ला परिषद्द्वारा मनोरञ्जन र आमोदप्रमोदमा लगाइने अनि सङ्कलन गरिने करहरू।]

६३. टिकट महसुलको दरहरूका सम्बन्धमा सूची I-का प्रावधानहरूमा विनिर्दिष्ट कागजपत्रहरूभन्दा भिन्न कागजातहरूका सम्बन्धमा टिकट महसुलका दरहरू।

६४. यस सूचीका विषयमध्ये कुनै पनि विषयसँग सम्बन्धित विधि विरुद्धका अपराधहरू।

६५. यस सूचीका विषयमध्ये कुनै पनि विषयका सम्बन्धमा सर्वोच्च न्यायालयबाहेक अन्य सबै न्यायालयका अधिकारक्षेत्र अनि शक्तिहरू;

६६. यस सूचीमा रहेका विषयहरूमध्ये कुनै पनि विषयका सम्बन्धमा शुल्कहरू, तर यस अन्तर्गत कुनै न्यायालयमा लिइने शुल्कहरू समाविष्ट छैनन्।

## सूची III– समवर्ती सूची

१. सूची I अथवा सूची II-मा विनिर्दिष्ट विषयमध्ये कुनै विषयसित सम्बन्धित विधि विरुद्धका अपराध अनि नागरिक शक्तिको सहायताका निम्ति नौसेना, थलसेना अथवा वायुसेना अथवा सङ्घको कुनै अन्य सशस्त्र बलको प्रयोग छाडी यो संविधान लागु हुँदा भारतीय दण्ड संहितामा समाविष्ट सबै विषय समाविष्ट रहेको दण्ड विधि।

२. यो संविधान लागु हुँदा भारतीय दण्ड प्रक्रिया संहितामा समाविष्ट सबै विषय समाविष्ट रहेको दण्ड प्रक्रिया ।

३. कुनै राज्यको सुरक्षा, लोक व्यवस्था कायम राख्न अथवा समुदायका लागि आवश्यक आपूर्ति अनि सेवाहरूका निरन्तरतासँग जोडिएका कारणहरूका निम्ति निवारक थुना; यस्ता निरोधका अधीनमा परेका व्यक्तिहरू।

४. कैदीहरू, अभियुक्त व्यक्तिहरू अनि यस सूचीको प्रविष्ट ३-मा विनिर्दिष्ट कारणहरूका लागि निवारक थुनामा राखिएका व्यक्तिहरूको एउटा राज्यबाट अर्को राज्यमा स्थानान्तरण।

[1] संविधान (एक सय एकौँ संशोधन) अधिनियम, २०१६-को धारा १७ (ख) -का (iv) -द्वारा (१६.९.२०१६-देखि) प्रविष्टि ६२-का स्थानमा प्रतिस्थापित ।

५. विवाह अनि छुटानाम; शिशु अनि नाबालक; दत्तक ग्रहण; इच्छापत्र; इच्छापत्रहीनता र उत्तराधिकार; संयुक्त परिवार र भाग बन्डा; ती सबै विषय जसका सम्बन्धमा न्यायिक कार्यवाहीमा पक्षकारहरू यो संविधान लागु हुन तत्काल अघि व्यक्तिगत विधिका अधीनमा थिए।

६. कृषि भूमिइतर सम्पत्तिको हस्तान्तरण; तमसुक पत्र अनि कागजपत्रहरूको पञ्जीकरण।

७. कृषि भूमि सम्बन्धी अनुबन्धहरू समाविष्ट नभएका साझेदारी, अभिकरण, परिवहन अनुबन्ध तथा अन्य विशेष प्रकारका अनुबन्ध समाविष्ट भएका अनुबन्धहरू।

८. कारबाहीयोग्य त्रुटिहरू।

९. टाट पल्टनु अनि दिवालियापन।

१०. गुठी अनि गुठियारहरू।

११. महाप्रशासक अनि सरकारी गुठियारहरू।

[1][११क. न्याय प्रशासन; सर्वोच्च न्यायालय अनि उच्च न्यायालयहरू बाहेक सबै न्यायालयहरूको गठन अनि सङ्गठन।]

१२. साक्ष्य अनि शपथहरू; विधिहरू, लोक कार्य र अभिलेखहरू अनि न्यायिक कारबाहीहरूको मान्यता।

१३. यो संविधान लागु हुँदा भारतीय नागरिक प्रक्रिया संहितामा समाविष्ट सबै विषयहरू समाविष्ट रहेका नागरिक प्रक्रिया, सीमा अनि मध्यस्थता।

१४. सर्वोच्च न्यायालयको अवमानना छाडी अन्य न्यायालयको अवमानना।

१५.यायावरी; घुमन्ते र परिभ्रमी जनजातिहरू।

१६. पागल अनि मानसिक वैकल्ययुक्त व्यक्तिहरूलाई ग्रहण गर्ने अथवा तिनीहरूलाई उपचार गर्ने स्थानहरूसहित पागलपन अनि मानसिक वैकल्य।

१७. पशुप्रति क्रूरताको निवारण।

[१७ क. वनहरू।

१७ ख. वन्य जीव जन्तु अनि चराहरूको संरक्षण।]

१८. खाद्य पदार्थ अनि अन्य वस्तुहरूको अपमिश्रण।

१९. अफिमका सम्बन्धमा सूची १-का प्रविष्टि ५९-का प्रावधानहरूका अधीनमा रही औषधि अनि विषहरू।

२०. आर्थिक अनि सामाजिक योजना।

[1][२०क. जनसङ्ख्या नियन्त्रण अनि परिवार नियोजन।]

---

[1] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-का धारा ५७ -द्वारा (३.१.१९७७-देखि) प्रविष्टिहरू ११ क, १७ क, १७ ख अनि २०क अन्तः स्थापित।

२१. वाणिज्यिक अनि औद्योगिक एकाधिकारहरू, गुटहरू र गुठीहरू।

२२. ट्रेड युनियनहरू; औद्योगिक अनि श्रम विवादहरू।

२३. सामाजिक सुरक्षा अनि सामाजिक बिमा; रोजगारी अनि बेरोजगारी।

२४. कामसम्बन्धी सर्त, भविष्य निधि, रोजगारकर्ताको दायित्व, कर्मकारको क्षतिपूर्ति, अशक्तता अनि वृद्धभत्ता तथा प्रसूति सुविधाहरू समाविष्ट भएको श्रमिकहरूको कल्याण।

[1][२५. प्राविधिक शिक्षा, चिकित्सा शिक्षा अनि विश्वविद्यालयहरू समाविष्ट भएका सूची १-का प्रविष्टि ६३, ६४, ६५ अनि ६६-का प्रावधानहरूका अधीनमा रही शिक्षा; श्रमिकहरूको व्यावसायिक अनि प्राविधिक प्रशिक्षण।]

२६. विधिक वृत्ति, चिकित्सा वृत्ति अनि अन्य वृत्तिहरू।

२७. भारत अनि पाकिस्तान अधिराज्यहरूको स्थापना भएका कारण आफ्ना मूल निवास स्थानबाट विस्थापित व्यक्तिहरूको सहायता अनि पुनर्वास।

२८. दान अनि दातव्य संस्थानहरू, दातव्य र धार्मिक अनुदान अनि धार्मिक संस्थानहरू।

२९. मानिस, जीव जन्तु वा बिरुवाहरूमा प्रभाव पार्ने सङ्क्रामक वा संसर्गजन्य रोग अथवा कीटहरू एउटा राज्यबाट अर्का राज्यमा हुने सङ्क्रमणबाट रोकथाम।

३०. जन्म अनि मृत्युको पञ्जीकरण समाविष्ट रहेको जन्म-मृत्यु साङ्ख्यिकी।

३१. संसद्वारा बनाइएका विधि वा विद्यमान विधिद्वारा अथवा त्यस अन्तर्गत घोषित मुख्य बन्दरगाहहरू छाडेर अन्य बन्दरगाहहरू।

३२. राष्ट्रिय जलमार्गका सम्बन्धमा सूची १-का प्रावधानहरूका अधीनमा रही अन्तरदेशीय जलमार्गहरूमा यन्त्रचालित जलयानहरूसँग सम्बन्धित नौपरिवहन र नौविज्ञान तथा यस्ता जलमार्गहरूमा मार्गका नियम अनि अन्तरदेशीय जलमार्गहरूद्वारा यात्री अनि वस्तुहरूको वहन।

[2][३३. (क.) संसद्ले विधिद्वारा कुनै उद्योगमाथि सङ्घद्वारा गरिएको नियन्त्रण लोक हितमा उपयुक्त छ भनी घोषित गर्दा सो उद्योगका उत्पाद अनि यस्ता उत्पादहरूका रूपमा आयात गरिएका सोही प्रकारका वस्तुहरूको;

(ख) खानेयोग्य तेलहन अनि तेलहरू समाविष्ट भएका खाद्य पदार्थहरूको;

(ग) पिना अनि अन्य सारकृत आहारहरू समाविष्ट भएको पशु आहारको;

(घ) कातेको वा नकातेको काँचो कपास र कपासका बिउको; अनि

(ङ) काँचो पाटको;

— व्यापार तथा वाणिज्य अनि आपूर्ति तथा वितरण।]

---

[2] संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-का धारा ५७ -द्वारा (३.१.१९७७-देखि) प्रतिस्थापित।

[2] संविधान (तेस्रो संशोधन) अधिनियम, १९५४-का धारा २-द्वारा (२२.२.१९५५-देखि) प्रविष्टि ३३-का स्थानमा प्रतिस्थापित।

(सातौँ अनुसूची)

[1][३३क. तौल तथा नापका मानकहरूको स्थापन छाडी तौल र नापहरू।

३४. मूल्य नियन्त्रण।

३५.यन्त्रचालित जलयानहरूमाथि कर उद्ग्रहणका सिद्धान्तसहित यन्त्रचालित जलयानहरू।

३६. कारखानाहरू।

३७. बयलरहरू।

३८. बिजुली।

३९. समाचार पत्र, पुस्तक तथा छापाखानाहरू।

४०.[2][संसद्द्वारा बनाइएको विधिद्वारा वा त्यस अन्तर्गत] राष्ट्रिय महत्त्वका पुरातात्त्विक स्थल र अवशेष भनी घोषित पुरातात्त्विक स्थल र अवशेषहरू।

४१. विधिद्वारा परित्यक्त भनी घोषणा गरिएको सम्पत्ति(यस अन्तर्गत कृषि भूमि पनि समाविष्ट छ)-को संरक्षण, व्यवस्थापन र समापन।

[3][४२. सम्पत्तिको अर्जन अनि अधिग्रहण।]

४३. भू-राजस्वको बक्यौता अनि यस्तो बक्यौताका रूपमा असुल गर्न सकिने रकमहरू समाविष्ट रहेको कुनै राज्यदेखि बाहिर उद्भूत करहरूसँग सम्बन्धित दाबी अनि लोक मागहरूको सो राज्यमा असुली।

४४. न्यायिक टिकटहरूद्वारा सङ्कलित महसुल अथवा शुल्कहरूभन्दा भिन्न टिकट महसुलहरू तर यसमा टिकट महसुलको दर समाविष्ट हुँदैन।

४५. सूची II अथवा सूची III-मा विनिर्दिष्ट विषयहरूमध्ये कुनै पनि विषयको प्रयोजनका लागि जाँच अनि साङ्ख्यिकी।

४६. सर्वोच्च न्यायालयबाहेक अन्य सबै न्यायालयहरूको यस सूचीका विषयहरूमध्ये कुनै पनि विषयका सम्बन्धमा अधिकारक्षेत्र अनि शक्तिहरू।

४७.यस सूचीमा रहेका विषयहरूमध्ये कुनै पनि विषयहरूका सम्बन्धमा शुल्कहरू, तर यस अन्तर्गत कुनै न्यायालयमा लिइने शुल्कहरू समाविष्ट छैनन्।

---

[1]संविधान (बयालीसौँ संशोधन) अधिनियम, १९७६-का धारा ५७-द्वारा (३.१.१९७७-देखि) अन्तः स्थापित।

[2]संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा २७-द्वारा (१.११.१९५६-देखि) ‘‘संसद्द्वारा बनाइएको विधिद्वारा वा त्यस अन्तर्गत घोषित’’-का स्थानमा प्रतिस्थापित।

[3]संविधान (सातौँ संशोधन) अधिनियम, १९५६-का धारा २६ -द्वारा (१.११.१९५६-देखि) प्रविष्टि ४२-का स्थानमा प्रतिस्थापित।

# आठौँ अनुसूची

[अनुच्छेद ३४४ (१) अनि अनुच्छेद ३५१]

## भाषाहरू

१. असमिया।

२. बाङ्ला।

[1][३.बोडो।

४. डोगरी।]

[2][५.] गुजराती।

[3][६.] हिन्दी।

[3] [७.] कन्नड।

[3][८.] कश्मिरी।

[4][[3][९.] कोङ्कणी।]

[1][१०.मैथिली।]

[5][११.] मलयालम।]

[4] [[6] [१२.] मणिपुरी।]

[6][१३.] मराठी।

[4][[6][१४.] नेपाली।]

[6][१५.][7] [ओडिया।]

[6][१६.] पन्जाबी।

[6][१७.] संस्कृत।

---

[1] संविधान (बयानब्बेऔँ संशोधन) अधिनियम, २००३-का धारा २-द्वारा (७.१. २००४-देखि) प्रविष्टि ३ र ४ अन्तः स्थापित।

[2] संविधान (बयानब्बेऔँ संशोधन) अधिनियम, २००३-का धारा २-द्वारा (७.१.२००४-देखि) प्रविष्टि ३-लाई प्रविष्टि ५-का रूपमा पुनः सङ्ख्याङ्कित।

[3] संविधान (बयानब्बेऔँ संशोधन) अधिनियम, २००३-का धारा २-द्वारा (७.१.२००४-देखि) प्रविष्टि ४-देखि ७-लाई प्रविष्टि ६-देखि प्रविष्टि ९-का रूपमा पुनः सङ्ख्याङ्कित।

[4] संविधान (एकहत्तरौँ संशोधन) अधिनियम, १९९२-का धारा २-द्वारा (३१.८.१९९२-देखि) अन्तः स्थापित।

[5] संविधान (बयानब्बेऔँ संशोधन) अधिनियम, २००३-का धारा २-द्वारा (७.१.२००४-देखि) प्रविष्टि ८-लाई प्रविष्टि ११-का रूपमा पुनः सङ्ख्याङ्कित।

[6] संविधान (बयानब्बेऔँ संशोधन) अधिनियम, २००३-का धारा २-द्वारा (७.१. २००४-देखि) प्रविष्टि ९-देखि १४-सम्मको प्रविष्टिलाई प्रविष्टि १२-देखि १७-का रूपमा पुनः सङ्ख्याङ्कित।

[7] संविधान (छ्यानब्बेऔँ संशोधन) अधिनियम, २०११ धारा २-द्वारा (२३.९. २०११-देखि) "उडिया"-का स्थानमा प्रतिस्थापित।

[1] [१८. सन्थाली]

[2][[3][१९.] सिन्धी]

[4][२०.] तमिल।

[4][२१.] तेलुगु।

[4][२२.] उर्दू।

---

[1] संविधान (बयानब्बेऔँ संशोधन) अधिनियम, २००३-का धारा २-द्वारा (७.१.२००४-देखि) अन्तः स्थापित ।

[2] संविधान (एक्काइसौँ संशोधन) अधिनियम, १९६७-का धारा २-द्वारा (१०.४.१९६७-देखि) जोडियो।

[3] संविधान (बयानब्बेऔँ संशोधन) अधिनियम, २००३-का धारा २-द्वारा (७.१. २००४-देखि) प्रविष्टि १५-लाई प्रविष्टि १९-का रूपमा पुनः सङ्ख्याङ्कित।

[4] संविधान (बयानब्बेऔँ संशोधन) अधिनियम, २००३-का धारा २-द्वारा (७.१.२००४-देखि) प्रविष्टि १६-देखि १८-सम्मको प्रविष्टिलाई प्रविष्टि २०-देखि प्रविष्टि २२का रूपमा पुनः सङ्ख्याङ्कित।

# [1][नवौँ अनुसूची]

[अनुच्छेद अनुच्छेद ३१ ख]

१. बिहार भूमि सुधार अधिनियम, १९५० (१९५०-को बिहार अधिनियम ३०)।

२. बम्बई अधिकृत र कृषि भूमि अधिनियम, १९४८ (१९४८-को बम्बई अधिनियम ६७)।

३. बम्बई मालिकी भू-म्याद उन्मूलन अधिनियम, १९४९ (१९४९-को बम्बई अधिनियम ६१)।

४. बम्बई तालुकदारी भू-म्याद उन्मूलन अधिनियम, १९४९ (१९४९-को बम्बई अधिनियम ६२)।

५. पञ्च महल मेहवासी भू-म्याद उन्मूलन अधिनियम, १९४९ (१९४९-को बम्बई अधिनियम ६३)।

६. बम्बई खोती उन्मूलन अधिनियम, १९५० (१९५०-को बम्बई अधिनियम ६)।

७. बम्बई परगना अनि कुलकर्णी वतन उन्मूलन अधिनियम, १९५० (१९५०-को बम्बई अधिनियम ६०)।

८. मध्य प्रदेश स्वत्वधारक सम्बन्धी अधिकार (सम्पदा, महल, अन्य सङ्क्रान्त भूमि) उन्मूलन अधिनियम, १९५० (१९५१-को मध्य प्रदेश अधिनियम १)।

९. मद्रास सम्पदा (उन्मूलन अनि रैयतवाडीमा परिवर्तन) अधिनियम, १९४८ (१९४८-को मद्रास अधिनियम २६)।

१०. मद्रास सम्पदा (उन्मूलन अनि रैयतवाडीमा परिवर्तन) संशोधन अधिनियम, १९५० (१९५०-को मद्रास अधिनियम १)।

११. १९५०-को उत्तर प्रदेश जमिन्दारी उन्मूलन अनि भूमि व्यवस्था अधिनियम, (उत्तर प्रदेश अधिनियम सङ्ख्या १, १९५१)

१२. हैदराबाद (जागिर उन्मूलन) विनियम, १३५८ फ (१३५८ फसलीको सङ्ख्या ६९)।

१३. हैदराबाद जागिर (परिवर्तन) विनियम, १३५९ फ (१३५९ फसलीको सङ्ख्या २५)।

[2][१४. बिहार विस्थापित व्यक्ति पुनर्वास (भूमि अर्जन) अधिनियम, १९५० (१९५०-को बिहार अधिनियम सङ्ख्या ३८)।

१५. संयुक्त प्रान्तका शरणार्थीहरूलाई बसोबासका लागि भूमि प्राप्त गर्ने अधिनियम, १९४८ (संयुक्त प्रान्तीय अधिनियम १९४८-को सङ्ख्या २६)।

१६. विस्थापित व्यक्ति पुर्नवास (भूमि अर्जन) अधिनियम, १९४८ (१९४८-को अधिनियम ६०)

१७. बिमा (संशोधन) अधिनियम, १९५०, (१९५०-को अधिनियम ४७)-का धारा ४२-द्वारा तथा अन्तः स्थापित बिमा अधिनियम, १९३८ (१९३८-को अधिनियम ४)-को धारा ५२क-देखि धारा ५२ छ।

१८. रेल कम्पनी (आपात् प्रावधानहरू) अधिनियम, १९५१ (१९५१-को अधिनियम ५१)।

---

[1] संविधान (प्रथम संशोधन) अधिनियम, १९५१-का धारा १४-द्वारा (१८.६.१९५१-देखि) अनुसूची ९ (प्रविष्टि १-देखि १३) जोडियो।

[2] संविधान (चौथो संशोधन) अधिनियम, १९५५-का धारा ५-द्वारा (२७.४.१९५५-देखि) अनुसूची ९ (प्रविष्टि १४-देखि २०) जोडियो।

१९. उद्योग (विकास र विनियमन) संशोधन अधिनियम, १९५३ (१९५३-को अधिनियम २६)-को धारा १३-द्वारा यथा अन्तः स्थापित उद्योग (विकास र विनियमन) अधिनियम, १९५१ (१९५१-को अधिनियम ६५)-को अध्याय ३ क)।

२०. १९५१-को पश्चिम बङ्गाल अधिनियम, २९-द्वारा यथा संशोधित पश्चिम बङ्गाल भूमि विकास र योजना अधिनियम, १९४८ (१९४८-को पश्चिम बङ्गाल अधिनियम २१)।]

[1][२१. आन्ध्र प्रदेश अधिकतम कृषि भूमि धारण सीमा अधिनियम, १९६१ (१९६१-को आन्ध्र प्रदेश अधिनियम १०)।

२२. आन्ध्र प्रदेश (तेलङ्गना क्षेत्र) भाडादारी र कृषि भूमि (विधिमान्यकरण) अधिनियम, १९६१ (१९६१-को आन्ध्र प्रदेश अधिनियम २१)।

२३. आन्ध्र प्रदेश (तेलङ्गना क्षेत्र) इजारा अनि कौली भूमि अनियमित पट्टा रद्दकरण र रियायती निर्धारण उन्मूलन अधिनियम १९६१ (१९६१-को आन्ध्र प्रदेश अधिनियम ३६)।

२४. असम राज्य सार्वजनिक प्रकृतिको धार्मिक वा परोपकारी संस्था भूमि अर्जन अधिनियम, १९५९ (१९६१-को असम अधिनियम ९)।

२५. बिहार भूमि सुधार (संशोधन) अधिनियम, १९५३ ( १९५४-को बिहार अधिनियम २०)।

२६. बिहार भूमि सुधार (अधिकतम सीमा क्षेत्रको निर्धारण र अधिशेष भूमि अर्जन) अधिनियम, १९६१-को धारा २८ बाहेक बिहार भूमि सुधार (अधिकतम सीमा निर्धारण र अधिशेष भूमि अर्जन) अधिनियम, १९६१ (१९६२-को बिहार अधिनियम १२)।

२७. बम्बई तालुकदारी भू-म्याद उन्मूलन (संशोधन) अधिनियम, १९५४ (१९५५-को बम्बई अधिनियम १)।

२८. बम्बई तालुकदारी भू-म्याद उन्मूलन (संशोधन) अधिनियम, १९५७ (१९५८-को बम्बई अधिनियम १८)।

२९. बम्बई इनाम (कच्छ क्षेत्र) उन्मूलन अधिनियम, १९५८ (१९५८-को बम्बई अधिनियम ९८)।

३०. बम्बई भाडादारी र कृषि भूमि (गुजरात संशोधन) अधिनियम, १९६० (१९६०-को गुजरात अधिनियम २६)।

३१. गुजरात कृषि भूमि अधिकतम सीमा अधिनियम, १९६० (१९६१-को गुजरात अधिनियम २६)।

३२. सगबारा र मेहवासी सम्पदा (स्वत्वधारक सम्बन्धी अधिकार उन्मूलन, आदि) विनियम, १९६२ (१९६२-को गुजरात विनियम १)।

---

[1] संविधान (सत्रौँ संशोधन) अधिनियम, १९६४-का धारा ३-द्वारा (२०.६.१९६४-देखि) प्रविष्टि २१-देखि ६४ अनि स्पष्टीकरण जोडियो।

३३. गुजरात रहल अन्य सङ्क्रामण उन्मूलन अधिनियम, १९६३ (१९६३-को गुजरात अधिनियम ३३)-को धारा २-को खण्ड ३-का उपखण्ड (घ)-मा निर्दिष्ट अन्य सङ्क्रामणसँग सम्बन्ध भएसम्मका भाग छाडेर गुजरात रहल अन्य सङ्क्रामण उन्मूलन अधिनियम, १९६३ (१९६३-को गुजरात अधिनियम ३३)।

३४. महाराष्ट्र कृषि भूमि (अधिकतम धारण सीमा) अधिनियम, १९६१ (१९६१-को गुजरात अधिनियम २७)।

३५. हैदराबाद भाडादारी अनि कृषि भूमि (पुनः अधिनियमन, विधिमान्यकरण अनि अतिरिक्त संशोधन) अधिनियम, १९६१ (१९६१-को महाराष्ट्र अधिनियम ४५)।

३६. हैदराबाद भाडादारी अनि कृषि भूमि अधिनियम, १९५० (१९५०-को हैदराबाद अधिनियम २१)।

३७. जेन्मीकरम भुक्तान (उन्मूलन) अधिनियम, १९६० (१९६१-को केरल अधिनियम ३)।

३८. केरल भूमि कर अधिनियम, १९६१ (१९६१-को केरल अधिनियम १३)।

३९. केरल भूमि सुधार अधिनियम, १९६३ (१९६४-को केरल अधिनियम १)।

४०. मध्य प्रदेश भूराजस्व संहिता, १९५९ (१९५९-को मध्य प्रदेश अधिनियम २०)।

४१. मध्य प्रदेश कृषि सम्बन्धी धारणको अधिकतम सीमा अधिनियम, १९६० (१६९०-को मध्य प्रदेश अधिनियम २०)।

४२. मद्रास भाडावाल खेतीहर संरक्षण अधिनियम, १९५५ (१९५५-को मद्रास अधिनियम २५)।

४३. मद्रास भाडावाल खेतीहर (उचित भाडाको भुक्तानी) अधिनियम, १९५६ (१९५६-को मद्रास अधिनियम २४)।

४४. मद्रास कुडीइरूपूको अधिभोगी (बेदखलीबाट संरक्षण) अधिनियम, १९६१ (१९६१-को मद्रास अधिनियम ३८)।

४५. मद्रास सार्वजनिक गुठी (कृषि भूमिको प्रशासनको विनियमन) अधिनियम, १९६१ (१९६१-को मद्रास अधिनियम ५७)।

४६. मद्रास भूमि सुधार (अधिकतम भूमि सीमा निर्धारण) अधिनियम, १९६१ (१९६१-को मद्रास अधिनियम ५८)।

४७. मैसुर भाडादारी अधिनियम, १९५२ (१९५२-को मैसुर अधिनियम १३)।

४८. कुर्ग भाडावाल अधिनियम, १९५७ (१९५७-को मैसुर अधिनियम १४)।

४९. मैसुर ग्राम पद उन्मूलन अधिनियम, १९६१ (१९६१-को मैसुर अधिनियम १४)।

५०. हैदराबाद भाडादारी अनि कृषि भूमि (विधिमान्यकरण) अधिनियम, १९६१ (१९६१-को मैसुर अधिनियम ३६)।

५१. मैसुर भूमि सुधार अधिनियम, १९६१ (१९६२-को मैसुर अधिनियम १०)।

५२. उडिसा भूमि सुधार अधिनियम, १९६० (१९६०-को उडिसा अधिनियम १६)।

५३. उडिसा विलयकृत प्रदेश (ग्राम पद उन्मूलन) अधिनियम, १९६३ (१९६३-को उडिसा अधिनियम १०)।

५४. पन्जाब भूधारणाधिकार सुरक्षा अधिनियम, १९५३ (१९५३-को पन्जाब अधिनियम १०)।

५५. राजस्थान भाडादारी अधिनियम, १९५५ (१९५५-को राजस्थान अधिनियम ३)।

५६. राजस्थान जमिन्दारी अनि विश्वेदारी उन्मूलन अधिनियम, १९५९ (१९५९-को राजस्थान अधिनियम ८)।

५७. कुमाउँ तथा उत्तराखण्ड जमिन्दारी उन्मूलन अनि भूमि सुधार अधिनियम, १९६० (१९६०-को उत्तर प्रदेश अधिनियम १७)।

५८. उत्तर प्रदेश भूमि धारणको अधिकतम सीमा आरोपण अधिनियम, १९६० (१९६१-को उत्तर प्रदेश अधिनियम १)।

५९. पश्चिम बङ्गाल सम्पदा अर्जन अधिनियम, १९५३ (१९५४-को पश्चिम बङ्गाल अधिनियम १)।

६०. पश्चिम बङ्गाल भूमि सुधार अधिनियम, १९५५ (१९५६-को पश्चिम बङ्गाल अधिनियम १०)।

६१. दिल्ली भूमि सुधार अधिनियम, १९५४ (१९५४-को दिल्ली अधिनियम ८)।

६२. दिल्ली भूमि धारण (अधिकतम सीमा) अधिनियम, १९६० (१९६०-को केन्द्रीय अधिनियम २४)।

६३. मणिपुर भूराजस्व अनि भूमि सुधार अधिनियम, १९६० (१९६०-को केन्द्रीय अधिनियम ३३)।

६४. त्रिपुरा भूराजस्व अनि भूमि सुधार अधिनियम, १९६० (१९६०-को केन्द्रीय अधिनियम ४३)।

[1][६५. केरल भूमि सुधार (संशोधन) अधिनियम, १९६९ (१९६९-को केरल अधिनियम ३५)।

६६. केरल भूमि सुधार (संशोधन) अधिनियम, १९७१ (१९७१-को केरल अधिनियम २५)।]

[2][६७. आन्ध्र प्रदेश भूमि सुधार (कृषि सम्बन्धी धारणको अधिकतम सीमा) अधिनियम, १९७३ (१९७३-को आन्ध्र प्रदेश अधिनियम १)।

६८. बिहार भूमि सुधार (अधिकतम सीमा क्षेत्रको निर्धारण र अधिशेष भूमि अर्जन) (संशोधन) अधिनियम, १९७२ (१९७३-को बिहार अधिनियम १)।

---

[1] संविधान (उनन्तीसौँ संशोधन) अधिनियम, १९७२-का धारा २-द्वारा (९.६.१९७२-देखि) प्रविष्टि ६५ र ६६ अन्तः स्थापित ।

[2] संविधान (चौँतीसौँ संशोधन) अधिनियम, १९७४-का धारा २-द्वारा (७.९.१९७४-देखि) प्रविष्टि ६७ र ८६ अन्तः स्थापित ।

६९. बिहार भूमि सुधार (अधिकतम सीमा क्षेत्रको निर्धारण र अधिशेष भूमि अर्जन) (संशोधन) अधिनियम, १९७३ (१९७३-को बिहार अधिनियम ९)।

७०.बिहार भूमि सुधार (संशोधन) अधिनियम, १९७२ (१९७२-को बिहार अधिनियम ५)।

७१. गुजरात कृषि भूमि अधिकतम सीमा (संशोधन) अधिनियम, १९७२ (१९७४-को गुजरात अधिनियम २)।

७२. हरियाणा भूमि धारणको अधिकतम सीमा अधिनियम, १९७२ (१९७२-को हरियाणा अधिनियम २६)।

७३. हिमाचल प्रदेश भूमि धारणको अधिकतम सीमा अधिनियम १९७२ (१९७३-को हिमाचल प्रदेश अधिनियम १९)।

७४. केरल भूमि सूधार (संशोधन) अधिनियम, १९७२ (१९७२-को केरल अधिनियम १७)।

७५. मध्य प्रदेश कृषि सम्बन्धी धारणको अधिकतम सीमा (संशोधन) अधिनियम, १९७२ (१९७४-को मध्य प्रदेश अधिनियम १२)।

७६. मध्य प्रदेश कृषि सम्बन्धी धारणको अधिकतम सीमा (द्वितिय संशोधन) अधिनियम, १९७२ (१९७४-को मध्य प्रदेश अधिनियम १३)।

७७. मैसुर भूमि सुधार (संशोधन) अधिनियम, १९७३ (१९७४-को कर्नाटक अधिनियम १)।

७८. पन्जाब भूमि सुधार अधिनियम, १९७२ (१९७३-को पन्जाब अधिनियम १०)।

७९. राजस्थान कृषि भूमि धारणको अधिकतम सीमा आरोपण अधिनियम, १९७३ (१९७३-को राजस्थान अधिनियम ११)।

८०. गुडलूर जन्मम् सम्पदा (उन्मूलन अनि रैयतवाडीमा परिर्वतन) अधिनियम, १९६९ (१९६९-को तमिलनाडू अधिनियम २४)।

८१. पश्चिम बङ्गाल भूमि सुधार (संशोधन) अधिनियम, १९७२ (१९७२-को पश्चिम बङ्गाल अधिनियम १२)।

८२. पश्चिम बङ्गाल सम्पदा अर्जन (संशोधन) अधिनियम, १९६४ (१९६४-को पश्चिम बङ्गाल अधिनियम २२)।

८३. पश्चिम बङ्गाल सम्पदा अर्जन (दोस्रो संशोधन) अधिनियम, १९७३ (१९७३-को पश्चिम बङ्गाल अधिनियम ३३)।

८४. बम्बई भाडादारी अनि कृषि भूमि (गुजरात संशोधन) अधिनियम, १९७२ (१९७३-को गुजरात अधिनियम ५)।

८५. उडिसा भूमि सुधार (संशोधन) अधिनियम, १९७४ (१९७४-को उडिसा अधिनियम ९)।

८६. त्रिपुरा भूराजस्व अनि भूमि सुधार (दोस्रो संशोधन) अधिनियम, १९७४ (१९७४-को त्रिपुरा अधिनियम ७)।]

[1][[2]८७. * * * * *]

८८. उद्योग (विकास अनि विनियमन) अधिनियम, १९५१ (१९५१-को केन्द्रीय अधिनियम ६५)।

८९. अचल सम्पत्ति अधिग्रहण तथा अर्जन अधिनियम, १९५२ (१९५२-को केन्द्रीय अधिनियम ३०)।

९०. खानी तथा खनिज (विनियमन अनि विकास) अधिनियम, १९५७ (१९५७-को केन्द्रीय अधिनियम ६७)।

*९१. एकाधिकार तथा प्रतिबन्धित व्यापार पद्धति अधिनियम, १९६९ (१९६९-को केन्द्रीय अधिनियम ५४)।

[2][९२. * * * * *]

९३. धातु उद्योग सम्बन्धी कोइला खानी (आपत् प्रावधान) अधिनियम, १९७१ (१९७१-को केन्द्रीय अधिनियम ६४)।

९४. धातु उद्योग सम्बन्धी कोइला खानी (राष्ट्रियकरण) अधिनियम, १९७२ (१९७२-को केन्द्रीय अधिनियम ३६)।

९५. सामान्य बिमा कारोबार (राष्ट्रियकरण) अधिनियम, १९७२ (१९७२-को केन्द्रीय अधिनियम ५७)।

९६. भारतीय ताँबा निगम (उपक्रमको अर्जन) अधिनियम, १९७२ (१९७२-को केन्द्रीय अधिनियम ५८)।

९७. रुग्ण कपडा उपक्रम (प्रबन्धनको ग्रहण) अधिनियम, १९७२ (१९७२-को केन्द्रीय अधिनियम ७२)।

९८. कोइला खानी (प्रबन्धनको ग्रहण) अधिनियम, १९७३ (१९७३-को केन्द्रीय अधिनियम १५)।

९९. कोइला खानी (राष्ट्रियकरण) अधिनियम, १९७३ (१९७३-को केन्द्रीय अधिनियम २६)।

**१००. विदेशी मुद्रा विनिमयन अधिनियम, १९७३ (१९७३-को केन्द्रीय अधिनियम ४६)।

१०१. एलकक एसडाउन कम्पनी लिमिटेड (उपक्रमको अर्जन) अधिनियम, १९७३ (१९७३-को केन्द्रीय अधिनियम ५६)।

---

[1] संविधान (उनन्चालीसौँ संशोधन) अधिनियम, १९७५-का धारा ५-द्वारा (१०.८.१९७५-देखि) प्रविष्टि ८७-देखि १२४ अन्तः स्थापित ।

[2] संविधान (चवालीसौँ संशोधन) अधिनियम, १९७८-का धारा ४४-द्वारा (२०.६.१९७९-देखि) प्रविष्टि ८७ र ९२ त्यक्त।

* प्रतिस्पर्धा अधिनियम, २००२ (२००३-को १२) -का धारा ६६-द्वारा (१.९.२००९-देखि) त्यक्त।

** विदेशी मुद्रा विनिमय प्रबन्धन अधिनियम, १९९९-का (१९९९-को ४२) धारा ४९-द्वारा (१-६-२०००-देखि) त्यक्त।

१०२. कोइला खानी (संरक्षण तथा विकास) अधिनियम, १९७४ (१९७४-को केन्द्रीय अधिनियम २८)।

१०३. अतिरिक्त पारिश्रमिक (अनिवार्य निक्षेप) अधिनियम,१९७४ (१९७४-को केन्द्रीय अधिनियम ३७)।

१०४. विदेशी मुद्रा संरक्षण अनि तस्करी निवारण अधिनियम,१९७४ (१९७४-को केन्द्रीय अधिनियम ५२)।

१०५. रुग्ण वस्त्र उपक्रम (राष्ट्रियकरण) अधिनियम, १९७४ (१९७४-को केन्द्रीय अधिनियम ५७)।

१०६. महाराष्ट्र कृषि भूमि (अधिकतम जोत सीमा) (संशोधन), अधिनियम,१९६४ (१९६५-को महाराष्ट्र अधिनियम १६)।

१०७. महाराष्ट्र कृषि भूमि (धारणको अधिकतम सीमा) (संशोधन) अधिनियम, १९६५ (१९६५-को महाराष्ट्र अधिनियम ३२)।

१०८. महाराष्ट्र कृषि भूमि (धारणको अधिकतम सीमा) (संशोधन), अधिनियम,१९६८ (१९६८-को महाराष्ट्र अधिनियम १६)।

१०९.महाराष्ट्र कृषि भूमि (धारणको अधिकतम सीमा) (दोस्रो संशोधन), अधिनियम, १९६८ (१९६८-को महाराष्ट्र अधिनियम ३३)।

११०. महाराष्ट्र कृषि भूमि (धारणको अधिकतम सीमा) (संशोधन), अधिनियम,१९६९ (१९६९-को महाराष्ट्र अधिनियम ३७)।

१११. महाराष्ट्र कृषि भूमि (धारणको अधिकतम सीमा) (दोस्रो संशोधन), अधिनियम, १९६९ (१९६९-को महाराष्ट्र अधिनियम ३८)।

११२. महाराष्ट्र कृषि भूमि (धारणको अधिकतम सीमा) (संशोधन), अधिनियम, १९७० (१९७०-को महाराष्ट्र अधिनियम २७)।

११३. महाराष्ट्र कृषि भूमि (धारणको अधिकतम सीमा) (संशोधन), अधिनियम,१९७२ (१९७२-को महाराष्ट्र अधिनियम १३)।

११४. महाराष्ट्र कृषि भूमि (धारणको अधिकतम सीमा) (संशोधन), अधिनियम, १९७३ (१९७३-को महाराष्ट्र अधिनियम ५०)।

११५. उडिसा भूमि सुधार (संशोधन) अधिनियम, १९६५ (१९६५-को उडिसा अधिनियम १३)।

११६. उडिसा भूमि सुधार (संशोधन) अधिनियम, १९६७ (१९६७-को उडिसा अधिनियम ८)।

११७. उडिसा भूमि सुधार (संशोधन) अधिनियम, १९६७ (१९६७-को उडिसा अधिनियम १३)।

११८. उडिसा भूमि सुधार (संशोधन) अधिनियम, १९६९ (१९६९-को उडिसा अधिनियम १३)।

११९. उडिसा भूमि सुधार (संशोधन) अधिनियम, १९७० (१९७०-को उडिसा अधिनियम १८)।

१२०. उत्तर प्रदेश भूमि धारणको अधिकतम सीमा आरोपण अधिनियम (संशोधन), १९७२ (१९७३-को उत्तर प्रदेश अधिनियम १८)।

१२१. उत्तर प्रदेश भूमि धारणको अधिकतम सीमा आरोपण अधिनियम (संशोधन), १९७४ (१९७५-को उत्तर प्रदेश अधिनियम २)।

१२२. त्रिपुरा भूराजस्व अनि बङ्गाल भूमि सुधार (तेस्रो संशोधन) अधिनियम, १९७५ (१९७५-को त्रिपुरा अधिनियम ३)।

१२३. दादरा अनि नगर हवेली भूमि सुधार विनियम, १९७१ (१९७१-को ३)।

१२४. दादरा अनि नगर हवेली भूमि सुधार (संशोधन) विनियम, १९७३ (१९७३-को ५)।]

[1][१२५. यानवाहन अधिनियम, *१९३९ (१९३९-को केन्द्रीय अधिनियम ४)-का धारा ६६क र अध्याय ४ क।

१२६. आवश्यक वस्तु अधिनियम, १९५५ (१९५५-को केन्दीय अधिनियम १०)।

१२७. तस्कर अनि विदेशी मुद्रा हेराफेरी गर्नेहरू सम्बन्धी (सम्पत्तिको समपहरण) अधिनियम, १९७६ (१९७६-को केन्द्रीय अधिनियम १३)।

१२८. बन्धित श्रम पद्धति (उन्मूलन) अधिनियम, १९७६ (१९७६-को केन्द्रीय अधिनियम १९)।

१२९. विदेशी मुद्रा संरक्षण अनि तस्करी निवारण (संशोधन) अधिनियम, १९७६ (१९७६-को केन्द्रीय अधिनियम २०)।

[2][१३०.**** *

१३१. लेबी चिनी मूल्य समानीकरण निधि अधिनियम, १९७६ (१९७६-को केन्द्रीय अधिनियम ३१)।

१३२. नगर भूमि (अधिकतम सीमा अनि विनियमन) अधिनियम, १९७६ (१९७६-को केन्द्रीय अधिनियम ३३)।

---

[1] संविधान (चालीसौँ संशोधन) अधिनियम, १९७६-का धारा ३-द्वारा (२७.५.१९७६-देखि) प्रविष्टि १२५-देखि १८८-सम्म अन्तः स्थापित ।

* मोटर वाहन अधिनियम, १९८८ (१९८८-को ५९) -को सान्दर्भिक प्रावधान हेर्नु होस्।

[2] संविधान (चालीसौँ संशोधन) अधिनियम, १९७८-का धारा ४४-द्वारा (२०.६ १९७९-देखि) प्रविष्टि १३० त्यक्त।

१३३. केन्द्रशासित लेखा विभागीकरण (कर्मचारी स्थानान्तरण) अधिनियम, १९७६ (१९७६-को केन्द्रीय अधिनियम ५९)।

१३४. असम भूमि धारणको अधिकतम सीमा निर्धारण अधिनियम, १९५६ (१९५७-को असम अधिनियम १)।

१३५. बम्बई भाडादारी अनि कृषि भूमि (विदर्भ क्षेत्र) अधिनियम, १९५८ (१९५८-को बम्बई अधिनियम ९९)।

१३६. गुजरात प्राइवेट वन (अर्जन) अधिनियम, १९७२ (१९७३-को गुजरात अधिनियम १४)।

१३७. हरियाणा भूमि धारणको अधिकतम सीमा (संशोधन) अधिनियम, १९७६ (१९७६-को हरियाणा अधिनियम १७)।

१३८. हिमाचल प्रदेश भाडादारी अनि भूमि सुधार अधिनियम, १९७२ (१९७४-को हिमाचल प्रदेश अधिनियम ८)।

१३९. हिमाचल प्रदेश ग्राम साझा भूमि निहित गर्ने अनि उपयोजन अधिनियम, १९७४ (१९७४-को हिमाचल प्रदेश अधिनियम १८)।

१४०. कर्नाटक भूमि सुधार (दोस्रो संशोधन अनि विविध प्रावधान) अधिनियम, १९७४ (१९७४-को कर्नाटक अधिनियम ३१)।

१४१. कर्नाटक भूमि सुधार (दोस्रो संशोधन) अधिनियम, १९७६ (१९७६-को कर्नाटक अधिनियम २७)।

१४२. केरल बेदखली निवारण अधिनियम, १९६६ (१९६६-को केरल अधिनियम १२)।

१४३. तिरुप्पुवारम् भुक्तानी (उन्मूलन) अधिनियम, १९६९ (१९६९-को केरल अधिनियम १९)।

१४४. श्रीपादम् भूमि विमुक्ति अधिनियम, १९६९ (१९६९-को केरल अधिनियम २०)।

१४५. श्रीपन्डरवाका भूमि (निहित गर्ने अनि विमुक्ति) अधिनियम, १९७१ (१९७१-को केरल अधिनियम २०)।

१४६. केरल प्राइवेट वन (निहित गर्ने अनि समनुदेशन) अधिनियम, १९७१ (१९७१-को केरल अधिनियम १८)।

१४७. केरल कृषि कामदार अधिनियम, १९७४ (१९७४-को केरल अधिनियम १८)।

१४८. केरल काजु कारखाना (अर्जन) अधिनियम, १९७४ (१९७४-को केरल अधिनियम २९)।

१४९. केरल चिट्टी अधिनियम, १९७५ (१९७५-को केरल अधिनियम २३)।

१५०. केरल अनुसूचित जनजाति (भूमिको अन्तरणमाथि निषेध अनि अन्य सङ्क्रान्त भूमिको प्रत्यावर्तन) अधिनियम, १९७५ (१९७५-को केरल अधिनियम ३१)।

(नवौं अनुसूची)

१५१. केरल भूमि सुधार (संशोधन) अधिनियम, १९७६ (१९७६-को केरल अधिनियम १५)।

१५२. काणम् भाडादारी उन्मूलन अधिनियम, १९७६ (१९७६-को केरल अधिनियम १६)।

१५३. मध्य प्रदेश कृषि धारणको अधिकतम सीमा (संशोधन) अधिनियम, १९७४ (१९७४-को मध्य प्रदेश अधिनियम २०)।

१५४. मध्य प्रदेश कृषि धारणको अधिकतम सीमा (संशोधन) अधिनियम, १९७५ (१९७६-को मध्य प्रदेश अधिनियम २)।

१५५. पश्चिमी खानदेश मेहवासी सम्पदा (स्वत्वधारक सम्बन्धी अधिकार उन्मूलन, आदि) विनियमन, १९६१ (१९६२-को महाराष्ट्र विनियम १)।

१५६. महाराष्ट्र अनुसूचित जनजातिहरूलाई भूमिको प्रत्यावर्तन अधिनियम, १९७४ (१९७५-को महाराष्ट्र अधिनियम १४)।

१५७. महाराष्ट्र कृषि भूमि (धारणको अधिकतम सीमा ह्रास) अनि (संशोधन) अधिनियम, १९७२ (१९७५-को महाराष्ट्र अधिनियम २१)।

१५८. महाराष्ट्र व्यक्तिगत वन (अर्जन) अधिनियम, १९७५ (१९७५-को महाराष्ट्र अधिनियम २९)।

१५९. महाराष्ट्र कृषि भूमि (धारणको अधिकतम सीमा ह्रास) अनि (संशोधन) अधिनियम, १९७५ (१९७५-को महाराष्ट्र अधिनियम ४७)।

१६०. महाराष्ट्र कृषि भूमि (धारणको अधिकतम सीमा) (संशोधन) अधिनियम, १९७५ (१९७६-को महाराष्ट्र अधिनियम २)।

१६१. उडिसा सम्पदा उन्मूलन अधिनियम, १९५१ (१९५२-को उडिसा अधिनियम १)।

१६२. राजस्थान उपनिवेशन अधिनियम,१९५४ (१९५४-को राजस्थान अधिनियम २७)।

१६३. राजस्थान भूमि सुधार तथा भू-स्वामीहरूका सम्पदाको अर्जन अधिनियम, १९६३ (१९६४-को राजस्थान अधिनियम ११)।

१६४. राजस्थान कृषि भूमि धारणको अधिकतम सीमा आरोपण (संशोधन) अधिनियम, १९७६ (१९७६-को राजस्थान अधिनियम ८)।

१६५. राजस्थान भाडादारी (संशोधन) अधिनियम, १९७६ (१९७६-को राजस्थान अधिनियम १२)।

१६६. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा ह्रास) अधिनियम, १९७० (१९७०-को तमिलनाडू अधिनियम १७)।

१६७.तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) संशोधन अधिनियम, १९७१ (१९७१-को तमिलनाडू अधिनियम ४१)।

१६८. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) संशोधन अधिनियम, १९७२ (१९७२-को तमिलनाडू अधिनियम १०)।

१६९. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) दोस्रो संशोधन अधिनियम, १९७२ (१९७२-को तमिलनाडू अधिनियम २०)।

१७०. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) तेस्रो संशोधन अधिनियम, १९७२ (१९७२-को तमिलनाडू अधिनियम ३७)।

१७१. तमिलनाडू भूमि सुधार (अधिकतम भूमि सीमा निर्धारण) चौथो संशोधन अधिनियम, १९७२ (१९७२-को तमिलनाडू अधिनियम ३९)।

१७२. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) छैटौं संशोधन अधिनियम, १९७२ (१९७४-को तमिलनाडू अधिनियम ७)।

१७३. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) पाँचौं संशोधन अधिनियम, १९७२ (१९७४-को तमिलनाडू अधिनियम १०)।

१७४. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) संशोधन अधिनियम, १९७४ (१९७४-को तमिलनाडू अधिनियम १५)।

१७५. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) तेस्रो संशोधन अधिनियम, १९७४ (१९७४-को तमिलनाडू अधिनियम ३०)।

१७६. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) दोस्रो संशोधन अधिनियम, १९७४ (१९७४-को तमिलनाडू अधिनियम ३२)।

१७७. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) संशोधन अधिनियम, १९७५ (१९७५-को तमिलनाडू अधिनियम ११)।

१७८. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) दोस्रो संशोधन अधिनियम, १९७५ (१९७५-को तमिलनाडू अधिनियम २१)।

१७९. उत्तर प्रदेश भूमि विधि (संशोधन) अधिनियम, १९७१ (१९७१-को उत्तर प्रदेश अधिनियम २१) तथा उत्तर प्रदेश भूमि विधि (संशोधन) अधिनियम, १९७४ (१९७४-को उत्तर प्रदेश अधिनियम ३४)- द्वारा उत्तर प्रदेश जमिन्दारी उन्मूलन अनि भूमि व्यवस्था अधिनियम, १९५० (१९५१-को उत्तर प्रदेश अधिनियम १)-मा गरिएको संशोधन।

१८०. उत्तर प्रदेश भूमि धारणको अधिकतम सीमा आरोपण (संशोधन) अधिनियम, १९७६ (१९७६-को उत्तर प्रदेश अधिनियम २०)।

१८१. पश्चिम बङ्गाल भूमि सुधार (दोस्रो संशोधन) अधिनियम,१९७२ (१९७२-को पश्चिम बङ्गाल अधिनियम २८)।

१८२. पश्चिम बङ्गाल अन्य सङ्क्रान्त भूमिको प्रत्यावर्तन अधिनियम,१९७३ (१९७३-को पश्चिम बङ्गाल अधिनियम २३)।

(नवौँ अनुसूची)

१८३. पश्चिम बङ्गाल भूमि सुधार (संशोधन) अधिनियम, १९७४ (१९७४-को पश्चिम बङ्गाल अधिनियम ३३)।

१८४. पश्चिम बङ्गाल भूमि सुधार (संशोधन) अधिनियम, १९७५ (१९७५-को पश्चिम बङ्गाल अधिनियम २३)।

१८५. पश्चिम बङ्गाल भूमि सुधार (संशोधन) अधिनियम, १९७६ (१९७६-को पश्चिम बङ्गाल अधिनियम १२)।

१८६. दिल्ली भूमि धारण (अधिकतम सीमा) संशोधन अधिनियम, १९७६ (१९७६-को केन्द्रीय अधिनियम १५)।

१८७. गोवा, दमन र दिऊ मुन्डकार (बेदखलीबाट संरक्षण) अधिनियम, १९७५ (१९७६-को गोवा, दमन र दिऊ अधिनियम १)।

१८८. पन्डिचेरी भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) अधिनियम, १९७३ (१९७४-को पन्डिचेरी अधिनियम ९)।

[1][१८९. असम (अस्थायी रूपले व्यवस्थापित क्षेत्र) भाडादारी अधिनियम, १९७१ (१९७१-को असम अधिनियम २३)।

१९०. असम (अस्थायी रूपले व्यवस्थापित क्षेत्र) भाडादारी (संशोधन) अधिनियम, १९७४ (१९७४-को असम अधिनियम १८)।

१९१. बिहार भूमि सुधार (अधिकतम सीमा क्षेत्रको निर्धारण र अधिशेष भूमि अर्जन) (संशोधन) संशोधी अधिनियम, १९७४ (१९७५-को बिहार अधिनियम १३)।

१९२. बिहार भूमि सुधार (अधिकतम सीमा क्षेत्रको निर्धारण र अधिशेष भूमि अर्जन) (संशोधन) संशोधी अधिनियम, १९७६ (१९७६-को बिहार अधिनियम २२)।

१९३. बिहार भूमि सुधार (अधिकतम सीमा क्षेत्रको निर्धारण र अधिशेष भूमि अर्जन) (संशोधन) संशोधन अधिनियम, १९७८ (१९७८-को बिहार अधिनियम ७)।

१९४. भूमि अर्जन (बिहार संशोधन) अधिनियम, १९७९ (१९८०-को बिहार अधिनियम २)।

१९५. हरियाणा भूमि धारणको अधिकतम सीमा (संशोधन) अधिनियम, १९७७ (१९७७-को हरियाणा अधिनियम १४)।

१९६. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) संशोधन अधिनियम, १९७८ (१९७८-को तमिलनाडू अधिनियम २५)।

१९७. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) संशोधन अधिनियम, १९७९ (१९७९-को तमिलनाडू अधिनियम ११)।

---

[1] संविधान (सैंतालीसौँ संशोधन) अधिनियम, १९८४-का धारा २-द्वारा (२६.८.१९८४-देखि) प्रविष्टि १८९-देखि २०२-सम्म अन्तः स्थापित।

१९८. उत्तर प्रदेश जमिन्दारी उन्मूलन विधि (संशोधन) अधिनियम, १९७८ (१९७८-को उत्तर प्रदेश अधिनियम १५)।

१९९. पश्चिम बङ्गाल अन्य सङ्क्रान्त भूमिको प्रत्यावर्तन (संशोधन) अधिनियम, १९७८ (१९७८-को पश्चिम बङ्गाल अधिनियम २४)।

२००. पश्चिम बङ्गाल अन्य सङ्क्रान्त भूमिको प्रत्यावर्तन (संशोधन) अधिनियम, १९८० (१९८०-को पश्चिम बङ्गाल अधिनियम ५६)।

२०१. गोवा, दमन र दिऊ कृषि भाडादारी अधिनियम, १९६४ (१९६४-को गोवा, दमन र दिऊ अधिनियम ७)।

२०२. गोवा, दमन र दिऊ कृषि भाडादारी (पाँचौँ संशोधन) अधिनियम, १९७६ (१९७६-को गोवा, दमन र दिऊ अधिनियम १७)।]

[1][२०३. आन्ध्र प्रदेश अनुसूचित क्षेत्र भूमि अन्तरण विनियम, १९५९ (१९५९-को आन्ध्र प्रेदश विनियम १)।

२०४. आन्ध्र प्रदेश अनुसूचित क्षेत्र विधि (विस्तारण र संशोधन) विनियम, १९६३ (१९६३-को आन्ध्र प्रेदश विनियम २)।

२०५. आन्ध्र प्रदेश अनुसूचित क्षेत्र भूमि अन्तरण (संशोधन) विनियम, १९७० (१९७०-को आन्ध्र प्रेदश विनियम १)।

२०६. आन्ध्र प्रदेश अनुसूचित क्षेत्र भूमि अन्तरण (संशोधन) विनियम, १९७१ (१९७१-को आन्ध्र प्रेदश विनियम १)।

२०७. आन्ध्र प्रदेश अनुसूचित क्षेत्र भूमि अन्तरण (संशोधन) विनियम, १९७८ (१९७८-को आन्ध्र प्रेदश विनियम १)।

२०८. बिहार भाडादारी अधिनियम, १८८५ (१८८५-को बिहार अधिनियम ८)।

२०९. छोटा नागपुर भाडादारी अधिनियम, १९०८ (१९०८-को बङ्गाल अधिनियम ६) (अध्याय ८-धारा ४६, ४७, ४८, ४८(क) अनि धारा ४९; अध्याय १०-धारा ७१, ७१(क) अनि धारा ७१ (ख); अनि अध्याय १८-धारा २४०, २४१ अनि धारा २४२)।

२१०. सन्थाल परगना भाडादारी (पूरक प्रावधान) अधिनियम, १९४९ (१९४९-को बिहार अधिनियम १४) धारा ५३-लाई छोडेर।

२११. बिहार अनुसूचित क्षेत्र विनियम, १९६९ (१९६९-को बिहार विनियम १)।

२१२. बिहार भूमि सुधार (अधिकतम सीमा क्षेत्रको निर्धारण र अधिशेष भूमि अर्जन) (संशोधन) अधिनियम, १९८२ (१९८२-को बिहार अधिनियम ५५)।

---

[1] संविधान (छयासट्ठीऔँ संशोधन) अधिनियम, १९९०-का धारा २-द्वारा (७.६.१९९०-देखि) प्रविष्टि २०३-देखि २५७-सम्म अन्तः स्थापित ।

(नवौं अनुसूची)

२१३. गुजरात देवस्थान इनाम उन्मूलन अधिनियम, १९६९ (१९६९-को गुजरात अधिनियम १६)।

२१४. गुजरात भाडादारी विधि (संशोधन) अधिनियम, १९७६ (१९७६-को गुजरात अधिनियम ३७)।

२१५. गुजरात कृषि भूमिको अधिकतम सीमा (संशोधन) अधिनियम, १९७६ (१९७६-को राष्ट्रपतिको अधिनियम ४३)।

२१६. गुजरात देवस्थान इनाम उन्मूलन (संशोधन) अधिनियम, १९७७ (१९७७-को गुजरात अधिनियम २७)।

२१७. गुजरात भाडादारी विधि (संशोधन) अधिनियम, १९७७ (१९७७-को गुजरात अधिनियम ३०)।

२१८. बम्बई भू-राजस्व (गुजरात दोस्रो संशोधन) अधिनियम, १९८० (१९८०-को गुजरात अधिनियम ३७)।

२१९. बम्बई भू-राजस्व संहिता तथा भू-धारणाधिकार उन्मूलन विधि (गुजरात संशोधन) अधिनियम, १९८२ (१९८२-को गुजरात अधिनियम ८)।

२२०. हिमाचल प्रदेश भूमि अन्तरण (विनियम) अधिनियम, १९६८ (१९६९-को हिमाचल प्रदेश अधिनियम १५)।

२२१. हिमाचल प्रदेश भूमि अन्तरण (विनियम) (संशोधन) अधिनियम, १९८६ (१९८६-को हिमाचल प्रदेश अधिनियम १६)।

२२२. कर्नाटक अनुसूचित जाति अनि अनुसूचित जनजाति (कतिपय भूमि अन्तरणको निषेध) अधिनियम, १९७८ (१९७९-को कर्नाटक अधिनियम २)।

२२३. केरल भूमि सुधार (संशोधन) अधिनियम, १९७८ (१९७८-को केरल अधिनियम १३)।

२२४. केरल भूमि सुधार (संशोधन) अधिनियम, १९८१ (१९८१-को केरल अधिनियम १९)।

२२५. मध्य प्रदेश भू-राजस्व संहिता ( तेस्रो संशोधन) अधिनियम, १९७६ (१९७६-को मध्य प्रदेश अधिनियम ६१)।

२२६. मध्य प्रदेश भू-राजस्व संहिता (संशोधन) अधिनियम, १९८० (१९८०-को मध्य प्रदेश अधिनियम १५)।

२२७. मध्य प्रदेश अकृषिक जोत उच्चतम सीमा अधिनियम, १९८१ (१९८१-को मध्य प्रदेश अधिनियम ११)।

२२८. मध्य प्रदेश कृषि भूमि धारणको अधिकतम सीमा (दोस्रो संशोधन) अधिनियम, १९७६ (१९८४-को मध्य प्रदेश अधिनियम १)।

२२९. मध्य प्रदेश कृषि भूमि धारणको अधिकतम सीमा (संशोधन) अधिनियम, १९८४ (१९८४-को मध्य प्रदेश अधिनियम १४)।

२३०. मध्य प्रदेश कृषि भूमि धारणको अधिकतम सीमा (संशोधन) अधिनियम, १९८९ (१९८९-को मध्य प्रदेश अधिनियम ८)।

२३१. महाराष्ट्र भू-राजस्व संहिता, १९६६ (१९६६-को महाराष्ट्र अधिनियम ४१) धारा ३६, ३६ (क) अनि धारा ३६ (ख)।

२३२. महाराष्ट्र भू-राजस्व संहिता तथा अनुसूचित जनजातिका लागि महाराष्ट्र भूमि प्रत्यावर्तन (दोस्रो संशोधन) अधिनियम, १९७६ (१९७७-को महाराष्ट्र अधिनियम ३०)।

२३३. महाराष्ट्र कतिपय भूमिमा खानी तथा खनिजहरूको विद्यमान स्वत्वधारक सम्बन्धी अधिकारहरूको उन्मूलन अधिनियम, १९८५ (१९८५-को महाराष्ट्र अधिनियम १६)।

२३४. उडिसा अनुसूचित क्षेत्र (अनुसूचित जनजातिहरूद्वारा) अचल सम्पत्तिको अन्तरण विनियम, १९५६ (१९५६-को उडिसा विनियम २)।

२३५. उडिसा भूमि सुधार (दोस्रो संशोधन) अधिनियम, १९७५ (१९७६-को उडिसा अधिनियम २९)।

२३६. उडिसा भूमि सुधार (संशोधन) अधिनियम, १९७६ (१९७६-को उडिसा अधिनियम ३०)।

२३७. उडिसा भूमि सुधार (दोस्रो संशोधन) अधिनियम, १९७६ (१९७६-को उडिसा अधिनियम ४४)।

२३८. राजस्थान उपनिवेशन (संशोधन) अधिनियम, १९८४ (१९८४-को राजस्थान अधिनियम १२)।

२३९. राजस्थान भाडादारी (संशोधन) अधिनियम, १९८४ (१९८४-को राजस्थान अधिनियम १३)।

२४०. राजस्थान भाडादारी (संशोधन) अधिनियम, १९८७ (१९८७-को राजस्थान अधिनियम २१)।

२४१. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) दोस्रो संशोधन अधिनियम, १९७९ (१९८०-को तमिलनाडू अधिनियम ८)।

२४२. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) संशोधन अधिनियम, १९८० (१९८०-को तमिलनाडू अधिनियम २१)।

२४३. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) संशोधन अधिनियम, १९८१ (१९८१-को तमिलनाडू अधिनियम ५९)।

२४४. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) दोस्रो संशोधन अधिनियम, १९८३ (१९८४-को तमिलनाडू अधिनियम २)।

२४५. उत्तर प्रदेश भूमि विधि (संशोधन) अधिनियम, १९८२ (१९८२-को उत्तर प्रदेश अधिनियम २०)।

२४६. पश्चिम बङ्गाल भूमि सुधार (संशोधन) अधिनियम, १९६५ (१९६५-को पश्चिम बङ्गाल अधिनियम १८)।

२४७. पश्चिम बङ्गाल भूमि सुधार (संशोधन) अधिनियम, १९६६ (१९६६-को पश्चिम बङ्गाल अधिनियम ११)।

२४८. पश्चिम बङ्गाल भूमि सुधार (दोस्रो संशोधन) अधिनियम, १९६९ (१९६९-को पश्चिम बङ्गाल अधिनियम २३)।

२४९. पश्चिम बङ्गाल सम्पदा अर्जन (संशोधन) अधिनियम, १९७७ (१९७७-को पश्चिम बङ्गाल अधिनियम ३६)।

२५०. पश्चिम बङ्गाल भूमि धारणको राजस्व अधिनियम, १९७९ (१९७९-को पश्चिम बङ्गाल अधिनियम ४४)।

२५१. पश्चिम बङ्गाल भूमि सुधार (संशोधन) अधिनियम, १९८० (१९८०-को पश्चिम बङ्गाल अधिनियम ४१)।

२५२. पश्चिम बङ्गाल भूमि धारणको राजस्व (संशोधन) अधिनियम, १९८१ (१९८१-को पश्चिम बङ्गाल अधिनियम ३३)।

२५३. कलकत्ता ठिका भाडादारी (अर्जन अनि विनियम) अधिनियम, १९८१ (१९८१-को पश्चिम बङ्गाल अधिनियम ३७)।

२५४. पश्चिम बङ्गाल भूमि धारण राजस्व (संशोधन) अधिनियम, १९८२ (१९८२-को पश्चिम बङ्गाल अधिनियम २३)।

२५५. कलकत्ता ठिका भाडादारी (अर्जन अनि विनियमन) (संशोधन) अधिनियम, १९८४ (१९८४-को पश्चिम बङ्गाल अधिनियम ४१)।

२५६. माहे भूमि सुधार अधिनियम, १९६८ (१९६८-को पन्डिचेरी अधिनियम १)।

२५७. माहे भूमि सुधार (संशोधन) अधिनियम, १९८० (१९८१-को पन्डिचेरी अधिनियम १)।

[1][२५७क. तमिलनाडू पछौटे वर्ग, अनुसूचित जाति अनि अनुसूचित जनजाति (राज्य अन्तर्गतका शिक्षण संस्थानहरूमा स्थान अनि सेवाहरूमा नियुक्ति अथवा पदहरूको आरक्षण) अधिनियम, १९९३ (१९९४-को तमिलनाडू अधिनियम ४५)।]

[1] संविधान (छयहत्तरौँ संशोधन) अधिनियम, १९९४-का धारा २-द्वारा (३१.८.१९९४-देखि) प्रविष्टि २५७ क अन्तः स्थापित ।

[1][२५८. बिहार विशेषाधिकार प्राप्त व्यक्ति वासभूमि भाडादारी अधिनियम, १९४७ (१९४८-को बिहार अधिनियम ४)।

२५९. बिहार धारणको चकबन्दी अनि खण्डीकरण निवारण अधिनियम, १९५६ (१९५६-को बिहार अधिनियम २२)।

२६०. बिहार धारणको चकबन्दी अनि खण्डीकरण निवारण (संशोधन) अधिनियम, १९७० (१९७०-को बिहार अधिनियम ७)।

२६१. बिहार विशेषाधिकार प्राप्त व्यक्ति वासभूमि भाडादारी (संशोधन) अधिनियम, १९७० (१९७०-को बिहार अधिनियम ९)।

२६२. बिहार धारणको चकबन्दी अनि खण्डीकरण निवारण (संशोधन) अधिनियम, १९७३ (१९७५-को बिहार अधिनियम २७)।

२६३. बिहार धारणको चकबन्दी अनि खण्डीकरण निवारण (संशोधन) अधिनियम, १९८१ (१९८२-को बिहार अधिनियम ३५)।

२६४. बिहार भूमि सुधार (अधिकतम सीमा क्षेत्रको निर्धारण र अधिशेष भूमि अर्जन) (संशोधन) अधिनियम, १९८७ (१९८७-को बिहार अधिनियम २१)।

२६५. बिहार विशेषाधिकार प्राप्त व्यक्ति वासभूमि भाडादारी (संशोधन) अधिनियम, १९८९ (१९८९-को बिहार अधिनियम ११)।

२६६. बिहार भूमि सुधार (संशोधन) अधिनियम, १९८९ (१९९०-को बिहार अधिनियम ११)।

२६७. कर्नाटक अनुसूचित जाति अनि अनुसूचित जनजाति (कतिपय भूमिको अन्तरण निषेध) (संशोधन) अधिनियम, १९८४ (१९८४-को कर्नाटक अधिनियम ३)।

२६८. केरल भूमि सुधार (संशोधन) अधिनियम, १९८९ (१९८९-को केरल अधिनियम १६)।

२६९. केरल भूमि सुधार (दोस्रो संशोधन) अधिनियम, १९८९ (१९९०-को केरल अधिनियम २)।

२७०. उडिसा भूमि सुधार (संशोधन) अधिनियम, १९८९ (१९९०-को उडिसा अधिनियम ९)।

२७१. राजस्थान भाडादारी (संशोधन) अधिनियम, १९७९ (१९७९-को राजस्थान अधिनियम १६)।

२७२. राजस्थान उपनिवेशन (संशोधन) अधिनियम, १९८७ (१९८७-को राजस्थान अधिनियम २)।

२७३. राजस्थान उपनिवेशन (संशोधन) अधिनियम, १९८९ (१९८९-को राजस्थान अधिनियम १२)।

---

[1] संविधान (अठहत्तरौँ संशोधन) अधिनियम, १९९५-का धारा २-द्वारा (३०.८.१९९५-देखि) प्रविष्टि २५८-देखि २८४-सम्म अन्तः स्थापित ।

२७४. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) संशोधन अधिनियम, १९८३ (१९८४-को तमिलनाडू अधिनियम ३)।

२७५. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) संशोधन अधिनियम, १९८६ (१९८६-को तमिलनाडू अधिनियम ५७)।

२७६. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) दोस्रो संशोधन अधिनियम, १९८७ (१९८८-को तमिलनाडू अधिनियम ४)।

२७७. तमिलनाडू भूमि सुधार (भूमिको अधिकतम सीमा निर्धारण) (संशोधन) अधिनियम, १९८९ (१९८९-को तमिलनाडू अधिनियम ३०)।

२७८. पश्चिम बङ्गाल भूमि सुधार (संशोधन) अधिनियम, १९८१ (१९८१-को पश्चिम बङ्गाल अधिनियम ५०)।

२७९. पश्चिम बङ्गाल भूमि सुधार (संशोधन) अधिनियम, १९८६ (१९८६-को पश्चिम बङ्गाल अधिनियम ५)।

२८०. पश्चिम बङ्गाल भूमि सुधार (दोस्रो संशोधन) अधिनियम, १९८६ (१९८६-को पश्चिम बङ्गाल अधिनियम १९)।

२८१. पश्चिम बङ्गाल भूमि सुधार (तेस्रो संशोधन) अधिनियम, १९८६ (१९८६-को पश्चिम बङ्गाल अधिनियम ३५)।

२८२. पश्चिम बङ्गाल भूमि सुधार (संशोधन) अधिनियम, १९८९ (१९८९-को पश्चिम बङ्गाल अधिनियम २३)।

२८३. पश्चिम बङ्गाल भूमि सुधार (संशोधन) अधिनियम, १९९० (१९९०-को पश्चिम बङ्गाल अधिनियम २४)।

२८४. पश्चिम बङ्गाल भूमि सुधार अधिकरण अधिनियम, १९९१ (१९९१-को पश्चिम बङ्गाल अधिनियम १२)।]

*स्पष्टीकरण*– राजस्थान भाडादारी अधिनियम, १९५५ (१९५५-को राजस्थान अधिनियम ३) अन्तर्गत अनुच्छेद ३१ (क)-को खण्ड (१)-को दोस्रो उपबन्धका उल्लङ्घनमा गरिएको अर्जन सो उल्लङ्घनको विस्तारसम्म निष्क्रिय हुने छ।

# [1][दसौँ अनुसूची]

[अनुच्छेद १०२(२) अनि अनुच्छेद १९१(२)]

## दल परिवर्तनका आधारमा अयोग्यताका सम्बन्धमा प्रावधान

**१. व्याख्या**–यस अनुसूचीमा सन्दर्भले अन्यथा अपेक्षा नगरेसम्म-

(क) "सदन" पदले संसद्का कुनै सदन अथवा यथासन्दर्भ कुनै राज्यको विधान सभा अथवा विधायिकाका कुनै सदन बुझाउँछ;

(ख) अनुच्छेद २ अथवा[2]**** अनुच्छेद ४-का प्रावधान अनुसार कुनै पनि राजनैतिक दलमा रहेको सदनको सदस्यका सम्बन्धमा "विधानदल" पदावलीले उक्त प्रावधानहरू अनुसार तत्समय सो राजनैतिक दलमा रहेका सो सदनका सबै सदस्यहरू समाविष्ट रहेको टोली बुझाउँछ:

(ग) सदनको कुनै सदस्यका सम्बन्धमा "मूल राजनैतिक दल" पदले अनुच्छेद २-को उपअनुच्छेद (१)-को प्रयोजनका निम्ति सो सदस्य रहेका राजनैतिक दल बुझाउँछ;

(घ) "अनुच्छेद" पदले यस अनुसूचीको अनुच्छेद बुझाउँछ।

**२. दल परिवर्तनका आधारमा अयोग्यता** – (१)[3] अनुच्छेद ३, ४ र ५-का प्रावधानहरूका अधीनमा रही कुनै पनि राजनैतिक दलमा रहेका सदनका कुनै पनि सदस्यले–

(क) स्वेच्छाले त्यस्ता राजनैतिक दलको सदस्यता त्यागेका खण्डमा; अथवा

(ख) आफू रहेको कुनै पनि राजनैतिक दलद्वारा जारी गरिएको अथवा यसद्वारा यसका निम्ति प्राधिकृत प्राधिकारीद्वारा जारी गरिएको कुनै पनि निर्देशविरुद्ध गई यस्तो राजनैतिक दल, व्यक्ति अथवा प्राधिकारको पूर्व अनुमति प्राप्त नगरी यस्ता सदनमा मतदान गरेका खण्डमा अथवा मतदानबाट जोगिएका खण्डमा अनि यस्तो मतदान अथवा मतदानबाट जोगिएको कुरा त्यस्ता राजनैतिक दल, व्यक्ति अथवा प्राधिकारीले यस्तो मतदान गरेको अथवा मतदानबाट जोगिएको पन्ध्र दिनभित्र माफ नगरेका खण्डमा,

–उनी सदनको सदस्य हुनाका लागि अयोग्य ठहरिने छन्।

*स्पष्टीकरण*– यस उपअनुच्छेदको प्रयोजनका लागि–

(क) कुनै राजनैतिक दल रहेका खण्डमा जुन दलले सदनका निर्वाचित सदस्यलाई यस्ता सदस्यका रूपमा निर्वाचित हुनाका लागि प्रार्थीका रूपमा उभ्याउँदछ सो सदस्य त्यस दलमा रहेको मानिने छ।

(ख) सदनका कुनै मनोनीत सदस्य–

---

[1] संविधान (बाउन्नौँ संशोधन) अधिनियम, १९८५-का धारा ६-द्वारा (१.३.१९८५-देखि) अन्तः स्थापित ।

[2] संविधान (एकानब्बेऔँ संशोधन) अधिनियम, २००३-का धारा ५-द्वारा (१.१.२००४-देखि) केही शब्दहरू त्यक्त।

[3] संविधान (एकानब्बेऔँ संशोधन) अधिनियम, २००३-का धारा ५-द्वारा (१.१.२००४-देखि) "परिच्छेद ३,४,५" प्रतिस्थापित।

(i) यस्तो सदस्यका रूपमा मनोनीत भएका मितिमा कुनै राजनैतिक दलको सदस्य भएका स्थितिमा उनलाई त्यस्तो राजनैतिक दलको सदस्य मानिने छ;

(ii) अन्य कुनै स्थितिमा, आफूले आसन ग्रहण गरेको छ महिनाको समाप्तिभन्दा पहिला, यथासन्दर्भ अनुच्छेद ९९ अथवा अनुच्छेद १८८-का आवश्यकताहरू अनुपालन गरेपछि उनी जुन राजनैतिक दलको यथासन्दर्भ सदस्य हुन् अथवा पहिलोपल्ट सदस्य हुँदछन् सोही राजनैतिक दलमा रहेको मानिने छ।

(२) सदनका निर्वाचित कुनै पनि राजनीतिक दलद्वारा उभ्याइएका प्रार्थीबाहेक अन्य कुनै पनि राजनीतिक दलबाट निर्वाचित भएको सदनका निर्वाचित सदस्य त्यस्तो निर्वाचनपछि कुनै राजनीतिक दलमा सम्मिलित भएका खण्डमा सदनको सदस्य हुनाका लागि अयोग्य हुने छन्।

(३) यथासन्दर्भ अनुच्छेद ९९ अथवा अनुच्छेद १८८-का आवश्यकताहरू अनुपालन गरेपछि आफूले आसन ग्रहण गरेको मितिबाट छ महिनाको समाप्तिपछि कुनै राजनैतिक दलको सदस्य बनेका खण्डमा सदनका मनोनीत सदस्य सदनको सदस्य बन्नाका लागि अयोग्य हुने छन्।

(४) यस परिच्छेदका पूर्वोल्लिखित पूर्वोल्लिखित प्रावधानहरूमा जुनसुकै कुरा समाविष्ट भए तापनि संविधान (बाउन्नौँ संशोधन) अधिनियम, १९८५ लागु भएपछि सदनको सदस्य बनेका (निवार्चित अथवा मनोनीत जे भए तापनि) कुनै पनि व्यक्ति-

(i) संविधान (बाउन्नौँ संशोधन) अधिनियम यसरी लागु हुन तत्काल अघि कुनै राजनैतिक दलको सदस्य रहेका स्थितिमा उनलाई यस परिच्छेदको उपपरिच्छेद (१)-का प्रयोजनहरूका लागि, यस्तो राजनैतिक दलले उभ्याएको प्रार्थीका रूपमा यस्ता सदनको सदस्यका रूपमा निर्वाचित गरिएको मानिने छ;

(ii) अन्य कुनै स्थितिमा, यथासन्दर्भ यस परिच्छेदको उपपरिच्छेद (२)-को प्रयोजनहरूका लागि उनलाई कुनै पनि राजनीतिक दलद्वारा उभ्याइएका प्रार्थीभन्दा बेग्लै गरी निर्वाचित सदनको निर्वाचित सदस्य मानिने छ अथवा यस परिच्छेदका उपपरिच्छेद (३)-का प्रयोजनहरूका लागि मनोनीत सदस्य भएको मानिने छ ।

[1]* * * * *]

**४. विलय भएका स्थितिमा दल परिवर्तनका आधारमा अयोग्यता लागु नहुनु** – (१) सदनका कुनै सदस्यको मूल राजनैतिक दल अन्य कुनै दलमा विलय भएका स्थितिमा अनि उनी तथा उनको मूल राजनैतिक दलका अन्य कुनै सदस्य-

(क) यथासन्दर्भ त्यस्ता अन्य राजनैतिक दलको सदस्य भएको अथवा यस्तो विलयद्वारा गठन भएको नयाँ राजनैतिक दलको सदस्य भएको भनी उनले दाबी गरेका स्थितिमा; अथवा

(ख) विलय स्वीकार नगरेको अनि भिन्न समूहका रूपमा काम गर्ने निर्णय गरेको भनी उनले दाबी गरेका स्थितिमा

[1] संविधान (एकानब्बेऔँ संशोधन) अधिनियम, २००३-का धारा ५-द्वारा-देखि) परिच्छेद ३ त्यक्त।

–उनी परिच्छेद २-का उपपरिच्छेद (१) अन्तर्गत अयोग्य हुने छैनन् अनि यस्तो विलयको समयदेखि यथासन्दर्भ त्यस्ता अन्य राजनैतिक दल अथवा नयाँ राजनैतिक दल अथवा समूह परिच्छेद २-को उपपरिच्छेद (१)-का प्रयोजनहरूका लागि उनी सदस्य रहेको राजनैतिक दल मानिने छ अनि यस उपपरिच्छेदको प्रयोजनका लागि उनको मूल राजनैतिक दल भएको मानिने छ।

(२) सम्बन्धित विधान दलका थोरैमा दुई तिहाइ सदस्य मूल राजनैतिक दलको विलयका लागि सहमत भएका खण्डमा अनि सोही खण्डमा मात्र यस परिच्छेदको उपपरिच्छेद (१)-को प्रयोजनका लागि सदनका सदस्यको मूल राजनैतिक दलको विलय भएको मानिने छ।

**५. छुट**– यस अनुसूचीमा जुनसुकै कुरा भए तापनि लोकसभाका अध्यक्ष अथवा उपाध्यक्ष अथवा राज्यसभाका उपसभापति अथवा कुनै राज्यको विधानपरिषद्का सभापति वा उपसभापति अथवा कुनै राज्यको कुनै विधानसभाका अध्यक्ष वा उपाध्यक्षका पदमा निर्वाचित भएका व्यक्तिले–

(क) यस्ता पदमा निर्वाचित भएका कारण यस्तो निर्वाचनभन्दा तत्काल अघि उनी जुन राजनैतिक दलका सदस्य थिए त्यसको सदस्यता स्वेच्छाले त्याग गरेका खण्डमा अनि यसपछि जबसम्म उनले त्यस्तो पद धारण गर्दछन् तबसम्म उनी सो राजनैतिक दलमा फेरि सामेल नभएका खण्डमा अथवा अन्य कुनै राजनैतिक दलका सदस्य नभएका खण्डमा; अथवा

(ख) यस्ता पदमा निर्वाचित भएका कारण यस्तो निर्वाचनभन्दा तत्काल अघि उनी जुन राजनैतिक दलका सदस्य थिए त्यसको सदस्यता त्यागेर, त्यस्तो पद धारण गर्न छाडेपछि त्यस्ता राजनैतिक दलमा फेरि सामेल भएका खण्डमा,

–उनी यस अनुसूची अन्तर्गत अयोग्य हुने छैनन्।

**६. दल परिवर्तनका आधारमा अयोग्यताका सम्बन्धमा प्रश्नहरूको निर्णय**– (१) सदनका कुनै सदस्य यस अनुसूची अन्तर्गत अयोग्यताका अधीनमा आएका छन् कि छैनन् भन्नेबारे कुनै प्रश्न उठेका खण्डमा सो प्रश्न यस्ता सदनका यथासन्दर्भ सभापति अथवा अध्यक्षको निर्णयका निम्ति निर्देशित गरिने छ अनि उनको निर्णय नै अन्तिम हुने छ:

यद्यपि सदनका सभापति अथवा अध्यक्ष अयोग्यताका अधीनमा आएका छन् कि छैनन् भन्नेबारे प्रश्न उठेका स्थितिमा सदनले निर्णय गर्नाका निम्ति निर्वाचित गरेको सदस्यको निर्णयका निम्ति सो प्रश्न निर्देशित गरिने छ उनको निर्णय नै अन्तिम हुने छ।

(२) यस अनुसूची अन्तर्गत सदनका कुनै सदस्यको अयोग्यताबारे कुनै प्रश्नका सम्बन्धमा यस परिच्छेदका उपपरिच्छेद (१) अन्तर्गत सबै कार्यवाहीहरू यथासन्दर्भ अनुच्छेद १२२-का अर्थमा संसद्का कारबाही अथवा अनुच्छेद २१२-का अर्थमा राज्य विधायिकाका कारबाही हुन् भन्ने मानिने छ।

(दसौँ अनुसूची)

[*]**७. न्यायालयहरूको प्राधिकामाथि रोक**– यस संविधानमा जुनसुकै कुरा भए तापनि यस अनुसूची अन्तर्गत सदनका सदस्यको अयोग्यतासँग सम्बन्धित कुनै पनि विषयका सम्बन्धमा कुनै पनि न्यायालयको क्षेत्राधिकार रहने छैन।

**८. नियम** – (१) यस परिच्छेदको उपपरिच्छेद (२)-का प्रावधानहरूका अधीनमा रही सदनका सभापति वा अध्यक्षले यस अनुसूचीका प्रावधानहरूलाइ प्रभावकारी बनाउन नियम बनाउन सक्ने छन् अनि विशेष रूपमा तथा पूर्वोल्लिखित शक्तिको व्यापकतामाथि प्रतिकूल प्रभाव नपारी यस्ता नियमद्वारा–

(क) सदनका विभिन्न सदस्यहरू सदस्य रहेका कुनै राजनैतिक दल छन् भने ती राजनैतिक दलहरू सम्बन्धी पञ्जिका अनि अन्य अभिलेखको सम्भार;

(ख) सदनका कुनै सदस्यका निम्ति परिच्छेद २-को उपपरिच्छेद (१)-का खण्ड (ख)-मा निर्दिष्ट प्रकृतिको कुनै पनि माफीका सम्बन्धमा त्यस्ता सदस्यका सम्बन्धमा विधान दलका नेताले प्रस्तुत गर्ने प्रतिवेदन, सो प्रतिवेदन प्रस्तुत गरिसक्नुपर्ने समय, अनि जससमक्ष प्रस्तुत गर्नुपर्ने हो ती प्राधिकारी;

(ग) सदनका कुनै पनि सदस्यको कुनै राजनैतिक दलमा प्रवेशका सम्बन्धमा त्यस्ता राजनैतिक दलले प्रस्तुत गर्ने प्रतिवेदन अनि जससमक्ष यस्तो प्रतिवेदन प्रस्तुत गर्नुपर्ने हो त्यस्ता प्राधिकारी;

(घ) परिच्छेद ६-का उपपरिच्छेद (१)-मा निर्दिष्ट कुनै प्रश्नको निर्णय गर्ने प्रयोजनका लागि गरिने कुनै पनि जाँचको प्रक्रिया समाविष्ट भएको सो प्रश्नको निर्णय गर्ने प्रक्रिया,

–को प्रावधान गर्न सकिने छ।

(२) सदनका सभापति अथवा अध्यक्षद्वारा यस परिच्छेदका उपपरिच्छेद (१) अन्तर्गत बनाइएका नियमहरू बनाइएपछि जतिसक्दो छिटो सदन समक्ष मोठ तीस दिनको अवधिका निम्ति प्रस्तुत गरिने छ जुन अवधि एउटा अथवा दुईवटा सत्र अथवा अधिक आनुक्रमिक सत्रहरूमा पुरा हुन सक्ने छ अनि ती नियमहरूलाई पहिल्यै परिमार्जनसहित अथवा परिमार्जनबिनै सदनद्वारा अनुमोदन अथवा अननुमोदन नगरिएका खण्डमा ती नियमहरू तीस दिनको उक्त अवधि समाप्त भएपछि प्रभावकारी हुने छन् अनि यी नियमहरू यस प्रकार अनुमोदित भएका स्थितिमा अनुमोदनपछि यथासन्दर्भ यिनीहरूलाई प्रस्तुत गरिएकै रूपमा अथवा परिमार्जन गरिएका रूपमा प्रभावकारी हुने छन् अनि यी नियमलाई त्यसरी अनुमोदन नगरिएका स्थितिमा यी नियमको कुनै प्रभाव रहने छैन।

(३) सदनका सभापति अथवा अध्यक्षले यथासन्दर्भ अनुच्छेद १०५ अथवा अनुच्छेद १९४-का प्रावधानहरूमाथि अनि उनलाई यस संविधानका आधारमा प्राप्त अन्य कुनै शक्तिमाथि प्रतिकूल प्रभाव नपारी यस परिच्छेद अन्तर्गत बनाइएका नियमहरूको कुनै व्यक्तिद्वारा जानीबुझी गरिएको उल्लङ्घनमाथि सदनको विशेषाधिकार भङ्ग गर्दा जुन रीतिले कारबाही गरिन्छ सोही रीतिले कारबाही गरियोस् भनी निर्देश दिन सक्ने छन्।

---

[*] किहोतो होलोहन बनाम जेचिल्हु र अन्य एआइआर, १९९३ एससी ४१२-मा बहुमत अनुसार अनुच्छेद ३६८-को खण्ड (२)-को उपबन्ध अनुसार अनुमोदनका अभावमा परिच्छेद ७-लाई विधिअमान्य घोषणा गरियो।

# [1][एघारौँ अनुसूची]

(अनुच्छेद २४३ छ)

१. कृषि विस्तार समाविष्ट भएको कृषि।
२. भूमि विकास, भूमि सुधारको कार्यान्वयन, भूमि चकबन्दी अनि भूमि संरक्षण।
३. लघु सिँचाइ, जल प्रबन्धन अनि जल विभाजक क्षेत्रको विकास।
४. पशुपालन, दुग्ध उद्योग अनि कुखुरा पालन।
५. माछा पालन।
६. सामाजिक वन्यीकरण अनि फार्म वन्यीकरण।
७. लघु वन उत्पाद।
८. खाद्य प्रसंस्करण उद्योग समाविष्ट भएको लघु उद्योग।
९. खादी, ग्रामोद्योग अनि कुटीर उद्योगहरू।
१०. ग्रामीण आवास।
११. पिउने पानी।
१२. इन्धन अनि चारो।
१३. सडक, पुलेसो, पुल, नौका, जलमार्ग अनि सञ्चारका अन्य साधनहरू।
१४. बिजुली वितरण समाविष्ट भएको ग्रामीण वैद्युतीकरण।
१५. अपारम्परिक ऊर्जा स्रोत।
१६. गरिबी उन्मूलन कार्यक्रम।
१७. प्राथमिक अनि माध्यमिक विद्यालयहरू समाविष्ट भएको शिक्षा।
१८. तकनिकी प्रशिक्षण अनि व्यावसायिक शिक्षा।
१९. प्रौढ अनि अनौपचारिक शिक्षा।
२०. पुस्तकालयहरू।
२१. सांस्कृतिक क्रियाकलापहरू।
२२. बजार अनि मेलाहरू।
२३. अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र अनि औषधालयहरू समाविष्ट भएको स्वास्थ्य अनि स्वच्छता।
२४. परिवार कल्याण।
२५. महिला अनि बाल विकास।
२६. विकलाङ्ग अनि मानसिक रूपले दुर्बल व्यक्तिहरूको कल्याण समाविष्ट भएको समाज कल्याण।
२७. कमजोर वर्ग अनि विशेष गरी अनुसूचित जाति अनि जनजातिहरूको कल्याण।
२८. सार्वजनिक वितरण प्रणाली।
२९. सामुदायिक सम्पदाहरूको सम्भार।]

---
[1] संविधान (त्रिहत्तरौँ संशोधन) अधिनियम, १९९२-का धारा ४-द्वारा (२४.४.१९९३-देखि) एघारौँ अनुसूची जोडियो।

# [1][बाह्रौँ अनुसूची]

(अनुच्छेद २४३ ब)

१. सहरी योजना समाविष्ट भएको नगर योजना।

२. भूमि उपयोगको विनियमन अनि भवनहरूको निर्माण।

३. आर्थिक अनि सामाजिक विकास योजना।

४. सडक अनि पुलहरू।

५. घरेलु, औद्योगिक अनि वाणिज्यिक प्रयोजनका लागि पानीको आपूर्ति।

६. लोक स्वास्थ्य, सरसफाइ व्यवस्था अनि ठोस फोहोर व्यवस्थापन।

७. अग्निशमन सेवाहरू।

८. शहरी वन्यीकरण, पर्यावरणको संरक्षण अनि पारिस्थितिकीका आयामहरूको सम्बर्द्धन।

९. विकलाङ्ग अनि मानसिक रूपले कमजोर व्यक्तिहरू समाविष्ट भएको समाजका कमजोर वर्गका हितको रक्षा।

१०. झुग्गी बस्तीको सुधार अनि स्तरोन्नयन।

११. सहरी गरिबी उन्मूलन।

१२. सहरी सुखसुविधाहरू जस्तै उद्यान, बगैंचा, खेल मैदानको व्यवस्था।

१३. सांस्कृतिक, शैक्षणिक अनि सौन्दर्यपरक पक्षहरूको संवर्द्धन ।

१४. शव गाड्नु अनि चिहान; शवदाह अनि शवदाह स्थलहरू अनि विद्युत शवदाह गृह।

१५. बेवारिसे पशु थुन्ने खोर; पशुहरूप्रतिको क्रूरताको निवारण।

१६. जन्म अनि मृत्यु पञ्जीकरण समाविष्ट भएको जन्म-मृत्युको साङ्ख्यिकी।

१७. सडकहरूमा बत्ती, पार्किङ स्थल, बस बिसौनी अनि जन सुविधाहरू समाविष्ट भएका सार्वजनिक सुख सुविधाहरू।

१८. वधशालाहरू अनि चर्मशोधनशालाहरूको विनियमन।]

[1] संविधान (चौहत्तरौँ संशोधन) अधिनियम, १९९२-का धारा ४-द्वारा (१.४.१९९३-देखि) बाह्रौँ अनुसूची जोडियो।।

# परिशिष्ट १

## संविधान (एक सयौँ संशोधन) अधिनियम, २०१५

**[२८ मे, २०१५]**

**भारत सरकार अनि बङ्गलादेश सरकारमाझ भएको सम्झौता र त्यसको प्रोटोकल अनुसार भारतद्वारा राज्यक्षेत्रहरूको अर्जन अनि केही राज्यक्षेत्रहरूको बङ्गलादेशमा अन्तरणलाई प्रभावकारी बनाउन भारतको संविधानलाई थप संशोधन गर्ने एउटा अधिनियम।**

भारतीय गणतन्त्रको छयसट्ठिऔँ वर्षमा संसद्द्वारा यसको निम्नानुसार अधिनियमन होस्: –

१. **सङ्क्षिप्त नाम-** यस अधिनियमलाई संविधान (सयौँ संशोधन) अधिनियम, २०१५ भनिने छ।

२. **परिभाषाहरू-** यस अधिनियममा–

(क) ''अर्जित राज्यक्षेत्र'' पदावलीले भारत बङ्गलादेश सम्झौता र यसको प्रोटोकलमा समाविष्ट अनि खण्ड (ग)-मा निर्दिष्ट सम्झौता अनि प्रोटोकलअनुसार भारतद्वारा बङ्गलादेशबाट अर्जन गर्ने प्रयोजनका लागि सीमाङ्कन गरिएका पहिलो अनुसूचीमा निर्दिष्ट गरिएजति राज्यक्षेत्रहरू बुझाउँछ।

(ख)* ''तोकिएको दिन'' पदावलीले पहिलो अनि दोस्रो अनुसूचीमा निर्दिष्ट गरे अनुसार भारत बङ्गलादेश सम्झौता अनि त्यसको प्रोटोकल अनुसार बङ्गलादेशबाट राज्यक्षेत्रहरूको अर्जन र बङ्गलादेशलाई राज्यक्षेत्रहरूको अन्तरण गरिएपछि अनि सो प्रयोजनका लागि सीमाङ्कन गरिएपछि यस प्रकार अर्जन र अन्तरण गरिएको मिति भनी केन्द्र सरकारले राजपत्रमा अधिसूचनाद्वारा तोकेको मिति बुझाउँछ।

(ग) ''भारत-बङ्गलादेश सम्झौता'' पदावलीले भारत र बङ्गलादेशबिचका भूमि सीमाको सीमाङ्कन र सम्बन्धित मामिलाहरूका सम्बन्धमा भारत गणराज्य र बङ्गलादेश जनवादी गणराज्य सरकारमाझ मे १६, १९७४-का दिन भएको सम्झौता, २६ दिसम्बर १९७४, ३० दिसम्बर १९७४, ७ अक्टोबर १९८२, २६-मार्च १९९२-का दिन भएको चिट्ठी पत्रहरूको आदानप्रदान र ६ सेप्टेम्बर २०११-का दिन भारत र बङ्गलादेशका सरकारमाझ भएको उक्त सम्झौताको प्रोटोकल बुझाउँछ जसका सान्दर्भिक उद्धरणहरू तेस्रो अनुसूचीमा राखिएका छन्;

---

* ३१ जुलाई २०१५, सूचना क्रमाङ्क वि.आ. २०९४ (अ) , मिति ३१ जुलाई, २०१५।

(परिशिष्ट १)

(घ) "अन्तरित राज्यक्षेत्र" पदावलीले भारत बङ्गलादेश सम्झौता र यसका प्रोटोकलमा समाविष्ट अनि खण्ड (ग)-मा निर्दिष्ट सम्झौता अनि प्रोटोकल अनुसार भारतद्वारा बङ्गलादेशमा अन्तरण गर्ने प्रयोजनका लागि सीमाङ्कन गरिएका पहिलो अनुसूचीमा निर्दिष्ट गरिए जति राज्यक्षेत्रहरू बुझाउँछ।

**३. संविधानको पहिलो अनुसूचीको संशोधन-** संविधानको पहिलो अनुसूचीमा तोकिएको दिनदेखि नै–

(क) असम राज्यका राज्यक्षेत्रहरूसँग सम्बन्धित परिच्छेदमा "अनि संविधान (नवौँ संशोधन) अधिनियम, १९६०-को धारा ३-का खण्ड (क)-मा जुनसुकै कुरा भए तापनि संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को दोस्रो अनुसूचीका भाग १-मा निर्दिष्ट राज्यक्षेत्रहरूसँग सम्बन्धित रहेसम्म सो संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को दोस्रो अनुसूचीको भाग १-मा निर्दिष्ट राज्यक्षेत्रहरू'' शब्द, बन्धनी र सङ्ख्याहरू अन्तमा जोडिने छन्;

(ख) पश्चिम बङ्गाल राज्यका राज्यक्षेत्रहरूसँग सम्बन्धित परिच्छेदमा "अनि संविधान (नवौँ संशोधन) अधिनियम, १९६०-को धारा ३-का खण्ड (क)-मा जुनसुकै कुरा भए तापनि संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को पहिलो अनुसूचीका भाग ३ अनि दोस्रो अनुसूचीका भाग ३-मा निर्दिष्ट राज्यक्षेत्रहरूसँग सम्बन्धित रहेसम्म सो संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को दोस्रो अनुसूचीका भाग ३-मा निर्दिष्ट राज्यक्षेत्रहरूबाहेक पहिलो अनुसूचीका भाग ३-मा निर्दिष्ट राज्यक्षेत्रहरू पनि'' शब्द, बन्धनी र सङ्ख्याहरू अन्तमा जोडिने छन्;

(ग) मेघालय राज्यका राज्यक्षेत्रहरूसँग सम्बन्धित परिच्छेदमा "अनि संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को दोस्रो अनुसूचीका भाग २-मा निर्दिष्ट राज्यक्षेत्रहरूबाहेक पहिलो अनुसूचीका भाग २-मा निर्दिष्ट राज्यक्षेत्रहरू'' शब्द, बन्धनी र सङ्ख्याहरू अन्तमा जोडिने छन्;

(घ) त्रिपुरा राज्यका राज्यक्षेत्रहरूसँग सम्बन्धित परिच्छेदमा "अनि संविधान (नवौँ संशोधन) अधिनियम, १९६०-को धारा ३-का खण्ड (घ)-मा जुनसुकै कुरा भए तापनि संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को पहिलो अनुसूचीका भाग २-मा निर्दिष्ट राज्यक्षेत्रहरूसँग सम्बन्धित रहेसम्म सो संविधान (सयौँ संशोधन) अधिनियम, २०१५-को पहिलो अनुसूचीका भाग २-मा निर्दिष्ट राज्यक्षेत्रहरू'' शब्द, बन्धनी र सङ्ख्याहरू अन्तमा जोडिने छन्।

(परिशिष्ट १)

# पहिलो अनुसूची

[धारा २(क), २(ख) अनि ३ हेर्नु होस्]

## भाग १

१६ मे १९७४-को सम्झौताको अनुच्छेद २ अनि ६ सेप्टेम्बर २०११-को प्रोटोकलको अनुच्छेद ३ (१) ख (ii) (iii) (iv) (v)-का सम्बन्धमा अर्जित राज्यक्षेत्र।

## भाग २

१६ मे १९७४-को सम्झौताको अनुच्छेद २ अनि ६ सेप्टेम्बर, २०११-को प्रोटोकलको अनुच्छेद ३ (१) ग (i)-का सम्बन्धमा अर्जित राज्यक्षेत्र।

## भाग ३

१६ मे १९७४-को सम्झौताका अनुच्छेद १(१२) अनि अनुच्छेद २ तथा ६ सेप्टेम्बर, २०११-को प्रोटोकलका अनुच्छेद २ (२), ३ (१) (क) (iii) (iv) (v) (vi)-का सम्बन्धमा अर्जित राज्यक्षेत्र।

# दोस्रो अनुसूची

[धारा २(ख), २(घ) अनि धारा ३ हेर्नु होस्]

## भाग १

१६ मे १९७४-को सम्झौताका अनुच्छेद २ अनि ६ सेप्टेम्बर २०११-को प्रोटोकलका अनुच्छेद ३ (१) (घ) (i) (ii)-का सम्बन्धमा अन्तरित राज्यक्षेत्र।

## भाग २

१६ मे १९७४-को सम्झौताको अनुच्छेद २ अनि ६ सेप्टोम्बर, २०११-को प्रोटोकलको अनुच्छेद ३ (१) (ख) (i)-का सम्बन्धमा अन्तरित राज्यक्षेत्र।

## भाग ३

१६ मे १९७४-को सम्झौताका अनुच्छेद १(१२) अनि २ अनि ६ सेप्टेम्बर २०११-को प्रोटोकलका अनुच्छेद २(२) ३(१) (क) (i) (ii) (vi)-का सम्बन्धमा अन्तरित राज्यक्षेत्र।

(परिशिष्ट १)

# तेस्रो अनुसूची

[धारा २(ग) हेर्नु होस्]

## १. भारत गणराज्यको सरकार अनि बङ्गलादेश जनवादी सरकारकामाझ भारत अनि बङ्गलादेशबिच भूमि सीमाको सीमाङ्कन तथा सम्बन्धित विषयहरूका सम्बन्धमा १६ मे १९७४-मा भएको सम्झौताबाट उद्धरण।

अनुच्छेद १(१२): अन्तः क्षेत्रहरू

परिच्छेद १४-मा उल्लिखितत अन्तः क्षेत्रहरूबाहेक बङ्गलादेशमा रहेका भारतीय अन्तः क्षेत्रहरू अनि भारतमा रहेका बङ्गलादेशका अन्तः क्षेत्रहरूलाई बङ्गलादेशका भागमा पर्ने अतिरिक्त क्षेत्रका लागि कुनै प्रकारका क्षतिपूर्तिको माग नगरी शीघ्रातिशीघ्र आदान प्रदान गर्नु पर्ने छ।

अनुच्छेद २:

जुन राज्यक्षेत्रहरूका सम्बन्धमा सीमापट्टी मानचित्र तयार गरिसकिएको छ ती अघिबाट नै सीमाङ्कित क्षेत्रमा प्रतिकूल आधिपत्यमा रहेका राज्यक्षेत्रहरू पूर्णाधिकारीहरूद्वारा सीमाङ्कन मानचित्रमा हस्ताक्षर गरिएको ६ महिनाभित्र आदानप्रदान गरिने छ भन्ने कुरामा भारत सरकार अनि बङ्गलादेश सरकार सहमत छन्। उनीहरूले सो सम्बन्धित मानचित्रमा जतिसक्दो चाँडो अनि कुनै पनि स्थितिमा ३१ डिसम्बर १९७४ भन्दा ढिला नगरी हस्ताक्षर गर्न सक्ने छन्। अघिबाट नै सीमाङ्कन भइसकेका अन्य क्षेत्रहरूका मानचित्रहरूको मुद्रण गर्नाका निम्ति शीघ्र उपाय गरिने छ। यी क्षेत्रहरूमा प्रतिकूल रूपमा रहेका आधिपत्यको आदानप्रदान ३१ दिसम्बर १९७५ भित्र गर्न सकियोस् भन्ने उद्देश्यले यी मानचित्रहरू ३१ मे १९७५ भित्र मुद्रित भएको हुनु पर्दछ अनि त्यसपछि त्यसमा पूर्णाधिकारीहरूद्वारा हस्ताक्षर गरिएको हुनु पर्दछ। सीमाङ्कन गर्न बाँकी रहेका सेक्टरहरूसँग सम्बन्धित सीमापट्टीका मानचित्रहरूमा पूर्णाधिकारीहरूद्वारा हस्ताक्षर गरिएको ६ महीनाभित्र ती सेक्टरहरूमा राज्यक्षेत्रीय क्षेत्राधिकारको अन्तरण हुन सक्ने छ।

## २. भारत गणराज्यको सरकार अनि बङ्गलादेश जनवादी सरकारमाझ भारत अनि बङ्गलादेशबिच भूमि सीमाको सीमाङ्कन तथा सम्बन्धित विषयहरूका सम्बन्धमा १६ मे १९७४-मा भएको सम्झौताका प्रोटोकलबाट उद्धरण

अनुच्छेद २ :

(२)१९७४-को सम्झौताका अनुच्छेद १, खण्ड १२-लाई निम्न प्रकार कार्यान्वित गरिने छः-

(परिशिष्ट १)

*अन्तः क्षेत्रहरू*

संयुक्त रूपले सत्यापित अनि डी.जी.एल.आर र एस., बङ्गलादेश अनि डी.एल.आर. र एस., पश्चिम बङ्गाल (भारत)-का स्तरमा अप्रिल १९९७-मा हस्ताक्षर गरिएको भू-कर (केडेस्ट्रल) अन्तःक्षेत्र(एन्क्लेभ)-मानचित्रहरूअनुसार बङ्गलादेशभित्रका १११ भारतीय अन्तःक्षेत्रहरू अनि भारतभित्रका ५१ बङ्गलादेश अन्तःक्षेत्रहरूलाई बङ्गलादेशका भागमा पर्ने अतिरिक्त क्षेत्रका लागि कुनै प्रकारका क्षतिपूर्तिको माग नगरी आदान प्रदान गरिने छ।

अनुच्छेद ३.

(I) १९७४-को सम्झौताका अनुच्छेद २-लाई निम्न प्रकार कार्यान्वित गरिने छ:

संयुक्त सर्वेक्षणका माध्यमबाट निर्धारित गरिए अनुसार अनि डिसम्बर २०१० र अगस्त २०११ बिच भारत र बङ्गलादेश दुवै देशको भू-अभिलेख र सर्वेक्षण विभागहरूद्वारा अन्तिम रूप दिइएको आआफ्नो प्रतिकूल आधिपत्य भू-क्षेत्र सूचक मानचित्र (एपिएल मानचित्र)-मा पूर्णतया चित्रित गरिए अनुसार प्रतिकूल आधिपत्यमा रहेका राज्यक्षेत्रहरूका लागि एउटा निश्चित सीमाका रूपमा सीमारेखा कोरिने छ भन्ने कुरामा भारत सरकार अनि बङ्गलादेश सरकार सहमत छन् जसबारे तल खण्ड (क)-बाट खण्ड (घ)-सम्म पूर्णतया वर्णन गरिएको छ।

सान्दर्भिक सीमापट्टी मानचित्रहरूलाई मुद्रित गरिने छ अनि त्यसमा पूर्णाधिकारीहरूद्वारा हस्ताक्षर गरिने छ तथा राज्यक्षेत्रीय अधिकारक्षेत्रको अन्तरण अन्तः क्षेत्रको आदानप्रदान सँगसँगै पूर्ण गरिने छ। माथि वर्णन गरिएका सूचक मानचित्रमा चित्रित गरिएका सीमाको सीमाङ्कन निम्न प्रकार गरिने छ :-

**(क) पश्चिम बङ्गाल सेक्टर**

*(i) बौसमारी- मधुगरी (कुस्तिया नदिया) क्षेत्र*

जुन २०११-मा गरिएको संयुक्त सर्वेक्षण अनि सहमतिअनुसार १९६२-को चकबन्दी मानचित्रमा चित्रित गरिए अनुसार विद्यमान सीमा स्तम्भ सङ्ख्याहरू १५४/५-एस देखि १५७/१-एस हुँदै माथाभङ्गा नदीको पुरानो गतिपथको मध्यबिन्दुसम्म सीमाङ्कन गरिने छ।

(ii) *अन्धरकोटा (कुस्तिया नदिया) क्षेत्र*

जुन २०११-मा गरिएको संयुक्त सर्वेक्षण अनि सम्झौता अनुसार विद्यमान सीमा स्तम्भ सङ्ख्याहरू १५२/५-एस देखि १५३/१-एस हुँदै विद्यमान माथाभङ्गा नदीका किनारासम्म सीमाङ्कन गरिने छ।

*(iii)* *पकुरिया (कुस्तिया नदिया) क्षेत्र*

जुन २०११-मा गरिएको संयुक्त सर्वेक्षण अनि सम्झौता अनुसार विद्यमान सीमा स्तम्भ सङ्ख्या १५१/१-एस देखि स्तम्भ सङ्ख्या १५२/२-एस हुँदै माथाभङ्गा नदीका किनारासम्म सीमाङ्कन गरिने छ।

*(iv)* *चर महिषकुन्डी (कुस्तिया नदिया) क्षेत्र*

जुन २०११-मा गरिएको संयुक्त सर्वेक्षण अनि सम्झौता अनुसार विद्यमान सीमा स्तम्भ सङ्ख्या १५३/१-एस देखि स्तम्भ सङ्ख्या १५२/९-एस हुँदै माथाभङ्गा नदीका किनारासम्म सीमाङ्कन गरिने छ।

*(v)* *हरिपाल/खुटादाह/बटोली/सपामेरी/एलएन पुर(पटारी) (नवगाँउ-मालदा) क्षेत्र*

जुन २०११-मा गरिएको संयुक्त सर्वेक्षण अनि सम्झौता अनुसार विद्यमान सीमा स्तम्भ सङ्ख्या २४२/एस/१३-देखि स्तम्भ सङ्ख्या २४३/७-एस/५-लाई जोड्ने रेखाका रूपमा सीमाङ्कन गरिने छ।

(ii) *बेरूबारी (पन्चगढ-जलपाइगुडी क्षेत्र)*

बङ्गलादेशका प्रतिकूल आधिपत्यमा रहेका बेरुबारी (पञ्चगढ-जलपाइगडी) अनि भारतका प्रतिकूल आधिपत्यमा रहेका बेरुबारी अनि सिंहपाडा-खुदीपाडा (पञ्चगढ-जलपाइगडी)-मा १९९६-१९९८ भित्र संयुक्त रूपमा गरिएको सीमाङ्कन अनुसार सीमाङ्कन गरिने छ।

**(ख) मेघालय सेक्टर**

*(i) लोबाचेरा-नुनचेरा*

डिसम्बर २०१०-मा गरिएको संयुक्त सर्वेक्षण अनि सम्झौता अनुसार लैलुङ-बलिचेरामा विद्यमान सीमा स्तम्भ सङ्ख्या १३१५/४-एसदेखि सीमा स्तम्भ सङ्ख्या १३१५/१५-एससम्म, लैलुङ-नुनचेरामा सीमा स्तम्भ सङ्ख्या १३१६/१-एसदेखि सीमा स्तम्भ सङ्ख्या १३१६/११-एससम्म, लैलुङ-लाहिलिङमा सीमा स्तम्भ सङ्ख्या १३१७-देखि सीमा स्तम्भ सङ्ख्या १३१७/१३-एससम्म अनि लैलुङ-लोभाचेरामा सीमा स्तम्भ सङ्ख्या १३१८/१-एसदेखि सीमा स्तम्भ सङ्ख्या १३१८/२-एस हुँदै चियाबगानहरूका किनारासम्म सीमाङ्कन गरिने छ।

*(ii) पिरदिवह / पडुवा क्षेत्र*

संयुक्त रूपमा गरिएको सर्वेक्षण र परस्पर सहमति अनुसार विद्यमान सीमा स्तम्भ सङ्ख्या १२७०/१-एसदेखि सीमा स्तम्भ सङ्ख्या १२७१/१-टीसम्म सीमाङ्कन गरिने छ। *पिरदिवह* गाउँका भारतीय नागरिकहरूलाई सहमति गरिएका मानचित्रको बिन्दु सङ्ख्या ६ नजिकैको पियाङ नदीबाट पानी चलाउने अनुमति दिइने छ भन्ने कुरामा पक्षकारहरू सहमत छन्।

*(iii) लिङ्खट क्षेत्र*

*(कक) लिङ्खट-I/कुलुमचेर्रा अनि लिङ्खटII/कुलुमचेर्रा*

संयुक्त रूपमा गरिएको सर्वेक्षण र परस्पर सहमतिअनुसार सीमा स्तम्भ सङ्ख्या १२६४/४-एसदेखि सीमा स्तम्भ सङ्ख्या १२६५ अनि बिपी सङ्ख्या १२६५/६-एसदेखि १२६५/९-एससम्म सीमाङ्कन गरिने छ।

*(कख) लिङ्खट-III /सोनारहाट*

विद्यमान सीमा स्तम्भ सङ्ख्या १२६६/१३-एसदेखि दक्षिण दिशाको नालासँगसँगै सो नाला पूर्व पश्चिम दिशामा अर्को नालासँग नमिलेसम्म सीमाङ्कन गरिने छ, त्यसपछि सो सीमारेखा पूर्व दिशामा नालाको उत्तरी किनार हुँदै सो सीमारेखा सन्दर्भ स्तम्भ सङ्ख्या १२६७/४-आर-बी अनि १२६७/३-आर-आइको उत्तरमा विद्यमान अन्तरराष्ट्रिय सीमारेखासँग नमिलेसम्म अघि बढ्ने छ।

*(iv) दौकी/तामाविल क्षेत्र*

विद्यमान स्तम्भ सङ्ख्या १२७५/१-एसदेखि सीमा स्तम्भ सङ्ख्या १२७५/७-एसलाई जोड्ने एउटा सरल रेखाका रूपमा सीमाङ्कन गरिने छ। पक्षकारहरू यस क्षेत्रमा 'शून्य रेखा'-मा बार लगाउन सहमत छन्।

*(v) नलजुरी/ श्रीपुर क्षेत्र*

*(कक) नलजुरी I*

सीमारेखा, दक्षिण दिशामा विद्यमान सीमा स्तम्भ सङ्ख्या १२७७/२-एसदेखि सीमा स्तम्भ सङ्ख्या १२७७/५-टीबाट बग्ने नालासँग नमिलेसम्म सीमा पट्टी मानचित्र सङ्ख्या १६६-मा देखाए अनुसार तीन भू-खण्डसम्मको रेखा हुने छ, त्यसपछि सो सीमारेखा दक्षिण दिशामा नालाको पश्चिमी किनारसँगसँगै बङ्गलादेश तर्फका दुईवटा भू-खण्डसम्म अघि बढ्ने छ, त्यसपछि सो सीमारेखा पूर्वतर्फ सीमा स्तम्भ सङ्ख्या १२७७/२-एसदेखि दक्षिण दिशामा सीमाङ्कन गरिएको रेखासँग नमिलेसम्म अघि बढ्ने छ।

*(कख) नलजुरी III*

विद्यमान सीमा स्तम्भ सङ्ख्या १२७८/२-एसदेखि सीमा स्तम्भ सङ्ख्या १२७९/३-एससम्म एउटा सरल रेखाका रूपमा सीमाङ्कन गरिने छ।

*(vi) मुक्तापुर/ डिबिर हावर क्षेत्र*

भारतीय नागरिकहरू काली मन्दिर जान पाउने छन् भन्ने कुरामा दुवै पक्षकारहरू सहमत छन् अनि उनीहरूलाई मुक्तापुरतिरका तटबाट मुक्तापुर/डिबिर हावर क्षेत्रमा भएका जलाशयबाट पानी ल्याउने र माछा मार्ने अधिकारहरूको प्रयोग गर्ने पनि अनुमति दिइने छ।

**(ग) त्रिपुरा सेक्टर**

*त्रिपुरा/मौलवी बजार सेक्टरमा रहेको चन्दननगर- चम्पाराई चिया बगान क्षेत्र*

जुलाई २०११-को संयुक्त सर्वेक्षण अनि सम्झौता अनुसार सोनाराईचेरा नदीसँगसँगै विद्यमान सीमा स्तम्भ सङ्ख्या १९०४-बाट सीमा स्तम्भ सङ्ख्या १९०५-सम्म सीमाङ्कन गरिने छ।

**घ. असम सेक्टर**

*(i) असम सेक्टरमा रहेका कालाबारी (बोराइबारी) क्षेत्र*

अगस्त २०११-को संयुक्त सर्वेक्षण अनि सम्झौता अनुसार विद्यमान सीमा स्तम्भ सङ्ख्या १०६६/२४-टीदेखि सीमा स्तम्भ सङ्ख्या १०६७/१६-टीसम्म सीमाङ्कन गरिने छ।

*(ii) असम सेक्टरमा रहेका पल्लाथल क्षेत्र*

विद्यमान सीमा स्तम्भ सङ्ख्या १३७०/३-एसदेखि सीमा स्तम्भ सङ्ख्या १३७१/६-एस हुँदै चियाबगानको बाहिरी किनार हुँदै पान बगान क्षेत्रको बाहिरी किनारसँगसँगै सीमा स्तम्भ सङ्ख्या १३७२-देखि सीमा स्तम्भ सङ्ख्या १३७३/२-एससम्म सीमाङ्कन गरिने छ।

## III. दिनाङ्क १६ मई १९७४-को सम्झौताको अनुच्छेद १(१२) अनि दिनाङ्क ६ सितम्बर २०११-को सम्झौताका प्रोटोकल अनुसार भारत अनि बङ्गलादेशमाझ अन्त:क्षेत्रहरूको आदानप्रदानको सूची

**क. क्षेत्रफलसहित बङ्गलादेशमा रहेका आदानप्रदान योग्य भारतीय अन्त:क्षेत्रहरू**

| क्रम. सं० | छिटका नाम | छिट सं० | बङ्गलादेशका पुलिस स्टेसन क्षेत्रभित्र स्थित | पश्चिम बङ्गालका पुलिस स्टेसन क्षेत्रभित्र स्थित | क्षेत्रफल एकडमा |
|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 |
| *क. स्वतन्त्र छिटसहितका अन्त: क्षेत्रहरू* | | | | | |
| 1. | गराटी | ७५ | पोचागर | हल्दिबारी | ५८.२३ |
| 2. | गराटी | ७६ | पोचागर | हल्दिबारी | ०.७९ |
| 3. | गराटी | ७७ | पोचागर | हल्दिबारी | १८ |
| 4. | गराटी | ७८ | पोचागर | हल्दिबारी | ९५८.६६ |
| 5. | गराटी | ७९ | पोचागर | हल्दिबारी | १.७४ |
| 6. | गराटी | ८० | पोचागर | हल्दिबारी | ७३.७५ |
| 7. | बिङ्गिमारी भाग-I | ७३ | पोचागर | हल्दिबारी | ६.०७ |

# भारतको संविधान

(परिशिष्ट १)

| 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|
| 8. | नजिरगन्ज | ४१ | बोडा | हल्दिबारी | ५८.३२ |
| 9. | नजिरगन्ज | ४२ | बोडा | हल्दिबारी | ४३४.२९ |
| 10. | नजिरगन्ज | ४४ | बोडा | हल्दिबारी | ५३.४७ |
| 11. | नजिरगन्ज | ४५ | बोडा | हल्दिबारी | १.०७ |
| 12. | नजिरगन्ज | ४६ | बोडा | हल्दिबारी | १७.९५ |
| 13. | नजिरगन्ज | ४७ | बोडा | हल्दिबारी | ३.८९ |
| 14. | नजिरगन्ज | ४८ | बोडा | हल्दिबारी | ७३.२७ |
| 15. | नजिरगन्ज | ४९ | बोडा | हल्दिबारी | ४९.०५ |
| 16. | नजिरगन्ज | ५० | बोडा | हल्दिबारी | ५.०५ |
| 17. | नजिरगन्ज | ५१ | बोडा | हल्दिबारी | ०.७७ |
| 18. | नजिरगन्ज | ५२ | बोडा | हल्दिबारी | १.०४ |
| 19. | नजिरगन्ज | ५३ | बोडा | हल्दिबारी | १.०२ |
| 20. | नजिरगन्ज | ५४ | बोडा | हल्दिबारी | ३.८७ |
| 21. | नजिरगन्ज | ५५ | बोडा | हल्दिबारी | १२.१८ |
| 22. | नजिरगन्ज | ५६ | बोडा | हल्दिबारी | ५४.०४ |
| 23. | नजिरगन्ज | ५७ | बोडा | हल्दिबारी | ८.२७ |
| 24. | नजिरगन्ज | ५८ | बोडा | हल्दिबारी | १४.२२ |
| 25. | नजिरगन्ज | ६० | बोडा | हल्दिबारी | ०.५२ |
| 26. | पुटिमारी | ५९ | बोडा | हल्दिबारी | १२२.८ |
| 27. | दैखाता छट | ३८ | बोडा | हल्दिबारी | ४९९.२१ |
| 28. | सालबारी | ३७ | बोडा | हल्दिबारी | ११८८.९३ |
| 29. | काजल दिघी | ३६ | बोडा | हल्दिबारी | ७७१.४४ |
| 30. | नटकटोका | ३२ | बोडा | हल्दिबारी | १६२.२६ |
| 31. | नटकटोका | ३३ | बोडा | हल्दिबारी | ०.२६ |
| 32. | बेवलाडाँगा छट | ३५ | बोडा | हल्दिबारी | ०.८३ |
| 33. | बलापाडा इगराबार | ३ | देवीगन्ज | हल्दिबारी | १७५२.४४ |
| 34. | बडा खानकिखरिजा चितलदह | ३० | दिमला | हल्दिबारी | ७.७१ |

| 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|
| 35. | बडा खानकिखरिजा चितलदहा | २९ | दिमला | हल्दिबारी | ३६.८३ |
| 36. | बराखनगिर | २८ | दिमला | हल्दिबारी | ३०.५३ |
| 37. | नगरजिकोबारी | ३१ | दिमला | हल्दिबारी | ३३.४१ |
| 38. | कुचलिबारी | २६ | पटग्राम | मेकलिगन्ज | ५.७८ |
| 39. | कुचलिबारी | २७ | पटग्राम | मेकलिगन्ज | २.०४ |
| 40 | बडा कुचलिबारी | थाना मेकलिगन्जको जे.एल. १०७ -को अंश | पटग्राम | मेकलिगन्ज | ४.३५ |
| 41. | जमालदह-बलपुखारी | ६ | पटग्राम | मेकलिगन्ज | ५.२४ |
| 42. | उपनचौकी कुचलिबारी | ११५/२ | पटग्राम | मेकलिगन्ज | ०.३२ |
| 43. | उपनचौकी कुचलिबारी | ७ | पटग्राम | मेकलिगन्ज | ४४.०४ |
| 44. | भोथनरी | ११ | पटग्राम | मेकलिगन्ज | ३६.८३ |
| 45. | बलपुखारी | ५ | पटग्राम | मेकलिगन्ज | ५५.९१ |
| 46. | बाराखानगिर | ४ | पटग्राम | मेकलिगन्ज | ५०.५१ |
| 47. | बाराखानगिर | ९ | पटग्राम | मेकलिगन्ज | ८७.४२ |
| 48. | छठ बगडोकरा | १० | पटग्राम | मेकलिगन्ज | ४१.७ |
| 49. | रतनपुर | ११ | पटग्राम | मेकलिगन्ज | ५८.९१ |
| 50. | बगडोकरा | १२ | पटग्राम | मेकलिगन्ज | २५.४९ |
| 51. | फुलकेर डाबरी | थाना मेकलिगन्जको जे.एल. १०७-को अंश | पटग्राम | मेकलिगन्ज | ०.८८ |

(परिशिष्ट १)

| 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|
| 52. | खरखरिया | १५ | पटग्राम | मेकलिगन्ज | ६०.७४ |
| 53. | खरखरिया | १३ | पटग्राम | मेकलिगन्ज | ५१.६२ |
| 54. | लोटामारी | १४ | पटग्राम | मेकलिगन्ज | ११०.९२ |
| 55. | भूतबारी | १६ | पटग्राम | मेकलिगन्ज | २०५.४६ |
| 56. | कोमट चेङ्गाबन्धा | १६ए | पटग्राम | मेकलिगन्ज | ४२.८ |
| 57. | कोमट चेङ्गाबन्धा | १७ए | पटग्राम | मेकलिगन्ज | १६.०१ |
| 58. | पानिसाला | १७ | पटग्राम | मेकलिगन्ज | १३७.६६ |
| 59. | द्वारिकामारी खासवास | १८ | पटग्राम | मेकलिगन्ज | ३६.५ |
| 60. | पानिसाला | १५३/पी | पटग्राम | मेकलिगन्ज | ०.२७ |
| 61. | पानिसाला | १५३/ओ | पटग्राम | मेकलिगन्ज | १८.०१ |
| 62. | पानिसाला | १९ | पटग्राम | मेकलिगन्ज | ६४.६३ |
| 63. | पानीसाला | २ | पटग्राम | मेकलिगन्ज | ५१.४ |
| 64. | लोटामारी | २० | पटग्राम | मेकलिगन्ज | २८३.५३ |
| 65. | लोटामारी | २२ | पटग्राम | मेकलिगन्ज | ९८.८५ |
| 66. | द्वारिकामारी | २३ | पटग्राम | मेकलिगन्ज | ३९.५२ |
| 67. | द्वारिकामारी | २५ | पटग्राम | मेकलिगन्ज | ४५.७३ |
| 68. | छट भोथाट | २४ | पटग्राम | मेकलिगन्ज | ५६.११ |
| 69. | बाकाटा | १३१ | पटग्राम | हाथभङ्गा | २२.३५ |
| 70. | बाकाटा | १३२ | पटग्राम | हाथभङ्गा | ११.९६ |
| 71. | बाकाटा | १३० | पटग्राम | हाथीभङ्गा | २०.४८ |
| 72. | भोग्रामगुडी | १३३ | पटग्राम | हाथीभङ्गा | १.४४ |
| 73. | चेनाकाटा | १३४ | पटग्राम | मेकलिगन्ज | ७.८१ |
| 74. | बाँसकाटा | ११९ | पटग्राम | माथाभङ्गा | ४१३.८१ |
| 75. | बाँसकाटा | १२० | पटग्राम | माथाभङ्गा | ३०.७५ |
| 76. | बाँसकाटा | १२१ | पटग्राम | माथाभङ्गा | १२.१५ |
| 77. | बाँसकाटा | ११३ | पटग्राम | माथाभङ्गा | ५७.८६ |
| 78. | बाँसकाटा | ११२ | पटग्राम | माथाभङ्गा | ३१५.०४ |
| 79. | बाँसकाटा | ११४ | पटग्राम | माथाभङ्गा | ०.७७ |

(परिशिष्ट १)

| 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|
| 80. | बाँसकाटा | ११५ | पटग्राम | माथाभङ्गा | २९.२ |
| 81. | बाँसकाटा | १२२ | पटग्राम | माथाभङ्गा | ३३.२२ |
| 82. | बाँसकाटा | १२७ | पटग्राम | माथाभङ्गा | १२.७२ |
| 83. | बाँसकाटा | १२८ | पटग्राम | माथाभङ्गा | २.३३ |
| 84. | बाँसकाटा | ११७ | पटग्राम | माथाभङ्गा | २.५५ |
| 85. | बाँसकाटा | ११८ | पटग्राम | माथाभङ्गा | ३०.९८ |
| 86. | बाँसकाटा | १२५ | पटग्राम | माथाभङ्गा | ०.६४ |
| 87. | बाँसकाटा | १२६ | पटग्राम | माथाभङ्गा | १.३९ |
| 88. | बाँसकाटा | १२९ | पटग्राम | माथाभङ्गा | १.३७ |
| 89. | बाँसकाटा | ११६ | पटग्राम | माथाभङ्गा | १६.९६ |
| 90. | बाँसकाटा | १२३ | पटग्राम | माथाभङ्गा | २४.३७ |
| 91. | बाँसकाटा | १२४ | पटग्राम | माथाभङ्गा | ०.२८ |
| 92. | गोटामारी छिट | १३५ | हातीबन्धा | सितलकुची | १२६.५९ |
| 93. | गोटामारी छिट | १३६ | हातीबन्धा | सितलकुची | २०.०२ |
| 94. | बनापचाई | १५१ | लालमोनिर हाट | दिनहाटा | २१७.२९ |
| 95. | बनापचाई भीतरकुठी | १५२ | लालमोनिर हाट | दिनहाटा | ८१.७१ |
| 96. | दसिआर छारा | १५० | फुलबारी | दिनहाटा | १६४३.४४ |
| 97. | दकुरहाट-दकिनिरकुठी | १५६ | कुरिग्राम | दिनहाटा | १४.२७ |
| 98. | कलामती | १४१ | भुरुङ्गमारी | दिनहाटा | २१.२१ |
| 99. | भाहोबगन्ज | १५३ | भुरुङ्गमारी | दिनहाटा | ३१.५८ |
| 100. | बाओतिकुरसा | १४२ | भुरुङ्गमारी | दिनहाटा | ४५.६३ |
| 101. | बरा कोआचुल्का | १४३ | भुरुङ्गमारी | दिनहाटा | ३९.९९ |
| 102. | गावचुल्का II | १४७ | भुरुङ्गमारी | दिनहाटा | ०.९ |
| 103. | गावचुल्का I | १४६ | भुरुङ्गमारी | दिनहाटा | ८.९२ |
| 104. | दिघालतरी II | १४५ | भुरुङ्गमारी | दिनहाटा | ८.८१ |
| 105. | दिघालतरी I | १४४ | भुरुङ्गमारी | दिनहाटा | १२.३१ |
| 106. | छोटोगरलझोरा II | १४९ | भुरुङ्गमारी | दिनहाटा | १७.८५ |

(परिशिष्ट १)

| 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|
| 107. | छोटो गरलझोरा I | १४८ | भुरुङ्गामारी | दिनहाटा | ३५.७४ |
| 108. | जे. एल. सं. ३८-को दक्षिणपट्टिको र जे.एल.सं. ३९ -को दकक्षिणपट्टिको बिना नाम र जे.एल.सं.को १ छिट* (स्थानीय रूपले **अशोकाबारीका रूपमा चिनिने) | | पटग्राम | माथाभङ्गा | ३.५ |
| | *ख. खण्डित छिट भएका अन्तः क्षेत्रहरू* | | | | |
| 109 | (i) बेवलाडाँगा | ३४ | हल्दिबारी | बोडा | ८६२.४६ |
| | (ii)बेवलाडाँगा | अंश | हल्दिबारी | देवीगन्ज | |
| 110. | (i) कोतभाजनी | २ | हल्दिबारी | देवीगन्ज | २०१२.२७ |
| | (ii)कोतभाजनी | अंश | हल्दिबारी | देवीगन्ज | |
| | (iii)कोतभाजनी | अंश | हल्दिबारी | देवीगन्ज | |
| | (iv)कोतभाजनी | अंश | हल्दिबारी | देवीगन्ज | |
| 111. | (i) दहाला | खागराबारी | हल्दिबारी | देवीगन्ज | २६५०.३५ |
| | (ii) दहाला | अंश | हल्दिबारी | देवीगन्ज | |
| | (iii) दहाला | अंश | हल्दिबारी | देवीगन्ज | |
| | (iv) दहाला | अंश | हल्दिबारी | देवीगन्ज | |

* २९ सेप्टेतम्बर २००२-देखि २ अक्टोबर २००२-सम्म कलकत्तामा आयोजित एकसय पचासौँ (चौवन्नौँ) भारत-बङ्गलादेश सीमा सम्मेलनद्वारा संशोधित ।

** १८ सेप्टेम्बर २००३-देखि २० सेप्टेम्बर २००३-सम्म कोचविहार (भारत) -मा आयोजित एकसय बाउन्नौँ (छप्पन्नौँ) भारत-बङ्गलादेश सीमा सम्मेलनद्वारा संशोधित ।

| 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|
| | (v) दहाला | अंश | हल्दिबारी | देवीगन्ज | |
| | (vi) दहाला | अंश | हल्दिबारी | देवीगन्ज | |
| | | | | | १७१६०.६३ |

९ अक्टोबर १९९६-देखि १२ अक्टोबर १९९६ बिच कलकत्तामा आयोजित भारत-बङ्गलादेश सम्मेलन साथै २१ नोभेम्बर १९९६-देखि २४ नोभेम्बर १९९६ बिच जलपाईगडी (पश्चिम बङ्गाल)-पन्चगढ (बङ्गलादेश) सेक्टरमा संयुक्त क्षेत्र निरीक्षण गर्दा पनि भारत र बङ्गलादेशमा रहेका माथि वर्णन गरिएका अन्त:क्षेत्रहरूको संयुक्त रूपले तुलना अनि अभिलेखहरूसहित संयुक्त रूपले मिलान गरिएको छ।

**टिप्पणी:** माथि उल्लिखित क्रम. सं. १०८-का अन्त:क्षेत्रलाई १९९६-९७-मा गरिएको क्षेत्र सर्वेक्षणमा संयुक्त भूमि सत्यापनद्वारा अशोकबारी अन्त:क्षेत्रका रूपमा चिह्नित गरिएको छ।

ब्रिगेडियर जे. आर. पिटर
निर्देशक, भूमि अभिलेख र सर्वेक्षण (पदेन),
पश्चिम बङ्गाल, भारत र निर्देशक,
भारतीय पूर्वी क्षेत्र सर्वेक्षण, कलकत्ता

मोहम्मद शफी उद्दीन
महानिर्देशक, भूमि अभिलेख तथा सर्वेक्षण,
बङ्गलादेश

**ख. क्षेत्रफलसहित भारतमा रहेका आदानप्रदान योग्य बङ्गलादेशका अन्त:क्षेत्रहरू**

| क्रम सं० | छिटको नाम | पश्चिम बङ्गालका पुलिस स्टेसन क्षेत्रभित्र स्थित | बङ्गलादेशका पुलिस स्टेसन क्षेत्रभित्र स्थित | जे.एल. सं० | क्षेत्रफल एकडमा |
|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 |
| *क. स्वतन्त्र छिट भएका अन्त: क्षेत्रहरू* | | | | | |
| 1. | छिट कुचलिबारी | मेकलिगन्ज | पटग्राम | २२ | ३७०.६४ |
| 2. | कुचलिबारीको छिट भूमि | मेकलिगन्ज | पटग्राम | २४ | १.८३ |
| 3. | बालापोखरी | मेकलिगन्ज | पटग्राम | २१ | ३३१.६४ |
| 4. | पानबारी सं २-को छिट भूमि | मेकलिगन्ज | पटग्राम | २० | १.१३ |

(परिशिष्ट १)

| 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|
| 5. | छिट पानबारी | मेकलिगन्ज | पटग्राम | १८ | १०८.५९ |
| 6. | धाबलसाती मिर्गीपुर | मेकलिगन्ज | पटग्राम | १५ | १७३.८८ |
| 7. | बामनदल | मेकलिगन्ज | पटग्राम | ११ | २.२४ |
| 8. | छिट धाबलसाती | मेकलिगन्ज | पटग्राम | १४ | ६६.५८ |
| 9. | धाबलसाती | मेकलिगन्ज | पटग्राम | १३ | ६०.४५ |
| 10. | श्रीरामपुर | मेकलिगन्ज | पटग्राम | ८ | १.०५ |
| 11. | जोत निज्जमा | मेकलिगन्ज | पटग्राम | ३ | ८७.५४ |
| 12. | जगतबेर सं 3-को छिट भूमि | माथाभङ्गा | पटग्राम | ३७ | ६९.८४ |
| 13. | जगतबेर सं 1-को छिट भूमि | माथाभङ्गा | पटग्राम | ३५ | ३०.६ |
| 14. | जगतबेर सं २-को छिट भूमि | माथाभङ्गा | पटग्राम | ३६ | २७.०९ |
| 15. | छिट कोकोबारी | माथाभङ्गा | पटग्राम | ४७ | २९.४९ |
| 16. | छिट भन्दारदाहा | माथाभङ्गा | पटग्राम | ६७ | ३९.९६ |
| 17. | धाबलगुडी | माथाभङ्गा | पटग्राम | ५२ | १२.५ |
| 18. | छिट धाबलगुडी | माथाभङ्गा | पटग्राम | ५३ | २२.३१ |
| 19. | धाबलगुडी सं. 3- छिट भूमि | माथाभङ्गा | पटग्राम | ७० | १.३३ |
| 20. | धाबलगुडी सं. 4-को छिट भूमि | माथाभङ्गा | पटग्राम | ७१ | ४.५५ |
| 21. | धाबलगुडी सं. 5-को छिट भूमि | माथाभङ्गा | पटग्राम | ७२ | ४.१२ |
| 22. | धाबलगुडी सं. 1-को छिट भूमि | माथाभङ्गा | पटग्राम | ६८ | २६.८३ |
| 23. | धाबलगुडी सं. 2-को छिट भूमि | माथाभङ्गा | पटग्राम | ६९ | १३.९५ |
| 24. | महिशमारी | सितलकुची | पटग्राम | ५४ | १२२.७७ |
| 25. | बुरा सराडुबी | सितलकुची | हातीबन्धा | १३ | ३४.९६ |

| 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|
| 26. | फलनापुर | सितलकुची | पटग्राम | ६४ | ५०६.५६ |
| 27. | अमझोल | सितलकुची | हातीबन्धा | ५७ | १.२५ |
| 28. | किस्मत बतरिगाछ | दिनहाटा | कालीगन्ज | ८२ | २०९.९५ |
| 29. | दुगार्पुर | दिनहाटा | कालीगन्ज | ८३ | २०.९६ |
| 30. | बन्सुआ खमर गितालदाहा | दिनहाटा | लालमोनिरहाट | १ | २४.५४ |
| 31. | पोवातुरकुठी | दिनहाटा | लालमोनिरहाट | ३७ | ५८९.९४ |
| 32. | पश्चिम बाकालिर छरा | दिनहाटा | भुरुङ्गमारी | ३८ | १५१.९८ |
| 33. | मध्य बाकालिर छरा | दिनहाटा | भुरुङ्गमारी | ३९ | ३२.७२ |
| 34. | पूर्व बाकालिर छरा | दिनहाटा | भुरुङ्गमारी | ४० | १२.२३ |
| 35. | मध्य मसालडाँगा | दिनहाटा | भुरुङ्गमारी | ३ | १३६.६६ |
| 36. | मध्य छिट मसालडाँगा | दिनहाटा | भुरुङ्गमारी | ८ | ११.८७ |
| 37. | पश्चिम छिट मसालडाँगा | दिनहाटा | भुरुङ्गमारी | ७ | ७.६ |
| 38. | उत्तर मसालडाँगा | दिनहाटा | भुरुङ्गमारी | २ | २७.२९ |
| 39. | कचुआ | दिनहाटा | भुरुङ्गमारी | ५ | ११९७४ |
| 40. | उत्तर बाँसजानी | तुफानगन्ज | भुरुङ्गमारी | १ | ४७.१७ |
| 41. | छाट तिलाई | तुफानगन्ज | भुरुङ्गमारी | १७ | ८१.५६ |

ख. खण्डित छिट भएका अन्त:क्षेत्रहरू

| | | | | | |
|---|---|---|---|---|---|
| 42. | (i) नलग्राम | सितलकुची | पटग्राम | ६५ | १३९७.३४ |
| | (ii) नलग्राम (अंश) | सितलकुची | पटग्राम | ६५ | |
| | (iii) नलग्राम (अंश) | सितलकुची | पटग्राम | ६५ | |

(परिशिष्ट १)

| 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|
| 43. | (i) छिट नलग्राम | सितलकुची | पटग्राम | ६६ | ४९.५ |
| | (ii) छिट नलग्राम (अंश) | सितलकुची | पटग्राम | ६६ | |
| 44. | (i) बत्रिगाछ | दिनहाटा | कालीगन्ज | ८१ | ५७७.३७ |
| | (ii)बत्रिगाछ (अंश) | दिनहाटा | कालीगन्ज | ८१ | |
| | (iii)बत्रिगाछ (अंश) | दिनहाटा | फुलबारी | ९ | |
| 45. | (i) कराला | दिनहाटा | फुलबारी | ९ | २६९.९१ |
| | (ii)कराला (अंश) | दिनहाटा | फुलबारी | ९ | |
| | (iii)कराला (अंश) | दिनहाटा | फुलबारी | ८ | |
| 46. | (i)सिपप्रसाद मुस्तती | दिनहाटा | फुलबारी | ८ | ३७३.२ |
| | (ii)सिपप्रसाद मुस्तती (अंश) | दिनहाटा | फुलबारी | ६ | |
| 47. | (i)दक्षिण मसालडाँगा | दिनहाटा | भुरुङ्गमारी | ६ | ५७१.३८ |
| | (ii)दक्षिण मसालडाँगा (अंश) | दिनहाटा | भुरुङ्गमारी | ६ | |
| | (iii)दक्षिण मसालडाँगा (अंश) | दिनहाटा | भुरुङ्गमारी | ६ | |
| | (iv)दक्षिण मसालडाँगा (अंश) | दिनहाटा | भुरुङ्गमारी | ६ | |
| | (v)दक्षिण मसालडाँगा (अंश) | दिनहाटा | भुरुङ्गमारी | ६ | |
| | (vi)दक्षिण मसालडाँगा (अंश) | दिनहाटा | भुरुङ्गमारी | ६ | |

(परिशिष्ट १)

| 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|
| 48. | (i)पश्चिम मसालडाँगा | दिनहाटा | भुरुङ्गमारी | ४ | २९.४९ |
| | (ii)पश्चिम मसालडाँगा (अंश) | दिनहाटा | भुरुङ्गमारी | ४ | |
| 49. | (i)पूर्व-छिट मसालडाँगा | दिनहाटा | भुरुङ्गमारी | १० | ३५.०१ |
| | (ii)पूर्व-छिट मसालडाँगा (अंश) | दिनहाटा | भुरुङ्गमारी | १० | |
| 50. | (i) पूर्व मसालडाँगा | दिनहाटा | भुरुङ्गमारी | ११ | १५३.८९ |
| | (ii)पूर्व मसालडाँगा (अंश) | दिनहाटा | भुरुङ्गमारी | ११ | |
| 51. | (i) उत्तर धालडाँगा | तूफानगन्ज | भुरुङ्गमारी | १४ | २४.९८ |
| | (ii)उत्तरधालडाँगा (अंश) | तूफानगन्ज | भुरुङ्गमारी | १४ | |
| | (iii)उत्तरधालडाँगा (अंश) | तूफानगन्ज | भुरुङ्गमारी | १४ | |
| | मोठ क्षेत्र | | | | ७,११०.०२ |

९ अक्टोबर १९९६-देखि १२ अक्टोबर १९९६ बिच कलकत्तामा आयोजित भारत-बङ्गलादेश सम्मेलन साथै २१ नोभेम्बर १९९६-देखि २४ नोभेम्बर १९९६ बिच जलपाईगडी (पश्चिम बङ्गाल)-पञ्चगढ (बङ्गलादेश) सेक्टरमा संयुक्त क्षेत्र निरीक्षण गर्दा पनि भारत र बङ्गलादेशमा रहेका माथि वर्णन गरिएका अन्त:क्षेत्रहरूको संयुक्त रूपले तुलना अनि अभिलेखहरूसहित संयुक्त रूपले मिलान गरिएको छ।

ब्रिगेडियर जे. आर. पिटर
निर्देशक, भूमि अभिलेख र सर्वेक्षण (पदेन),
पश्चिम बङ्गाल, भारत र निर्देशक,
भारतीय पूर्वी क्षेत्र सर्वेक्षण, कलकत्ता

मोहम्मद शफी उद्दीन
महानिर्देशक, भूमि अभिलेख तथा सर्वेक्षण,
बङ्गलादेश

# परिशिष्ट २

## [1]संविधान (जम्मू अनि कश्मीरमा अनुप्रयोग) आदेश, २०१९

# सं. आ. २७२

संविधानको अनुच्छेद ३७० को खण्ड (१)- द्वारा प्रदान गरिएको शक्ति प्रयोग गर्दै जम्मू अनि कश्मीर राज्य सरकारका सहमतिमा राष्ट्रपति निम्न आदेश जारी गर्दछन् -

१. (१) यस आदेशलाई संविधान (जम्मू अनि कश्मीरमा अनुप्रयोग) आदेश, २०१९ भनिन्छ।

(२) यो तत्काल लागु हुने छ र त्यसपछि समय समयमा परिमार्जन गरिएको संविधान (जम्मू अनि कश्मीरमा अनुप्रयोग) आदेश, १९५४-लाई अधिक्रमण गर्ने छ।

२. संविधानका सबै प्रावधानहरू समय समयमा संशोधन गरिएअनुसार जम्मू अनि कश्मीर राज्यका सम्बन्धमा लागु हुने छन् अनि जुन अपवाद र परिमार्जनहरूका अधीनमा रही ती प्रावधानहरू यस प्रकार लागु हुने छन् ती निम्नानुसार हुने छन्-

अनुच्छेद ३६७-मा निम्न खण्ड थपिने छ, अर्थात्-

"(४) जम्मू अनि कश्मीर राज्यका सम्बन्धमा लागु हुने संविधानका प्रयोजनका लागि-

(क) यस संविधान अथवा यसका प्रावधानहरूप्रति गरिएको निर्देशको अर्थ उक्त राज्यका सम्बन्धमा लागु भएअनुसारको संविधान अथवा यसका प्रावधानहरूप्रति को निर्देश भनी लगाइने छ;

(ख) राज्यको विधानसभाका सिफारिसमा राष्ट्रपतिद्वारा स्वीकृत, हाल जम्मू अनि कश्मीर राज्यका सदर-इ- रियासतका रूपमा राज्यम वर्तमान मन्त्रीपरिषद्को परामर्शअनुसार कार्यरत व्यक्तिप्रति गरिएको निर्देशको अर्थ जम्मू अनि कश्मीरका राज्यपालप्रति गरिएको निर्देश भनी लगाइने छ;

(ग) उक्त राज्यको सरकारप्रति गरिएको निर्देशमा आफ्ना मन्त्रीपरिषद्को परामर्शअनुसार कार्यरत राज्यपाल प्रति गरिएको निर्देश पनि समाविष्ट छ भनी अर्थ लगाइने छ; अनि

(घ) यस संविधानको अनुच्छेद ३७० को खण्ड (३)-का उपबन्धमा रहेको अभिव्यक्तिलाई "खण्ड (२)-मा निर्दिष्ट राज्यको संविधान सभा" लाई "राज्यको विधानसभा" का रूपमा पढिने छ।

[1] विधि तथा न्याय मन्त्रालय (विधायी विभाग) -को अधिसूचना सं० सा.वि.नि ५५१ (अ), मिति ५ अगस्त, २०१९, भारतको राजपत्र, असाधारण, भाग २, धारा ३, उपधारा (i) -मा प्रकाशित।

## परिशिष्ट ३

# [1] संविधानको अनुच्छेद ३७० (३) अन्तर्गत घोषणा

# सं. आ. २७३

भारतको संविधानको अनुच्छेद ३७० को खण्ड (१) सहित पढिएको अनुच्छेद ३७० को खण्ड (३)- द्वारा प्रदान गरिएको शक्ति प्रयोग गर्दै संसद्को सिफारिसमा राष्ट्रपतिले ६ अगस्ट २०१९-देखि निम्नलिखितबाहेक उक्त अनुच्छेद ३७०-का सबै खण्डहरूको प्रचलन बन्द हुने छ भनी घोषणा गर्दछन्:—

"३७०. यस संविधानको अनुच्छेद १५२ अथवा अनुच्छेद ३०८ अथवा यस संविधानको कुनै अन्य अनुच्छेद अथवा जम्मू अनि कश्मीरको संविधानमा समावेश भएका प्रावधानहरू अथवा भारतका राज्यक्षेत्रमा विधिको बल निहित भएको कुनै विधि, अभिलेख निर्णय, अध्यादेश, आदेश, उपविधि, नियम, विनियम, अधिसूचना, प्रथा वा प्रयोग अथवा अनुच्छेद ३६३ अन्तर्गत परिकल्पना गरिएको अन्य कुनै उपकरण, सन्धि वा सम्झौता अथवा अन्यथामा कुनै प्रतिकूल कुरा समाविष्ट भएको भए तापनि यस संविधानका सबै प्रावधानहरू समय समयमा संशोधन गरिए अनुसार कुनै पनि परिमार्जन वा अपवादविनै जम्मू अनि कश्मीर राज्यमा लागु हुने छन् ।"

---

[1] विधि तथा न्याय मन्त्रालय (विधायी विभाग) -को अधिसूचना सं० सा.वि.नि ५६२ (अ), मिति ६ अगस्त, २०१९, भारतको राजपत्र, असाधारण, भाग २, धारा ३, उपधारा (i) -मा प्रकाशित ।

Language consultancy and translation facilitated by

**National Translation Mission**

Central Institute of Indian Languages, Mysore